# पृथ्वीमा मानिसका जीवनयात्रा

वेदप्रसाद गौतम

प्रकाशक

**शब्दयात्रा प्रकाशन**
अक्षरधाम, शब्दसाधक तीर्थ
बनेपा – ६, काभ्रेपलान्चोक
(प्रकाशनपुष्प : २३९)

| | |
|---|---|
| पुस्तक | : पृथ्वीमा मानिसका जीवनयात्रा |
| विधा | : लेखसङ्ग्रह |
| लेखक | : वेदप्रसाद गौतम |
| शुभकामना | : चूडामणि गौतम |
| | : चूडाप्रसाद चौलागाईं |
| | : डा. नारायणप्रसाद चौलागाईं |
| प्रकाशनकाल | : असोज २०८१ |
| प्रकाशन प्रति | : १५०० मात्र |
| संस्करण | : प्रथम |
| साजसज्जा | : गीता अधिकारी |
| आवरणसज्जा | : इ. रोशन अधिकारी |
| सर्वाधिकार | : लेखकमा |
| मुद्रक | : क्यू एन्ड क्यू प्रेस बानेश्वर, काठमाडौँ |
| सहयोगार्थ मूल्य | : रु. ५००।- |

यो पुस्तक www.sypublication.com.np/bedgautam मा पनि पढ्न सकिनेछ ।

# शुभकामना

काभ्रेपलाञ्चोक जिल्ला तत्कालीन धुसेनी शिवालय गा. वि. स. वडा नं. ३ अहिलेको चौंरीदेउराली गाउँपालिका - ४ हाल काठमाण्डू - ३२ पेप्सीकोला स्थायी बसोबास भएका गौतम समाज नेपालका आजीवन सदस्य हाम्रा बन्धु वेदप्रसाद गौतमले पृथ्वी, प्राकृतिक स्रोत र मानिस तथा घरपरिवार र समाजका सम्बन्धमा आफ्नो सामाजिक दृष्टिकोण यस पुस्तकमार्फत सार्वजनिक गर्नुभएको छ। यस पुस्तकमा लेखकले पृथ्वीको प्रकृति, प्राकृतिक स्रोत, घरपरिवार र समाजमा मानिसको कर्तव्य तथा जिम्मेवारी, शिक्षा र अध्यात्म सम्बन्धमा आफ्नो दृष्टिकोण तथा मानिसको जीवनयात्रामा सफलताका लागि प्रमुख तत्त्वहरू उद्देश्य, योजना र निरन्तरको मिहिनेत हुन् भन्ने जीवनोपयोगी सामाजिक सूत्रहरू यस पुस्तकमार्फत वर्तमान तथा भावी पुस्ताका लागि सामाजिक सन्देश दिन खोजेका छन् ।

'पृथ्वीमा मानिसका जीवनयात्रा' नामक यस पुस्तकमा लेखकले आफ्नो आधा शताब्दीको जीवनयात्राको अनुभव तथा दृष्टिकोण, नेपाल तथा विश्वका केही सामाजिक व्यक्तित्वहरूको सङ्क्षेपमा सफलताको कथाव्यथा र योगदानलाई यस पुस्तकमार्फत प्रेरणाको स्रोत मान्दै सबै मिहिनेती तथा सामाजिक भावना भएका व्यक्ति तथा नयाँ पुस्तालाई जीवनयात्रामा सफलताका लागि अघि बढ्ने सामाजिक सन्देशहरू दिन खोजेका छन् । हाम्रा बन्धु वेदप्रसाद गौतमबाट आगामी दिनहरूमा पनि स्तरीय पुस्तकहरू प्रकाशन गर्ने कार्य सधैँ कायम रहिरहोस् र आगामी प्रकाशनहरूले नेपाली साहित्यमा थप नयाँ योगदान कायम गरिरहोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

**– चूडामणि गौतम**

लेखक, साहित्यकार, कोशकार

तेह्रथुम

हाल : डिल्लीबजार, काठमाण्डू, नेपाल

# शुभकामना

प्रभा उच्चमाध्यमिक विद्यालय चौंरीदेउराली काभ्रेपलाञ्चोकका पूर्वविद्यार्थी वेदप्रसाद गौतमले माध्यमिक तहको अध्ययन श्री प्रभा उच्चमाध्यमिक विद्यालय कात्तिकेदेउराली (चौंरीदेउराली, काभ्रेपलाञ्चोक) मा गर्नुभयो । आफ्नो गृहस्थल धुसेनी शिवालयबाट दैनिक ४ घण्टा पैदलयात्रा आतेजाते गरी बडो मेहनतका साथ आफ्नो अध्ययन कार्य अनुशासित तरिकाले सम्पन्न गरी आमाबुबाको लगानी तथा सपना र आफ्नो उद्देश्य पूरा गर्न त्यस बेलादेखि आजसम्म निरन्तर लागिरहनुभएको छ । आफूले हुर्काएको बोटबिरुवाले राम्रो फल दिँदा किसान खुशी भएजस्तै हाम्रा विद्यार्थीले जीवनयात्रामा अनुशासित, मेहनती र सामाजिक व्यक्ति बनेर घरपरिवार र समाजलाई योगदान दिने बाटोमा निरन्तर अघि बढेको देख्न पाउँदा हामीलाई पनि गर्व लाग्दछ ।

प्रभा उच्च मा. वि. तथा प्रभा बहुमुखी क्याम्पसका धेरै अनुशासित, मेहनती र सामाजिक गुण भएका विद्यार्थीहरूमध्ये 'पृथ्वीमा मानिसका जीवनयात्रा' नामक पुस्तकका लेखक वेदप्रसाद गौतम पनि एक हुन् । हुने बिरुवाको चिल्लो पात भनेझैँ हाम्रा यी अनुशासित, मेहनती र असल विद्यार्थीले जीवनयात्राको क्रममा आफ्नो सम्पूर्ण परिवारिक तथा सामाजिक कर्तव्यहरू पूरा गर्दै आएका छन् ।

'पृथ्वीमा मानिसका जीवनयात्रा' एक महत्त्वपूर्ण सामाजिक विषय हो । यही महत्त्वपूर्ण विषयलाई पुस्तकको नामकरण गरेर लेखकले यस पुस्तकमा पृथ्वी र प्राकृतिक स्रोतमा मानिसको कर्तव्य तथा जिम्मेवारी, घरपरिवार तथा समाजमा मानिसको कर्तव्य र जिम्मेवारीका सम्बन्धमा आफ्नो दृष्टिकोण सम्पूर्ण चेतनशील मानिसलाई सामाजिक मार्गनिर्देशन बनोस् भनेर सार्वजनिक गरेका छन् । मानिसले समाजमा आफ्नो आर्थिक क्षमता अनुसार अनुशासित तरिकाले घरपरिवार सञ्चालन गरेर समाजमा केही सकेको योगदान

गर्नुपर्छ भन्ने असल सामाजिक दृष्टिकोण यस पुस्तकमार्फत लेखकले सार्वजनिक गरेका छन् । अनुशासन, सत्कर्म, उद्देश्य, योजना र निरन्तरको मेहनतले मानिसको जीवनयात्रा सफल हुन्छ भन्ने लेखकको दृष्टिकोण तथा सामाजिक सन्देशले वर्तमान समाजमा जीवनयात्रामा अल्मलिएका तथा भावी पुस्तालाई यस पुस्तकले उत्कृष्ट गन्तव्यमा पुऱ्याउँछ भन्ने मैले ठानेको छु ।

अन्त्यमा, प्रभा उच्च मा. वि. का पूर्वविद्यार्थी तथा प्रभा एलुम्नाई एसोसिएसनका आजीवन सदस्य तथा पूर्वउपाध्यक्ष वेदप्रसाद गौतमको यस पुस्तकले समाजमा सबैलाई मेहनती, असल र सामाजिक व्यक्ति बन्ने मार्गनिर्देशन गरिरहोस्, लेखकका सामाजिक योजनाहरू सफल रूपमा कार्यान्वयन हुँदै जाउन्, भविष्यमा योभन्दा गहकिला विषयमा पुस्तकहरू प्रकाशन भएको देख्न पाइयोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

**– चूडाप्रसाद चौलागाई**
प्रभा उच्च मा. वि. का पूर्व मा. वि. शिक्षक
तथा प्रभा बहुमुखी क्याम्पसका पूर्व क्याम्पस प्रमुख
चौंरीदेउराली गाउँपालिका - ६, काभ्रे
हाल : जडिबुटी, नरेफाँट, काठमाडौँ

# शुभकामना

प्रभा उ. मा. वि. कात्तिकेदेउराली काभ्रेपलाञ्चोकका पूर्वविद्यार्थी तथा प्रभा एलुम्नाई एसोसिएसनका पूर्वउपाध्यक्ष मेरा मित्र वेदप्रसाद गौतमद्वारा निबन्धात्मक तथा जीवनात्मक कृति 'पृथ्वीमा मानिसका जीवनयात्रा' प्रकाशन हुन लागेको थाहा पाउँदा मलाई साह्रै खुशी लागेको छ । यस पुस्तकमा लेखकको पृथ्वी, प्राकृतिक स्रोत र मानिसका सम्बन्धमा आफ्नो दृष्टिकोण तथा पृथ्वी, प्रकृति र प्राकृतिक स्रोतमा मानिसहरूको कर्तव्य तथा जिम्मेवारी, घरपरिवार र समाजमा मानिसको कर्तव्य र जिम्मेवारीका सम्बन्धमा आफ्नो सामाजिक दृष्टिकोण स्पष्ट रूपमा राख्नुभएको छ । लेखकले यस पुस्तकमा नेपाली समाजका केही उदाहरणीय सामाजिक व्यक्तिहरूको सामाजिक सत्कर्म तथा योगदानको प्रशंसा गर्दै नेपाली समाजमा हामी सबैले मिलेर नेपाली समाज, देश र विश्व मानव समाजमा आफ्नो क्षमता अनुसारको सामाजिक योगदान गर्नुपर्दछ भन्ने सामाजिक तथा मानवीय भावनाका सन्देशहरू स्पष्ट रूपमा राख्नुभएको छ ।

यस पुस्तकमा लेखकले मेहनतका साथ आफ्नो जीवनयात्राका अनुभवहरू, वर्तमान तथा भावी पुस्तालाई जीवनयात्राका सम्बन्धमा मार्गनिर्देशन सिलसिलेवार तरिकाले प्रस्तुत गर्नुभएको छ । यस पुस्तकमार्फत लेखकले हामी सबैका आफ्ना जन्मदाता आमाबुबालाई जीवित साक्षात ईश्वरका रूपमा सम्बोधन गरेर पृथ्वी, प्राकृतिक स्रोत र मानिस, घरपरिवार, समाज तथा उद्देश्य, योजना र निरन्तरको मेहनत नै मानिसका लागि जीवनयात्राका प्रमुख साधन तथा जीवनसूत्र हुन् भन्ने सामाजिक सन्देश दिन खोज्नुभएको छ। भविष्यमा पनि लेखकका यसभन्दा गहकिला विषयमा थप पुस्तकहरू प्रकाशन हुँदै जाउन् भन्ने शुभकामना व्यक्त गर्दछु ।

**– डा. नारायणप्रसाद चौलागाई**
चौरीदेउराली गाउँपालिका - ३, माझिफेदा, काभ्रे
पूर्वविद्यार्थी : प्रभा उच्च मा. वि.
आजीवन सदस्य : प्रभा एलुम्नाई एसोसिएसन
हाल : ललितपुर, नेपाल

# मेरो मन्तव्य

पृथ्वी, प्राकृतिक स्रोत र मानिस आफैँमा एक-अर्कासँग सम्बन्धित धेरै महत्त्वपूर्ण विषय हुन् । पृथ्वी सम्पूर्ण मानिस, जीव, प्राणी र वनस्पतिको साझा आश्रयस्थल, जीविकास्थल तथा कार्यस्थल हो । प्राकृतिक स्रोत सम्पूर्ण मानिस, जीव, प्राणीको जीवन सञ्चालनका लागि महत्त्वपूर्ण साधनहरू हुन् । पृथ्वीमा रहेका हावा, पानी, अन्न, विभिन्न वनस्पति, जीवजनावर तथा खनिजका स्रोतहरूका कारणले गर्दा नै मानिसहरूले प्राचीन ढुङ्गेयुगदेखि सामान्य जीवन सञ्चालन गर्दै निरन्तरको मिहिनेत, शिक्षा, विज्ञान र प्रविधिको विकासले गर्दा वर्तमान आधुनिक युगसम्म जीवनयात्रा सञ्चालन गर्न सक्षम भएका हुन् । मानिसका लागि पृथ्वी धर्तीमाता हुन् । मानिसले पृथ्वीमा अक्सिजन, पानी, खाद्यान्न, खाद्यवनस्पति, काष्ठवनस्पति तथा अन्य आवश्यक जीवजनावर तथा अन्य प्राकृतिक स्रोतलाई उपयोग गर्न पाएको कारणले गर्दा नै पृथ्वीमा मानिसको जीवनयात्रा समय अनुसार सहज रूपमा सञ्चालन हुँदै आइरहेको छ । मानिसले पृथ्वीमा भएको सम्पूर्ण प्राकृतिक स्रोतको वैज्ञानिक किसिमले प्रयोग र उपयोग गर्न सकेमा मात्र पृथ्वीमा मानिसको जीवनयात्रा पुस्तौंपुस्तासम्म लगातार सहज, सक्षम र दीर्घकालीन बनाउन सकिन्छ ।

पृथ्वीमा मानिसले प्रकृति र प्राकृतिक स्रोतको गलत किसिमले उत्खनन, दोहन गर्दै प्रकृति र प्राकृतिक स्रोतको सन्तुलनमा चुनौती दिँदै गएमा भविष्यमा पृथ्वीमा मानिस, जीव, प्राणी र वनस्पतिको जीवनयात्रा सञ्चालनमा चुनौतीपूर्ण अवस्था सृजना हुँदै समाप्तिको बाटोमा पुग्न सक्दछ । पृथ्वीको प्रकृतिमा मानिसका लागि प्रकृति अनि ईश्वरले दिएका सम्पूर्ण प्राकृतिक स्रोतहरूको वैज्ञानिक किसिमले प्रयोग तथा उपयोग गर्नु मानिसको प्रमुख कर्तव्य तथा जिम्मेवारी पनि हो । मानिस नै पृथ्वीको सबैभन्दा ठूलो चेतनशील, विवेकशील र मिहिनेती प्राणी हो । पृथ्वीको प्रकृति र समाज मानिसका लागि ज्ञान र अनुभव सङ्कलन गर्ने खुला विश्वविद्यालय हुन् । ईश्वर अनि

प्रकृतिले हामी मानिसका लागि दिएका प्राकृतिक स्रोत, वनस्पति तथा आवश्यक जीव, प्राणीको सुरक्षा र संरक्षण गर्नु मानिसको प्रमुख कर्तव्य तथा जिम्मेवारी हो ।

साहित्य समाजको विभिन्न सामाजिक क्षेत्रको अध्ययन तथा विश्लेषण गर्ने कृति हो । किताब तथा साहित्यको अध्ययनले मानिसलाई समाजका विभिन्न क्षेत्रका सम्बन्धमा जानकारी तथा सत्मार्गमा लाग्न मार्गनिर्देशन गराउँछ । लेखक, साहित्यकार तथा दार्शनिकहरूले निबन्ध, कथा, कविता, उपन्यास, नाटकमार्फत समाजका विभिन्न क्षेत्रको जानकारी गराउँछन । समाज, जीवनदर्शन, अध्यात्म, राजनीति तथा समाजका विभिन्न क्षेत्रमा लेखिएका किताबको अध्ययनले मानिसलाई घरपरिवार, समाज, पृथ्वी, प्रकृति र सामाजिक क्षेत्रमा मिहिनेती, अनुशासित र कर्तव्यनिष्ठ मानिस बनेर घरपरिवार र समाजमा आफ्नो कर्तव्य तथा जिम्मेवारी पूरा गर्न मार्गनिर्देशन तथा हौसला प्रदान गराउँछ । शिक्षा, विज्ञान तथा प्रविधिको वर्तमान युगमा लेखक तथा साहित्यकारहरूले प्रकाशन गरेका किताबको महत्त्व झनै दीर्घकालीन रहेको छ । वर्तमान अनलाइन अध्ययनको समयमा समेत लेखक तथा साहित्यकारहरूको लिखित सङ्ग्रहको भण्डार (किताब) मार्फत उनीहरूले आफ्ना जीवनदर्शन, अध्यात्म तथा समाजका विभिन्न क्षेत्रका सम्बन्धमा आफ्ना अनुभव आफ्ना सन्तति तथा समाजलाई मार्गनिर्देशन गर्न किताबमार्फत मार्गनिर्देशन गर्दछन् ।

मलाई पनि मेरो दैनिक कार्य सञ्चालन गरेर फुर्सदको अनुकूल समयमा तथा समयको व्यवस्थापन गरेर लेखक, साहित्यकार तथा दार्शनिकहरूको किताब अध्ययन गर्ने तथा सामाजिक कार्य गर्ने इच्छा मनमा लागिरहन्छ । मैले आर्थिक रूपमा सामान्य न्यूनतम तरिकाले घरपरिवार सञ्चालन गरेर बाँच्न सक्ने भएपछि समाजका लागि ईश्वरले मलाई साथ दिनुभएमा घरपरिवार र समाजमा मानिसको कर्तव्य, पृथ्वी र प्रकृतिमा मानिसको कर्तव्यका सम्बन्धमा तथा मेरो जीवनयात्राको सम्बन्धमा केही जानकारी तथा केही समसामयिक विषयमा मेरो दृष्टिकोण तथा मार्गनिर्देशनको सङ्ग्रह प्रकाशन गर्ने तथा मेरो आर्थिक क्षमताले सक्ने खालका सामाजिक सेवाका कार्य

गर्ने मेरो योजनाले मलाई घचघच्याइरहन्थ्यो । ईश्वरले आज मलाई पहिलो चरणको कार्यक्रममा अघि बढ्न साथ दिनुभएको छ । सामाजिक कार्य गर्न मैले आगामी १०-११ वर्षमा दोस्रो-तेस्रो चरणसम्म पुगेर मेरो आर्थिक क्षमता अनुसार निरन्तर अघि बढ्ने जानकारी गराउँछु ।

मानिसले २ दिनको जीवनयात्रामा आफ्नो आर्थिक क्षमता अनुसार घरपरिवार सञ्चालन गरेर समाजका लागि सकेको सामाजिक कार्य गर्नाले मानिसको जीवनलाई सार्थक बनाउँछ । मैले पनि मेरो जीवनको आधा शताब्दीको जीवनयात्रा गरिरहँदा आफ्नो जीवनयात्राको अनुभव, केही सामाजिक विषयमा मेरो दृष्टिकोण तथा मार्गनिर्देशन सार्वजनिक गरेको छु । म सधैँ सामान्य जीवनशैलीको स्तरमा बाँच्न चाहने हुनाले मेरो जीवनयात्रा सादा जीवन उच्च सामाजिक विचारको पथमा आफ्नो जीवनयात्रा सधैँ सञ्चालन गर्ने मैले दृढ सङ्कल्प गरेको छु । मेरो यस पुस्तकका माध्यमले मेरा सन्तति तथा समाजका मिहिनेती, असल, सामाजिक भावना भएका व्यक्तिहरू तथा भविष्यका नयाँ पुस्ताहरूलाई सधैँ सत्मार्ग तथा सामाजिक कार्यमा लाग्न मार्गनिर्देशन गर्नेछ भन्ने मैले विश्वास लिएको छु ।

आज म निरन्तरको मिहिनेतले जुन स्थानमा तथा समाजमा आफ्नो क्षमता अनुसार सकेको सामाजिक कार्य गर्नुपर्छ भन्ने मेरो सामाजिक संस्कारको भावनामा पुगेको छु, त्यो सबै मलाई मेरा आमाबुबाले गर्नुभएको लगानी, त्याग, संस्कार, शिक्षा र मार्गनिर्देशनका कारणले गर्दा नै सम्भव भएको हो । आज मेरो यस कृतिको प्रकाशनसँगै मैले आमाबुबाको सपनालाई जीवनयात्राको गन्तव्यको बाटोमा निरन्तर अगाडि बढाइरहेको जानकारी गराउँछु ।

यस पुस्तकमा मैले केही सामाजिक विषयमा मेरो निबन्धात्मक दृष्टिकोण, मेरो जीवनयात्राको विवरण तथा केही जीवनदर्शन सम्बन्धी लेख-रचनाको प्रकाशन तथा सार्वजनिक गर्न पाउँदा मलाई साह्रै खुशी लागेको छ । विगत ५ वर्षदेखिको मेरो योजना तथा उद्देश्य, विगत २-३ वर्षदेखिको मेरो निरन्तरको मिहिनेतलाई आज मैले सार्वजनिक गर्न पाउँदा मलाई धेरै नै खुशी लागेको छ । मेरो पुस्तक 'पृथ्वीमा मानिसका जीवनयात्रा' प्रकाशक संस्था शब्दयात्रा प्रकाशन (बनेपा,

काभ्रेपलाञ्चोक) बाट प्रकाशन गर्न पाउनुलाई मैले ठूलो संयोगान्त गौरव पनि ठानेको छु ।

यस पुस्तकको प्रकाशन कार्यमा सघाउने शब्दयात्रा प्रकाशन र यस संस्थाका संस्थापक अध्यक्ष हरि मञ्जुश्री अधिकारीप्रति आभार व्यक्त गर्दछु । मेरो यस पुस्तक प्रकाशनका लागि शुभकामना मन्तव्य उपलब्ध गराइदिनुहुने लेखक, कोशकार तथा साहित्यकार एवं गौतम समाज नेपालका केन्द्रीय अध्यक्ष चूडामणि गौतम (तेह्रथुम, हाल डिल्लीबजार, काठमाडौँ), पूर्वक्याम्पसप्रमुख चूडाप्रसाद चौलागाई (प्रभा बहुमुखी क्याम्पस, कात्तिकेदेउराली, काभ्रेपलाञ्चोक), डा. नारायणप्रसाद चौलागाई (माझिफेदा, काभ्रेपलाञ्चोक) लाई पनि विशेष धन्यवाद दिन चाहन्छु ।

पुस्तक प्रकाशनका लागि हौसला दिनुहुने आदरणीय दाजुभाउजू ज्ञानप्रसाद गौतम र कौशिला गौतम (बाँसबारी, काठमाडौँ), आदरणीय काकाबुबा कृष्णप्रसाद गौतम र काकीआमा राधिका गौतम, दाजुभाउजू ध्रुव गौतम र लक्ष्मी गौतम (निजगढ, बारा), जीवनसँगिनी गीता गौतम, बहिनी-ज्वाइँ देवकी तिमल्सिना र देवलाल तिमल्सिना, भान्जा-भान्जीबुहारी प्रमोद तिमल्सिना र पूजा तिमल्सिना, बहिनी प्रमिला गौतम (जोरपाटी, काठमाडौँ), भाइ-बुहारी नवीन गौतम र नितु गौतम, बुहारी सुषमा सिलवाल गौतम, आदरणीय अग्रज रामचन्द्र चौलागाई (बुबाआमा) दुर्गाप्रसाद चौलागाई तथा विष्णुमाया चौलागाई, आदरणीय गुरु विष्णुप्रसाद चौलागाई पूर्वप्रधानाध्यापक जागृति मा. वि. (चौरी क्यौरेनी, काभ्रेपलाञ्चोक) तथा दिदी इन्दिरा चौलागाई, दाजु ताराप्रसाद चौलागाई, भाइ कृष्णप्रसाद चौलागाई (चौंरीदेउराली, काभ्रेपलाञ्चोक), आदरणीय अग्रज विदुर भट्टराई, लक्ष्मी भट्टराई (नयाँबानेश्वर, काठमाडौँ), आदरणीय भिनाजु लोकनाथ चौलागाई, दिदी तारा चौलागाई, भाइबुहारीहरू कृष्ण चौलागाई तथा रश्मि चौलागाई, उद्धव चौलागाई तथा सुधा चौलागाई, भाइहरू राम-लक्ष्मण चौलागाई, भिनाजु सूर्यप्रसाद सापकोटा, दिदी नारायणी सापकोटा, भाइ नकुल सापकोटा र बुहारी बबिता सापकोटा (जोरपाटी, काठमाडौँ), आदरणीय दाजुभाउजू कुलप्रसाद गौतम (पखेराका शिव) र सरस्वती गौतम (जोरपाटी, बेंसीगाउँ), आदरणीय दाजु मीनप्रसाद

गौतम र भाउजू पार्वती गौतम (नयाँबानेश्वर, काठमाडौँ) तथा दीनानाथ गौतम स्मृति प्रतिष्ठान परिवार (धुसेनी शिवालय, काभ्रेपलाञ्चोक) दिदी-भिनाजु विन्दा चौलागाई र धर्म चौलागाई (नागस्वती, हेटौडा), दिदी-भिनाजु तारादेवी ढुङ्गेल र मोहन ढुङ्गेल (काफ्ले, काभ्रेपलाञ्चोक), दिदी-भिनाजु उत्तम ढुङ्गाना र विन्दा ढुङ्गाना (चिसापानी, काभ्रेपलाञ्चोक), आदरणीय अग्रज मित्रहरू कमल सिलवाल, सरोज सिलवाल तथा सुनिता सिलवाल (लेले, ललितपुर), हितैषी मित्रहरू जीतराम लामा, बिकु लामा, झम्कप्रसाद चौलागाई, गोकुल गौतम, निर्मल हुमागाई (प्रभा एलुम्नाई एसोसिएसन, काभ्रेपलाञ्चोक), भतिज तथा बुहारी नारायण गौतम र तारा गौतम (चौंरीदेउराली, काभ्रेपलाञ्चोक), कवि देवकी अभिलाषी (दोलखा), दिदीहरू मीना श्रेष्ठ र वीणा श्रेष्ठ (स्वयम्भू, काठमाडौँ) दिदी सुभद्रा पौडेल र बहिनी मेनुका कोइराला (चौंरीदेउराली, काभ्रेपलाञ्चोक), आदरणीय ठूलोबुबा महानन्द गौतम र ठूलीआमा विष्णुमाया गौतम, ठूलोबुबा डिल्लीप्रसाद गौतम, दाजुभाउजू भीमप्रसाद गौतम (नकुल) र तारादेवी गौतम, भाइ प्रह्लाद गौतम र बुहारी इन्दिरा गौतम (हेटौडा), सानीआमा मायादेवी सुवेदी र सानोबुबा गोपालप्रसाद सुवेदी, दाजुहरू नारायण गौतम, कुमार गौतम (बाँसबारी, काठमाडौँ), अर्जुनकुमार गौतम, राजु गौतम (अमर दाइ) (सूर्यविनायक, भक्तपुर), राजकुमार गौतम, विक्रम सापकोटा (जोरपाटी, काठमाडौँ), मित्रहरू सेक्सन लामा, वसन्त सापकोटा (झम्क), सन्तोष विष्ट, हरि अधिकारी, दिदी गीता कोइराला, दाजुभाउजू गौरीशङ्कर गौतम र गोमा गौतम (अमेरिका), भतिज केदारप्रसाद गौतम, राजनदेवी गौतम (जर्मनी), दाजुहरू ऋषेश्वर दाहाल, अर्जुन गौतम (वसुन्धरा, काठमाडौँ), नीलप्रसाद गौतम (चौंरी छघर, काभ्रेपलाञ्चोक), मित्रहरू बमबहादुर लामा (माझिफेदा, काभ्रेपलाञ्चोक), महेन्द्र ढुङ्गाना, राजेन्द्र ढुङ्गाना (चिसापानी, काभ्रेपलाञ्चोक), भाइ-बुहारी डा. नवराज गौतम, यशोदा चौलागाई (नर्वे), भतिज भरत गौतम (राम्चे, काभ्रेपलाञ्चोक), मित्र रामहरि चौलागाई (चौंरीदेउराली, बालु, काभ्रेपलाञ्चोक), भाइ भागवतप्रसाद गौतम, अच्युत गौतम, विष्णु गौतम, विनोद गौतम, पुष्कर गौतम, बुहारी बिनिता गौतम तथा सीता गौतम, अञ्जु गौतम,

अमिता गौतम, भतिज लक्ष्मण गौतम, शत्रुघ्न गौतम, नवराज गौतम, नरहरि गौतम, मुकुन्द गौतम, दिनेश गौतम, प्रकाश गौतम, अस्कल गौतम (जोरपाटी, काठमाडौँ), दाजुभाउजू कुलप्रसाद गौतम (बद्री) र तारादेवी गौतम, भतिज केदार गौतम (पखेरा, काभ्रेपलाञ्चोक), मित्रहरू वासुदेव फुयाँल, रामप्रसाद फुयाँल (सुन्दरीजल, काठमाडौँ), विश्वराज दाहाल (गोठाटार, काठमाडौँ), नवीन शाही (हुम्ला), विजय देउजा (सूर्यविनायक, भक्तपुर), वैकुण्ठ लुइटेल (धादिङ), टीकाराम पनेरू, भवनाथ पुडासैनी (गोरखा), विष्णु घिमिरे (गुल्मी), आदरणीय दाजुहरू यादव कोइराला, माधव कोइराला, चूडाप्रसाद कोइराला, रामहरि कोइराला, कमल कोइराला, दिनेश कोइराला, हरिप्रसाद चौलागाई, नीलप्रसाद चौलागाई, मधुकुमार चौलागाई (सुलिकोट, काभ्रेपलाञ्चोक), भाइहरू राजु चौलागाई, रामहरि चौलागाई, दीपेन्द्र चौलागाई (सुलिकोट, काभ्रेपलाञ्चोक), दाजु दामोदर ढुङ्गेल (रिष्ठे, रामेछाप), काकाहरू रामगोपाल गौतम (चौंरी हर्रे, काभ्रेपलाञ्चोक), रुद्रप्रसाद गौतम, राजु गौतम (धुसेनी शिवालय, काभ्रेपलाञ्चोक), दाजुहरू होमप्रसाद गौतम, भरत गौतम, रत्न गौतम, दिदीहरू मञ्जु गौतम र सुभद्रा गौतम (नयाँबानेश्वर, काठमाडौँ), भाइहरू झम्क गौतम, शिव गौतम, राजन गौतम, राजेश गौतम लक्ष्मण गौतम, मुकुन्द गौतम (होमनाथ), जयन्द्र गौतम, केशव गौतम, दीपक गौतम (पोखरी चौंरी, काभ्रेपलाञ्चोक) लाई धन्यवाद दिन चाहन्छु ।

यस पुस्तकले मेरा आदरणीय अग्रज, पाठक तथा शुभेच्छुकहरूलाई मेरो जीवनको आधा शताब्दीको जीवनयात्रा, पृथ्वी तथा प्रकृति, घरपरिवार र समाजप्रति मानिसको कर्तव्य, जिम्मेवारी र दायित्वका सम्बन्धमा मेरो मार्गनिर्देशन र केही सामाजिक विषयमा मेरो दृष्टिकोण तथा भविष्यका केही सामाजिक कार्ययोजनाका सम्बन्धमा जानकारी गराउन पाउँदा म गौरवान्वित भएको छु ।

**– वेदप्रसाद गौतम**

चौंरीदेउराली गाउँपालिका – ४, काभ्रेपलाञ्चोक
हाल : कामपा - ३२, पेप्सीकोला, काठमाडौँ, नेपाल
२०८१ वैशाख ११ गते, लोकतन्त्र दिवस

# प्रकाशकीय

शब्दयात्रा प्रकाशनको २३९ औँ प्रकाशनपुष्पका रूपमा शब्दयात्रा प्रकाशनकै आजीवन सदस्य वेदप्रसाद गौतमले लेख्नुभएको 'पृथ्वीमा मानिसका जीवनयात्रा' प्रकाशन हुन लागेकोमा र यस पुस्तकमा काभ्रेपलाञ्चोक जिल्लाको चौंरीदेउराली गाउँपालिका वडा नं. ५ सुलिकोट खस्रेडाँडाको नजिकै ५ रोपनीसम्म जग्गा खरिद गरेर त्यहाँ एउटा भवन बनाउने र त्यसै भवनमा पुस्तकालय र अध्ययन कक्षसहितको शब्दयात्रा प्रकाशनको सम्पर्क कार्यालय स्थापना गर्ने उल्लेख गरिएको पाउँदा मलाई अत्यन्त हर्ष लागेको छ ।

वेदप्रसाद गौतमद्वारा लिखित 'पृथ्वीमा मानिसका जीवनयात्रा' नामक लेखसङ्ग्रहमा उहाँले विभिन्न समयमा लेख्नुभएका १९ वटा लेखहरू सङ्कलित छन् । यसमा न्यूनतम ३ पृष्ठदेखि अधिकतम ७९ पृष्ठसम्मका लेखहरू छन् । 'पृथ्वी, प्राकृतिक स्रोत र मानिस' बाट प्रारम्भ भएको यो पुस्तक 'पृथ्वीमा मानिसका जीवनयात्रा' मा समाप्त भएको छ । बीचमा आत्मजीवनी पनि परेको छ । यी लेखहरू आद्योपान्त अध्ययन गर्दा कतै-कतै पुनरुक्तिदोष जस्तो देखिए पनि प्रसङ्ग अनुसार आएकाले तिनलाई सामान्य नै मान्नुपर्ने हुन्छ । समग्रमा पुस्तक पठनीय र मननीय छ ।

अन्त्यमा, यस पुस्तकको अक्षराङ्कन गरिदिने रामचन्द्र गौतम, लक्ष्मण गौतम, सङ्गीता केसी, उपेन्द्र राई, सङ्गीता चौलागाईं, आवरण तयार गर्ने सफ्टवेयर इन्जिनियर रोशन मञ्जुश्री अधिकारी, भित्री पृष्ठको साजसज्जा मिलाइदिने गीता अधिकारी, उत्कृष्ट छपाइकार्य गरी समयमै पुस्तक उपलब्ध गराइदिने काठमाडौँ नयाँबानेश्वरस्थित क्यू एन्ड क्यू प्रेसका सञ्चालक घनश्याम गौतम तथा प्रेसका सम्पूर्ण कर्मचारी परिवारप्रति धन्यवाद ज्ञापन गर्दछु ।

**– हरि मञ्जुश्री**

अध्यक्ष : शब्दयात्रा प्रकाशन

# विषयसूची


| | | |
|---|---|---|
| १. | पृथ्वी, प्राकृतिक स्रोत र मानिस | १ |
| २. | आमाबुबा, घरपरिवार र समाज | १५ |
| ३. | मेरो जीवनयात्रा | २८ |
| ४. | मेरा केही कविता | १०० |
| ५. | नेपालमा सतीप्रथाको अन्त्य | १०७ |
| ६. | नेपालमा लोकतान्त्रिक आन्दोलनहरू | ११३ |
| ७. | नेपालमा शहिद तथा देशभक्तहरूका अधुरा सपनाहरू | १४३ |
| ८. | नारी (पुष्पलता) | १४९ |
| ९. | दुई दिनको जिन्दगी | १५५ |
| १०. | शिक्षा र विकास | १६७ |
| ११. | विनाशकारी भूकम्प वि. सं. २०७२ | १७० |
| १२. | कोरोना भाइरस (कोभिड - १९) | १७९ |
| १३. | मानिस, समाज, धर्म, शिक्षा र अध्यात्म | १८६ |
| १४. | उद्देश्य, योजना र मिहिनेत | १९८ |
| १५. | मानिसका लागि खराब तत्वहरू | २०४ |
| १६. | नेपालमा सगरमाथा र गौतम बुद्ध | २११ |
| १७. | नेपाल, भुटान र स्वीजरल्याण्ड | २१४ |
| १८. | परदेशीका कथा र व्यथाहरू | २२० |
| १९. | पृथ्वीमा मानिसका जीवनयात्रा | २४२ |

# पृथ्वी, प्राकृतिक स्रोत र मानिस

पृथ्वीको सृष्टि तथा विकास सम्बन्धमा विभिन्न मानव समुदायका धर्मशास्त्रमा जेजस्तो व्याख्या गरिएको भए तापनि वास्तविक रूपमा खगोलविद् वैज्ञानिकहरूको अनुसन्धान अनुसार अहिलेसम्म पृथ्वी तथा सौर्यमण्डलका पत्ता लागेका ९ ग्रहहरूमध्ये मानिस तथा जीव-जनावरका लागि जीवनयात्रा प्रक्रियाका लागि हावापानी, अन्न, वनस्पति, जीव-जनावरको सृष्टि विकास भएको आजसम्मको सुनौलो ग्रह (स्थल) पृथ्वी मात्र हो । हामीले पृथ्वीबाट देख्ने चन्द्रमा, सूर्य र तारामण्डलहरूमध्ये पृथ्वीबाट सबैभन्दा नजिकको उपग्रह चन्द्रमा हो । चन्द्रमा शीतल भएको चिसो ग्रह हो । पृथ्वीबाट सूर्यभन्दा चन्द्रमा धेरै नजिकै छ भने सूर्य पृथ्वीबाट धेरै टाढा छ । सूर्य तातो ग्रह हो । पृथ्वीको सौर्यमण्डल परिवारमा चन्द्रमाले पृथ्वीलाई घुम्ने गर्दछ भने पृथ्वीले सूर्यलाई घुम्दछ । यसरी पृथ्वीले सूर्यलाई घुम्ने परिक्रमा गर्ने क्रममा पृथ्वीमा उज्यालो भएको समयमा दिन र अँध्यारो भएको समयमा रातको समय हुन्छ । यसरी सौर्यमण्डल परिवारको परिक्रमाको समयले हुने दिन र रातको समयले गर्दा मानिस तथा पृथ्वीका सम्पूर्ण जीव-जनावर, पशुपक्षीहरूको आ-आफ्नो जीवन प्रक्रिया आ-आफ्नै किसिमले चलिरहेको छ ।

पृथ्वीमा सौर्यमण्डल प्रक्रियाबाट हुने दिन र रातको समयले गर्दा खास गरी पृथ्वीका सबैभन्दा चेतनशील तथा विवेकशील प्राणी मानिसलाई काम, माम र आरामको समय व्यवस्थापन गर्न प्रकृतिले मानिसका लागि दिएको समयतालिका सृष्टि र जीवनयात्राका लागि वरदान सावित भएको छ। पृथ्वीबाट सजिलै देख्न सकिने ग्रहहरू सूर्य र चन्द्रमा भएकाले नेपालमा लिच्छवि शासनकालमा नेपालको राष्ट्रिय झण्डामा चन्द्र र सूर्य अङ्कित गरिएको त्रिकोण आकारको रातो र नीलो रङ्गको सम्मिश्रण भएको चन्द्र र सूर्य अङ्कित राष्ट्रिय

झन्डा विश्वका देशहरूको माझमा नेपालको सानको पहिचान बनेर आज विश्वसामु फरफराइरहेको छ । सौर्यमण्डल परिवारमा पृथ्वीले सूर्यलाई चन्द्रमाले पृथ्वीलाई परिक्रमा गर्दा छेकिएर बेलाबेलामा पृथ्वीमा छायाँ परेर कहिले चन्द्रग्रहण लाग्दछ भने कहिले सूर्यग्रहण लागेको हामीले समय समयमा देख्दै आएका छौँ ।

पृथ्वीका सौर्यमण्डल परिवारका ग्रह-उपग्रहमध्ये हावापानी, उर्वरशील जमिन विभिन्न जीव, प्राणी तथा पशुपक्षी, वनस्पतिको जीवन सञ्चालन र निर्वाहका लागि अहिलेसम्मको सम्पूर्ण जीव प्राणीको जीवन सहज भएको उपयुक्त ग्रह पृथ्वी नै हो । चन्द्रमा र मङ्गल ग्रहमा अहिलेसम्म विभिन्न विकसित देशले मानवरहित तथा मानवसहितको रकेट यान पठाएर गरेको अनुसन्धानमा उपयुक्त हावापानी फेला पार्न नसकिएको तथा त्यहाँ जमिनमा पनि मानिसका लागि बसोबासका निम्ति उपयुक्त वातावरण तथा हावापानी उपलब्ध नभएका कारणले मानिस तथा जीव-जनावर र वनस्पतिको जीवन सञ्चालन गर्न आजसम्मको अनुसन्धानले कठिन हुने अवस्था पुष्टि गरेको छ । तर विकसित देशहरूले आफ्नो अनुसन्धान भने क्रमशः जारी नै राखेका छन् ।

पृथ्वी मात्र यस्तो ग्रह हो, जहाँ जीवजनावर, पशुपक्षी, खाद्यान्न तथा विभिन्न वनस्पति र विभिन्न प्राकृतिक खनिजहरूको मानिसले उपयोग तथा उपभोग गर्दै आएका छन् । यिनै विविध जीवजनावर, पशुपक्षी, खाद्यान्न, खनिज तथा वनस्पतिहरूको उपलब्धताले गर्दा नै पृथ्वीको प्रकृतिमा मानिसहरू प्राचीन ढुङ्गेयुग, सामान्य कृषिको युग हुँदै वर्तमान आधुनिक कृषि तथा उद्योग र विकासको युगसम्म आइपुग्न सफल भएका हुन् । पृथ्वीमा यिनै विविध मानिसका लागि चाहिने सामग्रीहरूको उपलब्धता, हावापानी, उर्वर जमिन उपलब्ध भएका कारणले मानिसहरू पृथ्वी (जमिन) लाई धर्तीमाता (कर्मदाता, जीवनदाता) मानेर पूजा गर्छन् । आकाशका तारामण्डलहरूमा विभिन्न ताराहरू पृथ्वीबाट धेरै टाढाटाढा भएकाले पृथ्वीबाट साना-साना देखिन्छन् । देखिन त पृथ्वीबाट टाढै भएका कारणले चन्द्र र सूर्य पनि खाली आँखाले हेर्दा एउटा मध्यम खालको थालजत्रो

देखिन्छ, तर पृथ्वीबाट चन्द्रमा सूर्यको बीचमा भएकाले र ताराहरूभन्दा तल चन्द्रमाभन्दा माथि सूर्य भएकाले पृथ्वीबाट खाली आँखाले पनि चन्द्रमा र सूर्य देख्न सकिन्छ । दूरीको हिसाबले यिनीहरू पनि पृथ्वीबाट धेरै किलोमिटर टाढा नै छन् । सूर्यको तापले तातो र चिसो तापक्रमको सन्तुलनले पृथ्वीमा जीव-जनावर तथा वनस्पतिहरूको जीवन निर्वाहका लागि उत्पादन र पर्यावरण सन्तुलनका लागि सहजता भएको छ । पृथ्वी, चन्द्रमा, सूर्यको यही चक्रीय प्रणालीले गर्दा पृथ्वीमा मानिसको जीवन सञ्चालनमा सजिलो भएकाले पृथ्वीका सबैभन्दा चेतनशील प्राणी मानिसका विभिन्न समुदायहरू पृथ्वी, चन्द्रमा, सूर्यलाई देवता (ईश्वर) मानेर पूजा गर्दछन् ।

पृथ्वीमा जीव, प्राणी र मानिसको सृष्टि खाद्यान्न तथा वनस्पतिहरूको सृष्टि र उत्पादन, मानिसको जीवनचर्याको विकास तथा मानिसको घरपरिवार, समाजको विकास, देश भूगोलको विभाजन तथा शिक्षाको विकाससँगै देशहरूको पनि नामकरण हुँदै गयो । पृथ्वीमा आजको वैज्ञानिक युगसम्म आइपुग्दा खगोल विद्हरूले यस सुन्दर पृथ्वीलाई ७ वटा महादेश र ५ वटा महासागरको नामकरण गरेर विभाजन गरेका छन् । नेपाल विश्वको ठूलो एसिया महादेशमा अवस्थितछ । विश्वको सर्वोच्च हिमाल सगरमाथा नेपालको सोलुखुम्बु जिल्लामा पर्दछ । विश्वशान्तिका अग्रदूत शाक्यमुनि गौतम बुद्ध नेपालको लुम्बिनीमा जन्मिएका हुन् । नेपालमा विश्वका ८,००० मिटरमाथिका १४ हिमालमध्ये ८ वटा हिमाल नेपालमा पर्दछन् ।

ईश्वरको सुन्दर सृष्टि पृथ्वीको प्रकृतिमा हावापानी र पृथ्वीको भुगोल अनुसारको तापक्रमको सन्तुलनले पृथ्वीमा कतै धेरै गर्मी, कतै धेरै जाडो तथा कतै जाडो र गर्मी बराबरी अनुपातका मौसमहरू चलिरहेका छन् । पृथ्वीको प्रकृतिमा यस्तै विविध खालका वातावरण र मौसम अनुसारका ठाउँ भूगोल, जमिनमा विविध खालका जीवजनावर, पशुपक्षी, खाद्यान्न, वनस्पति तथा खनिजहरू मानिसका लागि उपलब्ध भएका छन् । यी सबै पृथ्वीका जीवजनावर,

पशुपक्षी, खाद्यान्न, वनस्पति, खनिज, प्राकृतिक स्रोत तथा पर्यावरण मानिसका लागि ईश्वरले सृष्टि गरिदिएका अमूल्य स्रोतहरू हुन् ।

पृथ्वीको भौगोलिक बनोट पनि विचित्रको अनौठो छ । माथि-माथि विशाल हिमालहरू चाँदीजस्तो स्वच्छ टल्कने हिमश्रृङ्खलाहरू, हिमतालहरू, उच्च पहाड तथा मध्यम पहाडको भूगोलमा वनस्पति, रमणीय प्राकृतिक सम्पदाहरू, खोला, नदी, विविध वनस्पतिहरू, विभिन्न जीव-जनावरहरू, खानी तथा खनिजहरू लगायत अमूल्य जीव-जनावरहरू पहाडी भूगोलमा पाइन्छ । तराईको समथर जमिनमा मलिलो र राम्रो माटो भएकाले खाद्य सामग्रीहरू उत्पादन राम्रोसँग हुन्छ । तराईमा अत्यधिक ठूला खालका काठ पैदावर सल्लो, सिसौंदेखि फलामसरह बलियो काठ साल (अग्राख) पनि यही मलिलो माटोमा ठूलाठूला रूखहरू भएर हुर्कने र बढ्ने गर्छन् । तराईको समथर जमिनमा हिमाल पहाडको भन्दा कृषि पैदावर, वनस्पति मलिलो माटोको कारणले गर्दा चाँडै हुर्कने, बढ्ने हुन्छन् । विभिन्न वनस्पतिहरू हुर्कदै, बढ्दै गएर पृथ्वीमा जीव, प्राणी, पशुपक्षीका लागि खास गरी समथर भूमि उपयुक्त भएका कारणले गर्दा तराइका जमिनका पर्यावरणमा ठूलाठूला वनस्पति सिसौ, अग्राखदेखि जङ्गली जनावरहरू हात्ती, गैंडा, बाघ, हरिण, अर्नाहरूसमेत तराईका जङ्गलमा आश्रयस्थल बनाएर बसेका छन् । तल्लो तटीय क्षेत्र, समुन्द्रिक सतहका जमिनमा अत्यधिक मात्रामा खनिज पदार्थहरू खास गरी ग्याँस, पेट्रोलियम पदार्थहरू प्रकृतिले मानिसका लागि उपलब्ध गराएको छ ।

पहिले-पहिले तटीय क्षेत्रका बालुवा तथा बलौटे माटोको मरुभूमिमा अन्न उत्पादन नहुने, वनस्पतिहरू पनि भूबनोटका कारणले गर्दा नपाइने र अत्यधिक गर्मीले गर्दा मानिसको जीवनस्तर सामुद्रिक तटीय क्षेत्रमा बसोबासका लागि कठिन थियो । सुरुसुरुमा तटीय क्षेत्रमा माछा मारेर जीविका चलाउँदै आएका प्राचीन समुदायका मानिसहरू शिक्षा, विकास र प्रविधिको आविष्कारले गर्दा अहिले खास गरी ठूलाठूला सामुद्रिक तटीय क्षेत्रका देशहरूमा ग्याँस, पेट्रोल तथा विविध खनिजहरू भूबनोटका कारणले गर्दा उत्खनन गर्न

सजिलो भएकाले सामुद्रिक तटीय देशहरू आज ग्यास तथा पेट्रोलियम पदार्थको आविष्कार, उत्पादन र विश्वबजारमा ग्यास, पेट्रोलियम पदार्थ अत्यधिक आवश्यकता साथ मागका कारणले गर्दा ती देशहरू विश्वका अर्थतन्त्रमा आर्थिक रूपमा सक्षम, सबल र अग्रणी स्थानमा रहन सफल भएका छन् । हाम्रा अग्रजहरूको निरन्तर मिहिनेत, शिक्षा, प्रविधिको अनुसन्धान तथा विकासले गर्दा आज हामी २१ औँ शताब्दीको अत्याधुनिक विकासको युगमा आइपुगेका छौँ । यसका लागि हामीले हाम्रा अग्रजहरूलाई उनीहरूको मिहिनेत तथा योगदानको उच्च सम्मान र कदर गर्नुपर्छ ।

पृथ्वीको सबैभन्दा चेतनशील तथा विवेकशील प्राणी मानिसका लागि ईश्वर र प्रकृतिले खाद्य वनस्पतिका साथै मानिसका लागि जीवनयात्रा सञ्चालनमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएका आज्ञाकारी चेतनशील प्राणी, कुकुर, प्राचीन युगमा समयको सङ्केत गर्ने कुखुरा, मानिसका लागि अमृतसमान दूध दिने गाईभैँसी तथा कृषि पर्यावरणका लागि प्राङ्गारिक मल दिने चौपाया, दोपायाहरू, पृथ्वीको वातावरण र पर्यावरणलाई सधैँ वातावरणीय मैत्री बनाउन सहयोग गर्ने कमिला, गड्यौलादेखि मध्यकालीन युगमा सवारी साधनका रूपमा मानिसले प्रयोग गरेका हात्ती, घोडा, उँट तथा विविध हजारौँ खालका सानाठूला जीव-जनावर यही पृथ्वीको प्रकृतिमा पाइन्छ । जङ्गलमा पाईने विशाल जनावर हात्ति, गैडा, घोडा, अर्नादेखि समान्य खाल्का हरिणहरू, बाहिरी पेटमा बच्चा बोक्ने घर लिएर जन्मेको कङ्गारू तथा सारा संसार घुम्न सक्ने मानिसका पुर्खा भनिएका बाँदरहरूको जीवनशैली पनि आ-आफ्नै विचित्र प्रकारका छन् । जङ्गलमा पाइने विभिन्न रङ्गीन चराहरू डाँफे, मुनाल, कोइली, मयुरदेखि चराहरूमा सबैभन्दा बाठो चरा काग, सबैभन्दा मिहिनेत गरी गुँड बनाउने गौँथली तथा कोटरे चराहरू पनि यही पृथ्वीको सुनौलो प्रकृतिमा पाइन्छ ।

पृथ्वीको प्रकृतिमा खाद्यान्न वनस्पतिका स्वाद र गुणहरू पनि विभिन्न हजारौँ प्रकारका छन् । यही माटोमा गुलियो, तीतो, अमिलो, पीरो, टर्रो विभिन्न खालका हजारौँ खाद्य वनस्पति तथा बहुमूल्य

जडिबुटी वनस्पति र महँगा काठ, वनस्पति पनि पाइन्छ । शिक्षा र प्रविधिको विकाससँगै वैज्ञानिक तथा अनुसन्धानकर्ताहरूले नयाँ नयाँ खाद्यान्न तथा वनस्पतिहरूको अनुसन्धान र विकास गरिरहेका छन् ।

पृथ्वीको प्रकृतिमा मानिसका लागि चाहिने पवित्र अक्सिजन, पानी, विविध खालका हावा, उर्वर जमिन, जीवनका लागि अति आवश्यक खाद्यान्न तथा वनस्पतिहरू, जनजीविका सञ्चालका लागि आवश्यक विभिन्न जीवजनावर, पशुपक्षी तथा दैनिक जीविकाका लागि प्रयोग हुने फलाम, आल्मुनियम, तामा, पित्तलदेखि महँगा विलासिताका सामग्रीहरूमा उपयोग हुने सुन, चाँदी, हिरामोती विभिन्न रत्न धातुहरू पनि शिक्षा, विज्ञान प्रविधिको विकास र अनुसन्धानले यही पृथ्वीको प्रकृतिबाट मानिसका लागि प्राप्त हुँदै आएका छन् । एउटा सामान्य डोरी, साङ्लोको भरमा मानिसका लागि जीवनमा सहायक अभिन्न अङ्ग बनेर किला, दाम्लोमा इमानदारीका साथ बस्ने गाई, भैँसी, घोडा, बाख्रा, खुल्ला आकाशमा स्वतन्त्रतापूर्वक जतासुकै उडेर हिँड्ने चराहरू, जमिन पानी दुवैतिर बस्न सक्ने भ्यागुता, पानीमा सधैँ बस्ने, पानी बाहिर निकाल्दा जीवन समाप्त हुने माछाहरू, विनातालिम पानीमा पौडन सक्ने जीव जनावरहरू तथा रूख वनजङ्गलमा जतासुकै एकैछिनमा ओहोरदोहोर गर्न सक्ने बाँदरहरूको जीवनशैली तथा यस्ता विविध जीव जनावरहरूको स्वभाव, चरित्र र जीवनस्तरलाई पृथ्वीको प्रकृतिमा ईश्वरको वरदान अनि प्रकृतिले मानिसलाई दिएको अमूल्य उपहारहरू हुन् ।

पृथ्वीमा पाइने विभिन्न प्राकृतिक स्रोत तथा खनिज स्रोतको प्रयोगबाट नै आज मानिसले सामान्य घरगृहस्थीको जीविकादेखि सञ्चार प्रविधिका साधनहरू ठूलाठूला आधुनिक घरहरू, बाटाहरू, पुलहरू, आधुनिक मोटर, कार, बसहरू, पानीजहाज, हवाइजहाज, विभिन्न आधुनिक हातहतियारदेखि चन्द्रमा मङ्गल ग्रहमा ओहोरदोहोर गर्ने रकेटहरू बनाउन वैज्ञानिकहरू सफल भएका छन् । शिक्षा, विज्ञान-प्रविधिको प्रयोग, अनुसन्धान र आविष्कारले गर्दा नै मानिसहरूले आज २१ औँ शताब्दीको विश्वमा आधुनिक युगमा आ-

आफ्नो मिहिनेत, सीप, क्षमता र आर्थिक हैसियत तथा औकात अनुसारको सामग्रीहरू प्रयोग तथा उपयोग गर्न पाएका छन् ।

## प्राकृतिक स्रोत र वातावरण संरक्षणमा मानिसको कर्तव्य :

प्राचीन युगमा खोला तथा नदीका किनारबाट जीव तथा वनस्पतिहरूको सृष्टि र विकास हुँदै मानिस, विभिन्न जीवजनावर, पशुपक्षी, खाद्यान्न, वनस्पतिहरू तथा त्यसको नेतृत्वकर्ता पृथ्वीको सबभन्दा चेतनशील प्राणी मानिसले पृथ्वीमा भएका सबै जीव-जनावर खाद्यान्न, वनस्पतिलाई आवश्यकता र आर्थिक क्षमता हैसियत अनुसार प्रयोग तथा उपयोग गर्दै आएका छन् । शिक्षा, विज्ञान र प्रविधिले गरेको नयाँ नयाँ आविष्कारहरूले मानिसलाई जीवनस्तर सञ्चालन गर्न धेरै सजिलो भएको छ । पृथ्वीमा बढ्दो जनसङ्ख्याको चापसँगै खास गरी मानिसले दैनिक जीवन सञ्चालनमा प्रयोग गरेका तथा पुराना तथा नयाँ सामग्रीहरूको उचित व्यवस्थापन नगरी जताततै फ्याँक्ने गरेका छन् । यसरी पुराना सामानहरू पुनः प्रयोग आउनेलाई पुनः प्रयोग गर्ने तथा पुनः प्रयोगमा नआउने सामानहरूलाई उचित व्यवस्थापन गरी विसर्जन गर्नुपर्ने सामानलाई सामानको अवस्था, प्रकृति अनुसार उचित व्यवस्थापन तथा विसर्जन गर्नुपर्दछ । फलामजस्ता धातुलाई पुनः प्रशोधन गर्न सङ्कलन गरी सम्बन्धित प्रशोधन कारखानामा पठाउने व्यवस्था गर्नुपर्दछ ।

अहिले शिक्षा, विज्ञान-प्रविधिको आविस्कारले विश्वमा हजारौँ प्रकारका घरेलु सामानहरू, लत्ताकपडा, भाँडाकुडा देखि सवारीका साधनहरू विभिन्न विलासिताका समानहरू उत्पादन गर्ने कारखानाहरू खुलेका छन् । ती कारखाना तथा उद्योगले समुदायका मानिसहरूका लागि आवश्यक पर्ने विभिन्न हजारौँ प्रकारका समानहरू उत्पादन तथा बिक्री गर्दै आएका छन् । समुदायमा मानिसहरू आफूलाई चाहिने समानहरू आफ्नो आर्थिक क्षमता अनुसार खरिद गरेर जनजीविका सञ्चालन गर्दछन् । खास गरी समुदायमा अहिले सजिलोका लागि बढ्दो प्लास्टिकजन्य समानको

प्रयोगले गर्दा वातावरणीय विनाश गर्न प्लास्टिकजन्य सामानहरूले ठूलो भूमिका खेलेको छ। प्लास्टिकजन्य समान मानिसको समुदायमा अति आवश्यक हुनुको साथै प्लास्टिक जन्य सामानले वातावरण विनाशमा ठूलो चुनौती दिइरहेको छ । खास गरी प्लास्टिकको सहायताले खाद्यान्न तथा अन्य सामानहरू प्याकिङ गर्नुपर्ने हुन्छ।

त्यसै गरी बजारमा अहिले सजिलो र सस्तो लागत मूल्यमा प्याकिङ तथा व्यवस्थापन र वितरण गर्न सजिलो भएकाले प्लास्टिकको प्रयोग विशेष गरी खाद्य सामग्रीहरू प्याकिङ तथा वितरण गर्नका लागि अत्यधिक प्रयोग हुँदै आएको छ । यस्ता प्लास्टिकहरू मानिसले सामानको खरिद गरेर प्रयोग गरिसकेपछि जथाभावी फाल्ने, जलाउने काम गरेकाले यस्ता प्लास्टिकहरू वातावरण तथा मानिसको स्वास्थ्यका लागि अत्यन्तै हानिकारक भएका छन् । विश्वमा आर्थिक अवस्था सक्षम भएका देशहरूले वातावरण संरक्षणमा यस्ता घरेलु तथा औद्योगिक प्रयोग भएका तथा उद्योगबाट विसर्जन भएका विभिन्न रासायनिक पदार्थ र समानलाई प्रशोधन तथा विसर्जन गर्न कडाइका साथ नियम बनाएर व्यवस्थापन गरेका छन् । तर आर्थिक अवस्था कमजोर भएका देश तथा खास गरी गरिब समुदायका मानिसहरू दैनिक प्रयोगमा आएर काम नलाग्ने समानहरू जताततै बाटोमा तथा जताततै फालिने, उचित व्यवस्थापन नगर्ने गर्दछन् । यस्ता सामग्रीहरूले वातावरण विनाश तथा माटोको उर्वराशक्तिलाई कमजोर बनाउँछन् । प्लास्टिकजन्य सामानहरू जताततै फ्याँक्दा खासगरी पातलो प्लास्टिक सङ्कलन गर्न पनि गाह्रो हुने र पातलो प्लास्टिक माटोमा हजारौँ वर्षसम्म नकुहिने तथा नगल्ने हुनाले माटोको उर्वराशक्ति प्लास्टिकले विनाश गराइदिन्छ । प्लास्टिकजन्य सामग्री जलाउँदा त्यसबाट निस्कने विशालु ग्यासले मानिसको स्वास्थ्यमा गम्भीर असर पुऱ्याउनुका साथै सामान्य श्वासप्रश्वासदेखि क्यान्सरसम्मको घातक रोग लाग्दछ।

प्लास्टिकजन्य सामानहरू मानिसका लागि अति आवश्यक पनि छन् तर पृथ्वीमा मानिसले अत्यधिक र अनावश्यक प्रयोग र उचित व्यवस्थापन नगर्दा यसले वातावरण संरक्षणमा गम्भीर समस्या तथा

चुनौती भइरहेको छ । अहिले सूचना प्रविधिको बढ्दो प्रयोगसँगै विभिन्न खालका इलेक्ट्रिक तथा इलेक्ट्रोनिक्स सामानहरू पुराना भएपछि मानिसले जताततै फाल्ने गरेका छन् । अहिले बढ्दो सूचना-प्रविधिको प्रयोग तथा पुराना विद्युतीय सामग्रीहरूको उचित विसर्जन नहुँदा खास गरी गरिब देशका ग्रामीण बजार तथा बस्तीमा समेत यसको समस्या विकराल बन्दै गएको छ । औद्योगिक क्षेत्रका उद्योगले उद्योगबाट निस्कने रासायनिक पदार्थ तथा विभिन्न खेर जाने सामग्रीहरू उचित व्यवस्थापन नगर्ने, उद्योगबाट निस्कने रसायनहरूलाई सिधैँ मानिसका समुदाय, खोला तथा नदीमा विसर्जन गर्ने गरेका छन् । यसो गर्दा स्थानीय समुदाय तथा तटीय क्षेत्रका जीव, प्राणीहरूको जीवन जोखिममा परेको छ ।

स्वास्थ्यजन्य सेवा प्रदायक अस्पतालबाट निस्कने विभिन्न प्रकारका फोहोरहरूको पनि उचित व्यवस्थापन तथा विसर्जन नगरिएको कारणले गर्दा मानिसका समुदायमा स्वास्थ्य समस्या बढ्दै गएको छ । परम्परागत इँटा उद्योग तथा जेनेरेटरबाट सञ्चालन गर्ने उद्योग, संस्थाबाट पनि विभिन्न खालका धूवाँ तथा प्रदूषणले गर्दा वातावरण विनाशको चुनौती बढ्दै गएको छ । कृषिको आधुनिकीकरणसँगै बढ्दो विषादीको प्रयोगले दैनिक उपभोग्य सामग्रीहरूले मानिस तथा जीव, प्राणीको स्वास्थ्यमामा गम्भीर जोखिमको अवस्था सिर्जना भइरहेको छ । पृथ्वीमा बढ्दो वायु प्रदूषण तथा तापक्रम वृद्धिले गर्दा नयाँ-नयाँ प्रजातिका किराहरूले खाद्य बाली तथा वनस्पतिलाई हुर्काउन संरक्षण गर्न चुनौती थपिदै गएको छ । यातायात तथा सवारी साधनले मानिसहरूलाई सुविधा दिए तापनि खास गरी पेट्रोलियम पदार्थबाट चल्ने सवारी साधनका पार्टपुर्जा पुरानो हुँदै गएपछि धूवाँको मात्रा अत्यधिक बढेर वातावरणमा वायु प्रदूषण बढाउन यसले ठूलो भूमिका खेल्छ ।

पृथ्वीमा मानिसको आवश्यकता र समयअनुसार विकास-निर्माणको कामहरू बढ्दै गएसँगै खास गरी प्राकृतिक स्रोतको गलत तरिकाले उत्खनन तथा दोहन गरी प्राकृतिक सम्पदालाई मानिसले चुनौती दिइरहेकाले कतिपय ठाउँमा आर्थिक लाभको आकाङ्क्षाले

व्यापारी तथा प्रशासनका जिम्मेवार व्यक्तिसमेत मिलेर क्षणिक आर्थिक लाभको उद्देश्यले प्राकृतिक सम्पदाको व्यापक रूपमा गलत तरिकाले मापदण्ड विपरीत उत्खनन गरिरहेका छन् । यसरी गलत तरिकाले प्राकृतिक सम्पदाहरूको उत्खनन र दोहन कार्यले गर्दा ईश्वरको सुन्दर सृष्टि यो पृथ्वीमा मानिस तथा जीव वनस्पतिका लागि भविष्य सञ्चालन तथा जीवनयापन सञ्चालन गर्नका लागि चुनौतीपूर्ण बन्दै गइरहेको छ ।

हिजो १० वर्ष अघिसम्म सिन्धुपाल्चोक जिल्लाको इन्द्रावती मेलम्ची नदीका किनारमा रहेका खेतीयोग्य जमिनमा त्यही नदीको पानीलाई माथिबाट कुलोमा ल्याएर खेतीमा सिंचाई गर्न सकिने अवस्था आज त्यस क्षेत्रमा खुलेका बालुवा तथा क्रसर उद्योगले मापदण्डविपरीत नदीजन्य पदार्थको उत्खनन, सङ्कलन तथा बिक्रीका कारणले गर्दा सिँचाई तथा प्राकृतिक वातावरण संरक्षण गर्न कठिन तथा चुनौतीपूर्ण भएको छ । नेपाल तथा विश्वका धेरै देशले यस्ता समस्याका चुनौती भोगिरहेका छन् । नेपालमा यस्तो समस्या विभिन्न उद्योगले चुनढुङ्गा, बालुवा तथा ढुङ्गाखानीबाट विभिन्न खानीजन्य पदार्थ मापदण्डभन्दा बढी अनावश्यक रूपमा उत्खनन गरेका कारणले गर्दा पृथ्वीमा प्राकृतिक विनाश भइरहेको छ ।

एकातिर शहरी क्षेत्रमा रोजगारीको अवसर र जग्गाको मूल्य बृद्धिका कारण जोखिममय खोला, नदी तथा तटीय क्षेत्रमा मानिसले बस्ती स्थापना गरी बसोवास गरेको कारण बेलाबेलामा बाढीपहिरोको जोखिम बेहोर्नुपरेको छ भने अर्कोतर्फ मानिसले प्राकृतिक स्रोतको गलत किसिमले दोहन गरेको कारणले गर्दा पृथ्वीमा बेलाबेलामा प्राकृतिक विपत्तिले गर्दा मानिसको जीवनमा चुनौती बढिरहेको छ ।

विभिन्न खालका इँटा तथा खानीजन्य अन्य उद्योग मापदण्ड विपरीत सञ्चालन गरिएका कारण प्रकृति संरक्षणमा गम्भीर चुनौती थपिँदै गइरहेको छ । विभिन्न खालका खाद्य पदार्थको प्याकिङका समानहरू, दैनिक प्रयोगमा ल्याएर पुराना भएका घरेलु तथा औद्योगिक सामग्रीहरू, स्वास्थ्यसम्बन्धी सामग्रीहरू, अस्पतालबाट निस्कने फोहोरहरू, उद्योगबाट निस्कने विभिन्न रासायनिक तथा

अन्य फोहोरहरू तथा खानीजन्य पदार्थको मापदण्डभन्दा बढी उत्खननले बाढी-पहिरो, प्राकृतिक विनाश तथा विभिन्न प्रदूषणले गर्दा पृथ्वीमा तापक्रम बृद्धि भई पृथ्वीमा पानीका मुहानहरू सुक्ने, नयाँ-नयाँ रोगहरू बालीनालीमा देखापर्ने तथा मानिसहरूमा समेत नयाँनयाँ रोगहरू लाग्ने चुनौती बढिरहेको छ ।

फलामबाट निस्कने खियाले फलामलाई कमजोर बनाएजस्तै मानिसले उपयोग गर्ने सामानहरू पुराना भएपछि उचित किसिमले व्यवस्थापन गर्न सकिएन भने पनि पृथ्वीको वातावरण र पर्यावरणलाई फलामको खियाले जस्तै कमजोर बनाइ ईश्वरको यो सुन्दर सृष्टिको पृथ्वीको प्रकृतिमा सम्पूर्ण जीव प्राणीहरूको जीवन सञ्चालन चुनौतीपूर्ण, कठिन हुँदै समाप्तिमा पुग्न सक्दछ । त्यसकारण मानिसले दैनिक प्रयोगका सामग्रीहरूदेखि प्राकृतिक स्रोतको उचित तथा वैज्ञानिक तरिकाले व्यवस्थापन तथा उपयोग गरेर मानिसहरूले सामाजिक तथा प्राकृतिक जिम्मेवारी पूरा गर्नुपर्दछ । पृथ्वीमा बढ्दै गएको वातावरणीय विनाश तथा प्रदूषणले मानिस लगायत पृथ्वीका सम्पूर्ण जीवन प्राणीलाई असर पर्दै गएको छ । मुसा मार्न प्रयोग गरेको विषादीले मुसा मर्छ तर त्यो मुसा जथाभावी विसर्जन गर्दा काग, गिद्ध, कुकुर, बिरालोले खाएर तिनीहरू पनि मर्दछन् । उद्योगबाट निस्कने फोहोरलाई प्रशोधन नगरी सिधै खोलामा विसर्जन गर्दा खोलामा रहेका माछा, भ्यागुता, गँगाटा लगायतका जीव, प्राणी तथा वनस्पतिको जीवनको अस्तित्व समाप्त हुँदै गएको छ ।

चुरोट, रक्सी खाएर चुरोटका ठुटा बट्टाहरू तथा रक्सीका बोतलहरू बाटो तथा छिमेकीको घर अगाडि फाल्ने, कुकुर पालेर सान देखाउँदै छिमेकीको घरअगाडि सौच गराउने, गाउँ शहरका ठालुहरू, सहरी क्षेत्रमा गाई पालेर बाछालाई बेवारिसे बनाएर बाटोमा छाडिदिने मानिसहरू समाजका नरपशुहरू हुन् । राज्य तथा स्थानीय प्रशासनले खासगरी शहरी क्षेत्रमा पालिएका जीवजनावरको (गाई, कुकुर, बिराला) दर्ता अभिलेख राखी ती जनावरको मृत्युपछि

अन्तेष्टिको समेत अभिलेख विवरण अनिवार्यरूपमा स्थानीय प्रशासनलाई बुझाउनुपर्ने नियम बनाउनुपर्दछ ।

पृथ्वीमा तापक्रम बृद्धिले गर्दा हिमालमा हिउँहरू पग्लिएर हिमालहरू खाली हुँदै गइरहेका छन् । हिमालमा हिउँ रहेन भने पृथ्वीमा हिमताल र हिमनदीहरू रहँदैन । हिमताल र हिमनदीहरू सुक्दै गएपछि पृथ्वीमा पानी रहदैन । पृथ्वीमा पानी रहेन भने पृथ्वीमा वनस्पति तथा पर्यावरण रहदैन, पृथ्वीमा वनस्पति तथा पर्यावरण रहेन भने पृथ्वीमा जीवजनावर र मानिसको जीवन रहँदैन भन्ने यथार्थ र ध्रुवसत्यलाई मानव समुहमा सबैले गम्भीरताका साथ बझ्नुपर्दछ ।

हामीले बजारमा दैनिक खरिद गर्ने खाद्यान्न सामग्रीहरू ल्याउन कपडाको झोला प्रयोग अनिवार्य गर्नुपर्छ । खुल्ला आउने दुध, दही किन्न जाँदा आवश्यकता अनुसारको प्लास्टिक तथा स्टिल, आल्मुनियमको बट्टा तथा भाँडोमा लिएर आउने गर्नुपर्दछ । समुदायका सबैले यस्तो नियम तथा बानीको विकास गरी मिलेर काम गर्ने हो भने अनावश्यक प्लास्टिक सामग्रीको खपत ७५ प्रतिशत कम गरी वायु प्रदूषण कम गरी वातावरण संरक्षणमा ठूलो योगदान गर्न सकिन्छ । गरिब देशमा प्रशासनको कमजोरीको फाइदा उठाएर बनाएका नियमहरू पनि नागरिकहरूले राम्रोसँग पालना नगर्ने तथा राज्य प्रशासनले पनि प्रभावकारी रूपमा यस्ता सबै प्रदूषण तथा उत्खननलाई मापदण्ड अनुसार सञ्चालन कडाइका साथ नियम पालना गर्न नलगाउने हो भने हामीले पृथ्वीको प्रदूषण नियन्त्रण गर्न सक्दैनौँ ।

देशको राज्य प्रशासनले समग्र मानव, जीव प्राणी, वनस्पति र प्राकृतिक सम्पदा संरक्षण गर्न सबै मिलेर राज्यले नीति नियमहरू कडाइका साथ लागू तथा कार्यन्वयन गर्ने, समुदायमा नागरिकले नीति-नियमहरूको इमानदारीका साथ पालना गर्नुपर्दछ । उद्योग, निर्माण, स्वास्थ्य संस्था, समुदायबाट निस्कने फोहोरलाई वर्गीकरण गरेर गल्ने फोहोरलाई प्राङ्गारिक मल बनाउने काम गनुपर्दछ । अन्य फलाम तथा प्लास्टिकजन्य पुनः प्रशोधन गर्न मिल्ने फोहोरलाई

सङ्कलन गरी सम्बन्धित ठाउँमा पुनः कच्चा पदार्थका लागि पठाउने तथा हानीकारक तथा दीर्घकालीन असर गर्ने रासायनिक पदार्थहरूलाई व्यवस्थित तरिकाले मानिसका बस्तीभन्दा टाढा दीर्घकालीन असर नगर्ने किसिमले विसर्जन तथा व्यवस्थापन गर्नुपर्दछ । नेपालमा अहिले पनि उद्योग, स्वास्थ्य संस्था सञ्चालक र राज्यले पुर्ण वैज्ञानिक तरिकाले यी सबै समस्याको उचित व्यवस्थापन गर्न सकेका छैनन ।

उद्योग कारखानाबाट प्रशोधन नगरी खोलामा मिसिएको पानी कृषि तथा सिचाइमा प्रयोग गर्दा तरकरी तथा खाद्यन्नमा मानिसका लागि स्वास्थ्यमा हुने जोखिम तथा फोहोर पानी पशु, चौपाया, दोपायाले पिएपछि त्यसको असर ती पशुपक्षी पालेर जीवन निर्वाह गर्ने तथा त्यसको दुग्धजन्य पदार्थ सेवन गर्ने तथा मासुजन्य पदार्थ उपभोग गर्ने मानिसको स्वास्थ्यमा कस्तो असर पर्ला त ? गम्भीर रूपमा चेतनशील मानिसले पक्कै पनि सोच्नुपर्दछ ।

शिक्षा र चेतनाको कारणले गर्दा अहिले नेपालका शहरी तथा ग्रामीण बस्तीहरूमा पनि सरसफाइको व्यवस्थामा क्रमशः सुधार भइरहेको छ । तर नेपालका कतिपय शहरी बस्तीमा अहिले पनि शौचालयको ढल सिधै खोलामा मिसाउने, त्यही खोलाको पानी खोलाका आसपासका क्षेत्रका कृषि बालीहरूमा विद्युतीय मेसिनले खोलाको पानी तानेर सिंचाई गर्ने तथा त्यहाँ उत्पादन भएका कृषि उपज त्यही गन्धे खोलाको प्रदुषित पानीमा पखाली सफा गरेर बजार हुँदै उपभोक्ताको भान्छामा पुग्ने गरेकाले गरिब देशका शहरहरूमा स्थानीय नागरिकहरूको स्वास्थ्य सुरक्षामा गम्भीर चुनौती भइरहेको छ । हाल नेपाल सरकारले समेत खाद्य सुरक्षा, बाली बीमा, कृषिमा अनुदान, युवा स्वरोजगार कार्यक्रम लागू गरिरहेकाले सबै मिलेर हाम्रो देश नेपालमा स्वच्छ खाद्य सुरक्षा प्रभावकारी रूपमा सरकार तथा नागरिक समाज मिलेर हातेमालो गरेर किसानलाई बालीनालीमा सिञ्चाइ गर्न तथा सागसब्जी सफा गर्न स्वच्छ पानी पोखरीको व्यवस्था गर्ने तथा खाद्यान्नमा प्रयोग हुने विषादीको चेकजाँच गरी मानिसका स्वास्थ्यमा असर नगर्ने गरी रसायनहरूको

आवश्यकता अनुसार प्रयोगको मापदण्डको व्यवस्था गर्नुपर्दछ । शहरी क्षेत्रका सबै घरमा सौचालयको दिशापिसाब सङ्कलन गर्ने, सेफ्टी टैङ्की निर्माण गर्न अनिवार्य लगाउनुपर्दछ । त्यस्ता सेफ्टी टैङ्की भरिएपछि उपयुक्त ठाउँमा लगेर विसर्जन गर्नुपर्दछ ।

अहिले पृथ्वीको तापक्रमको वृद्धिसँगै पानीका मुहानहरू सुक्दै गएका छन् । खासगरी समथर शहरी क्षेत्रमा भूमिगत पानीको प्रयोग अत्यधिक मात्रामा बढ्दै गएका कारणले भविष्यमा दीर्घकालीन रूपमा भूमिगत पानीको स्रोत सुक्ने, पर्यावरण सुख्खा हुने, बोटबिरुवा सुक्ने, जमिनसमेत कतिपय ठाउँमा भासिन सक्ने कुरा खगोल विद्हरूले गरिरहेका छन् । त्यसैले शहरी क्षेत्रमा घर निर्माण गर्दा कौशीको पानी पुनः जमिनमा रिचार्ज हुने गरी इनार खनेर त्यसको व्यवस्थापन गर्न गराउन सम्बन्धित निकायले उचित कदम चाल्नुपर्दछ ।

यसरी हामी सबै मानिसहरू समाजमा मिलेर ईश्वरको सुन्दर सृष्टि यो पृथ्वीको प्राकृतिक स्रोतलाई २१ औँ शताब्दीको वैज्ञानिक युगमा उचित संरक्षण गरेर हामीले आवश्यकता अनुसार प्रयोग गर्दै सम्पूर्ण जीव, प्राणी, वनस्पति, खाद्यान्न, पशुपक्षीहरूको उचित संरक्षण र सम्वर्द्धन गर्नुपर्दछ ।

यसरी सम्पूर्ण मानिसहरूले पृथ्वीको सुन्दर प्रकृतिमा आ-आफ्नो जिम्मेवारी इमानदारीपूर्वक पुरा गर्न सकेमा मानिसको पृथ्वी र प्रकृतिप्रतिको कर्तव्य पूरा हुन्छ । ईश्वरको सुन्दर सृष्टि यो पृथ्वी र प्रकृतिमा सबैको जीवन पनि सुरक्षित रहन्छ । यसरी समाजमा हामी सबै मिलेर ईश्वर र प्रकृतिले मानिसलाई दिएका सम्पूर्ण प्राकृतिक स्रोत सम्पदा जीव प्राणीहरूको उचित संरक्षण गरी हामीले हाम्रा आगामी भविष्यका सन्ततिलाई सुरक्षित पृथ्वी, प्रकृति र प्राकृतिक स्रोत हस्तान्तरण गर्दै जानु हामी सबै मानव समुदायको प्रमुख कर्तव्य तथा जिम्मेवारी हो ।

●

# आमाबुबा, घरपरिवार र समाज

पृथ्वीको सुन्दर प्राकृतिक सृष्टिको परम्परामा चेतनशील प्राणी मानिसका सन्ततिहरूका जन्मदाता नै आमाबुबा हुन् । पृथ्वीमा भएका जीव, प्राणीको जन्म आमाबुबाको कामवासनाको सम्पर्कबाट नै हुन्छ । अहिले शिक्षा विज्ञान-प्रविधिले विभिन्न प्राविधिक तरिकाले जीव प्राणीको जन्म गराए तापनि ती जीव, प्राणीको जन्मदाताका प्रमुख स्रोत र पालन पोषणकर्ता आमाबुबानै हुन् । पुरुषको शुक्रकिटमा महिलाको डिम्ब मिलन भएपछि मानिसको जन्म हुन्छ । बुबाको शुक्रकिट र आमाको डिम्बको मिलन भएपछि आमाको गर्भाशयमा प्राण तथा अङ्गप्रत्यङ्ग भराइदिने अदृश्य शक्ति ईश्वरलाई आत्मले साक्षी राखी भन्नुपर्दा वास्तवमा देखिने साक्षत ईश्वर भनेका मानिसका लागि उनीहरूका जन्मदाता आमाबुबा नै हुन् ।

हावा, पानी, तेज, (शक्ति) अन्न र वनस्पतिको प्रमुख पाँच पञ्चतत्वको मिश्रणले मानिसको जीवन पृथ्वीमा जीवनयात्री बनेर घुमिरहेको छ । पृथ्वीमा सम्पूर्ण जीव, प्राणी र वनस्पतिको जीवन प्रक्रिया आ-आफ्नै किसिमले चलिरहेको छ । मानिसको जन्म आमाले दिएपछि स्याहारसुसार गर्ने आफ्नो मातृभाषा सिकाउने प्रमुख काम घरमा आमाले गर्दछिन् । बुबाले अन्य पारिवारिक जिम्मेवारी पूरा गर्दछन् । पानी जमेको ठाउँमा विभिन्न जीव, जीवाणु जन्मनु तथा पृथ्वीको उर्वरा माटोमा विभिन्न जीव-जनावर, पशुपक्षी तथा खाद्यान्न बालीको सृष्टि विकासलाई पनि एउटा अदृश्य, ईश्वरीय चमत्कार मान्नुपर्दछ ।

पृथ्वीको सुनौलो प्रकृतिमा सम्पूर्ण जीव, प्राणी, मानिसको गर्भाशायमा अङ्गप्रत्याङ्ग तथा प्राण भराइदिनु, विभिन्न खाद्यान्न तथा वनस्पतिको सृष्टि र विकासमा विभिन्न स्वाद तथा विशेषता भरिदिनुलाई मानिसले ईश्वरीय चमत्कार मान्दै आएका छन् । निश्चित उमेर अवधी पुगेपछि अवोध पशुपक्षी, जीव, जनावरहरूलाई

समेत यौन चाहना उत्पन्न गराइदिएर सृष्टि सञ्चालनमा अघि बढाउने अनि हावापानीको स्रोतलाई पृथ्वीको प्रकृतिमा सदावहार उपलब्ध गराइदिएर मानिस जीव-जनावर, पशुपक्षी, खाद्य तथा वनस्पतिको जीवन सञ्चालनमा ईश्वर र प्रकृतिले निरन्तर आफ्नो कर्तव्य पूरा गरिरहेका छन् ।

आज शिक्षा विज्ञान र प्रविधिको सहयताले मानिसले जतिसुकै प्रगति गरेको भए तापनि मानिसले आफ्नो अदृश्य शक्ति आत्मालाई अनि मानिसको उर्वरशील उमेरलाई यथास्थितिमा बचाउन सक्ने क्षमता आजसम्म कुनै पनि विज्ञानको शक्तिको सहायताले मानिसले गर्न सकेको छैन । सम्पूर्ण जीव, प्राणीको शरीरमा आत्मा, प्राण कसरी भरियो अनि पछि जीवन समाप्तिसँगै त्यो आत्मा कहाँ पुग्यो ? त्यो शाश्वत शक्तिलाई मानिसको विज्ञानले आजसम्म पत्ता लगाउन सकेको छैन । त्यही शास्वत अदृश्य शक्तिलाई नै पृथ्वीमा साधारण मानिसदेखि विभिन्न क्षेत्रका विज्ञ वैज्ञानिकहरूले समेत ईश्वरीय शक्तिका रूपमा स्वीकार गर्दै आएका छन् ।

पृथ्वीको सुन्दर यस प्रकृतिमा सबैभन्दा चेतनशील प्राणी मानिसहरू आ-आफ्नो मिहिनेत, क्षमता र आर्थिक स्तर अनुसार घरपरिवार सञ्चालन गरिरहेका छन् । पृथ्वीको सृष्टिको सुन्दर संसारमा मानिसलाई जन्माउने, हुर्काउने, शिक्षा ज्ञान दिने आमाबुबा मानिसका लागि प्रमुख साक्षत ईश्वर हुन् । पृथ्वीको यो सुन्दर प्रकृतिमा सबै जीव प्राणीलाई ईश्वरले प्रकृतिमा आ-आफ्नै तरिकाले बाँच्न र जीवनयापन गर्न सिकाएका छन् । पशुपक्षीले निश्चित उमेर अवधि पुगेपछि उनीहरूमा यौन इच्छा जगाएर सन्तान उत्पादन गर्न प्रेरित गराउनु ती अवोध जीव प्राणीले पनि आफ्ना सन्तानको माया गर्नु पनि ईश्वरीय योगदान मान्न सकिन्छ । मानिसका लागि चाहिने विभिन्न खाद्यान्न तथा वनस्पतिहरू, विभिन्न जीव जनावर, पशुपक्षीहरू, खनिजहरू, हावा, पानी उपलब्ध गराएर पृथ्वीमा ईश्वरले चेतनशील प्राणी मानिसको जीवनयात्रालाई सहज र रमणीय बनाएको छ ।

माहुरीले टाढाटाढा पुगेर फुलको रस सङ्कलन गरी आफ्नो गुँडमा ल्याएर बच्चालाई खुवाउने तथा मह सङ्कलन गर्ने, गौँथली चरीले आफ्नो सानो चुच्चोमा माटो बोकेर सुन्दर गुँड घर बनाएर फूल (अण्डा) पारेर बच्चा जन्माउने गर्छिन् । कोटरे चराले आफ्नो मुखको चुच्चाले रूखमा टरर....टरर.. ठुगेर सिपालु सिकर्मीले बनाएको कलात्मक खोपीजस्तो घर बनाएर अण्डा पारेर बच्चा जन्माउने, टाढाटाढा पुगेर आहारा (चारा) खोजेर ल्याई बच्चा हुर्काउने कार्य, कुखुरी चरीले बिहान ४-५ बजे उज्यालो हुन लाग्यो भनेर गर्ने सङ्केत कुखुरी काँ गर्ने बोली, जङ्गलमा मीठो बोली भएका कोइलीको कुहू कुहू गर्ने मीठो गीत, सुगाको मीठो बोली, मयुर, डाँफे, मुनालका रङ्गिन शरीर र आवाजहरू तथा तिनीहरूका रङ्गिन जीवनयात्राहरू, सृष्टिको आदिम कालदेखि मानिसका लागि विभिन्न खालको सुरक्षा दिने चेतनशील जनावर कुकुर तथा मानिसका लागि अमृतसमान दुध दिने गाई-भैँसीहरू मानिसका लागि ईश्वरले दिएका उपहारहरू हुन् ।

जङ्गलका सम्पूर्ण जीव जनावरलाई अध्ययन गर्न मानिसका लागि सर्वश्रेष्ठ सहयोगी, हात्ती, परम्परागत मध्य युगिन समयदेखि यातायात तथा समान ढुवानीका लागि अमूल्य योगदान गर्ने घोडा, खच्चर, जन्मसिद्ध बहुमुल्य प्राकृतिक पदार्थ खाग बोकेर जन्मिएका गैंडा, हरिण तथा जङ्गलको शक्तिशाली जनावर बाघ लगायत लाखौं, लाख जीव-जनावर, पशुपक्षी तथा तिनीहरूको मातृवसल्य र प्राकृतिक धर्मलाई ईश्वरको वरदान अनि ईश्वरीय अदृश्य शक्तिको चमत्कार मान्नुपर्दछ । हजारौँ किलाको हात्ती, भैँसी तथा गाई, घोडा एउटा सामान्य डोरी दाम्लोको सहायताले मानिसको नियन्त्रणमा बसेर मानिसका लागि जीवनमा विभिन्न सहयोगी काम गर्नु पनि ईश्वरको अदृश्य शक्ति तथा जीव प्राणीको इश्वरीय धर्म मान्नुपर्दछ । अवोध जीव-जनावरहरूले सृष्टि र प्रकृतिको धर्म पूरा गरेर सन्तति जन्माउने, हुर्काउने चमत्कारिक कार्यलाई पनि ईश्वरीय दैवी शक्ति मान्दै आइएको छ । कतिपय मानिसलाई खोला, पोखरीमा पौडन तथा पौडी खेल्न तालिम तथा धेरै प्रयत्न गर्दा पनि पौडी खेल्ने,

पौडने कार्यमा सफल हुन सक्दैनन्, तर हजारौँ किलोको हात्ती, गैंडा, भैंसी, गाईलगायतका जनावरहरू सजिलैसँग खोला, पोखरीमा पौडिएर वारीपारि गर्न सक्छन्, यस्तो कार्य पनि प्रकृतिमा ती जनावरलाई प्रकृति र ईश्वरले दिएको वरदान हो ।

पशुपक्षीमा सबैभन्दा चेतनशील प्राणी कुकुरले आफ्नो बसोबास रहेको घरको सुरक्षा गरेर घर बाहिरका नचिनेका मानिस आउँदा भुक्ने कराउने तथा आक्रमण गरी आफ्नो घरसम्पत्तिको सुरक्षा गर्छ । जमिन तथा रूखमा जतासुकै घुम्न, डुल्न सक्ने बाँदरले १०-१५ मिनेटको समयमा एउटा सिङ्गो बस्तीको यात्रा गर्न सक्छ । सधैं पानीमा बस्ने सानादेखि ठूला खालका विभिन्न प्रजातिका माछाहरू, पानी तथा जमिन दुवै ठाउँमा बस्न सक्ने भ्यागुता तथा गँगाटोहरू, विभिन्न प्रजातिका खाद्यान्न, फलफुल तथा वनस्पतिहरूको जीवन प्रक्रिया पनि पृथ्वीको प्रकृतिमा आ-आफ्नै तरिकाले सञ्चालन भइरहेका छन् ।

पृथ्वीमा मानिसहरू प्राचीन ढुङ्गेयुगबाट मध्यम कृषियुगसम्म आइपुग्दा बिस्तार बिस्तार खेतीपाती गर्ने, घर बनाएर, बस्ने तथा आ-आफ्नो समुदायको चलन, संस्कृति अनुसार समाजमा नयाँ नयाँ धर्म-संस्कारको विकास गरी पुरुष, स्त्रीबीच वैधानिक सम्बन्ध कायम गर्न तथा बेला उमेर पुगेपछि सन्तान जन्माउनका लागि विवाह गर्ने चलनको सामाजिक पद्धतिको विकास भयो । पृथ्वीको मानिसको समाजमा विवाह सम्बन्धमा समुदायहरूमा आ-आफ्नो धर्म संस्कार अनुसारको सामाजिक चलन चल्दै आएको छ । घरपरिवारमा खास गरी आमाले सन्तान जन्माउने तथा प्रसव तथा प्रसुती कार्यका लागि लाखौँ दुःखकष्ट सहेर आफ्नो जिम्मेवारी सृष्टिको आदिम कालदेखि पूरा गर्दै आएकी छिन् । पृथ्वीको मानिसको समाजमा छोराको भन्दा छोरीको सङ्ख्या जनसङ्ख्याको हिसाबले बढी जन्मनु पनि छोरीको सङ्ख्या बढी सृष्टि र जन्म गराउनु सृष्टिको अभिभारा धान्ने छोरीको सङ्ख्या बढी छोरी जन्म दिनुलाई ईश्वरको प्रकृतिमा अमूल्य वरदान तथा अदृश्य योगदान मान्न सकिन्छ । आजको विकसित युगमा आइपुग्दा मानिसले शिक्षा, विज्ञान र प्रविधिले मानिस तथा जनावरमा

कृत्रिम गर्भधारण प्रविधिको विकास गरेता पनि पशुहरूमा बाहेक मानिसमा विविध कारणले सन्तान नजन्मिएका नारी दम्पतीहरूमा कृतिम गर्भाधारण (IVF प्रविधि) खर्चका हिसाबले सन्तान जन्माउनु महँगो प्रविधि हो । कतिपय दम्पतीमा यो प्रविधि धेरै खर्च गर्दा पनि सफल हुन सकेको छैन । उमेर बढ्दै गएपछि यौनसम्पर्कको आवश्यकता हुनु, विपरीत लिङ्गप्रति नजिक र आकर्षित हुनु तथा सन्तान जन्मनु प्रकृति तथा ईश्वरको वरदान हो ।

पहिले पहिले शिक्षा प्रविधिको कमी, चेतनाको कमी, औषधि-उपचारको प्रविधि नभएको, खेतीपातीको युगमा जनसङ्ख्या धेरै आवश्यकता पर्ने अनि अहिलेको आधुनिक युगमा जस्तो शिक्षाको चेतना तथा परिवार नियोजनका स्थायी तथा अस्थायी साधनको विकास नभएको कारणले गर्दा आजभन्दा २५-३० वर्षपहिले नेपालमा जनसङ्ख्या वृद्धि अत्यधिक मात्रामा थियो । अहिले शिक्षाको चेतना कमी भएका समाजमा बाहेक अन्य शिक्षित समाजमा जनसङ्ख्याको जन्मदर नेपामा घट्दो क्रममा छ । अहिलेको २१ औं शताब्दीको विकसित युगमा मानिसहरू आइपुग्दासमेत कतिपय समुदायमा तथा व्यक्तिहरूमा छोराको चाहनामा छोरा जन्मन्छ भनेर पटकपटक सन्तान जन्माउदा पनि छोरी जन्मि रहेर घरमा सन्तान २ भन्दा बढी भएर पालन पोषण गर्न नसक्ने अवस्थामा पुग्ने, सन्तानलाई शिक्षादिक्षा तथा पालन पोषण गर्न नसक्ने अवस्थाको कारणले आर्थिक अभाव, पारिवारिक तनाव, सन्तान जन्माउने आमाको स्वास्थ्य कमजोर हुने बेलैमा उमेर नपुग्दै सानै उमेरमा रोगी हुनेजस्ता समस्याबाट ग्रसित भएका छन् । नेपालमा पनि मधेसी समुदायमा विवाह कार्यमा दाइजो धेरै दिनुपर्ने गलत सामाजिक चलन भएका कारणले तथा अन्य समुदायमा पनि छोरा जन्माउने चाहानाले शिक्षा र स्वास्थ्यमा आएका नयाँ नयाँ प्रविधिले गर्दा अहिले कम्प्युटर भिडियो एक्सरेबाट लिङ्गको पहिचान गरेर छोरा जन्माउने इच्छा भएका कतिपय अभिभावकले भिडियो एक्सरेमा हेरेर गोप्य रूपमा स्वास्थ्य कर्मीलाई सोधेर गर्भमा छोरी देखेमा भ्रूण हत्या गर्ने गलत संस्कार समाजमा मौलाइरहेको छ ।

वास्तवमा छोरा होस् वा छोरी दुवै बराबरी भन्ने महान् विचार र सोचका साथ सबैले अगाडि बढ्नुपर्छ । बढीमा २ सन्तानभन्दा बढी सन्तति कसैले पनि जन्माउनु हुँदैन । शिक्षाको अवसरबाट छोराछोरीलाई वञ्चित गराउनु हुँदैन । अहिले नेपालमा पनि कक्षा १० सम्मको शिक्षा निःशुल्क अध्ययन गर्न पाइन्छ । यो सुविधा क्रमशः १२ कक्षासम्म निःशुल्क पठन तथा पाठ्यपुस्तक सरकारले उपलब्ध गराउने नियमहरू क्रमशः लागू भइरहेका छन् । अध्ययन क्षमता राम्रो भएका विद्यार्थीलाई शैक्षिक संस्था तथा सरकारले छात्रवृत्ति उपलब्ध गराउँछन् । यो अवसर जेहेन्दार तथा मिहिनेती नेपाली विद्यार्थिहरूले पनि जापानदेखि युरोप, अमेरिका, क्यानडाका विश्वविद्यालयमा समेत वर्षेनी अध्ययन तथा रोजगारीका लागि निःशुल्क अवसरहरू पाइरहेका छन् ।

पृथ्वीको सृष्टिको संसारमा धेरै मानिसलाई जीवनमा सन्तान र सम्पतिबाट सुखशान्ति मिलेको छैन । थोरै मानिसलाई मात्र सन्तान र सम्पत्तिबाट सुख अनि शान्ति मिलेको छ । पृथ्वीको सृष्टिको प्रक्रिया अनि मानिसको जीवनयात्रा ईश्वरको वरदान अनि सृष्टिको सुन्दर फूल पनि हो, अनि मानिसको जीवन दुःखको महासागर पनि हो । त्यसैले मानिसले धनसम्पत्तिको अनावश्यक प्रतिस्पर्धाको दौडमा तनाव लिनु हुँदैन । सन्तान प्राप्त नहुने दम्पतीले अनावश्यक चिन्ता र तनाव लिनु हुँदैन । आखिर पृथ्वीमा सबै मानिसको जीवन २ दिनको अनिश्चित गन्तव्यको यात्रा हो । कसको मृत्यु कुन दिनमा हुन्छ, कसैलाई थाहा हुँदैन । मानिसको जीवन, मृत्यु र उमेरको कुनै निश्चित सीमा छैन । गम्भीर रोग लागेर, भवितव्य परेर, विभिन्न घटना, दुर्घटनामा परेर, विभिन्न लापर्वाही, असुरक्षा, रोग, प्राकृतिक तथा दैवी विपत्तिमा परेर पनि मानिसहरू अल्पायुमा बितिरहेका छन् । त्यसैले त महाकवि लक्ष्मीप्रसाद देवकोटाले एउटा कवितामा जीवनको बारेमा **घनघोर दुःखसागर जीवन हो जान भाइ, नगर घमन्ड मर्नुछ पृथ्वीमा सबैलाई** भनेर मार्मिक कविता लेख्नुभयो । सन्तान प्राप्त हुनेले आफ्नो वंश विस्तार भए भनेर सन्तुष्ट भई

बढीमा २ सन्तानमा सीमित रहनुपर्छ भने सन्तान प्राप्ति नहुने दम्पतीले अब आफ्ना सन्तानले यो पृथ्वीमा जन्मनु मर्नुपर्दैन भनेर सन्तुष्ट हुनुपर्दछ । त्यसैले त सच्चा सन्त, महात्मा, भिक्षुहरूले धनसम्पत्ति, छोराछोरी २ दिनको भ्रम हो, भोलि मृत्युपश्चात् धनसम्पत्ति, छोराछोरी केही पनि सँगै लैजान पाउन सक्ने कसैको पनि अवस्था छैन भनेर भौतिक सम्पत्ति तथा सन्ततिको लोभमा लाग्दैनन् ।

सन्तान प्राप्ति नहुने दम्पतिले पनि आफ्नो बेला उमेरमा सीप, क्षमता अनुसारको काम गरेर सकेको रकम आर्थिक सञ्चय गर्नुपर्दछ ताकी सो आर्थिक रकम आफू पछिसम्म बचिरहेमा उमेर तथा शरीर कमजोर भएको बेलामा प्रयोग गर्न पाइन्छ । राज्यले यस्ता निसन्तान दम्पतीलाई जीवनको उत्तरार्धमा शारीरिक रूपमा कमजोर भएपछि पालनपोषण गर्नुपर्दछ । श्रम गर्न सक्ने उमेरका सबै मानिसले बेला उमेरमा आफ्नो सीप, क्षमता अनुसारको काम गर्नुपर्दछ । समय उमेर घर्किएपछि पश्चाताप गरेर केही काम गर्न सकिँदैन । मानिसले जीवनको बेला उमेर समयमा गर्नुपर्ने कामहरू खास गरी २१ वर्षदेखि ४० वर्षभित्रमा मानिसले कडा श्रम र मिहिनेत गर्न सक्ने हुनाले त्यो समयमा सीप क्षमता अनुसारको काम गरेर गन्तव्यमा पुग्न सक्नुपर्दछ । मानिसले समाजमा अरूलाई दु:ख नदिइकन काम गर्नुपर्दछ । मानिसले समाज तथा समुदायका कमजोर मानिसलाई सबै मिलेर हातेमालो गर्दै अघि बढाउनुपर्दछ । मानिसले घरपरिवारमा समाजमा कसैलाई बिगार्ने तथा दु:ख दिने काम गर्नु मानवीय अपराध हो ।

सेवा नै धर्म हो । अनुशासन, नैतिकता, इमानदारिता, निरन्तरको मिहिनेत मानिसको कर्तव्य र धर्म हो भन्ने मूल भावनाका साथ काम गरेर समाजमा अघि बढ्नुपर्दछ भनेर आदिकवि भानुभक्त आचार्यले कवितामा भन्नुभएको **ज्यूँदै मऱ्याको भनी नाम कस्को, उद्यमबिना बित्दछ काल जस्को** भन्ने कविता सधैँ सान्दर्भिक भइरहेको छ ।

अरूले सित्तैँमा दिएको ५०००।- भन्दा आफूले श्रम गरेर कमाएको ५००।- महत्त्व अमूल्य हुन्छ, किनकी त्यो ५०० को रकममा उसको श्रम र पसिना मिसिएको हुन्छ । अनि उसले आर्थिक आर्जन गर्न कति गाह्रो हुँदोरहेछ भन्ने बुझेर आर्थिक सञ्चय तथा खर्च त्यही मर्मअनुसार गर्ने गर्दछ ।

## घरपरिवारमा सुख र शान्ति :

जन्मदिने, हुर्काउने, बढाउने, आफ्नो क्षमता अनुसारको शिक्षा दिने अनि पृथ्वीको सुन्दर सृष्टि संसार देखाएर आफ्ना सन्तानप्रति आफ्नो जिम्मेवारी पूरा गर्ने आमाबुबा मानिसका साक्षत पहिलो ईश्वर हुन् । कतिपय मानिसले सानै उमेरमा गर्भावस्थामा तथा जन्म प्रक्रियामा समेत विविध कारणले आमाबुबा गुमाइरहेका छन् । घरपरिवार मानिसको पहिलो पाठशाला हो । मानिसले घरपरिवारमा सर्वप्रथम आमाबाट मातृवात्सल्य तथा मातृभाषा सिक्दछ, त्यसपछि बुबा तथा परिवारका अन्य सदस्यबाट अनुशासन, नैतिकता, शिक्षा, श्रम र सीप सिक्दछ । घरपरिवारमा सुख, शान्ति र समृद्धिका लागि परिवारका सबै सदस्यहरूको योगदान आ-आफ्नो क्षेत्रबाट अमूल्य हुन्छ । सर्वप्रथमत आमाबुबा विवेकशील तथा कर्तव्यशील हुनुपर्दछ । सन्ततिलाई आफ्नो आर्थिक क्षमता अनुसारको पालनपोषण तथा शिक्षादिक्षा प्रदान गरी असल र योग्य नागरिक बनाउनका लागि आफ्नो कर्तव्य पूरा गर्नुपर्दछ ।

वर्तमान खुल्ला तथा छाडा संस्कार र संस्कृति मौलाएको वर्तमान समाजमा अभिभावकहरू अखाद्य पदार्थहरू धुम्रपान, मदिरापान गर्ने, दैनिक अनावश्यक कार्यमा धेरै रकम खर्च गर्ने तर घरमा सामान्य दैनिकी चलाउनका लागि बेवास्ता गर्ने तथा घरमा घरपरिवारलाई खर्च व्यवस्थापन गर्नुपर्दा तनाव दिने प्रवृत्तिका अभिभावक भएको घरमा सुख र शान्ति कहिल्यै हुँदैन । अहिले ग्रामीण समुदायदेखि सहरी क्षेत्रमा बसोबास गर्ने कतिपय अभिभावकहरूसमेत आफ्नो व्यवसाय छोडेर अनावश्यक लफङ्गा बनेर हिँड्ने र गलत काम तथा गलत मानिसको सङ्गत गरेर गलत कार्य

गरेर हिँड्ने बानीले गर्दा अहिले वर्तमान समयमा धेरैको घरपरिवारमा दैनिक तनाव तथा द्वन्द्व भइरहेको छ । घरपरिवारमा सबैले अनुशासित, मिहेनती, कर्तव्यशील, विवेकशील जिम्मेवार अभिभावक बनेर घरका आमाबुबा तथा सम्बन्धित अभिभावकले आफ्नो जिम्मेवारी पूरा गर्नुपर्दछ । सबै अभिभावकले आफ्नो सीप, क्षमता अनुसारको काममा आफू निरन्तर लागेर आफ्ना सन्ततिहरूलाई पनि सत्मार्गमा लाग्ने मार्गदर्शन गराउनुपर्दछ । घरपरिवारमा सन्ततिहरू पनि आज्ञाकारी, विवेकशील, मेहनति अनुशासित तथा नैतिकवान हुनु अत्यन्तै जरुरी हुन्छ ।

अहिलेको शहरी जीवनशैली, छाडा संस्कार तथा संस्कृति, बढ्दो सूचना प्रविधिको दुरूपयोग, सीप। क्षमता अनुसारको काम नगर्ने, सित्तैँमा बसेर खान खोज्ने प्रवृत्तिले गर्दा विशेष गरी अहिलेका ९५% युवा पुस्ता गलत संस्कार र गलत बाटोमा हिँडिरहेका छन् । आमाबुबाले राम्रा र स्तरीय भनिएका स्कुल, कलेजमा शिक्षा दिएर करोडौं रकम लगानी गरेका विद्यार्थीहरूसमेत आफ्नो भविष्य निर्माणमा योजनाबद्ध तरिकाले पढाइ लेखाइ नगरेर अनावश्यक फजुल काममा ध्यान केन्द्रित भएर तथा गलत बाटोमा लागेर आफ्नो भविष्य बर्बादी तथा आमाबुबा घरपरिवारको लाखौंदेखि करोडौं ऋण धनका रकम समाप्त पारिरहेका छन् । आफ्ना छोराछोरी तथा सन्ततिको उन्नति प्रगतिमा सबैभन्दा खुसी हुने उनीहरूकै आमाबुबा अनि आफ्ना छोराछोरी सन्ततिको दुःखमा सबैभन्दा दुःखित हुने पनि उनीहरूकै आमाबुबा हुन् । त्यसैले मानिसको प्रमुख कर्तब्य भनेको उनीहरूले आफ्ना आमा बुबाको मार्गनिर्देशन अनुसार सत्मार्गमा लागेर आमाबुबाको सपना पुरा गरेर आफ्नो भविष्य उज्यालो बनाउनु उनीहरू पहिलो कर्तब्य हो ।

पढाइको स्तर राम्रो हुनेले उच्च माध्यमिक शिक्षा अध्ययन गरिसकेपछि आफ्नो क्षमता, रुचि तथा देशको आवश्यकता अनुसारको विषयमा प्रवेश गरेर आफ्नो भविष्य सुनौलो बनाउने योजनामा लाग्नुपर्दछ । पढाइको स्तर अलि मध्यम तथा काम चलाउ हुनेहरूले प्राविधिक शिक्षाको सीप सिकेर समाजमा आवश्यकता

भएका काममा लागेर तथा आफैँ स्वरोजगार बनेर घरपरिवार तथा समाजलाई योगदान गर्नुपर्दछ । अहिले बढ्दो सूचना प्रविधिको गलत प्रयोगले विशेष गरी कलेज लेभलमा प्रवेश गरेका विद्यार्थीहरू औपचारिक रूपमा स्कुल कलेजमा गए तापनि घरमा आएपछि झ्यालढोका बन्द गरेर घरमा अध्ययन लेखपढ गर्ने समयको ९५% समय मोबाइलमा अनावश्यक फजुल गेम भिडियो, अश्लिल सामग्रीको खोज-अनुसन्धानमा व्यस्त हुन्छन् । सूचना प्रविधिमा आवश्यक समय र सम्बन्धित विषयका लागि खोज-अनुसन्धान गर्नुपर्नेबाहेक पनि अश्लिल तथा आपत्तिजनक भिडियो हेर्ने तथा अनावश्यक समय भिडियो गेमजस्ता केके रङ्ग पाराङ नाम गरेका भष्मासुर कार्यक्रम पपजी, लपजीदेखि नाङै, भुतुङ्गै, कुण्डले, मुण्डुले फेसनको कार्यक्रम हेरेर त्यसकै सिको गरेर युवा पुस्ताहरू अश्लिल तथा उताउला पोशाक अनि आवरणमा समुदायमा हिँडडुल गरेर सामाजिक विकृति फैलाएका छन् ।

मुस्लिम धर्ममा स्त्रीहरूलाई सार्वजनिक स्थलमा आफ्नो अनुहार प्रत्यक्ष देखाउन नपाइने कानुन कतिपय देशमा अहिले पनि कायम नै छ । तर कतिपय अन्य धर्मावलम्बीहरूको देशमा प्राकृतिक तथा विविध कार्यक्रमको नाममा आपत्तिजनक उताउला कार्यक्रमहरूसमेत आयोजना गरिँदै आएका छन् । वास्तवमा मानिसको पहिचान र जीवनस्तर समुदायको भलाइ त सादा जीवन उच्च सामाजिक विचारको जीवनशैलीबाट मात्र हुन सक्छन् । विश्व समाजका महामानवहरूको योगदानबाट हामीले अनुभव गर्दा घरपरिवार तथा समाज देश र विश्वसमुदायलाई योगदान गर्न वास्तवमा समाजमा अवसर पाउँदा उन्नति, प्रगति गर्ने भनेका तल्लो तहका दुःखमा हुर्किएर दुःखको अनुभव गरेका, व्यवसायिक रुचि भएका मानिसले मात्र गर्न सक्छन् । विश्वका मानव समुदायमा दुःखमा हुर्किएका ९५% मानिसले अवसर पाउँदा नै समाजमा प्रगति र उन्नति गरेका छन् । वर्तमान समयमा ९५% विद्यार्थी तथा युवाहरू घरमा आमाबुबा अभिभावकले खर्च पुऱ्याएका सुविधा पाएका विद्यार्थी तथा युवाहरू आफ्नो पढाई तथा सीपमूलक काम सिकेर समाजका विभिन्न काम

गर्न छोडेर ९०-९५% समय यस्तै फजुल सूचना-प्रविधि नामको कुलतमा लागेर तथा सुतेर आफ्नो समय बर्बाद गरिरहेका छन् । यसरी फजुल तथा अनावश्यक क्रियाकलापमा लागेका युवा तथा विद्यार्थीहरू सुर्तिजन्य पदार्थको सेवन, मदिराजन्य पदार्थको कुलत, गलत प्रवृत्तिका साथीको सङ्गतले लागूऔषधको दुर्व्यसनीसमेत बनेर अहिले त्यस्ता दुर्ब्यसनीलाई उपचार तथा सुधार गर्न प्रयास गर्न खुलेका सुधारगृहमा राखेर वार्षिक लाखौँ रकम खर्च गर्नुपरेको छ ।

राम्रो अवसर दिएर करोडौँ खर्च गरी घरपरिवार तथा राज्यबाट असल नागरिक बनाउन आमाबुबा तथा अभिभावकले लगानी गरेको आर्थिक रकमलाई नोक्सानी गरेर गलत लाइनमा लाग्नु भनेको आफ्नो जीवनलाई बर्वादीमा लागेर घरपरिवारको लगानी डुबाएर देशको लगानीसमेत नोक्सानी हुनु हो । काम सानो-ठूलो भन्ने हुँदैन भन्ने भावनाका साथ सादा जीवन उच्च सामाजिक विचारको मूल उद्देश्यलाई आत्मसात गरी अनुशासित, मिहिनेती बनेर आफ्नो सीप क्षमता अनुसारको काममा उद्देश्य, योजनासहित नियमित लागेमा सबै युवा पुस्ताले बेलैमा लागेमा घरपरिवारको जीविका सञ्चालन गर्न सक्नेदेखि ठूलोठूलो आर्थिक प्रगति गरेर समाजमा सम्मानित जीवन बिताउन सकिन्छ ।

अहिलेको समयमा नेपालमा पनि राज्यले विभिन्न खालका रोजगारीमूलक कार्यक्रमहरू सञ्चालन गर्न सस्तो व्याजदरमा नागरिकहरूलाई बैङ्क मार्फत ऋण उपलब्ध गराउने योजना सञ्चालनमा ल्याइरहेका छन् । आफ्नो सीप, क्षमता र इच्छा अनुसारको काममा लगानी गरी सबै नागरिकले स्वरोजगार बनी घरपरिवार तथा समाजमा योगदान गरेमा घरपरिवार, समाज तथा देश समृद्ध बन्छ । अनि लाखौं नेपाली युवाहरू अरबलगायत कतिपय न्यून ज्याला स्केल भएका देशमा ४५-५० डिग्रीको तापक्रमको गर्मीमा असिनपसिन भएर रगतलाई पसिना बनाई श्रम बेच्न जाने अर्धदक्ष कामदार नेपालीहरूले हाम्रो नेपालको उर्वरा भूमिमा लसुन रोपेर सुन फलाउने काममा लाग्नुपर्दछ । राज्यले सामान्य खाद्यान्नसमेत विदेशबाट आयात गर्नुपर्ने अहिलेको अवस्थालाई अन्त्य

गर्नुपर्दछ । राज्य सरकारले नागरिकहरूको व्यवसायमा लगानी तथा श्रम र उत्पादनमा जिम्मेवार हुनुपर्दछ ।

नेपाली युवाहरू वैदेशिक रोजगारीको सिलसिलामा विदेशमा गएर त्यहाँ पनि अदक्ष कामदार बनेर कतिपय रोजगारदाताले न्यून पारिश्रमिकसमेत नदिएर, रोजगार दाताको काम व्यवसाय डुबेर अवस्था असहज भएपछि सुरूमा काम गर्न गएको रोजगारदाताबाट भागेर अन्य ठाउँमा गैरकानुनी रूपमा अत्यन्तै न्यून पारिश्रमिकमा काम गर्ने नेपालीहरूको समस्या पनि चुनौतीपूर्ण भइरहेको छ । यस्ता दुःखद अवस्थाको राज्य सरकारले अन्त्य गर्नुपर्दछ । यदि विदेशमा काम गर्न जानुपरेमा पनि सीप मूलक काममा राम्रो सेवा-सुविधा भएको रोजगारीमा मात्र जानुपर्दछ । अनि त्यहाँ सिकेको सीप पुँजी नेपालमा ल्याएर काम गर्ने अवस्थाको वातावरण राज्य सरकारले बनाउनुपर्दछ । नेपालका उर्वराभूमि बाँझो राखेर अरबका मरुभूमिमा ४५-५० डिग्रीको तापक्रममा सामान्य श्रमिक भएर नेपालीले काम गर्न जाने अवस्थाको सरकारले अन्त्य गर्नुपर्दछ । आफ्नै देश मातृभूमिमा लसुन रोपेर सुन फलाउने भूगोल र वातावरणको तापक्रम अनुसारका विभिन्न खाद्यान्न, वनस्पति, पशुपालनको व्यवसायदेखि शैक्षिक स्तर राम्रो हुनेले देशका विभिन्न कार्यालय तथा सङ्घ-संस्थामा काम गरेर सेवा दिएर घरपरिवार र समाजलाई योगदान दिई आफ्नो जन्मभूमि, मातृभूमि देशलाई सक्षम बनाएर आफ्नो घरपरिवार र समाजका साथमा सँगै बसेर प्रगति, खुसी र समृद्ध जीवन सञ्चालन गर्न सकिन्छ ।

राज्यले पनि सुशासन तथा विभिन्न दूरगामी महत्त्वका कार्यक्रमहरू सञ्चालन गर्नुपर्दछ । युवा प्रतिभालाई विदेश पलायन रोक्नुपर्दछ । नागरिकहरूले पनि सीप र क्षमता अनुसार निरन्तर मिहिनेती इमानन्दार र अनुशासित बनेर काम गरेमा उनीहरूको जीवनस्तर समृद्ध बन्दछ । राज्य सञ्चालनका नेतृत्वकर्ताहरू दूरदर्शी तथा देश र नागरिकहरूको जीवनस्तर उठाउन प्रतिबद्ध इमानदार राजनेता भएमा अनि राज्यद्वारा वितरण हुने सुविधा सबैले समान रूपमा पाउने तथा नियम-कानुन र विधिको शासन भ्रष्टाचारमा

शुन्य सहनशिलताको पूर्ण रूपमा कार्यान्वयन तथा सुशासनको पूर्ण रूपमा पालना गराउने राज्यका संयन्त्रहरू तथा नागरिकहरू पनि मिहिनेती इमानदार र अनुशासित बनेर राज्य तथा नागरिकहरू सबै मिली हातेमालो गर्दै देश र देशवासीको हितमा मन, वचन र कर्मले इमानदारिताका साथ काम गरेमा घरपरिवार, समाज र देशलाई सक्षम र समृद्ध बनाउन सकिन्छ ।

●

# मेरो जीवनयात्रा
# (वेदप्रसाद गौतमको जीवनी)

मेरो जन्म वि. सं. २०३० साल चैत ५ गते सोमबार बिहान ५ बजे तत्कालीन धुसेनी शिवालय गाउँ विकास समिति वडा नं. ३ जिल्ला काभ्रेपलाञ्चोक बागमती अञ्चलमा भएको हो । आमाको नाम हरिमाया गौतम, बुबाको नाम खगेन्द्रमणि गौतम हो । घरका हजुरबुबाको नाम दशरथ गौतम, हजुरआमाको नाम लक्ष्मी गौतम हो। घरको जिज्यूहजुरबुबाको नाम बालकृष्ण गौतम जिज्यू हजुरआमाको नाम शारदा गौतम हो । मेरो मावली रामेछाप जिल्लाको लखनपुर रिष्ठे गाउँ विकास समिति अन्तर्गत तल्लो ढाँडे गाउँमा पर्दछ । तल्लो ढाँडे गाउँका बद्रीनाथ ढुङ्गेल तथा निरूमाया ढुङ्गेल मेरा मामाघरका हजुरबुबा हजुरआमा हुन् । हाम्रा बराज्यू दिनानाथ गौतम जीवनयात्राको क्रममा पोखरीचौंरी क्यौरेनी छघर अन्तर्गतका गौतम परिवारबाट आफ्नो पैत्रिक सम्पति (अंश) बुझेर बराज्यू आमा सरस्वतीका साथ धुसेनी शिवालय गाउँमा आएर बस्नुभएको हो भन्ने कुरा हामीलाई हाम्रा अग्रज बुबा हजुरबुबाले हामीलाई भन्नुभएको थियो ।

## हाम्रा १३ दिने दाजुभाइहरू :

(१) दिनानाथ गौतम तथा सरस्वती गौतमका ४ छोराहरूमध्ये जेठा छोरा रामचन्द्र गौतमअन्तर्गतका सन्तानहरू धुसेनी शिवालय गैराघरका अर्जुन गौतम, कृष्ण, विष्णु, बैकुण्ठ, घनश्याम (केदार), हेटौडा चुच्चे खोलाका अधिवक्ता घनप्रसाद गौतम, हरि गौतम धुसेनी शिवालय गैराघरका, गणेश, दिनेश, उमेश, नवराज गौतम तथा अष्ट्रेलिया निवासी निशेध गौतम, नेविका गौतम, निशान गौतम तथा राजु गौतम, बृहस्पति गौतम, हेटौडा हटिया निवासी भिमसेन गौतम,

यादव गौतम लगायतका सन्ततिहरू हाम्रा जेठा बाजेका सन्तान अन्तर्गत पर्नुहुन्छ ।

(२) दिनानाथ गौतमका माहिला छोरा तुलसीराम गौतम अन्तर्गत तत्कालीन धुसेनी शिवालय वडा नं. ३ अन्तर्गत चौतारापारीका सहदेव गौतम, भागवत प्रसाद गौतम, नवराज गौतम, अच्युत गौतम, प्रहलाद गौतम, पुष्कर गौतम, प्रकाश गौतम, प्रनिश गौतम, प्रदिप गौतम, अस्कल गौतम, प्रमोद गौतम, हेटौडा बसाई सराइ जानुभएका हेटौडा लक्ष्मीपुर निवासी शिवप्रसाद गौतम, नवराज गौतम, देवराज गौतम, विष्णु गौतम, अर्जुन गौतम, किसान गौतम, नागस्वती निवासी ध्रुव गौतम, यज्ञ गौतम, कुलप्रसाद गौतम तथा लक्ष्मीपुर हेटौडा निवासी होमप्रसाद गौतमको छोराहरू नकुल गौतम तथा मनु गौतमका सम्पूर्ण सन्ततिहरू हाम्रा माइला बाजेका सन्तानहरू हुन् ।

(३) दिनानाथ गौतमको साहिँला छोरा बलभद्र गौतम अन्तर्गत छविलाल गौतमका छोराहरू कृष्ण गौतम, मीनप्रसाद गौतम, चुँडाप्रसाद गौतम, ताराचन्द्र गौतम, भुवनेश्वर (नवराज) गौतम, नरहरि गौतम, मुकुन्द गौतम, गौरीशङ्कर गौतम, प्रशान्त, प्रयास गौतम, हेटौडा नागस्वती निवासी नरहरी गौतमका छोराहरू रामजी गौतम, वेदप्रसाद गौतम, प्रेमप्रसाद गौतम, नन्दलाल गौतम, रामकृष्ण गौतम, श्यामकृष्ण गौतम, नविन गौतम, प्रदीप गौतम, भीमसेन गौतम, लक्ष्मण गौतम, काभ्रेपलाञ्चोक पात्लेखेत बसाई सरी हाल भक्तपुर बोडे निवासी पृथ्वीलाल गौतमका छोरा केशव गौतम हेटौडा हटिया निवासी नारायणप्रसाद गौतमका छोराहरू देवीप्रसाद (नारायण) शङ्कर गौतम, गोपाल गौतम, नवराज, केदार, भरत, बृहस्पति, शिवराज गौतम, युवराज, पुष्पराज गौतम तथा महानन्द गौतम, तथा विष्णुमाया गौतमअन्तर्गत हेटौडा हटियाका भिमप्रसाद गौतम (नकुल), सुवास, सुदिप तथा हेटौडा हटियाका डिल्लीप्रसाद गौतम तथा प्रह्लाद गौतमलगायत दिनानाथ गौतमका साहिला छोरा अन्तर्गतका सन्तानहरू हुन् ।

(४) दिनानाथ गौतमका कान्छा छोरा लक्ष्मण गौतमका छोरा बालकृष्ण गौतम तथा बुहारी शारदा गौतम अन्तर्गत हाल वंशविस्तारमा देखिनुभएका ४ छोरामध्ये मेरा जेठा हजुरबुबा नन्दलाल गौतम तथा हिरामायाँ गौतम अन्तर्गत पखेराका हजुरबुबाको ३ छोरामध्ये जेठा छोराबुहारी रामकृष्ण गौतम तथा तुलसादेवी गौतमका छोरा कुलप्रसाद गौतम (बद्री) तथा बुहारी तारादेवी गौतम कुलप्रसादका ५ छोरी जानुका, मेनुका, रेणुका, निशा तथा उषा र छोरा केदार गौतम छन् । नन्दलाल तथा हीरामाया गौतमका माहिला छोरा बलभद्र तथा सुभद्रा गौतम अन्तर्गत हेटौडा नागबस्ती निवासी नरहरि गौतम तथा मातृका गौतम हुनुहुन्छ ।

नरहरि गौतम तथा मातृका गौतमका मीना, मीरा, रूपा, निरा र सृजना पाँच छोरीहरू छन् भने बलभद्र-सुभद्राका कान्छा छोरा कुलप्रसाद गौतम (शिव) हाल काठमाडौँ जोरपाटी बेसिगाउँका स्थायी बासिन्दा हुनुहुन्छ । कुलप्रसाद गौतम तथा सरस्वती गौतमका छोराहरू लक्ष्मण गौतम, शत्रघ्न गौतम तथा नातिहरू भने किरण गौतम, स्वर्णिम गौतम तथा नातिनीहरू ज्योति तथा अनुषा छन् । नन्दलाल हीरामायाका कान्छा छोरा हीरालालका छोरीहरू बाटुला, कमला, सीता, मैया र दुर्गा छन् भने हीरालालका १ छोरा १५-१६ वर्षको अल्पायुमा नै बित्नुभयो । जेठा हजुरबा अन्तर्गत फूपु दिदीका छोरा हाल धुसेनी शिवालय काभ्रे चिनीको बारीमा स्थायी बसोबास गर्नुभएका उद्धव चौलागाईं तथा कृष्ण चौलागाईं हाम्रा भान्दाइहरू हुन् ।

त्यसै गरी पखेराका रामकृष्ण जेठा ठूलोबुबा अन्तर्गत जेठी छोरी बिन्दा दिदी तत्कालीन रामेछाप जिल्ला गुन्सी भदौरे निवासी शिक्षक धर्मप्रसाद चौलागाईंसँग विवाह सम्बन्ध कायम भई हाल हेटौडा नागस्वतीमा बिन्दा दिदी तथा भेना धर्मप्रसाद चौलागाईं तथा भान्जाहरू विराट, विशाल चौलागाईं बिन्दा दिदी अन्तर्गत पर्नुहुन्छ । पखेराको जेठा ठूलाबुबा रामकृष्णको कान्छी छोरी तारा दिदीको पनि काभ्रे माझीफेदा काफ्ले निवासी शिक्षक मोहन ढुङ्गेलसँग विवाह बन्धनमा बाँधिनुभई हाल सुखमय दामपत्य जीवन बिताइरहनुभएको

छ । त्यसै गरी पखेराको माइलो ठूलोबुबा अन्तर्गत दिदीहरू सावित्रा चौलागाई, पार्वती चौलागाईं तथा हेटौडा हटिया निवासी सतीा न्यौपाने दिदी तथा आत्मराम न्यौपाने भिना भान्जाहरू किशोर, ईश्वर न्यौपाने तथा भान्जी ईश्वरी रिजाल पखेराको माइला बुबाको सन्ततिहरू हुन् ।

बालकृष्ण गौतम तथा शारदा गौतमका माहिला छोरा दशरथ गौतम तथा बुहारी लक्ष्मी गौतमबाट छोरा मेरो बुबा खगेन्द्रमणि गौतमको वि. सं. १९९५ साल वैशाख महिनामा जन्म भएको थियो । वि. सं. १९९७ सालमा दशरथ गौतम तथा लक्ष्मी गौतमबाट छोरी इन्दिरा गौतमको जन्म भएको थियो । मेरा हजुरबुबा दशरथ गौतम वि. सं. १९९८ सालमा मेरा बुबा खगेन्द्रमणि गौतम ३ वर्षको हुँदा हजुरबुबा दशरथ गौतम अल्पायुमै बित्नुभएछ । मेरो फुपू दिदी इन्दिराको पनि विवाह नहुँदै वि. सं. २०१४ सालमा घरको पारिपट्टि भिरमा घाँस काट्न गएको बेलामा भिरबाट लडेर गम्भीर घाइते हुनुभई अल्पायुमै बित्नुभएछ ।

यसरी अल्पायुमै पति तथा छोरी गुमाएर क्रमशः पारिवारिक शोकको पीडामा पर्नुभएकी मेरी हजुरआमाले धेरै दुःखकष्टका साथ मेरा बुबा खगेन्द्रमणि गौतमलाई पालनपोषण गरी हुर्काउनुभएछ । खगेन्द्रमणि गौतम तथा हरिमाया गौतमअन्तर्गत जेठा छोरा म बेदप्रसाद गौतम र कान्छो नबिन गौतम तथा छोरीहरू देवकी र मेरो कान्छी बहिनी प्रमिला गरी हामी २ छोरा, २ छोरी गरी खगेन्द्रमणि गौतमका ४ सन्तानछौं । मेरो जेठी बहिनी देवकीको काभ्रे जिल्ला तत्कालीन गोठपानी गाउँ विकास समिति वडा नं. ९ मजुवा अन्तर्गत रामप्रसाद तिमल्सिनाका छोरा देवलाल तिमल्सिनासँग वैवाहिक सम्बन्ध कायम भएर एक सन्तान प्रमोद तिमल्सिना मेरा भान्जा तथा पूजा तिमल्सिना भान्जीबुहारी हुनुहुन्छ । प्रमोद र पूजा उच्च शिक्षा अध्ययनका लागि संयुक्त राज्य अमेरिकामा हुनुहुन्छ ।

मेरो कान्छो भाइ नवीन गौतम पनि देशको अवस्था तथा समय परिस्थितिले गर्दा रोजगारी तथा बसोबासको सिलसिलामा संयुक्त राज्य अमेरिकामा बुहारी नितु भट्टराई गौतम, छोरा निल्सन

गौतम तथा छोरी निशाको साथमा प्रवासी भूमिमा आधा मन नेपालका घरपरिवारका सदस्य तथा आफन्तलाई सम्भेर जीवनयात्राको पथमा अगाडि बढिरहेका छन् ।

बालकृष्ण गौतमका साहिला छोरा धुसेनी शिवालय माख्लो अखडा निवासी दधिराम गौतम तथा सावित्रा गौतम अन्तर्गत जेठा छोरा हरिभक्तको अल्पायुमै निधन भई सन्तान नभएको र दधिराम सावित्राका माहिला छोरा उदयनारायण तथा बुहारी भागरथी गौतमबाट छोराहरू विष्णु गौतम, विनोद गौतम, छोरीहरू कमला, सरस्वती, तारा, मातृका, सविना तथा नातिहरू युनिक गौतम, युविन गौतम, नातिनीहरू मनिषा, बिनिसा, युनिसा, उदयनारायण, भागरथीका सन्ततिहरू हुन् । त्यसै गरी दधिराम सावित्रा गौतमका कान्छा छोरा शिवप्रसाद गौतम करिब ५० वर्षको उमेरमा बित्नुभएता पनि उहाँका सन्तानको वंश बिस्तार भएको थिएन । शिवप्रसादको श्रीमती हाम्री कान्छी काकी आमा करिब ७० वर्षको उमेरमा अहिले पनि हुनुहुन्छ । दधिराम तथा सावित्राको १ मात्र छोरीका सन्ततिहरू नेत्र चौलागाईं लगायत हाल हेटौंडा नागस्वतीका स्थायी बासिन्दा हुन् ।

बालकृष्ण गौतम तथा सरस्वती गौतमका कान्छा छोराबुहारी श्रीकृष्ण गौतम तथा हीरामाया गौतमका ३ छोरी तथा १ छोरा हुनुहुन्छ । छोरा कृष्णप्रसाद गौतमका ध्रुव, हरि, शिव गरी ३ छोरा र ३ छोरी हुनुहुन्छ । सावित्री, गोपिनी, सतीसमेत ३ छोरी हुनुहुन्छ भने कृष्णप्रसाद गौतमका नातिनातिनाहरू आयुष, आदर्श, अमिनेश, एलिसा, एलिग, एन्जिला नाति नातिनीहरू हुनुहुन्छ । हाल कृष्णप्रसाद गौतमका सपरिवार बारा जिल्लाको निजगढ बागदेवमा स्थायी बसोबास गरिरहनुभएको छ । कान्छा हजुरबुबाका जेठा छोरीज्वाइँ तारादेवी चौलागाँई तथा लोकनाथ चौलागाईंका छोराहरू, कृष्ण चौलागाईं तथा उद्धव चौंलागाईं, तथा माइली छोरीका छोराहरू रामलक्ष्मण चौलागाईं तथा कान्छी छोरी नारायणी सापकोटा तथा सूर्य सापकोटाका छोराबुहारी नकुल सापकोटा तथा बुहारी बबिता तथा छोरीहरू सङ्गीता नेपाल, सीता चालिसे र रीता चौलागाईं छन् ।

यसरी दिनानाथ गौतम, सरस्वती गौतमका पनि वंश विस्तार अनुसार देखिएका ४ छोराहरूका सन्तानलाई अहिले काभ्रे धुसेनी शिवालयमा ४ बाजेका सन्तान भनेर सबैले चिन्दछन् । त्यसैगरी हामी दिनानाथ गौतम सरस्वती गौतमका ४ छोरा अन्तर्गत कान्छा छोरा बालकृष्ण गौतम तथा बुहारी शारदा गौतमअन्तर्गत पनि वंश विस्तारमा देखिएका ४ छोरा अन्तर्गत बसोबास भएको तत्कालीन धुसेनी शिवालय गा.वि.स. वडा नं. ३ लाई अहिले पनि ४ घरे टोल भनेर सबैले चिन्दछन् ।

हजुरबुबा दशरथ गौतमको ३८ वर्षको अल्पायुमै निधन भएपछि एकल बन्नुभएकी हजुरआमाले धेरै दुःखका साथ मेरो बुबा तथा फुपु दिदिलाई हुर्काउनुभयो । पछि १६ वर्षको उमेरमा फुपू दिदी इन्दिराको पनि अल्पायुमै निधन भएपछि हजुरआमा तथा मेरा बुबा थप पारिवारिक शोकको पीडामा पर्नुभएको थियो । मेरो कान्छी हजुरआमा पनि मेरो हजुरआमा लक्ष्मी गौतमको आफ्नै शाख्य बहिनी भएको तथा घरको कान्छो हजुरबुबा र कान्छी हजुरआमा साख्यै दाजुभाइ तथा दिदीबहिनी भएको हुनाले परिवारमा मेरो बुबा तथा फुपु दिदीको पालनपोषण विशेष गरी कान्छो हजुरबुबा श्रीकृष्ण गौतमको संरक्षण भएको रहेछ ।

मेरो बुबाको जन्म राणाकालीन समयमा भएको थियो । हाम्रो गाउँमा स्कुलको स्थापना वि. सं. २०१७ सालमा भएको रहेछ । एक त ३ वर्षको टुहुरो अर्को त त्यस समयको राणाकालीन समय अनि त्यस समयको दुर्गम क्षेत्र काभ्रेमा शिक्षाको अवसरबाट स्कुल जाने पढ्नेलेख्ने अवसर मेरा बुबाले पाउनुभएनछ। नेपालमा प्रजातन्त्र स्थापना हुनुभन्दा अगाडि त्यस समयमा वि. सं. २००७ सालभन्दा अगाडि नेपालका गाउँमा सर्वसाधारणले पढ्ने स्कुल पनि खुलेका रहेनछन् । त्यस समयमा जन्मे हुर्केका मेरा बुबाआमा पनि औपचारिक शिक्षाबाट वञ्चित बन्नुभएछ । बुबाले पछि छिमेकी अभिभावकसँग तथा प्रौढ शिक्षा पढेर सामान्य पढलेख गर्न सक्ने तथा आफ्नो नाम लेख्न सक्ने र धार्मिक तथा सामान्य किताबहरू पढ्न सक्ने हुनुभयो । वि. सं. २००७ सालमा नेपालमा निरङ्कुश

राणाशासन समाप्त भई प्रजातन्त्र स्थापना भए तापनि सर्वसाधारण नेपालीका लागि शिक्षा तथा रोजगारीको अवसर नेपालमा थिएन । रोजगारीको उचित अवसर नभएको कारणले गर्दा मेरो बुबा वि. सं. २०१७ सालमा भारतको पूर्वी राज्य आसाममा जानुभएछ ।

त्यस समयमा ब्रिटिश शासन कालको भारतीय राजधानी कलकत्ता आसपासमा नेपालको दाँजोमा केही विकास भएको र रोगारी पनि पाइने कारणले गर्दा वि. सं. २००७ सालमा प्रजातन्त्र स्थापना भएपछि नेपालीहरू पूर्वी भारत जाने क्रम बढ्दै गयो । कोही सामान्य सरकारी सेवादेखि धेरैले भारतको आसाम, गुहाटी, नागाल्याण्ड, बर्मासम्म गएर गाई पाल्ने, दुध, घ्यू बेच्ने, मकै खेती गर्ने र बेच्ने तथा कृषि कार्य गरी सुखको खोजीमा जीवनका धेरै घुम्तीहरू र बाटोको यात्रा हाम्रा नेपाली अग्रजहरूले पनि गर्नुभएछ । त्यसमध्येमा मेरा बुबाले पनि भारतको पूर्वी राज्य आसाम र नागल्यान्डमा मकै खेती गरी ८-९ वर्ष भारतको पूर्वी राज्य आसाम, (नागाल्याण्ड) डिम्मापुर बस्नुभएछ । त्यस समय नेपालको तराइ तथा भारतको समथर मधेश क्षेत्रमा औलो ज्वरोको ज्यादै ठूलो महामारी हुँदो रहेछ । विशेष गरी गर्मी समयमा जीवन जोगाउन साह्रै कठिन पर्ने त्यस बेलाको समय रहेछ । पछि शिक्षा विज्ञान-प्रविधिको विकाससँगै धेरै रोगको औषधि मेडिकल विज्ञानका विशेषज्ञले आविष्कार तथा उत्पादन गरेपछि मानिसको जीवनस्तर सहज बन्दै गयो ।

मेरा एक मात्र मामा प्रेमप्रसाद ढुङ्गेल पनि रोजगारी तथा जीवनस्तर उकास्नका लागि भारतको आसाम डिम्मापुरमा औलो रोग लागेर नेपालबाट जानुभएको ६ महिनामै बित्नुभएछ । यसरी कैयौँ नेपालीहरू त्यस समयमा औलो रोग लागेर नेपाल तथा विदेशी भूमिमा अल्पायुमै बित्नुभयो । यसरी मेरा एक मात्र मामा भारतमा बित्नुभएपछि जीवनको उत्तरार्धमा मेरा मामाघरका हजुरबुबा हजुरआमाले दुःखमा जीवन बिताउनुपर्‍यो । त्यस समयमा हामी नातिहरू सानै उमेरमा आफ्नो जीवनयात्राको सङ्घर्षमा यात्रा गरिरहेको कारणले गर्दा १५-१६ वर्षको सानै उमेरको जीवनयात्रा

चलिरहेकाले गर्दा मैले पनि मामाघरको हजुरबुबा हजुरआमालाई आफ्ना सन्ततिले गर्नुपर्ने कर्तव्य पूरा गर्न नसकेकोमा आज पनि बेलाबेलामा मलाई दुःख लाग्दछ । हाम्रा हजुरबुबा, जिज्यू, बराज्यूले दैनिक भान्छामा प्रयोग हुने, नुन लिनका लागि १५-१६ दिनको पैदल यात्रा गरेर चीनको तीब्बतको भोटमा गएर चामल, खुर्सानी दिएर नुन ल्याउने गरेर जीवनस्तर चलाउनुभयो ।

रोजगारी, घरगृहस्थी र जिविका सञ्चालनका लागि महाकवि लक्ष्मीप्रसाद देवकोटाको चर्चित खण्डकाव्य मुनामदनको मदन साहुको ऋण तिर्न र आमाको सपना पूरा गर्न भविष्यको सुखका लागि तिब्बत गएको मार्मिक कथासँग मेला खाने नेपालीहरूको जीवनस्तरको कथा आज पनि शिक्षित जनशक्ति जापान, युरोप, अमेरिकामा रोजगारी र सुखद भविष्यको खोजीमा पलायन भइरहेका छन् । अर्धदक्ष श्रमिकहरू मलेसिया, कतार, दुबई, साउद अरब, कुवेत तथा अफ्रिकालगायतका चर्को तापक्रम भएका देश तथा जीवन जोखिममय भएका देशमा समेत गएर जीवन गुमाइरहेका छन् । विश्वको दोस्रो जलस्रोतको धनी देश नेपाल, विश्वका ८ हजार मिटर माथिका ८ अग्ला हिमाल भएको प्राकृतिक मनोरम सुन्दर विविधताले भरिएको देश नेपाल सगरमाथा, गौतम बुद्ध तथा वीर गोर्खालीको देश नेपालको शासन सत्तामा दूरदर्शी नेतृत्वको कमिले गर्दा आज पनि नेपालीहरू सामान्य रोजगारीदेखि उच्च सुविधा तथा सुरक्षित जीवनशैलीका खोजीका लागि आफ्नो क्षमता अनुसारको रोजगारीका लागि विदेश पलायन तथा आतेजाते चलिरहेको छ । जलस्रोत, जमिन, जडिबुटीको उचित उपयोग र कृषिमा देशलाई आत्मनिर्भर बनाई, वनस्पति तथा काष्ठ र कृषि उपज विदेशमा निर्यात गरेर तथा नेपालका प्राकृतिक स्रोतको उचित प्रवर्द्धन तथा उपयोग गर्न सकेमा नेपाल पनि युरोपको भुपरिवेष्ठित देश स्वीजरल्यान्डसरह आर्थिक रूपमा सक्षम भई नेपालीहरूको जीवनस्तर पनि समृद्ध र सुखी बनाउन सकिन्छ ।

नेपालमा वि. सं. २००७ सालपछि धेरै राजनीतिक परिवर्तनहरू भए तापनि सामान्य सुधार र सामान्य परिवर्तन बाहेक

ठूलाठूला दीर्घकालीन कार्यक्रमहरू बन्न सकेनन् । निरङ्कुश राणाशासनको दाँजोमा पञ्चायती व्यवस्थाले नेपाली नागरिकहरूलाई धेरै ठूलो राहत र स्वतन्त्रता दियो । पञ्चायती व्यवस्थाले भन्दा बहुदलीय व्यवस्थाले थप राहतहरू त नेपाली नागरिकहरूलाई दियो नै तर अपेक्षाकृत रूपमा दीर्घकालीन प्रभाव पार्न सक्ने ठूलाठूला आर्थिक परिवर्तनहरू नेपालमा हुन सकेका छैनन् । पञ्चायती व्यवस्था समाप्त भई स्थापना भएको बहुदलीय राजतन्त्र तथा गणतन्त्रात्मक शासन व्यवस्थामा पनि शासन व्यवस्था तथा पात्रहरू फेरिए पनि नयाँ शासन व्यवस्थाका पात्रहरूको प्रवृतिमा खासै ठूलो सुधार आउन नसकेको कारणले गर्दा अपेक्षाकृत रूपमा सहिद र देशभक्त नागरिकहरूको सपना नेपालमा आज पनि पूरा हुन सकेका छैनन् । राणाशासनको दाँजोमा आज पञ्चायती तथा बहुदलीय व्यवस्थामा धेरै सुधार तथा विकासका कार्यहरू भएर सर्वसाधारण नेपालीहरू धेरै राहत पाए तापनि नेपालमा दूरदर्शी राजनेताहरूको अभावको कारणले गर्दा सम्पूर्ण रूपमा श्रमजिवी तथा तल्लो तहका नागरिकहरूको जीवनस्तर राम्रोसँग आज पनि माथि उठ्न सकेको छैन ।

नेपालमा राजनीतिलाई पेशा व्यावसायका रूपमा प्रयोग गरी सत्ता र शक्तिमा पुगेर आफ्ना ५-७ पुस्तालाई पुग्ने सम्पति कसरी कमाउने भन्ने दरिद्र सोच भएका ९९% व्यापारिक राजनीतिक मनस्थितिका नेतृत्व तहको कारणले गर्दा नै नेपाल देशको आर्थिक अवस्था कमजोर भई ८०% श्रमजीवी जनताहरू आज पनि सामान्य जीवनस्तर निर्वाह गर्न पनि धौधौ पर्ने अवस्थामा छन् । राजनीतिलाई व्यापार होइन, देश र जनताको सेवा भन्ने भावनाका साथ दूरदर्शी तथा अग्रगामी किसिमले दूरदर्शी भावना र योजनाको साथ शासन सत्तामा नेतृत्व तहले काम गर्न नसकेको कारणले गर्दा हामी नेपाली प्राकृतिक साधन स्रोतले सम्पन्न भएर पनि आजसम्म पनि अल्पविकसित तथा गरिब देशको सूचीमा रहिरहेका छौं ।

जुत्ताचप्पलको चलन नै नभएको समयमा खाली खुट्टाले जिज्यू, हजुरबुबा, हजुरबुबाको समयमा भोटको नुन तथा कपडा लिन जाने

आउने १६-१७ दिनको यात्रा, त्यस समयमा कतिपय नेपालको भू-भागबाट भोट, तिब्बत जान आउन १ महिनासम्म पनि यात्रा गर्नुपर्दो रहेछ । मेरो बुबाले समेत १४ वर्षको उमेरमा वि. सं. २००९ सालमा काभ्रेको धुसेनी शिवालय गा.वि.स.को आफ्नो निवासबाट करिब २०० किसिमको पैदल यात्रा आतेजाते गरी काभ्रेको बनेपा तथा भक्तपुरसम्म त्यस समयको कृषि उपज बेच्न तथा आवश्यक घरायसी सामग्रीहरू, नुनमसला, कपडा तथा अन्य सामानहरू ल्याउन लैजान डोकोमा नाम्लोको सहायताले भारी बोकेर कठिन यात्रा गर्नुभएछ । मैले पनि ४-५ पटक वि. सं. २०४६ सालदेखि २०५० सालसम्म मेरो जन्मस्थान काभ्रेको धुसेनी शिवालय गा.वि.स.बाट काभ्रेकै अरनिको राजमार्गमा जोडिएको दोलालघाट बजारसम्म डोको नाम्लोको सहायताले कृषि तथा घरायसी सामग्रीहरू ओसारपसार गरेको हिजो भर्खरैजसो मेरो दिमागमा ती दु:खहरू आज पनि ताजै छन् । धन्न म अलि पछि जन्मिएर बाजे बराज्यूको जस्तो कठिन १६-१७ दिनको पैदल यात्रा भोट तीब्बत जानुपरेन । बुबाको जस्तो मैले कठिन ५-६ दिनको पैदल यात्रा भक्तपुर आउनुपरेन । बाबुबाजेको तुलनामा आज हामीले यस्तो कठिन यात्रा गर्नुनपर्ने भएकाले भाग्यमानी तथा स्वर्णिम युगको मानिस हामीले हामीलाई सम्झनुपर्दछ ।

वि. सं. २०४६ सालको राजनीतिक परिवर्तनपछि स्थापना भएको बहुदलीय लोकतान्त्रिक सरकारले गरेका केही विकासको कामले गर्दा नेपालको धेरै गाउँमा कच्ची मोटरबाटो पुगेपछि मात्र हाम्रो गाउँमा करिब ४ घन्टाको पैदल यात्रापछि हामीले वि. सं. २०५२ सालदेखि आफ्नै गाउँमा ४ घन्टाको आतेजाते यात्रापछि आफ्ना कृषि सामग्रीहरू बेच्न तथा आवश्यक सामानहरू किन्न सक्ने अवस्था आएको हो । काभ्रेको पूर्वी भाग हाम्रो गाउँमा काठमाडौँबाट सिधै बसमा यात्रा गर्न भने हामीले काभ्रेको दोलालघाटको भोटेकोशीमा पक्की पुल बनेर सञ्चालनमा आएपछि वि. सं. २०६३ सालदेखि पाएका छौँ । वि. सं. २०५२ सालमा सानासाना जीप ट्याक्टर चल्ने हाम्रो काभ्रे कोशिपारीको कच्ची सडक पहिलो चरणमा

दोलालघाटबाट सल्लेडाँडो, चौबास, छेडा, ढाडखर्क भञ्ज्याङ, चौंरीदेउराली, मादन, कुडारीसम्म सञ्चालन भएको सडक आज ३ वटा प्रमुख र गाउँ गाउँमा सहायक बाटोसमेत बिस्तार भई दोलालघाट, फलाँटे, जामुने, ढाडखर्क भञ्ज्याङ, चौरी पोखरीसम्म वि. सं. २०७७ साल फागुन महिनामा कालोपत्रे (पिच) भएर यात्रा थप सहज भएको छ । अरू प्रमुख बाटो पनि क्रमश पीच हुने क्रममा अगाडि बढिरहेका छन् । पहाडी भुगोल तथा कच्ची मोटरबाटो पुराना सवारी साधन क्षमताभन्दा २-३ गुणा बढी समान र यात्रु राखेर यात्रा गराउने नेपालको जोखिमपूर्ण र लापरवाहीको कारणले गर्दा नेपालका कच्ची तथा पक्की सडकहरूमा समेत साना तथा ठूला घटना तथा दुर्घटना भइरहेका छन् ।

यसै सिलसिलामा वि. सं. २०७३ श्रावण ३१ गते काभ्रे जिल्लाको हाम्रो कोशिपारी रूटमा चल्ने काठमाडौं-बनेपा-दोलालघाट-फलाटे खहरेखोला, चिसापानी, देउराली, मादन कुडारीको रूटमा चल्ने मिनिबस कच्ची सडक तथा ओभर लोडको कारण काभ्रेको कोशीपारी खहरे खोला भन्ने ठाउँमा दुर्घटना भई बस सडकबाट २०० मिटर तल पाखोमा खस्दा २७ जना यात्रुको दुःखद निधन भयो भने धेरै यात्रु गम्भीर घाइते पनि भए । यो बस काठमाडौंबाट दोलालघाट, फलाटे, खहरेखोला, कात्तिके देउराली हुँदै मादन कुडारी काभ्रेको रूटमा यात्रीहरू लिएर गइरहेको थियो । यो दुर्घटनाको मार्मिक भिडियो गीत काभ्रे कोशीपारी सुँगुरेका कलाकार राजु घतानीले रचना, स्वर, सङ्गीत दिएर वरिष्ठ कलाकार सुरविर पण्डितले अभिनय गर्नुभएको छायाँङ्कनको दुःख घटनाको विरह र मर्मलाई सम्बोधन गर्नुभएको छ । कलाकार राजु घतानीको शब्द तथा स्वरले प्रायः सबै त्यस क्षेत्रका बासिन्दालाई भावुक तथा गम्भीर बनाउँछ । भौतिक संरचना सुरक्षित भएमा मात्र मानिसको जीवनयात्रा पनि सुरक्षित हुन सक्छ । अनि सवारी चालकको अपरिपक्वता तथा लापरवाहीका कारणले गर्दा पनि विश्वमा हजारौं अकल्पनीय दुर्घटना घटना भई लाखौं मानिसले अल्पायुमा जीवन गुमाउनु तथा कठिन अवस्थामा बाँच्नुपरेको छ ।

हिजो मानिसहरू नेपालको एउटा ठाउबाट अर्को ठाउँमा पुग्नुसमेत पूर्व मेचीबाट पश्चिम महाकालीसम्म पुगेर फर्कन तथा नेपाल एकीकरणको समयमा पूर्वमा टिष्टा बर्मादेखि पश्चिम देहरादून पञ्जावसम्म ३ महिनादेखि ६ महिनाको आतेजाते पैदल यात्रा गरेरसमेत सुरक्षित आ-आफ्नो घर ठाउँ देशमा आइपुग्थे, तर आज २४ घन्टामा पृथ्वीको एउटा कुनाबाट अर्को कुनामा पुग्न सक्ने हवाइजहाज तथा सवारी साधनले मानिसको जीवनयात्रा तथा जीवनयापन सहज भएको छ । यस्ता कच्ची तथा पक्की बाटोको यात्रा तथा हवाइ यातायातले मानिसको जीवनस्तर सहज बनाए तापनि बेलाबेलामा भइरहेका अकल्पनीय घटना तथा दुर्घटनाहरूले भने समय समयमा विश्वका सबै देशहरूमा मानिसहरूलाई ठूलो पिडा तथा चोट दिइरहेको छ ।

तत्कालीन समयमा नेपालमा रोजगारीको अवसर नपाएको कारणले तथा मार्गनिर्देशन गर्ने संरक्षक नभएको कारणले गर्दा विशेष गरी भारतमा सामान्य श्रम तथा कृषि उपज उत्पादन गरी आफ्नो जीवनस्तर उकासेर सन्ततिको भविष्य सुनौलो पार्ने सपनाका साथ कैयौँ नेपालीहरू भारतको आसाम नागाल्याण्ड, डिम्मापुर बर्मासम्म पुगेका थिए । त्यसै सिलसिलामा मेरो बुबा पनि वि. सं. २०१८ सालदेखि वि. सं. २०२७ सालसम्म भारतको नागल्यान्डको डिम्मापुर भन्ने ठाउँमा बसेर मकै खेती गरी २-३ वर्षमा १ पटक नेपाल घरमा आएर करिब २-३ चरण ओहोरदोहोर गरेको कुरा मलाई बुबाले भन्नुभएको थियो । पुराना आदिवासीहरूको रहनसहन संस्कृति भएको नागाल्याण्ड फरक सामाजिक संस्कार र अर्को त नेपालीहरूलाई औलो रोगको कारण जोखिममय रहेछ ।

त्यस समय नेपालमा कृषि उपजको काम गरेर कृषि उपज बिक्री नहुने तर भारतको आसाम, डिम्मापुरमा चाहिँ कृषि उपज बिक्री भई आर्थिक सङ्कलन गर्न सकिने भएकाले धेरै नेपालीहरू कृषि, मजदुरी कार्यका लागि विशेष गरी त्यस समय ब्रिटिश समयकालीन राजधानी भारतको कलकत्तादेखि बर्मासम्म सुखको खोजी र सुनौलो भविष्यका लागि आउने जाने गरेका रहेछन् । कतिपय उतै स्थायी

रूपमै बसे भने कतिपय आफ्नै मातृभूमिमा आफन्त र परिवारको मायाले नेपाल फर्किएँ । त्यसै क्रममा मेरो बुबा पनि करिब ८-९ वर्ष बसेर आफ्नै घर गृहस्थीमा फर्कनुभयो ।

अहिलेको जस्तो शिक्षा विकास र प्रविधिको सुविधा त्यस समयमा नभएको कारणले गर्दा त्यस समयमा अलिअलि कमाएर बचाएको रकम साथमा राख्न तथा नेपाल ल्याउन अत्यन्तै जोखिम रहेछ । बस र रेलको यात्रामा अत्यधिक रूपमा पाकेटमारा, डाकाको बिगबिगी तथा चुनौती भएको कुरा त्यस समय आसाम, नागाल्याण्ड, डिम्मापुर बसेर आउने हाम्रा अग्रजहरूले हामीलाई सुनाउनुहुन्थ्यो । अहिले विश्वमा मानिसले कमाएको पैसा ५ देखि १५ मिनेटमा विश्वभरि पठाउन पाउन सकिन्छ । हिजो चाँदी र तामाको सिक्का भारी बोकेर व्यापारमा हिँड्नुपर्ने समयबाट आज हामी अनलाइन भुक्तानी (विद्युतीय भुक्तानीको) समयमा यात्रा गर्न पाउँदा हामीले हामीलाई भाग्यमानी ठान्नुपर्दछ । ओखल, जाँतो हुँदै घट्ट गएर खाद्यान्न पिसानी गर्ने समयबाट आज हामी टोलटोल, घरघरमा खुलेका सानादेखि ठूलासम्मको मिलहरूमा खाद्यान्न पिसानी कुटानी गर्न सक्छौँ । यो सबै क्रमशः शिक्षा विकास र प्रविधिको विकासले गर्दा नै सम्भव भएको हो ।

समय अनुसारको विभिन्न जीवनका दुःखसुख उकाली ओरालीको यात्रा गर्दै पञ्चायती व्यवस्थाको सुरुवातसँगै वि. सं. २००७ सालको प्रजातन्त्रको जगमा खुलेका स्कुलहरूमा सर्वसाधारण नेपालीहरूले पढ्ने अवसर पाएका थिए । यसै क्रममा हाम्रो गाउँ धुसेनी शिवालयमा वि. सं. २०१७ सालमा त्यस समयका समाजसेवी हजुरबुबाहरू होमनाथ गौतम, पदमलाल गौतम, चन्द्रमणि गौतमलगायतको प्रमुख पहलमा खुलेको स्कुलले त्यस समयमा हाम्रा अग्रज दाजुहरूले पढ्ने, लेख्ने मौका पाउनुभयो । त्यस समयमा पढ्ने लेख्ने उमेर घर्किसकेको कारणले औपचारिक शिक्षा प्राप्त गर्न नसक्नुभएको मेरो बुबा आमाले हामी छोराछोरीलाई हरेक दुःखकष्ट गरेर भएपनि प्रा.वि., नि. मा. वि. सम्मको शिक्षा आफ्नै गाउँमा र माध्यमिक तहको शिक्षा दैनिक ४ घन्टा आतेजाते गर्नुपर्ने श्री प्रभा

मा. वि. कात्तिके देउरालीबाट मैले माध्यमिक तहको शिक्षाको अध्ययन पूरा गरेको थिए । त्यस समयमा उच्च शिक्षाको अवसर अहिलेजस्तो काभ्रे कोशीपारी क्याम्पस सञ्चालन नभएको कारणले गर्दा मैले प्रविणता प्रमाणपत्र तह र स्नातक तहको अध्ययन काठमाडौँमा आएर सम्पन्न गर्नुपरेको थियो ।

मभन्दा अगाडि जन्मनुभएका मेरो आमाबुबाको पहिलो सन्तान मेरो दाजु जन्मिएको ५ दिनमै बितेको हुनाले मलाई मेरो घरमा आमाले बोलाउने नाम भिमसेन राख्नुभएछ । धार्मिक ग्रन्थ महाभारतमा पाँच पाण्डवका छोरा भीमसेन निकै बलिया थिए भन्ने सुनेर भिमसेनजस्तै बलियो र शक्तिशाली छोरा बनोस् भनेर आमाले मेरो घरमा बोलाउने नाम भीमसेन राखिदिनुभएछ । आज पनि मलाई मेरा पुराना छिमेकीहरूले यदाकदा भीमसेन भनेर बोलाउँछन् । म जन्मेको ११ औँ दिनमा मेरो न्वारान गर्न पण्डितजीले मेरो राशि अनुसार जुरेको नाम भेषप्रसाद राखिदिनुभएछ । स्कुलमा मलाई ६ वर्षको उमेरमा पढाइका लागि भर्ना गर्दा कक्षा १ मा सुरु भर्ना गर्दा मेरा आदरणीय सर (काका) रुद्रप्रसाद गौतमले मेरो नाम बेदप्रसाद राख्दा राम्रो हुन्छ भनी मेरो नाम त्यस समयको हाम्रो गाउँको शिवालय मन्दिर रहेको ठाउँको श्री ग्रामीण विकास प्रा.वि.मा कक्षा १ मा मलाई बुबाले पढाइका लागि भर्ना गर्दा मेरो नाम रुद्र काकाको सल्लाह अनुसार वेदप्रसाद गौतम विधिवत रूपमा दर्ता भई त्यही नामले मेरो औपचारिक चिनारी तथा नेपाली नागरिकताको प्रमाणपत्र मैले पाएको छु ।

काभ्रे जिल्लाको कोशीपूर्व रहेको धुसेनी शिवालय गा.वि.स.को बीचमा रहेको भगवान् शिवको मन्दिर शिवालयको नाम धुसेनी गाउँसँग जोडेर यस गाउँको नाम धुसेनी शिवालय भनेर राखिएको रहेछ । यस गाउँको स्कुलभन्दा माथि बीचमा १००% तामाङ बस्तीको बाहुल्यता रहेको छ भने गाउँको सिरान छेडा भन्ने ठाउँमा चाहिँ ब्राह्मण समुदायको बस्ती रहेको छ । अहिले छेडा डाँडोमा यातायातको ओहोरदोहोरको मुख्य बाटो चौबास जाने ठाउँ भएकाले छेडा डाँडोमा समावेशी बजारको बस्ती विकास भएको छ । छेडा

डाँडोमै त्यस क्षेत्रको प्रतिष्ठित सरस्वती माध्यमिक विद्यालयत तथा उच्च माध्यमिक शिक्षा अध्ययन गर्न प्लस टुको पढाइ पनि हुने गरेको छ । छेडा डाँडोबाट पश्चिमपट्टि फर्केर हेर्दा काभ्रेको सदरमुकाम धुलिखेल तथा फुलचोकीको टावर डाँडो देख्न सकिन्छ । छेडा डाँडोबाट देब्रेपट्टि चापको बोटको भञ्ज्याङ पर्दछ । चापाकोबोट डाँडाबाट अलिपर सलम्बु डाँडोमा गएर उत्तरपूर्वमा फर्केर हेर्दा दोलखा जिल्लाको गौरीशङ्कर पवित्र हिमाल देख्न सकिन्छ । धुसेनी शिवालयको पूर्वमा रामेछाप जिल्लाको शैलुङ महादेव तथा लखनपुर, रिष्ठे, गुराँसेदेवी थान, गुन्सी भदौरे, बेथान पर्दछ भने पश्चिममा छेडा, चापाबोट, चौबास, दोलालघाट, पाँचखाल, पलाञ्चोक भगवती, नमोबुद्ध, धुलिखेल, बनेपा पर्दछ । उत्तरमा सिन्धुपाल्चोकको बाह्रबिसे, तातोपानी तथा दोलखा जिल्लामा अवस्थित गौरीशङ्कर पवित्र हिमाल र कालिञ्चोक भगवती स्थान पर्दछ । दक्षिणपट्टि पोखरीचौंरी, कात्तिके देउराली, मादन कुडाँरी, दोभानटार, सिन्धुली जिल्ला तथा सुनकोशी, कानपुर, तेमाल, पर्दछ ।

वि. सं. २०७३ सालमा नेपाल सरकारले स्थानीय तह पुनः संरचना गरेपछि काभ्रेको कोशिपारी तत्कालीन १७ गा.वि.स.लाई २ वटा गाउँपालिकामा विभाजन गरिएको छ । दोलालघाटदेखि चौबास सम्मका ८ गा.वि.स.लाई भुम्लु गाउँपालिका नाम दिइएको छ भने पूर्वपट्टिको हाम्रो धुसेनी शिवालय रहेको ९ गा. वि. स. लाई चौंरीदेउराली गाउँपालिकाको नाम दिइएको छ । चौंरीदेउराली गाउँपालिकाको प्रमुख गाउँपालिकाको कार्यालय धुसेनी शिवालय सँगै जोडिएको पोखरी चौंरीको सङ्गमस्थल ढाडखर्क भञ्ज्याङमा स्थापना भई कार्य सञ्चालन हुँदै आएको छ । पोखरी चौंरीको बीच सिरानमा सबैभन्दा माथि काजिको थुम्को भन्ने ठाउँमा चौंरी देउराली गाउँपालिकाको योजना अनुसार काजीको थुम्का भ्यू टावर निर्माण सम्पन्न भई सञ्चालनमा आएको छ । काजीको थुम्का भ्यू टावरबाट काभ्रेको सदरमुकाम धुलिखेल तथा फुलचोकी टावरको डाँडो र मौसम खुलेको समयमा उत्तरपूर्वमा गौरीशङ्कर हिमाल प्रष्ट देख्न सकिन्छ । यसै गरी भुम्लु गाउँपालिकाको सबैभन्दा माथिल्लो भाग

चौबासबाट पनि मौसम खुलेको समयमा पश्चिममा धुलिखेल तथा फुलचोकी टावर डाँडो र उत्तरपूर्वमा गौरीशङ्कर हिमाल प्रष्ट देख्न सकिन्छ ।

वि. सं. २०१० सालमा प्रथम सगरमाथा आरोही न्युजील्याण्डका एडमण्ड हिलारी र नेपालका तेन्जिङ नार्गे शेर्पाको टोली काठमाडौं, धुलिखेल, दोलालघाट हुँदै चौबास भन्ने ठाउँमा एक रात बास बसि क्रमशः लिसंखु, मुडे, चरिकोट, जिरी हुँदै विश्वको सर्वोच्च शिखर सगरमाथा प्रथम पटक सफल आरोहण गरेका थिए । अघि इलाम, झापा, धनकुटा, भोजपुरलगायत पूर्वी पहाडी क्षेत्रका मानिसहरू यही बाटो ओहोरदोहोर गर्ने तथा त्यहाँ पुगेपछि चारैतिरका मानिसहरू त्यहाँ बास बस्ने गरेकाले त्यस ठाउँको नाम चौबास रहन गएको रहेछ ।

मेरो प्राथमिक तहको अध्ययनको शिक्षा आफ्नै गाउँको श्री ग्रामीण विकास नि. मा. वि.मा कक्षा १ बाट सुरु भएको हो । नेपालमा वि. सं. २००७ सालमा स्थापना भएको प्रजातन्त्रको जगमा क्रमश स्कुलहरू स्थापना भएपछि वि. सं. २०१७ सालमा पञ्चायती व्यवस्थाको सुरुवातसँगै स्थापना भएको हाम्रो गाउँको श्री ग्रामीण विकास नि. मा. वि. सायद त्यस समयमा हाम्रो गाउँमा स्थापना नभएको भए मैले पनि शिक्षाको उज्यालो घामको न्यानो प्रकाश पाउने थिइन । यो सबै वि. सं. २००७ सालको प्रजातन्त्र स्थापना तथा निरङ्कुश राणाशासन ढलेर नै सम्भव भएको हो । मैले गाउँको श्री ग्रामीण विकास निम्न माध्यमिक विद्यालयमा कक्षा ७ सम्मको अध्ययन सकेपछि वि. सं. २०४३ साल माघमा तत्कालीन समयको हाम्रो गाउँको दक्षिणपट्टि रहेको कात्तिके देउराली गाउँमा दैनिक ४ घन्टा हिँडेर आतेजाते गरेर कक्षा ८ देखि कक्षा १० सम्मको माध्यमिक तहको पढाइ श्री प्रभा मा. वि. बाट सम्पन्न गरेको हो । घरमा परिवारको जेठो सन्तान म आफैँ भएकाले आमाबुबा निरक्षर भएकाले मलाई घरमा पढ्न सिकाउने तथा निरीक्षण गर्ने कोही पनि थिएनन् । त्यस समयमा अहिलेका हाम्रा सन्ततिहरूलाई जस्तो घरमा सिकाउने तथा पढाइको निरीक्षण गर्ने कोही पनि थिएनन् ।

मेरो पढाइ पनि मध्यम स्तरको थियो । मैले एसएलसी पहिलो पटकमै सेकेन्ड डिभिजनमा पास गरेको थिएँ । मैले एसएलसी पास गर्दा हाम्रो गाँउभरिमा जम्मा १५-१६ जना मात्र एसएलसी परिक्षा पास गर्नेमा म पनि पर्दथेँ । त्यस समयमा सामाजिक चेतनाको कमी तथा माध्यमिक विद्यालय टाढाटाढा भएको कारणले गर्दा धेरैले प्रा.वि., नि. मा. वि. बाट आफ्नो पढाइ बन्द गर्नुपर्ने अवस्था थियो । एका दुई बाहेक गाउँका अभिभावकले आफ्ना सन्तानलाई शहर तथा सदरमुकामतिर लगेर पढाउन आर्थिक कारणले गर्दा सक्दैनथे । त्यस समयमा पल्लो गाउँमा दैनिक ४ घन्टाको पैदल यात्रामा माध्यमिक शिक्षा अध्ययन गर्न पाउनु भनेको ठूलो भाग्यमानी हुन जस्तो थियो । अझ सामाजिक चेतना तथा सुरक्षाको कारणले गर्दा छोरीलाई त झन् गाउँको प्रा.वि. स्कुलमा समेत पढ्न पठाउने चलन थिएन । छोरी अर्काको घरमा जाने जातलाई पढाउनुपर्दैन, लगानी मात्र खेर जान्छ भन्ने सङ्कीर्ण सोचाइ त्यस समयका ९९% गाउँका मानिसको धारणा थियो । **शिक्षित छोरी=शिक्षित बुहारी, शिक्षित बुहारी=शिक्षित आमा, शिक्षित आमा=शिक्षित समाज** भन्ने बुझाइ त्यस समयका मानिसहरूमा चेतना भइसकेको थिएन ।

हामीले प्रा.वि. तथा नि. मा. विद्यालय पढ्दा घरबाटै परालको चकटी बोकेर लैजानुपर्थ्यो । अहिलेको जस्तो सफा डेक्स, बेन्च पनि व्यवथा थिएन । स्कुलमा भुईमा गोबर र माटोले लिपपोत गर्नुपर्थ्यो । हामीले नि. मा. वि. सम्मको अध्ययन गर्दा २-३ प्रतिशतभन्दा बढी विद्यार्थीको गोडामा जुत्ता-चप्पल हुँदैनथ्यो । मैले पनि कक्षा ५ मा पुगेपछि मात्र जुत्ताचप्पल लगाएको थिए । त्यस समय विद्यार्थीको त कुरै छोडौँ शिक्षकले समेत खाजा खाने चलन थिएन । घरको भात ढिँडोको भरमा अध्ययनको दैनिकी चलेको थियो । जे होस् गाउँको भात, ढिँडो, रोटी, तरकारी, दुधदही, महिको शक्तिले दिउँसोको खाजाका लागि राम्रो काम गर्दथ्यो । धेरैजसो विद्यार्थीहरूले कक्षा ८ मा पुगेपछि मात्र सामान्य जुत्ता-चप्पल लगाउन पाउँथे । अहिलेको बजारमा पाइने वि. सं. २०८१ सालको जस्तो रु. १५० देखि रु.

२५० मा पाइने बलिया को म्याजिक चप्पल त्यो समयमा हामीले पाएको भएमा हामी अहिले निजी कारमा यात्रा गरे सरह अनुभव गर्थ्यौं होला । हात्ती छाप नाम गरेको तुने चप्पलको भरमा स्कुलको यात्रा ९५% विद्यार्थीको चलेको थियो । जतनले हिँड्दा पनि किनेको १-२ महिनामा चुडिने हात्ती छाप तुने चप्पललाई आलपिनले घोचेर तथा अगाडिको भागमा त कपडको लुन्द्रोको सहायताले यात्रा गर्नु त्यो समयको धेरैको दैनिकी थियो ।

नेपालको ग्रामीण क्षेत्रमा त्यस समयमा आयस्रोतको कमी, कृषि उपज बेचबिखन गर्न टाढा-टाढा बजारमा लैजाँदा ढुवानी, ज्याला पनि नउठने कारणले गर्दा त्यस बेला प्रायः सबैको आम्दानीको स्रोतमा बडो मुश्किलको अवस्था थियो । पशुपालन तथा घ्यू, खसी बोका र वस्तुभाउहरू चाहिँ प्रमुख आम्दानीको स्रोतहरू थिए । टाढाको बजारबाट मल तथा आवश्यक सामान किनेर ल्याउनुपर्ने कारणले गर्दा कृषिमा पनि दुर्गम गाउँघरमा खर्चभन्दा आम्दानी घटी हुने अवस्था थियो । त्यही आम्दानीको स्रोतको कमजोरीको कारणले गर्दा अधिकांश गाउँवासी किसानहरूले आफ्नो घरपरिवार लाई लालन पालन र शिक्षा सञ्चालन गर्न कठिन थियो । हामीले स्कुल विद्यालयमा अध्ययन गर्दा कक्षा ४ देखि नै मासिक फि तिर्नुपर्थ्यो । मैले माध्यमिक शिक्षा अध्ययन गर्दा प्रभा मा. वि. मा. वि. सं. २०४६ सालमा कक्षा १० मा ११५ जना जम्मा विद्यार्थी सङ्ख्यामा जम्मा ९ जना मात्र छात्राहरू थिए ।

यसरी हेर्दा यो अवस्थाले त्यस समयको नारी शिक्षाको अवस्था हामीले थाहा पाउन सकिन्छ । प्रभा मा. वि. त्यस समयमा काभ्रे जिल्लाको प्रतिष्ठित सरकारी सामुदायिक विद्यालयको सूचीमा पर्थ्यो । हिउँदको समयमा सुख्खा मौसमको चिसो समयमा दैनिक ३ घन्टा र वर्षातको चिप्लो र गर्मीको समयमा हामीले गाउँबाट दैनिक ४ घन्टा आतेजाते गरेर माध्यमिक तहको कक्षा ८ देखि १० सम्मको अध्ययन पैदल हिँडेर सम्पन्न गरेका हौं । प्रभा मा. वि.मा अध्ययन गर्न गएपछि मात्र हामीले हातमा चकटी बोक्नुपरेन अलि राम्रो डेक्स बेन्चमा बस्न पाइयो । प्रभा मा.विमा पढाइ राम्रो हुने भएकाले र

नाम चलेको विद्यालय भएको कारणले त्यस समयमा करिब छिमेकी १४-१५ वटा गाउँका विद्यार्थीहरू अध्ययन गर्न प्रभा मा. वि. मा आउँथे । धेरै ठाउँका विद्यार्थीहरूको सङ्गम स्थल भएकाले प्रभा मा. वि. मा विद्यार्थीहरूबीच राम्रो प्रतिस्पर्धा तथा तेजस्वी पढाइ भएका विद्यार्थीको उत्पादन हुन्थ्यो ।

त्यस समयमा प्रभा मा. वि. का शिक्षकहरू पनि अनुभवी तथा योग्य शिक्षक थिए । तीमध्ये त्यस समयका साह्रै तेजस्वी शिक्षक धर्मराज गिरी त्यस समयमा प्रभा मा. वि. मा प्रधानाध्यापक हुनुहुन्थ्यो । उहाँको नेतृत्वमा प्रभा मा. वि. ले ठूलो ख्याति कमाएको थियो । आखिरी उहाँको पनि दिन छोटा रहेछन् । ५० वर्षको उमेरमा वि. सं. २०६२ साल फागुनमा उहाँ पनि अल्पायुमा बित्नुभयो । धर्म सरको शिक्षण विधिले धेरै विद्यार्थीहरूले पछि क्याम्पस तहमा समेत आफ्नो अध्ययन अगाडि बढाउने तरिका सिकेर पढाईमा प्रगति गरेका थिए । आज वि. सं. २०८१ साल साउनसम्म आइपुग्दा हामीलाई माध्यमिक तहमा अध्यापन गराउनुहुने ४-५ जना शिक्षकहरू बितिसक्नुभयो । नेपाली विषयको अध्ययन गराउनुहुने आदरणीय चूडाप्रसाद चौलागाई भने आज पनि ७७ वर्षको उमेरमा स्वस्थ र तन्दुरुस्त भेट्न र बेलाबेलामा गफ गर्न पाउँदा मलाई पनि गौरवको अनुभव हुन्छ । हामीले पढ्दा त्यस समयमा टुकी बत्तीको भरमा पढ्नुपर्थ्यो । अहिलेको जस्तो बिजुलीबत्ती त्यस समयमा थिएन । मट्टितेलबाट बाल्ने टुकी बत्ती स्वास्थ्य र सुरक्षाका लागि अत्यन्तै हानिकारक तथा जोखिम थियो । त्यस समयको सामान्य स्कुलका भवन र अहिलेको पक्की संरचनाको भवन तथा डेक्स बेन्च फर्निचर देख्दा हामीलाई सपना जस्तो लाग्दछ ।

भोट तिब्बतको नूनको यात्रा, भारतको आसममा मकै खेतीको यात्रा तथा हाम्रा बाजे बाराज्यूका सङ्घर्ष कथा, हाम्रो कठीन दैनिकीको कथा, अहिले हामीले हाम्रा छोराछोरीलाई सुनाउँदा उनीहरूलाई यो कुरा एकादेशको कथा हुन्छ । अहिले काठमाडौंका सामुदायिक तथा हाम्रो काभ्रे जिल्लाको सदरमुकाम धुलिखेल र हाम्रो काभ्रेपलाञ्चोक जिल्लाको कोशिपारीमा बनेका विद्यालय भवनहरूको

डिजाइन र मापदण्ड एउटै किसिमका पक्की रड सिमेन्टका भवनहरू बनेका छन् । वि. सं. २०७२ सालको ठूलो विनाशकारी भूकम्पपछि बनेका सरकारी सामुदायिक स्कुलहरूको भवनले गर्दा अबका विद्यार्थीहरूलाई पठनपाठनका लागि सजिलो तथा सुरक्षित बनाएको छ । नयाँ पक्की भवनका साथै राम्रा राम्रा सफा विद्यार्थी बस्ने डेक्स बेन्च तथा शैक्षिक सामग्री सरकारले उपलब्ध गराएर सामुदायिक विद्यालयमा शिक्षाको गुणस्तर उकास्न सरकारले सक्दो पहल गरिरहेको छ ।

नेपालमा अहिले पढाई तथा रोजगारीका लागि उत्कृष्ट अवसर खोज्न नेपालीहरू जापानदेखि अमेरिकासम्म ओहोर दोहोर गर्ने उद्देश्यले नेपालीहरू पनि आफ्ना सन्ततिलाई विभिन्न भाषाका साथै अङ्ग्रेजी भाषाको माध्यमबाट अध्ययन-अध्यापन गराउने प्रतिस्पर्धा चलेको वर्तमान समयमा धेरै अभिभावकले आफ्ना सन्ततिहरूलाई जिल्लाका सदरमुकाम तथा शहरी क्षेत्रमा खुलेका निजी तथा आवासीय विद्यालयमा अङ्ग्रेजी माध्यमबाट पढाइ हुने विद्यालयमा पढाउने प्रतिस्पर्धा चलेको कारणले गर्दा हाल नेपालका ग्रामीण सामुदायिक विद्यालयमा विद्यार्थीको सङ्ख्या घट्दै गएको छ ।

वि. सं. २००७ सालपछि बनेका प्रजातान्त्रिक सरकारले क्रमश शिक्षामा सक्दो लगानी गरिरहेता पनि देशभरिका सामुदायिक तथा निजी विद्यालयमा एउटै किसिमको पाठ्यक्रम लागू गरी सामुदायिक तथा निजी विद्यालयमा एउटै खालको पढाइ सञ्चालन गर्न नसकेको कारणले गर्दा नेपालका ग्रामीण सामुदायिक विद्यालयमा विद्यार्थीको सङ्ख्या घट्दै गएको छ । शहर तथा कतिपय जिल्ला सदरमुकामका सामुदायिक विद्यालयमा आवश्यकता अनुसार अङ्ग्रेजी तथा नेपाली दुबै माध्यमबाट पढाइ भई शिक्षाको गुणस्तर बढ्दै गए तापनि देशका दुर्गम भागमा स्थापना भएका सामुदायिक विद्यालयमा भने अझै पनि शैक्षिक स्तरमा खासै राम्रो किसिमको सुधार हुन सकेको छैन । राज्यले विद्यालयको स्थापना भौतिक संरचनाको निर्माण, शिक्षकको तलब लगायतको शीर्षकमा अरबौ खर्च गरे तापनि देशभरका सामुदायिक तथा निजी विद्यालयमा एउटै किसिमको

पाठ्यक्रम तथा पाठ्यपुस्तक कडाइका साथ लागू नगरेको कारणले गर्दा नेपालमा सामुदायिक विद्यालयको शैक्षिक अवस्था त्यति राम्रो छैन । रोजगारीका लागि विश्वका धेरै देशहरूमा अति आवश्यक अङ्ग्रेजी भाषा अन्तर्राष्ट्रिय भाषा भएकाले हामी नेपालीहरूले पनि आफ्ना नवसन्ततिलाई अङ्ग्रेजी भाषामा अध्यापन गराउनुपर्ने बाध्यताछ । सरकारले पाठ्यक्रममा आवश्यकता अनुसार सुधार गरी सामुदायिक तथा निजी विद्यालयमा एउटै किसिमको अध्यापन पुस्तक तथा योग्य शिक्षकको व्यवस्था गरी नेपालको शैक्षिक अवस्थालाई सुधार गर्नु राज्यको प्रमुख कर्तव्य हो ।

हामीले वि. सं. २०३९ सालमा कक्षा ४ मा पढ्दादेखि कक्षा १० सम्म निरन्तर अध्ययन मासिक शुल्क तिरेर पढेका हौँ । पाठ्यपुस्तक पनि हाम्रो समयमा त्यस बेला हामीले कक्षा ४ देखि नै आफैँ किनेर पढ्नुपर्थ्यो । वि. सं. २०४६ को राजनीतिक परिवर्तनपछि स्थापना भएको बहुदलीय सरकारले एक गाउँ विकास समिति १ माध्यमिक विद्यालयको अवधारणा सुरु गरेपछि प्राय नेपालका सबै गाउँ विकास समितिमा माध्यमिक विद्यालय खुलेपछि मात्र सबै नेपाली विद्यार्थीहरूले आफ्नै गाउँमा १ घन्टाको पैदल यात्राबाट कक्षा १० सम्मको माध्यमिक शिक्षा अध्ययन गर्ने मौका पाएका हुन् । वि. सं. २०४६ सालको बहुदलीय व्यवस्था स्थापना भएपछि मात्र क्रमश माध्यमिक तहको पाठ्यपुस्तक तथा मासिक कक्षा फी निःशुल्क तथा गाउँगाउँमा माध्यमिक तहसम्मको विद्यालय खुलेपछि सबै नागरिकमा शिक्षाको चेतनास्तर वृद्धिसँगै नारीहरूको पनि विद्यालयमा शिक्षा आर्जन गर्ने उपस्थिति बढ्न थाल्यो । नजिकै गाउँ गाउँमा स्कुल खुलेपछि सबै अभिभावकले आफ्ना सबै छोराछोरीहरूलाई विद्यालय पढाउन थाले । वि. सं. २०६० सालको दशकमा आइपुग्दा हाम्रो काभ्रे जिल्लाका प्राय सबै गाउँमा अभिभावकहरू आफ्ना छोरीहरूलाई पनि विद्यालयमा पढ्न पढाउन उत्साहका साथ तयार भई **छोराछोरी शिक्षामा अधिकार सबैको बराबरी** भन्ने सरकारको राष्ट्रिय नारालाई सार्थक बनाएका थिए ।

मेरो विवाह १४ वर्षको उमेरमा कक्षा ९ मा भर्ना भएपछि २०४४ साल माघ १५ गते भएको हो । जन्मकुण्डली बनाउने ज्योतिषीले १४ वर्षभित्रमा विवाह नगरेमा २१ वर्षमा प्रवेश नगरी विवाह गर्न मिल्ने योग छैन भनी मेरो आमाबुबालाई भन्नुभएअनुसार म घरको जेठो सन्तान भएको कारणले तथा त्यस समय घरमा कृषिको समय भएकाले खेतीपातीका लागि क्रमश जनशक्तिको आवश्यकता पर्ने घरायसी कामका लागि गाह्रो पर्छ भन्ने सोचले मेरो विवाह बुबाआमाले १४ वर्षकै उमेरमा छिमेकी गा.वि.स. पोखरीचौंरी गा.वि.स. वडा नं. ३ सुलिकोट निवासी दुर्गाप्रसाद चौलागाई तथा विष्णुमायाँ चौलागाईंकी कान्छी छोरी गीतासँग मेरो वैवाहिक सम्बन्ध कायम भई वि. सं. २०५४ साल श्रावण २९ गते जुम्ल्याहा छोराहरू रामचन्द्र र लक्ष्मणको जन्म भएको हो । हाल अहिलेसम्म मेरा सन्तान यिनै २ छोराहरू मात्र हुन् ।

त्यस समय छोरीलाई विद्यालयमा पढ्न पठाउने समय नभएको कारणले गर्दा मेरो श्रीमती गीताले पनि पछि अनौपचारिक तथा प्रौढ शिक्षा पढेर सामान्य किताबहरू पढ्न सक्ने र सामान्य लेख्न पनि सक्छिन् । यी सबै तत्कालीन समय परिस्थिति अनुसार भएका हाम्रा घरायसी व्यवहारका कथाहरू हुन् ।

मैले माध्यमिक शिक्षा अध्ययन गरेको त्यस समयको काभ्रे कोशिपारीको चर्चित विद्यालय श्री प्रभा माध्यमिक विद्यालय स्थापना गर्न त्यस समयका समाजसेवी कात्तिके देउरालीका कोमलराज गिरीको प्रमुख नेतृत्वमा माधवराज गिरी, मोहनराज गिरी, केशरी प्रसाद चौलागाई, मुक्तिनाथ गौतम, पदमलाल गौतम, होसनराज गिरी, चन्द्र सिंह लामा, कर्णखर गौतम, गौरीशङ्कर गौतम, रामचन्द्र चौलागाईं, देवीप्रसाद कोइराला, हरिप्रसाद कोइराला, होमनाथ गौतम, हवालसिं लामा लगायतको विशेष सक्रियतामा कात्तिके देउरालीको भन्ज्याङमा प्रभा मिडिल विद्यालय स्थापना तथा क्रमश माध्यमिक तहको पढाइ सञ्चालन भएको थियो । सायद कात्तिके देउरालीमा प्रभा मा. वि. त्यस समयमा सञ्चालन नभएको भए मैले पनि माध्यमिक शिक्षा अध्ययन गर्ने मौका पाउँदैनथे, त्यसकारण त्यस

समयमा कात्तिके देउरालीमा माध्यमिक शिक्षा सञ्चालन गर्न पहल गर्नुहुने हाम्रा ती सम्पूर्ण अग्रजहरूलाई धेरै धेरै माया तथा श्रद्धा सुमन अर्पण गर्न चाहन्छु । यदि त्यस समयमा कात्तिके देउरालीमा मा. वि. सञ्चालन नभएको भए आज म पनि आफ्नै गाउँको विद्यालयमा ७ कक्षासम्म अध्ययन गरेको सामान्य अर्धशिक्षित नागरिक भएर बस्न बाध्य हुने थिएँ ।

## घरपरिवारमा आइपरेका केही गम्भीर घटनाहरू:

म कक्षा ९ मा पढ्दा वि. सं. २०४५ साल जेठमा चौंरी खोला पारी पूर्व रामेछाप जिल्लाको गुन्सी भदौरेको शतलिङ्गेश्वर मा. वि. मा हाम्रो प्रभा मा. वि.ले पनि भलिबल प्रतियोगिता भाग लिएकाले म पनि भलिबल हेर्न भनेर घरमा केही नभनिकनै आफ्नै तरिकाले साथीहरूसँग जेठको गर्मी मौसममा शुक्रबारको दिनमा स्कुलबाट चौरी खोला हुँदै गुन्सी भदौरे जाने यात्रामा सम्मिलित भएको थिएँ । गर्मीको मौसममा साथीहरूसँग चौरी खोलाको वेशीमा अमिलो आँप खाँदै चौंरी खोलामा पुगियो । गर्मीका मौसम भएकाले साथीहरू सबै चौंरी खोलाको मुल वेशी भन्ने ठाउँमा पौडी खेल्न थालें । म पनि पौडि खेल्न नजान्ने भए तापनि साथीहरूले पौडी खेलेको देखेर म पनि पौडी खेल्न थाले । सबै पौडिन जान्ने साथीहरू आ-आफ्नै तरिकाले पौडी खेलिरहेका थिए, म पनि पौडी खेल्न ठ्याप्पै नजान्ने मान्छे पनि खोलामा छेउछेउमा डुबुल्की मार्न थाले । खोलाको छेउछेउमा डुबुल्की हल्का मारेर पानीमा हल्का बस्ने उठ्ने गरेपछि अलिअलि केही पर जाँदा म गहिरो पानीको भँगालोमा परेछु र म पानीमा डुबे, पानीमा पौडन नजान्ने भएकाले म आतिएर मेरो जीवनको बाँकी दिन त्यही सकियो जस्तो लाग्यो । म पानीभित्र न बोल्न सक्थे न त पानीबाट बाहिर निस्कन सक्थे, म खोलाको पानीमा फसेको १५-१६ सेकेन्डमा बाहिर निस्कने बल गर्दागर्दै मेरोसँगै पौडी खेलिरहेका हाम्रो पल्लो टोलका रामहरि गौतम (डिलाघरका) एकनाथ गौतमका कान्छा भाइ मसँगै पौडी खेल्दै आइपुग्नुभएछ । म पानीभित्र आतिइरहेको बेलामा मैले रामहरि

दाइको कताकताबाट हात समाउन पुगेछु र रामहरि दाइले पनि मलाई तान्नुभएको कारणले गर्दा म एउटा ठूलो दुर्घटनाबाट बाँच्न सफल भई मैले नयाँ जीवन पाएको महसुस गरेँ । रामहरि दाइ मेरो एउटै कक्षाका सहपाठी पनि हुनुहुन्थ्यो । मैले छोटो समयमा भाग्य संजोगले उद्धार पाएकाले खोलामा पानी खाएर वा डुबेर कुनै सकस भने व्यहोर्नुपरेन ।

वि. सं. २०४५ साल जेठ महिनामा मैले यस अर्थमा एउटा पुनर्जन्म पाएको महिना पनि हो । हामी स्कुलबाट भलिबल खेल हेर्ने दर्शक बनेर जाँदा वास्तवमा आफूखुसी गएको तथा खेलमा लिएर जाने सरहरूले पनि वास्तविक खेलाडीलाई समेत तथा अन्य आफ्ना विद्यार्थीको निगरानी तथा सुरक्षा नगरेको कारणले पनि यो घटना हुनु प्रमुख कारण हो । सायद त्यस दिन म चौरी खोलाको पौडी दुर्घटना परी यो संसारबाट बिदा भएको भए मेरो घरमा ठूलो विपत्ति तथा आज मेरो भाइ नविन गौतमले अमेरिकी नागरिक बनेर तथा परिवारका अरू सदस्यहरूको आजसम्मको सामन्य सुखद जीवनशैली बिताउन पाउने थिएनन । आमाबुबाले देखेको सपना अनुसार मैले गरेका जीवनका धेरै प्रयासबाट मैले भाइ नबिन तथा कान्छी बहिनी प्रमिलालाई स्नातक तहसम्मको अध्ययन गराई आ-आफ्नो जीवनयात्रामा अगाडि बढ्ने बाटो देखाइदिएँ । भाइ नबिनले पनि मलाई उनले गर्नुपर्ने कर्तव्य पूरा गरी एक असल परिवारका सदस्यको भूमिका पूरा गरेकोमा म गौरवान्वित भएको छु ।

मानिसले आफूले नजानेको काम त्यो पनि खोलामा पौडी खेल्ने जोखिम कार्य गर्न नहुने काम गरेर बेलाबेलामा ठाउँठाउँमा अहिले पनि अकल्पनीय घटना भइरहेका छन् । अनुभव तथा तालिम भएकाले आफ्नो क्षमता अनुसारको खोला पोखरीमा मात्र पौडी खेल्नुपर्दछ । मैले भाग्य संयोगले रामहरि दाइको हात समाउन सकेकाले कारणले गर्दा मैले नयाँ जीवन पाउन सफल भएको छु । रामहरि दाइको कारणले म बाँच्न सफल नभएको भए मैले त्यस समयमै दुखद घटनाको समाचार बन्नुपर्थ्यो । साथै घरपरिवारमा सदाका लागि पोखरी चौरी हर्रेका शिक्षक प्रेमप्रसाद गौतम दाई वि.

सं. २०४६ साल असारमा हर्रे चौंरी घरबाट २ किलोमिटरको दूरीमा रहेको पोखरी स्कुल डाँडामा आफ्नै लागि ज्वरोको औषधि लिन जाँदा बेपत्ता भई उनको घरपरिवारमा भएको विजोग जस्तै मेरो घरमा पनि हुने थियो । उचित टिम लिडरले खेल खेलाउन तथा हेर्न जाने विद्यार्थीको उचित निगरानी तथा जिम्मेवारीको अभाव, अनुभव नभएको काममा बलजफ्ती गर्ने मानिसको स्वभावको कारण आज पनि कैयौँ स्कुलका शैक्षिक भ्रमण, पिकनिक तथा धार्मिक यात्रामा कैयौं अकल्पनीय घटनाहरू हुने गरेका छन् । मैले पनि प्रथमतः आफ्नै व्यक्तिगत कमजोरी अनि स्कुलको टोली प्रमुख शिक्षकको निगरानीको अभावको कारणले गर्दा झन्डै यस संसारबाट अल्पायुमा बिदा हुनुपरेन । भाग्यसंजोक तथा रामहरि दाइको साथले गर्दा मैले नयाँ पुनर्जन्म पाएकाले गर्दा नै आज सम्पूर्ण साथी परिवारका सदस्य साथीभाइ तथा गुरुवर्ग र सम्पूर्ण आफन्तलाई मैले मेरो जीवनको यात्राहरूको स्मृतिका पानाहरू पेश गर्न पाएकोमा ईश्वरलाई विशेष धन्यवाद दिन चाहन्छु ।

वि. सं. २०४२ साल असारमा मेरो आमाबुबा चौंरीवेशी पट्टि खेत रोपाइमा गएर बेलुका फर्कने बेलामा दिउँसोदेखि बेलुकीसम्म परेको भिषण वर्षात्को कारणले बेलुका घरमा फर्कने बेलामा डाँडो खेतको सँगै रहेको डाँडोखोला तर्ने क्रममा झन्डै खोलाले बगाएर हाम्रो परिवारमा बिचल्ली परेको थियो । सायद त्यस समयमा आमालाई खोलाले बगाएर अकल्पनीय घटना भएको थियो भने हाम्रो घरपरिवारमा ठूलो विपत्ति आउने थियो । यदि त्यो डाँडो खोला घटनाबाट विपत्तिको सामना गर्नुपरेको भए मैले आज माध्यमिक तथा उच्च शिक्षा अध्ययन गर्ने अवसर पक्कै पनि पाउने थिइन । बुबा अलि सोझो तथा मिहिनेती र बलियो हुनाले कृषि कार्यमा ज्यादै मिहिनेत गर्नुहुन्थ्यो । आमा घरमा अलि चलाख भएको हुनाले घरको व्यावहारिक व्यवस्थापन आमाको तजबिजमा चलेको थियो ।

वि. सं. २०४२ साल असोजमा मेरो बुबा हेटौंडा जानुभएको बेलामा मेरो आमालाई जण्डिस रोगले थला पारी झन्डै झन्डै अकल्पनीय घटना हुन पुगेन । त्यस समयमा हामीलाई हाम्रो माख्लो

टोलकी आफन्त गङ्गादेवी ढकाल (ठुलीआमा) तथा उहाँका श्रीमान् ढकाल ठूला दाइको सहयोग र साथले आमाले पनि पुर्नजन्म पाउनुभएको थियो । घरमा घाँस काटिदिन, भैँसी दोइदिने, मही पार्ने तथा हामीले गर्न नसक्ने काम सबै गङ्गादेवी ढकाल ठुलीआमाले गरिदिनुभई जण्डिसको घरेलु जडिबुटी उपचार गर्नसमेत गङ्गादेवी ठुलीआमाले गरिदिनुभई आमालाई पुर्नजन्म दिनुभएकोमा गङ्गादेवी ठुलीआमाको घरपरिवारको गुण हामीले कहिल्यै बिर्सनु हुँदैन ।

वि. सं. २०४२ साल माघमा मेरो जेठी बहिनी देवकी पनि घरभन्दा अलि तल चौरको पारिपट्टि भिरमा घाँस काट्न गएको बेलामा अमृतेको खोरियो भन्ने भिरको कोप्चे ओडार छेउबाट चिप्लिएर लड्दा करिब २५ मिटर तल खोलामा पुगी बुबाले बोकेर घरमा ल्याई घरमा घरेलु उपचार गरी ठीक भएको थियो । त्यस समय मेरी आमा २ दिन अगाडि मामाघरमा जानुभएको थियो । घटना भएको दिन दिउँसो आमा पनि घरमा आइपुग्नुभयो । त्यस समयमा अहिलेजस्तो यातायातको सुविधा तथा हाम्रो शहरमा आएर उपचार गराउन सक्ने पहुँच नभए तापनि बाहिरी शरीरमा चोटपटक राम्रोसँग लागेको देखिए तापनि अङ्गभङ्ग तथा भित्री चोटपटक नलागी भाग्यले साथ दिएकाले तथा हाम्रो परिवारको भाग्यले साथ दिएकाले मेरी जेठी बहिनी देवकी सकुसल आज पनि जीवनयात्राको सुखद बाटोमा यात्रा गरिरहेका छिन् । बहिनी देवकी तथा हामी सबैको भाग्यले साथ दिएको कारणले गर्दा नै हाम्रो परिवारले फुपु दिदी इन्दिराको जस्तो अवस्थाको सामना गर्नुपरेन । २०५३ साल पौष महिनामा बेलुकीको ७ बजेतिर मेरो भाइ नविन पनि काठमाडौँको बबरमहल मुख्य सडकमा साइकलमा यात्रा गरिरहेको बेलामा लापरवाही तरिकाले चलाएको बाइकले हानेर झन्डै अकल्पनीय घटनाको सामना गर्नुपरेन (सामान्य चोटपटक लागे तापनि ठूलो घटनाबाट बचेका थिए) ।

म पनि वि. सं. २०५६ सालमा आफैँले छापाखाना व्यवसाय सञ्चालन गरेपछि काठमाडौंको बबरमहल, दूरसञ्चार तालिम अगाडि मुख्य सडकबाट नयाँ बानेश्वरतर्फ जाँदै गर्दा सिकारु

व्यक्तिको मोटरसाइकलले मेरो साइकललाई ठक्कर दिएर झन्डै ठूलो घटना हुन गएन । सामान्य चोटपटक लागेर २, ४ दिन साइकलमा हिँडडुल गर्न गाह्रो भए तापनि औषधि उपचारका लागि १५००-१६०० खर्च गरेर मलाई ठिक भयो । वि.स. २०४२ साल चैत महिनामा हामी २ दाजुभाइ तथा दिदिबहिनीलाई रगतमासी आउ परेर सिथिल बनायो । बहिनीहरूलाई ५, ६ दिनमा बिस्तार ठिक हुँदै गए तापनि मेरो भाइ र मलाई रगतमासि आउँले १४-१५ दिनसम्म बेस्सरी दुःख दियो । त्यस समयमा गाउँको हेल्थपोष्टको सामान्य औषधिले बहिनीहरूलाई ठीक भए तापनि भाइ र मलाई २ हप्तासम्म पनि ठीक हुन सकेन । म र भाइ रगतमासि आउँको रोगले एकदम गलिसकेका थियौँ । शहरमा ल्याएर उपचार गर्ने हाम्रो बुबाको सामर्थ्य थिएन ।

त्यही समयमा हाम्रो तल्लो टोलको १३ दिने एउटै कुलभित्रका हरेराम गौतमको दाइ हाम्रो घरमा आइपुग्नुभएछ । हरेराम दाइले हाम्रो स्वास्थ्य अवस्था देखेर उहाँलाई दया लागेछ, अनि मेरी आमालाई भन्नुभएछ - ए काकीआमा ! भाइहरूलाई रगतमासी आउँले साह्रै गालेछ, रगतमासी तथा आउँको औषधि देउराली स्कुल छेउमा पाउँछ । म लिएर आउँछु भनिकन उहाँले आमासँग सल्लाह गर्नुभई मैले मा. वि. स्कुल पढेको ठाउँ कात्तिके देउरालीको स्कुल छेउमा पुगेर क्याप्सुल औषधि लिएर आउनुभयो । त्यो औषधिले हामीलाई ४-५ दिनमा पूर्ण आराम गरेकाले घरपरिवार सबैमा खुसी बढ्दै गयो ।

हरेराम दाइ हाम्रा लागि त्यो समयका एक महान् ईश्वर हुन् । मानिसले मानिसलाई गुण १-२ पटक लगाउन सक्दछ पटक पटक कसैले पनि मानिसलाई गुन लगाउन सक्दैन । यसरी हाम्रो परिवारमा साना ठूला गरी ७-८ वटा घटनाको सामना गर्नुपरे तापनि हामीले ईश्वरको कृपा, आफन्त, इष्टमित्रहरूको साथ सहयोगले बाँच्न सफल भई आजसम्म मलगायत २ बहिनी तथा मेरो एक भाइ पूर्ण स्वस्थताको साथ म पनि करिब आधा शताब्दीको जीवनयात्राको सुनौलो बाटोमा यात्रा गर्दै मेरो अहिलेसम्मको जीवनको मुख्य

जीवनयात्रा विवरण तथा मेरो दृष्टिकोण मेरा आफन्त साथीभाई तथा समाजमा पेश गरिरहेको छु ।

## मेरो उच्च शिक्षा र व्यवसाय :

मैले वि. सं. २०४६ साल माघमा एसएलसी परीक्षा दिएर जाँच सकिएको १ महिनापछि २०४६ साल फागुन अन्तिमतिर म बुबासँग काठमाडौँ आएको थिएँ । काठमाडौँ गएको १ हप्तापछि म मेरा आफन्त पोखरी चौंरी लिसेपानीका बिष्णु चौलागाईं दाइको पत्रिका पसलमा काम गर्न थालेँ । त्यस समयमा बिष्णु दाइ काभ्रे गोठपानी (छेडा मजुवाका) चण्डेश्वरी प्रकाशनका कृष्णप्रसाद गौतम (माइला दाइ) को घर मैतीदेवी काठमाडौँमा लिसेपानी तुसारे चौंरीका शुक्र सापकोटा दाइ सँगसँगै एउटै कोठामा बस्नुहुन्थ्यो । म पनि करिब २ महिना रत्नपार्क रानीपोखरी छेउको गणेश मन्दिरभित्र विष्णु दाइको पत्रिका पसलमा काम गरेर २०४७ जेठको दोस्रो हप्ता आफ्नो घर काभ्रे कोशिपारी धुसेनी शिवालय गएको थिएँ ।

म काठमाडौँ आएको बेलामा वि. सं. २०४६ साल फागुन ७ गतेबाट प्रजातन्त्र पुर्नस्थापना गर्नका लागि सर्वोच्च नेता गणेशमान सिंहको प्रमुख नेतृत्वमा नेपाली काङ्ग्रेस र बामपन्थीको संयुक्त जन आन्दोलन चलिरहेको रहेछ । त्यस समयमा जन आन्दोलनको प्रमुख केन्द्र नै काठमाडौँको रत्नपार्क बागबजार रहेछ । चैत लागेपछि दैनिकजसो रत्नपार्क, बागबजार, पुतलीसडक, भद्रकाली, सहिदगेट, सुन्धारा, वीर अस्पताललगायतका क्षेत्रमा दैनिक जन आन्दोलनकारीहरूको शान्तिपूर्ण निसस्त्र प्रदर्शनहरू चलिरहेका थिए । हाल काठमाडौँको रत्नपार्क, रानीपोखरी छेउको शान्ति वाटिका तथा गणेशमान सिंहको सालिक रहेको स्थानमा रिमझिम बजार नाम गरेको एउटा सानो बजार थियो । त्यही रिमझिम बजारभित्र बिष्णुदाइको पत्रिकाको सानो पसल थियो । अहिले महानगरीय प्रहरी प्रमुख आयुक्तको कार्यालय भएको ठाउँमा त्यस समयमा बागमती अञ्चलाधिशको कार्यालय थियो । त्यस समयमा आन्दोलनकारीलाई मुद्दा लगाउने तथा कारवाही गर्ने सम्पूर्ण कानुनी अधिकार

अञ्चलाधिश कार्यालयलाई रहेछ । अञ्चलाधिश कार्यालयले राजदरबारको विरोधमा समाचार प्रकाशन गर्ने तथा जनआन्दोलनको समर्थन गर्ने पत्रिकाको सुक्ष्म तरिकाले निगरानी गर्दो रहेछ । जनआन्दोलनको समर्थनमा पत्रिकाहरू प्रकाशन तथा बिक्री गर्नु त्यस समयमा वास्तवमा चुनौती पनि रहेछ ।

म भर्खरै गाउँबाट आएको सामान्य सोझो विद्यार्थीले भोलिको उच्च शिक्षाका लागि रोजगारीको आधार बनाउन काठमाडौँ शहर चिन्ने तथा जीविकोपार्जनका लागि बिष्णु दाइसँग बसेर काम गर्न थालेँ । काठमाडौँको रत्नपार्क जन आन्दोलनको प्रमुख केन्द्र भएकाले मैले पनि वि. सं. २०४६ साल चैतमा प्रजातन्त्र पुनः स्थापनाका लागि भएको जनआन्दोलन प्रत्यक्ष देख्ने मौका पाएँ । पसलमा ठाउँठाउँबाट आएका पत्रिकाहरू बाहिर चोक असन, बागबजारसम्म पुगेर बिहान बेलुकी बेच्नु मेरो प्रमुख काम थियो । पञ्चायत विरुद्ध जनआन्दोलन चलिरहेको समयमा पञ्चायत बिरोधी पत्रिकाहरू बेच्न प्रहरी, प्रशासन तथा अञ्चलाधिश कार्यालयबाट गोप्य रूपमा निगरानीका लागि खटिएका कर्मचारीहरूबाट बचेर काम गर्नु पनि वास्तवमा त्यस सयमा ठूलो चुनौती रहेछ । त्यही चुनौतीको बारेमा वास्तवमा बेखबर मैले आफ्नो रोजीरोटीको धर्म पुरा गरी वि. सं. २०४६ सालको जन आन्दोलन प्रत्यक्ष रूपमा देख्न तथा अनुभव गर्न पाएँ ।

मैले एसएलसी जाँच दिएको बेलासम्म हाम्रो काभ्रे जिल्लाको कोशीपारी १७ वटा गाउँ विकास समितिमा जम्मा ३ वटा मात्र माध्यमिक विद्यालय थिए । एउटा हामीले पढेको कात्तिके देउरालीको प्रभा मा. वि., अर्को काभ्रे दोलालघाट नजिकै फलाटे गाउँमा रहेको श्री शारदा मा. वि.र अर्को बिर्ता देउरालीमा पञ्चकन्या माध्यमिक विद्यालय मात्रै थिए । क्याम्पस तहको आइ.ए. तथा अन्य उच्च शिक्षा अध्ययन गर्न बनेपा तथा राजधानी काठमाडौँ नै आउनुपर्थ्यो । आफ्नै जिल्लाको सदरमुकाम धुलिखेल, बनेपामा भन्दा काठमाडौँमा बस्दा रोजगारीका अवसर बढी हुने कारणले गर्दा बुबाआमाले मलाई उच्च शिक्षा अध्ययनका लागि गाउँका अरू दाइहरू जस्तै काठमाडौँमा

आफन्तको संरक्षणमा सानोतिनो काम गर्दै पढ्न तथा भविष्यको सुनौलो यात्राको खोजि गर्न काठमाडौँमा पठाउनुभएको थियो ।

काभ्रे जिल्लाको हाम्रो चौंरीदेउराली गाउँ काठमाडौँबाट जम्मा १०० कि.मि. मात्र टाढा भए तापनि त्यस समयमा दोलालघाटभन्दा पूर्व हाम्रो गाउँमा यातायातको सुविधा थिएन । त्यस समयमा मा. वि. भन्दा माथिको पढाइका लागि धुलिखेल, बनेपा तथा काठमाडौँ नै आउनुपर्थ्यो । वि.सं २०४६ फागुन ७ बाट सुरु भएको संयुक्त जनआन्दोलनको माहोलले काठमाडौ उपत्यकामा अत्यधिक प्रभाव परेपछि तत्काललीन राजा वीरेन्द्र शाहले वि. सं. २०४६ साल चैत २४ गते राति ११ बजे गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई, गिरिजाप्रसाद कोइराला, मनमोहन अधिकारी, शाहना प्रधान, राधाकृष्ण मैनाली, निर्मल लामा लगायतका संयुक्त जन आन्दोलन समितिका मुख्य प्रतिनीधिहरूको मागबमोजिम दलमाथिको प्रतिबन्ध फुकुवा गरी बहुदलीय व्यवस्था स्थापना भएको घोषणा गर्नुभयो । संवैधानिक राजतन्त्र सहितको बहुदलीय व्यवस्था पुनः स्थापना भएपछिका सरकारले एक गाउँ विकास समितिमा कम्तिमा एउटा सामुदायिक मा. वि. स्थापना गर्ने अवधारणाको कार्यक्रम ल्याएपछि मात्र नेपालमा ग्रामीण क्षेत्रमा माध्यमिक तहको शिक्षा आ-आफ्नो गाउँमा नेपालीहरूले पाठ्यपुस्तकसहित निःशुल्क रूपमा पढ्न पाएका हुन् । यसरी २०४६ को राजनीतिक परिवर्तनपछि क्रमश नेपालका गाउँमा उच्च मा. वि. तथा स्नातक तहसम्मको पढाइ सुरु हुन थालेका हुन् । मैले मा. वि. अध्ययन गरेको श्री प्रभा मा. वि.मा वि. सं. २०५५ सालबाट मात्रै उच्च मा. वि. कक्षा १२ सञ्चालनमा आई वि. सं. २०६३ बाट स्नातक तहसम्मको अध्ययन सुरु भएको हो ।

वि. सं. २०४६ साल फागुन चैतको नेपालमा प्रजातान्त्रिक जन आन्दोलनको कारणले गर्दा एसएलसी परीक्षाको रिजल्ट आउन पनि २०४७ सालको श्रावण महिनाको अन्तिमसम्म कुर्नुपरेको थियो । म पहिलो वर्ष नै रेगुलर जाँचमा दोस्रो श्रेणीमा एसएलसी पास भए । करिब २ महिना पत्रिकाको काम गरेपछि म पुनः घरमा गएर खेतीपाती गरेर गाउँमा बसेको थिएँ । जनआन्दोलन सकिएको १

महिनापछि खासै पत्रिकाको बिक्री राम्रो नभएकाले मैले पनि काम छोडेर आफ्नै गाउँतिर लागेँ । वि. सं. २०४७ साल भदौमा एसएलसीको सटिफिकेट प्राप्त भएपछि त्यस वर्षको दशैं तिहारको चाड सकेर म काठमाडौँमा आएर भविष्यमा माध्यमिक तहको एउटा असल शिक्षक बन्ने योजनाका साथ काठमाडौँ आएर आइएड तहको अध्ययनका लागि धुलिखेलका एक नेवारको पसलमा काम गर्दै महाबौद्ध असनमा पसलमा काम गर्न थालेँ । त्यस समयमा काठमाडौँको ताहाचलको महेन्द्र रत्न क्याम्पसमा एजुकेशन सङ्कायको पढाइ हुँदो रहेछ । त्यहाँ गएर मैले आइएड तहको पढाइको सम्बन्धमा बुझ्दा आइएड तहमा दिउँसो मात्र पढाइ हुने भएकाले मैले दिउँसो काम गरेर बिहान वा बेलुकीको पढाइमा मात्र कक्षामा उपस्थित हुने अवस्था भएकाले मलाई अध्ययनको समय उपयुक्त नभएको कारणले गर्दा मैले शिक्षा सङ्काय पढेर एउटा मा. वि. शिक्षक बन्ने योजना बन्द गर्दै मैले चौंरी डाँडाघरका पुस्कल भान्जा दाइको सल्लाह बमोजिम भविष्यमा प्रशासनिक तहमा प्रवेश गर्ने उद्देश्यका साथ बेलुकीको रात्रीकालीन आइए प्रविणता प्रमाणपत्र तहको अध्ययन गर्नका लागि काठमाडौँको बागबजार र भृकुटी मण्डपको बीचमा रहेको रत्नराज्य लक्ष्मी क्याम्पसमा आइए मानविकी सङ्कायको अध्ययनका लागि रात्रिकालीन कक्षामा भर्ना भई आइएमा रात्रिकालीन र स्नातक बिएमा बिहानी सत्रमा कक्षामा भर्ना भई स्नातक तहको अध्ययन गरी मैले भान्जा दाइ पुस्कल गौतम आफन्त होमप्रसाद गौतम, नवराज ढकालको संरक्षणमा म छापाखाना सम्बन्धी व्यवसायको काम सिकेर क्रमश पढाइ तथा व्यक्तिगत खर्च पुऱ्याएर आफ्नो जिविका सञ्चालन गर्दै गएँ ।

मेरो पढाइ वास्तवमा सामान्य खालको भएको हुनाले मैले स्नातक तहको अध्ययन सकेर काम गरेको सिकेको क्षेत्र छापाखाना व्यवसायमा लागेर आफ्नो घरपरिवार चलाएर व्यावसायिक हुने निर्णयका साथ वि. सं. २०५६ साल श्रावण महिनामा विधिवत रूपमा आफ्नो नाममा गौतम अफसेट प्रेस तथा गौतम विजिनेश इन्टरप्राइजेज नामका व्यवसायिक फर्महरू दर्ता गरेर आज २०८१

सम्म लगातार यही व्यवसायको काम गर्दै आएको छु । यही काम व्यवसायले मैले सामान्य स्तरको जीवनशैली आजसम्म निर्वाह गर्दै मैले मेरा २ छोरा राम र लक्ष्मणलाई नेपाली तथा अङ्ग्रेजी भाषा प्रविधिको विद्यालयमा शिक्षा अध्ययन गराएर स्नातक तहसम्मको अध्ययन सम्पन्न गरी दुवैजना छोराहरू बैकिङ तथा मेनेजमेन्ट सम्बन्धी विषयमा स्नातकोत्तर तहको पढाइका लागि तयारी गरिरहेका छन् । बढ्दो व्यावसायिक अस्वस्थ प्रतिस्पर्धा, उमेर वृद्धिसँगै कडा परिश्रम गर्न बिस्तारै कठिनाई हुने मानिसको जीवनचक्र तथा विश्वमा देखापरेको खतरनाक सरुवा रोग कोभिड ( कोरोना भाइरस) तथा रसिया युक्रेनको युद्धले विश्वव्यापी रूपमा अत्यधिक आर्थिक मन्दी तथा महँगी बढेको कारणले अहिलेचाहिँ व्यावसायिक मन्दिमा मेरो व्यवसाय पनि परेको छ । सरकारको कर भन्सारमा पारदर्शी नियमको कार्यन्वयनको अभावले गर्दा पनि मैले गरिरहेको व्यवसाय अब मलाई सञ्चालन गर्न भविष्य व्यवसायिक सङ्कट परिरहेको छ ।

शिक्षाको उज्यालो घामले मात्र जीवन सहज र चम्किलो बन्छ भनेर मलाई पढाइ लेखाइका लागि मा. वि. शिक्षासम्मको अध्ययन सम्पन्न गराई क्याम्पस तहको पढाइका लागि आफन्तको संरक्षणमा जिम्मा लगाई नपुग खर्चको आवश्यकता पर्दा व्यवस्थापन गरिदिनुहुने मेरो आमाबुबाको प्रमुख योगदानको कारणले गर्दा नै आज मैले आफ्नो देश तथा विश्वसमाजको सम्बन्धमा घुम्ने तथा बुझ्ने मौका पाएको छु । आफ्नो सन्ततिका लागि असल अभिभावकको जिम्मेवारी पूरा गरी आज मलाई असल र सचेत नागरिक बन्ने बाटो देखाउनुहुने मेरा प्रथम ईश्वर आमाबुबाप्रति सधैँ श्रद्धासुमन तथा सम्झना आजीवन गरिरहनेछु भन्ने प्रतिज्ञा गर्दछु । आमाबुबाले मलाई असल कर्तव्य निर्वाह गरी उच्च शिक्षा अध्ययन गर्ने मौका दिनुभई मैले पनि इमानदारीका साथ जीवनयात्राको बाटोमा हिँडेर मेरा भाइबहिनीप्रति आफ्नो कर्तव्य पूरा गरेकाले आज भाइबहिनी पनि असल नागरिकको भूमिका निर्वाह गर्दै आ-आफ्नो जीवनयात्रामा असल नागरिकको भूमिका निर्वाह गर्दै हिँडिरहेका छन् ।

## चिन्न नसकिने समय परिस्थिति
## अनि चुनौतीपूर्ण भविष्य विगत र वर्तमान :

मेरो बुबाले २०१८ सालदेखि २०२७ सालसम्म भारतको पूर्वी राज्य आसाम तथा नागाल्यान्डको डिम्मापुरमा बसेर मकै खेती गर्नुभएको समयमा नेपालको काठमाडौँ उपत्यकामा खासै रोजगारी नपाइने कृषि उपजको कार्य गर्दा अहिलेको जस्तो विद्युतीय प्रविधिबाट पानी तानेर सिंचाई गर्न नसकिने काठमाडौँ उपत्यकामा सजिलै सँग रोजगारी पाउन नसकिने कारणले गर्दा मेरो बुबा कृषि उपज सजिलैसँग बिक्री हुने कारणले गर्दा केही आफन्तको साथमा पूर्वी भारतको आसाम (डिम्मापुर) मा मकै खेती गर्न जानुभएछ । काठमाडौँको बीच भागमा सिंचाई नभएको काठमाडौँको छेउछाउमा बस्ने सोच नभएको तथा उब्जाउ गरेको खाद्यान्न आफैँ खाएर सक्नुपर्ने र बिक्री पनि नहुने तथा अहिले जस्तो ट्याक्टर तथा विद्युतीय पानी तान्ने मेसिन नभएको र काठमाडौँ उपत्यकामा बाहिरी जिल्लाको जस्तो गोरु पालेर, जोतेर खेती गर्न नपाइने नियमको कारणले गर्दा कोदालाको भरमा मात्र कठिन खेती गर्नुपर्ने काठमाडौँ उपत्यकामा कोही पनि आफन्तहरू नभएको त्यस समयको अवस्थाको कारणले गर्दा त्यस समय मेरो बुबा पनि मकै खेती गर्न भारतको पूर्वी आसाम राज्यको नागाल्याण्ड डिम्मापुरमा पुग्नुभएछ । त्यस समयमा त्रिभुवन राजमार्गको टिष्टुङ, पालुङ, दामन, सिमभन्ज्याङ, भैसे, हेटौंडा, वीरगन्ज हुँदै बस तथा रेल चढेर हाम्रा बुबाहरू भारतमा रोजगारीका लागि कलकत्ता, आसाम, नागाल्यान्ड, गुवाटी, डिम्मापुरसम्म पुग्नुभएछ ।

हाम्रो बुबाहरूको भारत यात्रा खास गरी वि. सं. २००७ सालमा प्रजातन्त्र स्थापना भएपछि सुरु भएको रहेछ । वि. सं. २०१८ सालमा मेरो बुबाले भारतमा मकै खेती गर्न जानुभएको समयमा काभ्रेको धुलिखेल, बनेपा, काठमाडौँ उपत्यका तथा मकवानपुरको हेटौंडासम्म त्यस समयमा खास गरी अहिले काठमाडौँमा भएको पहिलो चक्रपथ बाहिरी क्षेत्रमा मैले दुःख पाएँ हजुर म अलिकति

जग्गा कमाउँछु भनेर कम्तिमा ३०-३२ रोपनी जग्गा स्थानीय मानिसहरू लाई हारगुहार गरेर कमाएको भएमा वि. सं. २०२१ सालमा भूमि सुधार ऐन लागू भएपछि स्वतः आफ्नो नाममा ५०% मोहियानी हकमा आफ्नो स्वामित्वमा जमिन पाएर अहिले बढ्दो शहरीकरणमा उचित मूल्य जग्गाको पाएर आफ्ना सन्ततिहरू भविष्य थप सहज हुने पक्का नै थियो ।

त्यो बेला मट्टितेलको टुकी-बत्ती र गुइठा तथा दाउराको भरमा दुःखद तरिकाले चलेको काठमाडौँको दैनिकी आज यो विद्युत, यातायातको विकास, शहरीकरणको चापले १ आना जग्गाकै करोडौँको भाउमा खरिद बिक्री हुन्छ । हाल काठमाडौँ उपत्यकासरहको जमिनको मूल्य रहेको मकवानपुर जिल्लाको हेटौडा बजार हुँदै पूर्वी भारतमा मकै खेती गर्न जानुभएका हाम्रा बुबाहरूले हेटौडाको बजारदेखि पूर्व कमाने, नागस्वती, चिसापानी, हटिया तथा लक्ष्मीपुर, पिप्ले, सानोपोखरा, चौघडा, चुच्चेखोला, राजदेवी, गोदामचौरसम्म वि. सं. २०१७-१८ सालको समयमा स्थानीयसँग केही जमिन मागेर खेतीपाती गरी बसेको भएमा पनि वि. सं. २०२० सालमा भूमिसुधार ऐन तथा मोहियानी हकबाट स्वतः आफ्नो नाममा ५०% जमिन हक कायम भई काभ्रेपलाञ्चोकको मध्यपहाडी भुगोलका दाँजोमा जीवनस्तर सहज हुने कुरा त्यो बेलाका समयमा हाम्रा बुबाहरूले अनुमान गर्न पनि सक्नुभएनछ ।

त्यस समयमा काठमाडौँ उपत्यका बाहेक चितवन, हेटौंडा, भित्रि मधेसमा अत्यधिक गर्मी बढी हुने ठाउँमा औलो रोगको उच्च जोखिम भएको कारणले गर्दा र वि. सं. २०१९-२०२० सालसम्ममा औलो रोगको प्रभावकारी औषधि नभएको कारणले गर्दा हाम्रो काभ्रे जिल्लाको पाँचखाल उपत्यका भकुन्डे वेशीमा समेत गर्मीको समयमा बस्न औलो रोगको कारणले गर्दा जोखिममय अवस्था रहेछ । हेटौडा, चितवनमा त बस्न उच्च जोखिम नै रहेछ । चुरेभन्दा तलका भित्री तराई क्षेत्रमा त प्राचीन आदिवासी समुदाय बाहेक अरू समुदायहरू गर्मी, औलो, जङ्गली जनावरको उच्च जोखिमको कारणले गर्दा करिब वि. सं. २०१४-१५ सालभन्दा अगाडि बसेका पनि रहेनछन् ।

तत्कालीन राजा महेन्द्रको पालामा भारतबाट औलोका औषधि आउन थालेपछि तथा राजा महेन्द्रले भूमि सुधार ऐन लागू गरेपछि भने क्रमशः पहाडी समुदायका मानिसहरू चुरेका फेदी तथा तराईको भुगोलमा खेतीपाती गर्न सजिलो तथा अन्न उब्जनी पहाडको दाँजोमा धेरै हुने र जीवनस्तर सहज हुने कारणले गर्दा क्रमश वि. सं. २०२१-२२ सालपछि क्रमशः वि. सं. २०६०-६१ सालसम्म व्यापक रूपमा पहाडको जग्गा-जमिन बेचेर तथा कतिपयले त्यतिकै छोडेर मध्यपहाडी जिल्लाका मानिसहरू चुरेका आसपासका समथर जमिन तथा चुरेभन्दा तलका तराइ क्षेत्रमा व्यापक रूपमा बसाइ सरेका थिए । कतिपय पहाडी समुदायका मानिसहरू कृषि, खेतीपातीका लागि सहज अवस्था तथा यातायातको सुविधाको अवस्थाको मूल्याङ्कन गरेर तथा कतिपय व्यक्तिहरू पहाडी क्षेत्रमा छोरानातिलाई पछि घरघडेरी नपुग्ने अवस्था देखेर तथा पहाडमा जीवनस्तर कठिन देखेर चुरे पहाडका आसपास तथा चुरे पहाडभन्दा तल भित्री तराई मधेशमा स्थायी रूपमा बसाई सरेका थिए ।

नेपालको चुरेभन्दा भित्री तराई क्षेत्रमा औलो रोगको उचित उपचार हुन थालेपछि मात्र पूर्वमा झापा, विराटनगरदेखि पश्चिमको दाङ, नेपालगन्ज, बर्दिया, कैलाली, कञ्चनपुरसम्मका भित्री तराई क्षेत्रमा मानिसहरूको बसोबास क्रमश बढ्न थाल्यो । भित्री मधेश क्षेत्रमा तराईवासीको बाहुल्यता रहेको ठाउँमा पहाडी समुदायका मानिसलाई खासगरी वि. सं. २०६२-६३ सालपछि तराई क्षेत्रमा भएका विभिन्न राजनीतिक आवरणका सङ्गठनले गरेको अपराधिक घटनाहरूको कारणले गर्दा पहाडी समुदायका मानिसहरू आफू असुरक्षित भई क्रमशः चुरेपहाडभन्दा बाहिरी क्षेत्रमा क्रमश बसाई सर्न थालेपछि भने झनै हेटौडा, चितवन लगायत चुरे पहाड आसपासका बाहिरी समथर क्षेत्रमा मानिसको चाप बढ्नुका साथै जग्गाको भाउ पनि दिन २ गुणा रात ४ गुणाले बढ्न थाल्यो । वि. सं. २०६२ साल वैशाखमा मैले काठमाडौँको पेप्सीकोलाको आवास क्षेत्र (प्लानिङ) मा प्रतिआना २,५०,०००।- मा किनेको जग्गा वि. सं. २०७७ साल फागुनमा आइपुग्दा प्रति आना ६५,००,०००।- मूल्यमा

किनबेच भयो । यसरी १५ वर्षमा काठमाडौँको जग्गाको २० गुणाले मूल्य वृद्धि भयो ।

२०६२ सालमा मैले काठमाडौँको पेप्सीकोलामा जग्गा किन्दा हेटौंडाको हटियामा हाम्रा ठूलाबुबाहरू बसेको ठाउँमा समथर सुख्खा बारीको मूल्य प्रति कठ्ठा ३०-३५ हजारको मूल्यमा किन्न सकिन्थ्यो । आज त्यही जग्गाको मूल्य हेटौडाको हटियामा मधेश आन्दोलन पछाडि पहाडी समुदायको चाप बढ्नु, भौतिक संरचना तथा बाटोको स्तरोन्नति धरान-चतरा-सिन्धुली-हटिया-चौघडा सडक निर्माण, खानेपानी तथा हटियाका बारीमा सिंचाइको बोरिङ, पानीको सुविधाले गर्दा प्रति कठ्ठा हटियाको बारी ठूलो पीच बाटोमा मुख्य मुख्य चोकमा २ करोड सहायक चोकमा १ करोड र अन्य १२-१३ फिटको कच्ची बाटोमा ठूलो बाटोमा ५० लाख प्रति कठ्ठामा खरिद बिक्री भएको छ भने भित्री जग्गामा मोटरबाटो राखेर प्रति कठ्ठा ४० देखि ४२ लाखमा खेतीयोग्य जमिन बारी नै खरिद बिक्री भएको छ । हेटौडा बजार क्षेत्रमा जग्गाको मूल्य भने काठमाडौँ उपत्यकाको नयाँ बानेश्वर, न्युरोड तथा कास्कीको पोखरा उपत्यकासरह मुल्यमा जग्गा खरिद बिक्री भइरहेको छ ।

वि. सं. २०२३ सालमा भारतमा मकै खेती गरेर फर्किएको समयमा मेरा बुबाले प्रति कठ्ठा ५०० को दरले हेटौडाको नगस्वतीमा १ विघा जमिन किन्न घरमा सल्लाह गर्दा मेरो हजुरआमा तथा कान्छा हजुरबुबाले आफ्नो गाउँ छोडेर टाढा आफन्त नभएको ठाउँमा हामी जाँदैनौ भनी नमान्दा बाध्य भएर बुबाले आफ्नै गाउँमा पाखो खेतबारी किनेर बसी कृषिमा जीविकोपार्जन गर्नुभएछ । पछि कान्छो हजुरबुबाको परिवार ६-७ वर्ष काभ्रेको कोशीपारी धुसेनी शिवालयमा बसेर वि. सं. २०३० सालमा काभ्रेको मण्डन देउपुर छेउको जैसीथोकको चाखोला नयाँ गाउँमा बसाइँ सर्नुभएछ, त्यहाँ पनि १० वर्ष बसेर पछि कान्छो हजुरबुबाको परिवार बारा जिल्लाको निजगढ बागदेव भन्ने ठाउँमा बसाई सरी अहिले मेरो कान्छो हजुरबुबाको सन्तान मेरा काकाकाकीको सपरिवार निजगढ बागदेवमा बस्नुहुन्छ ।

वि. सं. २०४५ सालमा हाम्रा काभ्रे धुसेनी शिवालयका छिमेकी ठूलाबुबा नारायणप्रसाद गौतमले वि. सं. २०४१ सालमा आफ्नो जेठो छोरा देवीप्रसाद गौतम (नारायण) लाई अर्चले खेत बेचेको २० हजारमा हेटौडा हटियाको राममन्दिर छेउमा २५ कठ्ठा बारी किनेर छोराबुहारीलाई ५-६ वर्ष हेटौडामा राखेर बसेको जग्गाको मूल्य आज ४० वर्षमा त्यस जग्गाको मूल्य एकमुष्टमा १५ करोडमा किन्छु भनी खरिदकर्ता आएका थिए भने नारायणप्रसादले काभ्रेमा बेचेका २०४५ को बाँकी जग्गाको ७५ हजारमा हेटौडाको हटियाको लक्ष्मीपुरमा हाल शिवम सिमेन्ट उद्योग रहेको ठाउँको २५ कठ्ठा खेतको मूल्य पनि करिब १० करोड बजार मूल्यमा किनबेच गर्न सकिन्छ । नारायणप्रसादको अहिले त्यस समयमा काभ्रेको बिक्री गरेको जग्गा अहिले बिक्री गर्दा ९-१० लाखमा पनि किन्ने मानिस मित लगाएर खोज्नुपर्ने अवस्था छ ।

वि.सं. २०२३ सालमा हाम्रो काभ्रे धुसेनी शिवालय पुछारटोलमा कान्छो हजुरबुबा चन्द्रमणि गौतम (कलकत्ते बा) काभ्रे कोसीपारी धुसेनी शिवालयबाट आफ्नो अंश बेचबिखन गरेर आफूले भारतको कलकत्तामा कमाएको केही रकम थपथाप गरेर धुसेनी शिवालय गाउँबाट पहिलो पटक मकवानपुर जिल्लाको हेटौडामा बसाइ सर्नुभएछ । यसरी सुरु भएको बसाई सराइको यात्रामा उहाँका ७-८ जना दाजुभाइ लगायत हाम्रा ४ बाजेका सन्तानहरू नरहरी गौतम (ठूलाबुबा) नागस्वती, विष्णु ढुङ्गाना, कृष्णहरि गौतम, नकुल गौतम, मातृका गौतम, प्रेमप्रसाद गौतम, रामजी गौतम, यज्ञप्रसाद गौतम, नागस्वती हेटौडामा हुनुहुन्छ भने इन्द्रमणि गौतम, लोकनाथ गौतम, होमनाथ गौतम, चौघडा, पुतली बजार हात्तीलेट, चिसापानीमा हुनुहुन्छ । त्यसै गरी नारायणप्रसाद गौतम, शङ्कर गौतम, गोपाल गौतम, भिमप्रसाद गौतम (नकुल), भीमसेन गौतम, प्रल्हाद गौतम, विष्णु गौतम, अर्जुन गौतम, किसान गौतम, हटिया राममन्दिर टोलमा हुनुहुन्छ । त्यसै गरी शिवप्रसाद गौतम, नवराज गौतम, देवराज गौतम, नकुल गौतम, रेवती गौतम लगायत हेटौडा हटियाको लक्ष्मीपुरमा स्थायी बसोबास गरिरहनुभएको छ ।

हामी काभ्रेमा रहेका हाम्रा ४ बाजेका सन्तानहरूमा पूर्वज बाजेबराज्यूको थलोमा आज वि. सं. २०८१ साल वैशाख सम्ममा स्थायी रूपमा जम्मा ६-७ घरधुरी मात्र रहेका छन् भने काठमाडौंमा काम व्यवसाय गरी बसेका हामी चार बाजेका सन्ततिहरूको १६-१७ घरधुरीको स्थायी बसोबास रहेको छ । त्यसै गरी चारबाजेका हाम्रा १३ दिने (एकै ठाउँमा दिवाली कुलपुजा गर्ने) दाजुभाइहरू आजसम्म कम्तिमा २५-२६ घरधुरी हेटौंडामा रहेका छन् । वि. सं. २०४५ सालमा २ हजार कठ्ठा र वि. सं. २०५०-५१ मा दश हजार कठ्ठामा किनबेच भएको हेटौंडा हटिया राम मन्दिरछेउका बारीहरू आज वि. सं. २०८१ साल वैशाखमा आइपुग्दा भित्री बाटोमा प्रति कठ्ठा ४० लाखदेखि ४५ लाख र बाहिरी पीच बाटोमा १ करोडदेखि २ करोड सम्ममा खरिद बिक्री भएका छन् । वि. सं. २०२३ सालमा अरनिको राजमार्ग धुलिखेल पाँचखाल खण्डमा सडक मजदुरको काम गर्दा प्रति दिन ज्याला रु. २।- सुख्खा ज्याला पाउनुभएका हाम्रा धुसेनी शिवालय काभ्रे कोशिपारीका केही हाम्रा अग्रज उहाँहरूको त्यस समयको आम्दानीको स्रोत पनि साह्रै कमजोर थियो भन्ने मैले उहाँहरूसँग गरेको साक्षतकारबाट थाहा पाएको थिए ।

त्यस समयमा सडक निर्माण खुल्नुभन्दा अगाडि खासै काम नपाइने, अहिलेको जस्तो कृषि, पशुपालन, विकास निर्माणहरू पनि खासै त्यस समयमा चलेको थिएन । त्यसकारण मानिसको आम्दानी तथा क्रयशक्ति साह्रै कमजोर थियो । अलि अलि पाएको काम र बचतले ४-५ वर्षमा पनि ५००-६०० रकम पनि जम्मा गर्न सकिदैनथ्यो । वि. सं. २०५४-५५ मा एउटा सामान्य मजदुरले कतार, दुबई, साउदी अरब मजदुरी गरेर मासिक १० हजार बचत गरेर वर्षमा १ लाख जोगाउँदा ३ वर्षको ३ लाखले काठमाडौंको चक्रपथ बाहिर कपन जोरपाटीमा २०६० सालसम्ममा करिब ३ लाखले ३ आना जग्गा १०-१२ फुटको बाटोमा किन्न सकिन्थ्यो भने आज वि. सं. २०८१ साल वैशाखमा कपन जोरपाटी गोठाटारका १०-१२ फुटका प्रति आना जग्गाको मूल्य न्यूनतम ४०-५० लाख प्रति आनामा खरिद बिक्री भइसक्यो ।

यसरी अहिले एकातिर हिजो सस्तो जमानामा केही रकम जोगाउन सकेर जग्गाजमिन किन्न सक्नेका लागि त फाइदा राम्रो गरी भयो भने, आजको दिनमा कतार, दुबइ, साउदी अरब बस्ने एउटा अर्धदक्ष मजदुरले मासिक १००० धिराम, रियाल, बचाएर नेपालमा मासिक २५-३० हजार पठाउँदा पनि नेपालमा घरमा बस्नेलाई गाउँका लागि खर्च पुऱ्याउनु मुस्किलले पर्छ भन्ने शहरमा परिवार राखेर पालनपोषण गर्न सक्ने अवस्था नै छैन । त्यसकारण गरिब देशमा जनसङ्ख्याको वृद्धि, वातावरणको विनाश, असक्षम राज्य सरकारका कारण जीवन निर्वाहका लागि चुनौती पनि चिन्ताजनक अवस्थामा बढिरहेको छ ।

हिजो वि. सं. २०५६-५७ सालमा एउटा अर्धदक्ष मजदुरले ३ वर्ष कतार, दुबई, साउदी अरबमा काम गरेर कमाएको पैसाले किनेको ३ आना कपन, जोरपाटी, गोठाटारको जग्गाको आज वि. सं. २०८१ वैशाखसम्मको खरिद बिक्री मूल्य करिब नेपाली रकम रु. १ करोड ५० लाखको मूल्याङ्कन भयो । आज वि. सं. २०८१ साल वैशाखमा प्रतिमहिना नेरु. २ लाखको हाराहारी बचाउने एउटा दक्षिण कोरियामा काम गर्ने नेपाली श्रमिकले हिजो वि. सं. २०५६-५७ मा कतार, दुबई, साउदी अरबमा बस्ने नेपाली सामान्य मजदुरले खरिद गर्न सकेको काठमाडौँ तथा हेटौंडाका ३ वर्षका कमाइको मूल्यका जग्गा ५ वर्षमा पनि किन्न सक्ने अवस्था छैन । पढाइमा अब्बल स्तर भएका तथा बाबुबाजेको अचल सम्पति संरक्षण गरी राख्न सक्ने तथा व्यापार व्यवसायको स्तर राम्रो भएका बाहेक सामान्य आयस्तर भएका मनिसलाई वास्तवमा जीवन निर्वाह गर्न झनै कठिन हुँदै गएको छ ।

अहिलेको समय प्रतिस्पर्धा, चुनौती र अवसरको पनि हो । हिजो वि. सं. २०१५-०२० सालमा आफूले कमाएको जग्गा आफ्नै नाममा दर्ता कायम हुने अबको समय छैन । पढाइमा अब्बल स्तर भएका काम, व्यवसाय राम्रो भएका तथा बाबुबाजेको पुर्ख्यौली सम्पतिको स्रोत राम्रो भएका तथा व्यवसायमा राम्रो मिहिनेत गर्ने मानिसहरू बाहेक अरूलाई जीवन निर्वाह गर्न साह्रै गाह्रो हुँदै

गइरहेको छ । नेपालमा वि. सं. २००७ सालको राजनीतिक परिवर्तनपछि स्थापना भएको प्रजातन्त्र तथा पञ्चायती व्यवस्थाले शिक्षाको अवसर देशवासी नागरिकलाई दिएर चेतनाको स्तर तथा क्रमश देशमा रोजगारीको अवसर वृद्धिसँगै वि. सं. २०४६ सालको राजनीतिक परिवर्तनपछि बनेका सरकारहरूले माध्यमिक तहसम्मको निःशुल्क शिक्षा, सामाजिक सुरक्षा भत्ता, कृषि बालीको बिमा, पशुपालनमा बिमा, ग्रामीण सडक, स्कूल क्याम्पसमा विभिन्न विषयको प्राविधिक शिक्षा, मध्यपहाडी राजमार्गलगायतको विकास तथा अवसरले गर्दा अब मिहिनेत गर्ने नेपालीहरूले आफ्नै गाउँघरमा घरपरिवारको साथमा बसेर मलेसिया तथा अरबी भूमिमा तातो घाममा जोखिममय तथा सामान्य श्रमिकले कमाउने बचाउने आयस्रोतभन्दा बढी नेपालीहरूले अहिले आफ्नै गाउँघरमा कमाउन सक्छन् ।

नेपालमा धेरै राजनीतिक आन्दोलनमा शहिदहरूको बलिदानी, देशभक्तहरूको त्याग तथा योगदान भई राजनीतिक व्यवस्था परिवर्तन भए तापनि अझै पनि दूरदर्शी नेताहरूको असल नेतृत्व नेपाल देशले नपाएको कारण हामी नेपाली जलस्रोतको दोस्रो धनी देश तथा प्रचुर प्राकृतिक स्रोतले भरिपूर्ण देशमा बसेर पनि कृषिप्रधान देशमा खाद्यान्नमा समेत विदेशबाट आयात गर्नुपर्ने लाजमर्दो बाध्यताको सामना गरिरहेका छौँ । नेपाल सरकारले जलस्रोत, जमिन, वनजङ्गलको उचित व्यवस्थापन गरी कृषिमा देशलाई आत्मनिर्भर बनाएर कृषि उपजमा वैज्ञानिक तरिकाले कृषि उत्पादन गरी विदेशमा समेत निर्यात गरी नेपालको विद्युत बृहत रूपमा उत्पादन गरी भारत, बङ्गलादेश, पाकिस्तानसम्म निर्यात गरी नेपाललाई पनि युरोपको भुपरिवेष्ठित देश स्वीजरल्यान्डसरह बनाउन सक्ने किसिमले अघि बढ्नुपर्छ । दूरदर्शी तथा असल इमानदार नेतृत्व राजनीतिक शक्तिले मात्र यी काम सम्पन्न हुन सक्दछन् ।

नेपालमा वि. सं. २००७ सालमा निरङ्कुश राणाशासन ढलेपछि प्रजातन्त्र, पञ्चायती व्यवस्था, बहुदलीय व्यवस्था, गणतन्त्रात्मक व्यवस्था स्थापना भए तापनि केही सामान्य विकास

भए तापनि दीर्घकालीन प्रभावकारी योजना राज्य सरकार सञ्चालकहरूले कार्यान्वयन नगरेका कारणले गर्दा आज पनि लाखौं नेपालीहरू आफू तथा आफ्ना सन्ततिलाई विदेशी भूमिमा जोखिममय कामदेखि प्रवासी बन्न बाध्य हुने यात्रा गराइरहेका छन् ।

वि. सं. २०५१ साल वैशाखमा मेरो बुबाआमाले घरमा कृषि उपज बिक्री गरी सङ्कलन गर्नुभएको रु. १०००००।- (एक लाख रूपैयाँ) काठमाडौँमा ४ आना जग्गा किन्ने अभिप्रायले मैले प्रेसमा काम गरेका केसी थरका प्रेस (छापाखाना) व्यवसायी काभ्रेपलाञ्चोक जिल्ला ढुङ्खर्कका केदार केसीलाई विश्वासका साथ जिम्मा लगाउँदा केदार केसीले हामी केदार केसीका भेना धुलिखेलका टीकाप्रसाद सापकोटा, मेरा छापाखाना व्यवसायका मार्गनिर्देशक नवराज ढकाल काभ्रे ढुङ्खर्कके रामप्रसाद तिमल्सिना तथा रामप्रसाद आचार्यलाई २-३ ठाउँमा बाटो भएको ठाउँको जग्गा देखाएर अन्तिममा ललितपुर खुमलटार तल हाल जेम्स स्कुल रहेको भित्री खेतको जग्गामा गोरेटो बाटो पनि नभएको धान खेतको जग्गामा षड्यन्त्र पूर्वक झुक्याएर पास गराई त्यस समयमा करिब सबैजनासँग ५०% रकम नाफा निकालेका रहेछन् । मेरो बुबाआमा गाउँमै बस्नुहुने म तथा नवराज ढकालले काम गर्ने हाम्रो रोजगारदाता साहुजीलाई पूर्ण विश्वास गर्दा मलगायत ५ जना नै नराम्रोसँग ठगिनुपरेको थियो ।

हामी गाउँमा जन्मेहुर्केको मानिस काठमाडौँको नापनक्साको प्राविधिक ज्ञान नभएको सोझा मानिसलाई केदार केसी भन्ने अपराधिक व्यक्तिले अप्ठेरो ठाउँको जग्गा जालसाजी तरिकाले पास गरिदिएका रहेछन् । पछि त्यस ठाउँमा जेम्स इङ्लिस स्कुल नामको ललितपुरको ठूलो निजी स्कुलले कलेजका लागि भौतिक संरचना विस्तारका लागि हाम्रो जग्गा वि. सं. २०५५ साल असोजमा हामीले किनेको ४ वर्षपछि जम्मा रु. १,१५,०००। मा किनेको थियो । ४ वर्षमा जम्मा फाइदा १५,००० हातमा परेको धन्न हामीले २०६०-६१ सालसम्म बिक्रीका लागि कुर्नुपरेन । यो सबै विश्वास गर्दा विश्वासघातीले गर्ने अपराधिक कार्यहरू हुन् । त्यस समयमा काठमाडौँमा १०-१२ फुटको बाटोमा कपन, जोरपाटी, गोठाटारमा

प्रति आना जग्गा २५ हजारमा रोजीरोजी पाइने रहेछ । म, नवराज ढकाल, टीकाप्रसाद सापकोटा भेनालगायत अरू २ जना उनका विक्रम टेम्पु चालक ड्राइभरका लागि किनिदिएको जग्गामा केदार केसीले हामीलाई ठूलो धोका दिए ।

त्यस समयमा मेरो बुबाले हेटौडा हटियाको हाम्रा ठूलाबुबाहरू नारायणप्रसाद गौतम, डिल्लीप्रसाद गौतम बस्नुभएको ठाउँमा जग्गा किन्नुभएको भए १० कठ्ठा जमिन सजिलैसँग आउने रहेछ । आज त्यस १० कठ्ठा जग्गाको एकमुष्ठ सामान्य खरिदबिक्री मुल्य न्यूनतम ५ करोड वि. सं. २०८१ वैशाखमा आउने थियो । मेरो आमाबुबाको कृषि उपज बिक्रीको त्यस बेलाको बचत कमाइ आज वि. सं. २०८१ साल वैशाखमा गरेको मूल्याङ्कन अनुसार ५ करोड थियो भन्ने मैले स्वीकार गरी मनको लड्डु घिउसँग खाएर बस्ने गरेको छु ।

संसारमा मानिसहरू सबैभन्दा बढी विश्वास र लोभका कारण ठगिएका छन् । अनि लापरवाहीका कारण धनसम्पत्ति र जीवन समाप्त बनाएका छन् । हामी प्राविधिक ज्ञान नभएका त्यस समयका सोझा गाउँलेहरू पनि अपराधिक मनोवृत्तिका विश्वासघातीको कारणले पछि पर्नुपरेको थियो । केदार केसी भन्ने व्यक्तिले वि. सं. २०५१ पछि साना ठूला गरी यस्ता व्यक्तिगत बाहेक सरकारी तथा संस्थागत घोटालाका २०-२२ गोटा घटना घटाई करिब ६-७ वर्ष जेलमा बसी त्यस समयमा जोडेको ८०% सम्पत्ति पनि सकेका छन् । ठगेको धन बगेर जान्छ भने जस्तै केदार के.सी.ले पनि अरूलाई दुःख दिँदादिँदै आफु पनि आर्थिक रूपमा सकिएका छन् । ईश्वरले पनि कतिपय मानिसलाई जीवनभर यस्तै आपराधिक काम मात्र गर्न प्रेरित गर्छन् कि के हो ! कुहेको एउटा आलुले बोराको सबै आलु बिगारेजस्तै समाजमा यस्ता अपराधिक आलुहरूले धेरै मानिसलाई दुःख दिने तथा बिचल्लीमा पारेका छन् । धन्न बुबाआमाको मिहिनेतको कमाइबाट किनेको जग्गा त्यस्तो प्राविधिक समस्यामा परेर भाउ वृद्धि तथा बिक्री गर्न नसकिएको अवस्थामा ललितपुरको जेम्स इङ्लिस स्कुलले खरिद गरेर हामिलाई ठूलो गुन लगायो । नत्र

त्यो जग्गा बिक्री गर्न हामीले वि. सं. २०६२-६३ सम्म त्यस ठाउँभन्दा पछाडि खुलेको जग्गा प्लानिङलाई दिनुपर्ने अवस्था आउन सक्थ्यो ।

कलाकार हरिवंश आचार्यलाई पनि वि. सं. २०३८-४० सालतिर नक्साल काठमाडौँमा एउटा यस्तै खालको अपराधिक मान्छेले घर दिन्छु भनेर ठूलो बिचल्लीमा पारेको रहेछ, पछि अदालती मुद्दाको प्रक्रियाबाट मुद्दा जितेर हरिवंश आचार्यले न्याय पाउनुभएछ । त्यसै गरी अनाथ बालबालिकाको क्षेत्रमा काम गरिरहेका रामेछाप जिल्ला रिष्ठे लखनपुर गा.वि.स. जागु घर भएका बुद्ध गौतमलाई पनि आफ्नै मान्छेले जालसाँजी गरेर बाटो नभएको जग्गामा फसाइ दिएछन् । समाजमा यस्ता अपराधिक मानसिकताका गलत मानिसको कारणले गर्दा धेरै मानिसले सानादेखि ठूलासम्मका पीडा तथा तनाव बेहोर्नुपरेको छ ।

शिक्षा, प्रविधिको विकास तथा भौतिक संरचना बाटो र यातायातको सहजताले गर्दा हिजो विगतमा बाजेबराज्यूको १६-१७ दिनको भोटको नुन ल्याउने काम, बुबाहरूले ४-५ दिनमा काभ्रे कोशिपारी धुसेनी शिवालयबाट दोलालघाट, धुलिखेल, बनेपा, साँगा हुँदै भक्तपुरसम्मको बजारको यात्रा तथा वि. सं. २०५१-५२ सालमा हामी म आफैँ २ दिनको धुसेनी शिवालय - जामुने- सल्ले डाँडो हुँदै दोलालघाट सम्मको बजार यात्रा आज आफ्नै गाउँ गाउँ टोल टोलमा पुगेको मोटरबाटोको कारणले यातायातका साधनहरूले टोल टोल, घरघरमा आवश्यक सामान लैजान तथा बिक्रीका सामानहरू पठाउन सकिन्छ । मेरो आमाबुबाले लगानी गर्नुभएको जग्गाको बिक्रीबाट प्राप्त भएको रकमबाट मैले वि. सं. २०५६ सालमा छापाखाना व्यवसाय सञ्चालन गरी मैले आफ्नो घरपरिवार सञ्चालन गरी आजसम्म मैले जीवनयात्राका दुःखसुखको यात्रा पार गर्दै यहाँसम्म आइपुगेको छु ।

मैले छापाखाना व्यवसाय सञ्चालन गरेको ५ वर्षपछि मेरो भाइ काम र रोजगारीको अवसर प्राप्त भएपछि संयुक्त राज्य अमेरिका प्रस्थान गरी सपरिवारसहित भाइबुहारी हाल संयुक्त राज्य

अमेरिकामा बसोबास गरिरहेका छन् । मेरो भाइले आफूले गर्नुपर्ने न्यूनतम कर्तव्य मप्रति पुरा गरिदिएकाले म पनि आफ्नो व्यवसाय अगाडि बढाउँदै काठमाडौँ जिल्लाको पेप्सीकोलामा सानो घर बनाएर घरपरिवार सञ्चालन गर्दै आएको छु ।

हाल वि. सं. २०८१ वैशाख सम्ममा छोराहरू रामलक्ष्मण गौतमले पनि एकाउन्ट तथा बैकिङ्ग सम्बन्धी विषयमा स्नातक तहको बिबिए कोर्ष पूरा गरी एमबिए तहको अध्ययन गर्न लागेकाले अबको घरगृहस्थी सञ्चालनको जिम्मा उनीहरूलाई लगाउँदै हल्का कामहरू गर्दै भविष्यमा आर्थिक अवस्था थप सहज हुँदै गएमा मेरो जन्मस्थान धुसेनी शिवलय काभ्रे चौंरीदेउरालीको समाजमा रहेका जीवनमा असल काम गरी सामाजिक उत्तरदायित्व पूरा गरेका जेष्ठ नागरिकहरू तथा सानो उमेरमा विविध कारणले आमाबुबा गुमाएका बालबालिकाहरू र जीवनमा विविध अकल्पनीय घटनामा परी पीडामा रहेका मानिसहरूलाई आफ्नो आर्थिक स्रोतले भ्याएसम्म सेवा गर्दै आफ्नो जन्मस्थानमा कृषि तथा पशुपालनको फर्म (व्यवसाय) सञ्चालन गर्ने मेरो योजना रहेको छ ।

## केही पारिवारिक वियोगहरू :

मेरो बुबा खगेन्द्रमणि गौतम ३ वर्षको हुँदा मेरो हजुरबुबा दशरथ गौतम वि. सं. १९९८ सालमा बित्नुभएछ । मेरी फुपू दिदी इन्दिरा गौतम पनि १६ वर्षको उमेरमा घाँस काट्न जाँदा वि. सं. २०१४ सालमा पारिपट्टि भिरबाट लडेर सख्त घाइते भई घटना भएको तेस्रो दिनमा बित्नुभएछ । यसरी २ सन्तानमात्र जन्म भएका मेरी हजुरआमाले पछि एक सन्तानको सहारामा जीवन बिताउनुभएछ । मेरा एकमात्र मामा प्रेमप्रसाद ढुङ्गेल पनि रोजगारीका लागि भारतको आसाम नागाल्यान्डमा गएको ६ महिना नपुग्दै वि. सं. २०३१ सालमा बित्नुभएछ । अल्पायुमा बित्नुभएका सबैको परिवारमा सबैलाई जीवनमा ठूलो पीडा तथा अपुरणीय क्षति भयो । ईश्वरको सुन्दर सृष्टिको प्रकृतिको यो पृथ्वीमा हिजो शिक्षा, विज्ञान, प्रविधि र अस्पतालको व्यवस्था नभएको समयमा रोगको पहिचान

नभएर उचित स्वास्थ्य उपचार नपाएर तथा विविध घटना तथा दुर्घटनामा परी मानिसहरूको अल्पायुमै मृत्यु भएको थियो । आज शिक्षा, विज्ञान, प्रविधिको विकासले अस्पताल र औषधिको व्यवस्था हुँदा पनि वातावरण विनाश, दुषित खाद्यान्न, खाद्यान्नमा जथाभावी अत्यधिक विषादीको प्रयोग, विभिन्न अकल्पनीय घटना तथा दुर्घटनाका कारण पनि मानिसहरू अल्पायुमा बितिरहेका छन् । एकातिर कमजोर आर्थिक अवस्था भएका मानिसहरू समाजमा स्वास्थ्य उपचारमा खर्च गर्न नसकेर अल्पायुमै बितेका छन् भने अर्कोतिर शरीरबाट उत्पन्न हुने विभिन्न तत्वहरूको विकास तथा मिश्रणले उचित किसिमले काम नगरी मानिसका शरीरका अङ्गहरू निस्क्रिय भई मानिसको स्वास्थ्य जोखिममा पर्दछ । स्वास्थ्य उपचारमा हालसम्म विश्वमा आएका औषधि विज्ञानका प्रविधि तथा औषधिको उपचार गर्न सक्ने सक्षम आर्थिक अवस्था मानिसहरू पनि अल्पायुमै बितिरहेका छन् ।

वास्तवमा जीवन भनेको सृष्टि, विकास र अन्त्य रहेछ । जीवन अमूल्य छ तर मृत्यु निश्चित छ । सबै मानिसहरू कम्तिमा ७०-७२ वर्षसम्म निरोगी भइदिए तथा कम्तिमा ८०-८२ वर्ष बाँचिदिएमा समाजमा धेरैलाई जीवनमा अकल्पनीय पीडा तथा चोट पर्ने थिएन । मानिसका जीवनमा कतिपय घटनाहरू लापरवाहीका कारणले भएका छन् भने कतिपय घटना अखाद्य पदार्थको सेवन तथा लागू औषधि सेवनले पनि भएका छन् । कतिपय घटनाहरू अकल्पनीय दुर्घटनाले पनि मानवीय जीवनको क्षति भएको छ । **जीवन एउटा सृष्टिको सुन्दर उपहार पनि हो अनि जीवन दुःखको महासागर पनि हो । थोरै मानिसलाई मात्र जीवनमा सुख र शान्ति मिलेको छ भने धेरै मानिसलाई जीवन पृथ्वीमा दुःखको यात्रा बनेको छ ।**

मेरो बुबा खगेन्द्रमणि गौतमलाई वि. सं. २०४५ सालमा ५० वर्षको उमेरमा बाथरोग देखापर्‍यो । मेडिकल तथा घरेलु औषधि उपचारपछि करिब २ वर्षपछि अलि सहज भएर कृषि कार्य गर्दै जीवनयात्रा गरिरहनुभएका मेरा बुबालाई बिस्तार बिस्तार वि. सं. २०५८-५९ सालदेखि विभिन्न रोगले अलि बढी दुःख दिन थाल्यो ।

त्यस समयमा हामीले आफ्नो क्षमताले भ्याएसम्म औषधि उपचार गर्दै लग्यौं । बिस्तार बिस्तार शारीरिक रूपमा कमजोर देखिदै जानुभएको मेरा बुबा वि. सं. २०६३ साल फागुनमा कडा प्यारालाइसेसले थला पर्नुभएकाले मेरा बुबाको १ महिना त्रिवि शिक्षण अस्पताल महाराजगन्जमा उपचार तथा एक महिना काठमाडौंको हाम्रो पेप्सीकोलाको घरमा स्याहार सुसारपछि वि.सं. २०६४ साल वैशाख ३१ गते त्रयोदशीका दिन गौतमबुद्ध जयन्ती तथा बुद्ध पूर्णिमा, (चण्डिपूर्णिमा) को (२ दिन अगाडि) ६९ वर्षको उमेरमा स्वर्गीय हुनुभयो । मेरी आमा हरिमाया गौतम पनि बिस्तार बिस्तार सामान्य रोगहरूले च्याप्दै लगेपछि सामान्य दमको समस्याले गर्दा सहज रूपमा दिनचर्या बिताइरहेको समयमा वि. सं. २०७२ साल भदौ ४ गते नागपञ्चमीको भोलिपल्ट बेलुका ५ बजे षष्टी तिथिमा स्वर्गीय हुनुभयो ।

म स्वर्गवासी सबै अग्रज तथा आमाबुबामा श्रद्धासुमन आजीवन अर्पण गर्दै आमाबुबाले देखाउनुभएको सत्मार्गको बाटोमा आजीवन लागेर असल नागरिक बनेर घरपरिवार समाज र देशप्रति आजीवन सेवामा लागिरहने प्रतिज्ञा गर्दछु ।

## हाम्रा सन्ततिहरूलाई सन्देश :

मानिस भाग्यले होइन शिक्षाको अवसर, इमानदारी, उद्देश्य, योजना र निरन्तरको मिहिनेतले नै सफल हुन सक्छ । मानिसले सामान्यत उच्च माध्यमिक तहसम्मको शिक्षा पाउनु उसको प्रमुख अधिकार हो । स्नातक तहसम्मको शिक्षा प्राप्त भएपछि पढाइमा अब्बल तेजस्वीहरूले आफ्नो रुचि अनुसारको विषयको क्षेत्रमा काम गरेर घरपरिवार, समाज र देशका लागि योगदान गर्नुपर्दछ । विषय बिज्ञहरूले इन्जिनियर, डाक्टर, शिक्षक, कानुन व्यवसायी, व्यवस्थापन, बैकिङ्ग लगायत क्षेत्रमा सेवा तथा लगानी गर्न सक्छन् । पढाइको स्तर अलि कमजोर हुनेले कक्षा १२ को अध्ययन सकेपछि कृषि, पर्यटन, व्यापार, निर्माण तथा विकास कार्यको क्षेत्रमा प्राविधिक तथा व्यावसायिक शिक्षाको अध्ययन तथा तालिम गरेर आफ्नो सीप

क्षमता अनुसारको काम तथा व्यवसायमा लाग्नुपर्दछ । मानिसले भाग्यमा १% विश्वास गरी ९९% चाहिँ मिहिनेत र इमानदारितामा विश्वास गर्नुपर्दछ । उद्देश्य, योजना, निरन्तरको मिहिनेत र इमानदारिताले नै मानिसलाई सफलतामा पुऱ्याउँछ । अनि दिन आइपुगेको छैन भनेर मानिसले भिर तथा खोलामा फरालेर पनि मानिस बाँच्दैन । भाग्यमा छ भनेर डोकोमा दुध दुहेर बस्दैन, दुध दुहुनका लागि राम्रो बाल्टिनको आवश्यकता पर्दछ । राम्रो कामको धारणा गर्नु नै मानिसको प्रमुख धर्म हो । मानिसले सत्मार्गमा रहेर घरपरिवार र समाजलाई संरक्षण र सेवा गर्नु नै मानिसको प्रमुख धर्म हो । घरपरिवार, समाज र देशको संरक्षण र भलाइका लागि काम गर्नु नै मानिसको प्रमुख धर्म र प्रमुख कर्तव्य हो ।

पृथ्वीमा मानिसका समुदायको विकाससँगै समाजमा मानिसलाई अनुशासनमा राख्न तथा सामाजिक संस्कारका लागि विकास भएका असल कामहरू नै मानिसका धर्म हुन् । सबै धर्मको प्रमुख मूल उद्देश्य भनेको समाजमा मानिसको भलाइ गर्नु हो । आफ्नो क्षमता अनुसार घरपरिवार सञ्चालन गरी समाजमा अप्ठेरोमा परेका अरूलाई जीवन यात्रामा अघि बढ्न सकेको सहयोग गरी मार्ग निर्देशन गर्नु पनि मानिसको सामाजिक धर्म तथा सामाजिक कर्तव्य हो । धर्मको नाममा अन्धोभक्त बनेर मन्दिरमा देखावटी तामझामका पूजाआजा गर्ने तर व्यवहारमा अन्तर्घाती तथा अपराधिक काम गर्ने धर्मको उद्देश्य हुन सक्दैन ।

धर्म भनेको मानिसको अनुशासन तथा कर्तव्य पनि हो । २१ औँ शताब्दीमा मानिसको दुःखका प्रमुख कारणहरू राज्य सरकारका असक्षम कार्यनीति तथा काम, व्यवसाय नै नगरी सित्तैँमा खान खोज्ने बहुसङ्ख्यक युवा पुस्ताका नागरिकहरूको चरित्रका कारणले गर्दा विश्वमा धेरै देशका नागरिकहरूले अत्यधिक दुःख पाइरहेका छन् । मानिसले भाग्यले होइन काम, मिहिनेत र इमानदारिताले नै व्यवसायमा सफलता पाइन्छ ।

मन्दिर र देवालयहरू उद्देश्य प्राप्ति र मुक्तिका केन्द्र होइनन्, यिनीहरू त मनको शान्ति र अदृश्य ईश्वरको सृष्टि मानिसको

जीवन चरित्रलाई ध्यान तथा मनले भलाकुसारी गर्न आराम गर्ने स्थल हो । सुखमा हुर्किएको मानिसले भन्दा दुःख हुर्किएको मानिसले अवसर पाउँदा ९९% बढी प्रगति गर्न सक्छन् । संसारमा ९९% मानिसहरू दुःखमा हुर्किएकाहरूले नै समाजका विभिन्न क्षेत्रमा सफलता प्राप्त गरेका छन् । दुःखमा हुर्किएको मानिसलाई श्रम र जीवनको बारेमा थाहा हुन्छ भने सुखमा हुर्किएको मानिसलाई काम नगरी सित्तैँमा खान पाइन्छ भन्ने सोचाइ हुन्छ । अरूले सित्तैँमा दिएको रु. ५०००।- भन्दा आफूले श्रम गरेर कमाएको रु. ५००।- को बढी महत्त्व हुन्छ । किनकी त्यो रु. ५००।- कमाउन कति दुःख अनि श्रम गर्नुपर्‍यो अनि श्रम पसिना खर्च भयो भन्ने कुरा दिनभरि काम गर्नेलाई मात्र थाहा हुन्छ ।

बेला उमेरमा काम, श्रम नगरी सित्तैँमा खान बाँच्न खोज्नु भनेको जीवन मृत्यु भएसरह हो । त्यसैले त आदिकवि भानुभक्त आचार्यले आफ्नो कवितामा 'ज्यूँदै मर्‍याको भनी नाम कस्को ? उद्यमबिना बित्दछ काल जस्को' भनी लेख्नुभएको थियो । धर्मको नाममा आवश्यकताभन्दा बढी कडाई तथा स्वतन्त्रताको नाममा बढी छाडा र अश्लिलताले गर्दा समाजमा मानिसलाई सामाजिक सन्तुलन बिगार्दछ ।

## धार्मिक तथा सामाजिक संस्कारका सम्बन्धमा :

पृथ्वीमा मानिसको समुदायको विकाससँगै मानिसले जन्मदेखि मृत्युसम्ममा विभिन्न खालका सामाजिक परम्परा तथा संस्कारको थालनीहरू गर्दै गए । आ-आफ्ना समुदायका मानिसले अदृश्य जीवनलाई ईश्वरीय शक्तिको योगदान मानेर मन शान्ति तथा आत्म सन्तुष्टिका लागि विभिन्न सामाजिक कार्यहरू गर्न थाले । समुदायमा मानिसले जन्मदेखि मृत्युसम्म गर्ने न्वारान, व्रतबन्ध, पूजापाठ, प्रार्थना, विवाह, पशुपक्षी तथा प्रकृति तथा भूमिको पूजा, मृत्यु संस्कारमा गरिने विभिन्न संस्कारलाई आ-आफ्नो समुदायका अग्रजहरूको सल्लाहबमोजिम गरिएका विभिन्न कार्यहरू नै पछि धार्मिक तथा सामाजिक संस्कृतिका रूपमा विकास भएका हुन ।

मानिसले मनको शान्ति, आत्मको सन्तुष्टि, समाजको भलाइका लागि गरिएका विभिन्न सामाजिक संस्कारहरू नै बिस्तार धार्मिक आवरणमा विकास हुन थाले । राम्रो कामको थालनी तथा विकास र ग्रहण गर्नु नै धर्म हो । सबै धर्मको प्रमुख उद्देश्य भनेको समाजमा मानिसको भलाइ तथा सेवा गर्नु हो । यसरी विकास भएको सामाजिक आस्थाको धर्मलाई हामीले अनावश्यक पुरातनवादी कट्टर तथा स्वतन्त्रताको नाममा छाडा तथा आडम्बरी प्रवृत्तिले ग्रहण गर्नु हुँदैन । अनुशासन, शिक्षा, उद्देश्य, योजना र निरन्तरको मिहिनेतले मानिसलाई सफल बनाउँछ ।

म आफ्ना सन्ततिहरूलाई अब यो कुराको अनुरोध गर्दछु कि पूजापाठ तथा परापूर्व समयदेखि चलिआएको परम्परालाई हामीले सामान्य अनुशासित गरिकाले सम्पन्न गर्नुपर्दछ । दैनिक पूजापाठ (देवीदेवता) को फोटोमा दैनिक घडामा साजी पानी तथा उपलब्ध भएसम्मका फुलपाती चढाएर सिन्के धुप वा नेपाली कागजमा बाटेको धूप बालेर धुनी तथा घन्टी बजाएर नमस्ते गर्न अनुरोध गर्दछु । विशेष खालका ठूला पर्वहरू तथा पैत्रिक तिथिमा मात्र तेलको बत्ती बाल्न अनुरोध गर्दछु । दैनिक सामान्य पूजापाठमा अहिलेको आधुनिक प्रविधिको रङ्गीन बिजुलीबत्तीका चिमहरू बालिदिनुहुन अनुरोध गर्दछु । आफ्ना हजुरबुबा हजुरआमा तथा आमाबुबाको मृत्यु भइसकेको छ भने पूजाकोठामा देवीदेवताको फोटोसँगै उहाँहरूको फोटो राखेर एकमुष्ठमा घडामा पानी, फुलपाती तथा धूपहरू बालेर धुनी, घन्टी बजाई दुवै हात जोडेर नमस्ते गर्नुहुन अनुरोध गर्दछु । कृष्ण अष्टमी, तिहारको दीपावली, बालाचतुर्दशी, शिवरात्री, रामनवमी, पैत्रिक तिथिहरू लगायत केही कार्यहरू बाहेक अन्य कार्यमा तेलको बत्तीको प्रयोग नगर्नुहुन अनुरोध गर्दछु ।

स्वास्थ्य तथा सुरक्षाको दृष्टिकोणले तेलको बत्ती वास्तवमा हानिकारक नै भएकाले मैले आफ्ना सन्ततिलाई यो सन्देश भनेको हो । अहिलेको समयमा विद्युतीय रङ्गीन २-३ वाटका ५-६ थान चिमहरू २४ सैं घन्टा बालेर तेलको बत्तीको सट्टामा काम गर्नु अति

राम्रो हुन्छ । अहिले भारतका विभिन्न मुख्य मन्दिरहरूमा तेलको बत्ती बाल्न निषेध गरिएको छ । सम्पूर्ण मावन समुदायलाई थाहा नै छ तेलको बत्ती बालेको कारण धेरै मन्दिर धेरै देवालयमा धेरै मात्रामा कालो तथा फोहोर भएको हामी सबैले देखेका छौँ । सुरक्षा प्रविधिमा सर्तकता तथा सरसफाइ कायम राखिराख्नका लागि भारतका प्रमुख मन्दिरहरूमा तेलको बत्ती बाल्न बन्द गरिएको छ । हामीले नेपालमा पनि यस्तै खालको संस्कारको विकास गर्नुपर्दछ । मानिसले तेलको बत्ती बालेर मात्रै सबै कार्य सिद्धि तथा धर्म हुने भए त म पनि अरू सबै काम छोडेर काठमाडौँको पशुपतिनाथ मन्दिर परिसरको सत्तलमा बसेर आजीवन तेलको बत्ती बाल्ने थिए । यो मैले अरूको धार्मिक आस्था बिथोल्न तथा मनमा चोट पुऱ्याउन भनेको कुरा होइन । यथार्थपरक र वास्तविकतामा आधारित सन्देश दिन खोजेको मात्र हो ।

ए मेरा सन्ततिहरू ! सामाजिक संस्कारका सामान्य पूजापाठ श्राद्ध तिथीको कार्यमा ब्राह्मण (पण्डित) बोलाएर ब्राह्मणलाई पूजापाठ गरी सिदा दान गरेर एउटा सामान्य मजदूरले पाउने एक दिनको नगद पारिश्रमिक दिएर खाना खुवाएर पठाउने काम गर्नु । ब्राह्मण पण्डितले मानेसम्म तथा कर्ता तयार भएमा राजीखुसीका साथ सिदा दान सामान्य तरिकाले सङ्कल्प गरी सिदाको सामग्रीमा अबिर केशरीको फोहोर नगरिकन घडामा जल राखेर सिन्के धुप तथा आवश्यक कार्यमा मात्र तेलको बत्ती बालेर कार्य सम्पन्न गर्नुहुन अनुरोध गर्दछु । मेरा सन्ततिले मान्छौ भने म यो अनुरोध गर्दछु कि तिमिहरूले हाम्रो मेरो पुस्तादेखि गर्नुपर्ने श्राद्ध कार्यमा मात्र तेलको बत्ती बाल्नु अरू पूजापाठमा सिन्के धुप बालेर कार्य सम्पन्न गर्न म अनुरोध गर्दछु । त्यसका लागि ब्राह्मण पण्डितलाई पहिल्यै सल्लाह गर्नु ब्राह्मण (पण्डित) सँग विवाद गर्नु हुँदैन । दानदक्षिणाको हकमा मैले माथि भनेअनुसार न्यूनतम मापदण्ड प्रयोग गर्नु तर आफ्नो आर्थिक अवस्था राम्रो छ भने सकेको उचित दक्षिणा दिएर पठाउनु । पहिले दानदक्षिणा, पारिश्रमिक बढाएर पछि घटाउनु ठीक हुँदैन । कार्यक्रम कार्य गर्ने कर्ताको आर्थिक अवस्था राम्रो भएमा आफ्नो स्तर

अनुसार दानदक्षिणा दिनु राम्रो हुन्छ । कतिपय दुःखी पीडितको यस्ता सामाजिक कार्य पण्डितले निःशुल्क पनि गरिदिनुपर्दछ । अलि लामो समय लाग्ने पूजा पाठ व्रतबन्ध, विवाह कार्यमा चलनचल्ती तथा कर्ताको स्तरअनुसार दानदक्षिणा गर्नुपर्दछ । ब्राह्मण पण्डितहरूले पनि यस्तो कार्यबाट कर्ताको स्तर अनुसार सन्तुष्ट हुनुपर्दछ । सन्तोषी सदा सुखी असन्तोषी सदा दुखी भन्ने मुल भावनालाई ब्राह्मण पण्डितले बिर्सनु हुँदैन ।

हे छोराहरू तथा सन्ततिहरू हो ! काम-व्यवसाय, रोजगारीले गर्दा भोलि तिमीहरू पनि हामी जन्मदाता आमाबुबाको साथभन्दा टाढाटाढा बस्नुपर्ने बाध्यता हुन सक्छ । तिमिहरूले आफ्ना छोराछोरीलाई नेपाली भाषामा आमाबुबा, हजुरबुबा, हजुरआमा भन्न सिकाउन हामी अनुरोध गर्दछौँ । आफ्ना छोराछोरीहरूको नाम नेपाली भाषाको सिष्ट शब्दबाट राख्न अनुरोध गर्दछौँ । छोरा तथा छोरी जे भएपनि २ सन्तानभन्दा बढी सन्तान नजन्माउन अनुरोध गर्दछौँ । सृष्टिकी जननी नारीलाई २ सन्तानभन्दा बढी बच्चा जन्माउन लगाएर थप पीडा दिनु हुँदैन । अहिलेको २१ औँ शताब्दीको युगमा उचित शिक्षा दिएपछि छोरा छोरी बराबरी हुन, छोरा जन्मिएन भनेर ५-६ जना सन्तान जन्माउनु हुँदैन । जन्म, पालनपोषण, हुर्काउन, पढाउने काम अहिलेको समयमा साह्रै गाह्रो भएकाले सबै कुराको ख्याल गर्न अनुरोध गर्दछु । अखाद्य पदार्थ जाँडरक्सी, चुरोट, बिँडीको सेवन नगर्नु । पढाइ सकेपछि वा पढाइका स्तर कमजोर हुनेले पनि प्राविधिक शिक्षाका तालिम गरी कृषि, निर्माण, व्यापार, पशुपालन तथा आफ्नो इच्छा, सीप, क्षमता अनुसारको कामको अध्ययन तालिम गरेर काम व्यवसाय सञ्चालन गरी समय उमेर पुगेपछि विवाह घरगृहस्थी गर्न अनुरोध गर्दछु ।

विवाह बन्धनमा बाँधिएका कतिपय सन्ततिको सन्तान वंश वृद्धि नभएमा चिन्ता नगर्न अनुरोध गर्दछु । आखिरी जीवन सबैको एक दिन अन्त्य हुने नै हो, वंश बिस्तार हुनेहरूले पनि यो मर्त्यलोकमा जन्मने, हुर्कने, दुःख गर्ने, अन्त्यमा मृत्युको बाटोमा जानुपर्ने, शाश्वत सत्य हामी सबैलाई थाहा छँदैछ, त्यसैले सन्तानको

वंश विस्तार नभएका दम्पतीले तिनीहरूका सन्तानले यो मर्त्यलोकमा जन्मनु मर्नुपर्ने सारा पीडाबाट मुक्ति पाउने भएकाले कुनै पनि चिन्ता नगरी जीवनको ऊर्जाशिल समय उमेरमा कमाइ तथा बचत गर्न सकेमा आफ्नो नामबाट सामाजिक कोष खडा गरी सामाजिक काममा त्यस्तो रकमको आम्दानी खर्च गर्न अनुरोध गर्दछु ।

## सामान्य जीवनशैली, विवेकशील र सामाजिक भावना :

सामान्य जीवनशैलीको स्तरमा जीवन सञ्चालन गर्नु घरपरिवार तथा समाजप्रति विवेकशील र सबैप्रति सद्भावका साथ असल मानिस बनेर समाजमा मिलेर बस्नु पृथ्वीका मानिसको प्रमुख कर्तव्य हो । असल मानिसहरूको यस कार्यलाई सादा जीवन उच्च सामाजिक विचार पनि भनिन्छ । म आफ्ना छोरा तथा सन्ततिहरूलाई सादा जीवन उच्च सामाजिक विचारको जीवनशैली अपनाउन अनुरोध गर्दछु ।

मेरो मान्यताअनुसार विश्वबाट जाँडरक्सी तथा सुर्तीजन्य पदार्थको उत्पादन तथा बिक्री पूर्ण रूपमा बन्द हुनुपर्छ भन्ने मेरो मान्यता रहेको छ । विश्वमा सुर्तीजन्य पदार्थको सेवनले अल्पायुमै वर्षेनी करोडौँ मानिसको जीवन बितेको छ भने अर्बौं, खर्बौंको सम्पति समाप्त भएको छ । राज्यले पनि यस्ता खराब पदार्थहरूको उत्पादन बिक्री वितरणबाट करोडौँ राजस्व सङ्कलन गरे तापनि सुर्तीजन्य पदार्थ जस्ता मन्दविषको सेवनले मानिसको अल्पायुमा मृत्यु तथा सम्पतिको समाप्ती तथा परिवारको बिचल्ली भएको छ । राज्यले सङ्कलन गरेको राजस्वभन्दा स्वास्थ्य उपचारमा खर्च बढी हुने कारणले गर्दा यस्ता खराब वस्तुहरूको उत्पादन तथा बिक्री बन्द गर्नु नै सबैभन्दा उचित काम हुन्छ । अझ मदिराजन्य जाँडरक्सी तथा विभिन्न नामका रक्सीको सेवनले मानिसको शरीर कमजोर हुने रक्सीको कुलतमा लागेका मानिसहरूले छोटो समयमै आफ्नो सम्पतिसमेत समाप्त पारी आफु तथा परिवारको बिचल्ली हुने तथा मदिराको सेवनले मानिसले विवेक गुमाएर सानादेखि ठूलासम्मका अपराधिक घटनाहरूसम्म हुने गरेकाले सुर्तीजन्य पदार्थको तुलनामा

करोडौँ गुना घातक मदिराजन्य पदार्थको उत्पादन तथा बिक्री विश्वका सरकारले तुरुन्तै बन्द गर्नुपर्दछ । समाजमा सुर्तीजन्य पदार्थ तथा मदिराजन्य पदार्थको प्रयोग सेवनले मानिसले भोगेका समस्या तथा विपत्तिबाट सबैले यस्ता अखाद्य पदार्थ सेवन गर्नबाट टाढै रहनुपर्दछ । उत्ताउलो तथा छाडा प्रवृत्तिका कपडा लगाउने, अमर्यादित जीवनशैलीमा हिँड्ने काम बन्द गर्नुपर्दछ ।

सादा जीवन उच्च सामाजिक विचारले नै मानिसलाई सभ्य र मर्यादित बनाउँछ । मेरो छोरा तथा सन्ततिहरूले आम्दानी अनुसारको खर्च तथा साधारण जीवनशैली अपनाउन भन्ने म अनुरोध गर्दछु । सामान्य न्यूनतम स्तरको काम चलाउ जीवनशैलीमा बाँच्ने खानपिन तथा कपडा पोशाकमा जाडो गर्मीका २-२ जोर कपडा तथा जम्मा २ जोर जुत्ता तथा बढीमा २ जोर चप्पलको प्रयोग गर्न म अनुरोध गर्दछु । जीवनमा दुःख र अभाव के हो त्यो सबै मैले भोगेको, देखेको हुनाले म आफ्ना सन्ततिलाई सादा जीवनशैली बिताउन अनुरोध गर्दछु ।

आफ्नो बेला उमेरमा कमाएको रकमबाट न्यूनतम खर्च गरी सकेको रकम बचत गर्नु पनि मानिसको सबैभन्दा असल बानी हो । अहिलेको प्रतिस्पर्धाको समयमा सामान्य काम व्यवसायबाट घरपरिवार चलाएर आर्थिक रकम बचाउन पनि गाह्रो हुने समय आएको छ । फजुल खर्च जोगाउनु पनि मानिसको बचत तथा कमाइ हो । हामीले खर्च गरेको फजुल खर्चले समाजमा अरू अप्ठेरोमा परेकाहरूलाई पनि हामीले सहयोग गर्न सक्छौं, त्यसैले फजुल खर्च नगरी न्यूनतम आवश्यकीय खर्च मात्रै गरेर आफ्नो आम्दानी स्तरले भ्याएमा सकेको सहयोग हामीले मानव समाजमा पनि गर्नुपर्दछ । मैले समाजमा यस्ता मानिसहरू पनि धेरै भेटेको छु, जो दिनमा एक्लै फजुल चिया चुरोटमा आज मिति वि. सं. २०८१ श्रावणमा नै ४-५ सय तथा मदिराजन्य पदार्थको सेवनमा ४-५ हजारसम्म खर्च गर्नेले घरमा घरपरिवारलाई सामान्य फलफुल, सागसब्जी खरिदका लागि भने ४-५ सय खर्च गर्नसमेत घरमा बेवास्ता गरी पारिवारिक कलह बढेका लाखौँ घटनाहरू समाजमा भइरहेकाले एक असल

नागरिकहरूले जिम्मेवार परिवारको सदस्य बनेर आ-आफ्नो जिम्मेवारी पूरा गर्नुपर्दछ ।

हिन्दू धार्मिक परम्परामा अहिलेको युगलाई कलियुग भनिन्छ । यो कलियुगमा अखाद्य पदार्थको उत्पादन, लागु औषधिको उत्पादन बिक्री तथा सेवन, बेश्यालयको यौन व्यापारले सामाजिक विसङ्गति तथा नारीहरूको बिचल्ली, रोगब्याधिको प्रकोप, जुवा तास र क्यासिनो भन्ने धनसम्पत्तिको सत्यानासी सिनाको कुलतले कैयौँ मानिसले एकै दिनमा सारा सम्पतिको सर्वनास गरी घरपरिवारमा आर्थिक विपत्ती ल्याउनेजस्ता मानवीय हितविपरीतका गलत काम गरिरहेका छन् । यस्ता गलत खालका कार्यहरू सभ्य समाज निर्माण गर्नका लागि सबै देशका राज्य सरकारले बन्द गर्नुपर्दछ । सद्दे जिन्स पाइन्टलाई १० ठाउँमा टालेर लगाउने, केटा मानिसले ट्यापे, टाटु खोप्ने, कुण्डल, मुण्डल लगाउने तथा ९-१० वर्षको उमेरमै नौरङ्ग पाराङका कपाल काटेर १० औँ थरिका बाँदरे मेहन्दी कपालमा लगाउने काम बन्द गर्नुपर्दछ । नारीहरूले सभ्य पोशाक लगाएर हिँड्नुपर्दछ । उताउला कपडा लगाएर हिँड्ने अनि हाम्रो सुरक्षा भएन भनेर अलापविलाप गर्नु हुँदैन । नारीहरूले मात्र आवश्यक परेमा ४० वर्षभन्दापछि मात्र कपालमा मेन्दीका कालो रङ्ग लगाउनुपर्दछ । सामान्य जीवनशैलीले मात्र मानिस अनुशासित र सभ्य नागरिक बन्न सक्छ भन्ने कुरा सबैले बुझ्नुपर्दछ ।

समाजमा विकृति र असभ्य समाज निर्माण गर्ने खालका सम्पूर्ण कार्यहरू टोल समुदायमा सबै मिलेर बन्द गर्नुपर्दछ । सञ्चार प्रविधिको विकाससँगै साना साना बालबालिकालाई मोबाइल तथा ट्यावलेट भिडियोमा विभिन्न खालका घातक भिडियो खेलहरू पब्जी तथा अश्लील गेमका साइटहरूलाई सरकारले पूर्ण रूपमा बन्द गर्नुपर्दछ । अहिलेको बालबालिका तथा विद्यार्थीहरू दिनमा १७-१८ घन्टासम्म मोबाइल, कम्प्युटरको फजुल साइटमा व्यस्त रहने तर पढाइलेखाइ तथा दैनिक कार्यमा २-३ घण्टा समय नदिने संस्कारको विकास भइरहेको चिन्ताजनक अवस्थाले विद्यार्थीको शैक्षिक स्तर ध्वस्त हुँदै गएकाले यस्ता गलत विद्युतीय साइटहरू सरकारले तुरुन्तै

बन्द गर्नुपर्दछ । मानव-अधिकार र स्वतन्त्रताको नाममा यस्ता गलत विद्युतीय साइटहरू नयाँ पुस्ताका विद्यार्थी तथा युवाका लागि **विनाशकाले विपरीत बुद्धि** नबनुन् भन्ने मेरो सम्बन्धित पक्षलाई अनुरोध छ ।

म आफ्ना सन्ततिलाई विवाह, नाता सम्बन्ध कायम गर्दा आफ्नो धर्म-संस्कृति मिल्ने समुदायसँग मात्र विवाह, नातासम्बन्ध कायम गर्न अनुरोध गर्दछु । धर्म-संस्कृति फरक फरक भएका समुदायसँग विवाह सम्बन्ध नाता कायम गर्दा धेरै मानिसको जीवनमा समस्या आइरहेकाले आफ्नो धर्म-संस्कृति अनुसार पुरानो नातासम्बन्धलाई अप्ठेरो नपर्ने गरी आफन्तसँग राम्ररी बुझेर नियम कानुनको परिधिभित्र रहेर मात्र विवाह नाता सम्बन्ध कायम गर्न अनुरोध गर्दछु । विवाह कार्यमा केटा पक्षबाट केटी पक्षलाई अनावश्यक दाइजो (दान दक्षिणा) माग्नु हुदैन ।

वर्तमान शिक्षा, विज्ञान र प्रविधिको युगमा मानिसले आफूले राम्रोसँग पढलेख गरी प्राविधिक शिक्षा सिकेर आफूलाई इच्छा लागेको काम, व्यवसाय गरी घरपरिवार सञ्चालन गर्न सकिन्छ । २४-२५ वर्ष पुगेका नौजवानहरूले वर्तमान शिक्षा प्रविधिको युगमा अरूसँग दाइदो लिएर भिखारी जीवन बिताउन खोज्नु भनेको असक्षम र ज्यूँदो लास हुनु हो । इच्छुक व्यक्तिहरूले जन्मदिवस (बर्थ डे) सामान्य तरिकाले मनाउनुपर्दछ । हाल नेपालमा जापानदेखि क्यानडासम्मका विभिन्न अनावश्यक चलनहरू भित्रिन थालेका छन् । वैदिक सनातन हिन्दूधर्मावलम्बीहरूले विवाहमा हल्दी, मेन्दी, बेबी सावरको नाममा भूँडीको फोटो सेसन, भ्यालेन्टाइन डे, भाले दिवस, पोथी दिवस नामका नौरङ्ग पाराङ्गका के के अनावश्यक नौटङ्कीहरू गर्नु आवश्यक छैन । यी अनावश्यक के के नामका दिवसहरू धन हुनेले फजुल खर्च गर्ने मट्याङ्ग्रे प्रवृत्तिहरू हुन् । समाजका जेष्ठ नागरिकहरू तथा आफ्ना अग्रजहरूबाट जीवनउपयोगी शिक्षा लिएर समय उमेरमा मिहिनेतका साथ काम गरेर घरपरिवार सञ्चालन गरी समाजमा आफ्नो आर्थिक क्षमता अनुसार सामाजिक योगदान गर्नु असल मानिसको प्रमुख कर्तब्य हो ।

आजको समय प्रतिस्पर्धा र महँगीको जमानामा सामान्य काम व्यवसाय हुनेले शहरी क्षेत्रमा घरबासको व्यवस्था गर्न नसक्ने अवस्था आएकाले आफ्ना पूर्वजहरूको जन्मस्थान आफ्नो जन्मस्थान तथा आफ्ना आफन्त समुदाय रहेको यातायातको सुविधा पुगेका मध्य पहाडी गाउँहरूमा बसेर समुदायमा अरूसँग मिलेर घरपरिवार सञ्चालन तथा गाउँको विकासमा सहयोग गर्न म हाम्रा सन्ततिहरूलाई अनुरोध गर्दछु ।

कामको अवसर रोजगारी तथा अध्ययनका लागि नेपाल बाहिर जापानदेखि युरोप, अमेरिका, क्यानडासम्म पुग्ने मेरा सन्ततिहरूले सकेसम्म त्यहाँ देखेका सिकेका विकास, प्रविधि, सीपलाई नेपालमा ल्याएर निश्चित समय विदेशमा बसेर आएपछि उपयोगमा ल्याएर देश विकासका लागि योगदान गर्नुपर्दछ ।

प्राकृतिक विविधताले भरिएको जलस्रोतको धनी देश नेपालमा सरकारले जलस्रोत, जमिन, वनजङ्गलको उचित उपयोग गर्दै कृषि व्यवसायबाट नेपाललाई खाद्यान्नमा निर्भर गराई विदेशमा समेत कृषि उपजसमेत बिक्री गरी नेपालमा ठूला आयोजनाबाट विद्युत उत्पादन गरी बङ्गलादेश, भारत, पाकिस्तानसम्म निर्यात गरेर नेपालमा पर्यटन तथा वनस्पति र वनपैदावरको उच्च विकास गरी नेपाललाई युरोपको भुपरिवेष्ठित देश स्वीजरल्यान्डसरह आर्थिक सम्पन्न बनाउने कार्यमा राज्यका नेतृत्वकर्ता तथा देशवासी नागरिक मिलेर अघि बढ्नुपर्दछ ।

घरपरिवारमा आफू सामान्य जीवनस्तर सञ्चालन गर्न सक्षम भएपछि जीवनमा असल बाटोमा हिँडेर पनि जिवीका सञ्चालन गर्न विविध कारणले गाह्रो परेका आफ्ना नजिकका दाजुभाइ, इष्टमित्र, आफन्त तथा समाजलाई आफ्नो आर्थिक स्तर अनुसार सकेको सहयोग गर्नुपर्दछ ।

यस्तो किसिमको सामान्य र विवेकशील जीवनशैलीले सादा जीवन र उच्च सामाजिक विचारलाई घरपरिवार समाजमा कार्यान्वयन गर्न सकिन्छ ।

## हाम्रो मृत्युसंस्कार सम्बन्धमा :

जन्म, विकास, अन्त्य पृथ्वीको प्राकृतिक नियम नै हो । पृथ्वीको रमणीय प्राकृतिक स्थलमा चेतनशील प्राणी मानिसको जीवनमा जन्म, विकास र मृत्युमा नै जीवनयात्रा घुमिरहेको छ । ईश्वरको सुन्दर सृष्टि यो पृथ्वीमा मानिसको जीवन यही पृथ्वीको माटोमाथि जन्मिएर अन्त्यमा मानिसको जीवन यही पृथ्वीको माटोमा समाधिस्त भएर समाप्त हुन्छ । जीवन अमुल्य छ, मृत्यु निश्चितछ । मर्न कसैलाई रहर हुँदैन । तर अजम्बरी कोही मानिस तथा प्राणी छैनन । अदृश्य शास्वत रहेको मृत्यु मानिसको जीवनमा २ दिनको जीवन यात्राको गोलचक्करमा मानिसले कुन दिन आफ्नो शरीरबाट प्राण (आत्म) उडेर पृथ्वीबाट बिदालिई ब्रम्हलिन हुनपर्ने हो त्यो दिन कुनै पनि मानिसलाई थाहा हुँदैन । मानिसलाई २५-२६ वर्षको निरोगी शरीर तथा सम्पन्न आर्थिक अवस्थाको अजम्बरी जीवन बाँच्ने रहर हुन्छ तर त्यो सम्भव छैन ।

आज अहिलेसम्मको अवस्था भन्न सकिन्छ । अहिलेभन्दा १ सेकेन्ड पछिको अवस्था भन्न सकिदैन । हिजो र आजको अवस्था मानिसलाई थाहा हुन्छ, अहिले एकछिनपछि वा भोलिको जीवनको अवस्था मानिसलाई थाहा हुँदैन । हिजो र आजको अवस्था मात्र थाहा हुने पछि वा भोलिको अवस्था थाहा केही नहुने र भन्न नसकिने हुनाले मानिसको जीवनलाई दुई दिनको घामछायाँको चोला र कर्कलाको पातको पानी भनिएको हो ।

दुःख, सुख, रोगब्याधी, सामन्य घटना, अकल्पनीय दुर्घटना र भयावह अवस्थाको परिस्थिति पनि लाखौं, करोडौं मानिसले पृथ्वीमा आ-आफ्ना जीवनयात्रामा सञ्चालन गरिहेका छन् । पृथ्वीमा मानिसका समुदायहरूमा विभिन्न सुखदुःखका कार्यहरूसँगै मृत्यु संस्कारमा पनि आ-आफ्नो तरिकाले सामाजिक संस्कार गर्ने गरेका छन् । हाम्रो हिन्दू संस्कार अनुसार म मेरा सन्तति तथा आफन्तलाई वैदिक सनातन हिन्दू परम्परा अनुसार सामान्य तरिकाले मृत्यु संस्कारका कार्यहरू गर्न अनुरोध गर्दछु ।

केही अकल्पनीय तथा व्यक्तिगत लापरबाहीका कारणले अल्पायुमा भएका मृत्यु घटनाबाहेक प्रायः मानिसको मृत्यु ईश्वरको खटनपटन अनुसार हुन्छ भन्ने हामी सबैले बुझ्नुपर्दछ । मानिसको उमेर वृद्धिसँगै शारीरिक अवस्था कमजोर भएर जेसुकै कारणले मृत्यु भए तापनि मानिसको मृत्यु वास्तवमा ईश्वरले हिजो तोकिदिएको अदृश्य समयमा हुने गर्दछ । प्रायः मानिसलाई कम्तीमा ठूलो रोगब्याधि नलागीकन ८०-८२ वर्षसम्म बाच्ने इच्छा हुन्छ । मानिसको जीवनमा कतिपय अकल्पनीय घटना, कतिपयलाई ठूलो रोग लागेर तथा बालककालीन समय तथा अल्पायुकालीन समयमा मानिसको अकल्पनीय मृत्यु हुने गरेको छ । मलाई पनि सकभर ठूलो रोगब्याधि नलागिकन कम्तिमा ८२-८३ वर्षसम्म बाँच्न पाइयोस् भन्ने इच्छा भित्री मनमा लागेको छ । म आफूभन्दा २-३ वर्षअघि श्रीमतीको मृत्यु होस्, परिवारका कनिष्ठ सदस्य कसैको पनि आफूभन्दा अगाडि मृत्यु नहोस् भन्ने मेरो भित्री मनको इच्छा तथा चाहनाको मैले सङ्कल्प गरेको छु ।

प्रायः पृथ्वीको मानिसका समाजमा सबैको यही नै इच्छा हुन्छ, बाँकी जीवन भागभोग त कहिलेसम्मका लागि भन्ने कुरा अदृश्य शक्ति ईश्वरको हातमा निर्भर रहने गर्दछ । अनुशासित तथा विवेकशील तरिकाले जीवनयापन गर्दै अखाद्य तथा शरिरका लागि हानीकारक पदार्थहरूको सेवन नगरिकन सामान्य खानपिन तथा आवश्यकता अनुसार क्षमता अनुसारको स्वास्थ्य उपचार गर्दै स्वच्छ जीवनशैलीमा रहेर जीवनयात्रा सञ्चालन गर्दै गएपछि बाँकी जीवनको यात्रा भनेको अदृश्य शक्ति इश्वरको हातमा निर्भर रहोस् भनी मानिसले चित्त बुझाउनुपरेको छ ।

मृत्युसंस्कारमा म मेरा सन्तति तथा आफन्तलाई यो अनुरोध गर्दछु कि हे मेरा छोराहरू तथा सन्ततिहरू मेरो शरीरको अन्त्येष्टी गर्दा सकभर सम्भव भएसम्म मेरो शरीरका आँखाहरू तथा मृगौला २ अङ्गलाई मानिसका लागि दान दिनका लागि अनुरोध गर्दछु । म मेरा छोराहरूलाई मेरो उमेर ७० वर्ष नाघेपछि सामान्य बाहेक क्षमताभन्दा बढी खर्च लाग्ने गरी स्वास्थ्य उपचारमा खर्च नगर्न

अनुरोध गर्दछु । मेरो स्वास्थ्य उपचारमा ४-५ लाखभन्दा बढी नेपाली रकम खर्च गरेर तिमीहरूको आर्थिक अवस्था कमजोर भएमा बाँच्ने कनिष्ठ सदस्यले पनि आफ्नो दैनिक कार्य सञ्चालन तथा व्यवहार चलाउनुपर्ने भएकाले सामान्यभन्दा बढी खर्च गरेर बुढो छिप्पिएको शरीरलाई बचाउनु आवश्यक नपर्ने भएकाले ७०-७२ वर्ष उमेर पुगेपछि मेरा सन्ततिहरू कसैले पनि स्वास्थ्य उपचारमा महँगो खर्च नगर्नुहुन अनुरोध गर्दछु ।

हाम्रो परिवारमा पुरुषभन्दा पछि विवाहित महिला सदस्यको मृत्यु भएमा उनीहरूले श्रीमान्ले विवाहमा दिएको पोते र सिउँदोको सिन्दुरबाहेक सम्पूर्ण अन्य सामग्री तथा रातो कपडाहरू यथावत लगाउन अनुरोध गर्दछु । विवाहमा श्रीमान्ले पोते र सिउँदोको बीचको सिन्दुर मात्र श्रीमतीलाई लगाइदिने हुनाले यी दुई चीजबाहेक अन्य सामग्री नारीले आफैँ जन्मसिद्ध पाएको अधिकार हुनाले परित्याग नगर्न म सबै सन्ततिलाई अनुरोध गर्दछु । साथै मभन्दा पछि मेरी श्रीमतीको मृत्यु भएमा म मेरी श्रीमतीलाई १२-१३ दिनसम्म मात्र सेतो पहिरनमा बस्न तथा त्यसपछि बाहिर निस्किएपछि १ वर्षसम्म हरियो कपडा लगाउन अनुरोध गर्दछु ।

मेरो अन्त्येष्टि गर्दा सकभर उपलब्ध भएसम्म वातावरण प्रदूषण नियन्त्रण तथा प्राकृतिक पर्यावरण सन्तुलनका लागि विद्युतीय मेसिन प्रयोग गर्नका लागि म सन्ततिलाई अनुरोध गर्दछु । दाउराको चितामा मेरो अन्त्येष्टि गरेमा हालसम्म हिन्दू समाजमा चलेको अन्त्येष्टिको अन्त्यमा बाँकी सानो शरीरको अङ्ग (अस्तु) सेतो कपडामा बेरेर खोलामा बगाउदा मांसाहारी जनवारहरूले खोलामा फेला पारेपछि अस्तुको दुरूपयोग गर्ने हुनाले यस्तो चलनको परम्परा मलाई ठीक नलाग्ने कारणले गर्दा यस्तो कार्य बन्द गरी अस्तु सेलाउँदा खरानीलाई मात्र खुला रूपमा मेरो जहाँ अन्त्येष्टि भए तापनि अस्तु सेलाउने काम नगरिदिनुहुन र अन्त्यमा चिताको खरानी पानीले पखालेर विसर्जन गरिदिनुहुन अनुरोध गर्दछु ।

मृत्युसंस्कारको आशौचमा बस्दा नुहाइधुवाइ गर्दाबाहेक शौचालयमा जाँदा-आउँदा आवश्यक परेको बेलामा साबुन-पानीले

मिचिमिची हात धुन अनुरोध गर्दछु । कथंकदाचित कर्ताहरूले काजक्रियामा बसेको समयमा १२-१३ दिनभित्रमा कनिष्ठ व्यक्तिको मृत्यु भई आशौच बसेको समयमा एउटै बाजेको ३ पुस्ते सन्तानभित्र ज्येष्ठ सदस्यको मृत्यु भएमा त्यही कर्ताले काजक्रिया गर्नुपर्ने बाध्यात्मक अवस्था भएमा आशौचलाई एकजना कर्ताले मात्र आशौचमा बसेर लगातार काजक्रियाको कार्य अघि बढाउनका लागि आवश्यकता परेमा मात्र आपसी छलफल गरेर थप्नका लागि हामी अनुरोध गर्दछु । एउटै हजुरबुबाका सन्तानको तीनपुस्तेभित्र आफैँले काजक्रिया गर्नुपर्ने अनिवार्य अवस्थाबाहेक अन्यको हकमा १२-१३ दिनमा काजक्रियाको काम सम्पन्न गर्न अनुरोध गर्दछु । यस्तो काजक्रिया सामाजिक संस्कारको नाममा समय थप गरी बस्दा कहिलेकाही महिनौँ पनि जान सक्छ र कर्तालाई अनावश्यक दुःख हुन सक्छ । त्यसकारण यस्ता झन्झटिला अनावश्यक संस्कारको हामीले अन्त्य गर्नुपर्दछ ।

मानिस सबैको मृत्यु ७० वर्षमाथि हुन्छ भन्ने कुनै निश्चित छैन । त्यसकारण वर्तमान समाजमा चलेको ५ दिन ७ दिनको काजक्रिया गर्ने परम्पराको हल्ला अनुसारको काजक्रिया नगर्न म मेरा सन्ततिलाई अनुरोध गर्दछु । मानिस आमाको गर्भमा ९-१० महिना बस्ने भएकाले हाल नेपालको संविधानमा पनि नेपाल सरकारले आफ्ना कर्मचारीलाई न्यूनतम १२-१३ दिनको आशौचसमेत १५ दिनको काजक्रिया बिदा दिने सरकारी नियम अनुसार तथा हाम्रो आर्य हिन्दू संस्कारमा एउटै कुलमा दिवाली पूजा गर्ने दाजुभाइले १० औं दिनमा चोखिन पाउने र मुख्य कर्ताहरूले १२-१३ दिनमा चोखिएर बाहिर निस्कने नियमको पालना गर्न म मेरा सन्ततिलाई अनुरोध गर्दछु । आफन्त वियोगको पीडा, मानसिक तनाव तथा स्वास्थ्य तथा विविध कारणले गर्दा १२-१३ दिनसम्म आशौचमा भित्र बसेर काजक्रिया गर्ने काम उपयुक्त तथा उच्च सामाजिक संस्कार भएकाले त्यसो गर्न म आफ्ना छोराहरू तथा सन्ततिलाई अनुरोध गर्दछु । कतिपय मृत्युका घटनाहरू अकल्पनीय तथा अल्पायुमा भई परिवारका अन्य सदस्यको समेत जीवन जोखिममा पर्ने भएकाले

काजक्रियामा बस्ने कर्तालाई घरपरिवारका सदस्य तथा नजिकका आफन्तहरूले कुर्ने तथा सम्झाउने कार्यका लागि १२-१३ दिनसम्म कर्तालाई कुर्ने काम गरिएको हो ।

परिवारका सबै कर्ता सदस्यहरूले १२-१३ दिनसम्म पुरुष तथा महिलाले अलग-अलग भान्छाको व्यवस्था गरेर सभ्य तरिकाले कर्ताहरूले काजक्रियामा बस्नुपर्दछ । मृत्युसंस्कारमा मैले दिएका सन्देशहरू मेरा छोराहरू तथा मेरा सन्ततिका लागि भएकाले अन्य महानुभावहरूले यसलाई अनावश्यक टीकाटिप्पणी नगरिदिनुहुन अनुरोध गर्दछु । अहिलेको विकसित समयमा मृत्युसंस्कारमा पण्डितले गर्ने दैनिक पुराण वाचन, मृतकको फोटोमा धुपबत्ती बाल्नेबाहेक दैनिक अनावश्यक रूपमा चामलको खिर पकाएर खोलामा फाल्ने चलनको अन्त्य गर्न म मेरा छोराहरू तथा अन्य सन्ततिहरूलाई अनुरोध गर्दछु । तीतेपाती तथा अन्य काठको स्ट्यान्ड बनाएर अनावश्यक केटाकेटीले खेलेको जस्तो केके गरी खिर पकाएर फाल्ने काम नगर्न म मेरा छोराहरू तथा सन्ततिलाई अनुरोध गर्दछु । मृत्युकर्ममा बस्दा अहिलेको विकसित युगमा मृतकको फोटो सबैसँग उपलब्ध हुने हुनाले मृत्यु कार्यमा मृतकको फोटोसँगै सिन्केधुप तथा तेलको बत्ती बालेर घडामा पानी राखी सामान्य तरिकाले पण्डितलाई दैनिक न्यूनतम ज्याला दिएर कार्य सम्पन्न गर्न म मेरा छोरा तथा सन्ततिहरूलाई अनुरोध गर्दछु ।

जीवित हुँदा आफ्ना अभिभावक तथा परिवारका सदस्यलाई एक कप तातो पानी, एक कप दूध तथा आफ्नो हैसियत अनुसारको सामान्य खाना नदिने मृत्यु भएपछि पण्डितलाई मृतकको नाममा १० औँ थरिका रङ्गविरङ्गका दान नगर्न म मेरा छोरा तथा सन्ततिलाई अनुरोध गर्दछु । मानिसले खान पाउने भनेको जीवित हुँदा मात्र हो । मृत्यु भएपछि मृतकको नाममा दशौंथरि दान गर्नु आवश्यकता छैन । यस्तो अडम्बरी नचाँहिने संस्कार गर्नु भनेको कर्ताको पुरानो मानसिक सोच तथा पण्डितको थप आर्थिक आय आर्जन गर्ने मेलो मात्र हो । कर्ताले आफूले काम लगाएको दैनिक न्यूनतम एउटा मजदुरले दिनभरि श्रम गरेर पाउने ज्यालाको हिसाबले पण्डितलाई

पारिश्रमिक दिनुपर्दछ । मृतकको पारिवारिक आर्थिक अवस्था साह्रै कमजोर भएमा मृतक परिवार तथा दाजुभाइहरू र पण्डित मिलेर त्यस्ता मृतकको कार्य सामान्य तरिकाले सम्पन्न गर्नुपर्दछ । यसरी दैनिक न्यूनतम पारिश्रमिकमा पण्डितले मृत्युसंस्कारका कार्यहरू नगरेमा त्यस्ता पण्डितलाई सामाजिक बहिष्कार गर्नुपर्दछ ।

पण्डितले दैनिक पारिश्रमिक तथा अन्य खर्चको रकम ठूलो मात्रामा माग गरेमा पण्डितलाई बहिष्कार गरी मृतकको फोटोसँगै घडामा पानी राखी सिन्केधूप तथा तेलको बत्ती दियोमा बालेर १२-१३ दिनसम्म आशौचमा बसी काजक्रिया सम्पन्न गरेर छोरीचेलिलाई सेतो टीका लगाई चोखिएर काजक्रिया सम्पन्न गरी बाहिर निस्कन म मेरा सन्ततिलाई अनुरोध गर्दछु । त्यसपछि १५ दिन, १ महिना, ६ महिनामा फोटो राखेर श्रद्धाञ्जली गरी १ वर्षको वार्षिक कार्य सम्पन्न गरेर काजक्रियको कार्य सम्पन्न गर्न म मेरा सन्ततिलाई अनुरोध गर्दछु । आफ्ना परिवारका मृतक अभिभावक तथा सदस्यहरूलाई कम्तीमा वर्षको १ पटक संझेर श्रद्धाञ्जली गरून् भनेर राखेको वैदिक हिन्दू परम्परा अनुसारको संस्कारलाई सामान्य तरिकाले वर्षैपिच्छे श्रद्धाञ्जली (श्रद्धा) को कार्य सम्पन्न गर्न म मेरा सन्ततिहरूलाई अनुरोध गर्दछु ।

## मेरो जीवनका केही महत्त्वपूर्ण मार्गनिर्देशक, आफन्त तथा असल मित्रहरू :

मानिस सामाजिक प्राणी हो । मानिसका लागि जन्मदेखि मृत्युसम्म घरपरिवारदेखि समाजमा जीवन निर्वाह तथा जीवनयात्रा सञ्चालन गर्नका लागि घरपरिवारका सदस्यदेखि समाजका विभिन्न व्यक्तित्व तथा असल मित्रहरूको आवश्यकता महत्त्वपूर्ण हुन्छ । मेरो जीवनमा पनि अहिलेसम्मको जीवनयात्राको क्रममा अमूल्य योगदान तथा सहयोग गर्नुहुने केही व्यक्तित्वहरू, मार्गनिर्देशक, आफन्त तथा असल मित्रहरूको योगदान तथा भूमिकाको सम्बन्धमा छोटकरीमा यस कृतिमार्फत म जानकारी गराउन चाहन्छु ।

सर्वप्रथम मलाई सकुशल जन्मदिने आफ्नो क्षमता अनुसार पालन पोषण शिक्षादिक्षा दिइ मलाई शिक्षाको उज्यालो घामबाट मेरो ज्ञान तथा ज्योतिको ढोका खोलिदिनुभै मलाई असल र सक्षम नागरिक बनेर आजको यो अवस्थामा पुऱ्याउन मार्गनिर्देशन तथा अमूल्य योगदान गर्नुहुने मेरो जन्मदाता साक्षात ईश्वर परमपूज्य आमाबुबा हरिमाया गौतम तथा खगेन्द्रमणी गौतमको अमूल्य योगदान रहेको छ । मलाई इमान्दार तथा असल नागरिक बन्ने सत्मार्गमा लाग्न अर्ति उपदेश दिनुहुने मामाघरका हजुरबुबा बद्रीनाथ ढङ्गेल हजुरआमा निरुमाया ढुङ्गेल तथा ठूलाबुबा-ठूलीआमा रामकृष्ण गौतम तथा तुलसादेवी गौतम दाजु दिदीहरूमा विशेष आभार प्रकट गर्दछु ।

मेरो अध्ययनको क्रममा गाउँघरको स्कुलदेखि काठमाडौंको क्याम्पस पढाइ बसाइसम्म आफ्नो अमुल्य योगदान गर्ने मेरो जेठी बहिनी देवकीको भूमिकालाई मैले जीवनपर्यन्त बिर्सनु हुँदैन । बास्तवमा मलाई जीवनमा पढाइ तथा आर्थिक विकासका लागि आमाबुबा पछि बहिनी देबकीको भूमिका महत्त्वपूर्ण रहेको छ । मैले आफ्नो सम्पूर्ण कर्तव्य पुरा गरी जीवनयात्रामा मार्गनिर्देशन गरेको र असल बाटोमा जीवनयात्रामा मार्गनिर्देशन गरेको मेरो भाइ नविन गौतमले मप्रति गर्नुपर्ने सम्पूर्ण कर्तव्य पुरा गरी भगवान् रामचन्द्रलाई उनका भाइ लक्ष्मणले साथ दिएसरह आफ्नो जिम्मेवारी र कर्तव्य पुरा गर्ने मेरो भाइ नविन गौतमको भूमिका तथा योगदान पनि अमूल्य रहेको छ । मेरो जीवनयात्रामा जीवन सङ्गीनी गीता गौतम तथा छोराहरू राम लक्ष्मणको भूमिका पनि महत्त्वपूर्ण रहेको छ । जीवनका हरेक आरोह अवरोहको सामना गर्दै मेरो जीवनयात्रामा मलाई साथ दिने मेरी जीवनसँगिनी गीता गौतमको योगदान महत्त्वपूर्ण रहेको छ ।

मलाई असल र इमन्दार मानिस बनी सत्मार्गमा लाग्न अर्ति उपदेश तथा मार्गनिर्देशन गर्नुहुने मेरा आदरणीय ठूलाबुबाहरू रामकृष्ण गौतम, मुक्तिनाथ गौतम, महानन्द गौतम तथा ठूलीआमाहरू तुलसादेवी गौतम, पार्वती गौतम, विष्णुमाया गौतम,

दाजुहरू ज्ञानप्रसाद गौतम, नरहरि गौतम, शिव गौतम, बद्री गौतम, भीमप्रसाद गौतम तथा भाउजुहरू कौशिल्या गौतम, मातृका गौतम, सरस्वती गौतम, जुनकिरी गौतम, तारा देवि गौतम, ताराप्रसाद चौंलागाई, मधुकुमार चौलागाईं तथा गीतादेवी चौलागाईं तथा तारादेवी चौलागाईंको मार्गनिर्देशन मेरो जीवनमा अमूल्य रहेको छ । बाल्यकालमा मलाई अत्यधिक मायाममता तथा झारफुक गर्नुहुने गैराघरका ठूलोबुबा श्रीकृष्ण गौतम, मलाई घरमा क, ख लेख्न सिकाउने मेरा पुज्य बुबा खगेन्द्रमणी गौतम आदरणीय गैराघरकी कान्छी दिदी, गैराघरका विष्णु दाइ तथा बिन्दा दिदी तथा तारा दिदीहरूको योगदान पनि अमूल्य रहेको छ ।

मलाई शिशु कक्षामा क, ख, ग सिकाउनुहुने आदरणीय सरहरू रुद्रप्रसाद गौतम (काका) तथा दाजु बिदुरकुमार गौतम, नि. मा. वि. कक्षामा माया ममताका साथ पढाउनुहुने एकनाथ गौतम, भीमसेनकुमार गौतम धुसेनी शिवालय काभ्रे, अर्जुनप्रसाद गौतम क्यौरेनी, निलप्रसाद गौतम (छघर), शिवप्रसाद चौलागाईं चौंरीको भूमिका पनि महत्त्वपूर्ण रहेको छ । त्यसै गरी माध्यमिक तहको अध्ययनको क्रममा मलाई मेरो अध्ययन सुदृढ बनाउन अमूल्य सहयोग गर्नुहुने आदरणीय जेठान दाजु विष्णुप्रसाद चौलागाईं सर चौरी सुलिकोट (पूर्व प्रअ श्री जागृति मा. वि. चौरी क्यौरिनी काभ्रेपलाञ्चोक) तथा आदरणीय दिदी इन्दिरा चौंलागाईँको अमूल्य योगदान मैले जीवन पर्यन्त बिर्सने छैन ।

विष्णुप्रसाद चौलागाईं सरको थप अध्यापनको अमूल्य मार्गनिर्देशन र मेरो निरन्तरको मिहिनेतको कारणले गर्दा नै मैले मध्यम खालको मेरो शैक्षिक स्तरलाई थप सुदृढ बनाएर पहिलो पटकमै एस.एल.सी. (सेकेन्ड डिभिजनमा) पास भई उच्च शिक्षामा अध्ययन गर्ने बाटो खोल्न सफल भएको थिए । मेरो माध्यामिक तहको अध्ययनको क्रममा त्यस समयमा काभ्रे कोशिपारीको चर्चित सामुदायिक श्री प्रभा माध्यामिक विद्यालय तथा त्यस विद्यालयका अत्यन्त तेजस्वी प्रधानाध्यापक तथा माध्यामिक शिक्षक श्री धर्मराज गिरी, श्री शिवराज गिरी तथा चुडाप्रसाद चौंलागाई सरको

मायाममता र योगदानलाई मैले जीवनभर बिर्सनु हुँदैन । पढ्ने र असल विद्यार्थीलाई अत्यन्तै मायाँ गर्ने एक शैक्षिक नक्षत्र तेजस्वी शिक्षक श्री धर्मराज गिरी सरलाई ५० वर्षको अल्पायुमै ब्रेनट्युमरको रोगले यस संसारबाट लगे पनि त्यस समयका मिहिनेती विद्यार्थीहरूलाई उहाँले लगाएको गुण तथा माया आज मलगायत हजारौँ उहाँको विद्यार्थीहरूले सम्झिरहेका छौँ । धर्मराज गिरी सरको कुशल व्यवस्थापन मिहिनेत तथा शैक्षिक क्षमताको कारणले गर्दा नै वि.सं २०४३ सालमा श्री प्रभा माध्यमिक विद्यालयले काभ्रेपलाञ्चोक जिल्लाबाट सबैभन्दा उत्कृष्ट एसएलसीको नतिजा प्राप्त गरी प्रभा मा. वि. कातिकेदेउरालीले काभ्रे जिल्लाबाट प्रथम स्थान प्राप्ताङ्क ल्याउन सफल भएको थियो ।

प्रभा मा. वि.मा त्यस समयमा काभ्रे कोशीपारीको चर्चित सामुदायिक विद्यालयको चर्चाको शिखरमा रहेको थियो । त्यही चर्चा र उत्कृष्ट शैक्षिक गुणस्तरको कारणले गर्दा नै त्यस समयमा प्रभा मा. वि.मा रामेछापको लखनपुर, रिष्ठे, भदौरे, डहु, बेथानदेखि काभ्रेकै चौबास, किल्पु, नार्गे, माझिफेदालगायत मादन, कुडारी, सुनकोशीपारी, तेमाल, पर्सेलसम्मको विद्यार्थीहरू माध्यामिक तहको अध्ययनका लागि प्रभा मा. वि.मा आउने गर्थे । हाम्रो घरगृहस्थी सञ्चालनमा मेरा बुबाआमालाई भरथेग गरी मार्गनिर्देशन गर्ने तत्कालीन समयका चर्चित व्यक्तित्व (माइला साहु) पदमलाल गौतम हजुरबुबा तथा हजुरआमाको परिवारको योगदान पनि अमूल्य रहेको छ । हाम्रो घरको दैनिक कार्य सञ्चालनमा सहयोग तथा मार्गनिर्देशन गर्नुहुने चौंरी लिसेपानीका ठूलाबुबा दिलनाथ चौलागाईं तथा ठूलीआमा पार्वती चौलागाईंको परिवारको भूमिका तथा योगदान पनि अमूल्य रहेको छ ।

त्यसै गरी मलाई जीवनमा असल र इमान्दार मानिस बन्न मार्ग निर्देशन गर्नुहुने मेरा आदरणीय ससुराबुबा तथा सासुआमाहरू दुर्गाप्रसाद चौंलागाई आर्युवेद, कविराज, समाजसेवी रामचन्द्र चौलागाईं परिवार, खडानन्द चौलागाईं परिवारको मार्गनिर्देशन तथा योगदान पनि अमूल्य रहेको छ । हाम्रो बाल्यकालमा घरगृहस्थी

सञ्चालनमा विविध भौतिक सहयोग गर्नुहुने हाम्रा आफन्त श्रीकृष्ण ढकाल तथा गङ्गादेवी ढकाल (ढकाल ठूले परिवार) परिवारको योगदान पनि अमूल्य रहेको छ । मेरो नि. मा. वि. तहको अध्ययन क्रममा शैक्षिक सहयोगी झम्कप्रसाद सापकोटा तथा मा. वि. तहको अध्ययन क्रममा मसँग अत्यन्त मिलनसार साथीहरू मेरा सहपाठीहरू रामप्रसाद चौलागाई बैसारी धुसेनी, झम्कप्रसाद सापकोटा, अमरबहादुर गौतम (राजु दाइ) धुसेनी शिवालय तथा बमबहादुर लामा माझिफेदा २०४६, महेन्द्र ढुङ्गाना, राजेन्द्र ढुङ्गाना, चिसापानी काभ्रेको योगदान पनि अमूल्य रहेको छ ।

## मेरा भविष्यका प्रमुख उद्देश्य तथा योजनाहरू

शारीरिक अवस्था सामान्य तथा सहज भएका आर्थिक रूपमा सामान्य जीवनस्तर सञ्चालन गर्न सक्ने मानिसले समाजमा आफू सक्षम हुँदै गएपछि आफ्नो घरपरिवारप्रति आफ्नो जिम्मेवारी पुरा गरेर समाजप्रति आफ्नो आर्थिक क्षमता अनुसार सकेको सामाजिक कामहरू पनि गर्दै जानुपर्दछ । यस्ता कामहरू उमेर बढ्दै गएपछि समाजमा हाम्रा अग्रजहरूले गरेको राम्रा कामहरूबाट सिकेर तथा त्यस्ता कामहरूमा समय परिस्थिति अनुकूल भएमा प्रत्यक्ष अप्रत्यक्ष सहभागी भएर सामाजिक कामहरूको ज्ञान तथा अनुभव हासिल गर्न सकिन्छ । मैले मेरो जीवनयात्राको करिब आधा शताब्दीको समयमा जीवनयात्रा गरिरहदा मेरो आमाबुबाले मलाई देखाउनुभएको सत्मार्गको बाटोमा निरन्तर जीवनयात्रा गर्दै घरपरिवार सबैमा आफ्नो जिम्मेवारी पुरा गर्दै आजसम्मको यो अवस्थामा आइपुगेको छु । मानिसले आफू तथा आफ्ना घरपरिवार सामान्य तरिकाले सञ्चालन गर्नसक्ने आर्थिक अवस्था भएपछि समाजका लागि पनि आफ्नो आर्थिक तथा भौतिक क्षमताले सिकेको कामहरू गर्न सकेमा उसको मानवीयता तथा सामाजिक जिम्मेवारी पुरा हुँदै जान्छन् । आफू सक्षम भई घरपरिवार सञ्चालन गरेर समाजप्रति आफ्नो आर्थिक र भौतिक क्षमताले सकेको सामाजिक कामहरू गर्न सकेमा मानिसको सामाजिक योगदान पुरा हुँदै जान्छ ।

म वास्तवमा अहिलेसम्मको जीवनयात्रामा आइपुग्दा सामान्य जीवनस्तर सञ्चालन गर्न सक्ने अवस्थामा मात्र जीवनयात्रा सञ्चालन गरिरहेको छु । मानिसले आफ्नो साथमा पर्याप्त धन भएर मात्र होइन सामान्य अवस्थामा बाँच्न सक्ने अवस्थामा जीवनस्तर सञ्चालन गरिरहदासमेत समाजमा अरूका लागि पनि आफ्नो क्षमताले भ्याएका काम तथा सेवाहरू गरेर पनि समाज सेवाका कामहरू गर्न सक्छन् । विश्व समुदायमा आर्थिक अवस्था सामान्य देखि समृद्ध भएका केही मनकारी, विवेकशील तथा सामाजिक भावना भएका मानिसहरूले आफ्नो सम्पूर्ण जीवन, मान, सान, राजश्रीदेखि सम्पूर्ण श्रीसम्पत्ति समाज कल्याणका लागि प्रयोग गरेका छन् ।

लुम्बिनीका शाक्यमुनि गौतम बुद्धले शान्तिको खोजीका लागि राजगद्दी त्याग गरेर विश्व शान्तिका अग्रदुत तथा एसियाका तारा बन्नुभयो । युगोस्लाभियामा जन्मेकी एक बालिकाले युवा अवस्थामा प्रवेश गरेपछि भारतमा आएर समाजसेवामा समर्पित भएर विश्वचर्चित मदर टेरेसा भएर नोवेल पुरस्कार पाउनुभयो । नेपालका महामानव कृष्णप्रसाद कोइराला तथा दिव्य कोइरालाले राणा प्रधानमन्त्री चन्द्रशमशेरको पालामा विराटनगरमा समाजका लागि स्कुल तथा स्वास्थ्य चौकी सञ्चालन गर्नुभएकाले सर्वस्वसहित देश निकालामा पर्नुभएर भारतमा सपरिवार कष्टदायी जीवन बिताउनुपरेको थियो । तिनै कृष्णप्रसाद कोइरालाको माइला छोरा बीपी कोइराला तथा शुशिला कोइरालाले नेपालको प्रजातान्त्रिक आन्दोलनमा ठूलो योगदान गरेर नेपालमा वि. सं. २००७ सालमा प्रजातन्त्र स्थापना गर्न ठूलो योगदान गर्नुभयो ।

मैले आफ्नो जन्मस्थान नेपालको बागमती अञ्चल काभ्रेपलाञ्चोक जिल्लाको चौंरीदेउराली गाउँपालिकामा मेरो जन्मस्थल धुसेनी शिवालय तथा चौरी देउरालीलाई आधार बनाएर भविष्यमा प्रमुख ३ वटा काम गर्ने उद्देश्यका साथ आन्तरिक तयारी गरिरहेको छु । ती प्रमुख कामका लागि आवश्यकता अनुसार समाजसेवाको भावना भएका स्थानीय बुद्धिजीवी तथा समाजसेवी व्यक्तिहरूसँगको साथ सहयोग र हातेमालो गर्दै अघि बढ्ने निर्णय

गरेको छु । मानिसलाई जीवनमा आफूले गरेको सामाजिक कामले नै उदाहरणीय तथा अमर बनाउँछ । मानिसले आफू सक्षम भएपछि घरपरिवारलाई आफूले गर्नुपर्ने कर्तव्य पूरा गरेर आफ्नो आर्थिक क्षमताले सकेको सामाजिक कार्यहरू समाजमा गर्नुपर्छ भन्ने मेरो मान्यता रहेको छ ।

मैले गर्न लागेका भविष्यका प्रस्तावित सामाजिक कार्यहरूमा त्यस समाजका विवेकशिल, इमान्दार, असल तथा सामाजिक भावना भएका महानुभावहरूको साथ सहयोगको अपेक्षा गर्दै सबै इमानदार, असल साथीभाइ अग्रज तथा समुदायका नागरिकहरूसँग मिलेर सामाजिक भलाइका कामहरू गर्ने मेरो उद्देश्य तथा योजना रहेको छ । मेरा भविष्यका ३ सामाजिक योजनाको सम्बन्धमा संङ्क्षेपमा जानकारी गराउन गइरहेको छु ।

## खगेन्द्रमणि हरिमाया गौतम स्मृति प्रतिष्ठान :

जननी जन्मभूमिश्चः स्वर्गदपी गरियसी । जन्मदिने आमाबुबा र जन्मेको ठाउँ स्वर्गभन्दा प्यारो हुन्छ । मानिसका प्रथम साक्षत ईश्वर भनेका जन्मदिने, हुर्काउने, मातृभाषा सिकाउने आमाबुबा नै हुन् ।

आफू राणाकालीन समयमा जन्मेर शिक्षाको उज्यालो घामबाट बञ्चित भए तापनि आफ्ना छोराछोरीहरूलाई शिक्षाको अवसर दिएर आज मलाई तथा मेरा भाइबहिनीहरूलाई यो अवस्थामा जीवनयात्रा गर्न सहज गराउनुहुने तथा मलाई समाज तथा विश्वको बारेमा जानकारी लिनसक्ने तथा मासिन तथा समाजका बारेमा केही लेख्न सक्ने सचेत नागरिक बनाइदिनुहुने मेरा परम साक्षात ईश्वर तथा मेरा जगतगुरुहरू सामाजिक, अनुशासित तथा असल मानिस बनेर निरन्तर मिहिनेत, उद्देश्य, योजनाका साथ जीवनयात्रामा सदैव अघि बढ्न प्रेरणा दिनुहुने सत्मार्गी ती धर्तीका जीवित ईश्वरहरूको सम्झना तथा स्मृतिमा मैले परिवारिक छलफल गरेर निकट भविष्यमा मेरा साक्षात्कार ईश्वर आमाबुबाको नाममा प्रस्तावित खगेन्द्रमणी, हरिमायाँ गौतम स्मृति प्रतिष्ठान नामको गैरनाफामूलक

सामाजिक संस्था मेरो गृह जिल्ला काभ्रे जिल्लामा दर्ता गरेर अहिले हाम्रो घरबास भएको घरभन्दा तल्लो पाटामा अम्बा, नासपाती, आँपको रुखको सँगसँगै पारेर एउटा सानो विद्याकी देवी सरस्वतीको मन्दिर निर्माण गरेर आमाबुबाको फोटो त्यस मन्दिरमा राख्ने योजना बनाएको छु ।

भविष्यमा आँपको रुखमुनि एउटा सानो घर बसोबास तथा प्रतिष्ठानको प्रयोजनका लागि निर्माण गर्ने मेरो योजना रहेको छ । सकभर यस प्रतिष्ठानका लागि भविष्यमा मेरो आर्थिक अवस्था सहज भएमा मैले मेरो बाँकी रहेको पुख्यौली खेतबारीलाई गुठीका रूपमा प्रतिष्ठानलाई हस्तान्तरण गर्ने त्यो सम्भव नभएमा त्यस ठाउँको आसपास नजिकै २-३ रोपनी जग्गा किनेर गुठीका रूपमा उपलब्ध गराइ सामाजिक कार्य गर्नका लागि मैले नगद ५ लाखको अक्षयकोष स्थापना गर्ने योजना गरिरहेको छु ।

नगद ५ लाखको रकम २-२ वर्षे मुद्दती खातामा राखेर हरेक २-२ वर्षमा आमाबुबाको स्मृतिमा मुद्दती खाताको ब्याज रकमबाट जीवनभर समाजका लागि सामाजिक काम गरेर जीवनको उत्तरार्धमा विवध कारणले दुःखमा परेका सामाजिक व्यक्तित्वहरूको भलाइका लागि खर्च गरिनेछ । मेरो आर्थिक अवस्था सक्षम भएमा यो कोषलाई बढाएर अक्षयकोषको रकम १५ लाख पुऱ्याउने मेरो लक्ष्य रहेको छ ।

गुठी स्थापनाका लागि मैले उपलब्ध गराएको जग्गामा बेला उमेरमा अनुशासन तथा सामाजिक आचरणमा रहेर विविध कारणले जीवनको उत्तरार्धमा दुःखमा परेका त्यस ठाउँका कमजोर आर्थिक अवस्था भएका गरिब तथा इमान्दार मानिसलाई सहमतिका आधारमा निश्चित समयका लागि जीवन निर्वाह गर्नका लागि खेतिपाती गर्न दिइनेछ ।

अक्षयकोषको रकमबाट सामाजिक भलाईका लागि असहाय गरिब तथा जेहेन्दार विद्यार्थीहरूको अध्ययन तथा समाजमा बेला उमेरमा समाजमा आफ्नो जीवनको अमूल्य योगदान गरेका तथा सत्मार्गी मानिसहरू विविध कारणले जीवनको उत्तरार्धमा दुःखमा परेरका मानिसहरूका लागि खर्च गर्ने मेरो योजना रहेको छ ।

## चौंरीदेउराली मनकामना मन्दिर तथा सामाजिक विकास प्रतिष्ठान :

मैले आफूले माध्यामिक तहको शिक्षा अध्ययन गरेका श्री प्रभा उच्च माध्यमिक विद्यालय नजिकै पर्ने बागमती अञ्चल काभ्रेपलाञ्चोक जिल्लाको चौंरीदेउराली गाउँपालिकाको वडा नं. ५ सुलिकोट खस्रे डाँडाको आसपास नजिकमा पर्ने गरी कम्तिमा २-३ रोपनीदेखि ५ रोपनीसम्म जग्गा खरिद गरेर त्यस जग्गालाई चौंरीदेउराली मनकामना मन्दिर निर्माणका लागि मनकामना गुठीका रूपमा सञ्चालन गरी भविष्यमा त्यस ठाउँमा ज्ञान र विद्याकी देवी सरस्वती मन्दिर स्थापना गरेर विद्याकी देवी सरस्वतीलाई मनकामना देवीको पवित्र धामका रूपमा स्थापना गरेर त्यस भेगका समाजसेवी तथा बुद्धिजीवीहरू तथा सामाजिक विवेकशील, अनुशासित र असल मानिसहरूसँगको आपसी छलफल तथा सहकार्यमा एउटा भवन स्थापना गरेर त्यस भवनबाट सामाजिक कामहरू गरिनेछ ।

नयाँ युवा पुस्ताहरूलाई पृथ्वी, प्रकृति र मानिसको जीवन, मानिसको घरपरिवार र समाज, जीवन र कर्तव्य, शिक्षा र समाज तथा मिहिनेत श्रम काम व्यवसायका सम्बन्धमा जीवन उपयोगी प्रशिक्षण तथा सचेतनाका प्रशिक्षणहरू दिइनेछ ।

चौंरीदेउरालीको त्यस भवनमा एउटा राम्रो पुस्तकालय, पुस्तक अध्ययन कक्षा तथा शब्दयात्रा प्रकाशन बनेपा काभ्रेको कोशीपूर्व सम्पर्क कार्यालय स्थापना गरिनेछ ।

यसको कार्यका लागि त्यस क्षेत्रका सामाजिक व्यक्तित्वहरू तथा अनुशासित असल मानिसहरूसँग आपसी छलफल तथा सहकार्य गरेर अघि बढ्ने मेरो योजना रहेको छ ।

यसका लागि त्यस भेगका केही सामाजिक अगुवा तथा समाजसेवी असल व्यक्तित्वहरू सँग छलफल भइरहेको छ ।

मैले प्रस्ताव गरेको चौंरीदेउराली मनकामना मन्दिर (सरस्वती मन्दिर) रहने ठाउँको भूगोल विवरण यस प्रकारको रहेको छ ।

यो ठाउँ बागमती अञ्चल काभ्रेपलाञ्चोक जिल्लाको हाल चौरी देउराली गाउँपालिका वडा नं. ५ मा पर्दछ । ४ जिल्लाको सङ्गमस्थल देखिने उच्चाइलो रमाइलो यस ठाउँको पूर्वमा रामेछाप जिल्लाको दोरम्बा शैलुङ गाउँपालिका अन्तर्गत सानो शैलुङ्गेश्वर महादेव मन्दिर, लखनपुर रिष्ठे गाउँ, कालिका उच्च मा. वि., जागु गुरासेदेवीथान तिमालडाडाँ, सुनापति गाउँपालिकाको सिमपानी, धारापानी, गराटी, ढोडेनी बेसी, गुन्सी भदौरे तथा भदौरे गाउँको श्री सप्तलिङ्गेश्वर मा.वि बेथान डहु तथा डहु उच्च मा. वि.पर्दछन् ।

पश्चिममा गोठपानी, चिसापानी, विर्तादेउराली, जामुने, सल्ले, फलाटेको श्री शारदा उच्च मा. वि. फलाटे, भुम्लुटारको श्री प्रकाश उच्च मा. वि. भुम्लुटार, चौबास, सापिङ भिमसेनथान, दोलालघाट, पाँचखाल, काठमाडौं विश्वविद्यालय, धुलिखेल, नमोबुद्ध, बनेपा, पनौती, खोपासी, कुशादेवी, फुलचोकी माइको मन्दिरसमेत भएको फुलचोकी अग्लो डाँडा पर्दछ ।

उत्तरमा चौरी क्यौरेनी, चौरी क्यौरेनीको श्री जागृति उच्च मा. वि. क्यौरेनी, चौरी देउराली गाउँपालिकाको कार्यालय रहेको स्थान, ढाडखर्क भन्ज्याङ, देवपोखरी, धुसेनी शिवालयमा शिवालय मन्दिर तथा श्री ग्रामीण विकास मा.वि धुसेनी शिवालय तथा सालिमे मजुवामा श्री सरस्वती उच्च मा. वि. सालिमे पपिलचौर, चौवास, साँगास्वती, भीमसेनथान, बेगसिम्ले, लौरेदेउराली, सिन्धुपाल्चोकको खाँडीचौर, भोटेकोशी, बाह्रविसे, तातोपानी, लिसंखु, चापाको भञ्ज्याङ्ग, कुर्थली, बाङथली, नाग्रे गगर्चेको खाँडादेवी उच्च मा. वि. किल्पु श्री बुद्ध हिमालय उच्च मा. वि. माझिफेदा, मुडे, चरिकोट, जिरी, तामाकोशी नदी कालिञ्चोक भगवती मन्दिर तथा पवित्र गौरीशङ्कर हिमाल पर्दछन् ।

चौंरीदेउरालीको खस्रे भञ्ज्याङ्गबाट दक्षिणमा मैले माध्यामिक तहको अध्ययन गरेका श्री प्रभा उच्च मा. वि. तथा प्रभा बहुमुखी क्याम्पस, कात्तिके देउराली, ज्यामिरे, मादन, कुडारी, श्री स्वस्थानी मा.वि, मादन, श्री सृजनशील जनता मा. वि. कुडारी, चौंरी खोला र सुनकोशीको सङ्गमस्थल दोभानटार सुनकोशी नदी, तिमालबेसी,

पर्सेल, नारायणस्थान, तेमाल कानपुर, नेपालथोक, कुशेश्वर दुम्जा, तथा सिन्धुली जिल्ला पर्दछ ।

खस्रे लाकुरी डाँडाको माथि साजे, पोखरी काजिको थुम्का, भ्यू टावर, माझ्केपानी पर्दछन् भने तल बेसीमा हेर्रे विरुवा, श्री अरनिको मा. वि., पोखरी तथा पवित्र चौंरीगङ्गा (चौंरी खोला) पर्दछ । यही चौरी खोलाले नै पूर्वमा काभ्रेपलाञ्चोक र रामेछाप जिल्लाको सिमाना छुट्टाउने काम गरेको छ ।

यिनै ठाउँहरूको बीचमा हामीले काभ्रेपलाञ्चोक जिल्लाको चौंरीदेउराली गाउँपालिकाको खस्रे लाकुरी भञ्ज्याङ डाँडोमा बरपिपल र शमीको रुख रोपेर त्यस ठाउँलाई मनकामना डाँडोका रूपमा विकास गर्ने योजना गरेका छौँ ।

बिहान उठ्नेबित्तिकै उत्तर-पूर्वमा गौरीशङ्कर हिमाल, कालिञ्चोक भगवती, भीमेश्वर महादेव दोलखा, शैलुङ्गेश्वर महादेव, गुरासदेवी, कालिका भगवती तथा छायाँश्वरी देवीको मनोरम दृश्य अवलोकन गर्न सकिने यस ठाउँ प्राकृतिक तथा वातावरणीय हिसाबले समेत सुरक्षित तथा सौन्दर्यपूर्ण रूपले भरिपूर्ण भएको ठाउँ हो ।

यस्तो मनोरम ठाउँमा हामीले चौंरीदेउराली मनकामना मन्दिर तथा समुदायिक प्रतिष्ठान निर्माण गर्ने योजना गरेका छौं ।

यस पुनित कार्यमा लागि त्यस क्षेत्रका सम्पूर्ण विवेकशील तथा सामाजिक व्यक्तित्वहरूमा आफ्नो क्षमता अनुसारको आर्थिक तथा भौतिक सहयोग र सहकार्यका लागि सम्पूर्ण सामाजिक भावना भएका व्यक्तिहरूसँग सहयोगको अपेक्षा साथ हातेमालो गरी अघि बढ्ने योजना गरिरहेका छौं ।

●

# मेरा केही कविता

## काभ्रेपलान्चोकको चौबास, शिवालय, चौंरीदेउराली

जीवनयात्रामा धेरै गाउँ ठाउँहरूमा घुमियो
गरियो धेरै गाउँठाउँको उकाली ओराली ।
मलाई अरु गाउँ ठाउँहरूको भन्दा धेरै माया लाग्दछ
हाम्रै काभ्रेपलान्चोकको चौबास, शिवालय, चौंरीदेउराली ॥
        उत्तर पूर्वमा दोलखा जिल्ला गौरीशङ्कर हिमाल ।
        त्यसैको काखैमा, छन् कालिञ्चोक भगवती, भिमेश्वर,
        अलि यता पूर्वमा छिन् गुराँसेदेवी, महादेव शैलुङ्गेश्वर ॥
पूर्वमा रहेको छ रामेछाप जिल्ला, रमणीय शैलुङ्ग, दोरम्बा, बेथान
स्कुलहरू छन् कालिका उच्चमावि रिष्ठे माझिफेदाको बुद्ध हिमाल ।
पश्चिममा रहेको छन् सरस्वती, जागृती, अरनिको मा. वि. हरू
दक्षिणमा छन् स्वस्थानी, सिर्जनशील, प्रभा मा. वि.को पवित्र स्थल ॥
        मध्यपूर्वमा पऱ्यो चौंरीगङ्गा, दोरम्बा शैलङ गाउँपालिका
        दक्षिणपट्टि पऱ्यो सुनापति गाउँपालिका, पवित्र नदी सुनकोशी ।
        पश्चिमपट्टि ढाँडखर्क भञ्ज्याङ, सालिमे, चौबास भिमसेनथान,
        अझै पश्चिममा धुलिखेल, बनेपा, नमोबुद्ध, पनौती रोसी ॥
सांस्कृतिक सम्पदाको धनी देश हो हाम्रो नेपाल
धेरै छन् यहाँ ठाउँठाउँमा मठ-मन्दिरहरू, देवालय ।
जन्मिएको म काभ्रेपलाञ्चोक चौंरी देउरालीको,
मेरो गाउँको नाम चाहिँ हो धुसेनी शिवालय ॥
        ग्रामीण विकासबाट शुरु भयो मेरो बालशिक्षा
        हिँडियो धेरै भिरपाखा उकाली ओराली ।
        मैले मा. वि. पढेको स्कूलको नाम हो
        श्री प्रभा मा. वि. काभ्रे कात्तिके देउराली ॥
आउँछ बालापनको सम्झनाहरू सपनी बनेर बेला-बेलामा,
ती हाम्रा गाउँघरका खेतबारी, स्कुल, उकाली, ओरालीको ।
सधैं मलाई याद आइरहन्छ धेरै मेरो मन मस्तिष्कमा
म जन्मे, हुर्के, बढे, पढेको ठाउँ शिवालय चौंरीदेउरालीको ॥

# धेरैपछि भेट भयो

दिनहरू आ-आफ्नै सङ्घर्षको यात्रामा बित्दै गयो
आफन्त तथा साथीहरूसँग धेरै पछि भेट भयो ।
स्कूल अनि गाउँ छोडेको पनि धेरै वर्ष भैसकेछ
जीवनका यात्राहरूको पनि धेरै वसन्त गैसकेछ ॥
धेरै साथी तथा आफन्तहरू छोराछोरीका आमाबुबा भैसकेछन
धेरै दिदीबहिनीहरू सृष्टि परम्पराको कर्मघरमा गैसकेछन् ।
धेरैपछि भेट हुँदा एक आपसमा चिन्न पनि दोधार हुँदो रहेछ,
बालापन र हिजोका दिनको सम्झनाले मुटुमा छुँदो रहेछ ॥
जुँगाको रेखी भर्खरै बस्न थालेका थिए ती साथीभाइहरूको
नातिनातीनासमेत भई सकेछन, छिमेकी अग्रज दाइहरूको ।
कडा परिश्रम गर्न गाह्रो हुन्छ उमेर घर्कदै जान्छ ४० वर्षपछि
हो पनि जस्तो लाग्न थाल्यो, सबैका जीवनयात्रा छन् साक्षी ॥
घुमेको खेलेको याद आउँछ बेला बेलामा त्यो आफ्नो सुन्दर गाउँको
सपनामा पनि देखिन्छ बेलाबेलामा बालापनमा घुमेको ती ठाउँको ।
कति भए नजिक कति भए टाढा सबैसँग प्रत्यक्ष भेट हुन्न हत्पति,
बाध्यताले टाढा परदेशमा रहनेको सम्झनाले मन पोल्छ भत्भती ॥
गर्नु रमाउनुपर्छ सीप, क्षमता अनुसारको आ-आफ्नो काममा
सित्तैँमा खान खोज्नेहरू दुःखमा पर्दछन् नपाएर दाम माममा ।
मायाचममता, कर्तव्य, विश्वास, कामले जीवनमा डोऱ्याउँछ
योजना, उद्देश्य र निरन्तर परिश्रमले गन्तव्यमा पुऱ्याउँछ
घुमे कतिले देश विदेशहरू काम, व्यवसायमा परिवर्तन भए बानीहरू
बालबालिका बयस्क भएका छन् बढेपढेर हिजोका साना नानीहरू ।
पालुवा पलाउने हुर्कने, झर्ने रहेछ पृथ्वीमा दुईदिने समाजको सृष्टिमा
सबैसँग गरौं असल व्यवहार ईश्वरलाई सम्झी मानवीय दृष्टिमा ॥
कोही जीवनका लागि सङ्घर्ष गर्दैछन् आ-आफ्नै गाउँठाउँमा
कोही उज्यालो भविष्यका लागि घुमिरहेछन् धेरै ठाउँमा ।
कतिले बदले जीवन सुखमा, कति छन् उज्यालो भविष्य खोज्दै
कतिले पाएका छन् धेरै दुःख क्षमताभन्दा ठूलो भाग रोज्दै ॥

# जीवनको बाटो

पञ्चतत्वको मानिसको भौतिक शरिरको जीवनयात्रा
पृथ्वीको भूगोलमा मानिसको शुरु हुन्छ यही माटोबाट ।
मानिस भैकन गरौँ सतकर्म घरपरिवार र समाजमा
मानिसले जीवनयात्रामा असल राम्रो कामको बाटोबाट ।
प्राकृतिको वातावरण जोगाउन गरौँ मेहनत सबैले समाजमा
गरौँ संरक्षण पृथ्वीमा, प्राकृतिक स्रोत अनि पानी, कुवाको ।
साक्षत मन्दिर त घरपरिवार नै हो सबै मानिसको समाजमा
साक्षत ईश्वर सबै मानिसले मान्नु घरमा आमाबुवाहरूको ॥
मेहनत अनुसारको फल पाइने यो पृथ्वीमा
स्वाद अनि वनस्पति अन्नहरू छन् थरिथरिका ।
मानवका लागि सृष्टिकर्ता ईश्वरले दिएका छन्
अमूल्य खाद्य वनस्पतिहरू विभिन्न थरिथरिका ॥
काम उद्यम नगरी बस्ने घुमेर जोछन् यहाँ मानिसहरू
आज्ञा उपदेश नमान्ने घरमा आमाबुवा ठूलाबडाको ।
जो काम अनि परिश्रम नगरी बस्दछन् समाजमा
उसैको जीवनमा सधैँ हुन्छ दुःखदायी पीडाको ॥
ठूलो सानो नभनिकन आफ्नो काम समाजमा गरौँ
सबैले आफ्नो सीप, क्षमता अनुसार ज्ञानको ।
निरन्तरको परिश्रम, मेहेनत र दृढ विश्वासले नै
यो आधुनिक युग हामीले देखेका हौ विज्ञानको ।
गर्न सिकौँ आदर सम्मान, माया र ममता सबैलाई
घरपरिवार, समाज अनि सम्पूर्ण प्रकृति जनको ।
संरक्षण गरौ मानिसले पृथ्वीमा सुन्दर प्राकृतिका स्रोत
प्राकृतिक सम्पदा, जमिन मानवधर्म र वनको ॥
स्वच्छ वातावरण रहे मात्र सवै प्राणीको कल्याण हुन्छ,
ईश्वरको अमूल्य सृष्टिको जीवन यस पृथ्वीको प्रकृतिमा ।
सबै मिलेर प्रकृतिको संरक्षण गरौं पृथ्वीको समाजमा मानिसले
ईश्वरको अमूल्य सुन्दर उपहार प्रकृतिको मानव सृष्टिमा ॥

# शिक्षाको महत्त्व

मानिसको निरन्तरको मेहनतले शिक्षा जन्मियो
शिक्षा नै हो मानिसको समाजमा ठूलो धन र सम्पत्ति
शिक्षाले नै गर्दछ सबै मानिसको जीवनमा उन्नति ।
शिक्षाले नै पृथ्वीको समाजमा आधुनिक विकास भयो,
शिक्षाले नै गर्दछ पृथ्वीका मानिसहरूको जीवनमा प्रगती ॥

दिउँ शिक्षा समान घरपरिवारमा छोराछोरी दुबैलाई
विद्या नै हो मानिसको सबैभन्दा ठूलो सम्पत्ति धन ।
सम्पत्ति इमान कमाउँछन् मानिसले समाजमा
गरे मेहनती भइ निरन्तरको राम्रो परिश्रम ॥

शिक्षाकै उज्यालो घामले परिवर्तन भयो मानिसको यात्रा संसारमा
शिक्षाको उज्यालो घामले मानिस पुगे चन्द्रमा अन्तरिक्षको संसारमा ।
शिक्षाले विज्ञान जन्मियो, विज्ञानले गऱ्यो मानिसको जीवनमा प्रगति
शैक्षिक विज्ञानले पृथ्वीमा मानव-समाज, देशमा भयो ठूलो उन्नति ॥

अशिक्षाले अघिल्ला युगमा मानिसका दैनिकी दुःखमा अलमल्ल
शिक्षा, विज्ञानले मानव जीवन बनाइरहेछ पृथ्वीमा झलमल्ल ।
शिक्षाबाट वञ्चित निरक्षरको जीवन सञ्चालनमा हुन्छ दुर्गति
उद्देश्य, योजनासहितको शिक्षाले जीवनमा हुन्छ ठूलो प्रगति ॥

भाग लगाउनुनपर्ने दाजुभाइ आफन्तलाई महत्त्व बुझौं शिक्षाको
सबैभन्दा ठूलो सम्पत्ति, मित्र सबैले महत्त्व बुझौं शिक्षादीक्षाको ।
मानिसले जीवनमा प्रगति गर्दछन् जिवीका बुझेर दुःख, श्रम र मर्मले,
मानिसलाई सधैँ सर्वश्रेष्ठ बनाउँछ शिक्षा र मेहनतको असल कर्मले ॥

# साथीहरूको सम्झना

खेल्यौँ, घुम्यौँ हामीसँगै काभ्रे शिवालय, चौरीदेउरालीको गाउँमा
याद र सम्झना आइरहन्छ सधै हामीलाई जन्मे, हुर्केको ठाउँमा ॥
कति साथीहरू पुगे धेरै टाढा रोजगारीमा सात समुन्द्र पारी ।
साथीहरू र आफन्तको सम्झनाले आँखा रसाउँछ
बेला-बेलामा हुन्छ सम्झनाले यो मन गरुङ्गो भारी ॥

सम्झना आउँछ धेरै सधैँ सबैलाई जीवनयात्रामा
आफ्नो टोल, स्कूल, साथीहरू, देश र गाउँको ।
काम व्यवसायले जति टाढा टाढा पुगे पनि
सम्झना र माया लाग्दछ सधैँ सबैलाई
आफू जन्मे, हुर्के, पढेको ठाउँको ॥

रमाइलो त आफ्नो जन्मभूमि समाजनै लाग्दछ सबैलाई
जीविकाका लागि गर्नुपर्दछ सबैले गाउँ, शहर, बेशी ।
जीविकाको बाध्यता र सुखद भविष्यको खोजिमा
धेरै साथीहरू र आफन्त भए बाध्यताले परदेशी ॥

सूचना र प्रविधिले जोडेको छ विश्व समाजमा सबैलाई
मेटिदिन्छ गफगाफमा मनको पुरानो खुल्दुली र तिर्सना ।
गफगाफमा बाहिरी तिर्सना मेटिए पनि हे वरै
पुरानो सम्झनाहरू सकिदैन कहिल्यै बाँचुन्जेल बिर्सन ॥

अस्ताए धेरैका घरका ती जीवित ईश्वर आमाबुबा
थोरैका मात्र हुनुहुन्छ अझै घरपरिवारमा केहीका बाँकी ।
गरौँ सकेको सेवा क्षमता अनुसारको परिवार समाजमा
मानिसले दैनिक मन, वचन र कर्मलाई साक्षी राखी ॥

# मानव कल्याणको बाटो

ईश्वरको सुन्दर सृष्टि प्रकृति, जीवन अनि पृथ्वीमा
मानव समुदायका संस्कृति छन् आ-आफ्नै विचित्र ।
सबै मानिसहरू बसौँ पृथ्वीमा मिलीजुली सद्भावका साथ
पृथ्वीको प्रकृति अनि मानिसको जीवनलाई बनाउँ पवित्र ॥

भूगोल अनुसार वर्ण फरक-फरक भएपनि
रगत एउटै हो रातो सबै मनुष्यको ।
द्वन्द्व मनमुटाव छोडी समाजमा सबैले
भलाई गरौँ पृथ्वी र मानव भविष्यको ॥

आफू शक्तिशाली बन्ने होडमा मानिसले
नबनाउँ रसायनिक हतियारहरू पृथ्वीमा ।
सबैले मिलिजुली बाँच्नु नै ठूलो धर्म हो,
ईश्वरको सुन्दर यो ब्रम्हाण्डको सृष्टिमा ॥

माया-ममता, सदभावका साथ बाँचौ, सबैले समाजमा
ईश्वरको अमूल्य सृष्टि मानिसको जीवन यो पृथ्वीमा ।
सत्कर्मका साथ लागौं सबैले मिलेर काम व्यवसायमा
ईश्वरको यो सुन्दर अमूल्य भूगोलको प्राकृतिक सृष्टिमा ॥

खाली हात आउने खाली हात जाने हो मानिस सबैले
नगरौँ घमण्ड मानिसले घर समाजमा बैरभाव ।
सत्कर्म र मानव सामाजिक हितका लागि
सबैले लागौँ घर समाजमा सधैँ निरन्तर ॥

पृथ्वीमा मानिसको समाजमा देश सारा संसारको ।
रहोस सधैँ सबै मानिसको उन्नति, प्रगति
मानव कल्याणको सेवा भावले नै समाजमा ।
यस पृथ्वीमा हुन्छ सबैको उन्नति प्रगति ॥

हे समाजका अग्रज, विवेकशील मानिसहरू हो
सचेत नौजवान अनि सम्पूर्ण श्रमजिवी किशोर
सबैलाई सत्मार्ग र मानव कल्याणमा लाग्ने
सधैँ सधैँ असल बाटो देखाइदेउन हे ईश्वर ॥

# सगरमाथा र गौतम बुद्धको देश नेपाल

विश्वको सर्वोच्च हिमाल सगरमाथाको काखमा रहेको छ नेपाल
सगरमाथा अनि हिमालै हिमालको काखमा रहेको छ देश नेपाल ।
हिमाल, पहाड, तराईको सौन्दर्यमा रमाइला छन् सुन्दर प्रकृति,
सैयौं फूलका थुङ्गाको मालामा विविध छन् हाम्रा धर्म संस्कृति ॥

शान्तिका अग्रदुत, एशियाका तारा भगवान् गौतम बुद्धलाई
इश्वर मान्दछन् बौद्धमार्गी तथा शान्तिप्रेमी मानव साराले
विश्व समाजमा शान्ति र मानव कल्याणका लागि ।
ठूलो त्याग गरे नेपालको लुम्बिनीमा जन्मिएका महात्मा
विश्व शान्तिका अग्रदुत गौतम बुद्ध एशियाका ताराले ॥

गौतम बुद्धको जन्मभूमि अनि पवित्र ज्ञानभूमि हाम्रो नेपाल,
ऋषिमुनिहरूको तपोभूमि हो कर्मभूमि हाम्रो सुन्दर नेपाल ।
जलस्रोत र प्राकृतिक सम्पदाको मनोरम धनी देश नेपाल
नेपालीको शान गौतम बुद्ध र हाम्रो सगरमाथा हिमाल ॥

चन्द्र सूर्यको उज्यालो झन्डा फरफहराई रहोस् यहाँ सधैं यसै गरी
अनन्त दीर्घ कालसम्म शान्ति, प्रगति रहिरहोस् नेपालमा सधैंभरी ।
काम गर्नुपर्छ सबैले योजना र उद्देश्यका साथ सधैं अघि लागेर
यो नेपाल अनि पृथ्वीको सेवा गरौं सबैले ईश्वर साक्षी राखेर ॥

हामी सबै मिलेर बस्नुपर्छ नेपालमा चाहन्छौ सबै नेपालीको भलाई
सबै मिली गरौं विकास, प्रगति, दोष नदिउ समाजमा अरुलाई ।
सबै मिली विवेकशील भएमा हुन्छ समाजको राम्रो उन्नति,
सबै मिली राम्रोसँग श्रम गरेमा हुन्छ देशको उच्च प्रगति ॥

मानिसले उन्नति, प्रगति गर्दछ, परिश्रम, इमान र सेवाको धर्मले,
मानिस भैकन गरौं कर्तव्य पुरा समाजमा, मन, वचन र कर्मले ।

●

# नेपालमा सतीप्रथाको अन्त्य

नेपालको ऐतिहासिक ग्रन्थमा इतिहासकारहरूले उल्लेख गरे अनुसार सतीप्रथा नेपालमा प्राचीन कालदेखि प्रचलनमा रहेको जानकारी पाउन सकिन्छ । हिन्दू धर्मावलम्बी समुदायका परिवारमा श्रीमतीभन्दा श्रीमान्को मृत्यु अगाडि भएमा श्रीमतीले आफ्ना श्रीमान्सँगै चितामा बसेर जिउँदै मृत्युवरण गर्नुपर्ने कठोर पीडादायक आत्मदाहलाई सती जाने चलन भनिन्छ । यो चलन तत्कालीन समयमा बढ्दै गएपछि यो अन्धविश्वासी सामाजिक चलनले हिन्दूहरूमा सामाजिक संस्कारका रूपमा सतीप्रथाको रूप लियो ।

मल्ल राजाका श्रीमतीहरू पनि श्रीमान्सँग सती गएको इतिहासमा अध्ययन गर्न पाइन्छ । नेपाल एकीकरणका राष्ट्रनिर्माता पृथ्वीनारायण शाहका बुबा गोरखाका राजा नरभुपाल शाह स्वर्गीय हुँदा उनकी १ रानी तथा स्याहार सुसार गर्ने एक जना सुसारेले आफू राजासँगै सती जान पाउ भनी रुवावासी गरेपछि उनको इच्छा अनुसार सती पठाइएको थियो । ती सुसारेलाई तिमी राजाको श्रीमती होइनौ किन सती जानुपऱ्यो भनी सोधीखोजी गरी सम्झाउँदा ती नोकरले राजाले आफुलाई असाध्यै माया गरेर गोरखा राजदरबारमा राखेको र राजा अन्तिम अवस्थामा अशक्त हुँदा आफू नहुँदा खानासमेत नखाने हुँदा राजा स्वर्गीय भएपछि माथि स्वर्गमा पनि राजाको स्याहारसुसार गर्न मेरो खाँचो पर्छ भनी रूवावासी गरेकाले उनको इच्छा अनुसार ती नोकरलाई सती पठाइएको थियो । पृथ्वीनारायण शाहले नेपाल एकीकरण गरेपछि पनि कतिपय शाह वंशीय राजाका श्रीमती रानीहरू पनि उनीहरूको इच्छामा सती गएको इतिहासको अभिलेखमा अध्ययन गर्न पाइन्छ । पृथ्वीनारायण शाहले पनि सतीप्रथा अन्त्य गर्न चाहेको भए पनि पृथ्वीनारायण शाहको १ रानी २ जना भित्रिनी रानीहरूसमेत सती गएको इतिहासको अध्ययनबाट थाहा पाउन सकिन्छ ।

नेपालमा मल्ल कालदेखि शाह वंशीय राजाहरूको पालासमेत हिन्दू समाजमा बहुपत्नी राख्ने चलन थियो । गाउँघरमा सामान्य खान पुग्नेले समेत २-३ जना श्रीमती ल्याउने चलन थियो । नेपालमा मल्लकालीन राजाको समयदेखि राणाशासन कालको अन्त्यसम्म त राजा तथा प्रधानमन्त्रीहरूले घोषित रूपमा ४-५ वटी श्रीमती ल्याए पनि अघोषित रूपमा २०-२५ वटीसम्म श्रीमती घरमा राखेका हुन्थे । कतिपय राजा तथा प्रधानमन्त्रीले ६०-७० वर्षको उमेर पुगेपछि पनि श्रीमतीहरू ल्याउँथे । निरङ्कुश राणाशासन कालमा राणा प्रधानमन्त्रीहरूले काठमाडौँमा त्यस समयमा बेला उमेरका तरुनी नारीहरू देखेमा ती नारीहरूको घरपरिवार वा माइती पक्षको अनुमतिबिनै सोझै आफ्नो घरमा श्रीमतीका रूपमा ल्याउँथे ।

मल्लकालदेखि वि. सं. २०२० सालको नेपालको नयाँ मुलुकी ऐन आउनुभन्दा अगाडिसम्म नेपाली समाजमा धेरै अभिभावकहरूले छोरीचेलीको विवाह ५ वर्षदेखि ९ वर्षभित्रमा गरिदिन्थे । कन्यादानलाई महादानका रूपमा लिइन्थ्यो । धेरैजसो नारी चेलीको विवाह उमेर घर्किसकेका केटासँग गरिदिन्थे । यसरी उमेर नमिल्ने अनमेल विवाहको कारणले झन् छोरीचेली ३०-३२ वर्ष नहुँदै श्रीमान्को मृत्यु भएपछि तिनीहरू श्रीमान्सँगै सती जान्थे । आर्य हिन्दू समाजमा श्रीमान्लाई भगवान् पतिदेव भनिन्छ। आफ्ना पतिदेवको मृत्युपछि मृतककी श्रीमतीले एक्लो जीवन (विधवा) बाँच्नु भनेको दुर्भाग्य हो भन्ने गलत सामाजिक परम्परा त्यस समयको हिन्दू समाजमा चलिआएको थियो। आफूभन्दा अगाडि आफ्ना श्रीमान्को मृत्यु भएमा सँगै सती गएर मृत्युवरण गर्दा स्वर्गमा पुगिन्छ, नत्र नर्कमा परिन्छ भन्ने तत्कालीन समाजको रुढीवादी पुरातन सामाजिक संसकारले गर्दा त्यस्तो गलत सामाजिक संस्कार तत्कालीन नेपाली समाजमा पनि चलिआएको थियो । श्रीमतीभन्दा श्रीमान्को अगाडि मृत्यु हुनु श्रीमतीका लागि पीडादायी मृत्युवरण थियो ।

आज वि. सं. २०८१ सालसम्म आइपुग्दासमेत हिन्दू धर्मावलम्बीहरूको समाजमा श्रीमान्को मृत्यु श्रीमतीभन्दा अगाडि

भएमा श्रीमतीले रातो रङ्गिन कपडाहरू नलगाउने सिन्दुर-टीका नलगाउने, एकसरो सादा कपडा लगाउने चलन अझै पनि पूर्ण रूपमा हट्न सकेको छैन । शिक्षा र चेनताको विकासले क्रमशः शिक्षित परिवारमा अनि शिक्षित नारीले मात्र सिउँदोको सिन्दुर अनि पोते मात्र श्रीमान्ले विवाह हुँदा दिएका हुन्, अरू रङ्गीन पोशाक तथा चुरा, धागो शृङ्गारका सामानहरू हामीले जन्मदै माइतीघरमा बुबाआमाबाट पाएका हौ भनेर आफ्नो श्रीमान्को मृत्युपश्चात सिन्दुर पोते मात्र नलगाई अन्य रङ्गीन पोषकहरू लगाएर यथार्थ समाजवादी सामाजिक जीवन बिताउन थालेका छन् ।

शिक्षाको चेतनाले गर्दा वर्तमान नेपाली समाजमा नेपाली नारीहरूले रङ्गीन पोशाक तथा चुरा, धागो हाम्रो निजी तथा सामाजिक अधिकार हो भन्ने बुझेर वि. सं. २०४६ सालको राजनीतिक परिवर्तनपछि नेपाली नारीहरूले नयाँ ढङ्गले अघि बढेका हुन् । पुरुषहरूले आफ्ना श्रीमतीको मृत्यु भएको १ वर्ष नपुग्दै विवाहवारी गरी घरजम गर्ने तर नारीहरूले आजीवन मृतक श्रीमान्को श्रद्धा र आत्मीय सम्मानका लागि भनेर एकसरो सेतो पहिरन लगाउनुपर्ने गलत सामाजिक संस्कार एउटा प्राचीन रुढिवादी सामाजिक परम्परा हो । आज नेपाली हिन्दू नारीहरू आफ्ना श्रीमान्को आफूभन्दा अगाडि मृत्यु भएमा न्यूनतम सामाजिक संस्कारमा रहेर नयाँ ढङ्गले जीवनयापन गरिरहेका छन् । यो सबै शिक्षा र चेतनाको कारणले सम्भव भएको हो ।

हिन्दू धर्मशास्त्र श्रीस्वस्थानीमा ७० वर्षीय वृद्ध शिवभट्ट ब्राह्मणसँग ७ वर्षिय गोमा ब्राह्मणीले विवाह गरेको र चाँडै श्रीमान्को मृत्यु भएर गोमा ब्राह्मणी विधवा भएको कथासँग मेल खाने प्राचीन नेपाली हिन्दू परम्पराको पुरातन संस्कारको समाजमा हिन्दू नारीहरूले राणा प्रधानमन्त्री चन्द्र शमशेरले सतीप्रथा अन्त्य गर्नुअघि कारुणिक दर्दनाक अवस्थामा लाखौं नेपाली हिन्दू नारीले अल्पायुमा जीवन गुमाउनुपरेको थियो । सतीप्रथासम्बन्धी लाखौं नेपाली नारीहरूले भोगेको दुःखको कथा सम्बन्धी मार्मिक कथा पूर्वी नेपाल झापाका प्रसिद्ध लेखक साहित्यकार कृष्ण धरावासीको प्रसिद्ध

कृति झोला नामक कथामा आधारित साइराम फिल्म कम्पनीले निर्माण गरेको यादव भट्टराईको निर्देशनमा बनेको मार्मिक तथा कारुणिक नेपाली फिल्म झोला यु-ट्युबमा हेरेर तत्कालीन नेपाली समाजको सतीप्रथाको सम्बन्धमा हामीले यथार्थ जानकारी लिन सक्दछौँ । त्यो मार्मिक कारुणिक फिल्म अहिलेको प्रविधिको विकासले अनलाइनबाट युट्युबबाट हामी सबैले चाहेको बेलामा हेर्न सक्छौँ ।

यसरी सामाजिक कलङ्कका रूपमा चल्दै आएको नेपालको हिन्दू समाजको प्राचीन सामाजिक कलङ्कको सतीप्रथा हटाउन तथा केही सुधार गर्न प्रथम राणा प्रधानमन्त्री जङ्गबहादुर राणाले वि. सं. १९१० मा नेपालमा नयाँ मुलुकी ऐन लागू गरेको समयमा केही नयाँ नियमहरू लागू गरेका थिए । नयाँ मुलुकी ऐन व्यवस्था भए अनुसार गर्भावती, सुत्केरी र ५ वर्षभन्दा कम उमेरका बच्चा भएका महिलाले सती जान नपाउने तथा परिवारका सदस्यले पठाउन नपाउने लगायतका नियमहरू लागू गरेर थप सामाजिक सुधार गर्ने प्रयास गरेका थिए । जङ्गबहादुरको मृत्यु भएपछि स्वयं जङ्गबहादुर परिवारमा समेत ल्याइते तथा भित्रिनीसमेत गरेर जङ्गबहादुर राणाको अन्त्येष्टिमा १६ जना श्रीमतीहरू सती गएको भन्ने कुरा इतिहासमा अध्ययन गर्न सकिन्छ ।

यसरी जङ्गबहादुरले सुधार गर्न खोजेको प्राचीन रुढिवादी सामाजिक कुप्रथा सतीप्रथाको सुधार तथा नियन्त्रण पूर्ण रूपमा हुन सकेको थिएन । भारतमा ब्रिटिश इष्ट इन्डिया कम्पनी सरकारको प्रतिनिधित्व गर्ने बेलायती गभर्नरहरूको प्रशासनले वि. सं. १८७७ सालमा सतीप्रथालाई पूर्ण रूपमा बन्देज गरेका थिए । नेपालमा भने विशेष गरी दरबार तथा शक्तिकेन्द्रमा त्यस समयका प्रमुख शासकको मृत्यु भएपछि सम्पत्तीमा रजाइँ गर्न पाउने प्रमुख कारणले गर्दा पुरुष मृतकको श्रीमतीलाई सामीजक रुढिवादीको ढोल पिटेर तथा डर धम्की तथा जबर्जस्ती सती पठाइन्थ्यो । प्राचीन युगमा सृष्टिकी जननी नारीमाथि यस्तो अन्याय हुनु भनेको वास्तवमा त्यस समयका पुरुष तथा सामाजिक अगुवाहरूको नालायकी, नैतिकताविहीनता तथा शून्य चेतनाको काम हो ।

यसरी सामाजिक रूपमा हिन्दू समाजमा हुर्कदै आएको गलत कुरितिको सतीप्रथालाई राणाशासन कालमा राणा प्रधानमन्त्री चन्द्र शमशेरले नयाँ कानुनको घोषणा गरी वि. सं. १९७७ साल असार २५ गतेबाट नेपालमा पूर्ण रूपमा सतीप्रथा बन्द गराउनुभयो । राणा प्रधानमन्त्री चन्द्र शमशेरले सतीप्रथा अन्त्यको घोषणासँगै अब उप्रान्त सती पठाउने परिवार तथा सती जान खोज्ने नारीलाई आजीवन जेलको सजाय दिने घोषणा गर्नुभयो ।

नेपाली समाजमा राणा प्रधानमन्त्री चन्द्र शमशेरको यो ऐतिहासिक तथा साहसिक समाज सुधारको कार्यले गर्दा वि. सं. १९७७ असार २५ गतेदेखि हिन्दू नेपाली नारीले श्रीमान्को आफूभन्दा अगाडि मृत्यु भएमा पनि आफ्ना परिवारका साथमा बस्न पाउने अधिकारको स्थापना गरिदिएपछि सतीप्रथाजस्ता जघन्य सामाजिक कलङ्कको अन्त्य भएको थियो । सतीप्रथाको अन्त्य सँगै नेपाली हिन्दू समाजमा नयाँ सामाजिक युगको शुरुवात भएको थियो । त्यसपछि नेपाली हिन्दू नारीहरूले नयाँ जीवन पाउनुका साथै नयाँ युगमा प्रवेश गरी घरपरिवारका आफ्ना सदस्यका साथमा ढुक्कसँग बस्न पाएका थिए ।

निरङ्कुश राणाशासन कालमा चन्द्र शमशेरले जनतालाई दमनका अरू जेजति कार्यहरू गरे तापनि सतीप्रथा अन्त्यको घोषणा तत्कालीन नेपाली समाजमा ऐतिहासिक र साहसिक कार्य हो । वास्तवमा त्यस समयमा नेपाली नारी र परिवारका लागि राणा प्रधानमन्त्री चन्द्र शमशेर जिउँदा साक्षात ईश्वर सावित हुनुभयो । राणा प्रधानमन्त्री चन्द्र शमशेरको सतीप्रथा अन्त्य घोषणाको कार्यले नेपाली समाजलाई सामाजिक रूपमा नयाँ युगमा प्रवेश गरायो ।

इतिहासको कालखण्डमा कतिपय शासकहरू राजनीतिक रूपमा कट्टर भए तापनि सामाजिक कुरिती अन्त्यका लागि अग्रगामी छलाङको निर्णय गर्न तयार हुन्छन् । त्यस्तो अग्रगामी सामाजिक छलाङको बाटोमा अगाडि बढ्न ऐतिहासिक पहल कदमी गरी चन्द्र शमशेरले नेपाली समाजलाई नयाँ सामाजिक युगमा प्रवेश गराउनुभयो ।

यसरी हजारौँ वर्षसम्म चलेको सामाजिक कलङ्कका रूपमा रहेको सतीप्रथा नेपालमा अन्त्य भएको थियो । सतीप्रथाको अन्त्यसँगै नेपाली हिन्दू नारीहरूले नयाँ जीवन पाएको तथा नयाँ युगमा प्रवेश गरेको अनुभव सहित परिवारका साथ ढुक्कसँग बस्न पाए ।

प्राचीन हिन्दू समाजको सामाजिक कलङ्क सतीप्रथा बन्द गरिदिनुभएकोमा मेरो पनि राणा प्रधानमन्त्री चन्द्र शमशेरलाई मुरीमुरी धन्यवाद । उहाँको सधैँ स्वर्गमा बास होस्, फेरि पनि यो मर्त्यलोक पृथ्वीमा उहाँले मानिस, जीव, प्राणी बनेर जन्मने मर्ने काम गर्नु नपरोस् भनी ईश्वरसँग प्रार्थना गर्दछु ।

●

# नेपालमा लोकतान्त्रिक आन्दोलनहरू

गोरखाका राजा पृथ्वीनारायण शाहको नेतृत्वमा छरिएर रहेका पूर्व-पश्चिमका बाइसे-चौबिसे राज्यसँगै नुवाकोट, काठमाडौँ उपत्यकाको कीर्तिपुर, ललितपुर, काठमाडौँ (कान्तिपुर) भक्तपुर विजयसँगै पृथ्वीनारायण शाहले नेपालको राजधानी काठमाडौँलाई बनाउनुभयो । हनुमानढोका दरबारलाई नेपालको राजदरबार स्थापना गर्नुभयो । आधुनिक नेपाल एकीकरणमा पृथ्वीनारायण शाहको प्रमुख योगदानले गर्दा नै नेपालको सिमाना पूर्वमा टिस्टा नदी र पश्चिमका अहिले भारतको स्वामित्वमा रहेको देहरादुनको सतलज नदी (काँगडा) सम्म पुगेको थियो ।

पृथ्वीनारायण शाहको वि. सं. १८३१ मा अल्पायु ५१ वर्षमा मृत्यु भएपछि उनका छोरा प्रतापसिंह शाह नेपालको राजा भएका थिए । आफ्ना दाजु प्रतापसिंह शाहको अल्पायुमा वि. सं. १८३४ मा मृत्यु भएपछि नाबालक भतिज रणबहादुर शाहको संरक्षण गर्दै पृथ्वीनारायण शाहका कान्छा छोरा बहादुर शाहले विभिन्न काजी, सेनापति तथा नेपाली सेनाको सहयोगमा नेपालको सिमाना पूर्वमा टिस्टा तथा पश्चिमका काँगडासम्म पुऱ्याएका थिए । पृथ्वीनारायण शाहको एकीकरण अभियानलाई बहादुर शाहले पूरा गरेका थिए । पृथ्वीनारायण शाहको निधनपछि नेपालको राजा प्रतापसिंह शाहको पनि अल्पायुमा बित्नुभएकाले राजदरबारमा सानो-सानो उमेरका राजाहरूलाई मुमा रानीहरू तथा सेनापति (काजी) को तजबिजमा नेपालको राजदरबार सञ्चालन हुन थाल्यो । यो क्रम राजा राजेन्द्रको पालासम्म चल्यो ।

सानो उमेरका राजा, राजदरबारको कलङ्क तथा नेपालको तिब्बतसँगको युद्ध र नेपालको पूर्व-पश्चिममा राजनीतिक अस्थिरता बढ्दै जान थाल्यो । भारतमा इस्ट इन्डिया कम्पनी (ब्रिटिस) सरकारको राज्य सिमाना विस्तारको क्रम नेपालतर्फ बढ्दै गयो ।

काजी भीमसेन थापाको पालामा वि. सं. १८७१ मा नेपाल-अङ्ग्रेज युद्धमा नेपालको हार भएपछि नेपालले अङ्ग्रेजसँगको सुगौली सन्धि अनुसार नेपालको धेरै भूभाग गुमाउनुपर्‍यो । त्यसपछि नेपालको सिमाना पूर्वमा मेची र पश्चिममा महाकाली नदीसम्म कायम भयो । सुगौली सन्धिको सम्पूर्ण दोष भीमसेन थापामाथि लगाइयो । भीमसेन थापालाई जेल हालियो । भीमसेन थापाले जेलमा आत्महत्या गरे ।

यसरी अस्थिरता बढ्दै गएको नेपालको राजनीतिमा वि. सं. १९०३ को कोतपर्वपछि जङ्गबहादुर नेपालको प्रधानमन्त्री भए । वि. सं. १९३३ मा जङ्गबहादुरको मृत्युपछि वि. सं. १९४२ मा प्रधानमन्त्री रणोद्दीपको हत्यापछि धीर शमशेरका छोरा वीर शमशेर नेपालका प्रधानमन्त्री बने । यसरी वीर शमशेरपछि देवशमशेर हुँदै चन्द्र शमशेर नेपालको प्रधानमन्त्री बने । चन्द्र शमशेरले वि. सं. १९७७ मा सतीप्रथाको अन्त्य गरे । राणाकालमा नेपालका राजा नाम मात्रका थिए । जङ्गबहादुरले आफ्ना छोराहरूको विवाह राजदरबारका राजकुमारीसँग र छोरीहरूको विवाह राजदरवारका राजकुमारसँग गरेर जङ्गबहादुरले राजा र राजखलकसँगको घरायसी सम्बन्ध झन् बलियो बनाएकाले राजदरबारका राजाहरूलाई जङ्गबहादुरको शासन व्यवस्थामा हस्तक्षेप गर्न नसक्ने अवस्था सृजना भई जहानिया राणाशासन थप मजबुत बन्दै गएको थियो । जङ्गबहादुरको पालामा बेलायतको इस्ट इन्डिया कम्पनीलाई भारतमा बङ्गालीहरूले गरेको विद्रोहमा नेपाली सुरक्षा फौज पठाएर जङ्गबहादुर आफैँ भारत गएर बङ्गाली विद्रोहलाई अन्त्य गरी बेलायत सरकारलाई सहयोग गरेकाले बेलायत सरकारले खुसी भएर जङ्गबहादुरलाई सुगौली सन्धिमा गुमेको नेपालको भाग अहिलेको नेपालको बाँके, बर्दिया, कैलाली, कञ्चनपुर जिल्ला फिर्ता दिएको थियो ।

भारतिय बङ्गाली विद्रोह तथा प्रथम तथा द्वितीय विश्वयुद्धमा नेपालले बेलायतलाई सैनिक सहयोग गरेको कारण राणाशासनलाई बेलायत सरकारको पूर्ण रूपमा समर्थन रहेको थियो । जङ्गबहादुरले राणाशासन स्थापना गरेपछि प्रधानमन्त्रीको रोलक्रम भाइ, छोरा, नाति तथा राणाहरूमा मात्र रहने गरी नियम बनाएका थिए ।

राणाशासन स्थापना गरेपछि जङ्गबहादुरले राणा प्रधानमन्त्रीलाई श्री ३ महाराज लेख्न थालेका थिए । यसरी जङ्गबहादुरले स्थापना गरेको एकलौटी निरङ्कुश राणाशासन १०४ वर्ष वि. सं. २००७ सालसम्म कायम रह्यो ।

## नेपालमा प्रजातान्त्रिक आन्दोलन र वि. सं. २००७ साल :

जङ्गबहादुर राणाले बेलायतको पहिलो भ्रमण गरेपछि वि. सं. १९१० सालमा दरबार हाइस्कुलको स्थापना गरेका थिए । जुन अहिले काठमाडौँको रानीपोखरीसँगै रहेका दरबार हाइस्कुल वि. सं. २०७२ सालको भूकम्पपछि चीन सरकारले पुरानै वास्तुशैलीमा पुनर्निर्माण गरिदिएको छ । दरबार हाइस्कुलमा राणा शासक प्रशासक, राजदरबारका भाइभारदार तथा दरबारका पहुँच भएका आफन्तलाई मात्र पढ्ने अनुमति थियो । राणाहरूले सर्वसाधारण नेपाली नागरिकहरूलाई पढ्न-लेख्न प्रतिबन्ध गरेका थिए । राणाहरूले आफ्ना समर्थकबाहेक अरूलाई पूर्ण रूपमा दमन गरेका थिए । सर्वसाधारण नेपालीहरूले पढलेख गर्ने अवसर पाए भने पछि उनीहरू बाठा भएर आफ्नो एकलौटी निरङ्कुश शासन व्यवस्था कमजोर भएर जनताको शासन व्यवस्था स्थापना हुन्छ भनेर राणाहरूले केही निश्चित दरबारिया बाहेक अरू सर्वसाधारण नेपालीलाई शिक्षाको अधिकार दिएका थिएनन् ।

भारतमा बङ्गाली सिपाही विद्रोहमा जङ्गबहादुरसँगै भारत गएर सिपाही विद्रोह साम्य पारी नेपाल फर्किएका गोरखाका लक्ष्मणबहादुर थापा (लखन थापा) लाई जङ्गबहादुरको निरङ्कुश शासन शैली मन नपरेकाले लखन थापाले जङ्गबहादुरको निरङ्कुश शासन अन्त्य गरी जनताको लोकतान्त्रिक शासन व्यवस्था स्थापना गर्ने उद्देश्यले गोरखामा पूर्वसैनिकहरूको मोर्चा बनाएर जङ्गबहादुरको एकलौटी निरङ्कुश शासन व्यवस्था अन्त्य गर्न एउटा सानो टुकडीको ब्यारेकसमेत स्थापना गरी गोप्य रूपमा जङ्गबहादुरका विरुद्ध विद्रोह गरेर निरङ्कुश राणाशासन अन्त्य गर्ने उद्देश्यका साथ योजना अगाडि बढाएका थिए ।

जङ्गबहादुरलाई लखन थापाका विपक्षले यो कुरा थाहा पाएर काठमाडौमा यो कुराको जानकारी गराए । जङ्गबहादुरले आफ्ना तत्कालीन सेना तथा प्रशासकमार्फत लखन थापालगायत केही उनका सहयोगीसमेत गोरखाबाट पक्राउ गरी काठमाडौँको थापाथली दरबारमा ल्याउन लगाएर सातो बोलाई कोर्रा लगाएर पुनः गोरखामै लगेर लखन थापालगायत केही उनका सहयोगीलाई वि. सं. १९३३ फागुनमा मृत्युदण्ड दिएका थिए ।

यसरी राणाहरूको निरङ्कुश शासन अन्त्य गरी लोकतान्त्रिक शासन स्थापना गर्ने सोचका एक शाहसी वीर नेपाली लखन थापालगायत केही उनका सहयोगीहरूको जङ्गबहादुरको आदेशमा हत्या गरी जङ्गबहादुरले आफ्नो शासन व्यवस्था थप मजबुत बनाएका थिए । निरङ्कुशताको विरुद्ध विद्रोहको अभियानका नेतृत्वकर्ता लखन थापालाई नेपालको इतिहासमा प्रथम सहिद घोषणा गरिएको छ ।

राणाहरूको निरङ्कुश शासनको अत्याचार बढ्दै गएपछि पूर्वी नेपालको सिन्धुली जिल्लाको झाँगाझोलीमा जन्मिएर नेपालको विराटनगरमा आफ्नो कर्मथलो बनाएका कर्मयोगी युगपुरुष कृष्णप्रसाद कोइरालाले राणाहरूलाई नेपाली जनताको आर्थिक अवस्था, वाक् स्वतन्त्रता र मानव-अधिकारका सम्बन्धमा सुधार गर्न सल्लाह-सुझाव तथा पहल गरेका थिए । कृष्णप्रसाद कोइराला एक सामान्य किसान तथा सामान्य धान व्यापारी थिए । राणाहरूका समर्थक केही झुण्ड तथा समूहले मात्र शिक्षा तथा केही अधिकार पाएर मात्र नेपाल र नेपालीको उन्नति हुँदैन । सम्पूर्ण सर्वसाधारण नेपाली नागरिकहरूले शिक्षा, स्वास्थ्य तथा मानव-अधिकार पाएमा मात्र नेपाल र नेपालीको प्रगति हुन्छ र नेपाल र नेपालीको उन्नति हुन्छ भन्ने दूरगामी सोच तथा उद्देश्य भएका युगपुरुष कृष्णप्रसाद कोइरालाले केही प्रजातान्त्रिक र लोकतान्त्रिक व्यक्तिहरूको समर्थनमा नेपालको विराटनगरमा सानो विद्यालय तथा स्वास्थ्य सेवा केन्द्र स्थापना गरेका थिए । कृष्णप्रसाद कोइरालाको सल्लाह तथा सुझाव राणाहरूले नमान्नु तथा स्वयं कृष्णप्रसाद कोइरालाले विद्यालय तथा स्वास्थ्य सेवा केन्द्र स्थापना तथा सञ्चालनबाट क्रुद्ध बनेका

राणाहरूले कृष्णप्रसाद कोइराला परिवारको सम्पूर्ण सम्पत्ति कब्जा गरी कृष्णप्रसाद कोइराला परिवारलाई नेपालबाट देशनिकाला गरेको थियो ।

प्रजातन्त्र स्थापना गर्ने महान् उद्देश्य भएका युगपुरुष कृष्णप्रसाद कोइरालाले आफ्नो व्यवसाय तथा स्थायी सम्पत्ति र परिवारको सुख सम्पूर्ण कुरालाई तिलाञ्जली दिएर राणाहरूको अल्टिमेटमलाई ठाडै अस्वीकार गरी प्रवासको दुःखको जीवनमा जाने तर राणाशासनका निरङ्कुशता र अत्याचारबाट नेपाली नागरिकलाई मुक्त गर्ने प्रजातान्त्रिक विद्रोहमा अघि बढ्ने दृढ सङ्कल्पका साथ भारतका विहारमा परिवारसहित निर्वासन गएका थिए ।

इतिहासको केही कालखण्डमा मात्र संसारमा त्यस्ता व्यक्तिहरूको जन्म हुन्छ । त्यस्ता व्यक्तिले देशवासी नागरिकहरूको स्वतन्त्रता तथा मानव-अधिकारका लागि आफ्नो सुखसयल तथा श्रीसम्पत्ति माया मार्न तयार हुन्छन् । नेपालमा तिनै व्यक्तिको समूहमा पर्ने युगपुरुष कृष्णप्रसाद कोइरालाको दृढ सङ्कल्पको योगदानका कारणले गर्दा नै राणाशासन पतनको यात्रा सुरु भएको थियो ।

भारत निर्वासनपछि जन्मिएका कृष्णप्रसाद कोइराला तथा दिव्या कोइरालाका छोरा विश्वेश्वरप्रसाद कोइरालाले बुबाको योजना तथा सपना साकार पार्ने उद्देश्यका साथ भारतको पटना बनारसमा पढ्दै हुर्कने क्रममा बनारसमा गएर त्यस समयमा नेपालबाट बनारसमा पढ्न गएका तथा भारतको तत्कालीन राजधानी कलकत्तामा बसेका नेपालबाट राणाशासकको आदेशमा देशनिकाला भएका विपक्षी राणाहरू तथा प्रजातन्त्रका समर्थकहरूको योजनामा नेपालमा निरङ्कुश शासनको अन्त्यका लागि प्रजातान्त्रिक सङ्गठनहरू बनाउँदै गए । बनारसमा बसेर पढेर आएका त्यस समयका प्रजातान्त्रिक सोच भएका केही व्यक्तिहरूले नेपालमा पनि गोप्य रूपमा सङ्गठनहरू बनाउँदै लगे ।

त्यस समयमा राजा त्रिभुवनका योगगुरु तथा प्रजा परिषदका सदस्य काठमाडौँ ओमबहालका धर्मभक्त माथेमा, रामेछापका

गङ्गालाल श्रेष्ठ तथा दशरथ चन्द, शुक्रराज शास्त्री, रामहरि शर्मा, टङ्कप्रसाद आचार्य, गणेशमान सिंहलगायतले निरङ्कुश राणाशासन अन्त्य गर्न गोप्य सङ्घ-सङ्गठनमार्फत कामहरू गर्दै गए । ती कुरा राणा प्रधानमन्त्री तथा प्रशासकले थाहा पाएर उनीहरूलाई सुध्रन तथा विद्रोहको कार्यक्रम प्रचार-प्रसार नगर्न चेतावनी दिए । महान् सोच भएका जनताको मुक्तिका लागि आफ्नो जीवन वा मृत्यु रोजेको त्यस समयका महामानवहरूले राणाहरूले दिएको अवसर, आश्वासन तथा व्यक्तिगत फाइदालाई तिलाञ्जली दिएर नेपालीको स्वतन्त्रता, मानव-अधिकार र प्रगति प्रजातन्त्रबाट मात्र सम्भव छ भन्ने सोचका साथ बरू मृत्यु स्वीकार गर्ने तर राणाहरूको निरङ्कुश शासन जसरी पनि अन्त्य गर्ने महान् सोचका साथ प्रजातन्त्र स्थापना गर्ने महान् कार्यमा अघि बढिरहे ।

आन्तरिक रूपमा विद्रोहका कार्यहरू बढ्दै गएपछि त्यस समयमा प्रजा परिषद्का सदस्यहरू धर्मभक्त माथेमा, गङ्गालाल श्रेष्ठ, दशरथ चन्द, शुक्रराज शास्त्रीलाई वि. सं. १९९७ साल माघमा काठमाडौँमा मृत्युदण्ड दिइयो । गणेशमान सिंह लगायत केही व्यक्तिहरू रातारात भारत भागेर ज्यान जोगाएका थिए । क्रान्तिमा २ मरे ४ जन्मन्छन् भनेजस्तै भारतमा बीपी कोइराला, कृष्णप्रसाद भट्टराई, सुवर्ण शमशेर, नारदमुनि थुलुङ, मातृकाप्रसाद कोइराला, गिरिजाप्रसाद कोइराला, मनमोहन अधिकारी, पुष्पलाल श्रेष्ठ, नरबहादुर कर्माचार्य, मोतीदेवी श्रेष्ठलगायतले कलकत्ता तथा बनारसमा बसेका तत्कालीन समयका क्रान्तिकारी युवा तथा प्रजातान्त्रिक शक्तिलाई एकिकृत गर्दै नेपालमा जसरी पनि प्रजातन्त्र स्थापना गरी निरङ्कुश राणाशासन अन्त्य गर्ने महान् सोचका साथ साङ्गठनिक कार्यहरू गर्दै गए ।

भारतीय स्वतन्त्रता सङ्ग्राममा जवाहरलाल नेहरू, बल्लभभाइ पटेल, महात्मा गान्धीसँग सहभागी भएका बीपी कोइरालाले वि. सं. २००३ सालमा नेपाली काङ्ग्रेसको स्थापना गरी नेपालमा प्रजातन्त्र स्थापना गर्नका लागि निरन्तर लागेका थिए । वि. सं. १९९७ को चार सहिदको मृत्युदण्डको समयमा बीपी कोइरालाले पनि करिब ८

वर्ष कठोर जेलनेलको जीवन बिताएका थिए । प्रजातन्त्र स्थापना गर्ने आन्दोलनका क्रमहरू बढ्दै गएको समयमा बीपी कोइराला जेलका रहेको अवस्थामा उनका बुबा कृष्णप्रसाद कोइरालाको मृत्यु भएको थियो ।

नेपालमा प्रजातन्त्र स्थापना गर्ने दृढ सङ्कल्प लिएका बीपी कोइरालाले जसरी पनि नेपालमा प्रजातन्त्र ल्याउनुपर्छ, बरू जीवन अल्पायुमा समाप्त भए पनि प्रजातन्त्रभन्दा ठूलो आफ्नो जीवन होइन भन्ने महान् सोचका साथ नेपाली काङ्ग्रेस नामक पार्टीको स्थापना गर्नुभयो । सङ्गठनात्मक तथा अन्य फौजी कार्यहरू कृष्णप्रसाद भट्टराई, गणेशमान सिंह, मङ्गलादेवी सिंह, नारदमुनि थुलुङ मातृकाप्रसाद कोइराला, गिरिजाप्रसाद कोइराला, टङ्कप्रसाद आचार्यलगायतले नेपालका विभिन्न ठाउँमा सञ्चालन गर्न थाले । वि. सं. २००६ सालमा पुष्पलाल श्रेष्ठको नेतृत्वमा स्थापना भएको नेपाल कम्युनिस्ट पार्टीका नरबहादुर कर्माचार्य, निरञ्जनगोविन्द वैद्य, मोतीदेवी श्रेष्ठ, मनमोहन अधिकारी, साधना प्रधानलगायतले पनि प्रजातान्त्रिक आन्दोलनमा महत्त्वपूर्ण योगदान गरेका थिए । वि. सं. २००४ सालमा भारतमा ब्रिटिस शासन अन्त्य भई भारत स्वतन्त्र भएपछि नेपालको राणाशासन पनि कमजोर हुन थाल्यो । राणाहरूको अत्यधिक दमन र पीडा तथा जेलनेल भोगेका महामानव बीपी कोइरालालगायत काङ्ग्रेस, कम्युनिस्टको प्रजातान्त्रिक शक्तिले राजा त्रिभुवनसँग गोप्य रूपमा सम्पर्क तथा सल्लाह गरी नेपालमा प्रजातन्त्र स्थापनाका लागि विद्रोहका कार्यक्रमहरू बढाउदै लगे । विराटनगर जुट मिल आन्दोलन, तत्कालीन अञ्चलाधीश कार्यालय, बडाहाकिमको कार्यालय तथा प्रशासनिक कार्यालयमा आक्रमण तथा कब्जा गर्ने सशस्त्र आन्दोलनहरू पनि सफलताका साथ सम्पन्न हुँदै गए ।

यसै क्रममा प्रजातान्त्रिक शक्ति र राजाको सल्लाहबमोजिम वि. सं. २००७ साल कार्तिक २१ गते तत्कालीन राजा त्रिभुवन बालाजुमा सपरिवार घुम्न जाने भनी नारायणहिटी राजदरबारबाट निस्किएर भारतीय राजदूतावास लैनचौरमा शरण लिन पुगेका थिए ।

राणा प्रधानमन्त्रीले त्रिभुवनलाई फिर्ता गर्न दिएको दबाब भारतीय राजदूतावासले वेवास्ता गरी भारतमा स्थापना भएका प्रजातान्त्रिक सरकारले राजा त्रिभुवनलाई भारतीय राजदूतावासबाट त्रिभुवन विमानस्थल गौचर हुँदै विमानमार्फत सपरिवार दिल्ली पुऱ्याए । राजदरबारमा राजा खाली भएका कारणले त्यस समयमा मामाघरमा रहेका तत्कालीन नाबालक अधिराजकुमार ज्ञानेन्द्र शाहलाई ३ वर्षको उमेरमा नेपालको राजा घोषणा गरी राणाहरूले आफ्नो निरङ्कुशता अघि बढाउने घोषणा गरे ।

तत्कालीन भारतीय सरकारको सहयोगमा नेपालका तत्कालीन राणा प्रधानमन्त्री तथा उनका अन्य सहयोगीलाई भारतमा बोलाएर राजा त्रिभुवन, बीपी कोइराला, सुवर्ण शमशेर, मोहन शमशेर लगायतको सरसल्लाहमा काङ्ग्रेसले सञ्चालन गरेको सशस्त्र आन्दोलन रोक्ने, राजा र प्रजातान्त्रिक शक्तिको संयुक्त नेतृत्वमा ५-५ जना गरी नयाँ प्रजातान्त्रिक सरकार गठन गर्ने प्रजातन्त्र स्थापनाको घोषणा राजाबाट गराउने सहमतिबमोजिम वि. सं. २००७ साल फागुन ३ गते तत्कालीन राजा त्रिभुवन सपरिवार नेपाल फिर्ता आएर वि. सं. २००७ साल फागुन ७ गते राणाशासन अन्त्य भएको र नेपालमा प्रजातन्त्र स्थापना भएको घोषणा गर्नुभयो । यसरी निकै ठूलो कठिन र चुनौतीपूर्ण यात्राबाट नेपालबाट १०४ वर्षको राणाशासन समाप्त गरिएको थियो ।

वि. सं. २००७ सालमा नेपालमा प्रजातन्त्र स्थापना भएपछि नागरिक स्वतन्त्रता, मानव-अधिकार, कानुनी राज्य, शिक्षा तथा स्वास्थ्यमा सर्वसाधारण नेपालीहरूको पहुँच तथा अवसर सुरु भयो । काठमाडौँ देखि गाउँगाउँमा विद्यालय तथाससाना स्वास्थ्य कार्यालय खुल्न थाले । विद्यालयको स्थापनासँगै सर्वसाधारण नेपालीहरूले पढलेख गर्ने अवसर पाएसँगै जीवनस्तर पनि उकास्ने मौका पाए । प्रजातन्त्र स्थापनापछि नेपाली काङ्ग्रेसमा भएको खिचातानी, राणा शासन अन्त्य भएर राणाहरूको राज्यसत्ताबाट विस्थापित भएका राणाहरूले प्रजातन्त्रलाई सफल हुन नदिने षड्यन्त्रका कारण राम्रोसँग प्रजातान्त्रिक सरकारले काम गर्न सकेको थिएन ।

यसै क्रममा वि. सं. २०११ सालमा तत्कालीन राजा त्रिभुवन शाहको मृत्यु भएपछि महेन्द्र शाह नेपालका राजा भए । वि. सं. २०१५ सालमा पहिलो संसदीय चुनाव सम्पन्न भयो । नेपाली काङ्ग्रेसले २ तिहाइ बहुमतसहित बीपी कोइरालाको नेतृत्वमा नयाँ सरकार गठन गऱ्यो । आन्तरिक किचलो दलीय विवादका कारण नेपाली काङ्ग्रेसको बहुमतको सरकारले पनि राम्रोसँग काम गर्न सकेन । नेपाली काङ्ग्रेस पार्टी भित्रको आन्तरिक द्वन्द्व, गुटबन्दी तथा विभिन्न अस्थिरता, राजा महेन्द्रसँग बीपी कोइरालाको सम्बन्ध बिग्रँदै जानु तथा विविध कारणले गर्दा प्रजातन्त्र र बहुदलीय व्यवस्थाप्रति आम नागरिकहरूको नकारात्मक दृष्टिकोण तथा प्रजातन्त्रप्रति वितृष्णा बढ्दै गएको मौका पारी तत्कालीन राजा महेन्द्र शाहले वि. सं. २०१७ साल पौष १ गते जननिर्वाचित प्रजातान्त्रिक सरकारलाई अपदस्थ गरी पञ्चायती व्यवस्था स्थापना गरे । यसरी ठूलो त्याग बलिदानी तथा योगदानबाट स्थापना भएको प्रजातन्त्र पनि मासिएर पञ्चायती व्यवस्था स्थापना भयो ।

पञ्चायती व्यवस्था स्थापना भएपछि नेपालमा एकदलीय शासन व्यवस्था सञ्चालन भयो । दलीय स्वतन्त्रताका नाममा भएका आन्तरिक द्वन्द्व साम्य हुँदै गए । वि. सं. २०१७ साल पुस १ गते पञ्चायती व्यवस्था स्थापना भएपछि जननिर्वाचित प्रधानमन्त्री बीपी कोइराला, कृष्णप्रसाद भट्टराई, गणेशमान सिंहलगायत केही बहुदलीय व्यवस्थाका नेताहरूलाई जेलमा हालियो । बीपी कोइरालालाई पनि ८ वर्ष सुन्दरीजल जेलमा राखियो । कतिपय तत्कालीन प्रजातान्त्रिक नेताहरूले राजासँग पञ्चायतको समर्थन र सहयोग गर्ने गोप्य सहमति अनुसार जेलबाट मुक्ति पाए । बीपी कोइरालाले भने प्रजातन्त्र पुनर्स्थापना हुनुपर्छ भन्ने अडान कायमै राखी राजा महेन्द्रसँग सम्झौता नगरेकाले बीपी कोइरालालाई ८ वर्ष लगातार जेलमा राखियो । स्वास्थ्य अवस्था कमजोर हुँदै गएपछि २०२५ सालमा राजा महेन्द्रले बीपी कोइरालालाई जेलमुक्त गर्नुभयो । जेलबाट निस्किएको केही समयपछि बीपी कोइराला भारत प्रस्थान गरे ।

भारतमा बस्दा बीपी कोइरालाले भारतबाट सोचे अनुसारको सहयोग नपाएको तथा तत्कालीन भारतीय प्रधानमन्त्री इन्दिरा गान्धीको व्यवहारबाट सतर्क भएका बीपी कोइराला वि. सं. २०३३ पौष १६ गते राष्ट्रिय मेलमिलापको नीतिको घोषणा गरेर नेपाल फर्किए । प्रजातन्त्रका लागि आजीवन सङ्घर्ष गरेका बीपी कोइराला राणाशासनमा ८ वर्ष कठोर जेलजीवन तथा पञ्चायती व्यवस्था स्थापना भएपछि ८ वर्ष गरी १६ वर्ष जेलजीवन बिताएका थिए । २०३९ सालमा बीपी कोइरालाको निधन भएको थियो । पुष्पलाल श्रेष्ठको भने २०३५ सालमा निधन भएको थियो । वि. सं. २०२८ सालमा झापामा कम्युनिस्ट विद्रोह गर्ने समूहको आन्दोलनमा परेर दुर्गाबहादुर गौतम, धर्मप्रसाद ढकालसहित केही व्यक्तिले ज्यान गुमाउनुपऱ्यो ।

भारतको नक्सलवादी आन्दोलनको सिको गर्दै तत्कालीन समयमा झापामा कम्युनिस्ट मोर्चाका कार्यकर्ताले गरेको जमिनदार तथा सामन्तलाई कार्वाही गर्ने आन्दोलन मोहनचन्द्र अधिकारी, राधाकृष्ण मैनाली, चन्द्रप्रकाश मैनाली, रामनाथ ढकाल, केपी ओलीलगायतको नेतृत्व तथा सहभागितामा सञ्चालन भएको थियो । विद्रोहीहरूमध्ये रामनाथ दहाल, विरेन राजवंशी, नेत्र घिमिरे, कृष्ण कुइकेल, नारायण श्रेष्ठलाई जेल सार्ने बहानामा झापा र इलामको बीचमा रहेको सुखानी जङ्गलमा लगेर गोली हानी पञ्चायती शासकले हत्या गऱ्यो। राणाशासनभन्दा पञ्चायती व्यवस्थामा विद्यालय खुलेर नागरिक स्वतन्त्रता तथा देश-विदेशको शासन व्यवस्थाको अवस्थामा बुझ्ने अवसर पाएकाले नेपाली नागरिक तथा लोकतान्त्रिक शक्तिहरूलाई पञ्चायतको विरोधमा प्रत्यक्ष-अप्रत्यक्ष सहभागी हुन धेरै सजिलो भएको थियो ।

वि. सं. २०३३ साल पौष १६ गते बीपी कोइराला नेपाल फर्किएपछि नेपालमा क्रमशः पञ्चायतको विरोधमा गतिविधि बढ्न लाग्यो । यसै क्रममा तत्कालीन राजा वीरेन्द्रले पञ्चायत विरोधी गतिविधिलाई साम्य पार्न तत्कालीन पञ्चायती व्यवस्थाका

हस्तीहरूको ग्रायन्ड डिजाइनमा बहुदलीय व्यवस्था वा सुधारिएको पञ्चायती व्यवस्था दुईमध्ये बहुमतप्राप्त जनभावना सम्बोधन गर्ने भनी जनमतसङ्ग्रहको घोषणा गरे । जसरी पनि बहुदलीय व्यवस्थालाई फेल गर्ने र वैधानिक रूपमा राजतन्त्रलाई सफल गराउने गोप्य डिजाइन अनुसार गरिएको जनमतसङ्ग्रहमा पञ्चायती व्यवस्थाको समर्थनमा बहुमत आएको घोषणा गरी बहुदलीय व्यवस्था अल्पमतमा परेकाले आवश्यक छैन भन्ने ग्रायन्ड डिजाइन सफल गराए ।

यसरी भएको ग्रायन्ड डिजाइनको जनमतसङ्ग्रहको कारणले गर्दा नेपालीहरूले प्रजातन्त्र पुनः स्थापना गर्न २०४६ सालको जनआन्दोलन गर्नुपरेको थियो । शिक्षा, चेतना, साङ्गठनिक प्रभावले नागरिकहरूको चेतनास्तर बढ्दै जानु, पञ्चायती व्यवस्थाले पनि जनचाहना अनुसार काम गर्न नसकेको कारण तथा विभिन्न घोटालामा पञ्चायती शासक सम्लग्न हुनु राजदरबारका परिवारका सदस्यबाट गम्भीर खालका कानुन विपरीतका कार्यहरू हुन थालेपछि काङ्ग्रेस तथा कम्युनिस्टहरूलाई राजतन्त्रको विरोध तथा प्रजातन्त्र पुनर्स्थापना गर्ने कार्यमा गोप्य सङ्गठन सञ्चालन गर्न, प्रचारप्रसार गर्न थप सजिलो हुँदै गएको थियो । वि. सं. २०४२ सालको सत्याग्रह आन्दोलनबाट क्रमशः नेपालमा नेपाली काङ्ग्रेस र कम्युनिस्ट पार्टीका विभिन्न सङ्गठनले पञ्चायती व्यवस्था विरोधी गतिविधि थप शसक्त बनाउदै लगेका थिए ।

## संयुक्त जनआन्दोलन, २०४६ :

नेपालका राजाहरू आफ्नो अरबौंको निजी सम्पत्ति भएर पनि औषधि-उपचार, छोराछोरीको विवाह तथा घरायसी मोजमस्तीको खर्चसमेत राज्यको ढुकुटीबाट लिने गर्दथे । सर्वोच्च अदालतबाट फैसला भएको मुद्दासमेत राजाको तजबिजमा माफी दिन सक्ने हुकुमी शैलीको तानाशाही पञ्चायती व्यवस्थामा देशका गरिब जनताले शुद्ध पिउने पानी तथा ज्वरो आएको बेलामा खाने सामान्य सिटामोलसमेत नपाउने देश नेपालमा राजाहरूले भने आफ्नो

राजदरबारको बिजुलीबत्तीको पैसासमेत राज्यको ढुकुटीबाट तिराउन लगाउँथे । सामान्य पढलेख तथा सामान्य वाक् स्वतन्त्रता भए तापनि अहिलेको जस्तो सर्वसाधरण नेपालीको जापान, अस्ट्रेलिया, युरोप, अमेरिका, क्यानडा लगायतका विभिन्न देशहरूमा आवतजावत गर्न सक्ने पहुँच नेपाली नागरिकहरूलाई पञ्चायत कालमा थिएन । पञ्चायती शासकहरू सेना, प्रहरी तथा प्रशासनिक तहका उच्च पदमा आफ्नो विश्वासिलो पात्रलाई मात्र नियुक्ति तथा माथिल्लो ओहदामा पुऱ्याउँथे । पञ्चायती शासन व्यवस्थामा नेपालको राज्य प्रशासन अघोषित रूपमा राजाको खल्तीमा हुन्थ्यो । अरबौंको सम्पत्ति भए तापनि राजा तथा राजपरिवारका केही व्यक्तिहरूले उनीहरूको सम्पत्तिमा कुनै किसिमको कर तिर्नुपर्दैनथ्यो ।

वि. सं. २०४६ सालमा मैले कक्षा १० को एसएलसी परीक्षा दिएको समयमा नेपालका समुदायिक विद्यालयमा कक्षा ४ देखि किताब अनिवार्य किन्नुपर्ने तथा मासिक फी अनिवार्य तिर्नुपर्थ्यो । वि. सं. २०४६ सालमा प्रजातन्त्र पुनर्स्थापना भएपछि बनेका सरकारले कक्षा १० सम्मको पाठ्यपुस्तक तथा मासिक फी सरकारले सम्पूर्ण नेपालीहरूलाई निःशुल्क उपलब्ध गराएको थियो ।

पञ्चायती व्यवस्था राणाशासन जस्तो निरङ्कुश नभए तापनि तानाशाही, हुकुमी तथा केही दरबार तथा उच्चपदस्थ व्यक्तिको नियन्त्रणमा थियो । सर्वसाधारण नेपालीको जीवनस्तरमा शिक्षाको प्राथमिक तहभन्दा माथि खासै पहुँच पुग्न सक्ने अवस्था थिएन । राणाकालीन समयभन्दा त सामान्य वाक् स्वन्तन्त्रता तथा शिक्षाको सामान्य अवसर भए तापनि सर्वसाधारण नेपालीहरूले वि. सं. २०४६ तथा वि. सं. २०६२-६३ सालको आन्दोलनपछिको जस्तो सामान्य माध्यमिक शिक्षाको निःशुल्क अवसर र सामान्य औषधि उपचार र अहिलेको जस्तो ज्येष्ठ, अपाङ्ग तथा एकल महिलालाई मासिक सामाजिक सुरक्षा भत्ता पञ्चायती सरकारले १ रुपियाँ पनि उपलब्ध गराएको थिएन ।

नेपालमा पञ्चायती व्यवस्थामा विकास निर्माणका काम सामान्य भए तापनि सर्वसाधारण नेपालीहरूले शिक्षाको अवसर आफैं

किताब किनेर तथा कक्षा ४ देखि मासिक फी तिरेर पढ्न कसैले नजिक तथा कसैले टाढा भए पनि भौगोलिक विविधता अनुसार पाएका कारण धेरै नेपालीहरू शिक्षा र चेतनाका कारण कोही सामान्य साक्षर, कोही कार्यालय सहयोगी, कोही प्रा. वि., नि. मा. वि. तथा मा. वि. शिक्षक भई गाउँघरमा समेत सरकारी सेवामा प्रवेश गर्ने अवसर पाए । कतिले सरकारी सेवामा समेत आफ्नो मिहिनेत र क्षमता अनुसार सेवा गर्ने अवसर पाए । कतिले व्यापार-व्यवसायलाई नयाँ-नयाँ तरिकाले काम गरी आ-आफ्नो आर्थिक अवस्था केही मजबुत हुँदै गएपछि नेपालीहरूले पञ्चायती व्यवस्थामा राज्यको नागरिकप्रतिको व्यवहार, छिमेकी देशहरूमा नागरिकहरूको आर्थिक तथा सामाजिक अवस्था थाहा पाउँदै गएपछि केही भूमिगत तथा अर्धभूमिगत बहुदलीय राजनीतिक पार्टीहरू खास गरी नेपाली काङ्ग्रेस तथा कम्युनिस्टहरूको संयुक्त मोर्चाबीच नेपालमा प्रजातन्त्र पुनःस्थापना गर्न नेपाली काङ्ग्रेस र संयुक्त वाममोर्चा बीच संयुक्त जनआन्दोलनका लागि संयुक्त मोर्चा गठन गरेर त्यस समयका नपाली काङ्ग्रेसका वरिष्ठ नेता गणेशमान सिंहको नेतृत्वमा संयुक्त जनआन्दोलन सञ्चालन समिति गठन गरेर राजाले बहुदलीय व्यवस्था पुनःस्थापना नगरेसम्म काठमाडौं उपत्यका केन्द्रित संयुक्त जनआन्दोलन वि. सं. २०४६ साल फागुन ७ गतेबाट सुरु गर्ने निर्णय गरियो ।

संयुक्त जनआन्दोलनको नेतृत्व गर्न नेपाली काङ्ग्रेसका वरिष्ठ नेता गणेशमान सिंहले जिम्मेवारी लिनुभयो । नेपाली काङ्ग्रेसका तर्फबाट गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई, गिरिजाप्रसाद कोइराला, महेन्द्रनारायण निधि तथा नेपाल कम्युनिस्ट पार्टीको तर्फबाट मनमोहन अधिकारी, निर्मल लामा, साहना प्रधान लगायतको प्रमुख नेतृत्वमा संयुक्त जनआन्दोलन समिति गठन गरियो । वि. सं. २०४६ साल फागुन ७ गतेबाट प्रजातन्त्र पुनःस्थापनाका लागि संयुक्त जन आन्दोलन सुरु भएको थियो । संयुक्त जनआन्दोलन वि. सं. २०४६ चैत्र ११ गतेबाट क्रमशः उचाइमा चढ्न थाल्यो । विशेष गरी काठमाडौं उपत्यकाका भक्तपुर, ललितपुर, कीर्तिपुर, काठमाडौं तथा

नेपालका विभिन्न जिल्लाका सदरमुकाममा पञ्चायती व्यवस्था विरोधी आन्दोलनहरू क्रमशः बढ्दै गइरहेको थियो ।

संयुक्त जनआन्दोलन सञ्चालन समितिले वि. सं. २०४६ साल चैत १५ गतेदेखि काठमाडौँमा सम्पूर्ण शक्ति लगाएर २ हप्तामा पञ्चायती व्यवस्था समाप्त गरी प्रजातन्त्र स्थापना गर्ने कार्यक्रम अनुसार काठमाडौँ उपत्यकामा दैनिक बन्द, हडताल तथा शान्तिपूर्ण जुलुस र सभाहरू सञ्चालन गर्न थाले । काठमाडौँ उपत्यकामा रत्नपार्क, बागबजार, पुतलीसडक, शहीदगेट, सुन्धारा, महाबौद्ध, भोटाहिटी, असन, रानीपोखरी क्षेत्रमा दैनिक जुलुस तथा शान्तिपूर्ण विरोधका कार्यक्रमहरू हुन थाल्यो । शान्तिपूर्ण जनआन्दोलनमा पञ्चायती प्रशासनको दमन तथा धरपकड बढ्दै जान थाल्यो । यसै क्रममा सर्वसाधारण तथा शिक्षित सर्वसाधारण वर्ग तथा समाजका विभिन्न तहका नागरिकहरूको पनि दैनिक रूपमा स्वतःस्फूर्त जनआन्दोलनमा सहभागिता हुन थाल्यो । सार्वजनिक यातायातका साधनहरूसमेत बन्द गर्न थालियो । उद्योग, कलकारखाना, स्कुल तथा कजेजसमेत बन्द गरी विद्यार्थीहरू र बुद्धिजीवी लगायत समाजका सवै तह र तप्काका मानिसहरू जनआन्दोलनमा सहभागी हुन थाले । त्यस समयमा मानव-अधिकारवादी, समाजसेवी तथा त्यस समयका नेपाली चर्चित हास्यकलाकार मदनकृष्ण श्रेष्ठ तथा हरिवंश आचार्यले समेत जनआन्दोलन सफल बनाएर प्रजातन्त्र पुनःस्थापना गर्न ठूलो भूमिका निर्वाह गर्नुभएको थियो ।

संयुक्त जनआन्दोलन सङ्घर्ष समितिले प्रजातन्त्र पुनः स्थापना गर्नका लागि गरेको निर्णायक जनआन्दोलनमा विशेष गरी त्यस समयमा काठमाडौँका विभिन्न क्याम्पसका विद्यार्थीहरूको भूमिका महत्त्वपूर्ण रहेको थियो । युवा अवस्था, जोसिलो समय, तातो, उम्लँदो रगतको प्रवाह, युवा जनशक्तिले जनआदोलनको आँधीलाई सुनामी सरह अघि बढायो । यो जनआन्दोलनको सुनामीलाई समाजका सबै क्षेत्रका विशेष गरी काठमाडौँ उपत्यकाका ३ जिल्लाका बासिन्दाहरूले त्यसमा झनै विशेष गरी काठमाडौँ जिल्लामा बसेका त्यस समयका सम्पूर्ण सचेत नागरिक तथा विद्वान्

तथा समाजसेवीको प्रत्यक्ष तथा अप्रत्यक्ष सहभागिताको भूमिकाले गर्दा जनआन्दोलन वि.सं २०४६ साल चैत १५ गतेपछि नयाँ मोड लिँदै गयो ।

दिनैपिच्छै शन्तिपूर्ण जुलुस तथा सभामा नागरिक तथा राजनीतिक पार्टीका समर्थकहरूको उपस्थिति बढ्दै गएर चैत १८ गते धेरै ठाउँमा तोडफोड तथा सरकारी सम्पत्तिमा समेत व्यापक क्षति गरेर पञ्चायती व्यवस्था मुर्दावाद, प्रजातन्त्र तुरुन्तै घोषणा गर, प्रजातन्त अमर रहोस् भन्ने नारा काठमाडौँ सहरका मुख्य-मुख्य टोल तथा चोक, रत्नपार्क, बागबजार, पुतलीसडक सहिदगेट, त्रिपुरेश्वर, सुन्धारा, महाबौद्ध, भोटाहिटी, असन, इन्द्रचोक, रानीपोखरी, दरबारमार्ग लगायत कीर्तिपुर, भक्तपुर र ललितपुरका मुख्य-मुख्य चोकमा समेत मानिसहरूको जनसागर उर्लिएर जनआन्दोलनको सुनामी थामिनसक्नु भयो ।

काठमाडौँलगायत देशका प्रमुख सहर झापा, विराटनगर, जनकपुर, पोखरा, नेपालगन्जमा समेत पञ्चायती व्यवस्थाको अन्त्य र प्रजातन्त्र पुनःस्थापनाको माग गर्दै व्यापक रूपमा जनसागर उर्लिन थालेको थियो । काठमाडौँमा चैत १८ गते उर्लिएको मानव सुनामीले धेरै ठाउँमा सडकका रेलिङलगायतका भौतिक संरचना र सरकारी भवन तथा मोटरहरूमा आक्रमण गरेका कारण पञ्चायती प्रशासनले काठमाण्डौका चक्रपथ भित्रका केही मूख्य ठाउँहरूमा दिउँसो २ बजेदेखि नै कर्फ्युको आदेश जारी गर्‍यो । देशको प्रमुख प्रशासनिक केन्द्र काठमाडौँमा नै रहेकाले देशका सबै ठाउँबाट जन आन्दोलनकारीहरू काठमाडौँ आउन थाले । सर्वसाधारण नेपालीहरू पनि दैनिक जसो स्वतःस्फूर्त जनआन्दोलनमा सहभागी भएका कारण जनआन्दोलन पञ्चायती सरकारले चाहेर पनि थाम्न सक्ने अवस्था थिएन ।

तत्कालीन पञ्चायती सरकारका केही मन्त्रीहरूले समेत अब पञ्चायती व्यवस्था टिकाउन सकिँदैन, अब सरकारमा बसेर जन आन्दोलनलाई थप दमन गर्दा भविष्यमा आफूलाई समेत प्रजातन्त्र पुनः स्थापना भएपछि खतरा हुन्छ भन्ने महसुस गरेर मन्त्री पदबाट

धमाधम राजिनामा दिन थाले । यसरी प्रजातन्त्रिक आन्दोलनकारीलाई थप दमन गर्दा राजतन्त्रसमेत सङ्कटमा पर्ने र राजतन्त्रलाई नै भविष्यमा चुनौती हुने देखेर तत्कालीन राजा वीरेन्द्रले वि. सं. २०४६ साल चैत १८ गतेदेखि सेना, र प्रहरीका प्रमुखहरू, सरकारका प्रमुख तथा उनका राजनीतिक सल्लाहकार र भाइभारदारहरूसँग ५-६ चरणको पूर्वछलफल गरेपश्चात् वि. सं २०४६ चैत २४ गते बेलुका ७ बजे गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई, झलनाथ खनाल, साहना प्रधान, गिरिजाप्रसाद कोइराला, पद्मरत्न तुलाधरलगायतका जनआन्दोलनका प्रमुख नेताहरूलाई संयुक्त बैठकमा बोलाएर गरिएको सामूहिक छलफल र सहमतिपश्चात् संवैधानिक राजतन्त्र रहने गरी वि. सं. २०४६ साल चैत्र २४ गते राती ११ बजे दलमाथिको प्रतिबन्ध फुकुवा गरेको घोषणा गर्नुभयो । यसरी जनआन्दोलनको महासागरको सुनामीले ३० वर्षको पञ्चायती व्यवस्था अन्त्य भई प्रजातन्त्र पुनः स्थापना भएका थियो ।

प्रजातन्त्र पुनः स्थापना भएपछि २०४७ साल वैशाखमा कृष्णप्रसाद भट्टराईको नेतृत्वमा अन्तरिम सरकार गठन गरियो । त्यस सरकारमा राजा तथा जनआन्दोलनमा सहभागी भएका प्रमुख दलका मुख्य नेताहरूलाई समावेश गरिएको थियो । कृष्णप्रसाद भट्टराईको अन्तरिम सरकारले वि. सं. २०४७ साल कार्तिक २३ गते संवैधानिक राजतन्त्र तथा प्रजातान्त्रिक व्यवस्था नेपालमा कायम रहने गरी नयाँ संविधानको घोषणा गर्‍यो ।

वि. सं. २०४८ साल वैशाखमा भएको निर्वाचनमा नेपाली काङ्ग्रेसले बहुमत प्राप्त गरी गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा एकलौटी नयाँ सरकार गठन गर्‍यो । गिरिजाप्रसाद कोइरालाको सरकारले पनि नेपालमा क्रमशः आर्थिक घोटाला गर्ने तथा काँग्रेसीहरूले नेपाली काँग्रेस पार्टीमा आन्तरिक गुटबन्दी गर्ने तथा जनआन्दोलनको चाहना र मर्म अनुसार काम गर्न नसकेपछि नेपाली काङ्ग्रेस पार्टीभित्र हुँदै गरेको गुटबन्दी तथा द्वन्द्वले चर्को रूप लिन थाल्यो । पार्टीभित्रको आन्तरिक द्वन्द्वको असर सरकारमा समेत पर्न थालेपछि वि. सं. २०५१ साल असारमा सरकारको बजेट

अधिवेशनमा सरकारको नीति तथा कार्यक्रम पास गर्न संसदमा उपस्थित भएका नेपाली काङ्ग्रेसका सांसदहरूले तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला विरुद्ध संसदबाट बजेट तथा सरकारको नीति तथा कार्यक्रम पास गर्न असहयोग गरेका कारण गिरिजा प्रसाद कोइरालाले प्रधानमन्त्रीबाट राजिनामा दिएर राजा समक्ष प्रतिनिधि सभाको मध्यावधि चुनावको घोषणा गरे ।

नेपाली काङ्ग्रेसको बहुमतको एकलौटी सरकारले जनचाहना अनुसार काम गर्न नसकेको, मन्त्रिपरिषद्बाट नीतिगत भ्रष्टाचार तथा सरकारका मन्त्रीहरूबाट समेत केही ठूलाठूला आर्थिक घोटालाका काण्डहरू हुन थालेपछि तत्कालीन समयको प्रमुख विपक्षी पार्टी नेपाल कम्युनिस्ट पार्टी एमालेले पनि संसद अवरुद्ध तथा सडकमा विरोधका कार्यक्रम गर्न थालिसकेको थियो । नेपाली काङ्ग्रेसभित्रको आन्तरिक गुटबन्दीले गर्दा नेपाली काँग्रेस भित्र चौहत्तरे र छत्तीसे ग्रुपको कारण पार्टीभित्रको विवाद पनि उत्कर्षमा पुगेको थियो । बहुमतप्राप्त नेपाली काङ्ग्रेसको एकलौटी सरकार पनि वि. सं. २०१५ सालमा प्रथम जननिर्वाचित बीपी कोइरालाको सरकारजस्तै अस्थीर भएर नेपाली काङ्ग्रेसभित्र राजनीतिक सङ्कट सिर्जना भएकाले एकलौटी बहुमत प्राप्त नेपाली काङ्ग्रेसको सरकार ढल्न पुगेको थियो । वि. सं. २०५१ साल कार्तिकमा सम्पन्न भएको मध्यावधी संसदीय निर्वाचनमा कुनै पनि पार्टीको स्पष्ट बहुमत नआएको कारणले गर्दा संसदमा सबैभन्दा ठूलो दल नेकपा एमालेको एकलौटी अल्पमतको सरकारको नेतृत्व मनमोहन अधिकारीले गर्नुभयो र मनमोहन अधिारी प्रथम जननिर्वाचित कम्युनिस्ट प्रधानमन्त्री बन्नुभयो ।

प्रधानमन्त्री मनमोहन अधिकारीको नेतृत्वमा गठन भएको सरकारले तत्कालीन समयमा नेपालको विकासका लागि सर्वप्रथमतः गाउँको विकास हुनुपर्छ भन्ने मान्यताका साथ काङ्ग्रेस सरकारले प्रत्येक गाउँ विकास समितिमा दिने गरेको वार्षिक १ लाखको बजेटलाई बृद्धि गरी वार्षिक ५ लाख दिने घोषणा गऱ्यो । केही विकास तथा सुधारका कार्यक्रमहरू पनि घोषणा तथा कार्यान्वयन

गरिए । नेपालमा ७० वर्ष पुगेका तथा शारीरिक अपाङ्गता भएका नेपाली नागरिकहरूलाई सामाजिक सुरक्षा कोषमार्फत मासिक रु. १०० भत्ता दिने घोषणाको व्यवस्था तथा कार्यान्वयन गरियो । त्यही वि. सं. २०५१ सालमा घोषणा तथा कार्यान्वयन भएको सामाजिक सुरक्षा भत्ता आज वि. सं. २०८१ साल श्रावणमा आइपुग्दा ज्येष्ठ नागरिक अपाङ्ग तथा एकल महिलाले मासिक रु. ४०००।- पाउँदै आएका छन् ।

आफ्नो गाउँ आफैँ बनाऊँ जस्ता गाउँको विकासका लागि लोकप्रिय कार्यक्रम तथा केही सुधारको कार्यक्रम लगायत सामाजिक सुरक्षा भत्ताको सुरुवात तथा कार्यान्वयन गरेको कारण एमालेको लोकप्रियता बढ्न थाल्यो । आज पनि नेकपा एमाले पार्टीले २०५१ सालको यिनै केही लोकप्रिय कार्यक्रमको धरातलमा टेकेर ब्याज खाइरहेको छ । यिनै केही कार्यक्रमबाट नेपाल कम्युनिस्ट पार्टी एमालेको सरकारको लोकप्रियता बढ्न थालेपछि स्वच्छ छविका शालीन व्यक्तित्व भएका तत्कालीन एमाले पार्टीका अध्यक्ष तथा प्रधानमन्त्री मनमोहन अधिकारीको अल्पमतको सरकारलाई ढाल्न नेपाली काङ्ग्रेस तथा तत्कालीन राष्ट्रिय प्रजातन्त्र पार्टीले मोर्चाबन्दी सुरु गरेर वि. सं. २०५२ को असारको बजेट अधिवेशनमा एमालेको सरकारलाई संसदमा बहुमत पुऱ्याउनुपर्ने संवैधानिक व्यवस्थाको अस्त्र प्रयोग गरेर सरकारबाट राजिनामा दिन मनमोहन अधिकारीलाई बाध्य गराए । मनमोहन अधिकारीले सरकारबाट राजिनामा दिएर २०५२ साल मङ्सिरमा मध्यावधी चुनावको घोषणा गर्नुभयो । तर वि. सं. २०५२ भदौमा सर्वोच्च अदालतले अल्पमतको सरकारले गरेको चुनावी घोषणा संविधानको व्यवस्था विपरीत हुने घोषणा गरी संसदमा रहेका दलहरूबाटनै बहुमतको सरकार गठन गर्न आदेश दियो ।

त्यसपछि २०५२ साल भदौमा नेपाली काङ्ग्रेसका शेरबहादुर देउवा तत्कालीन राष्ट्रिय प्रजातन्त्र पार्टीलगायतको समर्थनमा प्रधानमन्त्री बन्नुभयो । शेरबहादुर देउवा र राप्रपाको सरकारले पनि जनचाहना अनुसार सरकारमा बसेर काम गर्न सकेनन । गुटबन्दीको

असर भित्रभित्रै भुसको आगो जसरी काङ्ग्रेसमा बढिरहेको थियो । त्यसपछि नेपालको राजनीति अस्थीर बन्दै गयो । प्रजातन्त्र पुनःस्थापना भएपछि नेपालमा विकास, समृद्धि र नेपाली नागरिकहरूको जीवनस्तरमा सुधार हुन्छ भन्ने आम सर्वसाधारणको योगदान तथा त्यागलाई प्रजातन्त्र पुनःस्थापना भएपछिका सरकारले राम्रोसँग सम्बोधन गर्न सकेनन ।

२०५२ साल भदौमा शेरबहादुर देउवाको सरकार बनेपछि सरकारका मन्त्री तथा सांसदहरू समेत ठूला-ठूला आर्थिक घोटालाका काण्डहरू तथा नीतिगत भ्रष्टाचारहरूमा सक्रिय हुन थाले । पञ्चायत कालका तत्कालीन हस्तीहरू धनकुटाका सूर्यबहादुर थापा, बैतडीका लोकेन्द्रबहादुर चन्दको पार्टीसमेत राप्रपाका तर्फबाट कहिले काङ्ग्रेससँग, कहिले एमालेसँग मिलेर सरकारमा सामेल भई प्रधानमन्त्री बन्न सफल भए । बहुदलीय व्यवस्था तथा राजनीतिक पार्टीप्रति जनताको बितृष्णा बढ्न थाल्यो । यिनै र यस्ता विविध कारणले गर्दा बहुदलीय व्यवस्थाले पनि नेपाल र सर्वसाधारण नेपालीको भविष्य अन्योलपूर्ण बन्दै गएपछि बहुदलीय प्रजातन्त्रप्रति सङ्कटका दिनहरू क्रमशः अघि बढ्दै गइरहेका थिए ।

## नेपालमा माओवादी आन्दोलन र गणतन्त्र :

नेपालमा पञ्चायती व्यवस्थामा राजतन्त्र तानाशाही तरिकाले सञ्चालन भयो । देशको खासै विकास तथा जनताको जीवनस्तर माथि उठ्न सकेन, सर्बसाधारण नेपालीहरूका लागि पूर्ण रूपमा मानव-अधिकार तथा वाक् स्वतन्त्रता भएन, सबै नेपालीहरूले शिक्षा, स्वास्थ्य र रोजगारीमा समान अवसर, मानव-अधिकार, प्रजातान्त्रिक वाक् स्वातन्त्रता पाउनका लागि प्रजातन्त्र पुनःस्थापना हुनुपर्छ भन्ने मागका साथ सञ्चालन भएको वि. सं. २०४६ को जनआन्दोलनले प्रजातन्त्र पुनःस्थापना गरेपछि बनेको नेपाली काङ्ग्रेसको गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा बनेको एकलौटी सरकार तथा त्यसपछि बनेका विभिन्न संयुक्त सरकारले पनि खासै ठूलो उपलब्धि मूलक कामहरू गर्न नसकेका कारणले गर्दा नेपालको राजनीतिमा

अस्थिरता सृजना हुँदै गएको थियो । नेपाली काङ्ग्रेस भित्रको आन्तरिक द्वन्द्व र गुटबन्दीले गर्दा गिरिजाप्रसाद कोइरालाको सरकारले मध्यावधि निर्वाचन गराउने अवस्थामा पुगेसँगै मध्यवधि निर्वाचनमा कुनै पनि दलको बहुमत प्राप्त नहुनाले एकातिर अस्थिर राजनीतिक अवस्थाले गर्दा सरकारले जनचाहना अनुसार सर्वसाधारण नेपालीको दीर्घकालीन समृद्धिको अवस्था तथा नेपाली समाज तथा देशले समृद्धिको यात्रामा अघि बढ्न सक्ने अवस्था कठिन भएकाले सर्वसाधरण नेपाली तथा सचेत नेपाली नागरिकहरू समेत बहुदलीय प्रजातान्त्रिक राजतन्त्रबाट रुष्ट हुँदै गएका थिए ।

नेपालमा बहुदलीय व्यवस्थाका प्रमुख राजनीतिक पार्टीहरूले वि. सं. २०५० सालपछि झन् भ्रष्टाचार, घोटाला र गुटबन्दीमा लागेर नेपाललाई अस्थिर तथा भद्रगोल बनाए । अब यसको नयाँ विकल्प भनेका नेपालको छिमेकी देश चीनको जस्तो एकदलीय कम्युनिस्ट शासन व्यवस्था स्थापना गरी नेपाललाई चीनजस्तो समृद्ध र सक्षम देश बनाउनुपर्छ भन्ने योजनालाई सार्वजनिक गरेर वि. सं. २०४८ सालको संसदीय चुनावमा ९ सिट प्राप्त तत्कालीन संयुक्त जनमोर्चाका केही सांसदहरूलाई साथमा लिएर तत्कालीन संयुक्त जनमोर्चाका संयोजक डा. बाबुराम भट्टराई, रोल्पाका बर्मन बुढा, रोल्पाका कृष्णबहादुर महरा, तत्कालीन मशाल समूह चितवनका पुष्पकमल दाहाल प्रचण्ड, काभ्रे चौँरीका यानप्रसाद गौतम, सिन्धुपाल्चोकका अग्निप्रसाद सापकोटा, सिन्धुलीका सीपी गजुरेल, हरिबोल गजुरेल, चितवनका रामबहादुर थापा बादल तथा प्युठानका मोहन वैद्य किरणको प्रमुख नेतृत्वमा गठन भएको समितिले तत्कालीन शेरबहादुर देउवाको सरकारसमक्ष विभिन्न माग राखी बहुदलीय प्रजातन्त्र तथा संबैधानिक राजतन्त्रको आमूल सुधार हुनुपर्ने अन्यथा आफूहरू नेपालमा संवैधानिक राजतन्त्रको बहुदलीय व्यवस्थाको विकल्पमा जनवादी गणतन्त्र स्थापनाका लागि सशस्त्र जनयुद्धमा जाने ज्ञापनपत्र बुझाएका थिए ।

केही मागहरू तत्कालीन सरकारले पूरा गर्न सक्ने खालका भए तापनि केही मागहरू भने तत्कालीन राजतन्त्र र बहुदलीय

व्यवस्थाको अस्तित्व समाप्त हुने खालका भएकाले ज्ञापनपत्रको मागका सम्बन्धमा खासै सम्बोधन हुन सक्ने खालका थिएनन । यो समूहको उद्देश्य भनेको सरकारले दिन सक्नेभन्दा ठूलो माग राखेर सरकारलाई अप्ठेरोमा पारी त्यही बहानामा नेपाल कम्युनिस्ट पार्टी माओवादीको नामबाट नेपालमा छापामार सशस्त्र युद्ध सञ्चालन गरेर संवैधानिक राजतन्त्रको अन्त्य गर्नु थियो ।

तत्कालीन सरकारबाट उनीहरूको माग सम्बोधन हुन नसकेपछि बाबुराम भट्टराई तथा प्रचण्डको समूहले २०५२ फागुन १ गतेबाट नेपाल कम्युनिस्ट पार्टी (माओवादी) को नाममा भूमिगत छापामार युद्धको घोषणा गरे । नेपाल कम्युनिस्ट पार्टी (माओवादी) नाम दिएको उक्त पार्टीले सुरुसुरुमा सरकारका विकृति, विसङ्गति तथा राज्य सरकार सञ्चालकले गरेका घोटाला तथा विभिन्न काण्डका सम्बन्धमा भण्डाफोर गर्ने, राजसंस्थाको आवश्यकता तथा औचित्य, नेपालमा एकदलीय कम्युनिस्ट व्यवस्थाका आवश्यकता तथा माओवादी पार्टीको भावी रणनीतिका सम्बन्धमा प्रचारप्रसार गर्दै गए । कतिपय अर्धभूमिगत कम्युनिस्ट नेताहरू भूमिगत रूपमै सङ्गठन विस्तार तथा प्रचार प्रसारमा लागे ।

पुष्पकमल दाहाल (प्रचण्ड) रामबहादुर थापा (बादल), यानप्रसाद गौतम (आलोक), तीर्थबहादुर गौतम, मोहन वैद्य (किरण) सिपि गजुरेल, हरिवोल गजुरेल भूमिगत बसेर पार्टीको सङ्गठन विस्तार गर्न लागे भने डा. बाबुराम भट्टराई, झक्कुप्रसाद सुवेदी, रेशम चौलागाई, हिसिला यमी, काभ्रेका नवीन गौतम, रेणुका चौलागाई, दिनेश शर्मा, दीनानाथ गौतमलगायत हजारौँ सक्रिय कार्यकर्ता तथा त्यस समयका पार्टी सङ्गठनका नेतृत्वकर्ताहरू सुरुका केही महिना १-२ वर्ष जनमिलिसिया तथा पूर्णकालीन कार्यकर्ता बनी माओवादी पार्टीको प्रचारप्रसार र सङ्गठन विस्तार गर्न थाले । १-२ वर्षमा माओवादी पार्टीले केही प्रहरीका चौकी तथा ब्यारेक कब्जा गर्न थालेपछि राज्य प्रशासनले माओवादी पार्टीका नेता तथा कार्यकर्तालाई पकड्ने, प्रशासनिक कारवाही गर्ने तथा जेल कोच्नेजस्ता कार्य गर्न थालेपछि पूर्णकालीन माओवादी कार्यकर्ताहरू

सबै भूमिगत भएर सङ्गठन विस्तार तथा छापामार युद्धमा सामेल हुँदै गए ।

नेपालजस्तो गरिब देशमा संवैधानिक राजतन्त्र तथा बहुदलीय प्रजातन्त्रले गरिब जनताको जीवनस्तर माथि उठाउन सक्दैन । अस्थिर प्रजातान्त्रिक सरकारको नीतिगत भ्रष्टाचार, घोटाला सामन्ती तथा हुकुमी राजतन्त्र मोजमस्ती ऐस-आरामको नेपालको राजपरिवाका कारण सर्वसाधारण नेपाली र नेपालको उन्नति हुन सक्दैन भन्ने प्रचार प्रसारको कार्यक्रमहरू पनि माओवादी पार्टीले स्थानीय स्तरमा पुऱ्याएका थिए । जातीय विभेदको अन्त्य, दलितको आरक्षण, राज्यका सबै संयन्त्रमा हुनुपर्ने, आम्दानी भएका नागरिकले अनिवार्य कर तिर्नुपर्ने तथा कमजोर नागरिकलाई राज्यले सहयोग गर्नुपर्ने । सबै नागरिक संविधानको परिधि भित्र रहनुपर्ने, राज्यका सम्पूर्ण प्रशासनिक तहमा सर्वसाधरण नेपालीको क्षमता र योग्यता अनुसारको पहुँच तथा धनी गरीब वीचको खाडल हटाउन राज्यले आफ्ना सम्पूर्ण नागरिकहरूलाई समान अवसर तथा वातावरण बनाउनुपर्ने शिक्षा, स्वास्थ्य, गास, बास र कपासको जिम्मा राज्य सरकारले लिने जस्ता प्रचारमूखी कार्यक्रमहरू प्रचार-प्रसार गरेर माओवादी पार्टीले त्यस समयमा आफ्नो पार्टीको लोकप्रियता बढाउँदै लग्यो । मानिस जन्मदै कोही पनि ठूलो सानो हुँदैन । योग्यता क्षमता र योगदानको आधारमा सबै नेपालीले राज्य सरकारको उच्च पद तथा ओहदामा पुग्न पाउनुपर्छ भन्ने जस्ता लोकप्रिय राजनीतिक एजेण्डा तथा नाराहरू प्रचार प्रसारमा ल्याएको कारण तथा त्यस समयमा तत्कालीन राज्यसत्ताबाट भएको घोटाला, नीतिगत भ्रष्टाचारले सीमा नाग्न गएकाले माओवादी पार्टीका कार्यकर्तालाई आफ्नो संगठन विस्तार गर्न थप सजिलो हुँदै गएको थियो ।

माओवादी आन्दोलन शुरु भएको करीब २-३ वर्षमा यसको गम्भीर प्रभाव नेपालभरि पर्न लागेको थियो । वि. सं. २०५६-५७ साल सम्ममा आइपुग्दा माओवादीहरू थुप्रै प्रहरी चौकी, प्रहरीका व्यारेक तथा केही सरकारी बैङ्कसमेत कब्जा गरी थुप्रै नगद तथा

बैंङ्कबाट (सुन) समेत कब्जा गरिसकेका थिए । माओवादी छापामार आन्दोलन तथा युद्धको प्रभाव बढ्दै जाँदा वि. सं. २०५८ सम्ममा आइपुग्दा माओवादीहरूले केही जिल्लाका जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, जिल्लामा रहेका सरकारी बैङ्कमा समेत आक्रमण गरी कब्जामा लिएर उनीहरूको फौजी रणनीतिसमेत सफल बनाएर विश्वभरि नेपाली माओवादीहरूको आन्दोलन तथा छापामार युद्धको चर्चा शिखरमा पुग्न लागेको थियो ।

वि. सं. २०५७ सालमा नेकपा माओवादीले दाङमा प्रहरी चौकी, सेनाको व्यारेक तथा बैङ्कमाथि आक्रमण गरेर सेना, प्रहरीका हतियार तथा बैङ्कको रकमसमेत आफ्नो नियन्त्रणमा लिन सफल भएको थियो । त्यसपछि तत्कालीन सरकारले माओवादी पार्टीलाई आतङ्ककारी घोषणा गरी सुरक्षा संयन्त्रमा नेपाली सेनालाई खटाएर माओवादी छापामार आन्दोलन नियन्त्रणमा लिन ठूलो प्रयास गऱ्यो ।

वि. सं. २०५८ साल जेठ १९ गते नेपालको राजदरबार नारायणहिटीमा तत्कालीन राजा वीरेन्द्र तथा रानी ऐश्वर्य, अधिराजकुमार निराजन अधिराजकुमारी श्रुती लगायत केही व्यक्तिको नारायाणहिटी राजदरवारमा भएको गोलीकाण्डमा परी मृत्यु भयो । त्यसपछि दरबार हत्या काण्डमा सख्त घाइते भई अचेत अवस्थामा काठमाण्डौ छाउनीको आर्मी अस्पतालमा आइ.सि.यू.मा उपचारत युवराज दिपेन्द्रलाई राजा घोषणा गरिएको थियो । दरबारहत्या कण्डमा सख्त घाइते भई आइ.सि.यु.मा उपचारत दीपेन्द्रको पनि छाउनी अस्पतालमा २ दिनपछि मृत्यु भयो । त्यसपछि तल्कालीन राजा वीरेन्द्रको सबै सन्तान वंश विनास भएकाले तत्कालीन राजा वीरेन्द्रका भाई ज्ञानेन्द्र शाहलाई नेपालको राजा घोषणा गरियो ।

नेपाली काङ्ग्रेसको पार्टीको विभाजन तथा माओवादी द्वन्द्वले गर्दा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले संसदयि चुनाव गराउने मिति सार्न राजा ज्ञानेन्द्रलाई अनुरोध गरे । राजा ज्ञानेन्द्रले शेरबहादुर देउवालाई असक्षम प्रधानमन्त्री घोषणा गरेर शेरबहादुर देउवाको सरकार विघटन गरिदिए । त्यसपछि राजा ज्ञानेन्द्रले पनि वि. सं. २०६१ माघ १९ गते राज्यको कार्यकारी अधिकार आफ्नै

हातमा लिएर नेपालको राज्य सत्ता चलाउन थाले । अस्थिर राज्य व्यवस्था तथा राजा वीरेन्द्रका वंश विनाशको घटनाले झन माओवादी पार्टीलाई राजतन्त्र र बहुदलयि व्यवस्थाका सम्बन्धमा विरोधका कार्यक्रम तथा प्रचार-प्रसार गर्न थप सजिलो भयो ।

राजा ज्ञानेन्द्रले कार्यकारी अधिकार आफ्नो हातमा लिएपछि प्रजातान्त्रिक दलहरूलाई असक्षम घोषणा गरी पञ्चायतका हस्ति तुलसी गिरीलाई मन्त्री परिषद्को उपाध्यक्ष बनाएर केही बुहदलीय नेता तथा केही स्वतन्त्र व्यक्तिहरू सम्मिलित गराएर मन्त्रीमण्डल गठन गरेका थिए। राजा ज्ञानेन्द्रको यस कार्यले गर्दा बहुदलवादी दलहरू नेपाली काँग्रेस, एमाले राजा ज्ञानेन्द्रसँग रुष्ट भए । राजनीतिक परिस्थिती क्रमश माओवादी लाइनमा सहज हुँदै गयो । राजाले काङ्ग्रेस, एमालेलगायत दललाई बाइपास गरी शासन सत्ता कू गर्नु माओवदीले क्रमश छापामार युद्ध बढाउँदै लैजानुले राजतन्त्रलाई कमजोर बनाउँदै लगेको थियो ।

वि. सं. २०५९-६० मा नेपालको गाउँ विकास समिति स्थानीय गाउँपालिका तथा नगरपालिकाको चुनाव पनि माओवादी युद्धको कारण हुन सकेको थिएन । जिल्लाका सदरमुकामबाहेक प्राय सबै ठाउँ अघोषित रूपमा माओवादीको कब्जामा रहेका थिए । यसरी राजा ज्ञानेन्द्रले आफ्नो हातमा कार्यकारी अधिकार लिएपछि रुष्ट बनेका राजनीतिक दल नेपाली कांग्रेस, एमाले, लगायतले माओवादीसँग सम्पर्क सूत्रमार्फत कुरा गरेर भारतको दिल्लीमा गएर भारतको मध्यस्तामा माओवादी पार्टीका प्रचण्ड, डा. बाबुराम भट्टराईलगायत नेपाली कांग्रेसका गिरिजाप्रसाद कोइराला, नेकपा एमालेका माधव नेपाल, लगायत तराईको केही क्षेत्रीय दलका प्रमुखहरूको सहभागितामा नेपालको राजतन्त्र फालेर संघिय गणतन्त्र नेपाल स्थापना गर्न वि. सं. २०६२ मंसिरमा भारतको दिल्लीमा भएको संझौता अनुसार वि. सं. २०६२ चैत २४ गतेबाट संयुक्त जनआन्दोलन गर्ने घोषणा गरे । माओवादीहरूले पनि आफ्ना समर्थक तथा स्वतन्त्र कार्यकर्तालाई काठमाडौ केन्द्रित आन्दोलनमा सहभागी

गराउने ग्रामीण इलाकामा आफ्नो राजनीतिक गतिविधि कायमै राख्ने आन्तरिक सहमती अनुसार वि. सं. २०६२ चैत २४ गते बाट दोस्रो जनआन्दोलन नाम दिएको गणतान्त्रिक आन्दोलन शुरु गरे ।

माओवादी आफै एक्लैले पनि युद्ध गरेर नेपालका राजतन्त्र तथा तत्कालीन राज्य व्यवस्था कब्जा गर्न नसक्ने र काङ्ग्रेस, एमाले लगायतका दलहरूले पनि शान्तिपूर्ण आन्दोलन गरेर राजा ज्ञानेन्द्रलाई ठेगान लगाउन नसक्ने अवस्था रहेकाले तत्कालीन प्रजातान्त्रिक तथ गणतान्त्रिक शक्ति मिलेर राजसंस्था फालेर सङ्घीय गणतन्त्र स्थापना गर्न संयुक्त जनआन्दोलन शुरु गरिएको थियो । वि. सं. २०४६ सालको दाँजोमा शक्तिशाली रूपमा अघि बढेको संयुक्त जनआन्दोलनमा समाजका सबै तह तप्काका मानिसहरू राजनीतिक दलका कार्यकर्ताहरू, माओवादी पार्टीका समर्थक तथा जनमिलिसियाहरूको अत्यधिक समर्थन तथा उपस्थितिका कारण काठमाडौ भक्तपुर, ललितपुर लगायत देशका प्रमुख शहर तथा बजारहरू ठप्प भएको थियो । नेपाल राष्ट्र बैङ्कका कर्मचारीहरूले समेत बैङ्कको आर्थिक कारोबारसमेत बन्द गराएर तत्कालीन सरकारलाई असहयोग गरेको थिए । कलाकार मदनकृष्ण श्रेष्ठ हरिवंश आचार्यको संयोजनमा काठमाडौको बागबजारमा रहेको काठमाडौ मोडेल अस्पतालमा जनआन्दोलनमा घाइते भएका मानिसको उपचार गर्ने व्यवस्था गरिएका थियो ।

राजधानी तथा जिल्ला सदरमुकाम तत्कालीन बहुदलवादी पार्टीको कब्जामा, स्थानीय तह माओवादीको कब्जामा भएर देश ठप्प बनेपछि राजा ज्ञानेन्द्रले नेपाली काङ्ग्रेस, एमालेलगायतका राजनीतिक दलहरूसँग २-३ चरणको वार्ता गरेपछि २०६३ बैशाख ११ गते २०५६ सालको संसद पुनःस्थापना गरेर दलहरूलाई सरकार गठन गर्ने आदेश दिए । यसरी दोस्रो जनआन्दोलन पछि संसद पुनः स्थापनाको घोषणा सँगै माओवादी पनि केही सिट सांसद लिएर गिरिजाप्रसाद कोइरालाको सरकारमा सहभागी भएको थियो । गिरिजाप्रसाद कोइरालाले माओवादीसँग दिल्लीमा भएको सम्झौता अनुसार नेपाललाई संघीय गणतन्त्र नेपाल घोषणा गर्न २०६३ जेठ

१५ गते आव्हान गरेको संसदको वैठकले २ तिहाइले संघीय गणतन्त्र नेपालको घोषणा गऱ्यो । त्यही दिनको सम्झनामा अहिले पनि प्रत्येक वर्ष बैशाख ११ गते लाई लोकतन्त्र दिवस र जेठ १५ गतेलाई गणतन्त्र दिवसको दिन मनाउने गरिन्छ ।

वि. सं. २०६३ साल जेठ १५ गतेको गणतन्त्र घोषणासँगै नेपालबाट राजतन्त्रात्मक शासन व्यवस्था समाप्त भएको थियो । गणतन्त्र घोषणापछि बनेको अन्तरिम संविधान तथा संविधान सभा पछि बनेको नयाँ संविधानले नेपालका राज्य सत्ताको प्रमुखमा लोकतान्त्रिक शासन व्यवस्था द्वारा निर्वाचित जनताको छोरा छोरी नै राष्ट्रप्रमुख तथा उपप्रमुख (राष्ट्रपति तथा उपराष्ट्रपति) रहने र कार्यपालिकाप्रमुखमा कार्यकारी प्रधानमन्त्री रहने व्यवस्था गरेको छ ।

राज्य व्यवस्था सञ्चालनमा लोकतान्त्रिक शासन व्यवस्था आफैमा कुनै पनि नराम्रा हुँदैनन् । विश्वका धेरै देशमा अहिले पनि राजतन्त्र रहेको छन् । विश्वमा समयसापेक्ष सञ्चालन भएका लोकतान्त्रिक पद्धतिका राजतन्त्र, बहुदलीय गणतन्त्र तथा एकदलीय गणतन्त्र भएका देशहरू आज दूरदर्शी तथा राष्ट्रवादी राज्य सञ्चालकका कारण सक्षम तथा सम्पन्न बनेका छन् भने राज्य सञ्चालकहरू असक्षम तथा व्यक्ति, परिवार र समूहवादी सोच भएका व्यक्ति समूहले सञ्चालन गरेका देशहरूमा जुनसुकै शासन व्यवस्था भए पनि कतिपय देशहरू आर्थिक सङ्कटमा परिरहेका छन् । जापान, थाइल्याण्ड, भुटान, कतार, दुबाई, साउदी अरब, कुवेत, स्पेन, बेलायत लगायतका देशहरूमा आज पनि राजतन्त्र तथा राजाहरू रहेका छन् । ती देशहरूले समय सापेक्ष आफ्नो देशलाई सक्षम र समृद्ध बनाएर आफ्नो देशको आम्दानी अनुसारको सेवा सुविधा लिएर आफ्नो देशलाई सधैं सक्षम र समृद्ध बनाएर आफ्नो देशका नागरिकलाई शिक्षा, स्वास्थ्यलगायत सामान्य आवश्यकतालाई पूरा गर्न सधै लागिरहे, त्यसैले गर्दा आज पनि ती देशमा राजतन्त्र रहिरहेको छन् । नेपालमा भने राजाहरू अरबौको सम्पत्ति भएपनि सामान्य बिजुलीको पैसादेखि औषधि उपचार, मोजमस्ती, सन्ततिको विवाह खर्च तथा विलासिताका सामानहरूदेखि भैपरी आउने सम्पूर्ण

खर्च राज्यकोषको ढुकुटीबाट सरकारले व्यहोनुपर्ने हुकुमी प्रवृत्ति तथा राजदरबारको सदस्यहरूबाट विभिन्न समयमा भएका कानून विपरीतका कार्यहरू गुपचुप राख्ने तथा माफी दिने सामन्ती प्रवृत्तिको राज्य सत्ता सञ्चालनको कार्यले गर्दा नेपालमा राजतन्त्रको अन्त्य भयो ।

वास्तवमा तानाशाही नबन्ने हो र समय सापेक्ष अघि बढेर देशलाई सक्षम र समृद्ध बनाउने अनि आफ्ना नागरिकहरूलाई न्यूनतम सुविधा तथा मानव-अधिकार दिएर अघि बढिरहने हो भने एकदलीय कम्युनिस्ट शासन व्यवस्था नै ठीक हो । ५-५ वर्षमा चुनाव गरेर राज्यको अरबौ रकम सकेर पनि स्थिर तथा गतिशिल सरकार सञ्चालन गर्न नसक्दा बहुदलिय व्यवस्थाले पनि नेपाल तथा विश्वका कतिपय देशमा स्थिर सरकार तथा सुशासन र देशलाई समृद्ध बनाउन सकेका छैनन् । चीनमा चुनाव गर्ने अरोबौको खर्चले विकास निर्माणका काम सम्पन्न गरेर देशको आर्थिक अवस्था सुदृढ बनाउँछन् । निर्वाचन प्रणाली मनोनित तरिकाले सम्पन्न गरिन्छ ।

विश्वको दोस्रो धनी देश चीनमा एकदलीय गणतन्त्रात्मक व्यवस्था सञ्चालनमा रहे पनि आफ्ना नागरिकहरूलाई राज्य सरकारले न्यूनतम मौलिक अधिकार तथा शिक्षा, स्वास्थ्यमा सेवा सुविधा दिएकै कारण चीनमा एकदलीय कम्युनिस्ट व्यवस्था सफल तरिकाले सञ्चालन हुँदै आएको छ । देश सञ्चालन गर्न अशल, दूरदर्शी प्रवृत्तिको सामूहिक राजनेताको आवश्यकता पर्दछ । राज्य सत्ता देशको मेरुदण्ड हो । राज्य सरकार सञ्चालक इमान्दार असल र दूरदृष्टि भएका हुनुपर्दछ । गरी खाने, अथवा हुँदा खाने बर्गका मानिसलाई देश सञ्चालनका बाद, तन्त्रसँग कुनै सरोकार हुँदैन । सुशासन विकास समृद्धि भएर आफू तथा आफ्नो देशमा गरिखाने वातावरण भएर आफ्ना सन्ततिहरूले राम्रो सँग रोजगारी तथा व्यवसायको अवसर पाएर आफ्नो घरपरिवार राम्रोसँग सञ्चालन गर्ने उनीहरूको प्रमुख उद्देश्य रहेको हुन्छ ।

नेपालमा ठूलाठूला राजनीतिक परिवर्तनहरू भएर प्रजातन्त्रदेखि गणतन्त्रसम्म स्थापना संस्थागत भई सक्दा पनि समय सापेक्ष

देशलाई दूरगामी तरिकाले सञ्चालन गर्ने युगमानव तथा महामानवहरूको समूहको नेतृत्व आज सम्म नेपालले नपाएको कारणले गर्दा प्राकृतिक साधन स्रोतले सम्पन्न भएर पनि नेपाल आज २१ औँ शताब्दीमा आइपुग्दासमेत अल्पविकसित मुलुकको स्तर तथा सुचीमा रहिरहेको छ । दूरगामी सोच भएका महामानवहरूले समय सापेक्ष सामुहिक रूपमा मिलेर नेपाललाई राम्रो सँग सञ्चालन गर्ने हो भने नेपाललाई पनि युरोपको भूपरिवेष्टित देश स्विजरल्याण्डभन्दा माथिल्लो आर्थिक अवस्थामा पुऱ्याउन सकिन्छ ।

प्रजातन्त्रदेखि गणतन्त्रसम्म आइपुग्दा पनि सामान्य विकास र सुधार बाहेक नेपाल र नेपालीको आमुल परिवर्तन हुने ठूला ठूला कार्य हुन नसकेर नेपालको राज्य सञ्चालकहरू ९५ प्रतिशत परिवारवाद, मोजमस्तीवाद, कमाउवाद, र माफियावादको पथमा यात्रा गरिरहेकाले नेपाल देश र ९५ प्रतिशत नेपाली नागरिकको अवस्था आज पनि नाजुक अवस्थामा जीवनयात्रा चलिरहेको छ ।

पृथ्वीनारायण शाहको नेपाल एकीकरणदेखि भीमसेन थापाको पालासम्म, जङ्गबहादुरको राणा शासन कालदेखि लखन थापाको बिद्रोहसम्म, वि. सं. १९९७ सालका महान शहीदहरू तथा वि. सं. १९९७ सालका महान शहीदहरू देखि वि. सं. २००७ सालको प्रजातन्त्र, वि. सं. २०१७ सालको पञ्चायती व्यवस्था, झापा बिद्रोह देखि सुखानी शहीदहरूसम्म, सुखानी शहीददेखि शहीद सरोज कोइरालासम्म, सहीद सरोज कोइरालादेखि क्याप्टेन यज्ञबहादुर थापा, भीमनारायण श्रेष्ठसम्म, शहीद भीमनारायण श्रेष्ठदेखि काभ्रे चौवासका लालबहादुर कुँवरसम्म, काभ्रे चौवासका लालाबहादुर कुँवरदेखि गणतन्त्र स्थापनाको यात्रामा काभ्रे चौंरीका यान प्रसाद गौतम तीर्थबहादुर गौतम, फत्तबहादुर सलामी, दिलमाया योञ्जनसम्म तथा काभ्रे चौंरीका नवीन गौतम, रिना रसाइली, मैना सुनुवार, दोरम्बा घटनाका बाबुराम लामाका समूहसम्म, बाबुराम लामादेखि रोजीरोटीका लागि वि. सं. २०६१ भदौमा इराकमा मुस्लिम अतिवादी समूहद्वारा मारिएका १२ नेपाली मजदुर सम्म, इराक घटनादेखि अन्धाधुन्धा तरिकाले दलालहरूको प्रलोभनमा परेर कुवेत,

इराक अफ्रिका देखि रशिया, युक्रेन युद्धमा रसियन आर्मीमा भर्ना भई रसियन युक्रेन युद्धमा जीवन गुमाउने ती ज्ञात अज्ञात मजदुर तथा प्रजातन्त्र, लोकतन्त्र तथा गणतन्त्रका लागि जीवन समर्पन गर्ने ज्ञात अज्ञात शहीदहरूको बलिदानी तथा योगदान नेपाल र नेपालीहरूको जीवनस्तर उकास्ने र नेपाललाई सक्षम र समृद्ध देश बनाउने सपनाका लागि जीवन अर्पण गर्ने सम्पूर्ण महान् शहीदहरूको योगदान तथा वलिदान पनि बालुवामा पानी बराबर भएर नेपाल र सर्वसाधारण नेपालीको अवस्था दैनिक रोजीरोटीको चिन्ताभन्दा माथि उठ्न सकेको छैन ।

नेपालमा ठूलाठूला राजनीतिक परिवर्तन भए तापनि समय सापेक्ष नेपालको राज्य सत्ता सञ्चालन गर्ने जिम्मेवारी पाएका व्यक्तिहबाट समय सापेक्ष दूरगामी तरिकाले नेपाललाई योजनाबद्ध तरिकाले अघि बढाउन सक्ने योग्य र असल दूरदर्शी नेतृत्वकर्ता राजनेताको नेतृत्व नेपालको राज्य सत्ता सञ्चालनको कार्यपालिकाले आजसम्म पनि नपाएकाले नेपाल र सर्वसाधरण नेपालीको अवस्था आज पनि सामान्य धरातलभन्दा माथि उठ्न सकेको छैन । नेपालमा धेरै राजनीतिक व्यवस्था परिवर्तन भए तापनि नेपालको आर्थिक अवस्थामा परिवर्तन नभएको कारणले गर्दा सर्वसाधारण नेपालीहरूको जीवनस्तरमा खासै ठूलो परिवर्तन हुन सकेको छैन ।

त्यसैले अब नेपालमा राजनीतिक व्यवस्था परिवर्तन गर्नु आवश्यक छैन । समयसापेक्ष संविधान परिवर्तन गरेर केन्द्रीय सरकार तथा स्थानीय सरकार (गाउँपालिका, नगरपालिकालाई) शक्तिशाली बनाएर अहिले कायम रहेका प्रदेश सरकारलाई खारेज गरेर नेपाललाई हिमालदेखि तराइसम्म भूगोल रहने गरी ५ विकास क्षेत्रमा विभाजन गरेर सानो आकारको केन्द्रीय सरकार गठन गरी विषय विज्ञ मन्त्री परिषद् गठन गरेर स्थानीय सरकार गाउँपालिका, नगरपालिकालाई शक्तिशाली बनाउनुपर्दछ ।

वैदेशिक अनुदान, ऋण तथा आन्तरिक ऋणको भरमा हौवा प्रचारमुखी बजेट घोषणा गरेर नेपालमा देश र देशबाशीहरूको

जीवनस्तरमा परिवर्तन गर्न सकिदैन। अग्रगामी सोचका साथ दूरगामी तरिकाले राज्य व्यवस्था सञ्चालन गर्न सकेमा मात्र नेपालमा लोकतान्त्रिक शासन तथा गणतान्त्रिक शासन व्यवस्थाको सफल कार्यान्वयन गर्न सकिन्छ ।

गणतन्त्र स्थापनापछि लागु गरिएको प्रदेश सरकारको संरचना खारेज नगरेसम्म नेपालमा गणतन्त्रको सफल कार्यान्वयन हुन सक्ने देखिँदैन । नेपालमा प्रदेश सरकार सञ्चालन गर्नु भनेको गरीब नेपालीले घरैपिच्छे हात्ती पाल्नु बराबर हो । त्यसैले नेपालमा अब राजनीतिक दल तथा राज्य सञ्चालकहरूले प्रदेश सरकार खारेज गरेर राजनीतिक आन्दोलनमा होइन नेपालको आर्थिक परिवर्तनको आर्थिक आन्दोलनमा लाग्नुपर्दछ ।

●

# नेपालमा शहीद तथा देशभक्तहरूका अधुरा सपनाहरू

पृथ्वीनारायण शाहले नेपाल एकीकरण गर्ने क्रममा काठमाण्डौ उपत्यकाको किर्तीपुर युद्धमा पृथ्वीनारायण शाहका सेनापति कालु पाण्डेले जीवन गुमाएका थिए । पृथ्वीनारायण शाहको मृत्युपछि नेपाल एकीकरणमा अमूल्य योगदान गरेका पृथ्वी नारायण शाहका कान्छा छोरा बहादुर शाहले पनि भतिज रणबहादुर शाहको योजनामा अल्पायुमा जीवन गुमाउनुपरेको थियो । नेपाल एकीकरणको आन्तरिक तथा अङ्ग्रेजसँगको विभिन्न ठाउँका युद्ध, नेपाल तिब्बत चीन युद्धमा जीवन गुमाउने नेपाली सेनाका विभिन्न दर्जाका सिपाहीहरू, नेपाल अङ्ग्रेज युद्धमा नालापानीको युद्धमा भएको हारपछि सुगौली सन्धिबाट बिरक्तियर तत्कालीन भारत पञ्जाबका राजा रणजित सिंहको सेनामा जीवन निर्वाहका लागि भर्ति भई पञ्जाव अफगानिस्तान युद्धमा अफगानिस्तानमा जीवन गुमाएका बलभद्र कुँवर तथा अन्य नेपालीहरू, दरबारिया षड्यन्त्रमा जेलमा परी जेलमै आत्महत्या गर्न वाध्य भएका तत्कालीन प्रधानमन्त्री भिमसेन थापा तथा नेपाल एकीकरणमा पृथ्वीनारायण शाहलाई साथ दिने राष्ट्रवादी नेपालीहरूको योगदान पनि अमूल्य रहेको छ । जङ्गबहादुर राणाको निरङ्कुश शासन विरुद्ध गोरखामा पूर्व गोर्खाली सैनिकहरूको मोर्चा बनाएर जङ्गबहादुर राणाको निरङ्कुश शासनलाई समाप्त पार्न खोज्दा जङ्गबहादुर राणाको निर्देशनमा वि. सं. १९३३ सालमा मृत्युदण्ड पाएका लखन थापालगायतका केही नेपालीहरूको कथा पनि कारुणिक तथा पीडादायी छ ।

पूर्वी नेपालको भोजपुर नेपालेडाँडाकी योगमाया न्यौपानेले निरङकुश राणाशासनमा सुधारको माग गरी सर्वसाधारण जनतामा शिक्षा, स्वास्थ्य, रोजगारीको अधिकार, सतीप्रथाको अन्त्य, नारी

विभेदको अन्त्य, मानव-अधिकार, बालविवाहको अन्त्य। छुवाछुतको अन्त्यको माग गर्दै राणा प्रधानमन्त्री चन्द्र शमशेरलाई भेटेर ज्ञापनपत्र बुझाएकी थिइन् । राणा प्रधानमन्त्री चन्द्र शमशेरले सतीप्रथाको अन्त्य गरे तापनि अरू सामान्य सुधारबाहेक खासै मानवअधिकार उपलब्धिका कार्यहरू नगरेपछि वि. सं. १९९८ सालमा योगमाया न्यौपानेसमेत उनका समर्थक ६८ जनाले नेपालमा छुवाछुतको अन्त्य, बालविवाहको अन्त्य, मानव-अधिकार र प्रजातन्त्रको स्थापना होस भनी पूर्वी नेपालको अरुण नदीमा हाम फालेर संयुक्त जलसमाधि लिई जीवन समाप्त पारेका थिए ।

नेपालमा निरङ्कुश राणाशासन व्यवस्थामा सुधार गरी सर्वसाधारण नेपालीहरूका लागि शिक्षा, स्वस्थ्य र मानवअधिकार स्थापनाका लागि राणा प्रधानमन्त्रीसँग प्रत्यक्ष माग राख्दा राणाशासकद्वारा सम्पूर्ण सम्पत्ति कब्जा गरी सपरिवार देश निकाला गरिएका कृष्णप्रसाद कोइराला परिवारको भारतमा प्रवासी जीवन बिताउनुपरेको दुःखका कथा तथा सङ्घर्ष पनि साह्रै नै पीडादायी तथा चुनौतीपूर्ण थियो । नेपालमा प्रजातन्त्र स्थापना गर्न गोप्य रूपमा वि. सं. १९९३ मा नेपाल प्रजापरिषद् पार्टी स्थापना गरी राणाशासकलाई चुनौती दिने टङ्कप्रसाद आचार्य, रामहरि शर्मा तथा प्रजापरिषद्का तर्फबाट अन्य सदस्यले राणा प्रधानमन्त्रीको व्यक्तिगत लाभका प्रस्ताव स्वीकार नगरेर प्रजातन्त्रका लागि मृत्यु रोज्न तयार भएका कारण वि. सं. १९९७ सालका महान् शहीद धर्मभक्त माथेमा, गङ्गालाल श्रेष्ठ, दशरथ चन्द, शुक्रराज शास्त्रीले नेपालमा प्रजातन्त्रको स्थापनाका लागि मृत्युदण्ड रोजेर शाहदात प्राप्त गरेका थिए ।

नेपालमा प्रजातन्त्र स्थापना गर्न नेपाली काङ्ग्रेस पार्टी स्थापना गर्ने बीपी कोइरालाले वि. सं. २००७ सालमा प्रजातन्त्र स्थापना हुनुभन्दा अगाडि ८ वर्ष र वि. सं. २०१७ सालमा राजा महेन्द्रले पञ्चायती व्यवस्था स्थापना गरेसँगै ८ वर्ष गरी १६ वर्ष कठोर जेल जीवन बिताउनुभएको थियो । नेपाली काङ्ग्रेसका बीपी कोइराला, शुसिला कोइराला, कृष्णप्रसाद भट्टराई, गणेशमान सिंह, मङ्गलादेवी सिंह तथा नेपाल कम्युनिस्ट पार्टीका तर्फबाट पुष्पलाल

श्रेष्ठ, मोती देवी श्रेष्ठ, नरबहादुर कर्माचार्य, निरञ्जनगोविन्द वैद्य, मनमोहन अधिकारी, मोहन चन्द्र अधिकारी, मदन भण्डारी, साधना प्रधान तथा शाहना प्रधानको नेतृत्वमा भएका प्रजातान्त्रिक आन्दोलनहरू ज्यादै महत्त्वपूर्ण थिए ।

वि. सं. २००७ सालको परिवर्तनका लागि वीर शहीद तथा युग महामानवहरूको योगदान तथा प्रजातन्त्रप्रेमी नागरिकहरूको योगदान त्याग तथा भूमिका ज्यादै कठिन तथा महत्त्वपूर्ण थियो । राणाशासन अन्त्य तथा वि. सं. २००७ सालको प्रजातन्त्र स्थापना गर्न गरिएका आन्दोलन तथा सङ्घर्षहरू, वि. सं. २०४६ मा प्रजातन्त्र पुनः स्थापना गर्न गरिएका आन्दोलनहरू वि. सं. २०५२-२०६२ मा चलेको माओवादी आन्दोलनहरू तथा वि. सं. २०६२-६३ मा लोकतन्त्र तथा गणतन्त्र स्थापना गर्न चलेको नेपाली काङ्ग्रेस, नेकपा एमालेलगायत तत्कालीन समयका ७ राजनीतिक दलहरू तथा सशस्त्र आन्दोलन गरिरहेको तत्कालीन नेकपा माओवादीहरूले पार्टी स्थापना तथा राजनीतिक आन्दोलनमा त्यस समयका प्रमुख नेताहरू तथा नेपालको सामाजिक तथा आर्थिक परिवर्तनका लागि उनीहरूलाई प्रत्यक्ष अप्रत्यक्ष साथ दिने लाखौं देशप्रेमी राष्ट्रवादी व्यक्तिहरूले राजनीतिक द्वन्द्वमा जीवन गुमाउनुपऱ्यो भने केही नेताहरूले समेत राजनीतिक परिवर्तनको आन्दोलनमा अल्पायुमा जीवन समाप्त तथा आजीवन अङ्गभङ्ग र कष्टकर जीवन बिताउनुपरेको थियो ।

पृथ्वीनारायण शाहको नेपाल एकीकरण अभियान वि. सं. १८०१ देखि वि. सं. १८२५ मा नेपालको राजधानी काठमाडौं कायम भएर बृहद नेपाल निर्माणसँगै नेपाल एकीकरणमा नेपाल अङ्ग्रेज युद्ध, नेपाल तिब्बत, चीन युद्धमा समेत धेरै नेपालीहरूले अल्यायुमा जीवन गुमाउनुका साथै अङ्गभङ्ग भई कष्टकर जीवन बिताउनुपऱ्यो । वि. सं. १९०३ सालमा जङ्गबहादुर राणाले निरङ्कुश राणाशासन स्थापना गरेपछि नेपालमा सर्वसाधारण नेपालीहरूको मानवअधिकार खोसियो । सर्वसाधारण नेपालीलाई पढाइ, लेखाइ तथा राज्यमा रोजगारीको अवसर थिएन । राज्यको सम्पूर्ण स्रोतको फाइदा

राणाहरूको भलाईका लागि खर्च गरिन्थ्यो । राजालाई जीवन निर्वाह चल्ने तलब, भत्ता, राशन पानीको व्यवस्था राणाहरूले गरिदिएर राज्यको आम्दानीका स्रोतहरू राणाहरूले आ-आफ्नो गुटको स्वार्थ र भलाईका लागि खर्च गर्दथे । सर्वसाधारणका लागि शिक्षा, स्वास्थ्य, रोजगारी, मानव-अधिकार प्रतिबन्ध नै थिए ।

राणाहरूको यस्तो निरङकुश शासन व्यवस्था हटाउन लखन थापा, प्रजा परिषद्का नेताहरू, नेपाली काङ्ग्रेसका नेताहरू, नेपाल कम्युनिस्ट पार्टीका नेताहरूको नेतृत्वमा राणाहरूको कठोर सजाय तथा जीवन र मृत्युसँगै सङ्घर्ष गर्दै वि. सं. २००७ सालमा नेपालमा प्रजातन्त्र स्थापना भएको थियो । नेपालको एकीकरण अभियान, राणाकालीन निरङ्कुश शासन, प्रजातन्त्र स्थापना वि. सं. २००७, पञ्चायती व्यवस्थाको समय प्रजातन्त्र पुनः स्थापनाको पहिलो जनआन्दोलन वि. सं. २०४६, नेपालको सशस्त्र माओवादी आन्दोलन वि. सं. २०५२-२०६२ दोस्रो जनआन्दोलन वि. सं. २०६२-२०६३ साल हुँदै नेपालमा राजतन्त्र समाप्त भई वि. सं. २०७२ सालमा नेपालमा संघीय गणतान्त्रिक संविधान घोषणा तथा कार्यान्वयन भई सङ्घीय गणतन्त्र नेपाल स्थापना भई केन्द्रीय सरकार, प्रदेश सरकार तथा स्थानिय सरकार (गाउँपालिका, नगरपालिका) सञ्चालन हुँदै आएका छन् ।

पृथ्वीनारायण शाहको नेपाल एकीकरण अभियानदेखि निरङ्कुश राणाशासन हुँदै प्रजातन्त्र, पञ्चायती व्यवस्था हुँदै सङ्घीय गणतान्त्रिक शासन व्यवस्थासम्म आइपुग्दा नेपालमा हजारौँ नेपालीहरूले वलिदान प्राप्त गरे भने प्रत्यक्ष-अप्रत्यक्ष रूपमा लाखौँ नेपालीहरूको सहभागिता रह्यो । पृथ्वीनारायण शाहको एकीकरण अभियानदेखि राजतन्त्र समाप्त भई गणतन्त्र स्थापना हुने समयसम्म आइपुग्दा हजारौँ नेपालीहरूलाई त्यस समयका राज्य सरकारले कठोर शारीरिक तथा मानसिक सजाय दिई गोप्य रूपमा मारेर लाससमेत प्रशासनको मिलेमतोमा गायब बनाएर अवस्था अन्यौल बनाउँदै आफन्त तथा आश्रित परिवारमा पीडा तथा चरम मानसिक तथा आर्थिक सङ्कट बनाउँदै आएका थिए ।

राजनीतिक आन्दोलनको समयमा नेतृत्वकर्ता तथा समर्थकहरूको लाखौं एकाघरका आफन्त नजिकका नातेदार तथा साथीभाइहरूसमेत प्रशासनको कारबाहीमा परेका थिए । हजारौँ एकाघरका सदस्य, नातेदार तथा साथीभाइहरूले समेत तत्कालीन समयमा सानादेखि ठूला-ठूला सजाय तथा कारबाही भोग्नुपर्‍यो । नेपालको माओवादी सशस्त्र युद्धमा त झन् राज्य पक्ष र विद्रोही पक्ष दुवैतिरबाट राजनीतिमा कुनै चासो नभएका हजारौँ सर्वसाधारणले समेत रिसइबी, भवितब्य, परिबन्द तथा विपक्ष सत्रु सिध्याउने नाममा सानादेखि गम्भीर खालका यातना तथा कारबाहीमा परेर जीवन गुमाउनुपर्‍यो । लाखौंलाख प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्रप्रेमी तथा समर्थकहरूले सानादेखि ठूलाठूला यातना तथा सजायहरू भोग्नुपरेको थियो ।

नेपालमा ठूलाठूला राजनीतिक परिवर्तनहरू भए । प्रजातन्त्र, लोकतन्त्र हुँदै गणतन्त्रसम्म आइपुग्दा नेपालको राजनीतिक शासन व्यवस्थाहरूमा ठूलाठूला परिवर्तनहरू भए तर नेपालको आर्थिक अवस्थामा सामान्य सुधारबाहेक नेपालको आर्थिक समृद्धि सर्वसाधारण नेपालीहरूको आर्थिक अवस्था तथा नेपाल देशको आर्थिक अवस्था सक्षम हुने शासन व्यवस्था भने कार्यान्वयन हुन सकेको छैन । राज्य व्यवस्थामा परिवर्तन भएपछि देश सम्पन्न र समृद्ध बन्छ भनेर राणाशासन अन्त्यका आन्दोलनदेखि गणतन्त्र स्थापनासम्म प्रत्यक्ष अप्रत्यक्ष राजनीतिक व्यवस्था परिवर्तनमा सहभागी हुने तथा शुभेच्छुक र श्रमजीवी वर्गहरू तथा सम्पूर्ण नेपालीहरूको सपना भ्रष्ट पुँजीपति तथा माफियाहरूको साँठगाँठमा चलेका नेपालका राजनीतिक दलका केही प्रमुख नेताहरूको कारणले गर्दा नेपालको राष्ट्रिय आय स्तर तथा सर्वसाधारण नेपालीको आय स्तरमा परिवर्तन आउन सकेको छैन ।

शासन व्यवस्था परिवर्तन भएपछि देश सम्पन्न बन्छ, सम्पूर्ण नेपालीहरूको आयस्तर राम्रो हुन्छ भनेर नेपालको प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्रका राजनीतिक आन्दोलनमा जीवन वलिदान गर्ने, जीवन समर्पण तथा समर्थन गर्ने सम्पूर्ण शहीद, देशभक्त, प्रजातन्त्र,

लोकतन्त्रप्रेमी नेपालीहरूको सपना पूरा हुन सकेका छैनन् । ठूला दलका पहुँचवाला नेताहरूले गर्दा भ्रष्ट माफियाहरूको तजबिजमा पटक-पटक हुने गरेका आर्थिक घोटाला तथा माफियावादका कारण नेपालको राष्ट्रिय आर्थिक अवस्था कमजोर हुँदै गएको छ । दूरदर्शी, अग्रगामी, राष्ट्रवादी सोच भएका राजनीतिलाई पेसा व्यापार होइन सेवाको भावनाले काम गर्ने असल व्यक्तिहरूको समूहको राजनेताले नेपालको राजनीतिक शासन व्यवस्वथा सञ्चालन गर्ने अवसर नपाएसम्म तथा यस्ता सोच र इच्छा शक्ति भएका राजनेताको हातमा नेपालको शासन व्यवस्थाले स्थान नपाउँदासमेत ९५% सर्वसाधारण तथा श्रमजीवी नेपालीहरूले जीवनस्तर उकास्न सक्ने अवसर पाउदैनन् । नेपालको राष्ट्रिय पुँजी २-३% व्यक्तिको हातमा नियन्त्रण रहेको छ भने राष्ट्रिय राजनीति ठूला पार्टीको २५% नेताको हातमा नेपालको राजनीति घुमिरहेको छ ।

दूरदृष्टि तथा दूरगामी सोच भएका असल राजनेताले नेपालको राज्यसत्ता सञ्चालन गरेर सेवाको भावनाले काम गर्न सकेमा मात्र नेपालको राष्ट्रिय आयस्तर समृद्ध भई हजारौँ शहिद तथा लाखौ देशभक्त र करोडौँ सर्वसाधारण नेपालीको जीवनस्तर सञ्चालन तथा उनीहरूका सपना पुरा गर्न सकिन्छ । यसका लागि अग्रगामी तथा दूरगामी सोच भएका असल तथा इमान्दार राजनेताको नेतृत्व शासन सत्तामा हुनु अति आवश्यक पर्दछ ।

●

# नारी (पुष्पलता)

सृष्टिको जननी, माया, ममताकी खानी, पृथ्वीको जीवित देवी नारीले परापूर्व समयदेखि आजसम्म पृथ्वीमा सन्तानलाई जन्माउने मातृ भाषा सिकाउने, हुर्काउने तथा सामाजिक संस्कार सिकाउने कार्यमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएकी छिन् । नर (पुरुष) नारी (पुष्पलता) श्रीमान्-श्रीमतीको सहयात्रा सौहाद्रपूर्ण रूपमा अघि बढेमा घरपरिवार सञ्चालनमा सहज तथा घरपरिवारमा सुख, शान्ति कायम रहन्छ । नेपाली समाजमा विशेष गरी पुरुषले घरबाहिरको पेशा व्यवसायिक कार्यहरू गर्ने तथा आर्थिक व्यवस्थापन गर्ने कार्य गर्दछन् । नारीले घरमा आम्दानी अनुसारको खर्च गरेर आफ्ना सन्ततिलाई मायाममताका साथ हुर्काउने काम गर्दछिन् ।

अहिले शिक्षा र कामको अवसरले गर्दा विश्व समाजमा नारी र पुरुषको दायित्व बराबरी भएको छ । २१ औँ शताब्दीको आधुनिक डिजिटल युगमा शिक्षा, सामाजिक चेतना, काम र सेवाको अवसरको कारणले गर्दा नारीहरू परम्परागत घर गृहणी जीवनभन्दा माथि आफ्नो स्थान पुरुषसरह कायम गर्न सफल भएका छन् । आज विश्वका कतिपय देशहरूमा कार्यपालिका, न्यायपालिका, व्यवस्थापिका, प्रशासनिक, प्राविधिक तथा आविष्कारका क्षेत्रमा समेत नारीहरूले प्रमुखको जिम्मेवारी सफलतापूर्वक सम्पन्न गरिसकेका छन् ।

ईश्वरले पृथ्वीको सृष्टि सञ्चालनको परम्परा सञ्चालन गर्न पृथ्वीमा चेतनशील प्राणी मानिसदेखि सम्पूर्ण जीव प्राणीहरूमा नर-नारीको जन्म दिनुभएको छ । शिक्षा, चेतना, ज्ञान, अवसर, त्याग, निरन्तरको मिहिनेतका कारण नेपालको कार्यपालिकाको सम्मानित पद राष्ट्रपतिदेखि सर्वोच्च अदालतको प्रधानन्यायाधिशसम्म तथा देश विदेशका प्रशासनिक तथा प्राविधिक तथा आविष्कार, अनुसन्धान केन्द्रमा समेत नेपाली नारी (पुष्पा) ले सफलतापूर्वक आफ्नो

जिम्मेवारी पूरा गरिसकेका तथा गरिरहेका छन् । ईश्वरले सृष्टि परम्परामा सधैँ नारीको सङ्ख्या पुरुषको तुलनामा बढी जन्म दिएर सृष्टि परम्परामा नारीलाई अग्रणी बनाउनुभएको छ । हिन्दू धार्मिक परम्परामा विद्याकी देवी सरस्वतीदेखि धनकी देवी लक्ष्मी तथा कार्यसिद्धिकी देवी नवदुर्गा पनि नारीहरू नै हुन् ।

नेपाललगायत विश्वका कतिपय मानव समाजमा विवाह गर्दा छोरीलाई अत्यधिक धेरै दाइजो दिनुपर्ने गलत सामाजिक परम्पराका कारण तथा कलियुगका कतिपय मानिसका समूहमा शिक्षा र चेतनाको कमी तथा पढेलेखेका शिक्षित व्यक्तित्वहरूमा समेत गलत तथा दरिद्र सोचका कारण गर्भावस्थामा लाखौँ छोरी-नारीहरूको भ्रूणहत्या भइरहेको छ । शिक्षित छोरी, शिक्षित बुहारी, शिक्षित बुहारी शिक्षित आमा, शिक्षित आमा, शिक्षित समाज, शिक्षित समाज, शिक्षित देश भन्ने मूल मान्यताका साथ पुरुषसरह नारीहरूलाई पनि विश्वका धेरै देशहरूले समान अधिकार दिएका छन् ।

छोराछोरी दुवै बराबरी भन्ने मूल मन्त्रलाई समाजमा सबैले आत्मसात गर्दै २१ औँ शताब्दीमा सबैले बढीमा २ सन्तान जन्माउने तथा छोराछोरी दुवै बराबरी हुन् भन्ने सामाजिक सन्देशलाई अक्षरशः पालना गर्नुपर्दछ । कतिपय समाजमा छोरीको विवाह गर्दा दाइजो तथा विवाहका लागि आफ्नो श्रीसम्पत्ति सबै सकिने कारणले गर्दा मेडिकल विज्ञानमा आएको प्रविधिको प्रयोग गरी लिङ्ग पहिचान गरेर गर्भावस्थामा भ्रूणहत्या गर्ने कार्य नेपाल तथा भारतीय समाजमा तीव्र रूपमा बढ्दै गएको छ । सृष्टिकी जननी साक्षात् देवी नारीको भ्रूणहत्याले अबको केही वर्षपछि नेपाली समाजमा समेत नारीको सङ्ख्यामा कमी भई सामाजिक विकासमा समस्या आउने अवस्था सृजना हुँदै गइरहेको छ ।

छोरी, बुहारी, आमा समाजका अनिवार्य आवश्यक पात्राहरू हुन् । आमाको कोखबाट जन्मिएर सारा संसार देख्ने अनि पृथ्वीमा चकचकी गर्ने मानिस आखिर आमाको आवश्यकतालाई बिर्सेर लिङ्गीय विभेद तथा गलत सामाजिक परम्परा र सोचका कारण नारीहरूको सङ्ख्या घटाउन अग्रसर हुनु पनि मानिसले सृष्टि

परम्परालाई चुनौती दिनु हो । हामी समाजका युवा अवस्थाका कतिपय योग्य दम्पतीहरू छोरी जन्माउन नचाहने तर पछि छोराको विवाह गरेर शिक्षित योग्य बुहारी ल्याउन मरिहत्ते गर्ने गलत सामाजिक सोचमा अघि बढिरहेका कार्यलाई आजैदेखि आजको शिक्षा र विज्ञानको युगमा छोराछोरी जे भए पनि बराबरी भन्ने सामाजिक सन्देशलाई आत्मसात गर्दै ईश्वरको सुन्दर सृष्टि जीवन र जीवनको यात्रालाई मानिसले पृथ्वीमा विवेकपूर्ण तरिकाले सञ्चालन गर्न नारीको जन्म तथा आगमनलाई नवदुर्गा, सरस्वती, लक्ष्मीको अवतारका रूपमा घरसमाजमा सधैँ सबैले स्वागत गर्नुपर्दछ ।

शिक्षा, विज्ञान र प्रविधिले गर्दा पृथ्वीमा मानिसहरू आधुनिक डिजिटल जीवनशैली बिताउन सक्ने अवस्थासँगै कलियुगमा कतिपय छाडा संस्कार तथा गलत जीवनशैलीले गर्दा अखाद्य पदार्थ, मदिराजन्य पदार्थ, लागूऔषध सेवन गर्ने, गलत तथा आपराधिक कार्यमा समेत संलग्न भएर आफूले कमाएको तथा पुर्ख्यौली सम्पत्तिसमेत समाप्त पार्ने घर परिवार तथा समाजलाई दुःख दिनु भनेको आफ्नो पारिवारिक तथा सामाजिक कर्तव्य बिर्सेर जीवनको सत्मार्गमा बाटो बिराएर जीवन समाप्तिको बाटोमा लाग्नु हो ।

हिन्दूसमाजमा पतिलाई पतिदेव (देवता) र पत्नीलाई देवी मान्ने मानव समुदायमा समेत विश्वमा विकास हुँदै गएको खुला जीवनशैली, छाडा जीवनशैलीले गर्दा कतिपयको श्रीमान् खाडीमा श्रीमती अर्कैको गाडीमा, श्रीमती खाडीमा श्रीमान् अर्कैकी नारीमा सल्कने गलत संस्कारसमेत विकास हुँदै गएको छ । विश्व मानव समाजमा नारीलाई देवी तथा सृष्टिकी जननी स्वीकार गर्ने मानिसले देवी तथा सृष्टिकी जननी नारीलाई मनोरञ्जन तथा आर्थिक व्यवसाय सञ्चालनका लागि गलत काम तथा यौनव्यापार लगायत यौनकोठीमा समेत संलग्न तथा खरिद-बिक्री गरिरहेका छन् ।

ए कलियुगका दरिद्र मानसिकताका नरपिशाचहरू हो ! तिमीहरू आफ्नो छोरीलाई देवीका रूपमा पूजा गर्दछौँ, अरूको सन्तति छोरीचेलीलाई खेलौना तथा व्यापार र मनोरञ्जनको साधनका लागि गलत तरिकाले खरिद-बिक्री गर्नु भनेको तिमीहरू

यस पृथ्वीका भार अनि तिमीहरूको यो पृथ्वीको सृष्टि परम्परामा बाँचेर पनि जीवन जिउँदो लाससरह हो । मानिस समाजमा विवाहका लागि सामाजिक संस्कार र संविधानले निर्धारण गरेको सामान्यतः २१ वर्षको उमेर समयपछि नारी-पुरुषले जीवन सञ्चालन तथा सृष्टि परम्परालाई अघि बढाउन आफूसँग मन मिल्ने जीवनसाथीसँग सकभर पारिवारिक सल्लाहमा वैवाहिक जीवनमा बाँधिएर जीवनसाथी बनेर आफ्नो जोडी दम्पतीले जीवनयात्रा अगाडि बढाउन संविधान तथा कानूनले व्यवस्था गरिदिएको छ ।

श्रीमान् खाना खान आउनुहुन्छ अनि सँगै खाना खान्छु भनेर आधा रातसम्म पर्खने श्रीमती, छोराछोरी, श्रीमती र घरपरिवारका लागि सातसमुद्रपारि मुटुभित्र मायाको गाँठो पारी दैनिक १८-२० घन्टा काम गर्ने परिवारका सदस्यले रगतलाई पसिना बनाएर कमाएको धनसम्पत्तिलाई गलत काममा उडाउने परिवारका सदस्यको अकर्मन्यता पनि वर्तमान समाजमा बढ्दै गएका सामाजिक गलत कार्यहरू हुन् ।

सती सावित्री बनेर घरमा बसेकी श्रीमतीको कर्तव्य र धर्म बिर्सेर विदेशमा काम रोजगारीको कारणले बसेका श्रीमान्ले परस्त्री तथा यौनकोठीमा गएर प्राणघातक सरुवा रोग साथमा ल्याएर श्रीमतीलाई सारेर आफू तथा श्रीमतीको जीवन अल्पायुमा समाप्त पारी घरपरिवारको बिचल्ली गराउनु पनि पुरुष मानिसको जीवन संसार र जीवनसारथिमाथिको अन्तर्घात हो ।

मन्दिर, गुम्बा, चर्चमा आडम्बरी पूजा-प्रार्थना गरेर मात्र मानिस ठूलो हुँदैन । सत्यमार्गमा लाग्नु तथा समाजमा सबैको भलाई सोचेर आफूले आफ्नो घरपरिवार आफ्नो आर्थिक अवस्था अनुसार सञ्चालन गरेर समाजमा आफ्नो आर्थिक अवस्था अनुसार सकेको आर्थिक, सामाजिक योगदान गर्नु मानिसको प्रमुख कर्तव्य तथा धर्म हो । राम्रो कामको बाटोमा लाग्नु धर्म हो । असल कामको बाटोमा हिँड्नु समाजमा अरूलाई दुःख नदिनु पनि धर्म हो । अहिलेको स्वतन्त्र तथा खुला समाजको कलियुगमा केटीमानिसहरू छोटा-छोटा उत्ताउला कपडा लगाउने १० वर्ष नपुग्दै कपालमा रङ्गविरङ्गका

रङ्गहरू हाल्ने शरीरमा टाटु-पाटु खोप्ने गतल क्रियाकलापमा लाग्नु भनेको मानिसले सामाजिक कर्तव्य बिर्सेर समाजलाई गलत संस्कारमा लैजानु हो । पुरुषहरू पनि कुण्डले, मुण्डले, जगल्टे बनेर डरलाग्दा पोशाक र टाटु-पाटु खोपेको आवरणमा हिँड्नु भनेको २ दिनको जीवनमा मानिसको जीवनको धरातल बिर्सेर गलत सामाजिक संस्कारमा लाग्नु हो ।

त्यसैले विशेष गरी युवा पुस्ताले शालीन तथा सभ्य जीवनशैलीमा जीवनलाई सञ्चालन गरेर जीवनयात्रा सञ्चालन गर्नुपर्दछ । मानिसले समाजमा सामाजिक अनुशासनमा रहेर घरपरिवार र समाजलाई आफ्नो आर्थिक क्षमता अनुसार योगदान गर्नु मानिसको प्रमुख कर्तव्य तथा धर्म हो ।

घरपरिवार सञ्चालनमा श्रीमान्-श्रीमतीको भूमिका बराबरी तथा महत्त्वपूर्ण हुन्छ । भोलिको भविष्य तथा जीवनको अवस्थाको बारेमा आज कसैले केही पनि थाहा पाउन मानिसले सक्दैन । मानिसको जीवन सृष्टिको सुन्दर फूल तथा उपहार पनि हो अनि जीवन दुःखको महासागर पनि हो । जीवनभर तथा सात जुनीसम्म साथ दिन्छु भनी बाचाबन्धनमा बाँधिएर अग्नी साक्षी राखेर गाँसेको मानिसको दाम्पत्य जीवन पनि समाजमा धेरैको सफल तथा धेरैको असफल भएका छन् । नातासम्बन्ध गाँसिँदा ठूलो तामझाम तथा पार्टी भोज गर्ने मानिस अल्पायुमा मृत्यु तथा बिछोडमा पीडाले पागल तथा अर्धपागल बनेर डाको छोडेर रुन्छन् ।

नारी सृष्टिकी जननी तथा पुरुष घर-समाजमा सामाजिक अनुशासन र सत्मार्गमा रहँदासम्म पृथ्वीको सृष्टिको परम्परा सुन्दर रहन्छ । मानिसको समाज सभ्य तरिकाले सञ्चालन गर्न सकिन्छ भन्ने कुरा प्रत्येक सचेत नारी तथा पुरुषले मनमा राख्नुपर्दछ । पुरुषले एक नारी ब्रह्मचारी भन्ने मुलमन्त्रलाई आजीवन बिर्सनु हुँदैन । नारीले पनि **एक पुरुष जीवनसाथी पात्र जीवन सञ्चालनको मूल मन्त्र** भन्ने भावना सदैव मनमा राख्नुपर्दछ । नारी-पुरुष दम्पतीले एक-अर्काप्रतिको कर्तव्य, अनुशासन र जिम्मेवारीले नै

घरपरिवारलाई सक्षम तरिकाले अगाडि बढाएर समाजमा सामाजिक योगदान गर्न सकिन्छ । घरपरिवार सञ्चालन गर्न नारी-पुरुषले २ पाङ्ग्रा होइन सवारी साधनको ४ पाङ्ग्राको बराबर सन्तुलन मिलाएर अघि बढ्न सकेमा घरपरिवार र समाजमा मानिसको जीवनयात्रा सफल हुन्छ ।

●

# दुई दिनको जिन्दगी

पृथ्वीको जमिनमाथि सृष्टि भएको मानिसको जीवनयात्रा पृथ्वीको जमिनमा नै गएर समाप्त हुन्छ । कर्कलाको पातमा रहेको पानीजस्तो टल्कने अनि स्वाट्ट बग्ने पानीजस्तो जीवन पृथ्वीमा सम्पूर्ण जीव-प्राणीहरूको जीवन अन्त्यमा पृथ्वीको माटोमा ब्रह्मलीन भएर समाप्त हुन्छ । हामी हाम्रा अग्रज पुर्खाहरूको निरन्तरको सङ्घर्ष, मिहिनेत, शिक्षा, विज्ञान र प्रविधिले गर्दा आज हामी २१ औँ शताब्दीको आधुनिक युगमा आइपुगेका छौँ । यो पृथ्वीका सम्पूर्ण ग्रहहरूलाई गुरुत्वाकर्षण शक्तिले आ-आफ्नो स्थानमा रहेर एकले अर्कोलाई परिक्रमा गरेर सौर्यमण्डल परिवारमा आ-आफ्नो काम गरेर पृथ्वीको प्रकृतिमा दिन, रात ऋतुहरूको काम गरेसँगै मानिस, जीव, प्राणी र वनस्पतीको सृष्टि र विकासलाई सहज र सजिलो बनाइदिएका छन् ।

मानिसले पनि परिवार र समाजमा अनुशासित तरिकाले सामाजिक जीवनयात्रा सञ्चालन गरेर घरपरिवार सञ्चालन गरी समाजमा आफूले सकेको योगदान गर्नु नै मानिसको प्रमुख कर्तव्य तथा धर्म हो । सत्मार्गमा लाग्नु सबैको भलाई हुने काम गर्नु नै मानिसको प्रमुख धर्म हो । मनिसको पहिलो कर्तव्य अनुशासित शैलीमा आफ्नो जीवन सञ्चालन तथा घरपरिवार सञ्चालन गर्नु हो । मानिसको दोस्रो कर्तव्य आफू अनुशासनमा रहेर घरपरिवार सञ्चालन गरी आ-आफ्नो समाजमा आफ्नो बौद्धिक, आर्थिक र भौतिक क्षमता अनुसार समाजका कमजोर तथा जीवनयात्रामा अलमलिएका मानिसलाई मार्गनिर्देशन तथा जीवनयात्रा सञ्चालन गर्न सहयोग गर्नु हो ।

यो पृथ्वीको सुन्दर प्रकृतिमा जन्मिएका हामीले सर्वप्रथमत पृथ्वीको प्रकृति र वातावरणलाई हानी नपुग्ने गरी प्राकृतिका आवश्यक जीव-जनावर र वनस्पतिलाई उचित संरक्षण गरी पृथ्वीको

बातावरण सन्तुलनलाई वैज्ञानिक तरिकाले कायम राखेर जीवनयात्रा सञ्चालन कायम गर्नुपर्दछ । पृथ्वीमा मानिसले प्राकृतिक सम्पदा तथा स्रोतहरूको उचित किसिमले प्रयोग तथा उपभोग गरेर प्राकृतिक वातावरणलाई यथास्थानमा राखेर सवै मिलेर समाजमा जीवनयात्रा सञ्चालन गर्न सकेमा मात्र पृथ्वीमा हामी सबैको जविनयात्रा सफल हुन्छ ।

हामी पृथ्वीमा २१ औँ शताब्दीमा जीवनयात्रा गरिरहँदा शिक्षा, विज्ञान र प्रविधिले गरेको विकासले गर्दा आ-आफ्नो क्षमता अनुसारको जीवनशैलीमा बाँचिरहेका छौँ । मानिसको निरन्तरको मिहिनेत शिक्षा, विज्ञान र प्रविधिको विकासले गर्दा मानिसलाई पृथ्वीमा जीवन सञ्चालन गर्न सजिलो बनाए सँगै हामीले घर परिवारमा प्रयोग गर्ने सामानहरूको प्रयोग तथा उपयोग गरिसकेपछि उचित किसिमले विर्सजन नगरेका कारण आज पृथ्वीमा वातावरण संरक्षण गर्न चुनौची थपिँदै गएको छ ।

हामीले दैनिक प्रयोग गर्ने खाद्यान्न तथा घरायसी सामानमा प्रयोग हुने प्लास्टिकजन्य विशष गरी खाद्यान्न प्याकिङ तथा खाद्य सामग्री ओसारपसार गर्न प्रयोग हुने प्लास्टिक आवश्यकताभन्दा बढी प्रयोग गर्ने त्यसको विर्सजन वैज्ञानिक तरिकाले गर्न नसकेको कारणले गर्दा टोल समाज फोहोर बढ्दै जाँदा, माटोको उर्वरा शक्तिलाई प्लास्टिकले चुनौती दिनु आजको प्रमुख चुनौती बन्दै गइरहेको छ । प्लास्टिकजन्य सामानहरू अति आवश्यकताको ठाउँमा मात्र प्रयोग गर्ने पातलो प्लास्टिकको सट्टमा कपडाको सपिङ झोला तथा बाक्लो खालको प्लास्टिकको बाल्टिन, बट्टा प्रयोग तथा उपयोग गरेर त्यसको विसर्जन र व्यवस्थापनमा पछि सजिलो हुनेगरी हामीले जीवन सञ्चालन गर्नुपर्दछ । अर्कोतर्फ घरमा प्रयोग गरिने विद्युतीय तथा अस्पतालमा मानिसको स्वास्थ्य उपचारमा प्रयोग हुने स्वास्थ्य सामग्रीहरूको पनि उचित किसिमले विर्सजन गर्नुपर्दछ । पुनः प्रयोग गर्न मिल्ने, कच्चा पदार्थ प्रयोगमा ल्याउन सकिने, जैविक तथा अजैविक सामानहरूलाई छुट्टाछुट्टै व्यवस्थापन गर्नुपर्दछ । यसरी मानिसले दैनिक घरघरमा प्रयोग गर्ने सामानहरू उचित किसिमले

व्यवस्थापन र विसर्जन गर्न सकेमा वातावरण संरक्षण तथा विशेष गरी माटोको संरक्षण गर्न सकिन्छ । वातावरण प्रदूषण तथा माटोको उर्वरा शक्तिलाई प्लास्टिक र रासायनिक पदार्थले कमजोर बनाउँदै गएपछि उत्पादन कम हुँदै जाँदा पृथ्वीमा मानिस तथा जीव, प्राणी र वनस्पतिको जीवन पनि चुनौतीपूर्ण बन्दै जान्छ ।

शिक्षा, विकास र प्रविधिले गर्दा मानिसको जीवन सञ्चालन सहज भएसँगै हाम्रो जीवन सञ्चालनका लागि विभिन्न खाद्यान्न, मनोरञ्जन, जीवनका लागि आवश्यक पोशाक लगायतका कारखाना उद्योगले सामानहरू उत्पादन गर्न प्रयोग गरेका कच्चा पदार्थ केमिकलहरूको उचित व्यवस्थापन नगरेर पनि पृथ्वीमा वातावरण प्रदूषणमा चुनौती थपिँदै गएको छ । पृथ्वीमा वातावरण प्रदूषण बढ्दै जाँदा तापक्रम वृद्धि भएर खाद्यन्न उत्पादन तथा भण्डारणमा प्रयोग हुने विभिन्न खालका केमिकलका आवश्यकताभन्दा बढी प्रयोग तथा केमिकलहरूको वैज्ञानिक तरिकाले विर्सजन नगरेका कारण पृथ्वीमा मानिसको जीवनमा जीवनयात्रा सञ्चालन गर्न चुनौती थपिँदै गएको छ । प्राकृतिक स्रोतमा आधारित सानादेखि ठूलाठूला उद्योगले क्षमताभन्दा बढी व्यवसायमा, नाफा निकाल्न प्राकृतिक स्रोत उत्खनन तथा दोहन गरेको कारण पनि आज पृथ्वीमा मानिसको जीवन थप चुनौतीपूर्ण बन्दै गइरहेको छ । औद्योगिक देशहरूले ठूलाठूला उद्योगबाट सृजना गरेका कार्वनले वातावरण विनाश भई मानिसको जीवन थप चुनौतीपूर्ण बन्दै गइरहेको छ ।

हामी यही पृथ्वीमा जन्मियौँ, यही पृथ्वीमा जीवन सङ्घर्ष गरेर शिक्षा, विज्ञान र प्रविधिको सहयोगले आज हामी २१ औँ शताब्दीको आधुनिक युगमा यात्रा गरिरहेको हामीले पाएको सबै सामग्री पृथ्वीको प्राकृतिक स्रोतबाट पाएका छौं । अहिले पृथ्वीमा भएको विकास तथा मानिसले उपभोग गर्ने विभिन्न सामानहरू पृथ्वीको प्राकृतिक स्रोतबाट पाएको सामानहरूको कारणले गर्दा नै भएको हो । त्यसकारण यो पृथ्वीको प्राकृतिक स्रोतको संरक्षण गर्नु उपयोग तथा उपभोग गरेका सामानको वैज्ञानिक तरिकाले पुनः प्रयोग तथा विसर्जन गर्नु पनि मानिसको प्रमुख कर्तव्य हो ।

पृथ्वीको सबैभन्दा चेतनशील प्राणी मानिसले नै पृथ्वीका सम्पूर्ण जीव प्राणी र वनस्पतिलाई नियन्त्रण तथा उपयोग गर्न सक्छ भने पृथ्वीको प्राकृतिक स्रोत, वातावरण, प्रकृति मानिसका लागि आवश्यक सम्पूर्ण जीव, प्राणी र वनस्पतिको संरक्षण गर्नु मानिसको प्रमुख कर्तव्य हो । पृथ्वीको प्राकृतिक साधन र स्रोतको भविष्य तथा सम्पूर्ण जीव, प्राणी वनस्पतिको संरक्षण र यिनीहरूको भविष्य मानिसको हातमा रहेको छ । शिक्षा, विज्ञान र प्रविधिको सहायताले हामी पृथ्वीमा २१ औँ शताब्दीमा यात्रा गरिरहँदा विज्ञान र प्रविधिको सहायताले प्राकृतिक स्रोतको संरक्षण, वातावरणको संरक्षण गरी मानिस र प्रकृतिका लागि आवश्यक जीव, प्राणी र वनस्पतिको वैज्ञानिक किसिमले संरक्षण र उपयोग गर्न सकेमा मात्रै पृथ्वीमा मानिसको जीवनयात्रा दीर्घकालीन रूपमा सहज भई भविष्यका पुस्ताका लागि पृथ्वीमा जीवनयात्रा सहज तथा सफल हुन्छ ।

मानिसले अहिलेको आधुनिक भौतिक युगमा व्यापार-व्यवसाय र नाफाका लागि प्राकृतिक स्रोतको गलत तरिकाले उत्खनन तथा दोहन गरी प्राकृतिक विनाश गर्दै जाने हो भने भोलिका हाम्रा सन्ततिका लागि पृथ्वीमा जीवनयात्रा चुनौतीपूर्ण बन्दै जानेछ । पृथ्वीमा मानिसहरूले प्राकृतिक स्रोतमाथि गलत तरिकाले दोहन तथा उपयोग र वातावरण संरक्षण सबैले उचित किसिमले व्यवस्थापन तथा योगदन नगरेकै कारण तापक्रममा बृद्धिका कारण मानिसको भविष्य पनि पृथ्वीमा चुनौतीपूर्ण बन्दै गइरहेको छ ।

उद्देश्य, योजना र निरन्तरको मिहिनेतले मानिसलाई जीवनयात्रा सफल बनाउँछ । शिक्षा विज्ञान र प्रविधिले अहिले मानिसलाई जीवनयात्रा सञ्चालन गर्न साह्रै सजिलो बनाएको छ । युवा अवस्थामा काम व्यवसाय नगरी सित्तैँमा बसेर खान खोज्नु मानिसको सबैभन्दा ठूलो कमजोरी हो । परिवारमा आफ्ना अभिभावकले गरेका लगानी तथा मार्गनिर्देशनलाई आत्मसात गरी बेला उमेरमा शिक्षाको अवसरको उपयोग गरी आफ्नो क्षमता र रुची अनुसारको काममा लागेर घरपरिवार र समाजलाइ योगदान गर्नु मानिसको प्रमुख कर्तव्य हो ।

विश्वसमाजमा विकास प्रविधिसँगै त्यसको गलत प्रयोग र उपभोगले गर्दा मानिसलाई गलत बाटोमा प्रवेश गराएर मानिसको जीवन बर्बाद पनि भइरहेको छ । सूचना प्रविधिका सामग्रीहरू विशेष गरी कम्प्युटर तथा मोबाइलको प्रयोगबाट गलत बाटोमा लागेर मदिराजन्य पदार्थको सेवन, लागूऔषधिको सेवन, वेश्यालय तथा क्यासिनोको यात्रा, आपराधिक क्रियाकलापमा प्रवेश गरेर आज पृथ्वीमा करोडौँ मानिसको जीवनयात्रा बर्बादी तथा सङ्कटपूर्ण अवस्थामा गुज्रिरहेको छ ।

मानिसको जीवन आज अहिलेसम्मकै मात्र भन्न सकिन्छ, एकछिनपछि जीवन रहन्छ कि रहँदैन, भन्न सकिँदैन । आज म तथा मेरा समकालीन साथीहरू ५० वर्षको जीवनयात्रा गरिरहँदा हामीले प्रायः ९० प्रतिशत समकालीनहरूले आफ्ना प्रियजन, जन्मदाता, कर्मदाता, साक्षत जीवित ईश्वर आमाबुबालाई हामीले गुमाइसकेका छौं । कतिपय हाम्रा समकालीन साथीहरू तथा समाजका मानिसहरूसमेत अल्पायुमा बितिरहेका छन् । मानिसको शरीर खानपानको शैली, विभिन्न घटना तथा दुर्घटनाहरू, उमेर बृद्धि शरीरको रोगप्रतिरोधी क्षमताको कमजोरीका विभिन्न कारणले सामान्यदेखि गम्भीर खालका रोगको कारणले गर्दा मानिसले यो ब्रह्माण्डमा प्रकृतिबाट विदा भएर कुन दिन यही ब्रह्माण्डमा ब्रह्मलीन हुनुपर्ने हो, कसलाई पो थाहा हुन्छ र ? गर्भेटुहुरा, अल्पायुमा मृत्यु, शारीरिक अङ्गहरूको पूर्ण विकास नभएर भएको जन्मले आजीवन अशक्त जीवन बिताउनुपर्ने अवस्था, दैनिक कार्य सञ्चालनका क्रममा हुने घटना तथा दुर्घटनाले अङ्गभङ्ग तथा अकल्पनीय घटना प्राकृतिक प्रकोप तथा अन्य विविध घटना दुर्घटनाले समाजमा मानिसलाई साना सानादेखि अकल्पनीय पीडा दिइरहेको छ ।

शिक्षा, विज्ञान र प्रविधिले आजसम्म जतिसुकै उन्नति, प्रगति र आविष्कार गरे तापनि विज्ञान र वैज्ञानिकहरूले मानिसको जीवन युवा अवस्थामा नै कायम राखेर मृत्युलाई जित्न सकेको छैन । पृथ्वीको सृष्टि संसारमा जन्म, शारीरिक विकास र मृत्यु नै सृष्टिका

शाश्वत सत्यका नियम बनेका छन् । मानिसले आफ्नो युवा अवस्था, निरोगी शरीर सधैं कायम राख्न सक्ने कहिल्यै मर्नुनपर्ने अनि मृत्युलाई जित्न सक्ने हो भने यो पृथ्वीमा धनी मानिसले आफ्नो सामर्थ्यले भ्याएसम्मको रकम खर्च गरेर अजम्मरी भएर मानिसले कति धन थुपार्थ्यो होला, अनि मानिस-मानिसका बीच समाजमा द्वन्द्व कति हुन्थ्यो होला, अनि पृथ्वीमा मानिस कसरी अटाउँथे होलान् ।

मृत्यु ग्यारेन्टी छ भन्ने जान्दाजान्दै त मानिसहरू समाजमा केही मानिसबाहेक समाजमा बहुसङ्ख्यक मानिसहरू सम्पत्ति र प्राकृतिक स्रोतमा झगडा लडाई आपसी द्वन्द्व तथा एक-आपसमा षड्यन्त्र गरिरहेका छन् भने जीवन अजम्मरी हुने हो भने समाजमा मानिसहरूबीच कति ठूलो षड्यन्त्र र द्वन्द्वका घटनहरू के के हुन्थ्यो होला त, यो एकछिनको सामान्य मेरो यथार्थ कल्पना मात्रै हो। मानिसले हिजो तथा आज अहिलेसम्मको अवस्था मात्र किटान गरेर भन्न सक्छ १ सेकेन्डपछिको कतिपय घटना तथा प्राकृतिक प्रकोपको सम्बन्धमा कुनै पनि विषयमा ठोकुवा गर्न सक्दैन । अहिले सँगै भएका मनिस एकै छिनमा हर्ट फेल तथा विविध कारणले ५ मिनेटमै मृत्यु भएका कैयौं मानिस हामीले देखेका छौं ।

यो कलियुगमा जन्मँदै मृत्यु साथमा लिएर आएका थोरै मानिसले मात्र अनुशासन र सामाजिक मर्यादामा रहेर बसेका छन् । बहुसङ्ख्यक मानिसहरू मादक पदार्थ, लागूऔषध तथा आपराधिक क्रियाकलापमा लागेर घरपरिवार र समाजलाई दुःख दिएर आ-आफ्नो देशको प्रचलित कानून अनुसार दण्डसजाय पाइरहेका छन् ।

विकास प्रविधिले संसार खुला भएको समाजमा यस्तोसम्म हुन लाग्यो कि हाम्रो समयमा हामी २१-२२ पुगेपछि आमाबुबाको घरायसी व्यवहारको जिम्मेवारी अब हामी सम्हाल्छौँ भनेर बुबाआमालाई सुख-शान्ति दिने बाटोमा हामी निरन्तर मिहिनेत गरिरहन्थ्यौं । अहिले सम्पूर्ण सुखसुविधा दिएर बढाएका रपढाएका सन्ततिहरू २१-२२ वर्ष पुगेपछि आफ्नो क्षमता र रुचि अनुसारको काममा लागेर घरपरिवार सञ्चालन गर्ने थोरैबाहेक बहुसंख्यक युवा

जनशक्ति विशेष गरी शहरी क्षेत्रमा नानीबाबु बनेर हुर्किएका युवाहरू आमाबुबाको लगानीलाई बालुवामा पानी बनाएर सामान्य कामसमेत गर्न नखोज्ने सित्तैँमा बसेर खान खोज्ने अनि मादक पदार्थ, लागूऔषध सेवन गर्ने तथा आपराधिक क्रियाकलापमा लागेर आ-आफ्नो देशका कानून अनुसार दण्डसजाय भोगिरहेका छन् । कतिपय युवाहरू मादक पदार्थ तथा लागूऔषधको कुलतमा लागेर घरमा राखेर सुधार्न नसकेपछि अहिले यस्तै खालका मानिसलाई राख्न बनाएका शहरी क्षेत्र आसपासका सुधारगृहमा वार्षिक लाखौँ रकम खर्च गरेर उपचार गर्न अभिभावकहरू बाध्य भएका छन् ।

'सन्तान नभए एउटै पीर, हुँदा हजार पीर' भनेजस्तै सृष्टि परम्परामा आफू बाँचिराखेमा जीवनको उत्तरार्द्धमा आमाबुबाको शारीरिक अवस्था कमजोर हुँदा स्याहारसुसार गर्लान् अनि घरव्यवहारको जिम्मा लिएर घरपरिवारमा सुख-शान्ति पाउने आशामा करोडौँ लगानी गरेर हुर्काइ, पढाइ गरेका आमाबुबाको सपना यस्ता पारिवारिक सत्यानाशी कलङ्कले ध्वस्त बनाएका छन् । मानिसको जीवन २ दिनको जीवनयात्रा सत्मार्गमा लागेर आफू असल र सक्षम बनेर घरपरिवार र समाजलाई सकेको कर्तव्य र योगदान पुराउनु नै मानिसको प्रमुख कर्तव्य र धर्म हो । भोलि त मरिहालिन्छ भनेर बेला उमेरमा काम गर्न छोड्नु पनि हुँदैन अनि भएको सबै सम्पत्ति मोजमस्ती गरेर अहिले तुरुन्तै सक्नु पनि भएन ।

जन्मँदै अनिवार्य लिएर आएको मृत्युसँगै त्यो अनिश्चित अन्तिम समयसम्म असल सामाजिक पात्र बनेर मानिसले पृथ्वीमा जीवनयात्रा गरिरहनु मानिसको प्रमुख कर्तव्य हो । मानिसले ५-६ वर्षको उमेरदेखि घरपरिवारको केही विगतका क्रियाकलापको अलिअलि सम्झना गर्दै १०-११ वर्ष उमेरदेखिका केही दैनिकीहरूको अलि धेरै सम्झना गर्दै २१-२२ वर्षपछि परिपक्व उमेरमा आफ्नो जीवनयात्रा अघि बढाउने क्रममा बालक, युवा, प्रौढसम्म जीवनको आयु शरीर रहे तापनि थोरै मानिसको मात्र जीवनमा सुख, शान्ति र सहज मृत्यु भएको हामीले समाजमा देखेका छौँ । २ दिनको

जीवनको अनिश्चित मृत्युको गोलचक्करमा यात्रा गर्दागर्दै कुन दिन आफ्नो अन्तिम दिन हो भने कसैलाई पनि थाहा हुँदैन ।

अनुशासित र विवेकशील मानिसको जीवनयात्रा आफू र आफ्नो शरीर र स्वास्थ्यको संरक्षण गर्दै घरपरिवारको माया, न्यूनतम लोभ र इमानदारी तथा सामाजिक कर्तव्यमा जीवनयात्रामा लाग्नुलाई असल मानिस मान्नुपर्दछ । मानिसको जीवनयात्रा सृष्टिको अमूल्य उपहार पनि हो अनि मानिसको जीवन दुःखको महासागर पनि हो । मानिसको जीवनमा बालक अवस्था, युवा अवस्था, प्रौढ अवस्था, अल्पायु, दीर्घायु, सामान्य घटना, अकल्पनीय दुर्घटना आफ्नो परिश्रमबाट उन्नति, प्रगति, समृद्धि, आफ्नो गलत बानीबेहोरा तथा गलत साथीसङ्गत तथा गलत आफन्तको कारण जीवनमा दुर्गति तथा विपत्ति हरेक खालका परिस्थितिहरू मानिसको जीवनमा सबैलाई आइपर्ने सामाजिक विषयहरू हुन् ।

आफ्ना सन्तान जन्मँदा खुसी भएर सारा सम्पत्ति लगानी गरेर हुर्काउने, बढाउने, पढाउने आमाबुबालाई गुमाउनुपर्दाको पीडा, जीवनमा कहिल्यै छुट्ने छैनौं भनी सँगै बाँच्ने, सँगै मर्ने जीवनका दुःखसुखमा सधैँ साथ दिन्छौँ भनी बाचबन्धनमा बाँधिएका आफ्नो जीवनसाथीलाई गुमाएर एक्लो बस्नुपर्ने बाध्यात्मक पीडा तथा जीवनको बीच बाटोमा जीवनसाथीले एक्लै छोडी विश्वसघात गरी हिँड्ने विश्वासघातीको पीडा सारा सम्पत्ति लगानी गरेर बढाउने, हुर्काउने, पढाउने गरेर सबै सम्पत्ति तिमीहरू हौ भनी लगानी गरेका सन्तानहरूले गरेको प्रगतिमा खुसी, सारा सम्पत्ति लगानी गरेका सन्तानहरू गलत बाटोमा लागेर सम्पत्ति तथा जीवन समाप्त पार्दाको पीडा, अल्पायुमा आफ्ना सन्तान तथा आफन्त गुमाउनुपर्दाको पीडा, जीवनयात्रामा हरेक खालका पीडा र समस्याहरू मानिसले २ दिनको जीवनमा सामना गर्नुपर्दछ ।

सानो बालक, युवा अवस्थामा स्वस्थ र सकुशल शरीर हुँदा यो संसार नै म नियन्त्रणमा राख्न सक्छु भन्ने आँट गर्ने मानिस गम्भीर रोगहरू लाग्दा वा जीवनको उत्तरार्द्धमा शारीरिक रूपमा कमजोर भई अरूको साहरा लिनुपर्ने वाध्यात्मक अवस्थामा मानिसलसे जीवनको

यथार्थता थाहा पाउँछ । पृथ्वीका समाजमा मानिसहरूले सबै मिलेर सामूहिक रूपमा सामाजिक भलाइ हुने कार्य गरेमा मात्र पृथ्वीमा सबैको जीवन सुखी, सम्पन्न र समृद्ध बन्दछ । देश तथा राज्य सञ्चालक असल र इमानदार भएमा मात्र त्यस देशका नागरिकहरूको जीवनस्तरमा पनि परिवर्तन आउँछ ।

आज विश्वका सम्पन्न देशहरू असल, इमान्दर र दूरदर्शी राजनेताको नेतृत्व, प्रभावकारी कानूनको व्यवस्था र मिहिनेती देशवासी नागरिकहरूका कारण सम्पन्न र समृद्ध बनेका छन् । पृथ्वीको जमिनमाथि माटोमा सृष्टि भएको मानिसको २ दिने जीवन पृथ्वीको माटोमा लीन भएर समाप्त हुन्छ । एक्लै खाली हात जन्मिएको मानिसले पृथ्वीमा जतिसुकै धनसम्पत्ति कमाए तापनि पृथ्वीमा २ दिनको जीवनयात्रा पूरा गरेर बिदा हुँदा एक्लै खाली हात बिदा हुनुपर्ने शाश्वत सत्यको बाटो सबैले पालना गर्नुपर्दछ ।

घरपरिवार तथा राज्यबाट पाएको अवसरलाई उचित किसिमले उपयोग गरेर श्रम गर्न सक्ने बेला उमेरमा योजनाबद्ध तरिकाले निरन्तर मिहिनेत गरेर मानिसले जीवनलाई समृद्ध बनाउन सक्छन् । उद्देश्य, योजना तथा निरन्तरको मिहिनेतले मनिसको जीवनलाई सक्षम र समृद्ध बनाउँछ । मिहिनेती र विवेकशील मानिसले घरपरिवार र समाजमा उचित योगदान पुऱ्याउन सक्दछ । आफ्नो ज्ञान, सीप, क्षमता अनुसार प्राप्त गरेको सफलतामा मानिसले सन्तुष्ट हुन सक्नुपर्दछ । त्यसैले त भनिएको छ सन्तोषी सदा सुखी असन्तोषी सदा दुःखी ।

अरबौंको महलमा बसेका अरबौंको व्यापार-व्यवसाय गरेका मानिसले पनि समाजमा सुखी र शान्त जीवन बिताउन सकेका छैनन् । झुपडीमा बसेर सामान्य कृषिकार्य गरेका मानिस सुखी तथा शान्तिपूर्ण तरिकाले जीवनयात्रा चलाइरहेका छन् । हामीले जे पायौं, जे-जस्तो प्रगति, उन्नति गर्न सक्यौ त्यो सबै यही पृथ्वीबाट पाएका हौँ । यही प्रकृतिबाट पाएका सामग्रीहरूबाट आफ्नो मिहिनेत अनुसार गर्न सकेका हौँ । हामीले जे गुमाएका छौँ, यही पृथ्वीबाट पाएको उपलब्धि नै गुमाएका हौँ । मानिस जन्मँदै कसैले टाउकोमा सुनको

श्रीपेच हातमा सुनको थाल, सुनको गाग्री अनि भकारीभरि अन्न, सब्जी, पैसा, सम्पत्ति लिएर जन्मने होइन । सन्तान मिहिनेती, असल तथा सत्मार्गमा लागे जन्मिए भने तिमीले कमाएको धन रहला नत्र सन्तान खराब आचरण र कुलतमा लागे भने आफ्नै आँखाले देख्दादेख्दै बाँचिरहेमा जीवनको उत्तरार्द्धमा सबै सम्पत्ति समाप्त भई जीवन दुःखको यात्रामा सामेल हुन सक्छ ।

त्यसैले २ दिनको जीवनमा 'म खाऊँ मै लाऊँ सुखसयल वा मोज म गरूँ' भन्ने गलत भावनालाई त्यागेर समाजमा सबैले मिलेर बाँच्नुपर्दछ । २ दिनको जीवनमा सम्पत्ति धेरै हुनेले छोराछोरी, सम्पत्ति, स्याहार र सुसारे सबै लिएर स्वर्गमा जाने अनि कमजोर आर्थिक अवस्थाका मानिसले त्यो सुविधा नपाउने होइनन् ।

शरीरबाट आत्माले छोड्न नपाउँदै हिन्दूसंस्कारमा १ मिनेट पनि घरभित्र राख्दैनन् अनि त्यो तपाईंको घर, मोटर, सुन चाँदी, सम्पत्ति सबै बेकाम बनेर अरूले ग्रहण गर्छन् । सन्तान विवेकशील असल इमानदार भएमा त २-३ पुस्ताले तपाईंले कमाएको सम्पत्तिले दैनिक जीविका सञ्चालन गर्लान् नत्र आफ्नै पालामा कन्तबिजोक भएका धेरै मानिसको जीवनयात्रा म आफैँ स्वयंले देखेको छु । २ दिनको जीवनमा मानिसले मिहिनेती अनुशासित तथा सत्मार्गमा लागेर असल सामाजिक मानिस बनेर आफ्नो ज्ञान, सीप, क्षमता अनुसारको काम-व्यवसायमा लागेर जीवनयात्रा सञ्चालन गर्नु मानिसको प्रमुख कर्तव्य हो । कतै दुःख, कतै खुसी, कतै विपत्ति मानिसका जीवनमा परिरहन्छन् ।

यस्तै विभिन्न परिस्थितिहरू मानिसका जीवनयात्रा हुन । पृथ्वीको समाजमा थोरै मानिसलाई मात्र पारिवारिक सुख, शान्ति, प्रौढ आयु मिलेको छ । धेरैलाई हरेक समस्या रोगव्याधि र अकल्पनीय घटना, दुर्घटनाले जीवनभर पीडादायी अवस्थामा बाँच्नुपरेको छ । हामी मानिसले पाएको सबै चीजवस्तु यही पृथ्वीको प्रकृतिबाट पाएका हौँ । अनि हामीले गुमाएको तथा खर्च गरेको आफ्नो सम्पत्ति तथा सामग्री पनि यही पृथ्वीबाट प्राप्त गरेको

सामग्रीबाट नै गुमाएका हौँ । त्यसैले गीता उपदेशमा भनिएको छ – तिमी व्यर्थै किन चिन्ता गर्छौ, तिमीले जे पाएका थियौ यही पृथ्वीबाट पाएका हौ, तिमीले जे गुमाएका छौ यही पृथ्वीबाट पाएकोबाट नै गुमाएका हौ । आज जे तिमीसँग छ त्यो हिजो कसैको थियो भोलि कसैको हुनेछ । परिवर्तन संसारको नियम हो ।

यिनै मर्मस्पर्शी भावलाई जीवनमा सबैले आत्मसात गरी २ दिनको जीवनमा मानिसले सादा जीवन उच्च सामाजिक विचारशैलीमा जीवन बिताउन जान्नु नै असल र सामाजिक मानिसको प्रमुख कर्तव्य हो । मानिसले समाजमा सबैले सुख पाउन्, कोही दुःखी नहोउन् भन्ने सोच्नुपर्दछ । मानिस भाग्यले होइन, कर्मले ठूलो बन्दछ । शरीर ठूलो भएको मानिस ठूलो मानिस होइन, यो त आफ्नो शारीरिक बनावट तथा खानपानमा भर पर्छ । ठूलो बन्ने ठालु प्रवृत्तिको ठूलो मानिस होइन असल र सामाजिक मानिस बनेर समाजमा बाच्न सक्नुपर्दछ । घोच्ने तिखा काँडाभन्दा नरम सुगन्धित फूललाई सबैले मन पराउँछन् उपकारी गुणी व्यक्ति निहुरिन्छ निरन्तर फलेको वृक्षको हाँगो नझुकेको कहाँ छ र भनेर कविशिरोमणि लेखनाथ पौडेलले आफ्नो नैतिक दृष्टान्त कवितामा लेख्नुभएको कविता त्यही मर्मलाई लिएर लेख्नुभएको हो ।

मानिसको जीवन ज्ञान, विवेक, अनुशासन, निरन्तरको मेहनत, कर्तब्य, जिम्मेवारी घरपरिवारको माया र न्यूनतम लोभमा चल्नुपर्छ । भोली एक दिन मरिन्छ भनेर काम नगरी बस्नु पनि हुँदैन अनि सम्पत्ती हुनेले पनि आजै सबै सम्पत्ति खर्च गरेर सक्नु पनि हुँदैन । जन्मदै अदृष्य मृत्यूको मिति साथमा लिएर आएका मानिसले २ दिनको जीवनको गोलचक्करमा कुन दिन यो संसारबाट बिदा हुनु पर्ने हो, कसैलाई पनि थाहा हुँदैन । धन सम्पत्ति दैनिक मानिसको जिविका सञ्चालनका लागि मानिसलाई अति आवश्यक पनि छ । धनसम्पत्तिको अनावश्यक लोभको कारण मानिसले जीवनमा ठूला ठूला घटना तथा  पीडाबाट जीवन सञ्चालन तथा जीवन गुमाउनु पनि परेकोछ । तपाइसंग ठूला ठूला मोटर कार भए पनि अशक्त

भएपछि तपाइलाई त्यो मोटर कारले होइन ह्विल चेयरले दैनिकी चलाउनुपर्ने हुन्छ । तपाईसंग जतिसुकै महँगा घर, कपडा, सुनचाँदी भएपनि बिरामी भएर अशक्त भएपछि अस्पतालमा बस्नु पर्दा अस्पतालको गाउनमा तपाईले आफ्नो शरिर छोप्नु पर्छ । तपाईसंग जतिसुकै सम्पत्ति भएतापनि तपाईको प्राण शरिरबाट उडेपछि त्यो तपाईलाई काम लाग्दैन । छाराछोरी मेहनती, अनुशासीत, विवेकशील, कर्तब्यनिष्ट भएमा तपाईले गरेको दुःखको महत्व बुझेर तपाईको सम्पत्तिको उनीहरूले उचित संरक्षण तथा उपयोग गर्न सक्छन । छोराछोरी गलत संस्कार र अनुसासन हीन भएमा तपाईले दुःख गरेर जोडेको सम्पत्ति १-२ वर्षमा नै समाप्त हुन सक्दछ । मानिस जन्मदा रोयर जन्मन्छ त्यो समयमा उसका आफन्तहरू खुशी हुन्छन, मानिसको शरिरबाट आत्मप्राण उडेपछि पृथ्वी संसारबाट बिदा हुँदा उ शान्त भई उसका आफन्तहरू भावविवहल भई शोकमग्न हुन्छन । मानिस जतिसुकै धनाढ्य तथा गरिब भए पनि मृत्युपश्चात १०/११ मिटर कपडाले बेरेर ७/८ फिटको जमिनमा मानिसको अन्त्येष्टि गरेपछि पृथ्वीको जमिनमाथि सृष्टि भएको मानिसको जीवन पृथ्वीको माटोमा लीन भएर २ दिनको जीवनयात्रा समाप्त हुन्छ ।

वास्तवमा यो विश्व (पृथ्वी – संसार) विशाल नाट्यशालाको नाटकघर हो । हामी मानिसहरू त्यसका पात्र नाटककार हौँ । प्रकृतिका सम्पूर्ण जीव, प्राणी, वनस्पति हाम्रा जीवन निर्वाहका लागि ईश्वरले हामीलाई उपलब्ध गराएका अमूल्य उपहार औजार तथा सामग्रीहरू हुन् । अदृश्य शक्ति ईश्वर हामी सबैको सञ्चालक निर्देशक हुन् । त्यसैले २ दिनको जीवनमा हामी सबै मानिसले घर-समाजमा असल र सामाजिक पात्र बनेर यस पृथ्वीको प्रकृति र प्राकृतिक स्रोतको संरक्षण गरी समाजको सेवा र हितमा बाँच्नु प्रमुख कर्तव्य हो । निरन्तरको मिहिनेत, साधारण जीवनशैली तथा उच्च सामाजिक विचारका साथ बाँच्न सकेमा मात्र मानिसको २ दिनको जिन्दगीको जीवनयात्रा सफल र सार्थक बन्न सक्दछ ।

●

# शिक्षा र विकास

ईश्वरको सुनौलो सृष्टि यो पृथ्वीमा वनस्पति, जीव, प्राणीको विकाससँगै मानिस अनि मानिसको समुदायको बसोबासको विकास हुन थाल्यो । मानिसको समुदायमा बसोबाससँगै बोलीचाली र भाषाको माध्यमबाट मानिसले एक-अर्कामा सरसल्लाह, कामधन्दा व्यवसाय तथा दैनिक क्रियाकलापका कार्यहरू गर्न थाले । पृथ्वीमा ठाउँठाउँमा आ-आफ्ना समुदायहरूमा दैनिक बोलीचालीका अलग-अलग भाषाको विकास हुँदै गयो ।

यसरी बोलीचालीका भाषाहरूमा हजारौँ वर्षपछि बिस्तारै लेखाइका लागि लिपिहरूको विकास भयो । लेखाइका लिपिहरूको माध्यमबाट विस्तारै मानिसहरूले आ-आफ्ना भाषा अनुसारका सामान्य पढाइलेखाइका कार्यहरू पनि सुरु गर्न थाले । पढाइलेखाइसँगै मानिसहरूलाई दैनिक कार्यसञ्चालनमा मानिसलाई थप सजिलो हुँदै गयो । त्यसपछि क्रमशः गुरुकुल शिक्षा हुँदै विद्यालय, विश्वविद्यालय हुँदै आजको विश्व शिक्षा क्षेत्रमा मानिस डिजिटल युगमा पुगिसकेको छ । मानिसको चेतना, विवेक, निरन्तरको सिकाइ, शिक्षा, अध्ययन-अनुसन्धानले नै आज विश्वमा मानिसहरू आधुनिक विकसित युगमा प्रवेश गरेका छन् ।

साइकल, ठेलागाडाबाट सुरु भएको सवारीसाधनको विकास आज बस, रेल, आधुनिक हवाइजहाज, पानीजहाज, रकेटसम्म पुगेको छ । आज मानिसहरू विश्वको एउटा कुनामा बसेर अर्को जुनसुकै ठाउँमा पनि भिडियोसहितको कुराकानी गर्न सक्छन् । हिजो २० औँ, ५० औँ दिन लगाएर हिँडेर यात्रा गर्नुपर्ने ठाउँमा अहिले मानिसहरू २-४ घन्टामा पुग्न सक्छन् । यो सबै मानिसले निरन्तर गरेको मिहिनेत, शिक्षा र प्रविधिको विकासले नै सम्भव भएको हो । हजारौँ किलोको भारबहनका सामानहरू बोक्न सक्ने यातायातका साधनहरू स्वचालित काम गर्ने यन्त्र, मानव, रोबोटहरू लगायतको विकास

आज शिक्षाकै कारणले भएको हो । आज सातसमुद्रपारिका देशदेखि अन्तरिक्षसम्म मानिसहरू हजाइजहाज तथा रकेटमा आवतजावत गर्न सक्ने पनि शिक्षा, विज्ञान-प्रविधिको कारणले गर्दा भएको हो ।

हिजो वर्षातको मौसममा सामान्य खोला तर्न तथा ओल्लोपल्लो गाउँमा आवतजावत गर्नसमेत हिउँदको समय पर्खनुपर्ने तथा ठूला खोला-नदीमा त्यो पनि सम्भव नभएको प्राचीन युगबाट आज मानिस आधुनिक पुल तथा केबलकारको माध्यमबाट सजिलै आवतजावत गर्न सक्ने भएका छन् । ठेलागाडा, साइकल हुँदै आधुनिक बस, रेल, पानीजहाजसम्म अनि हाम्रो प्राचीन गाउँघरको एकखुट्टे लिस्नोदखि आधुनिक लिफ्टको विकास पनि शिक्षा, विज्ञान तथा प्रविधिले सम्भव भएको हो । त्यो पनि मानिसले निरन्तर अनुसन्धान गरेको शिक्षा, विज्ञान-प्रविधिले गर्दा नै सम्भव भएको हो । आज आधुनिक मोटर बाटो, आधुनिक घरहरू, भौतिक संरचना, आधुनिक स्वास्थ्य-उपचार प्रणाली आधुनिक खेतीपाती तथा आधुनिक औद्योगिक विकास पनि शिक्षा, विज्ञान र प्रविधिको अनुसन्धानले गर्दा नै सम्भव भएको हो ।

हामीले आजको आधुनिक विकास-प्रविधिको उपयोग गर्न पाउनुमा हाम्रा पूर्वज तथा अग्रजहरूको धेरै ठूलो दुःख, मिहिनेत, शिक्षा, विज्ञान र प्रविधिले गर्दा नै सम्भव भएको हो । मानिसका लागि शिक्षा ज्ञानको ज्योति हो । शिक्षाको माध्यमबाट अनुसन्धान हुँदै गएपछि भएका विकासले गर्दा नै आज मानिसहरू पृथ्वीमा आधुनिक विकसित युगमा प्रवेश गरेका छन् । सुरुसुरुमा आफ्ना गुरुकहाँ गएर पढ्ने-लेख्ने सिक्ने गुरुकुल शिक्षा आज विद्यालय, विश्वविद्यालयदेखि भिडियो कन्फरेन्ससम्म अध्ययन-अनुसन्धान गर्न पाइन्छ । यो सबै शिक्षाको विकास र अनुसन्धानले गर्दा नै आज मानिसहरू आफ्ना दैनिक क्रियाकलापदेखि ठूलाठूला विकास-निर्माणका कामहरूसमेत सहजै रूपमा गर्न सक्दछन् । मानिसका लागि यी सम्पूर्ण सुविधा शिक्षा, विज्ञान र प्रविधिको विकासले नै सम्भव भएको हो ।

प्राचीन युगमा दैनिक कार्य सञ्चालनमा कष्टकर मानिसको जीवन आज शिक्षाको विकास, अनुसन्धान र प्रविधिले गर्दा नै आज मानिसहरू आधुनिक जीवनशैली उपयोग गर्न पाएका छन् । हिजो

प्राचीन युगदेखि विकास प्रविधिको सहज समय नहुँदासम्म मानिसहरू महिनौं, वर्षौं लगाएर आफ्नै देशमा समेत ओहोरदोहोर गर्नुपर्थ्यो । शिक्षा, विज्ञान र प्रविधिका विकासले गर्दा आज एक घन्टामा २-३ मुरी अन्नहरू कुटानी-पिसानी गर्न सक्ने आधुनिक मेसिनहरू बनेका छन् । हिजो प्राचीन युगमा दिनभर रातभर मानव श्रम लगाएर ओखल, जाँतोको माध्यमबाट मानिसले अन्नहरू उपभोगका लागि कुटानी-पिसानी गर्नुपर्थ्यो । पछि क्रमशः ढिकी, पानीघट्ट, हुँदै आज आधुनिक कुटानी पिसानी मिल सञ्चालनमा रहेका छन् । यो सबै शिक्षा, विज्ञान र प्रविधिको विकासले गर्दा नै सम्भव भएको हो । हिजो घोडा, खच्चड, भेडा, गोरु, राँगाबाट खेतीपाती तथा सामान ढुवानी र यातायातको साधन प्रयोग गर्ने मान्छे आज आधुनिक यातायातको साधनबाट खेतीपाती तथा सवारीमा आवातजावत गर्न सक्छन् । यो सबै शिक्षा र प्रविधिको विकासले गर्दा नै भएको हो ।

हिजो प्राचीन मध्ययुगमा दैनिक उपभोगका तथा प्रयोगका सामग्रीहरू मानिसले डोको-नाम्लोको सहायताले महिनौं लगाएर ओसारपसार गर्थे । आज साइज र भारबहन क्षमता अनुसारका सवारी साधनले सजिलै ओसारपसार गरिदिन्छ । मानिसले मेशिनको सहायताले हजारौं किलोका सामान पनि सजिलै उचाल्ने सार्ने तथा ओसार पसार ढुवानी गर्न सक्छन् । सल्लोको दियालो, तेल तथा पशुपक्षीको बोसोबाट बत्ती बालेर राति उज्यालोको सहायता लिनुपर्ने मानिसहरू आज आधुनिक बिजुली बत्तीबाट घरबाटो उज्यालो बनाइ रहेका छन् । कृषिमा नयाँ-नयाँ प्रविधि, स्वास्थ्यमा नयाँ-नयाँ प्रविधि, उद्योगमा नयाँ-नयाँ प्रविधिको कारणले गर्दा आज मानिसलाई दैनिक कार्यसञ्चालन गर्न अत्यन्तै सजिलो भएको छ । यो सबै शिक्षा, विज्ञान र प्रविधिको विकासले गर्दा नै सम्भव भएको हो ।

●

# विनाशकारी भूकम्प वि. सं. २०७२

पर्वतीय शृङ्खलामा अवस्थित नेपाल देश भूकम्पको उच्च जोखिममा रहेको देश हो । नेपालमा इतिहासमा अभिलेख पाइए अनुसार परापूर्वकालदेखि नै बेलाबेलामा साना-ठूला भूकम्पहरू आइरहेका छन् । इतिहासको अभिलेख अनुसार मल्लकालमा पनि वि. सं. १३१० मा भक्तपुरका मल्ल राजा अभय मल्लको भूकम्पबाट घर भत्किएर मृत्यु भएको जानकारी पाइन्छ । राजा रणबहादुर शाहको पालमा पनि ठूलो भूकम्प आएको इतिहासबाट थाहा पाइन्छ । वि. सं. १९९० साल माघ २ गतेको भूकम्पबाट तत्कालीन राणाशासन कालमा पुरानो प्राचीन काठमाडौँ शहरमा ठूलो क्षति भएको कुरा इतिहासमा उल्लेख गरिएको छ । अझै पनि कतिपय त्यस समयका प्रत्यक्षदर्शी नागरिकहरूले त्यस समयको भूकम्पका बारेमा जानकारी दिन सक्नुहुन्छ ।

शताब्दी पुरुष सत्यमोहन जोशीले साक्षात्कार कार्यक्रममा वि. सं. १९९० साल माघ २ गतेको भूकम्पका बारेमा आफ्नो पुस्तक तथा अन्तर्क्रिया कार्यक्रममा बताउनुभएको छ । म आफैँ १५ वर्षको दौडानको समयमा वि. सं. २०४५ साल भदौ ५ गतेको भूकम्पमा आफ्नो गृह जिल्ला काभ्रेपलाञ्चोकको धुसेनी शिवालय – ३ को त्यस समयमा हजुरबुबाले बनाउनुभएको प्राचीन ढुङ्गामाटोले निर्माण गरिएको कच्ची घरमा बिहान सुतिरहेको अवस्थामा बिहानको ४:४५ बजे भूकम्प आएको र आमाले हारगुहार गरी बोलाउन थाल्नुभएको तर हामी बाल्यावस्थाको मीठो निद्रा तथा भूकम्प चेतनाको कमीले गर्दा तथा विषयवस्तुको गाम्भीर्य बुझ्ने र अहिलेको जस्तो सञ्चार-प्रविधिको सचेतनाको अभावले गर्दा सुति नै रह्यौँ । धन्न ५ रेक्टरको भूकम्प छोटो समय मात्र आएकाले तथा घरको कुनै भौतिक क्षति नभएको कारणले गर्दा हामी सपरिवार सकुशल बाँच्न सफल भएकाले मैले पृथ्वी, प्राकृतिक स्रोत, मानिस र समाजका सम्बन्धमा

जानेबुझेका कुरा तथा जीवन दर्शनका बारेमा लेख्न मलाई ईश्वरले साथ दिनुभयो । वि. सं. २०७२ वैशाखको जस्तो ७.८ रेक्टरको ५६ सेकेन्ड चलेको भूकम्प त्यस समय आएको भए सायद हाम्रो घरपरिवारको अवस्था नारायणहरि शरणम् पनि हुन सक्थ्यो ।

वि. सं. २०७२ साल वैशाख १२ गते शनिबार रेडियो नेपालको बिहान १० बजेको समाचारपछि रेडियो नेपालबाट पूर्ण थापाको सञ्चालनमा रेडियो नेपालबाट त्यस समयको लोकप्रिय कार्यक्रम **'सम्झनामा मेरो देश'** शुरु भयो । त्यस दिनको कार्यक्रम सम्झनामा मेरो देशमा एक समय नेपाली फिल्म जगतका चर्चित कलाकार सरोज खनालको अन्तर्वार्ता प्रसारण भयो । सरोज खनाल करिब करिब २०-२२ वर्ष अमेरिका बसाइपछि आफ्नै जन्मभूमि (मातृभूमि) नेपालमा नै बस्ने र नेपाल र नेपाली समाजका लागि केही गर्ने आकाङ्क्षाका कुराहरू त्यस कार्यक्रममा भन्नुभएको थियो । बिहान ११ बजे रेडियो नेपालबाट राष्ट्रिय समाचार प्रसारण भयो । बिहान ११ बजेको समाचारपछि त्यस समयको अर्को लोकप्रिय कार्यक्रम **'जीवनयात्रा'** कार्यक्रम सञ्चालिका उषा लोहनीबाट शुरु भयो । त्यस दिनको जीवनयात्रा कार्यक्रममा मेरो गृह जिल्ला काभ्रेपलाञ्चोकको कानपुर तिमालमा जन्मनुभएका नेपालको प्रशासन क्षेत्रमा अनुभवी, शालीन, स्वच्छ छविका आदरणीय व्यक्तित्व पूर्वगृहसचिव तथा त्यस समयका नेपालको लोकसेवा आयोगका अध्यक्ष उमेश मैनालीसँगको जीवन र अनुभव सम्बन्धि अन्तर्वार्ता प्रसारण भएको थियो । त्यस समयको लोकप्रिय कार्यक्रम सम्झनामा मेरो देश र जीवनयात्रा कार्यक्रम म प्रायः सधैँ सुन्ने गर्दथेँ । कार्यव्यस्तताको कारणबाहेक ती कार्यक्रमहरू सुन्नका लागि म कहिल्यै पनि छुटाउँदैनथे । मेरा लागि यी दुई कार्यक्रमहरू साह्रै मनपर्ने कार्यक्रममा पर्दछन् । अहिले पनि म समय अनुकुल भएसम्म यी कार्यक्रमहरू सुन्ने गर्दछु ।

रेडियो नेपालबाट उमेश मैनालीको कार्यक्रम सकिनै लाग्दा म आफ्नो घर पेप्सिकोला काठमाडौमा घरको दोस्रो तल्लामा सोफामा उत्तरतिर फर्केर आराम गरी बसिरहेको थिएँ । त्यस समय बिहानको ११:५६ बजे एकाएक घर हल्लिएको कम्पन भएको सङ्केत शुरु भयो ।

एक पछि अर्को सेकेन्ड समय थप हुँदै जाँदा भूकम्पको कम्पन बढ्दै गयो । पल्लो कोठामा बस्नुभएकी मेरी आमा तथा दुई छोरा राम, लक्ष्मण तथा श्रीमती गीतासमेत भूकम्प आयो भनेर म बसेका कोठामा जम्मा भए । भूकम्पको कम्पनको समय थपिदै गएपछि टोल छिमेक सबैतिर हल्लाखल्ला तथा मानिसहरू घर बाहिर निस्केर सबैजना भूकम्प आयो भनेर कराउन तथा हल्ला गर्न थाले । करिब १ मिनेटसम्म चलेको भूकम्पको धक्काले नेपालको पूर्वी जिल्ला ओखलढुंङ्गा, दोलखा, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, रामेछाप, सिन्धुली, काठमाडौ, भक्तपुर, ललितपुर, रसुवा, नुवाकोट, धादिङ, चितवन, मकवानपुर, गोरखा, स्याङजा, लम्जुङ, तनाहुसम्म ठूलो धक्का दियो । राष्ट्रिय भूकम्प मापन केन्द्रको रेकर्ड अनुसार करिब ७.८ रेक्टरको भूकम्पको त्यस दिनको भूकम्पको केन्द्रबिन्दु गोरखा जिल्लाको बारपाक भएको घोषणा गरियो ।

७.८ रेक्टरको ठूलो भूकम्प आएको कारणले गर्दा ठूलो कम्पनले गर्दा मानिसहरू घरको पहिलो तल्लाभन्दा माथि बसेका मानिसहरू आफ्नो घर अगाडि खुल्ला ठाउँमा जान पनि सहजै हिँड्न सक्ने अवस्थामा थिएनन । ठूलो भूकम्पको धक्का तथा कम्पन चलिरहेको समयमा पूरा जमिन तथा घरहरू हल्लिने भएकाले घरबाट तल तथा बाहिर निस्कन पनि सहज रूपमा हिँड्न सक्ने अवस्था हुँदो रहेनछ । सम्म तथा खुल्ला जमिनमा समेत हिँड्दा ठूलो भकम्पको समयमा हिँड्नु भनेको तिब्र गतिमा गुडिरहेको बसको छतमा उभिएर हिँड्नुसरह हुँदो रहेछ । घना बस्ती भएका तथा खुल्ला सुरक्षित एरिया नभएका शहरमा वास्तवमा पक्की र बलिया घरहरू हुनेहरूले आ-आफ्नै घरको बाटोको प्यासेजमा बस्नु नै साह्रै उपयोगी हुने मेरो अनुभवले सबैलाई सन्देश दिन चाहन्छु ।

कच्ची घर तथा संरचना हुनेहरू र आफ्नो घर अगाडि तथा सँगै पर्याप्त सुरक्षित खुल्ला ठाउँ भएमा मात्र नत्र साँगुरा बाटा अनि साँगुरा खुल्ला ठाउँमा जीवन जोगाउन हतार हतारमा भाग्दै गर्दा मरेको कतिपय मानिसहरूसमेत तिनै कच्ची र साँगुरा संरचना क्षति भएर जीवन समाप्त भएको हामीले वि..सं. २०७२ बैशाख महिनामा

बैशाख १२-१३ र बैशाख २९ गते आएको भूकम्पको क्षति र परिणामबाट थाहा पायौँ ।

भूकम्प रोकिएको २-३ मिनेटपछि हामीले घरमा सबै कोठामा ताल्चा लगाएर घरको बिजुली बत्तीको मुख्य मिटरको लाइन अफ गरेर बाहिर निस्कियौँ । आमा, म, श्रीमती तथा छोराहरूका साथमा मेरो घरमा भाडामा बस्नुहुने अन्य मित्रहरू तथा ओल्लोपल्लो घरका केही छिमेकीका साथ आफ्नो आफ्नो मोबाइल फोन साथमा लिएर मेरो घर नजिकैको पेप्सिकोलाको ठूलो फुटबल चौर खेलमैदानमा गएर जम्मा भयौँ । अकल्पनीय भूकम्पको कारणले सबै जना जिल्लादेखि केन्द्रसम्म त्रसित भएका थिए । अकल्पनीय भूकम्पले गर्दा सबै जना आफन्तसँग फोन तथा मोबाइल सम्पर्क गर्न थाले । फोन तथा मोबाइलको व्यस्त चापले गर्दा नेटवर्क व्यस्त भएर ल्यान्ड लाइन फोन अलिअलि सम्पर्क भए तापनि मोबाइल फोनले खासै काम गर्न सकेन । करीब १ घन्टापछि मोबाइल फोन अलिअलि नेटवर्क सहज भएपछि आफन्तसँग सम्पर्क गरी आफ्ना अवस्थाको बारेमा खबरहरू जानकारी गराउन थालियो । त्यसपछि देशका विभिन्न भाग तथा विदेशमा रहेका आफन्तहरूको पनि सम्पर्क र जानकारी बेलुकासम्म चलिरह्यो ।

दिउँसो १:३० बजेपछि रेडियो तथा अनलाइनबाट काठमाडौ भक्तपुर, ललितपुरलगायत भूकम्प प्रभावित जिल्लाहरूको समाचार तथा क्षतिका विवरणहरू सार्वजनिक हुन थाले । दिउँसो १:४५ बजे रेडियो नेपालको समाचारमा काठमाडौको सुन्धारा पूर्ण रूपमा ढलेर क्षति भएको तथा देशका विभिन्न भागमा भएका भूकम्पको क्षति तथा घटनाहरू थप सार्वजनिक हुन थाले । त्यस दिनको भूकम्पको प्रमुख केन्द्रबिन्दु गोरखा जिल्लाको बारपाक भन्ने ठाउँमा धेरै ठूलो आर्थिक क्षति भयो । काठमाडौ उपत्यकाका प्राचीन दरबार तथा मन्दिरहरू पनि पूर्ण रूपमा क्षतिग्रस्त भएका थिए । काठमाडौ उपत्यकाको दाँजोमा मध्य पहाडी तथा उच्च पहाडी क्षेत्रमा भौगलिक तथा परम्परागत कच्ची भौतिक संरचना बढी भएका कारणले धेरैको घर गोठ पूर्ण रूपमा क्षति भए । पशुपक्षी तथा अरबौको आर्थिक क्षति

हुन गयो । दिउँसोको समय, शनिबारको दिन स्कूलहरू सार्वजनिक बिदाको दिन भएकाले धेरै विद्यार्थी तथा नागरिकहरू दिउँसोको सहज समयको कारणले गर्दा भूकम्प प्राभावित क्षेत्रमा मानवीय क्षति १ प्रतिशतभन्दा माथि हुन पाएन ।

वर्तमान विकसित आधुनिक समयमा पनि विश्वभर धेरै मानिसहरू गाउँले जीवनको खेतीपातीभन्दा पनि सामान्य कामको शहरी परिवेशको जीवनमा बाँच्न खोज्ने चाहना बढिरहेको छ । यो प्रवृति झन् गरीब तथा विकोसोन्मुख देशमा झनै बढी रहेको छ । गरीब तथा विकोसोन्मुख कमजोर राष्ट्रिय आयस्तर भएका देश तथा अस्तव्यस्त भद्रगोल शहरीकरण भएका देशमा यस्ता विभिन्न प्राकृतिक विपत्तिमा मानवीय सुरक्षाको जोखिम अत्यधिक बढी हुन्छ । अस्तव्यस्त तथा भद्रगोल शहरी संरचना भएका देशहरूमा यस्ता ठूलाठूला प्राकृतिक विपत्ति तथा घटनामा मानिसहरूलाई उचित किसिमले व्यवस्थापन गर्न साह्रै गारो हुन्छ । त्यसैले भोलिको यस्ता प्राकृतिक विपत्ति तथा विभिन्न घटनाहरूबाट बच्न राज्यले सुरक्षित मापदण्दका भौतिक संरचना तयार गर्ने नीति-नियम ल्याएर कडाइका साथ कार्यान्वयन गर्ने र नागरिकहरूले इमानदारी तथा अनुशासित तरिकाले पालना गर्नु नै त्यस्ता अकल्पनीय प्राकृतिक विपत्ति तथा घटनाबाट हुने क्षतिलाई ९५% रोकथाम गर्न सकिन्छ ।

भूकम्प आफैँले ठूलो मानवीय तथा आर्थिक क्षति पुऱ्याउदैन, वास्तवमा ९५% मानवीय तथा आर्थिक क्षति भनेको मानिसले निर्माण गरेको कमजोर तथा कच्ची भौतिक संरचनाहरू घर गोठ, आवास क्षेत्र तथा मठमन्दिरका कारणले हुने गर्दछ । भूकम्पीय दृष्टिकोणले अति जोखिममय सूचीमा रहेका पर्वतीय शृङ्खला भएका देशहरूमा भूकम्पको भारबहन गर्न सक्ने क्षमताका साना र बलिया घरहरू तथा भौतिक संरचना निर्माण गरी आर्थिक तथा भौतिक संरचनाको सुरक्षा गर्नका लागि अहिलेसम्म विश्वमा भएका भूकम्पको क्षतिको इतिहासबाट पाठ सिकेर राज्य सरकारले भूकम्पीय मापदण्द अनुसारका भौतिक निर्माणका संरचनाहरू मात्र निर्माण गर्न दिने नीति नियमको कडाइका साथ कार्यन्वयन गराउन सकेमा मात्र

भविष्यमा समेत भूकम्पबाट हुने यस्ता अकल्पनीय घटनाको क्षतिलाई ९५% रोकथाम गर्न सकिन्छ ।

भौतिक संरचना निर्माणमा भूकम्पीय जोखिमको अवस्थालाई पूर्णरूपमा ख्याल नगरी लापरवाही तरिकाले निर्माण गरिएका भवन तथा भौतिक संरचनाले अरबौंको आर्थिक क्षति तथा मानवीय जीवनका क्षतिका साथै आजीवन अरूको सहारामा मानिसले बाँच्नुपर्ने अवस्था यसभन्दा अगाडि पनि आइरहेको र भविष्यमा पनि आउन सक्छ । रोग लाग्नुभन्दा अघि पर्याप्त सरसफाइ तथा स्वास्थ्यको मापदण्द अपनाए ९५% रोग व्याधि नियन्त्रण गर्न सकिएजस्तै भूकम्पीय जोखिमको अवस्थालाई ध्यानमा राखेर भूकम्पीय जोखिम भएका देशमा भूकम्पीय जोखिम मापदण्दले थेग्ने खालका भौतिक संरचना निर्माण गरेर ९५% मानवीय तथा आर्थिक क्षतिलाई रोक्न सकिन्छ ।

गरीब तथा अल्पविकसित र विकोसोन्मुख देशहरूमा नागरिकहरूको कमजोर आयस्तरका कारण पनि ग्रामीण क्षेत्रमा कमजोर भौतिक संरचना निर्माण हुने गरेको कारणले गर्दा तथा शहरी क्षेत्रमा घर भाडा लिएर जीवन निर्वाह गर्ने प्रमुख कारणल गर्दा कमजोर जग तथा बनावटका घरहरू समेत ९-१० तल्लासम्मको निर्माण गर्ने प्रतिस्पर्धाको कारणले गर्दा भूकम्पबाट हुने आर्थिक, भौतिक तथा मानवीय क्षतिको जोखिम अझै पनि नेपालमा ९९% कायमै छ ।

वि. सं. २०७२ वैशाखको बिनासकारी ३ पटकको भूकम्पमा त्यस समयमा घर पूर्ण रूपमा क्षति भएका तथा सामान्य क्षतिदेखि जीवन बचाउनका लागि करोडौं रकम लगानी गरेर बानाएका घर छोडेर भूकम्पको त्रासको कारणले त्रिपाल जस्ताको टहरोमा जीवन बिताएका कैयौं नेपालीहरूको दयनीय अवस्था देखेका धेरै शहरबासी नेपालीहरूले आज पनि नेपालका शहरी क्षेत्रमा ९-१० तल्ले घरहरू निर्माण गरिरहेका छन् । आफ्नो सारा सम्पत्ती लगानी गरेर जीवनभरिको श्रमको कमाइ बचत गरेर लगानी गरेर गाउँ शहरमा बनाएका आवासीय तथा व्यापारिक भवनहरू निर्माण गर्दा भूकम्प

तथा प्राकृतिक प्रकोपको सुरक्षा प्रविधिको मापदण्डलाई राम्रोसँग पालना नगर्दा धेरै मानिसले पृथ्वीको समाजमा सारा सम्पत्ति समाप्त भई जीवनमा धेरै ठूलो बिपत्ति तथा दुःखमा परेको हामीले देखेका छौँ । आकाशको राहु पातालको केतु आफूलाई सङ्कट नपरी कसरी चेतुँ भन्ने उखानलाई पनि चुनौती दिने धेरै सङ्कटबाट उम्किएकाले पनि फेरि किन नचेतु भन्ने उखानलाई टेवा तथा चुनौती दिने खालका परम्पराको अन्त्य गर्नका लागि राज्यको भूमिका अत्यन्तै महत्त्वपूर्ण हुन्छ ।

नागरिकहरूले राज्यबाट निर्देशित नीतिनियमको इमान्दारीताका साथ पालना गर्नु प्रमुख कर्तव्य पनि हो । नेपालमा कमजोर संरचना तथा सुरक्षा मापदण्ड र बिना स्वीकृत बनाएका घरहरूलाई समेत सरकारले २००% थप जरिवाना लिएर नक्सा पास तथा घर निर्माण सम्पन्न प्रमाणपत्र दिने राज्यको खुकुलो नीति नियमको फाइदा उठाएर नेपालका प्रमुख शहरमा घर भाडा आउने ठाउँमा व्यक्तिगत घर तथा टावर बनाउने काम अझै पनि रोकिएको छैन ।

वि. सं. २०७२ साल वैशाख १२ गते बिहान ११:५६ बजे गएको ७.८ रेक्टरको भूकम्पपछि वि. सं. २०७२ वैशाख १३ गते दिउँसो १२:५० पनि ६.८ रेक्टरको भूकम्प गयो । सिन्धुपाल्चोक जिल्ला केन्द्रबिन्दु भएको यस भूकम्पले अघिल्लो दिन हल्लिएर कमजोर भएका धेरैजसो कच्ची घरहरू तथा कमजोर तरिकाले बनाएका केही पक्की घरहरूसमेत क्षतिग्रस्त भए थप आर्थिक तथा भौतिक क्षति भयो । शाक्तिशाली भूकम्प गएको वैशाख १२ गते तथा १३ गतेको भूकम्पपछि एकै दिनमा ३ रेक्टरदेखि ५ रेक्टरसम्मको ४५-५० पटकसम्मको छोटो समयका (५-१० सेकेन्डका) परकम्पनहरू पनि आइनै रहे । यस्ता पराकम्पनहरूले पनि मानिसका जनजीवनहरू थप भयभित भएका थिए ।

यसरी पराकम्पनहरू आउने क्रम चलिरहेको समयमा मानिसहरू शक्तिशाली भूकम्प आएको वैशाख १२ गतेपछि करीब १ हप्तासम्म त पक्की सिमेन्ट (आरसिसी) ढलान घरमा समेत बस्न डराएर बसेका थिए । यसरी पराकम्पनहरू आउने क्रम चल्दै जाँदा

जनजीवन थप सामान्य हुँदै गरहेको समयमा वि. सं. २०७२ साल वैशाख २९ गते दिउँसो १:०५ बजेको समयमा पुनः ६.८ रेक्टरको भूकम्प फेरि आएर जनजीवन थप आतंङ्कित तथा दोलखा तथा सिन्धुपाल्चोक जिल्लामा थप आर्थिक तथा मानवीय क्षति बढी मात्रामा भएको थियो । अन्य केही जिल्लामा पनि थप भैतिक तथा मानवीय क्षति भएको थियो । वि.स. २०७२ साल वैशाखमा गएको ३ वटा ठूला भूकम्पले नेपालका गोरखा, धादिङ, काठमाडौ, भक्तपुर, ललितपुर, नुवाकोट, रसुवा, काभ्रेपलान्चोक, सिन्धुपाल्चोक, दोलखा, रामेछाप, सिन्धुली, ओखलढुङ्गा, मकवानपुर लगायतको जिल्लामध्ये गोरखा, धादिङ, नुवाकोट, रसुवा, काठमाडौ, भक्तपुर, ललितपुर, काभ्रपलान्चोक, सिन्धुपाल्चोक, दोलखा र रामेछाप जिल्लामा बढी मात्रामा क्षति भएको थियो ।

वैशाख १२ गतेको भूकम्पको केन्द्रबिन्दु गोरखाको बारपाक थियो भने वैशाख १३ गतेको भूकम्पको केन्द्रबिन्दु सिन्धुपाल्चोक र वैशाख २९ गतेको भूकम्पको केन्द्रबिन्दु दोलखा जिल्ला भएको राष्ट्रिय भूकम्प मापन केन्द्रले जनाएको थियो । भूकम्पको केन्द्रबिन्दु भएका प्रमुख जिल्ला तथा छिमेकी जिल्ला र काठमाडौँ उपत्यकामा भूकम्पले आर्थिक तथा मानवीय क्षति बढी मात्रामा गराएको थियो ।

चट्याङ, हिमपात, बाढीपहिरो, आँधी तथा ज्वालामुखी विस्फोटन सम्बन्धि घटना तथा प्रकोपको विज्ञान-प्रविधिको अध्ययनले पूर्व सङ्केत तथा सचेतनाले ९५% घटना नियन्त्रण तथा सुरक्षका प्रविधि अवलम्बन गर्न सकिन्छ । भूकम्पको भने विज्ञान प्रविधिले पूर्व सङ्केत आजसम्म गर्न सक्ने प्रविधि विकास गर्न सकेको छैन । पर्वतीय शृखला भएका तथा उच्च पहाडी धरातल भएका अन्य केही देशहरूमा यसभन्दा अघिको भूकम्प गएको तथा भएको क्षतिको आधारमा भूगर्भविद तथा खगोलविद्हरूले खतराको सूचीमा राखेका छन् । नेपाल पनि भूकम्पको हिसाबले अत्यन्त जोखिम देशको सूचीमा पर्दछ । काठमाडौ उपत्यकाको ३ जिल्लामा पुराना भौतिक संरचना भएका जिल्लाको घना बस्ती भएका सदरमुकाम पनि भूकम्पीय जोखिमको उच्च खतराको अवस्थामा रहेको छ ।

भूकम्प आफैँले मानवीय तथा आर्थिक क्षति गराउदैन । मानिसले बनाएका कमजोर तथा भद्रगोल अस्तव्यस्त भौतिक संरचनाको कारणले ९५% क्षति भूकम्पमा हुने गर्दछ । व्यवस्थित गाउँ तथा शहर खुल्ला पर्याप्त स्थानहरू भूकम्पले थेग्न सक्ने बलिया तथा सुरक्षित साना तथा मझौला १, २ तल्लेदेखि ४, ५ तल्लासम्मको भवनहरू मात्र निर्माण गर्ने हो भने ९५% भूकम्पबाट हुने सम्पूर्ण क्षतिलाई रोकथाम गर्न सकिन्छ । नेपालमा २०७२ सालको भूकम्पपछि सरकारले घर निर्माण नीति नियम निर्देशन लागु गरेर नेपालका ग्रामीण क्षेत्रमा पनि साना एक, डेढ तल्लाका बलिया घरहरू बनाउन सरकारले प्रति घर ३ लाखको दरले राज्यले निःशुल्क (अनुदान) रकम उपलब्ध गराएको थियो । यसै गरी शहरी क्षेत्रमा पनि प्रतिघर ३ लाख रकम उपलब्ध गराएको थियो । सरकारले शहरी तथा ग्रामीण क्षेत्रमा सहुलियतमा थप रकम जमीनको मूल्य र ठाउँको आधारमा सहुलियत ब्याजमा थप रकम दिने पनि व्यवस्था गरेको थियो । यसरी नयाँ भवन निर्देशिका अनुसार बनेका घरहरू पहिले निर्माण गरेका घरहरूभन्दा थप बलिया बनेका छन् ।

भूकम्पपछि पनि घना बस्ती भएका शहर र सदरमुकाममा घर भाडा लिएर जीवन निर्वाह गर्ने पद्धतिका कारणले अझै पहिले बनेका घरमा तल्ला थप गर्ने तथा कमजोर निर्माण कार्य अझै पनि रोकिन सकेको छैन । यस्ता कमजोर भौतिक निर्माण कार्य सम्पन्न भएका घरहरूमा समेत राज्यले २००% थप जरिवाना शुल्क लिएर घर निर्माण सम्पन्न प्रमाणपत्र दिने व्यवस्थाको कारणले गर्दा पनि भौतिक निर्माणका कार्यमा यो विकृति नियन्त्रण हुन सकेको छैन । हिजो भूकम्पको बिपत्तिमा भएका मानवीय तथा भौतिक क्षतिलाई दृष्टिगत गरी भविष्यमा हुने यस्ता विपत्ति नियन्त्रण गर्न राज्य सरकारले कडा नियम-कानूनको व्यवस्था गरेर तथा नागरिकहरूले अनुशासित तरिकाले नियम पालना गरेमा मात्र भूकम्पबाट हुने मानवीय तथा आर्थिक भौतिक क्षतिलाई ९५% नियन्त्रण गर्न सकिन्छ ।

●

# कोरोना भाइरस (कोभिड - १९)

**मान्छेदेखि मान्छे नै टाढा हुनुपर्ने कस्तो बेला आयो ।**
**पृथ्वीमा कोरोनाले धनी गरीब सम्पूर्णको सातोपुत्लो खायो ॥**

कोभिड रोगको महामारी २०७६ : चीनको वुहान प्रान्तमा इस्वी सम्वत २०१९ डिसेम्बर अन्तिममा देखापरेका एक नयाँ रुघा, खोकी ज्वरो तथा श्वासप्रश्वास सम्बन्धी अत्यन्तै खतरा सरुवा घातक रोगको नाम विश्व स्वास्थ्य सङ्गठनले Covid Virus 19 को नाम दियो । मानब जीवनको शुरुआत तथा प्राचीन कालीन मध्यकालीन समय पार गर्दै वर्तमान २१ औँ शताब्दीसम्म आइपुग्दा पृथ्वीमा बेला बेलामा नयाँनयाँ खालका घातक रोगहरूसँग मानिसले सामना गर्दै आएका छन् । शिक्षा विज्ञान प्रविधिको विकाससँगै मेडिकल विज्ञानमा भएको प्रविधिको विकास र अनुसन्धानले कतिपय रोग निर्मूल पार्न मेडिकल डक्टर, वैज्ञानिकहरू सफल भएका छन् भने कतिपय रोगको औषधि मानिसले जीवनभर खाइराख्नुपर्ने अवस्था पनि सृजना भएको छ । कतिपय रोगहरूको उपचार गरेर पनि मानिसलाई २-४ वर्षदेखि १०-२० वर्षसम्म बचाउन सकिएको छ भने कतिपय रोगको उपचार निदान हुन नसकेर तथा कतिपय रोगको उपचारको क्रममा नै मानिसको मृत्यु भएको छ ।

खास गरी पृथ्वीको मानिसको समाजमा रोगहरू धेरै प्रकारका भए तापनि २ प्रकारमा वर्गिकरण गरिएको छ (१) सर्ने सरुवा रोग (२) नसर्ने रोग । सरुवा रोगहरू सामान्यदेखि अत्यन्तै घातकसम्मका हुन्छन् भने नसर्ने रोगहरू चाँहि व्यक्तिगत रूपमा व्यक्तिलाई सामान्यदेखि अत्यन्त दुःख कष्ट तथा ठूलाठूला धनराशीसम्म खर्च गर्नुपर्ने सम्मका हुन्छन् । मुटुको रोग, दमको रोग, पेटको रोगजस्ता विभिन्न नसर्ने रोगहरूको उपचार तथा रोकथाम मेडिकल विज्ञान तथा आयुर्वेद प्रविधिबाट हुँदै आएको छ । मानव समाज र समुदायको विकाससँगै औलो, कालाजार, विफर, दादुरा, रुघा खोकी,

ज्वरोलगायतका कैयौँ रोगको उपचार सम्भव भए तापनि बेलाबेलामा नयाँ नयाँ रोगहरूले मानिसको समुदाय पृथ्वीमा चुनौती दिइरहेका छन् । सार्स, प्लेग, बर्डफ्लू, स्वाइन फ्लू, डेंगु, क्यानसर, टिवीलगायतका रोगहरूले पनि मानिसलाई दुःख चुनौती, धन तथा जनको समेत ठूलो क्षति हुने गरेको छ ।

विश्व मानव समूदायमा खास गरी सरुवा संक्रमित रोगले मानिसलाई बेलाबेलामा ठूलाठूलो चुनौतिहरू दिइरहेका छन् । कतिपय रोगहरूको मेडिकल विज्ञानले औषधि उपचार सम्भव तथा निर्मूल गराइसक्यो भने कतिपय रोगको आजीवन औषधि खानुपर्ने तथा कतिपय रोग सावधानीबाट बच्नुपर्ने र कतिपय नयाँ नयाँ रोगको औषधि मेडिकल विज्ञानले पत्ता लगाउनसमेत गाह्रो परिरहेको छ ।

मानिसको जीवन अमूल्य छ तर मृत्यु पनि निश्चित छ । उमेर पुगेर शरिर कमजोर भएर कमसेकम ७० वर्ष पार गरेपछि भएको मृत्युलाई मानिसले सहज रूपमा लिन्छन् । पृथ्वीको सृष्टि संसारमा वास्तवमा जीवन अमूल्य पनि हो अनि जीवन दुःखको महासागर पनि हो । मानिसलाई जीवनमा सामान्यदेखि जटिल खालका विभिन्न रोगहरू लाग्दछन् । कतिपय रोगहरू मानिसमा शारिरीक तथा मांसपेशीमा उत्पादन हुने तत्वको घटीबढीले हुने गर्दछ भने कतिपय रोगहरू सरसफाइको कमी तथा कुपोषणका कारणले पनि लाग्ने गर्दछ । धेरै रोगहरूको सरसफाइमा उचित ध्यान दिएर तथा खानपानमा उचित ध्यान दिएर नियन्त्रण गर्न सकिन्छ । कतिपय रोगहरू समयमै उचित उपाचार गरेर पनि नियन्त्रण तथा रोकथाम गर्न सकिन्छ ।

हाल विश्वमा लामखुट्टेका टोकाइबाट सर्ने डेंगु, जापनिज इन्सेफ्लाइटिस, पशुपक्षीबाट मानिसमा सर्ने बर्डफ्लु तथा स्वाइन फ्लु रोगले समेत मानिसको समुदायमा ठूलाठूला चुनौती दिइरहेका छन् । विश्वमा बढ्दो औद्योगिकरण तथा गरिब देशहरूमा स्वास्थ्यको मापदण्ड तथा उचित किसिमले सामुदायिक सरसफाइ, व्यक्तिगत, पारिवारिक सरसफाइमा राम्रो किसिमको व्यवस्थापन नगरेको

कारणले गर्दा पनि मानिसको स्वास्थ्यमा गम्भीर चुनौतीहरू थपिदै गरेका छन् ।

यसै क्रममा जटिल सरुवा रोगमध्ये इस्वी सम्वत २०१९ को डिसेम्वर अन्त्यमा (वि. सं. २०७६ को पौषमा) एशियाली देश चीनको वुहान प्रान्तमा देखापरेको स्वासप्रस्वासको जटिल सरुवा रोग देखा पर्‍यो । रुघा खोकी लाग्ने, सामान्यदेखि उच्चसम्मको ज्वरो आउने, स्वास प्रस्वासमा समेत असहज भएर फोक्सोमा असर गरी निमोनिया भएर बिरामीको मृत्युसम्म हुने यो घातक सरुवा रोगलाई विश्व स्वास्थ्य सङ्गठनले कोभिड -१९ को नामकरण गर्‍यो । चीनमा यो रोग देखापरेका २-३ महिना नपुग्दै विश्वभरि नै यो घातक सरुवा रोग कोभिड -१९ ले विश्वका धेरै देशका मानिसहरूलाई चुनौती दियो र आतङ्कित तथा त्रसित बनायो । शिक्षा, विकास र प्रविधिले अहिले मानिसहरू हवाई यात्राद्वारा २४ घन्टामा विश्वको एउटा कुनाबाट अर्को कुनामा पुग्न सक्छन् । काम व्यवसायले मानिसहरू दैनिक जसो लाखौँ मानिसहरू हवाइ यात्राबाट विश्वभरि घुमिरहेका हुन्छन् । यसरी विकास प्रविधिको सहजतासँगै संक्रमित रोगहरू पनि २४ घन्टाभित्रै विश्वका एउटा कुनाबाट अर्को कुनामा पुग्दछ ।

यसरी चीनबाट देखापरेको कोभिड -१९ रोगले विश्वका सम्पूर्ण देशमा धनजन तथा अर्थतन्त्रमा नराम्रो असर गर्‍यो । गरिब तथा विकोसोन्मुख देशको त कुरै छाडौँ विश्वका आर्थिक शक्ति सम्पन्न तथा वातावरणीय तथा सामाजिक अनुशासनमा रहेका औद्योगिक राष्ट्रहरू जापान, कोरिया, चीन, अष्ट्रेलिया, जर्मन, फ्रान्स, इटली, अमेरिका, ब्राजिललगायतका शक्ति सम्पन्न देशहरूमा समेत यो सरुवा रोग कोभिड १९ ले नराम्रोसँग प्रभाव पार्‍यो । भारत, फ्रान्स, जर्मन, इटली, अमेरिका तथा ब्राजिलमा त करोडौँ मानिस संक्रमित भए भने लाखौँको मृत्यु तथा अरबौँको आर्थिक नोक्सानी भयो । विश्वका सम्पूर्ण देशमा आर्थिक मन्दी आयो भने विश्वमा लाखौ मानिसले कोभिड रोगको कारण ज्यान गुमाउनुपर्‍यो । स्वास प्रश्वासको कारणले सर्ने यो रोगको प्रमुख कारण भएकाले यो रोग लागेपछि छुट्टै कम्तिमा १५ दिन अलग्गै बिरामीले एकान्तवास

बस्नुपर्ने तथा सकभर बिरामीले भाडाकुँडा तथा प्रयोग गर्ने सामान कपडासमेत छुट्टै राख्नुपर्ने भयो । मुख्य गरी संक्रमित मानिसबाट १० दिनभित्रमा धेरैलाई यो रोग सर्ने कारण भएकाले कतिपय सामान्य लक्षण भएका बिरामीले त रोग लागेको थाहा नै नपाउँदै कतिपय अरूलाई पनि सर्ने अवस्था हुँदो रहेछ । शुरुमा देखापरेको कोभिड १९ रोगले स्वास्थ्य अवस्था कमजोर भएका दीर्घकालीन रोगको औषधि खाएका तथा उमेर घर्किएका मानिसहरूलाई बढी धक्का दियो ।

ईश्वरको सुन्दर सृष्टि पृथ्वीमा रोगब्याधि पनि अचम्म अचम्मका आइरहन्छन् अनि मानिसलाई रोगब्याधिले दुःख दिइरहन्छ । श्वासप्रश्वासबाट सर्ने अति नै जोखिम यो रोगले विशेष गरी मानिसको फोक्सोमा निमोनियाको संक्रमण गराएर कडा निमोनिया गराएर मानिसको मृत्यु हुने यसको प्रमुख कारण हो । अत्यन्तै जोखिमपूर्ण स्वासप्रश्वसको रोगको सामान्य नियन्त्रणबाहेक ९ महिनासम्म विश्वव्यापी रूपमा प्रभावकारी औषधि बन्न सकेन । मेडिकल विज्ञ तथा मेडिकल वैज्ञानिकहरूको लामो प्रयासपछि रोग विश्वमा देखापरेका ९ महिनापछि प्रयोगात्मक परीक्षण पास गरेर विश्वका ५-६ वटा मेडिकल, औषधि विज्ञान विज्ञहरूको सामूहिक अनुसन्धबाट भ्याक्सिनहरू प्रयोगमा आएका थिए । यी प्रयोगमा आएका भ्याक्सिनहरू पनि पूर्ण रूपमा १००% प्रभावकारी त थिएनन्, तर यी भ्याक्सिनले धेरै ठूलो मात्रामा रोग नियन्त्रण गर्न सहयोग गरेको थियो ।

विश्वका आर्थिक रूपमा सम्पन्न शक्ति राष्ट्रहरूले आफ्ना नागरिकहरूलाई भ्याक्सिन बजारमा आएको ५-६ महिनामा पूर्ण रूपमा लगाई सकेता पनि गरिब तथा विकासशील राष्ट्रले आर्थिक अभाव तथा आर्थिक जोहो गर्न नसक्दा तथा समयमै भ्याक्सिन नपाएका कारणले गर्दा भ्याक्सिन प्रचलनमा आएको १ वर्ष पुग्दा पनि ५०% नागरिकले पनि खोप लगाउन पाएका थिएनन । स्वास प्रश्वासबाट सर्ने घातक कोभिड १९ रोगले संक्रमित मानिस सकभर एक्लै बस्नुपर्ने बिरामीहरूलाई पनि छुट्टै राखेर उपचार गर्नुपर्ने बिरामीको उपचारमा काम गर्ने स्वास्थ्यकर्मीले समेत उच्च जोखिम

लिएर छुट्टै पोशाक, मास्क, क्याप, चस्मा लगाएर काम गर्नुपर्ने अवस्था यो रोगले ल्याइदियो । कथंकदाचित कोभिड निस्कृय नहुदै बिरामीको मृत्यु भएमा बिरामीको अन्त्येष्टि गर्नसमेत परिवारका सदस्य तथा आफन्तले समेत पाएनन । परिवारका सदस्य तथा आफन्तको दुःख विमारमा हेरचाह गर्ने सान्त्वना दिने तथा आत्मबल बढाउन प्रत्यक्ष भेटघाट गर्नसमेत शुरु शुरुमा ल्याव परीक्षणको नतिजा सक्रिय भएका तथा कडा लक्षण भएका बिरामीलाई भेटघाट गर्नसमेत नपाइने अवस्था आयो । स्वास्थ्य अवस्था सामान्य भएकाहरूले बिरामीहरूले सञ्चार प्रविधिको उपयोग गरेर मोबाइल फोन तथा भिडियो फोनमार्फत घरपरिवारका सदस्य तथा आफन्तसँग कुराकानी गरे ।

कोभिडको घातक रोगले विश्वमा राज्य सरकार तथा व्यक्तिका अरबौंको सम्पति नोक्सानी भयो भने कूल संक्रमितमा १ डेढ प्रतिशत मानिसको अकल्पनीय मृत्यु भयो । नेपालमा पनि २०७६ साल माघको पहिलो हप्ता देखापरेको कोभिड रोगले वि. सं. २०७६ फागुन तेस्रो हप्ताबाट धमाधम संक्रमित देखापर्न थाले । यसरी संक्रमितको सङ्ख्या बढ्न थालेपछि नेपाल सरकारले २०७६ चैत ११ गतेबाट अत्यावश्यक सेवाबाहेकका काम व्यवसाय बन्द गरी करीब ३ महिनासम्म पूर्ण रूपमा लकडाउनको घोषणा गर्‍यो । दैनिक उपभोग्य सामग्रीसमेत किनमेलका लागि बिहान बेलुकी २-३ घन्टा पसल सपिङ सेन्टर खोल्न पाउने र अत्यावश्यक सेवाबाहेकका सम्पूर्ण सरकारी कार्यालय तथा निजी व्यवसायसमेत पूर्ण रूपमा बन्द गरियो । श्वास प्रश्वासबाट सर्ने रोग नियन्त्रणका लागि सबै नागरिकहरूलाई अनिवार्य मास्क लगाउन भनियो । स्वास्थ्यसँग सम्बन्धित स्वास्थ्य सामग्री, खाद्य सामग्री तथा दुग्ध पदार्थ, पानीको ढुवानी, सरसफाइको साधन, दमकल, एम्बुलेन्स, स्वास्थ्यकर्मी तथा सुरक्षाकर्मीको सवारी साधन र खाद्यान्न ढुवानीको साधनहरू भने चल्न दिइएको थियो । स्वास्थ्यसँग सम्बन्धित औषधि, मेडिकल उपकरण बेच्ने तथा सेवा प्रदायकको व्यवसाय तथा सवारीहरूलाई अनुमति लिएर सञ्चालन गर्न दिइएको थियो ।

यसरी वि. सं. २०७७ असार दोस्रो साताबाट लकडाउन केही खुकुलो गरी व्यवसाय निश्चित बार र समयमा सञ्चालन गर्न दिइएको थियो । यो क्रम बढ्दै गएपछि वि. सं. २०७७ श्रावण अन्त्यमा संक्रमितको सङ्ख्या एकदम बढ्न थालेपछि वि. सं. २०७७ भदौ १ गतेबाट पुनः पूर्ण रूपमा अत्यावश्यक सेवाबाहेकका व्यवसाय बन्द गरी ३ हप्तासम्म पुनः लकडाउन (बन्द) को घोषणा गरियो । यसरी विस्तार खुलेको व्यवसाय हिउँदको समयमा संक्रमितको सङ्ख्या बढ्न थालेपछि वि. सं. २०७८ वैशाख १६ गतेबाट वि. सं. २०७८ असार १६ गतेसम्म पुनः लकडाउन गरी बन्द गरियो । कोभिड -१९ को रोगव्याधिको प्रकोप पनि समयक्रम बढ्दै जाँदाको नयाँ नयाँ किसिमका जीवाणु आउन लागेको प्रयोगशाला परीक्षणबाट स्वास्थ्यविज्ञ तथा स्वास्थ्यकर्मीले समाचारहरू सार्वजनिक गर्न थाले ।

कोभिड रोग मुख्यत श्वासप्रश्वासबाट सर्ने रोग भएकाले अनिवार्य मास्क प्रयोग गर्ने, सामाजिक दुरी कायम गरेर हिँड्ने, भिडभाड नगर्ने तथा स्वास्थ्यका सुरक्षा विधिहरू प्रयोग गरेर यो रोगबाट बच्न ९९% सफल हुन्छ भन्ने अनुभव करीब २ वर्षसम्म चलिरहेको यो रोगको असर तथा परिणामबाट हामीले थाहा पाएका थियौं । कोभिड संक्रमणको कारणले हाम्रो काभ्रे जिल्लाको कोशीपारी क्षेत्रमा पनि पहिलो वर्षको तुलनामा दोस्रो चरणको कोभिड शुरु भएपछि थप मानवीय जनको क्षति भयो । धेरै मानिसहरूले सामान्यदेखि जटिल अवस्थाको कोभिडबाट संक्रमित भई स्वास्थ्य लाभ गर्नुभयो । कतिले अकल्पनीय अवस्थामा जीवन बिताउनुपर्‍यो ।

हाम्रो कोशीपारी काभ्रेपलाञ्चोक जिल्लामा पहिलो चरणको कोभिड संक्रमणको करीब अन्तिम चरणमा वि. सं. २०७७ कार्तिक महिनामा मेरा नजिकका आफन्त दाजु शिक्षासेवी तथा काभ्रे पोष्टका प्रधान सम्पादक तथा शिक्षक विष्णुप्रसाद चौंलागाईं, काभ्रे कोशीपारी चौंरीका चर्चित पण्डित हरिप्रसाद कोइराला, काभ्रे कोशीपारी मादनकुँडारीका बरिष्ठ बामपन्थी नेता कमानसिंह लामाको निधन भयो । कोभिड संक्रमण दोस्रो वर्षमा प्रवेश गरेपछि वि. सं. २०७८ जेष्ठमा काभ्रे कोशीपारीका बामपन्थी नेता तथा अधिवक्ता लेखराज

गौतम, काभ्रे कोशीपारी कात्तिके देउरालीकी गुणकुमारी दुलाल, काभ्रे कोशीपारी चौंरीका लक्ष्मण गौतम, काभ्रे कोशीपारी मादन कुँडारीका शिक्षक छत्र लामालगायतको अल्पायुमा अकल्पनीय मृत्यु भयो ।

विश्वमा कोभिडले खरबौंको जनधन सम्पत्तिको नोक्सानी भयो । लाखौं मानिसले अल्पायुमा जीवन गुमाए । केही पश्चिमका देश युरोप, अमेरिका, बेलायतले समयसमयमा आफ्नो सीमाक्षेत्र, हवाइ यात्रा खुल्ला गरे तापनि पूर्वी देश जापान, कोरिया, अष्ट्रेलिया, न्यूजिल्यान्ड, सिङ्गापुरले कोभिड रोग शुरु भएको १८ महिनासम्म पनि मानिसको स्वास्थ्यलाई ध्यानमा राखेर अत्यावश्यकीय सरकारी तथा कुटनीतिक, र मेडिकल विज्ञहरू बाहेकका व्यक्तिलाई सम्पूर्ण रूपमा आतेजाते बन्द गरेका थिए । स्वास्थ्य विशेषज्ञहरूका अनुसार यो कोभिड भविष्यमा थप नयाँ स्वरूपमा आउने आँकलन गरिरहेकाले हामीले थप सजग र अनुशासित बनेर भविष्यमा आउने थप यस्ता चुनौतिपूर्ण रोगहरूको सामना गर्दै जानुपर्दछ । राज्य सरकारले पनि महामारीको बेलामा विवेकशील तरिकाले आफ्नो साधन स्रोत र जनशक्तिको उचित उपयोग गरेर मित्र राष्ट्रहरूसँग समेत उचित समन्वय गरेर आफ्नो देश र नागरिकहरूलाई सुरक्षित राखेर देशको आर्थिक अवस्था नियन्त्रणमा राख्न सक्नुपर्दछ ।

●

# मानिस, समाज, धर्म, शिक्षा र अध्यात्म

पृथ्वीमा मानिसको समाजको विकाससँगै मानिसले दैनिक कार्य सञ्चालन तथा सामाजिक संस्कार सञ्चालन गर्नका लागि मानिसका समूदायमा सामाजिक अगुवाहरू मिलेर केही सामाजिक नियमहरू बनाउन थाले । शिक्षाको शुरुआत तथा पढाइ लेखाइ शुरु हुनुभन्दा अगाडि प्राचीन समुदायमा मानिसहरू पृथ्वीको सम्पूर्ण सृष्टि, विकास, उन्नति, प्रगति, मिलन, विछोड तथा क्षति ईश्वरकै कारणले भएको हो भनेर पूर्णरूपमा इश्वरमाथि विश्वास गर्दथे । यसरी पृथ्वीका मानिसको समुदायमा जन्मदेखि मृत्युसम्म आ-आफ्नै किसिमले मानिसले समाजमा अनुशासन तथा आत्मशान्तिका लागि ईश्वरप्रति समर्पित भएर गरिने सामाजिक आस्था र सस्कार पनि फरक-फरक किसिमले ग्रहण गर्न थालियो । यसरी अलग-अलग समूदायले विकास गरेको सामाजिक सस्कार नै सामाजिक सस्कृतिका रूपमा विकास हुन पुग्यो । यही फरक फरक आ-आफ्नो समुदाय अनुसारकै सस्कृति नै पछि गएर समुदायका धर्म (आस्था) बन्न गयो । अदृश्य शक्ति ईश्वरलाई साक्षी राखेर सामाजिक सस्कार तथा समाजमा मानिसलाई अनुशासित राख्नका लागि सभ्य र राम्रो समाज निर्माण गर्नका लागि बनेका सामाजिक संस्कार नै पछि मानिसका समूदायका धर्मका रूपमा स्थापित हुन थाले ।

राम्रो र अनुशासित कामको पथमार्गमा लाग्नु नै धर्म हो । असल र राम्रो कामको धारणा गर्नु नै धर्म हो । यसरी समूदाय पिच्छे अलग-अलग सस्कार र आस्था अनुसारका धर्मको विकास भयो । हिन्दूधर्म, बौद्ध धर्म, मुस्लिम धर्म, क्रिश्चियन, जैन धर्मलगायतका प्रमुख धर्म विश्व मानिसको समुदायमा प्रचालित प्रमुख धर्महरू हुन । सबै धर्मको प्रमुख उद्देश्य मानव कल्याण नै हो । अनि वास्तवमा मानव कल्याण र मानव सेवा गर्नु नै मानिसको प्रमुख धर्म हो । आ-आफ्नो धार्मिक आस्था र परम्परा अनुसार पुजा-पाठ गर्ने ध्यान गर्ने

जन्मदेखि मृत्युसम्मको विभिन्न कार्यहरू आ-आफ्नो सस्कार अनुसार मानिसले गर्न थाले ।

यसरी प्राचीनकाल, मध्यकाल हुदै शिक्षा र प्रविधिको आधुनिक विकास हुनुभन्दा अगाडि राज्य सरकार तथा आधुनिक शासन सत्ता, व्यवस्था प्रणालीको शुरु हुनुभन्दा अगाडि समाजमा मानिसलाई धर्मको परिधिभित्र राखेर धर्मको लगाम लगाएर समाज सञ्चालन गरिएको थियो । मानिसको समूदायमा शिक्षाको राम्रो विकास पढाइलेखाइ सञ्चालन तथा राज्य व्यवस्थामा पनि लिखित संविधान, कानून आउनुभन्दा अघि समाज सञ्चालन समाजका अगुवाहरूले धर्मको माध्यमबाटै गरेका थिए । त्यसकारण प्राचीन तथा मध्यकालीन समयमा समाजमा धर्म नै संविधान र कानून समान थियो । राम्रो कामका लागि सामूहिक प्रयास गरेर सबै मिलि सबैको भलाई गर्ने कामका लागि सबैले अनुशासित तरिकाले काम गर्नु नै मानिसको सबैभन्दा ठूलो धर्म हो । समाजमा सबै मानिसको कल्याण र भलाई हुने काम गर्नु नै मानिसको प्रमुख धर्म हो ।

सामाजिक संस्कारबाट शुरु भएको मानिसको धार्मिक आस्था कतिपय धर्ममा आधार र तथ्यहीन कुरामा विश्वास गर्नाले पनि समाजमा मानिसलाई धेरै दु:ख तथा जीवन अल्पायुमा पनि बितेको छ । यस्तै अन्धविश्वासमा लाखौँ नेपाली नारी आमाहरूले तथा आर्य हिन्दू नारीहरूले सतीप्रथाको कारणले अल्पायुमा कारुणिक जीवनदाहा गरे । नेपाली समाजमा खास गरी गरीबहरू माथि लगाइने बोक्सा बोक्सीको आरोप पनि अर्को ठूलो अन्धविश्वास हो । आफ्ना बितेका अग्रजहरू तथा आफन्त गरिबी तथा उचित स्वास्थ्य उपचार नपाएर बितेको, खाट तथा न्यानो कपडा सिरकको अभाभमा विभिन्न चिसोजन्य रोग लागेर बितेकाहरूको मृत्युपश्चात खाट, पलङ, सिरक, कपडा दान गर्ने कर्ता तथा दान गर्न लगाएर ति मृत आत्मले दान गरेको सामग्रीहरू पाउँछन् भन्ने हिन्दू धर्मगुरु पण्डितहरूलाई म त महामुर्खहरू भनेर भन्न चाहन्छु । बाँचुन्जेल आफ्नो आम्दानी क्षमता अनुसार सबैले आफ्ना आमाबुबालाई उचित संरक्षण, मायाममता दिनुपर्दछ । मृत्युपश्चात सामाजिक परम्परा अनुसार शोकमा राज्य

सरकारले तोके अनुसारको कम्तिमा शोक कार्यमा १५ दिन आफन्त तथा मृतकका सन्ततिले एकान्त एकाग्रह बसेर मृत आत्मको स्वर्गमा बास होस् मर्त्यलोकमा फेरी जन्मनु मर्नु नपरोस् भन्ने कामना गर्दै धैर्य र शान्त वातावरणमा बस्दा र सामान्य खाना खाएर बस्नुपर्दछ ।

धर्म र स्वतन्त्रताको नाममा कतिपय समाजमा पुरातन अन्धविश्वासको संस्कारमा विश्वास गरेर मानिसलाई दमन र शोषण गर्ने अनि कतिपय समाजमा स्वतन्त्रताको नाममा चाहिनेभन्दा बढी छाडा प्रवृत्तिले समाजमा सामाजिक असन्तुलन पनि बढ्दै गइरहेको छ । त्यसैले अहिलेको शिक्षा, प्रविधि र विकासको २१ औं शताब्दीमा हामीले समाजमा आधारहिन कुरालाई परित्याग गरेर तथ्यपरक विषयमा मात्र विश्वास गरी सबै मिलेर समाजमा अघि बढ्नुपर्दछ । शिक्षा, विकास, सामाजिक चेतनाले गर्दा सतीप्रथालगायत धेरै पुरातन कुसंस्कारहरू अन्त्य भइसकेका छन् । अझै पनि कानूनी कारवाही तथा दण्द सजायको कडा व्यवस्था गरिएको अवस्थामा पनि बोक्सा बोक्सी आरोपको कुसंस्कार, शिक्षा र चेतनाको कमीले गर्दा नेपाली समाजमा बेलाबेलामा ठाउँमा साना तथा ठूला अकल्पनीय घटनाहरू हुँदै आएका छन् । धर्मको नाममा कठोर तथा पुरातनवादी बन्ने अनि आधारहीन कुरामा अन्धविश्वास गरी समाजमा दुःख दिने तथा स्वतन्त्रताको नाममा छाडा बनेर सामाजिक विकृति ल्याउने समाजमा मानिसका प्रमुख कमजोरीहरू हुन । अबको २१ औं शताब्दीको शिक्षित समाजमा हामीले पुरातनवादी र आधारहीन सोचका अन्धविश्वासलाई त्यागेर तथ्य परक मानव कल्याणका विषयमा सबै मिलेर समाजमा अघि बढ्नुपर्दछ । यो नै मानव धर्मको मुल उद्देश्य र मानिसको सामाजिक कर्तब्य हो ।

ईश्वरको सृष्टि संसारमा मानिसको २ दिनको यो जीवन पद्धति बिचित्रको छ । कहाँबाट जीव प्राणीलाई सास, प्राण भरिएर शारिरीक विकास भई जीवनयात्रा आ-आफ्नो दिन र भाग अनुसार सम्पन्न गरेर अन्त्य हुन्छ कसैलाई थाहा हुदैन । मानिसका लागि ईश्वरले सुन्दर सृष्टि पृथ्वीमा आवश्यक अन्न, फलफूल, बनस्पति पशुपक्षी, जलस्रोत तथा विभिन्न खनिज पदार्थ उपलब्ध गराएका छन् ।

विज्ञानले धेरै कुरा पत्ता लगाए तापनि आजसम्म सबै प्राणीको आत्म प्राण शरिरमा कसरी भरियो अनि जीवनको अन्त्य भएपछि आत्म प्राण कहाँ पुग्यो भन्ने पत्ता लगाउन आजसम्म कुनै पनि विज्ञान र वैज्ञानिकले सकेको छैन । यस्तै प्रमुख अदृश्य शक्तिलाई मानिसले ईश्वरीय शक्ति मानेका छन् । शिक्षा, प्रविधि र आधुनिक विकास भएको वर्तमान २१ औँ शताब्दीको युगमा वैज्ञानिकहरूले समेत अदृश्य चमत्कारिक शक्तिलाई ईश्वरीय शक्ति स्वीकार गरेका छन् । धार्मिक गुरुकुल हुँदै विद्यालयबाट पठनपाठन गरिएको शिक्षाले क्रमशः गरेको प्रविधि र विकासले आज मानिसहरू २४ घन्टामा पृथ्वीको एउटा कुनाबाट अर्को कुनासम्म पुगे हजारौँ लाखौ किलोको सामान मेशिनबाट लोड अनलोड तथा ढुवानी गर्ने आधुनिक प्रविधि, उद्योग तथा आधुनिक प्रविधिका यातायातका साधनहरू यन्त्रमानब ( रोबोट) देखि चन्द्रमा, मङ्गलग्रहदेखि अन्तरीक्षसम्म आवजजावत गर्न वैज्ञानिकहरू सफल भएका छन् । यो सबै हाम्रा अग्रजहरूको निरन्तरको मिहिनेत तथा शिक्षा र प्रविधिको विकासले नै सम्भव भएको हो ।

अहिलेसम्म भएको विकास प्रविधिलाई थप आधुनिक प्रविधिमा लाग्दै मानिसले पृथ्वीमा उचित किसिमले वातावरणीय र प्राकृतिक सन्तुलन कायम राख्न सकेमा मात्र पृथ्वीमा मानिसको जीवन सुरक्षित र सहज रहन सक्छ । पृथ्वीमा मानिसले वातावरणीय सन्तुलन तथा प्राकृतिक सन्तुलन कायम गर्न नसकेको खण्डमा पृथ्वीमा सम्पूर्ण जीव, प्राणी, वनस्पती, प्रकृति र प्राकृतिक स्रोत पनि क्रमशः जीव, प्राणी, बनस्पती र मानिसका लागि जोखिममय बन्दै जान्छन् ।

मानिसले अनुशासन र शिक्षाबाट नै अध्यात्मको गन्तव्यमा पुग्न सक्दछ । यसका लागि समय सापेक्ष धार्मिक आस्था घरपरिवार समाजबाट सिक्ने विभिन्न सामाजिक तथा नैतिक शिक्षाको पनि ज्यादै ठूलो भूमिका हुन्छ । अहिलेको आधुनिक समयमा विद्यालय, विश्वविद्यालयमा शिक्षक र विषय विज्ञ लेखकको लेख ग्रन्थ पुस्तकबाट सिक्ने नैतिक, सामाजिक र प्राविधिक शिक्षाको झन ज्यादै

ठूलो भूमिका रहन्छ । घरपरिवार, समाज र राज्यले अवसर दिएर वातावरण बनाइदिएपछि प्रत्येक नागरिकले आफ्नो क्षमता सीपअनुरूपको काममा गन्तब्यमा पुग्न निरन्तर गर्ने प्रयासले नै मानिसलाई व्यवासयिक सफलतामा पुराउछ । व्यावसायिक सफलतामा पुगेपछि अनुशासित मिहिनेती र सामाजिक मानिसले घरपरिवार समाज र देशलाई योगदान गर्न सक्दछन् ।

अध्ययन सिकाइबाट विषयवस्तुको गम्भीरतामा प्रविधिको विकास गर्न तथा थप प्रविधि पत्ता लगाउन दत्तचित्त भएर व्यक्ति तथा समूहले गर्ने प्रयास पनि ध्यान हो । शिक्षाको माध्यमबाट विज्ञान र प्रविधिको थप विकास र प्रविधिको थप आधुनिक विकास गर्दै जानका लागि गरिने अनुसन्धान पनि एक किसिमको ध्यान हो । प्रविधिको थप आधुनिक विकास गर्नका लागि विषयवस्तुको सम्बन्धमा गहिराइसम्म पुगेर अध्ययन गर्नुपर्दछ ।

आज विश्वका सबै देशका राज्य सरकारले अरबौको रकम शिक्षामा लगानी गरेर नागरिकहरूलाई सक्षम र देशलाई समृद्ध देश बनाउनका लागि लगानी गरिरहेका छन् । शिक्षा अध्ययनबाट ध्यान केन्द्रित भएर मानिसले समाजमा विभिन्न योगदान गरेर आफू पनि अनुशासित तथा नैतिकवान क्षमता र सीप अनुसारको काम गरेर घरपरिवार समाज र देशका सम्पूर्ण नागरिकहरूको भलाइका लागि सबैले मिलेर काम गर्नुपर्छ । कसैलाई पनि दुःख दिनु हुँदैन । समाजमा सबैले क्षमता र सीप अनुसारको काम गर्नुपर्दछ । समाजमा सबैले सुख, शान्ति पाउन् भनी सम्पूर्ण मानव समुदायको आत्मको भावना बुझ्न सक्ने गहिराइमा पुग्न सक्नु नै अध्ययनको प्रमुख उद्देश्य हो ।

मठमन्दिरमा बसेर गरिने प्रार्थनाले पनि मानिसको मनमा आन्तरिक शान्ति उत्पन्न गराएर आफ्नो स्वास्थ्य परिवार र समाजको बारेमा काम र योगदान गर्ने प्रेरणा मानिसलाई प्राप्त हुन्छ । भगवान् गौतम बुद्ध, ऋषिमुनिहरू, जिसस क्राइष्टलगायतका व्यक्तिहरूले मानव समाज कल्याणका लागि राज्य त्यागदेखि अनेकौं त्याग र सङ्घर्ष गरेका कारणले आज समाजमा मानिसहरू उनीहरूले

प्रतिपादन गरेको सामाजिक उपदेश र सस्कार सिद्धान्तलाई धर्मका रूपमा ग्रहण गरेर उनीहरूलाई ईश्वर तथा धर्मगरु मानेका छन् । शिक्षा र प्रविधिको विकाससँगै मानिसले विज्ञान प्रविधिले जीवन र जीवकालाई सहज बनाउने तथा मानिसलाई दैनिक रोजगारीका काम पनि सहज रूपमा गर्न सक्ने पाठ्यक्रम तथा प्रविधि पनि शिक्षाको विकासले नै भएको हो । ईश्वरको सुन्दर सृष्टि पृथ्वीमा मानिसहरू पृथ्वीको समाजमा प्रमुख ३ शक्तिमा निर्भर भएका छन् (१) दैविक शक्ति (२) अध्यात्मिक शक्ति (३) भौतिक शक्ति ।

**(१) दैविक शक्ति** : दैविक शक्ति यस्तो शक्ति हो यो अदृश्य शक्तिले नै पृथ्वीमा मानिस जीव, प्राणी, वनस्पतिको जीवन शुरु भएर अन्त्य हुन्छ । पानी जमेको ठाउँमा जीव, प्राणी तथा वनस्पतिको जन्म विकास हुनु, एउटै पृथ्वीको माटोमा, अमिलो, पिरो, तितो, गुलियो, टर्रोलगायतका हजारौँ अन्नबाली, फलफुल, वनस्पतिको उत्पादन हुनुलाई पनि दैवीशक्ति मानिएको छ ।

एउटा सामान्य माहुरी प्रजातिका किराहरूसमेत टाढा टाढा पुगेर फूलको रस सङ्कलन गरी आफ्नो बच्चाका लागि लिएर गुँडमा आइपुग्ने शक्ति, पृथ्वीका सम्पूर्ण जीव जनावर, प्राणीहरूले निश्चित समय उमेर पुगेपछि यौन सम्पर्कको चाहना बढेर यौन सम्पर्क गरी सृष्टिको विकास परम्परा चलाउँनु, गौथली चरीले चुच्चोमा माटो ओसारेर गुँड बनाउने, कोटेर चराले रुखमा ठुगेर सुन्दर गुँड बनाउने, गाइभैँसीले मानिसका लागि चाहिने पौष्टिक आहारा भरीपूर्ण दुध दिने, जङ्गलमा सबैलाई नियन्त्रण गर्न सक्ने हात्तिले पनि मानिसको इशारा र नियन्त्रणमा काम गर्ने, विभिन्न जीव, प्राणीको आ-आफ्नो खाद्य तथा जीवनशैली तथा शारीरिक बनावटलाई पनि ईश्वरको अदृष्य दैवी शक्ति मान्नुपर्दछ । हजारौँ किलोको गाई, भैसी, हात्ति, गैंडा नदी कोशीमा पौडन सक्ने पशुपक्षीले पौडन, उड्न सक्नुलाई पनि ईश्वरको दैवी शक्ति मानिएको छ । हजारौ किलोको गाई भैंसी पनि एउटा सामान्य दाम्लोमा बाँधेर राख्दा भोक लागेको बेलामा समेत त्यो दाम्लो टोकेर नहिँड्ने शक्तिलाई दैवी तथा पशुजीवहरूको अनुशासन मान्नुपर्दछ ।

शिक्षा र विज्ञानको प्रविधिले धेरै विकास गरी वैज्ञानिक तथा डक्टरहरूले मानिसका टेष्ट ट्युव बच्चादेखि पशुपक्षीका कृतिम गर्भाधारण गर्न सक्ने प्रविधिको विकास भए तापनि आजसम्म यो सृष्टि संसारका मानिस प्राणीको आत्मामा कहाँबाट सास, प्राण भरियो अनि मृत्यु भएपछि त्यो आत्मा, प्राण कहाँ पुग्यो भन्ने कुराको स्पष्ट प्रमाण विज्ञान प्रविधिले दिन सकेको छैन । पृथ्वीमा अहिलेका शिक्षित मानिसका समुदायदेखि मेडिकल वैज्ञानिकसम्मले यो पत्ता लाग्न नसकेको कुरालाई ईश्वरीय शक्ति मानेर यो चामत्कारिक जीवनलाई ईश्वरको जिम्मा अनि इश्वरीय शक्ति मानेका छन् । यस्तै अदृष्य र रहस्यमय शक्तिलाई ईश्वरीय शक्तिका रूपमा स्वीकार गरेर विश्वको विज्ञान प्रविधिको क्षेत्रमा समेत उल्लेखीय प्रगति गरी अहिलेको विश्वको प्रथम शक्ति शाली तथा प्रथम आर्थिक शक्ति सम्पन्न देश संयुक्त राज्य अमेरिकाले समेत आफ्नो कागजी नोट (डलर) मा In God We Trust (ईश्वरमा हामी विश्वास गर्दछौँ) भनी लेखेको छ । पृथ्वीमा सबै मानिसको अलग अलग अनुहार, अलग अलग बोली, अलग अलग आँखा र हातको फरक फरक औँलाको चक्रहरूलाई पनि ईश्वरीय शक्ति, दैवी शक्ति मानिएको छ । शिक्षा, विज्ञान र प्रविधिले धेरै कुराको खोज अनुसन्धान गर्न वैज्ञानिकहरू सफल भए तापनि कतिपय यस्ता अदृश्य शास्वत सत्यका शक्तिलाई आजसम्म पनि वैज्ञानिकहरूले स्पष्ट रूपमा निदान गर्न पत्ता लगाउन नसकेर स्वयं वैज्ञानिकहरू पनि यसलाई ईश्वरीय दैवी शक्तिका रूपमा स्वीकार गर्दै आएका छन् ।

**(२) आध्यात्मिक शक्ति :** शिक्षा र प्रविधिमा मानिसले गरेको निरन्तरको मिहिनेत र विकासका कारण आज पृथ्वीमा मानिसहरू २१ औँ शताब्दीको आधुनिक विकास प्रविधिको युगमा प्रवेश गरेका छन् । प्राचीन तथा मध्ययुगमा धेरै दुःखका साथ चलाएको घरगृहस्थीका दैनिक कामहरू शिक्षा र प्रविधिको विकाससँगै मानिसलाई थप सजिलो हुँदै आजको आधुनिक विकासको युगसम्म आइपुगेको हो । हिजो हामीले वि. सं. २०४६ सालमा SLC को परीक्षामा सामेल हुने समयमा समेत नेपालको राजधानी काठमाडौंको

नजिकै रहेको काभ्रेको कोशीपारी हालको चौंरीदेउराली गाउँपालिकाबाट पैदल यात्रा गरेर ३० किलोमिटर टाढा दोलालघाट आएर दैनिक उपभोग्य नून तथा लत्तपडा लैजाने र घरको कृषि उपजको सामान बेच्नुपर्थ्यो । नेपालका अन्य टाढा दुर्गमको जिल्लामा त १५-१६ दिनको आवतजावतबाट यो काम सम्पन्न गर्नुपर्थ्यो । अहिले नेपालका केही हिमाली दुर्गम जिल्लाबाहेक अन्य ठाउँमा आफ्नै गाउँठाउँमा आवश्यक सामान खरिद बिक्री गर्न पाइन्छ । यो सबै शिक्षाको विकास र प्रविधिको विकासले गर्दा सहज भएको हो ।

आज मानिस विश्वको एउटा कुनाबाट अर्को कुनामा २४ घाटामा यात्रा गर्न सक्छन् आफ्नो कमाइ अनलाइनबाट ५ मिनेटमा विश्वका सबै ठाउँमा पठाउन सक्छन् । खेतीपाती, यातायातका साधन, औषधी उपचार, उद्योग व्यवसायमा नयाँ नयाँ प्रविधि आएका छन् । शिक्षा र प्रविधिले आएका यस्ता नयाँ नयाँ प्रविधिले मानिसलाई दैनिक जीवन सञ्चालन गर्न सजिलो भएको छ । यो सबै मानिसले शिक्षाको विकाससँगै प्रविधिमा भएको विकासका कारणले गर्दा नै सम्भव भएको हो । शिक्षामा गरिएको अध्ययनबाट प्रविधिको विकास तथा मेशिन तथा यन्त्रको विकासले गर्दा नै यी सबै विकासका कामहरू मानिसले सहज रूपमा आजभोलि सम्पन्न गर्न सक्छन् ।

पृथ्वीको प्रकृतिमा जीव, वनस्पति तथा मानिसको जीवनमा ईश्वरको अदृश्य शक्तिको आफ्नै भूमिका भएता पनि निरन्तरको कडा मिहिनेत, अध्ययन, अनुसन्धानको कारणले गर्दा नै यो सबै प्रविधि र विकासको काम मानिसले गर्न सकेका हुन् । ईश्वरले त मात्र पृथ्वी, प्राकृतिक स्रोत, वनस्पति र जीव जनावर र मानिसको जीवन दिनुभयो बाँकी सम्पूर्ण विकास प्रगति मानिसले आफैं निरन्तरको मिहिनेत, अध्ययन-अनुसन्धान र परिश्रमका उपज हुन् । ईश्वरले सबै विकास गरिदिनुहुन्छ भनेर मानिस चुप लागेर बसेको भए आज विश्वमा मानिसहरू २१ औं शताब्दीको आधुनिक युगमा प्रवेश गर्ने थिएनन । त्यसकारण आध्यात्मिक शक्तिले (अध्ययन, अनुसन्धान, मिहिनेतको शक्तिले) नै आज पृथ्वीमा मानिसहरू २१ औं शताब्दीको

आधुनिक विकासको युगमा जीवनयात्राको पथमा हिँडिरहेका छन् । दैवी शक्तिको अदृश्य शक्तिलाई आत्मले ग्रहण गरेर आध्यात्मिक पथमा विकास प्रविधिको प्रयोगले गर्दा नै मानिसहरू आज पृथ्वीमा आधुनिक युगको यात्रा गरिरहेका छन् ।

ईश्वरीय शक्तिलाई आत्मामा साक्षी राखी मानिसले सर्वप्रथम घरपरिवार तथा समाज र देशका लागि असल काम गर्ने प्रतिबद्धताका साथ मन, वचन र कर्मले आफ्ना काम कर्तव्यहरू गर्दै जाने र समाजमा अरूलाई दुःख हुने काम नगर्ने, मानिस सबैको आत्मा समान छ सबैले सुख-शान्ति पाउनुपर्छ २ दिनको जीवनमा हामीले अरबौँको सम्पत्ति भए तापनि खाली हात आएको मानिस घरपरिवार र संसार छोडेर खाली हात नै जानुपर्छ । त्यसकारण बुद्धि, विवेक र क्षमताले भ्याएसम्मको असल कामहरू घरसमाजमा मानिसले गर्नुपर्छ । बेला उमेरमा काम श्रम, मिहिनेत गरेर आफ्नो कमाइमा बाँच्नुपर्छ भन्ने सोचका साथ घरपरिवार समाजमा सबैसँग मिलेर बाँच्नुपर्छ भन्ने मान्यताका साथ बाँच्नु नै स्वावलम्बी मानिसको जीवनदर्शनहरू हुन् । अनुशासन, अध्ययन र चेतनाको ज्ञान, विवेकले नै यो बाटोमा मानिसहरू हिँड्न सक्दछन् । त्यसैले आध्यात्मिक शक्तिको सन्तुलनले (अनुशासन, शिक्षा, अध्ययन-अनुसन्धान र प्रविधिको उपयोगले) मानिसहरूले समाजमा घरपरिवार तथा समाज र देशलाई सक्षम र समृद्ध बनाउन सक्दछन् ।

**(३) भौतिक शक्ति :** शिक्षा र प्रविधिको विकासले गर्दा मानिसहरू आज २१ औँ शताब्दीको आधुनिक विकासको युगमा यात्रा गरिरहेका छन् । शिक्षा र प्रविधिको विकासले गर्दा बस, रेल, हवाइजहाज, पानीजहाज, सञ्चारका प्रविधि तथा उपकरण, आधुनिक खेतीपाती तथा पशुपालन, आधुनिक यातायात तथा ढुवानीका साधनहरू, आधुनिक उद्योग, व्यवसाय सञ्चालन गर्न मानिसहरू सफल भएका छन् । आधुनिक विकाससँगै पृथ्वीमा कतिपय मानिसहरूमा छिट्टै धनी बन्ने आकाङ्क्षा पनि बृद्धि भएको छ । समाजमा अरूलाई दुःख दिएर विभिन्न तरिकाले श्रम तथा पुँजीको शोषण गरेर धनी देशले गरीब देशलाई विभिन्न सन्धि

सम्झौतामार्फत काबुमा राखेर उसको प्राकृतिक स्रोत माथि बैधानिक अवैधानिक तथा विभिन्न तरिकाले पनि कब्जा गरिरहेका छन् ।

नियम-कानून अनुसार राज्य सरकारलाई कर तिरेर आफ्नो पेशा व्यवसायलाई सञ्चालन गरी आर्थिक उन्नति गरी सामाजिक प्रतिष्ठा बढाउनु हरेक नागरिकको कर्तब्य तथा अधिकार हो । विश्वका कतिपय कमजोर अर्थतन्त्र भएका तथा कानून कार्यान्वयन फितलो भएको र आर्थिक चलखेलमा बिक्ने शासन सत्ताका नेतृत्ववर्ग तथा प्रशासकहरू भएका देशहरूमा विशेषगरी गैरकानूनी तरिकाले रातारात दिन दुई गुणा रात चौगुना गोलमटोल तरिकाले धनसम्पत्ति कमाउने चाहना भएका भ्रष्ट माफियाहरूको प्रलोभनमा परेर आर्थिक चलखेलमा बिक्ने केही खराब तत्वले राज्यको प्राकृतिक स्रोत तथा सम्पत्तिको दुरूपयोग गरेर छिट्टै सम्पत्ति कमाइरहेका छन् ।

मानिसका आवश्यकता असीमित हुन्छन् । हिजो पैदल यात्राबाट खेतीपाती गरी भारी बोकेर दैनिकी सञ्चालन गरेका मानिस आज करोडौंको नीजि मोटर गाडीमा यात्रा गर्दा पनि सन्तुष्ट छैनन । हिजो आफैं एउटा सानो घरमा बसेर सामान्य व्यवसाय गरेको कतिपय मानिस आज हजारौँ मानिसलाई रोजगारी दिएर व्यवसाय सञ्चालन गर्दा पनि सन्तुष्ट छैनन् । यति भयो पुग्यो भनेर व्यवसायमा चुप लागेर बस्ने कुरा आउदैन तर निरन्तर काम गरेर नीतिनियम अनुसार राज्य सरकारलाई तिर्नुपर्ने कर तिरेर सम्मानित जीवन बिताउनु नै सबैभन्दा उचित कदम हो । अहिले नेपालमा पनि कतिपय ठाउँमा अवैध प्राकृतिक साधन स्रोतको दुरूपयोग गरेर वातावरण बिनाश गराएर वन फडानी गर्ने, खोलानालामा गिट्टी बालुवा ढुङ्गा निकाल्न अत्यधिक प्राकृतिक दोहन गर्ने कार्यले वातावरणीय बिनाश तथा मानिसका लागि दैनिक जनजीवन चुनौतीपूर्ण बन्दै गएका छन् ।

बाढीपहिरो, खडेरी, डुबान र मानवीय जनधनको क्षतिसमेत अत्यधिक मात्रमा बृद्धि हुँदै गएको छ । अझै पनि ५०% सरकारी जमिन खाली रहेको नेपालमा साल सल्लोलगायतका काठ विदेशबाट आयत गर्नुपर्ने, कृषिप्रधान देशमा वार्षिक अरबौंको खाद्यान्न आयात

गर्नुपर्ने अवस्था भनेको नेपालका लागि वास्तवमा लाजमर्दो तथा घातक अवस्था हो । शिक्षा, विज्ञान र प्रविधिले मानिसलाई भौतिक, विकास र सुविधाजनक जीवनशैली दिएता पनि मानिसका आवश्यकता र सुरक्षाका लागि बनाइएका विभिन्न खतरनाक रसायन र भौतिक सामग्रीहरूको गलत प्रयोग र उचित व्यवस्थापन मानिसले नगरेको कारणले गर्दा पृथ्वीमा मानिसको जीवनमा चुनौतीहरू थपिदै गएका छन् । समाजमा मानिसले आफू धनी बन्ने आकाङ्क्षमा गर्ने विभिन्न अस्वस्थ प्रतिस्पर्धा जस्तै बेलाबेलामा विश्वका शक्ति सम्पन्न राष्ट्रहरूले अरूलाई आफ्नो तजवीज र नियन्त्रणमा राख्न विश्वयुद्धसम्मको असरले व्यक्तिगत तथा राष्ट्रियगत गरी खरबौँको सम्पति र मानविय जीवन समाप्त भएका छन् । यस्ता युद्धहरू एउटा दुइटा देशका आन्तरिक स्वार्थका कारण पनि भएका छन् ।

बहुजनहिताय वहुजनसुखाय, सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः, सर्वे भद्राणि पश्चन्तु मा कश्चित् दुःखभाग्जनः भन्ने संस्कृतको महावाणीलाई आत्मसात गरी सबैले मिलेर सबैको भलाइका लागि काम गरेमा पृथ्वीमा मानिसले सबैको कल्याण गर्न सक्छन् । इर्ष्या, दम्भ, घमन्ड भौतिक सम्पत्तिको अस्वस्थ प्रतिस्पर्धी नै मानिसका जीवनका प्रमुख दुःखहरू हुन् । विश्वका कतिपय मुलुकमा वर्तमान विकसित प्रविधिको प्रयोगसँगै पारदर्शी कर प्रणाली, नागरिकहरूलाई राज्यले उचित किसिमको राहतका कार्यक्रम तथा भत्ताको व्यवस्था गरेको छ भने कमजोर आर्थिक अवस्था भौतिक संरचनाको विकास पुरा भइनसकेका तथा प्रविधिको प्रयोग गर्न विविध कारणले असक्षम भएका देशहरूमा राज्यको कमजोर नीति-नियम तथा कतिपय प्रशासकसँगको मिलेमतोमा आन्तरिक रूपमा कर भन्सारमा व्यापक रूपमा घोटाला हुँदै आएको छ ।

जीवन दुई दिनको यात्रा हो । यो पृथ्वीमा सबैले मिलेर बाँच्नुपर्छ । सबैको भलाइका लागि काम गर्नुपर्छ भन्ने मान्यताका साथमा समाजमा सबैले मिलेर सबैका लागि भलाइको निमित्त काम गरि अघि बढेमा मानिसका समाजहरू समृद्ध र समुन्नत बन्दछन् । चिनी धेरै खाएपछि तितो हुन्छ भनेजस्तै अस्वस्थ प्रतिस्पर्धा र गलत

तरिकाले भौतिक सम्पतिको सञ्चयमा लाग्दा मानिसलाई भौतिक तनावले जीवनमा अनेक समस्या आएर अल्पायुमा जीवन समाप्त हुन जान्छ । विश्वमा केही सन्की शासक तथा घमन्डी तानाशाहको प्रवृत्तिले कतिपय निर्दोष देशहरूका सामान्य नागरिकहरूले समेत त्रासमय तथा तनावमय जीवन बिताउनुपरेको छ ।

हाल विश्वमा मानिसहरू कमजोर आर्थिक अवस्था तथा विभिन्न युद्धका त्रास पारिवारिक तनावको कारणले गर्दा सानाठूला मानसिक रोगीहरूको सङ्ख्या बढ्दै गएको छ । एक समय विश्वभरि साम्राज्य विस्तार गरेको बेलायतको सामाज्यको उपनिदेश जोगाउने अभियानमा नेपाललगायत विश्वका धेरै देशहरूले सैनिक सहायता गरेर साथ दिँदा त्यस समयमा कैयौं नेपालीलगायतका सेनाहरू बेपता पारिए अनि मारिए । अन्त्यमा वेलायत सरकारले कब्जा गरिएका उपनिवेश सम्बन्धित देशलाई फिर्ता दिएर आफ्नो देशमा फर्कनुपऱ्यो । जर्मनका नाजी शासक हिटलरको दम्भका कारण दोस्रो विश्वयुद्ध भयो । पहिलो र दोस्रो विश्वयुद्धमा विश्वका देशहरूको खरबौँको सम्पति क्षति भयो भने लाखौ लाख सेना तथा सर्वसाधारण मानिसहरू युद्धमा मारिए । हिटलर आफूले अन्त्यमा आत्महत्या गरे । दोस्रो विश्वयुद्धपछि पनि कतिपय शासक तथा राजनीतिक शक्तिले सत्तामा टिकिरहने तथा आफ्नो नियन्त्रण र तजविजमा शासन व्यवस्था सञ्चालन गर्न चाहेको कारणले भएको द्वन्द्वको कारणले गर्दा आज पनि विश्वमा खरबौँको सम्पतिको क्षति तथा लाखौँ मानिसले जीवन गुमाइरहेका छन् ।

ईश्वरको सुन्दर सृष्टि संसारमा दैवीशक्तिलाई आत्मसात गरी शिक्षा र विकास-प्रविधिको आध्यत्मिक शक्तिलाई जीवनको प्रमुख सिद्धान्त मानेर भौतिक तथा प्राविधिक तत्वहरूको उपयोग गर्दै समग्र रूपमा समाजमा सबै मानिसले सामुहिक रूपमा मिलेर सबैको भलाईका लागि काम गरेमा समाजमा मानिसका जीवनयात्राहरू सुखी, सम्बृद्ध तथा शान्तिमय बनाउन सकिन्छ ।

●

# उद्देश्य, योजना र मिहिनेत

मानिसले जीवनमा सफलता प्राप्त गर्न आफ्नो योग्यता र क्षमता अनुसारको उद्देश्य राख्नुपर्दछ । आफ्नो ज्ञान, सीपको क्षेत्रमा उद्देश्यका साथ ढुक्क भएपछि मानिसले आफ्नो सीप, क्षमता, अनुभव र समाजको आवश्यकता अनुसारको काम, व्यवसायमा योजना बनाएर निरन्तर मेहनत गरेमा मानिसहरूले जीवनयात्रामा उन्नति, प्रगति गर्न सक्दछन् । उद्देश्य, योजना र निरन्तरको मेहनतले मानिसको जीवनयात्रालाई सफलतामा पुऱ्याउँछ । आफूले काम गरेको तथा अध्ययन गरेको क्षेत्रको गहिराइसम्म अध्ययन गरेर त्यसको वास्तविकता थाहा पाएर मानिसले आफूले यो काम गर्न सक्छु भन्ने ढुक्क भएर उद्देश्य राख्नुपर्दछ ।

अध्ययनबाट निश्चित चरणका शिक्षाहरू सम्पन्न गरी पढाइलेखाइमा राम्रो क्षमता भएका विद्यार्थीहरूले देश तथा विदेशका प्रतिष्ठित विद्यालय, विश्वविद्यालय बैङ्क, अस्पताल, प्रशासनिक प्रतिष्ठान तथा विभिन्न राष्ट्रिय अन्तराष्ट्रिय संस्थाहरूमा योगदान गरी घरपरिवार सञ्चालन गरी समाज र देशलाई योगदान गर्न सक्छन् ।

पढाइको स्तर कमजोर भएका विद्यार्थी तथा युवा जनशक्तिहरूलाई राज्य सरकारले कृषि, पशुपालन तथा विभिन्न क्षेत्रका व्यवसायमा इच्छा अनुसारको तालिम गरेर सीप सिकेर रोजगारीमा समावेश हुन पाउने तथा व्यवसाय गर्न पाउने अवसरहरू दिइरहेको छ । यसरी शैक्षिक अवस्था कमजोर भएका मिहिनेती विद्यार्थी तथा युवाका लागि राज्यले अरबौंको रकम लगानी गरेर तालिम तथा व्यवसाय सञ्चालनका लागि पुँजीसमेत उपलब्ध गराउँदै आएको छ । विषयवस्तुको ज्ञान भएपछि उद्देश्य र योजनाले मानिसको ५०% काम सम्पन्न हुन्छ । बाँकी ५०% भनेको निरन्तरको

मिहिनेतले समयसापेक्ष तरिकाले अगाडि बढेमा मानिस व्यवसायिक सफलता प्राप्त गर्न सक्दछ ।

कुनै पनि काम गर्न न्यूनतम अनुभव, विषयवस्तुको ज्ञान भएपछि आफ्नो सीप र क्षमताले भ्याउने काम गर्ने उद्देश्य राखेपछि दृढ रूपमा उद्देश्यमा प्रतिवद्ध भएर मानिसले आफ्नो आर्थिक क्षमता अनुसारको योजना बनाएर अगाडि बढ्नुपर्छ । आफूले जानेको ज्ञान, सीप भएको काममा आत्मविश्वासका साथ उद्देश्य, योजनाका साथ निरन्तर मिहिनेत गरेमा मानिस पेशा व्यवसायमा अवश्यनै सफल हुन्छ । मकै भटमासको दाना पनि खेती गर्ने समयमा जमिनमा रोपेर मात्र उत्पादन लिन सकिन्छ । त्यसका लागि रोपेर मात्र हुँदैन आवश्यक पानी, मल, गोडमेलको आवश्यकता पर्दछ । खेती गर्ने समयमा मकै भटमासको बिउ पसल गोदाम भाँडामा राखेर उत्पादन लिन सकिदैन, त्यसैगरी जीवनको उर्जाशील उमेर १८ वर्षदेखि ४५ वर्षसम्म मानिसले आफ्नो ज्ञान, सीप र क्षमताको क्षेत्रमा कडा मिहिनेत गरेर काम गर्नुपर्दछ ।

पढाइलेखाइ शिक्षाको क्षेत्रमा उत्कृष्ट विद्यार्थीहरूले स्नातक अथवा स्नातकोत्तरसम्मको अध्ययन पुरा गरेपछि तुरुन्तै आफ्नो अध्ययनको क्षेत्र अनुसारको काम व्यवसायमा लागेर आफू तथा आफ्ना घरपरिवारलाई आर्थिक योगदान गरी सक्षम जीवन बिताउनुपर्दछ । पढाइमा कमजोर शैक्षिकस्तर भएकहरूले रुची र क्षमता अनुसारको प्राविधिक सीप सिकेर २१ वर्षको उमेरदेखि श्रम तथा व्यवसायमा लाग्नुपर्दछ ।

आ-आफ्नो सीप क्षमता अनुसारको काममा दृढ उद्देश्यका साथ लागेर त्यसको गहिराइमा पुग्ने योजना बनाएर मिहिनेतका साथ अगाडि बढेमा समाजमा मानिसहरू कोही मध्यम, कोही सामान्य मात्रमा भएपनि व्यवसायिक सफलता प्राप्त गर्न सक्छन् । विश्वका धेरै सफल व्यवसायिक व्यक्तिहरू पहिले सामान्य व्यवसायिक स्तरबाटै पछि जीवनको उच्च सफलतामा प्रवेश गरी खर्बौपति धनाढ्यको सूचीमा पुग्न सफल भएका छन् ।

वास्तवमा समय परिवेशले साथ दिने हो भने र मानिसले अवसर पाएर अवसरको उचित प्रयोग गर्न सक्ने हो भने प्रगति गर्न समाजमा तल्लो तहको कमजोर आर्थिक अवस्था भएका परिवारका नवआगन्तुक जेहेन्दार प्रतिभाशाली विद्यार्थी तथा युवाले बढी मात्रामा गरेका छन् । मध्ययमवर्गीय तथा धनाढ्य समूहका बहुसङ्ख्यक सन्ततिहरूलाई खान, बस्न र बाँच्नका लागि खासै समस्या नपर्ने कारणले गर्दा उनीहरू धेरै मिहिनेत गर्न चाहदैनन जीवनको सङ्घर्ष र दुःखको बारेमा उनीहरूलाई खासै जानकारी हुँदैन । सित्तैंमा खान बस्न पल्केका ९५% नवयुवा तथा विद्यार्थीले काम व्यवसाय गरेर आफैँ स्वावलम्बी बन्न चाहँदैनन् ।

बढ्दो शहरीकरण तथा धनी छिमेकीहरूको ठाटबाट अनुसार जीवनशैली चलाउन खोज्ने तर काम व्यवसाय केही नगरी सितैमा खान खोज्ने बहुसङ्ख्यक नवयुवाहरूको जनशक्तिका कारण नेपालको राष्ट्रिय आर्थिक अवास्था पनि कमजोर बन्दै गएको छ । अस्थिर राजनैतिक सरकारहरू पनि दूरदर्शी नेतृत्वको कमीले गर्दा नेपालमा राजनैतिक व्यवस्था फेरिए पनि देशले ठूलो रूपमा आर्थिक परिवर्तन गर्न सकेको छैन । आज सागसब्जीदेखि दाल, चामलसमेत अरवौं मूल्यको खाद्यन्नहरू समेत विदेशबाट आयात गर्नुपरेको छ ।

विश्वको सुन्दर प्राकृतिक सम्पदाको देशमा बसेर नेपालले आफूलाई कृषिप्रधान देशको सूचीमा राखेको देशमा अरबौंको कृषि उपज खाद्यन्न विदेशबाट आयात गर्नुपर्ने अवस्था वास्तवमा नेपाल देशको अर्थतन्त्रका लागि ठूलो चुनौती पनि हो । काम कुनै पनि सानो ठूलो हुँदैन आफ्नो सीप र क्षमता अनुसारको कामको गहिराइमा पुरेर दृढ विश्वासका साथ योजनाबद्ध तरिकाले काममा निरन्तर रूपमा लागेमा मानिसले काम व्यवसायबाट सफलता प्राप्त गर्न सक्दछ ।

नेपालको राष्ट्रिय अर्थतन्त्रको आर्थिक अवस्था कमजोर भएता पनि वि. सं. २०४६ सालको प्रजातन्त्र पुनः स्थापना भए पछिका सरकारहरूले क्रमशः गरेका सुधारका कार्यक्रमहरूले गर्दा युवाहरूलाई व्यवसाय गर्न पञ्चायती व्यवस्थाको समयमा भन्दा धेरै

सहज भएको छ । हाल सरकारले कृषि बिमा, पशुपक्षीको बीमा, व्यवसायमा बीमा अनुदान तथा सहुलियत दरमा ऋण उपलब्ध गराएको कारण व्यवसाय गर्न चाहनेहरूलाई धेरै सजिलो भएको छ । गाउँगाउँमा सबै ठाउँमा नभए तापनि धेरै ठाउँमा पुगेको कच्ची तथा केही प्रमुख बाटोहरू पनि धमाधम कालोपत्रे पीच भएका कारणले ग्रामीण क्षेत्रमा समेत कृषि उपज ल्याउन लैजान सजिलो भएको छ ।

मानिसले उद्देश्य र योजनालाई उच्च सोचका साथ मनमा राखेर कार्यान्वयन गर्न अगाडि बढ्नुपर्दछ । श्रम र मिहिनेतलाई प्रमुख व्यवसायिक मन्त्रका रूपमा लिनुपर्दछ । त्यसैले त महाकवि लक्ष्मीप्रसाद देवकोटाले आफ्नो कवितामा ठूलो के हो जगतमा पसिना विवेक, उद्देश्य के लिनु उडी छुनु चन्द्र एक भनेका छन् । अरूले सितैमा दिएको रु. २००० भन्दा आफैँले दिनभर परिश्रम गरेर कमाएको रु. ५००।- को ठूलो महत्त्वपूर्ण हुन्छ । किनकी आफूले श्रम गरेर कमाएको ५००।- मा दिनभरिको श्रम, पसिना र कामको महत्त्व रहेको हुन्छ । मानिसले आफूले काम गरेर कमाएको रकममा उसले दुःख र परिश्रम बुझ्न सक्दछ ।

अहिलेका नवयुवा पुस्ताहरू सूचना प्रविधिको बढ्दो प्रयोगसँगै अनाश्वयक मोवाइल कम्प्युटरको प्रयोग तथा अन्य कुलतमा लागेर सित्तैँमा काम नगरी खान खोज्ने बानीबेहोराका कारणले गर्दा उनीहरूको जीवनस्तर सामाजिक रूपमा पछि पर्दै गएको छ । आवश्यकता अनुसार मात्र सही सूचना प्रविधिको उपयोग गरी युवाहरूले काम तथा मनोरन्जनको समयलाई सही किसिमले व्यवस्थापन गरेमा मात्र जीवन सफल बनाउन सकिन्छ । आफ्ना छोराछोरी सन्तानका लागि लाखौँदेखि करोडौँको सम्पति लगानी गरेका आमाबुबालाई आफ्ना सन्ततिहरूले समयमै सही बाटोमा लागेर आफू सक्षम असल नागरिक बनेर घरपरिवार समाजलाई योगदान गरेमा उनीहरूको सपना साकार भई त्यस घरमा सुख-शान्ति र सम्बृद्धि आउँछ । सीप र क्षमता अनुसारको काममा दृढ रूपमा लागेर योजनावाद्ध तरिकाले युवाहरूले काम व्यवसायमा

निरन्तर लागेर राम्रो परिश्रम गरेको खण्डमा ९९% युवाहरू काम व्यवसायमा सफल हुन्छन् ।

आम्दानीभन्दा खर्च बढी गर्ने, अखाद्य पदार्थको सेवन गर्ने, गलत काम तथा कूलतमा लागेका मानिसको सङ्गत गरेमा मानिसहरूको जीवन बर्वाद हुन्छ । त्यसैले युवाहरूले गलत बाटोलाई पूर्ण रूपमा परित्याग गरी दृढ आत्मविश्वासको साथ सीप क्षमता अनुसारको काममा योजनाबद्ध तरिकाले मिहिनेतका साथ लागेमा जीवन सक्षम र समृद्ध बनाउन सकिन्छ । अहिलेका अधिकाङ्श युवाहरू काम नगर्ने तर राज्यसँग बेरोजगार भत्ता लेउ भनेर माग गरिरहेका छन् । देशका कृषिजन्य ५०% जमिन खाली र बाँझो राखिएका छन् ।

नेपालको राज्य सरकारले शैक्षिक स्तर कमजोर भएका युवा जनशक्तिलाई कृषि, पशुपालन, विकास-निर्माण कार्यमा तालिम दिएर उचित रूपमा परिचालन गरेर वार्षिक रूपमा अरबौंको कृषि उपज आयात गर्नुपर्ने अवस्थालाई अन्त्य गर्नुपर्दछ । देशको अर्ध शिक्षित तथा अर्धदक्ष श्रम शक्ति अरबको मरुभूमिमा निर्माण क्षेत्रमा कठीन परिश्रम गर्न लाखौँको सङ्ख्यामा गइरहेका छन् तर नेपालमा सरकारले उपलब्ध गराएको अनुदानमा कृषि तथा पशुपालन गर्न तयार छैनन् । धेरै यस्ता हाम्रा श्रम शक्तिहरू विदेशको कठिन श्रमको अनुभवपछि नेपालमै आएर राम्रोसँग व्यवसाय सञ्चालन गरेर बसेका छन् ।

सुनको कचौराजस्तो देशमा रहेका नेपालीहरू आफ्नो देशमा लसुन रोपेर तथा कृषिजन्य व्यवसाय गरेर पनि आफ्नै जमिन तथा आफ्नै गाउँघरमा सुन फलाउन सक्ने जनशक्ति अर्धदक्ष कामदारका रूपमा विदेशी भूमिमा गएर कडा श्रम गरी सामान्य जीवनस्तर सञ्चालन गर्न पनि असक्षम हुने अवस्थाको आर्थिक उपार्जन वास्तवमा साह्रै पीडादायी अवस्था हो । सरकारले उचित नीति-नियम तथा व्यवस्थापन गर्न नसक्दा विज्ञ तथा प्राविधिक क्षेत्रमा देशलाई आवश्यक पर्ने जनशक्ति पनि धमाधम बाहिरिएका छन् ।

घरपरिवार तथा आफन्तबाट टाढा हुनुपर्ने अवस्थाको अन्त्य गरी राज्यले बेलैमा उचित नियम कानून तथा अवसरको सृजना गरी विज्ञ तथा दक्ष जनशक्ति देशबाट पलायन हुने अवस्थाको अन्त्य गर्नुपर्दछ । अहिलेको ग्लोबल डिजिटल भूगोलको संसारमा नेपालीहरूले पनि अवसर पाएमा प्राविधिक क्षेत्रमा ५-७ वर्ष काम गरी विदेशमा सिकेका सीपलाई नेपालमा ल्याएर थप नवयुवाहरूलाई काम व्यवसायमा लगाएर रोजगारी प्रदान गरी नेपाललाई सक्षम र समृद्ध देश बनाउन राजनीतिक नेतृत्व तथा नागरिक समाज मिलेर अघि बढ्नुपर्दछ ।

●

# मानिसका लागि खराब तत्त्वहरू

मानिस सामाजिक प्राणी हो । पृथ्वीमा मानिसको सृष्टि विकाससँगै विभिन्न खाद्यन्न तथा बस्तुहरू प्रयोग तथा उपयोगमा मानिसले ल्याउन थाले । ईश्वरको सुन्दर सृष्टि पृथ्वीमा वास्तवमा ईश्वरले मानिसलाई सुन्दर पृथ्वी, प्राकृतिक स्रोत तथा अमूल्य जीवन मानिसलाई दिनुभएको छ । पृथ्वीमा मानिसको समाजको विकाससँगै कतिपय वनस्पतिहरूको गलत प्रयोग पनि हुन थाल्यो । शिक्षा, विज्ञान र प्रविधिको विकास सँगै आज मानिसहरूबाट दैनिक उपयोगका वैधानिक सामानहरू लगायत कतिपय गलत मानिसहरू जीवनका लागि अत्यन्तै हानीकारक लागु पदार्थसमेत नियम-कानूनको चुनौती बोकेर ओसारपसार गरिरहेका छन् । राज्य सरकारले मानिसको स्वास्थ्यमा गम्भीर असर पार्ने चुरोट, बिँडी, तम्बाकु, खैनी गुट्खा तथा मदिराजन्य विभिन्न रक्सीहरू उत्पादन तथा बिक्री गर्न दिएर वास्तवमा विश्वमा मानव समुदायमा राज्य सरकारले राजस्व, कर उठाउने नाममा मानव जीवनमा खुल्ला चुनौती तथा रोगहरू थपिदिएका छन् ।

प्राचीन तथा मध्यकालीन कृषिको समयमा मानिसले शरिरलाई तातो बनाउनका लागि उपयोगमा ल्याएका चुरोट, बिँडी तथा सामान्य घरेलु मदिराहरू आज विभिन्न नाम र ब्राण्डका आवरणमा उत्पादन तथा बिक्री वितरणले राज्यलाई केही राजस्व उठेता पनि नागरिकहरूको अरबौँको सम्पति र राज्यको अरबौ, खरबौँको सम्पत्ति नागरिकहरूको औषधि-उपचार र स्वास्थ्यका लागि खर्च गर्नुपरेको छ । धुम्रपान, मदिरापान स्वास्थ्यका लागि हानिकारक छ भन्ने तर उत्पादन नै बन्द गर्न नसक्ने सरकारी नियमका कारण वास्तवमा सुर्ती तथा मदिराजन्य रोगहरू दिन २ गुना रात ४ गुना बढिरहेका छन् । नेपालमा त अस्पतालका गेट छेउमा समेत खुलेआम सुर्तीजन्य पदार्थहरू बिक्री भइरहेका छन् । कमजोर सरकारी नियमन निकायका

कारण असक्षमताले गर्दा सार्वजनिक बाटो तथा खाजा पसलमा समेत हिँड्ने तथा खाजा खानसमेत धुम्रपानको धुवाको असरले गाह्रो परिरहेको छ । वास्तवमा राज्य सरकारले सुर्ति तथा रक्सीजन्य पदार्थको उत्पादन तथा आयात नै बन्द गरिदिने हो भने सूर्तीजन्य पदार्थ तथा रक्सीजन्य पदार्थबाट हुने मानवीय स्वास्थ्यमा अरबौँको उपचार खर्च बचाउन सकिन्छ ।

मानिसको अमूल्य जीवन सिधै बिनास र कष्टका लागि होइन । जीवन अमूल्य छ यसलाई उचित किसिमले स्वास्थ्य, सामाजिक र कानूनी परिधिभित्र रहेर अनुशासित तरिकाले सञ्चालन गर्नुपर्दछ । विश्वका शक्तिसम्पन्न देशहरूले समेत रक्सी तथा सूर्तीजन्य पदार्थको उत्पादनलाई पूर्ण रूपमा बन्द गरेर खाद्यन्न, सागसब्जी, फलफुल लगायतका उत्पादनमा विशेष ध्यान दिनुपर्दछ । सार्क मुलुक भारत तथा भुटानले समेत आफ्नो देशमा निश्चित ठाउँमा मात्र चुरोट र रक्सी बेच्छन् तर नेपालमा भने अस्पतालको गेटमा चुरोट र सुर्तीजन्य पदर्थ तथा घरैपिच्छे रक्सी पसल सञ्चालनमा छन् । विकास प्रविधि यातायातको सहजतासँगै हाल विश्वमा कानून द्वारा प्रतिबन्धित लागु औषधि तथा हिरोइन, अफिमजस्ता मानिसका स्वास्थ्यका लागि घातक पदार्थहरू पनि तस्करी तथा कुलतमा लागेका मानिसको गिरोहहरूले कानूनी चुनौती बेहोरेर उच्च जोखिम मोलेरसमेत ओसारपसार गरिरहेका छन् ।

आज विश्व समाजमा अभिभावक तथा राज्यले करोडौँ लगानी गरेर हुर्काएका बढाएका आफ्ना सन्तति नवयुवाहरू समेत यस्ता कुलतमा लागेर लाखौ रकम खर्च गरी सुधार गृहमा राख्नुपर्ने तथा जीवन वर्वादी र अल्पायुमा समाप्त भएका छन् । सुर्तीजन्य पदार्थको सेवनको धुवाँले अरूलाई असर गर्नुका साथै स्वयं ब्यक्तिलाई टिवी, क्यान्सरलगायतका उच्च जोखिममय रोगहरू लाग्दछन् भने रक्सीको कुलतमा लागेका मानिसले करोडौँ सम्पति सकेका काम व्यवसाय छोडेर जीवन बर्वाद पारी आफू वेवारिसे बनी परिवारलाई ठूलाठूला पीडा दिएको घटना हामीले हाम्रा समाजमा देखेका छौँ ।

त्यसकारण रक्सी तथा सूर्तीजन्य पदार्थलाई पनि उच्च खतरा सेवनको सूचीमा राखेर विश्वका सम्पूर्ण सरकारले उत्पादन बन्द गर्नुपर्दछ । उत्पादन नै बन्द भएपछि बजारमा नपाइने चिज वस्तुको समाजका मानिसहरू तथा नवसन्ततिले सेवन गर्ने काम आफैँ रोकिन सक्छ र हामीले पृथ्वीमा स्वस्थ र शान्त वातावरणमा जीवनयापन गरी सम्पूर्ण घरपरिवार समाज र देशमा आर्थिक समृद्धि तथा उन्नतिको बाटोमा जीवनयात्रा गर्न पाउँछौँ ।

विश्वमा मदिरा तथा जुवाघरले धेरैको घरसम्पत्ति तथा जीवन छोटो अवधिमै समाप्त भएको छ । यस्तै नेपालमा पनि वि. सं. २०५८ साल जेठ १९ गते राति मदिराको मातमा नेपालका तत्कालीन युवराज दिपेन्द्रले चलाएको स्वचालित हतियार (स्वचालित राइफलको) प्रयोगले आफ्ना आमाबुबा, भाइ, बहिनीलगायतको हत्या गरी आफैँलाई समेत समाप्त गरेका थिए । राजदरवारमा मदिराको प्रयोग प्रतिबन्धित थियो भने यस्ता अकल्पनीय घटना तत्कालीन राजा बीरेन्द्रका परिवार तथा आफन्तहरूले व्यहोर्नुपर्ने थिएन ।

मानिसलाई कुलतको नशा तथा कुलतको मार्ग अचम्मको हुन्छ, घरमा दैनिक एक लिटर दुध किनेर परिवारलाई खानदिन बेवास्ता गर्ने मान्छे दैनिक २-३ सयको सूर्तीजन्य पदार्थ सेवन गरिरहेका छन् । दैनिक ४-५ सयको सब्जी तथा फलफुल किनेर घरपरिवारलाई दिन वेवास्ता गर्ने कतिपय मानिस दैनिक ४-५ हजारको मदिराजन्य पदार्थमा अनाश्वयक खर्च गरिरहेका छन् । मदिराको सेवनले मानिसको स्वास्थ्यमा चाँडै समस्या आउने, लाखौँ, करोडौँ उपचार खर्च लाग्ने, मानिस कुलतमा लागेर काम व्यवसाय छोड्ने, करोडौँको सम्पत्ति सक्ने, परिवारका विचल्ली हुने, विभिन्न सानादेखि ठूलाठूलासम्मका अपराधिक कार्यसमेत हुने गरेका छन् । त्यसैले नागरिक तथा राज्यको करोडौँ तथा अरबौँको धन र अमूल्य मानिसको जीवन रक्षाका लागि यस्ता अखाद्य सूर्तिजन्य पदार्थ तथा रक्सीजन्य पदार्थको उत्पादन नै बन्द गरेमा समाज तथा सम्पूर्ण विश्वका देशका नागरिकहरूको स्वास्थ्य र वातावरणलाई स्वच्छ र सफा राख्न सकिन्छ ।

पृथ्वीमा ईश्वरको सुन्दर सृष्टिमा वास्तवमा मानिसको जीवनका लागि प्रमुख चुनौतीहरू खराब तत्व भनेका सूर्तीजन्य पदार्थ, रक्सीजन्य पदार्थ, लागूऔषध, जुवातासका खेलौना घर, वैधानिक तथा अवैधानिक सञ्चालनमा रहेका यौन व्यवसायका स्थलहरू प्रमुख मानिसको खराब वस्तु तथा तत्वहरू हुन । सूर्तीजन्य पदार्थको सेवनले अरूलाई समेत असरदेखि दम, टिवि, क्यान्सर लगायतका घातक रोगहरू लाग्ने र करोडौँको धनसम्पत्ति समाप्त भई अल्पायुमा मानिसहरू बितेका छन् तथा परिवारको बिजोक भएको छ । त्यस्तै रक्सी तथा लागूऔषधजन्य पदार्थको सेवनले पनि, टिवी, क्यानसर लगायतका विभिन्न घातक रोग लागेर सम्पूर्ण सम्पत्ति उपचारमा खर्च गर्नुपर्ने अवस्था तथा अल्पायुमा मानिसको जीवन समाप्त भएको हामीले देखेका छौँ । विश्वमा खुलेका सानादेखि ठूलासम्मका जुवातास घरले मानिसको सम्पत्ति एकै दिनमा समाप्त भई घरपरिवारको विजोग तथा कैयौँ अकल्पनीय घटना भएका छन् । त्यसै गरी अवैधानिक तथा वैधानिक रूपमा खुलेका यौन व्यवसायका केन्द्रहरूले समाजमा मानिसको सम्पत्तिको समाप्त तथा विभिन्न घातक सरुवारोग लागेर अल्पायुमा मृत्यु भई परिवारका सदस्यको विजोग भएको छ ।

गाँस, बास, कपास पछिको चौथो आवश्यकता मानिसका लागि जवानी उमेरमा यौन आवश्यकता पनि एक प्रमुख आवश्यकता हो । बेला उमेर पुगेपछि विश्वको वर्तमान शिक्षित २१ औँ शताब्दीको समाजमा कानूनले व्यवस्था गरे अनुसारको नियम परिधिभित्र रहेर मानिसले वैधानिक रूपमा १ जनासँग मात्र विवाह गरी आफ्नो बेला उमेरमा आफ्नो जीवन साथीसँग मात्र यौनसम्पर्क गरी यौन चाहना पुरा गरेर २ सन्तान मात्र जन्माउने तथा हुर्काउने कार्यमा लागेर आफ्नो पारिवारिक कर्तब्य पुरा गर्नु मानिसको कर्तब्य हो । शारिरीक रूपमा असक्षम बाहेक योग्य मानिसले कानूनले निर्देशित परिधिभित्र रही वैवाहिक सम्बन्ध कायम गरी सन्तान जन्माउनु हुर्काउनु भनेको भावी पुस्ता विश्वका लागि समर्पण गर्नु पनि हो । यसरी नै यो सृष्टि संसार चलिरहन्छ ।

विश्वका कतिपय धार्मिक समुदायमा जीवन दुःखको महासागर हो भनेर मानिसहरू विवाह तथा सन्तान जन्माउने काम गर्दैनन । जन्म पनि मानिसको दुःखको शुरुआत हो भन्ने उनीहरूको एक किसिमको सामाजिक धारणा छ । त्यही कुरालाई सामाजिक मान्यता दिएर आज कतिपय धार्मिक समुदायका मानिसहरू विवाह नगर्ने तथा सन्तान नजन्माउने सङ्कल्प गरेका छन् । एकल भिक्षु जीवन पनि बिताएका छन् । यी सबै आ-आफ्ना व्यक्तिगत स्वतन्त्रताका बाटोहरू हुन् । विश्वमा मानिसहरू शिक्षा विकाससँगै शहरी जीवनशैली तथा कृषि तथा सानातिना कामहरू नगर्ने हिपहप बनेर हिँड्नुपर्ने कतिपय मानिस वैदेशिक रोजगरीमा गएका बेला उमेरमा परिवारबाट टाढा बस्नुपर्ने बाध्यता तथा विशेष गरी शहरी जीवनशैलीमा कतिपय लेडिजहरूले सजिलै पैसा कमाएर बाँच्ने पेशा यौन व्यवसाय अँगाल्ने र ढिलो विवाह भएका तथा श्रीमान्-श्रीमतीबाट टाढा भएका कतिपय बानी बिग्रिएका नारी पुरुषहरूको कारणले गर्दा वैध तथा अवैधानिक यौन व्यवसाय सञ्चालन भएका छन् ।

नेपालमा यौन व्यवसायलाई वैधानिक मान्यता दिइएको छैन तर विश्वका कतिपय देश भारत, थाइल्यान्डलगायतका देशमा राज्यद्वारा वैधानिक रूपमा कानुनी मान्यता पाएका यौन केन्द्रहरू सञ्चालनमा रहेका छन् । विश्वमा कतिपय देशमा ती वैधानिक यौन केन्द्रमा उमेर पुगेका महिला पुरुषले यौनकार्य सञ्चालन गरेका छन् । कतिपय देशमा मानव तस्कारहरूले रोजगारीको नाममा झुक्याएर नारीहरूलाई यौन व्यवसायमा पुऱ्याएर जीवनमा अकल्पनीय घटनाहरू पनि घटेका छन् । अहिले राज्यद्वारा कडा कानूनी प्रावधानको कारणले गर्दा नेपाली नारीहरू यस्तो कार्यमा मनाव तस्कारले पुऱ्याउने कार्यमा धेरै नै कमी आएको छ ।

नेपालबाट छिमेकी भारतमा आजभन्दा १०-१५ वर्ष अघिसम्म सयौँ चेलीहरूलाई मानव तस्कारले विभिन्न प्रलोभन, बाहना र जालसाँजी गरी लगेका थिए । वि.सं २०५०-५२ को दशकमा केही नेपाली चेलीहरूलाई त्यहाँको प्रशासन तथा मानव-अधिकारवादी संस्थाको पहलमा उद्धार गरिएको थियो । हामी नेपालीले यस्ता

घृणित कार्यलाई रोकेर वैधानिक सभ्य समाजको बाटोमा अघि बढ्नुपर्दछ ।

शिक्षा तथा विकासको प्रविधिले मानिसको समाजमा धेरै विकास गरे तापनि अझै पनि कतिपय अशिक्षित समाजमा मानिसहरू केही रुढीवादी कुरामा विश्वास गरेर सामाजिक कलङ्क मच्याइरहेका छन् । नेपालमा पनि सामाजिक रुढीवादी कलङ्कको एक कलङ्क बोक्साबोक्सी भन्ने आरोपको कलङ्कले अझै पनि कतिपय अशिक्षित तथा पुरातनवादी रुढीवादी सोच भएका मानिसहरूमा कायमै छ । मानिसहरू तान्त्रिक हुन्छन् उनीहरूले आफ्नो तान्त्रिक शक्तिले अरूलाई बिरामी पार्ने, वस्तुभाउको बिरामी तथा मृत्यु गराउनेजस्ता आधारहीन कुरामा विश्वास गर्ने गरेका कारण कतिपय पुरातन सोच भएका अर्धशिक्षित तथा खास गरी निरक्षर मानिसहरू यस्ता कुरामा विश्वास गर्दछन् । आफ्नो टोल छिमेकमा रहेका गरिब तथा असहाय र खास गरी गरिब तथा एकल मान्छेहरूलाई यस्तो अभियोग लगाएर मानसिक तथा शारिरिक यातना दिने तथा अप्रिय घटना घटाउने गरेका छन् । बिचरा मानिसले तान्त्रिक शक्तिले अरूलाई सखाप पारी आफू शक्तिशाली बन्न सक्ने भए त्यस्ता मानिसले सबैलाई सखाप पारी समाजमा अझै धनी बनेर दीर्घायु उमेरसम्म स्वस्थ तथा सम्पन्न जीवनशैलीमा बाँच्ने थिए । यो एउटा अशिक्षित तथा रुढीवादी मानिसको पुरातन सङ्कीर्ण सोच मात्र हो ।

सृष्टिकी जननी नारीलाई नै ९९% यस्ता अभियोग लगाएर मानसिक तथा शारिरिक यातना दिएको हामीले ठाउँठाउँमा देखेका छौँ । यो सबै आधारहीन र तथ्यहीन रुढीवादी सोच मात्र हो । शिक्षाको विकाससँगै मानिसहरूमा पनि यथार्थपरक सत्यता खोज्न सक्ने चेतना र सोचको विकास भएको छ । राज्य सरकारले पनि यस्ता रुढीवादी संस्कारमा लागेर समाजमा अरूलाई दुःख दिने महामुर्खहरूलाई सामाजिक भेदभाव र कसुर अनुसारको दण्डसजायको व्यवस्था गरेको छ । अहिले स्थानीय सरकारले समेत आफू तथा विभिन्न सङ्घ-संस्था र समाजसेवीको अगुवाइमा यस्ता गलत सामाजिक रुढीवादीका कुसंस्कारलाई हटाउने अभियान

सञ्चालन गरेको छ । हामी सबै सचेत नागरिक मिलेर यस्ता गलत रुढीवादी कुसस्कारलाई हटाउन एकजुट भएर अघि बढ्नुपर्दछ ।

शिक्षा प्रविधिले गरेको विकास तथा स्वतन्त्रताको नाममा समाजमा मानिसहरू नेपालमा समेत नारी तथा पुरुषहरू आपत्तिजनक पोशाकहरू लगाएर हिँड्ने १० वर्षको उमेर नै नपुगेकाहरूले समेत नौ रङ्ग पाराङ्गहरू कपालमा पालिस गर्ने, बाँदरे शैलीमा सद्दे कपडालाई प्वाल पारेर लगाउने, आँखीभौमा समेत मुन्द्रा लगाउने, फेसन कतिले गरेको देख्दा साँच्चिकै यो पृथ्वीमा अब मानिसहरू काम व्यवसाय र सलिन भद्र व्यक्तित्वमा होइन यस्तै उल्टाङ्ग, पाल्टाङ्ग, तोरी लाउरे संस्कारमा रम्न चाहेको अनुभव गर्न सकिन्छ । पृथ्वीमा प्राकृतिक स्रोतको दोहन तथा विनाश र वायु प्रदूषणले मानिसका लागि जीवनयात्रामा चुनौंती, समाजमा विभिन्न सामाजिक विकृतिले गर्दा साँच्चिकै मानिसको समाज तथा संसार समाप्तिको बाटोमा जान लागेको अनुभव गर्न सकिन्छ । वास्तवमा जीवन अमूल्य अनि प्रकृतिको सुन्दर फुल हो । यो अमूल्य जीवनमा सृष्टिको सुन्दर फूललाई विभिन्न खालका खराब चिज वस्तुलाई परित्याग गरी मानिसले सम्पूर्ण विकृतिलाई परित्याग गरी सभ्य र असल नागरिक बनी सादा जीवन उच्च सामाजिक बिचारको मार्गमा सधैँ लाग्नुपर्दछ ।

●

# नेपालमा सगरमाथा र गौतम बुद्ध

विश्वको सबैभन्दा अग्लो ८८४८ मिटरको सगरमाथा हिमाल नेपालमा पर्दछ । हिमाल, पहाड, तराईको मनोरम प्राकृति सम्पदाले भरिएको नेपालमा विश्वका ८००० मिटरका १४ हिमालमध्ये ८ वटा हिमाल पनि नेपालमा पर्दछन् । सगरमाथा हिमाल नेपालको पूर्वी क्षेत्रको सगरमाथा अञ्चलको सोलुखुम्बु जिल्लामा पर्दछ । विश्वको सर्वोच्च हिमाल सगरमाथामा वि. सं. २०१० साल जेठ १६ गते (1953 May 29) न्यूजिल्यान्डका हिमाल आरोही एडमन्ड हिलारी र नेपालका तेन्जिङ नोर्गे शेर्पाले पहिलो पटक सगरमाथाका शिखरमा पुगेर आफ्नो नाम प्रथम सगरमाथा हिमाल आरोहीको सूचीमा दर्ता गर्न सफल भएका थिए । एडमन्ड हिलारी र तेन्जिङ नोर्गे शेर्पाले सगरमाथा सफल आरोहण गरेपछि नेपालको सगरमाथाको थप चर्चा विश्वभरि नै भयो । त्यसपछि क्रमशः प्राकृतिक सुन्दर देश नेपालमा सगरमाथा हिमालसहित अन्य हिमाल आरोहण गर्ने हिमाल आरोहीको सङ्ख्या पनि बृद्धि हुँदै गयो ।

नेपालका सुन्दर हिमाल, प्राकृतिक सम्पदा, विभिन्न जङ्गली जीव-जनावरहरूको अवलोकन तथा यात्राका लागि विश्वका धेरै देशबाट पर्यटकहरू आउने जाने क्रम बढेसँगै नेपालमा होटल, रेष्टुरेन्ट तथा पर्यटन व्यवसायमा समेत उल्लेखनीय वृद्धि भई नेपाल तथा नेपालीहरूले समेत पर्यटन क्षेत्रबाट उल्लेखनीय आम्दानी गरेका छन् । हामी नेपालीहरूले हिम शृङ्खलाको धनी नेपाल देशका नागरिक भनेर शिर उच्च बनाएर हिँड्न पाएका छौँ । नेपालमा उच्च हिमशङ्खला तथा भूगोलको कारण नै नेपाल विश्वको दोस्रो ठूलो जलस्रोतको धनी देशको सूचीमा परेको छ । नेपालमा पूर्वमा मेचीदेखि पश्चिममा महाकाली अञ्चलसम्म उत्तरी क्षेत्रमा हिमालै हिमालले ढाकेको छ । विश्वको ८,००० मिटरभन्दा आग्ला ८ वटा हिमाललगायत थुप्रै हिमाल तथा हिमशङ्खलाले नेपालको उत्तरी

सिमानालाई सुरक्षा पनि गरेको छ । हिमाल, जलस्रोत तथा प्राकृतिक सम्पदाको धनी देश नेपालमा देशका शासन सत्ता सञ्चालकहरूले दूरदर्शी नेतृत्वबाट देशलाई जल, जमिन, जडिबुटीको उच्च तरिकाले व्यवस्थापन गरी राम्रोसँग उपयोगमा ल्याउन सकेमा नेपाललाई एक सक्षम र आर्थिक समृद्ध देश बनाउन सकिन्छ ।

नेपाललाई विश्वमा चिनाउने एक महान् सपुत बोधिसत्व ज्ञान (बुद्धधर्म) का प्रतिपादक भगवान् गौतम बुद्धको कारणले पनि नेपाललाई विश्वले चिन्दछन् । नेपालको लुम्बिनी अञ्चलको रूपन्देही जिल्लामा तत्कालीन शाक्य वंशीय राज परिवारमा इश्वी सम्बत शुरु हुनुभन्दा ५०० वर्षअघि बैशाख शुक्ल पूर्णिमाको दिनमा गौतम बुद्धको जन्म भएको थियो । मानिसका विभिन्न प्रकारका दुःखहरू रोग, भोक, मृत्युलगायतका कष्टहरूलाई देखेर गौतम बुद्धलाई तत्कालीन राजपरिवारको राजकाज सम्हालेर बस्न मन लागेन । उनी २९ वर्षको उमेरमा आफ्नो राजदरवार तथा भविष्यमा हुने राजाको पदसमेत त्यागेर सुटुक्क भारततिर लागे । भारतमा विभिन्न ठाउँमा ध्यान गरी पछि भारतको गया भन्ने ठाउँमा गौतम बुद्धले ज्ञान प्राप्त गर्नुभयो । त्यही ज्ञान पछि गौतम बुद्धले आफ्ना शिष्यलाई दिनुभयो । मानिसले अहिंसा, अनुशासन, नैतिकता तथा मानिसको भलाइका लागि काम गर्नु नै प्रमुख धर्म हो भन्ने कुरा गौतम बुद्धले आफ्नो दिब्य उपदेशमार्फत समाजमा ज्ञान दिनुभयो । सेवा नै धर्म हो । मानिसले समाजमा आफ्नो घरपरिवारदेखि समाजका सबैलाई दुःख नदिने अनुशासित भएर काम गर्ने समाजमा अरूलाई सत्मार्गमा अघि बढ्ने बाटो देखाउने तथा आफ्नो दिव्य ज्ञानमार्फत प्रचार गर्नुभयो । अहिंसा र शान्ति नै मानिसका प्रमुख कर्तव्य र सुख हुन भन्ने दिब्य ज्ञान गौतम बुद्धले आफू तथा आफ्ना शिष्य चेलामार्फत प्रचार-प्रसार गर्नुभयो ।

यसरी गौतम बुद्धले प्रतिपादन गर्नुभएको अहिंसा, शान्ति र मानव कल्याणको ज्ञान नै बुद्ध धर्मको प्रमुख दिब्य ज्ञान बन्यो । यसरी गौतम बुद्धद्वारा प्रतिपादन गरिएको ज्ञानको समर्थन गर्न समाजका अनुयायीहरूले विकास गरेको सामाजिक सस्कार र

आस्थाहरू नै बुद्ध धर्मको नामले प्रख्यात भयो । बुद्ध धर्म नेपाललगायत चीन, ताइवान, भुटान, मङ्गोलिया, कोरिया, बर्मा, थाइल्यान्ड, भियतनाम, श्रीलङ्कादेखि जापानसम्म मान्ने गरिन्छ । नेपालमा हिन्दू धर्मपछि बुद्ध धर्म मान्नेहरूको स्थान दोस्रो स्थानमा भएता पनि चीन, मङ्गोलिया भियतनाम, बर्मा थाइल्यान्ड, कोरिया, जापानलगायतका देशमा बुद्ध धर्म पहिलो स्थानमा रहेको छ । यी देशका बुद्धधर्मावलम्बीहरू नेपालको लुम्बिनीलाई गौतम बुद्धको पवित्र जन्मभूमि तथा ज्ञानभूमि मानेर बर्षैपिच्छे लाखौँलाख धार्मिक तथा सास्कृतिक पर्यटकहरू नेपालको भ्रमण गर्न आउँछन् । यस्ता धार्मिक तथा सांस्कृतिक पर्यटकहरूको आगमनले नेपालमा नेपालीहरूको आम्दानीको स्रोतको स्तर बढ्नुका साथै विश्वभरि नेपालको बारेमा थप प्रचार-प्रसार भइरहेको छ ।

आज गौतम बुद्धले प्रतिपादन गरेको ज्ञानको सिद्धान्तबाट विकास भएको बुद्ध धर्म मान्ने बौद्ध समुदायका देशहरू चीन, कोरिया, बर्मा, भुटान, जापानलगायतका देशहरू कोही मध्यम तथा चीन कोरिया, जापान देशले विश्वमा उच्च आर्थिक विकाससमेत गरेका छन् । धर्म एउटा सामाजिक संस्कार हो । राम्रो कामको धारमा गर्नु, अरूको भलाईका लागि सोच्नु तथा काम गर्नु सच्चा धर्म हो । सबै धर्मको प्रमुख उद्देश्य मानव कल्याण र मानवसेवा हो । हामी नेपालीहरूले पनि नेपालीहरूको मौलिक पहिचान सगरमाथा गौतम बुद्धको पवित्र जन्मभूमि, ॠषिमुनिहरूको पवित्र तपोभूमि तथा प्राकृतिक स्रोत र सम्पदाले भरिपूर्ण नेपालमा जमिन, जलस्रोत र जनशक्तिको उचित किसिमले प्रयोग तथा उपयोग गरी नेपाल देशलाई आर्थिक सक्षम र समृद्ध बनाई नेपालीहरूलाई पनि समृद्ध, सक्षम र सुखी बनाउन सकिन्छ ।

●

# नेपाल, भुटान र स्वीजरल्यान्ड

दक्षिण एशियाको प्राकृतिक सुन्दरता र प्राकृतिक सम्पदाले भरिएको विश्वको सर्वोच्च हिमाल सगरमाथा तथा अन्नपूर्ण र अपि साइपालको काखमा अवस्थित भौगोलिक सुन्दर देश नेपाल विश्वमा जलस्रोतको दोस्रो धनी देशको सूचीमा रहेको छ ।

हिमाल, पहाड, तराई भौगोलिक विविधताले भरिपूर्ण देश नेपाल मानिसको बसोवास तथा प्राकृतिक वातावरणको हिसाबले पनि विश्वको उत्कृष्ट देशको सूचीमा पर्दछ । विश्वका १४ अग्ला ८ हजार मिटर माथिका हिमालमध्ये नेपालमा ८ वटा हिमाल रहेका छन् । विविध भौगोलिक विशेषता विविध प्राकृतिक सम्पदाले भरिपूर्ण देश नेपालमा हजारौं खालका जीवजनावर, पशु, पक्षी तथा हजारौँ खालका चराचुरुङ्गी तथा हजारौँ प्रकारका बनस्पतिहरू समेत पाइन्छ । भूकम्पीय जोखिममा भने उच्च जोखिममा रहेको नेपाल खाद्यान्न तथा फलफूल उत्पादन पर्यटन, वनजङ्गल, जडिबुटी तथा वनस्पति उत्पादन जलस्रोत तथा प्राकृतिक स्रोत र विभिन्न खालका प्राकृतिक खनिजहरूको समेत उपलब्धता भएको एक प्राकृतिक स्रोत र साधनले सम्पन्न देश हो ।

निरङ्कुश राणाशासन अन्त्य भएपछि प्रजातन्त्र, पञ्चायत, बहुदल तथा सङ्घीय गणतन्त्रात्मक व्यवस्था स्थापना भए तापनि नेपालमा समय सापेक्ष तथा अपेक्षाकृत विकास हुन सकेको छैन । नेपालमा धेरै राजनीतिक परिवर्तनहरू भए । राजनीतिक परिवर्तन, स्वतन्त्रता, मानवअधिकारका लागि लखन थापादेखि गणतन्त्र स्थापनाको समयसम्म धेरै नेपालीहरूको वलिदानी त्याग तथा आजीवन सङ्घर्ष गरी राजनीतिक परिवर्तनहरू भए तापनि जनचाहना अनुसारको समयसापेक्ष देश तथा समग्र देशवासी नागारिकहरूको जीवनस्तरमा परिवर्तन हुन सकेको छैन । ७ दशकअघि राणाशासन समाप्त भएपछि विभिन्न खालको शासन

व्यवस्था परिवर्तन भएता पनि नेपालमा देशको आर्थिक रूपमा ठूलो परिवर्तन हुन सकेको छैन ।

राज्य सञ्चालनको शासन व्यवस्था आफैँमा कुनै पनि नराम्रो हुँदैन । समयसापेक्ष चल्न सक्ने लोकतान्त्रिक शासन व्यवस्था दूरदर्शी दृष्टिकोण भएका असल तथा इमान्दार देशभक्त नेतृत्व देशले पाएमा मात्र त्यो देशले उन्नति गर्न सक्छ । देशको आर्थिक अवस्था सक्षम र सुदृढ भएमा मात्र देशवासी नागरिकहरूको जीवनस्तर पनि समृद्ध र सम्पन्न बन्न सक्दछ ।

नेपालमा वि. सं. २००७ सालदेखि २०६३ सालसम्म ठूलाठूला राजनीतिक परिवर्तन भए तापनि जनचाहना अनुसार आर्थिक रूपमा देशले प्रगति गर्न सकेको छैन निरङ्कुश राणाशासनको दाँजोमा प्रजातन्त्र स्थापना भएपछि जनताले पढलेख गर्न तथा देश विदेशको यात्रा गर्न सहज रूपमा पाएका थिए । पञ्चायती व्यवस्थाको अन्त्य भएपछि बनेका सरकारहरूले पनि जनाहना अनुसार प्रगति र विकासका कामहरू गर्न सकेका छैनन । कृषिप्रधान देश नेपालले वार्षिक अरबौंको खाद्यन्न तथा कृषि उपज तथा काष्ठ पैदावरका समानहरू आयात गर्नुपरेको छ । नेपालमा कृषि, पर्यटन तथा खाद्य वनस्पति, पशुपालन, खनिजलगायतका व्यवासय तथा उद्योग स्थापना गरी देशमा भएका युवालाई रोजगारी दिनुपर्नेमा नेपाल विदेशमा बेरोजगार श्रमिक निर्यात गर्ने देशका रूपमा आफ्नो पहिचान बनाएर बसेको छ ।

दक्षिण एशियाको पहाडी भूगोल भएको देश भुटानले समेत सार्क देशहरूमा आफ्नो राष्ट्रिय आयस्तर तथा प्रति व्यक्ति आय अग्रस्थानमा राख्न सफल हुँदै आएको छ । भुटानमा निश्चित ठाउँमा मात्र सूर्तीजन्य पदार्थको बिक्री तथा सेवन गर्न पाइन्छ । भुटानमा विषय विज्ञहरूलाई मात्र सम्वन्धित मन्त्रालयको मन्त्री पदमा नियुक्ति गरिन्छ । शिक्षा, स्वास्थ्य लगायतका विषयमा भुटान सरकारले जिम्मेवारीपूर्वक काम गरेर आफ्ना नागरिकहरूलाई शिक्षित र स्वस्थ जीवन निर्वाह गर्न सक्ने बनाएको छ । भुटानले आफ्नो देशमा उत्पादन गरेको बिजुली भारतमा निर्यात गरेर देशलाई आर्थिक

अवस्था थप सक्षम बनाउन सफल भइरहेको छ । प्राकृतिक स्रोतको उचित प्रयोग तथा उपयोग गरी भुटान भूपरिवेष्ठित देश भएता पनि सार्क देशहरूमध्ये प्रतिव्यक्ति आम्दानीमा अग्र भुटान स्थानमा रहेर आएको छ ।

नेपालले पनि भुटानबाट यस्ता धेरै कुराहरू सिकेर नेपाल र नेपालीहरूको आर्थिक अवस्था सक्षम, सुदृढ र सम्पन्न बनाउने कार्यमा आवश्यक कार्यहरू गर्नुपर्दछ । कृषिमा आत्मनिर्भर बनाई जलस्रोत, जमिन, पर्यटन, वनस्पति, वनपैदावर र पशुपालन लगायतका क्षेत्रमा सरकारले दीर्घकालीन कार्यहरू गरेर नेपाललाई सुदृढ र सम्पन्न देश बनाउन सकिन्छ । नेपालभन्दा ३ गुना सानो उच्च पहाडी देश भुटानमा भुटानी सरकारले पर्यटन तथा जलविद्युतमा गरेको विकासले गर्दा नै सार्क देशहरूमा प्रति व्यक्ति आम्दानीको हिसाबले भुटानी नागरिकहरूको आयस्तर एक नम्बरमा पर्न आउँछ ।

देशको विकासका लागि सक्षम पारदर्शी तथा दूरदृष्टि भएका नेतृत्व शक्ति भएका राजनीतिक नेतृत्वले राज्यको शासन सत्ता सञ्चालन गरेमा मात्र उनीहरूले देशलाई आर्थिक सम्पन्न तथा आफ्ना नागरिकहरूलाई समृद्धिको यात्रामा लैजान सक्दछन् । व्यक्तिगत लाभ, गुटगत स्वार्थ, नातावाद, कृपावाद, भ्रष्ट आचरण, माफियाहरूको इशारा र संरक्षणमा चल्ने सरकारको नेतृत्व वर्गहरू रहेसम्म कुनै पनि देशले परिवर्तन तथा प्रगति गर्न सक्दैन । देशको समग्र रूपमा आर्थिक प्रगति नभएसम्म नागरिकहरूको पनि जीवनस्तरमा प्रगति हुन सक्दैन ।

नेपालमा वि. सं. २००७ सालपछि २०६२-६३ सालसम्ममा ठूलाठूला राजनीतिक आन्दोलन तथा परिवर्तनहरू भए, यी राजनीतिक आन्दोलनमा थुप्रै देशभक्त राष्ट्रवादी नेपालीहरूले वलिदानी तथा जीवनको उर्जामय समयको खर्च गरे । मानवअधिकार, विधिको शासन, देश र नागरिकको आर्थिक तथा सामाजिक अवस्था सुदृढ गर्नका लागि गरिएको त्याग तथा वलिदानी अनुसारको अपेक्षाकृत परिवर्तन तथा समृद्धि भने नेपालमा हुन

सकेको छैन । राज्य व्यवस्था सञ्चालनको मेरुदण्ड राज्य व्यवस्था सञ्चालनका नेतृत्व वर्ग असल इमान्दार तथा दूरदर्शी भावना र देशभक्त राष्ट्रवादी सोच भएका व्यक्तिहरूको नेतृत्वबाट नै देशमा विधिको शासन मानवअधिकार तथा समृद्धिको कार्य सम्पन्न गर्न सकिन्छ । देशको आर्थिक अवस्था समृद्ध भएमा मात्र देशका सम्पूर्ण नागरिकहरूको जीवनस्तर पनि सहज र सुखमय तथा शान्त समाज र समृद्ध देश बनाउन सकिन्छ ।

विश्वका धेरै देशहरूले सक्षम, असल तथा इमान्दार दूरदर्शी दृष्टिकोण भएका राज्य सत्ताका नेतृत्व वर्ग पाएर आफ्नो देशलाई सक्षम तथा समृद्धिको यात्रामा लैजान सफल भएका छन् भने कतिपय देशहरूमा प्राकृतिक साधन स्रोतले सम्पन्न भएर पनि गलत तथा खराब आचरण भएका असक्षम नेतृत्व वर्गको हातबाट राज्य सत्ता सञ्चालन भएका कारण ती देशहरूको आर्थिक अवस्था कमजोर भएको कारणले त्यस देशका नागरिकहरूको जीवनस्तर पनि कष्टपूर्ण तरिकाले चलिरहेको छ । घर बलियो भएमा मात्र घरभित्र आश्रयका लागि बसेका सबै मानिसको जीवनको सुरक्षित हुन सक्दछन् । त्यस्तै समाज अनुशासित तथा सभ्य भएमा देशको सामाजिक अवस्था सभ्य र सक्षम बन्न सक्दछ । त्यस्तै राज्य सत्ता सञ्चालनका नेतृत्व वर्गहरू असल, इमान्दर तथा दूरदर्शी भएमा मात्र त्यो देशले आर्थिक प्रगति गरी देशलाई सक्षम र सुदृढ बनाउन सक्दछन् र आफ्ना नागरिकहरूलाई पनि समृद्धि र शान्तिको यात्रामा लैजान सक्दछन् । विश्वका विकासित देशहरू यस्तै असल इमान्दार र दूरदर्शी दृष्टिकोण भएका राज्य सत्ताका नेतृत्व वर्गको नेतृत्व पाएर नै आज समृद्धि र शान्तिको यात्रामा जीवनयात्रा सञ्चालन गरी समाजमा आफ्नो अमूल्य योगदान गरिरहेका छन् ।

नेपालजस्तै समान भूगोल भएको नेपालभन्दा झन्डै ३ गुना सानो युरोपको देश स्वीजरल्यान्ड भूपरिवेष्टित देश भएर पनि आज विश्वको धनाढ्य देशहरूको सूचीमा आफ्नो देशको नाम लेखाउन सफल भएको छ । वर्षमा ५-६ महिना अत्यधिक हिउँ पर्ने पहाडी, हिमाली भूगोल भएको युरोपको देश स्वीजरल्यान्डमा शान्ति, स्थिरता

तथा मानवअधिकार र सुरक्षाका कारण विश्वका करोडौँ पर्यटकहरूले वर्षैपिच्छे भ्रमण गर्ने गर्दछन् । लगानीको आर्थिक सुरक्षा र शान्ति भएको कारण विश्वका धनाढ्यहरूले स्वीजरल्यान्डमा ब्यापार व्यवसायका लागि ठूलाठूला लगानी गरी आर्थिक प्रगति गरिरहेका छन् । देश विकासका लागि आफ्नै समुद्र र बन्दरगाह मात्र आवश्यकता पर्दैन भन्ने कुराको पृष्टि स्वीजरल्यान्डले गरेको विकास र आर्थिक प्रगतिले पुष्टि गरेको छ ।

आफ्नै सामुद्रिक बन्दरगाह तथा भौगोलिक सक्षमता भएको देश दक्षिण एशियाको श्रीलङ्का र पाकिस्तानको आर्थिक अवस्था नाजुक रहेको छ । विश्वका कतिपय सामुद्रिक पहुँच मार्ग भएका देशहरूको अवस्था आज पनि नाजुक नै रहेको छ भने युरोपको भूपरिवेष्ठित देश स्वीजरल्याण्डको अवस्था सर्वसम्पन्न रहेको छ ।

सक्षम राज्य व्यवस्थाका असल इमान्दार तथा दूरदर्शी नेतृत्वकर्ता, लोकतान्त्रिक शासन व्यवस्था, विधिको शासन, मानवअधिकार तथा मिहिनेती इमान्दार देशवासी नागरिकहरू र असल छिमेकी देशहरूको साथ सहयोगको संयोजन मिलेमा भूपरिवेष्ठित देशले पनि औद्योगिक तथा विकासित आधुनिक युगमा विश्वसामु प्रतिस्पर्धा गरेर आफ्नो देशलाई सक्षम र समृद्ध बनाउन सक्छ भन्ने कुराको पुष्टि स्वीजरल्यान्डले गरेको छ ।

नेपालले पनि स्वीजरल्यान्डबाट पाठ सिकेर शिक्षा, विज्ञान र प्रविधिको उच्च प्रयोग गर्दै लोकतन्त्र र मानवअधिकारका लागि लोकतान्त्रिक आन्दोलनमा जीवनको वलिदानी गरेका वीर शहिदहरू तथा राष्ट्रवादी देशभक्तहरूको त्यागको मर्म अनुसार राज्य व्यवस्था सञ्चालकहरूले देशको उन्नति र प्रगतिका लागि काम गरेर नेपाललाई सक्षम र समृद्ध देश बनाउने काममा सबै प्रमुख राजनैतिक नेतृत्व मिलेर नेपाललाई सक्षम र समृद्ध देश बनाउने काममा हातेमालो गर्दै नेपाली नागरिकहरूको जीवनस्तरलाई स्वीजरल्यान्डका नागरिकहरूको जस्तै समृद्ध बनाउने काममा सबै राजनैतिक दलका नेतृत्वकर्ता तथा देशभक्त इमान्दार समाजवादी नागरिकहरू मिलेर नेपाललाई सक्षम र समृद्ध देश बनाएर नेपाली

नागरिकहरूको आर्थिक अवस्था समृद्ध र सम्पन्न बनाउने कार्यमा सबै मिलेर हातेमालो गर्दै अघि बढ्नुपर्दछ ।

विश्वको सर्वोच्च हिमाल सगरमाथा तथा शान्तिका अग्रदुत गौतम बुद्धको पवित्र जन्मभूमि नेपाल, आध्यात्मिक ऋषिमुनिहरूको तपोभूमि, ज्ञानभूमि नेपाललाई हामी सबै मिलेर धेरै ठूलो सङ्घर्ष तथा वलिदानी र त्यागबाट प्राप्त लोकतन्त्रको रक्षा गर्दै नेपालको प्राकृतिक स्रोतको राम्रोसँग वैज्ञानिक तरिकाले प्रयोग तथा उपयोग गर्दै जलस्रोत, वनजङ्गल, पर्यटन, वनस्पति तथा जडिबुटीको पूर्ण रूपमा विकास र उपयोग गरी कृषिमा समेत देशलाई आत्मनिर्भर बनाएर कृषि, पशुपालन, पर्यटन तथा प्राकृतिक स्रोत र खनिजको उचित किसिमले प्रयोग तथा विकास गर्दै विश्व स्तरको प्रतिपर्धी वैज्ञानिक शिक्षाको माध्यमबाट सबै क्षेत्रमा सम्भव भएसम्मका सबै विकास तथा प्रविधिको प्रयोग गरी नेपाललाई सक्षम र समृद्ध देश बनाउने काम गरेमा मात्र नेपाललाई युरोपको स्वीजरल्यान्ड बराबर आर्थिक हैसियतको देशको सूचीमा लैजान सकिन्छ । नेपाली नागरिकहरूको आर्थिक अवस्था पनि स्वीजरल्यान्डका नागरिकसरह सम्पन्न र समृद्ध बनाउन सकिन्छ ।

●

# परदेशीका कथा र व्यथाहरू

पृथ्वीमा मानिसहरूको समाजको विकाससँगै मानिसहरू आफ्ना दैनिक जीविका सञ्चालन गर्न टोलछिमेकमा मिलेर एक-आपसमा काम गर्नेदेखि नजिक नजिकका गाउँहरूदेखि टाढा-टाढासम्म गएर काम गर्न थाले । मध्ययुगीन समयमा मानिसहरू आ-आफ्नो जीविकोपार्जन तथा घरपरिवार सञ्चालनका लागि काम व्यवसाय गर्न आफ्ना छिमेकी गाउँ हुँदै छिमेकी देशहरूमा समेत पुग्न थाले । काम व्यवसाय गर्न मानिसहरू आर्थिक र श्रमको हिसाबले जीवन उपयोगी भएका तथा समय अनुसार आवतजावत सहज भएको ठाउँमा यसै क्रममा पुग्न थालेका थिए ।

घरव्यवहारको ऋण तिरेर आमा र मुनाको सपना साकार पारी घरपरिवारलाई सुख-सुविधा दिन भोट तिब्बत पुगेका लक्ष्मीप्रसाद देवकोटाको साहित्यिक कृति मुनामदनका श्रमजीवी पात्र मदनदेखि हाम्रा बाजे-बराज्यूहरूको भोट तिब्बतको यात्रादेखि लैनसिंह बाङदेलको मुलुक बाहिर उपन्यास तथा पूर्वी भारत आसामका नेपाली मुलका नेपाली भाषी साहित्यकार लीलबहादुर क्षेत्रीले लेख्नुभएको बसाई उपन्यासको कथा पनि नेपाली श्रमजीवी वर्गको जीविकोपार्जन तथा सुखको खोजीका लागि गरिएका प्रयास तथा श्रमहरूको मर्मस्पर्सी कारुणिक कथाहरू हुन् । मुनामदनका मदनको परिवारको मर्मस्पर्सी कारुणिक कथादेखि मुलुकबाहिर उपन्यासका रणबहादुर, दलबहादुर, माइला भुजेल, म्याउची, मसिनी, रूपाको कारुणिक कथाव्यथा, बसाई उपन्यासका धने मैनाको कथाव्यथादेखि सुगौली सन्धीको पीडाले रोजगारी र बाध्यताले पञ्जाबका राजा रणजित सिंहको सेनामा भर्ति भई ३४ वर्षको उमेरमा अल्पायुमा जीवन बिताउनुभएका बलभद्र कुँवरदेखि प्रथम र दोस्रो विश्वयुद्धमा जीवन गुमाउने वीर नेपालीहरूदेखि शान्ति मिसनमा खटिएका नेपाली सुरक्षाकर्मीलगायत इराकमा २०६१ साल भदौमा आपराधिक

अतिवादी मुस्लिमको हत्यामा परी ज्यान गुमाउने नेपाली तथा २०८० असोजमा इजरायल, प्यालेस्टाइन तथा हाल रसिया युक्रेन युद्धमा जीवन गुमाएका लाखौँ नेपालीहरूको बाध्यताको कथाब्यथा आ-आफ्नै किसिमको मर्मस्पर्सी, कारुणिक र यथार्थवादी नेपाली सामाजिक घटनाका कथाहरू हुन् ।

नेपाल अङ्ग्रेज युद्धमा नेपालको हार भएपछि सुगौली सन्धीपछि बिरक्तियर पञ्जावी राजा रणजित सिंहको सेनामा भर्ति भई अङ्ग्रेजसँग सुगौली सन्धिको बदला लिन चाहेका बलभद्र कुँवरको ३४ वर्षको उमेरमा अफगानिस्तानको कान्दाहारमा वि. सं. १८७९ मा निधन भएको थियो । तत्कालीन पञ्जावी राजा रणजित सिंहको राजधानी लाहोरमा नेपालीहरू भर्ति भई रोजगारीका लागि नेपालीहरू लाहुर जाने त्यस समयको परम्परालाई लाहुरे जाने भन्ने गरिन्थ्यो । लाहोरमा रोजगारीका लागि आतेजाते गर्ने नेपालीलाई त्यसबेला लाहुरे भन्न थालियो । मदनको समयमा काम र रोजगारीका लागि चिनको भोट तिब्बत जाने नेपालीहरू हाम्रा बाजेबराज्यूहरू भोट तिब्बतमा रोजगारी तथा नुन तथा व्यापारका लागिसमेत महिनौँ महिनौँ दिन खाली गोडाले जुत्ता चप्पल बिहिन अवस्थामा घरपरिवार सञ्चालन तथा जीविका सञ्चालनका लागि आवतजावत गरी समय अनुसारको काम तथा श्रममा सामेल भएका थिए ।

पृथ्वीमा मानिसको समाजको विकास क्रमसँगै विश्वका प्राय सबै देशहरूका मानिसहरू आफ्नो जीविका तथा जीवनयात्रा सहज रूपमा सञ्चालन गर्नका लागि शिक्षा, विज्ञान र प्रविधिले मानिसहरू आधुनिक युगमा प्रवेश गरेसँगै मानिसहरू सहज र सुविधाजनक जीवनस्तर यापन गर्ने उद्देश्यले दुर्गम गाउँबाट यातायात, शिक्षा, स्वास्थ्य, भौतिक संरचना तथा विकास प्रविधिको पहुँच तथा सम्पन्नता भएका गाउँ तथा शहरमा बसाई सर्ने तथा बसोबास गर्ने क्रम बढ्दै जान थालेको हो ।

सामान्य तथा निम्न वर्गका मानिसहरूलाई अहिले विश्वका प्रायः देशहरूमा यातायात तथा विकास प्रविधिले गर्दा जीवनस्तर

सञ्चालन गर्न गाउँ घरमा सहज भए तापनि धनी तथा धनाढ्य वर्गहरूको मानिसहरूलाई पुँजी लगानी गरेर प्रतिफल प्राप्त गर्नका लागि शहरी क्षेत्रमा यातायातको सुविधा भएका ठाउँ सुरक्षित हुने भएकाले सवारी तथा यातायातको सुविधा भएको ठाउँमा पुँजी लगानी गर्ने क्रम विश्वव्यापी रूपमा बढ्दै गइरहेको छ । शिक्षा, विज्ञान र प्रविधिले गर्दा आज पृथ्वी एउटा सानो गाउँजस्तो भएको छ । मध्ययुगीन समयमा छिमेकी गाउँ तथा छिमेकी देशहरूमा आफ्नो जीविका सञ्चालनका लागि रोजगारी गर्न आवतजावत गर्ने मानिसहरू आज शिक्षा, विज्ञान-प्रविधिले आधुनिक युगमा प्रवेश गरेसँगै विश्वव्यापी रूपमा आवतजावत गर्न लागेका छन् । शिक्षा, विज्ञान-प्रविधिले भएको विकासले गर्दा मानिसलाई जीवनयात्रा सञ्चालन गर्न पनि आज धेरै सजिलो भएको छ ।

आज मानिसहरू २४ घन्टामा पृथ्वीको एउटा कुनाबाट अर्को कुनामा पुग्छन् । युवा जनशक्तिहरू आफ्नो पढाइ, सीप, क्षमता र प्राविधिक दक्षता अनुसारको काम, व्यवसायमा विश्वव्यापी रूपमा आवतजावत गर्न सक्दछन् । पढाइ तथा प्राविधिक विषयमा राम्रो विषय विज्ञता हासिल गरेका युवा जनशक्तिहरूले आज विश्वका जुनसुकै देशमा गएर पनि सम्मानजनक रोजगारी तथा व्यवसाय सञ्चालन गरिरहेका छन् । पढाइको स्तर कमजोर भएका तथा प्राविधिक विषयको पनि राम्रो ज्ञान, सीप नभएका अर्धदक्ष नेपाली कामदारहरूले रोजगारीका लागि आज भारतलगायत मलेशिया तथा अरबका देशहरूमा कष्टपूर्ण तथा कठिन काममा समेत जीवन बिताइरहेका छन् ।

प्राकृतिक साधन-स्रोतले भरिपूर्ण सुन्दर देश नेपालमा वि. सं. २००७ सालपछि धेरै राजनीतिक परिवर्तन भए तापनि जनचाहना र समय अनुसारको आर्थिक सामाजिक परिवर्तन नभएकाले सर्वसाधारण नेपालीहरूको जीवनस्तरमा खासै ठूलो परिवर्तन हुन सकेको छैन । राज्य सत्ता सञ्चालनका नेतृत्ववर्गहरू दूरदर्शी तथा देशका लागि अमूल्य योगदान गर्नसक्ने असल, इमान्दार तथा सच्चा व्यक्तिहरूको नेतृत्वको अभावले गर्दा नेपाल देश तथा सर्वसाधारण नेपालीहरूको

आर्थिक अवस्थामा खासै सुधार हुन सकेको छैन । वि. सं. २००७ सालको प्रजातन्त्र तथा वि. सं. २०१७ सालमा स्थापना भएको पञ्चायती व्यवस्थामा नेपाली नागरिकहरूले धेरै ठूलो स्वतन्त्रता तथा राहत पाए । वि. सं. २०४६ सालको राजनीतिक परिवर्तनपछि स्थापना भएको प्रजातन्त्रमा पनि नेपाली नागरिकहरूले पञ्चायती व्यवस्थामा भन्दा बढी सुविधा तथा राहत पाएका थिए ।

निरङ्कुश राणाशासन समाप्त भएपछि नेपाली नागरिकहरूले शिक्षा तथा मानवअधिकारको सम्बन्धमा ठूलो राहत तथा स्वतन्त्रता प्राप्त गरेका थिए । पञ्चायती व्यवस्थाको अन्तिम समयमा आइपुग्दा नेपालको ग्रामीण क्षेत्रमा प्रत्येक गाउँमा प्राथमिक र निम्नमाध्यमिक विद्यालय स्थापना भएका थिए । माध्यमिक विद्यालय भने ४-५ वटा गाउँको बीचमा एउटा मात्र थियो । वि. सं. २०४६ सालमा प्रजातन्त्र पुनः स्थापना भएपछि भने नेपालका प्राय बाक्लो जनसङ्ख्या भएका सबै ठूला गाउँमा माध्यामिक विद्यालय स्थापना भएको थियो । वि. सं. २०४६ सालमा प्रजातन्त्र पुनः स्थापना भएपछि बनेको प्रजातान्त्रिक सरकारहरूले एक गाउँ विकास समितिमा कम्तिमा एउटा सार्वजनिक (सामुदायिक) माध्यमिक विद्यालय अनिवार्य हुनुपर्ने नियम लागु गरेको कारणले गर्दा त्यस समयदेखि नेपालका प्राय सबै गाउँ विकास समितिमा माध्यमिक तहको सामुदायिक (सरकारी) विद्यालय स्थापना भएको थियो । त्यसपछि नेपालका सबै ग्रामीण भूगोलमा समेत सरकारी अनुदानमा उच्च माध्यमिक विद्यालय सञ्चालन भएका थिए ।

वि. सं. २०६२-६३ को राजनीतिक परिवर्तनपछि नेपालका धेरै ग्रामिण गाउँहरूमा समेत सरकारी अनुदानमा प्राविधिक विषयमा उच्च माध्यामिक विद्यालय तथा स्नातक तहसम्मको अध्ययन गर्ने विद्यालयहरू धमाधम खुलिरहेका छन् । वि. सं. २००७ सालको राजनीतिक परिवर्तनपछि नेपाली नागरिकहरूले पाएको शिक्षाको अधिकार तथा स्वतन्त्रताले गर्दा आज नेपालीहरू रोजगारी तथा व्यवसाय गर्नका लागि आफ्नो सीप, क्षमता अनुसार विश्वका धेरै देशहरूमा आवतजावत गरिरहेका छन् ।

वि. सं. २००७ सालदेखि वि. सं. २०६२-६३ सालसम्म नेपालमा ठूला-ठूला राजनीतिक परिवर्तन भए तापनि तल्लो वर्गका नागरिकहरूको आर्थिक अवस्थामा सन्तोषजनक प्रगति हुन सकेको छैन । विश्वव्यापी रूपमा बढ्दै गएको सिमित व्यक्ति धनाढ्य बन्ने तथा बहुसङ्ख्यक व्यक्तिले आर्थिक अवस्था कमजोर हुने पद्धतिको विकास तिब्ररूपमा बढ्दै गइरहेको छ । विश्वमा भएका कुल जनसङ्ख्यामध्ये ०.१ प्रतिशत व्यापारिक व्यक्तिको हातमा विश्वको पुँजी बजार नियन्त्रणमा रहेको छ । बाँकी ५% व्यक्तिहरू मध्यम खालका धनाढ्यको सूचीमा पर्दछन् । त्यसपछिको २०% व्यक्ति पेशा व्यवसाय गरेर सम्मानित जीवन बिताइरहेका छन् । त्यसपछिका ५०% व्यक्ति आफ्नो सीप, क्षमता अनुसारको काम व्यवसाय गरेर जीवन बिताइरहेका छन् ।

विश्वमा करीब ३०% जनसङ्ख्या अझै पनि गरिबीको रेखामुनि रहेका छन् विश्वमा कुल जनसङ्ख्याको २०% जनसङ्ख्या अत्यन्तै गरिबीको रेखामुनि जीवनस्तर बिताइरहेका छन् । विश्वमा बढ्दै गइरहेको धनी र गरिबीहरूको बीचको खाडल तीब्र रूपमा बढ्दै गइरहेको छ । आर्थिक अवस्था कमजोर भएका तल्लो वर्गका नागरिकहरूले गर्नुपर्ने जीवन सङ्घर्षको दुःखले गर्दा पृथ्वीमा मानिसहरूको जीवनशैलीमा पनि चुनौतीपूर्ण अवस्था सृजना हुँदै गइरहेको छ । एकातिर आर्थिक अवस्था कमजोर भएका मानिसहरूले उचित शिक्षा र अवसर समय उमेरमा नपाएर जीवन निर्वाहका लागि अर्धदक्ष कामदार बनेर कठिन काममा जीवन बिताउनुपरेको छ भने अर्कोतर्फ समाजमा मध्ययम तथा सम्पन्न वर्गका व्यक्तिहरूले समेत घरपरिवार तथा राज्यबाट उचित अवसर पाएर पनि जीवनमा आफ्नो कर्तव्य तथा सामाजिक दायित्व र जिम्मेवारीको बहन गर्न नसक्ने असक्षम मानिसको कारणले गर्दा उनीहरूले कठीन जीवनयापन गर्नुपरेको छ ।

आजको आधुनिक युगको दौरानमा मानिसहरू प्रमुख २ खालको समस्याको घेराबन्दीमा परिरहेका छन् – (१) आर्थिक अवस्था कमजोर भएको कारणले गर्दा दैनिक जीवन सञ्चालन गर्न

कठिनाइ भएर शिक्षा, स्वास्थ्य र रोजगारीको न्यूनतम अवसरको उपयोग गर्न नपाउनु (२) आर्थिक अवस्था राम्रो हुनेले पनि शिक्षामा उचित अवसर पाएर पनि समय उमेरमा त्यसको सही उपयोग गरी जीवनलाई सुन्दर बनाउन नसक्नु ।

त्यसैले कसैलाई अवसर नपाउँदा जीवनका पीडा, अनि कसैलाई अवसर पाएर पनि सत्मार्गमा हिँड्न नजानेर जीवनभर पश्चाताप भैरहेको छ । शिक्षा, विज्ञान, प्रविधिले गरेको विकाससँगै यातायात र सञ्चारका साधनले गराएको सहजतासँगै प्राचीन युग, मध्यकालीन युगको दाँजोमा वर्तमान आधुनिक युगमा मानिसको जीवनशैली तथा जीवनयात्रा सञ्चालनमा धेरै ठूलो सहजता तथा सुविधाको विकास भए तापनि अर्धदक्ष कामदारका लागि भने जीवनमा धेरै चुनौतीहरू घुमिरहेका छन् । वि. सं. २००५-१५-२५ सालको समयमा रोजगारीका लागि चिनको भोट तिब्बत तथा भारतको कलकत्ता, बिहार, बनारस, लखनउ, पञ्जाबलगायतका ठाउँमा आवतजावत गर्ने नेपालीहरू आज शिक्षाको उच्च ज्ञान, सीप तथा दक्षता र प्राविधिक विषयको अध्ययन सीप र दक्षताले गर्दा पूर्वमा जापान, अष्ट्रेलियादेखि युरोपका स्वीजरल्यान्ड, जर्मन, फ्रान्स, नर्वे बेलायतदेखि सुदूरपश्चिमका देश अमेरिका, ब्राजिल, क्यानडासम्म रोजगारी र काम व्यवसायका लागि आवतजावत तथा ती देशहरूमा स्थायी रूपमा समेत बसोबास गरिरहेका छन् ।

नेपालमा वि. सं. २००७ सालदेखि वि. सं. २०६२-६३ सालसम्ममा ठूला-ठूला राजनीतिक आन्दोलन तथा परिवर्तन भए तापनि जनचाहनाअनुसार तथा समयसापेक्ष परिवर्तन र विकास राज्य सञ्चालनका नेतृत्व वर्गले गर्न नसकेको कारण आज पनि वर्षैपिच्छे लाखौं लाख नेपालीहरू काम तथा रोजगारीका लागि विदेशमा आवतजावत गरिरहेका छन् । प्राकृतिक साधन-स्रोतले सम्पन्न देश नेपालमा जलस्रोत, जमिन, वनजङ्गल, पर्यटन तथा कृषिको वैज्ञानिक तरिकाले प्रयोग तथा उपयोग गर्न सकेमा नेपालीहरूको आर्थिक अवस्था सक्षम र समृद्ध बनाउन सकिन्छ । राज्य सञ्चालनका नेतृत्व तहको कमजोरीका कारण नेपालमा

ठूलाठूला राजनीतिक परिवर्तन भए तापनि देशले बृहद रूपमा आर्थिक प्रगति गर्न सकेका छैन । देशको आर्थिक अवस्था सक्षम र समृद्ध नभएको कारणले गर्दा नेपाली नागरिकहरूको समग्रमा आर्थिक अवस्था पनि कमजोर भएको हो ।

वि. सं. २००७ सालदेखि वि. सं. २०६२-६३ सालको राजनीतिक परिवर्तनसम्म आइपुग्दा स्थापना भएका राज्य सरकारले केही सुधारका कार्यहरू गरे तापनि समय सापेक्ष परिवर्तन तथा विकास गर्न नसकेको कारणले गर्दा आज पनि लाखौं नेपालीहरू वर्षौपिच्छे विदेशी भूमिमा श्रम तथा रोजगारीका लागि विदेशिन बाध्य भएका छन् । हाम्रा बाजे-बराज्यूको पालामा भोट तिब्बतबाट शुरु भएको वैदेशिक रोजगारीको यात्रा भारतको कलकत्ता, बनारस, दिल्ली हुँदै आज हाम्रो पालामा आइपुग्दा जापानदेखि युरोप हुँदै अमेरिका, क्यानडा, ब्राजिलसम्म पुगेको छ । वैदेशिक रोजगारीको बाध्यताले एकातिर अर्धदक्ष कामदारहरूले जोखीमपूर्ण काममा न्यून पारिश्रमिकमा काम गर्नुपरेको छ भने अर्कोतर्फ दक्ष युवा जनशक्ति विदेश पलायन भइरहेका छन् । दक्ष युवा जनशक्तिहरू वर्तमान विश्वको खुल्ला समाजमा आफ्नो क्षमता अनुसारको काममा रोजगारीका लागि जापान, अष्ट्रेलिया, युरोपदेखि अमेरिका क्यानडासम्मका श्रमबजारमा प्रवेश गरिरहेका छन् । नेपालको दाँजोमा ती देशहरूमा अत्यधिक विकास भइसकेकाले गर्दा जीवनस्तर सहज रूपमा सञ्चालन गर्न उनीहरू त्यहाँ आफ्नो सीप अनुसारका काम गरेर सक्षम हुने भएकाले नेपालबाट विकसित देशमा रोजगारीका लागि गएका धेरै युवा जनशक्तिहरू उतै पलायन भएर बस्ने गरेका छन् ।

नेपालमा राज्य सरकारद्धारा उचित किसिमको रोजगारी दक्ष तथा विज्ञ जनशक्तिलाई दिन नसक्नु, देशमा शान्ति सुरक्षाको अवस्था कमजोर हुनु तथा सन्ततिहरूको भविष्य अस्थिर तथा भद्रगोल पाराको राज्य व्यवस्थाको कारण धेरै दक्ष तथा विज्ञ नेपालीहरू विदेशमा रोजगारीमा जाने तथा आफ्नो भविष्य उतै उज्यालो देख्नेहरू नेपालमा फर्केर आउन चाहँदैनन् । विश्वका धेरै विकसित

देशहरूले दक्ष कामदार तथा युवा दक्ष विज्ञ जनशक्तिलाई उनीहरूको देशमा जीवन निर्वाहका लागि पर्याप्त सेवा-सुविधासहित आमाबुबा छोराछोरी र श्रीमान् श्रीमतीलाई आवासीय तथा कार्यअनुमति भिसासहित निश्चित समय र कानुनी प्रक्रिया पुरा गरेपछि उनीहरूको देशको नागरिकता तथा उनीहरूको देशको नागरिकसरह जीवन निर्वाहका लागि आर्थिक तथा सामाजिक सेवा सुविधा उपलब्ध गराउने प्रमुख अवसर तथा कारणले गर्दा यस्ता सेवासुविधाका लागि मापदण्ड पुगेका ९५% नेपालीहरू विदेशी भूमिलाई कर्मभूमिको स्वर्णीम आश्रयस्थल बनाएर सुखको खोजीका लागि बस्न बाध्य भएका हुन् ।

मानिस जन्मसिद्ध स्वभावले सुख-समृद्धि र शान्तिको खोजीमा अनि सुखमय जीवन सञ्चालनका लागि निरन्तर लागिरहने एक चेतनशील तथा विवेकशील प्राणी हो । त्यसैले मानिसहरू आफ्नो जीवन जता सहज र सुरक्षित बन्छ त्यतै उनीहरू बस्न र रमाउन चाहन्छन् । नेपालको अस्थिर राजनीतिक अवस्थाको कारणले गर्दा समयसापेक्ष नेपालले प्रगति र विकास गर्न नसक्दा आज पनि लाखौलाख नेपालीहरू विश्वका धेरै देशहरूमा काम तथा व्यवसायका लागि आउनेजाने क्रम चलिरहेको छ ।

एकातिर समाजमा चरम गरिवीका कारण देशका विभिन्न ठाउँदेखि विदेशका मरुभूमिसम्म पुगेका दुःखी नेपालीहरूको कथाव्यथा पनि कारुणिक नै छ । अनि आफ्नो कृषियोग्य जमिनमा घरपरिवारका सदस्यहरू मिलेर कृषि तथा पशुपालनको काम नगरी विदेशमा रुखमा पैसा टिप्न पाउनेजस्तो गरी अरबको मरुभूमिमा ५५-६० डिग्रीका गर्मीमा बेहोस हुने गरी काममा खट्ने नेपालीहरूको कथाव्यथा पनि मर्मस्पर्शी र कारुणिक नै छ । अर्कोतर्फ वर्षको ५-६ लाख सजिलैसँग बचत गर्न सक्ने आफ्नो काम व्यवसाय छोडेर, खेतबारी बाँझो राखेर ५५-६० डिग्रीको अरबका मरुमूमिदेखि युरोपका कतिपय ठाउँमा माइनस ३५-४० डिग्रीको तापक्रममा कठाङ्ग्रियर महिनाको २०-२२ हजार पनि बचाउन नसक्ने चुनौतिपूर्ण तथा जोखिममय काम गर्ने नेपालीहरूको कथाव्यथा पनि

बयान गरी साध्य छैन । छिट्टै धनी बन्ने सपनामा आज विश्वका धेरै मानिसहरू लागिपरेको अवस्थामा विशेषगरी युवा जनशक्तिहरू आफ्नो घरखेत सम्पत्ति बेचेर तथा बैङ्कमा बन्दकी राखेर ५० औँ लाखदेखि करोडौँसम्म खर्च गरेर दलाल तथा ठगको प्रलोभनमा परेर विषय वस्तुको ज्ञान तथा सम्बन्धित देशको अध्यागमन कानुनको सामान्य जानकारीसमेत नलिइ झुट्टा आश्वासनमा विश्वास गरी छिट्टै धनी बन्ने सपनामा लागेर धेरै विश्वका मानिसहरूले श्रीसम्पत्ती समाप्त पार्नेदेखि लाखौँ दुःखकष्ट, हन्डर ब्यहोरेर विदेशको जेलनेल तथा कानुनी सजायसमेत ब्यहोर्नेदेखि अल्पायुमा जीवन गुमाउनुसमेत परेको छ ।

वैदेशिक रोजगारीमा जानेहरूको एकातिर अर्धदक्ष तथा सामान्य कामदारको न्यून पारिश्रमिकको अवस्थाले गर्दा घरगृहस्थी तथा परिवार सञ्चालन गर्न समस्या पर्ने अवस्थाले कतिपय मानिसहरू मानसिक तनाव भई विभिन्न स्वास्थ्य समस्या ब्यहोरिरहेका छन् भने कतिपय सामान्य सोझा मानिसहरूलाई मेनपावरका एजेन्ट तथा उनीहरूका आफन्तले समेत झुट्टा कुरा गरेर गलत काममा लगाउने तथा मलेशिया तथा अरबका भूमिमा अलपत्र पार्ने र जेलनेलको सजाय ब्यहोर्नुपर्ने अकल्पनीय अवस्थामा समेत पुऱ्याएका छन् । नेपालमा सरकारले केही सामान्य सुधारका कार्यक्रमहरू गरे तापनि आर्थिक अवस्था कमजोर भएका वर्गहरूका लागि सरकारले ठूलो उपलब्धिमूलक कार्यक्रम प्राभावकारी रूपमा अझै पनि गर्न सकेको छैन । नेपाली किसानहरूले लोकतान्त्रिक शासन व्यवस्थाका सरकार सञ्चालनमा रहेको समयमा समेत बेलाबेलामा खेतीपाती लगाउने तथा गोडमेल गर्ने बेलामा समेत कृषिमा प्रयोग हुने रासायनिक मलसमेत समयमा अनि पर्याप्त मात्रामा पाउन सकेका छैनन् ।

नेपालमा राज्य व्यवस्था सञ्चालनका नेतृत्वकर्ताहरूको यस्तै विभिन्न कमजोरी तथा देशको निमित्त व्यक्तिगत तथा सामूहिक स्वार्थबाट माथि उठेर काम गर्ने दूरदर्शी सोच तथा योजना भएका राष्ट्रवादी देशभक्त तथा जनप्रेमी नेतृत्वकर्ताको अभावले गर्दा

नेपालमा ठूला-ठूला राजनीतिक परिवर्तन भए तापनि नेपालको आर्थिक परिवर्तन भने अझैसम्म पनि हुन सकेको छैन । आफ्नो देशमा पर्याप्त मिहिनेत नगरी वैदेशिक रोजगारीको भूत लागेर मलेशिया, अरबलगायतका देशहरूमा दलालको झुटो आश्वसनमा परेर सामान्य मजदुरीका लागि गएर अलपत्र परेका नेपालीहरूको कथाब्यथा अनि सामान्य आफ्नो भएको व्यवसाय छोडेर छिटै धनी बन्ने सपनामा युरोप तथा अन्य देशमा पुगेका अनि अलपत्र परेका तथा जेलनेल भोगेका नेपालीहरूको कथाब्यथा पनि बयान गरेर साध्य छैन । कतिपय नेपाली अर्धदक्ष युवा जनशक्ति नेपालमै आफ्नो सपरिवार मिलेर आफ्नो काम व्यवसायबाट वार्षिक ५-६ लाख नियमित कमाइ रहेकाहरूसमेत छिट्टै धनी बन्ने सपना देखेर तथा नेपालमा पर्याप्त मिहिनेत नगरेर भएको काम व्यवसाय छोडेर विदेशी भूमिमा अकल्पनीय घटनामा पर्ने तथा अलपत्र पर्ने, अङ्गभङ्ग हुनेलगायतका घटनाको शिकार बनिरहेका छन् ।

अघि भोट तिब्बतको रोजगारीको यात्रामा बाटोको भौगालिक विकटता, चिसो मौसमले विभिन्न खालको बिरामी परेर धेरै नेपालीहरूले अल्पायुमा जीवन बिताए । २००७ सालपछि भारतको विभिन्न शहरी क्षेत्रमा रोजगारीका लागि पुगेका धेरै नेपालीहरूले भारतमा औलो तथा कालाजार रोगको कारणले गर्दा अल्पायुमा जीवन बिताए । विश्वमा धेरै मानिसहरू छिट्टै धनी बन्ने सपना देखेर आज पनि दलाल ठगहरूको झुटो आश्वासनमा परेर आफ्नो श्रीसम्पत्ति तथा जीवन अल्पायुमै समाप्त पार्नेदेखि अङ्गभङ्ग हुनेलगायतका अकल्पनीय दुर्घटना तथा घटनामा परिरहेका छन् । विश्वमा आज पनि धेरै मानिसहरू मानवतस्करहरूको प्रलोभनमा परेर छिट्टै धनी बन्ने सपना देखेर सम्बन्धित देशको अध्यागमन नियमावली तथा भिसा प्रकृया तथा अवस्थाको सामान्य जानकारी नै नलिइ पूर्ण रूपमा दलाल ठगको विश्वासमा परेर कैयौँ नेपाली चेलीहरू अफ्रिकाको डान्सबारदेखि अरबका घरेलु कामदारका रूपमा नारकीय जीवन बिताउन बाध्य भएका छन् । नक्कली विवाह गरेर भारत लैजानेदेखि सरकारी स्वीकृति लिएर अरबियन देशहरूमा

चुनौतिपूर्ण तथा जोखिममय काममा लगाउने मानव तस्करहरूको सञ्जाल विश्वमा व्यापक रूपमा रहेको छ ।

युरोप, अमेरिका लगायत देशमा सुनौलो रोजगारी अनि सुनौलो भविष्यको आश्वसनको सपना देखेका विश्वका धेरै मानिसहरू आज पनि दलाल र ठगको प्रलोभनमा परेर सामुन्द्रिक डुङ्गा दुर्घटनादेखि महिनौसम्म बाकसमा प्याकिङ भएर युरोप अमेरिका प्रवेशको अत्यन्तै जोखिमपूर्ण यात्रा तथा युरोप अमेरिका प्रवेशका लागि महिनौंको जङ्गलको यात्रा तथा मानव तस्करको मोलमोलाइको चरम यातना व्यहोरिरहेका छन् । विश्वको शक्तिसम्मन्न देश अमेरिका तथा अन्य देशमा प्रवेश गरेर आफ्नो भविष्य उज्यालो पार्ने सपना देखेर धेरै मानिसहरू महिनौंको पानीजहाजको यात्रा महिनौंको जङ्गलको जोखिमपूर्ण यात्रा गर्दै अमेरिकाको सिमानामा रहेको छिमेकी देश मेक्सिकोसम्म पुगेर धेरै कष्टकर जीवन बिताएर अलपत्र परिरहेका छन् ।

वि. सं. २०६१ साल भदौ १४ गते इराकमा १२ जना नेपाली कामदारहरूको त्यहाँका मुस्लिम बिद्रोही समूहले पक्राउ गरी हत्या गरेको थियो । परदेशमा गएर वैदेशिक रोजगारीबाट आफ्नो जीवनस्तर उकासेर घरपरिवारलाई सुख शान्ति दिन्छु भनेर सुनौलो सपना देखेका साधारण नेपालीहरूले विदेशी भूमिमा अल्पायुमा पीडादायी अवस्थामा आफ्नो जीवन गुमाउनुपरेका घटना मर्मस्पर्शी कहालीलाग्दो तथा हृदयविदारक थियो । भारतको वेश्यालयमा झुक्याएर बेचिएका नेपाली चेलीहरूको कथाव्यथा अरबका देशहरूमा घरेलु कामदार बनेर त्यहाँ पुगेका अनि चरम श्रम शोषणमा परेका नेपाली दिदीबहिनीहरूको शारिरीक श्रमको यातना तथा मानसिक पीडा अनि मानवतस्कर, द्रव्यपिचासहरूले विभिन्न प्रलोभन देखाएर झुक्याएर नेपालीहरूको गरिबीमाथि गरेको अत्यासलाग्दो लाखौ घटनाहरूको कथाब्यथा पनि हृदयविदारक तथा पीडादायी बनेर समाचार तथा सामाजिक सञ्जालमा बेलाबेलामा हामी सबैले प्रत्यक्ष देखेका तथा सुनेका छौं । आज पनि लाखौं नेपालीहरू वर्षैपिच्छे अर्धदक्ष कामदारका रूपमा वैदेशिक रोजगारीका लागि मलेशिया तथा

अरबका देशहरूमा गएर औद्योगिक दुर्घटना, सडक दुर्घटना, मानसिक तनाब तथा विभिन्न घटनामा परेर अङ्गभङ्ग तथा अल्पायु जीवन बिताइरहेका छन् ।

घरपरिवारलाई सुखसुविधा दिन आफ्नो आर्थिक अवस्था उकास्न हाँसी खुसी घरबाट विदावारी भएर विदेशी भूमिमा वैदेशिक रोजगारीका लागि गएका नेपाली हजारौँ जनशक्तिहरू वर्षेपिच्छे विविध कारणले मृत्यु भई काठको बाकसमा फर्कनुपर्ने हृदयविदारक अवस्थादेखि विदेशमा सम्बन्धित देशको रोजगारदाताले राम्रो काम तथा समयमा सम्झौता अनुसारको सेवा सुविधा नदिएर परेको मानसिक तनाब तथा धेरै रोजगारदाता कार्यालयहरू बन्द भएर तथा विविध कारणले नेपाली कामदारहरू गैरकानुनी तरिकाले अन्यत्र रोजगारी कार्यका लागि समावेश भएपछि आइपर्ने विभिन्न श्रम तथा अध्यागमन सम्बन्धी कानुनी समस्याले गर्दा उनीहरूलाई त्यस देशहरूमा आइपर्ने विभिन्न कानुनी समस्याका कारण सामान्य घटना, दुर्घटना तथा अकल्पनीय घटनाहरूमा सामान्य बीमादेखि ठूला-ठूला घटनाको कानुनी प्रतिक्षा गर्नसमेत नेपाल सरकार तथा पिडित परिवारले गर्न सकेको छैन ।

विदेशमा गैरकानुनी तरिकाले बसोबास तथा श्रम गरेर बसेका नेपालीहरूका लागि सामान्य घटनादेखि गम्भीर प्रकृतिका घटनामा कानुनी प्रतिरक्षा गर्नदेखि अकल्पनीय घटना भई मृत्यु भएका मानिसहरूको लाससमेत सम्बन्धित देशबाट पिडित परिवारमा पठाउनसमेत नसकिने तथा कानुनसम्मत बसेका मानिसहरूको तुलनामा १० औँ गुणा बढी खर्च गर्नुपर्ने अवस्था पनि समय समयमा आइरहेको छ ।

वैदेशिक रोजगारीमा गएर सडक दुर्घटना, मानसिक तनाब, औद्योगिक दुर्घटनालगायत रोजगारदाता कार्यालयको कमजोरीको कारण ५-१० तलादेखि ५० औँ १०० औ तलाबाट काम गर्दा गर्दै खसेर दुर्घटनामा परी मृत्यु भएका घटनाले घरपरिवारको आर्थिक समस्या, मानसिक पीडाको घटना पनि मर्मस्पर्शी तथा पीडादायी र कहालीलाग्दा छन् ।

रोल्पाका वीरबहादुर बुढा वैदेशिक रोजगारीका लागि कतारमा गएर दोस्रो चरणमा काम गर्न फेरि कतार जाँदा मेडिकल परीक्षणमा फेल भई सम्बन्धित रोजगारदाता कार्यालयले नेपाल पठाउने कुरा गरेपछि उनले दाङमा किनेको जग्गा तथा घरको ऋण तिर्नका लागि त्यतै भागेर अन्त गई काम गर्ने सिलसिलामा कतार र साउदी अरबको सिमानामा पर्ने मरुभूमिमा विजुलीवत्तीसमेत नभएको ठाउँमा मोवाइलसमेत चार्ज गर्न नमिल्ने ठाउँमा दैनिक १४-१५ घन्टा त्यहाँको कृषि फर्ममा काम गरेको कठिन जीवन सङ्घर्षको कथा बिबिसी रेडियोद्धारा सञ्चालनमा रहेको नेपाली भाषाको कार्यक्रम साझा सवालमा त्यस समयका कार्यक्रम सञ्चालक पत्रकार नारायण श्रेष्ठले कतारबाट प्रसारण गर्नुभएको मर्मस्पर्शी व्यथाले करोडौं नेपालीहरूलाई अर्धदक्ष कामदारको वास्तविक अवस्था बुझ्न सजिलो भएको हुनुपर्दछ ।

वीरबहादुर बुढा मगर आफू गैरकानुनी तरिकाले बसेका कारण तथा अर्धदक्ष कामदार भएका कारणले सस्तो मजदुरीमा गरेको कामको रकम समेत उनी गैरकानुनी भएका कारण आफूले कमाएको रकम आफैंले घरमा पठाउन नमिलेको कारण अर्को साथीलाई घरमा पठाउन जिम्मा लगाउदा उनले विश्वास गरेका अर्को विश्वासघाती नेपालीले समेत खाइदिएर फरार भएको घटना तथा घरको ऋण तिर्न १२-१३ वर्ष यसरी गैरकानुनी रूपमा कतारमा बस्दा पाएको हन्डर तथा पीडा पनि हृदयबिदारक नै छ । अब चाँडै नै घर आउँछु भनी घरमा उनले श्रीमतीका लागि पठाएको फोटो हेरेर उनको श्रीमतीले खस्कदो जीवन र शारीरिक अवस्थाबाट गहभरि आँसु झरेको अवस्था अनि पीडाले मानवीयता भएका मानिसहरूलाई अर्धदक्ष कामदारको वैदेशिक रोजगारीका समस्याले स्पष्ट जानकारी गराउँछ ।

आज पनि लाखौं सोझा नेपाली युवा जनशक्तिहरूलाई खराब चरित्र भएका द्रव्यपिशाच प्रवृत्तिका केही मेनपावर तथा एजेन्डको मिलेमतोमा राम्रो काम अनि राम्रो सेवा-सुविधा पाइन्छ भनेर झुट्टा आश्वासन दिएर बिचल्लीमा पारिरहेका छन् । जापानको जेलमा परिवन्दमा परेर १५ वर्ष जेल जीवन बिताएर सफाइ पाएका

इलामका गोविन्द मैनाली, इराकको घटनामा परी वि. सं. २०६१ साल भदौमा मुस्लिम अतिवादी समूहको निशानामा परेका १२ नेपाली कामदारहरू रोल्पाका वीरबहादुर बुढाजस्तै बाध्यतामा परेर २० औँ वर्ष घर नआएका तथा परदेशको भूमिमा चरम आर्थिक मानसिक समस्याले गर्दा जन्मभूमि र परिवारलाई बिर्सेका अनि खोजखबरसमेत अज्ञात भएका कयौँ नेपालीहरूको कथाव्यथाले सचेत नेपाली नागरिकहरूलाई वैदेशिक रोजगारी अर्धदक्ष कामदार तथा नेपालको सरकार तथा सम्बन्धित व्यक्तिहरूका विभिन्न कमजोरीको सम्बन्धमा सोच्न बाध्य गराउँछ ।

नेपालमा वि. सं. २००७ सालपछि ठूला-ठूला राजनीतिक परिवर्तन भए तापनि राज्यसत्ता सञ्चालहरूबाट समयानकुल सर्व साधारण नेपाली नागरिकहरूको आर्थिक तथा सामाजिक अवस्था बलियो बनाउने कामहरू हुन नसकेको कारणले गर्दा शिक्षित तथा विषय विज्ञ युवा तथा जनशक्तिलाई राज्य सरकारले नेपालमा विदेश पलायनबाट रोकेर नेपालमा रोजगारी तथा विविध सेवाका क्षेत्रमा उनीहरूको ज्ञान सीपलाई उपयोग गरेर नेपाल देशलाई आर्थिक प्रगति तथा समृद्धिको बाटोमा अघि बढाएर सबै नेपालीहरूको आर्थिक सामाजिक अवस्था सक्षम बनाउन सकेमा मात्र वैदेशिक रोजगारीमा अर्धदक्ष कामदारले पाउने गरेका लाखौंलाख प्रकारका पीडा अन्त्य गर्न सकिन्छ ।

विषयविज्ञ तथा दक्ष युवा जनशक्तिले मात्र आफ्नो ज्ञानसीपका क्षेत्रमा विश्वमा पाएका अवसरहरूको उपयोग गर्न ५-६ वर्ष देखि १०-११ वर्ष वैदेशिक रोजगारीका लागि विश्वका विभिन्न सम्पन्न देशहरूमा गएर त्यहाँ सिकेका ज्ञान, सीप र अनुभवबाट नेपालमा आएर त्योभन्दा उत्कृष्ट तरिकाले काम, व्यवसाय तथा राज्य र समाजका विभिन्न क्षेत्रमा योगदान गरी नेपाल देशलाई सक्षम र समृद्ध बनाउने यात्रामा सहभागी गराउनुपर्दछ । राज्य सरकारले पनि अर्धदक्ष युवा जनशक्तिलाई उनीहरूको रुचीअनुसारको क्षेत्रमा विभिन्न खालका प्राविधिक तालिम दिएर अहिले सञ्चालनमा रहेका प्राविधिक शिक्षालयमा उत्कृष्ट तरिकाले तालिम उपलब्ध गराएर

उनीहरूको जीवनस्तर आफ्नै देशमा रहेर पेशा व्यवसाय गरेर सक्षम बनाउने वातावरण सिर्जना गर्नुपर्दछ ।

वि. सं. २००७ सालमा निरङ्कुश राणाशासन समाप्त भएपछि विभिन्न समयमा भएका ठूला-ठूला राजनीतिक परिवर्तन पछि नेपालमा अहिले राज्य सरकारद्धारा गाउँ गाउँमा मोटर बाटो, शिक्षा, स्वास्थ्य विभिन्न क्षेत्रमा लगानी, युवाहरूका लागि विभिन्न व्यवसायमा सहुलियतपूर्ण व्याजमा व्यवसायिक कर्जा लगानी र व्यवसायको सुरक्षाका लागि व्यवसायिक बीमा तथा मानिसको जीवन सुरक्षाका लागि विभिन्न खालका सुरक्षित जीवन बीमा कार्यक्रम लागु गरिएको कारणले गर्दा नेपालमा अहिले नवजनशक्तिलाई पेशा व्यवसाय सञ्चालन गर्न सहज भएको छ । आफ्नो सुन्दर मातृभूमि नेपालमा घरपरिवारसँगै बसेर सामूहिक काम गर्दा वार्षिक ५-६ लाख सामान्य दैनिक घर सञ्चालनको खर्च कटाएर बचाउन सक्ने लाखौ युवा जनशक्तिहरू देखासेखी गरेर अर्धदक्ष कामदारका लागि न्यून सेवा सुविधा भएका रोजगारीका लागि वैदेशिक रोजगारमा गएका कारण आज पनि हजारौँ नेपाली युवा जनशक्तिहरूले रोल्पाका वीरबहादुर बुढा तथा अखण्ड भण्डारीले लेख्नुभएको मलाया एक्सप्रेस नामको उपन्यासमा जीतबहादुर र प्रिति पात्रको जस्तो जीवनयात्रा बिताउनुपरेको छ ।

वैदेशिक रोजगारीका सम्बन्धमा आइपरेका विविध समस्याको सम्बन्धमा महाकवि लक्ष्मीप्रसाद देवकोटाले लेख्नुभएको मुनामदनको अघि भोट, तिब्बतमा अर्थोपार्जनका लागि हाम्रो बाजेबराज्यूको कथाव्यथामा आधारित खण्डकाव्य, लैनसिंह वाङ्देलले लेख्नुभएको मुलुक बाहिर उपन्यासमा रणबहादुर म्याउची, दलबहादुर, मसिनी, माइला भुजेलहरूको पूर्वि भारतको आसाम, गुहाटी, वर्मासम्मको रोजगारी तथा श्रमको कथाव्यथा पूर्वी भारतका नेपाली भाषी साहित्यकार लीलबहादुर क्षेत्रीले बसाई उपन्यासमा व्याख्या गर्नुभएको धने, मैनाको तत्कालीन गरिब नेपालीको जीवनयात्राको बाध्यात्मक कथाव्यथा, पूर्वी इलामका गोविन्द मैनालीले वैदेशिक रोजगारीका क्रममा जापानको जेलमा १५ वर्ष बिताउनुपरेको पीडाको कथाव्यथा,

नेपालको राष्ट्रिय दैनिक सर्वाधिक लोकप्रिय पत्रिका कान्तिपुर दैनिकका वरिष्ठ पत्रकार अखण्ड भण्डारीले लेख्नुभएको चर्चित उपन्यास कृति मलाया एक्सप्रेसमा जीतबहादुर परिवारको कथा अनि तत्कालीन नेपाली समाजमा वैदेशिक रोजगारीका अवस्थाको कथाव्यथाका सम्बन्धमा कान्तिपुर दैनिकका वरिष्ठ पत्रकार होम कार्कीले लेख्नुभएको नेपाली युवा जनशक्तिको अरबियन देशहरूमा वैदशिक रोजगारीका भोगेको समस्याहरूको सम्बन्धमा लेख्नुभएको उपन्यास (सनैया) को कथाव्यथाबाट प्राचीन समयमा भोट तिब्बतदेखि वर्तमान समयसम्म आइपुग्दा नेपाली युवा जनशक्तिले जापान, मलेशिया, अरब, युरोप तथा अमेरिकासम्मको कथा व्यथाहरू हामीले अध्ययन गर्न सक्छौं ।

मेरो एकजना आफन्त मकवानपुर हेटौंडाका माधव घिमिरे वि. सं. २०६१ सालमा वैदेशिक रोजगारीका लागि अरबियन देश दुवई गएका थिए । दुवईमा ३ वर्ष बसेपछि दुवईको रोजगारीको सेवा सुविधाले जीवनस्तर भविष्यमा सहज हुने अवस्था नदेखेर उनी सुखद भविष्यको खोजीका लागि दुवईका मेनपावर सञ्चालक एजेन्टमार्फत युरोपियन देश ग्रिस जानका लागि दुवईमा ६ लाख खर्च गरेर सामुन्द्रिक अनि बस पैदल यात्रा गरेर कठिन यात्रा पार गरी ३ महिनापछि युरोपको ग्रिसमा पुगेका थिए । ग्रिसमा पुगेर जमिनमुनि सुरुङ मार्गबाट खनिज पदार्थ झिक्ने कामको रोजगारीमा बल्लबल्ल काम पाएका रहेछन् । बल्लबल्ल २ वर्षमा ग्रिस जाँदा खर्च भएको ६ लाख रकम नेपालको घरमा पठाएका थिए । ३ वर्षपछि सधैंका लागि ग्रिस छोडेर नेपालमा आउने र आफ्नै देशमा काम गर्ने योजना बनाइरहेको समयमा माधव घिमिरेको खानी दुर्घटनामा परी अल्पायुमा मृत्यु भएको थियो ।

माधव घिमिरे त एक प्रतिनिधि पात्र हुन् आज पनि हजारौं नेपालीहरूले खानी दुर्घटना तथा विविध कारणले अल्पायुमा शारीरिक अपाङ्ग तथा जीवन गुमाउनपरेको छ । सुखद भविष्यका लागि आज पनि दैनिक हजारौं मानिसहरू युरोप तथा अमेरिका प्रवेशका लागि प्रयास गरिरहेका छन् । अध्ययन तथा प्राविधिक सीपमा उच्च ज्ञान,

सीप, क्षमता भएको जनशक्तिलाई बाहेक अर्धदक्ष जनशक्तिहरूलाई युरोप तथा अमेरिका प्रवेशमा अध्यागमन नियमावली कानुन कडा भएकाले सहज प्रवेश तथा रोजगारी नपाउने भएको कारणले मानिसहरू आज पनि ५० औँ लाख खर्च गरी युरोप तथा अमेरिका प्रवेश गर्न कठिन यात्रा मानव तस्करहरूको प्रलोभनमा परेर पनि प्रयास गरिरहेका छन् ।

आफ्नो ज्ञान, सीप, क्षमताभन्दा बाहिर गएर मानव तस्करको प्रलोभनमा परेर यस्ता जोखिममय कार्यमा २० औँ ५० औँ लाख खर्च गर्नु भनेको मानिसका ठूला-ठूला कमजोरीहरू हुन् । अध्ययन, ज्ञान, सीप अनुसारको काममा आज विश्वका धेरै देशहरूमा मानिसहरूले रोजगारी तथा व्यवसाय सञ्चालन गरिरहेका छन् । यसरी आजको डिजिटल युगमा अध्ययन ज्ञान, सीप अनुसारको काममा रोजगारीका लागि विश्वका विभिन्न देशमा गएर उच्च सेवा सुविधाको काम, रोजगारी व्यवसाय गरी जीवन सञ्चालन गर्ने अवसर मानिसहरूले शिक्षा अध्ययन विज्ञान-प्रविधिले गरेको प्रगति र मानिसले गरेको निरन्तरको मिहिनेतले गर्दा नै भएको हो ।

मेरा एकजना छिमेकी दाजुका ३ छोराछोरीहरूमध्ये जेठो छोराबुहारीको सन्तान काम व्यवसाय तथा रोजगारी गरी युरोपियन देश जर्मनमा स्थायी बसोबास गरिरहेका छन् । छोरी अध्ययन पश्चात अष्ट्रेलियामा सपरिवार स्थायी बसोबास तथा काम व्यवसाय गरिरहेकी छिन् । कान्छो छोरा अध्ययनपश्चात अमेरिकामा काम तथा स्थायी बसोबास गरिरहेको छन् । मेरा ती छिमेकी दाजुलाई ७० वर्षको उमेरको दौरानमा विदेशी भूमिमा पटक्कै बस्ने इच्छा छैन भन्नुहुन्छ उहाँको ३ तिरका देशमा बसेका छोराबुहारी, छोरीज्वाइँ, नातिनातिनाहरू नेपालमा काम व्यवसाय नभएकाले नेपालमा सपरिवार फर्केर आउन चाहँदैनन् । ती मेरा छिमेकी दाजुलाई जन्मे हुर्के-पढे-बढेको आफ्नै देशमा जीवन बिताउने अन्तिम इच्छा छ । छोराबुहारी, छोरीज्वाइँलाई पनि नेपालमा रहेका आफ्ना घरपरिवार, आफन्त, इष्टमित्र तथा साथीभाइको सम्झनाले सधैँ सताइरहन्छ । शरीर अस्ट्रेलिया, युरोप, अमेरिका भए तापनि मन मस्तिष्क सधैँ

नेपालको सम्झनाको झझल्को आइरहन्छ भन्छन् उनीहरू । उनीहरूका छोराछोरीका सन्तानहरू उतै जन्मे हुर्केका हुनाले उनीहरूलाई नेपालको सम्बन्धमा कुनै माया, सम्झना र सरोकार छैन ।

थोरै प्रवासीका सन्तानहरूले मात्र आफ्ना अग्रजहरूको जन्मस्थानको ठाउँ (थाकथलोको) सम्बन्धमा चासो गरे तापनि विविध बाध्यता, पेशा, रोजगारी बाध्यताले गर्दा सबैले सधैं यस विषयमा चासो तथा सरोकार राख्न सम्भव पनि हुँदैन । ३ पुस्ते संयुक्त परिवारको अवधारणामा हुर्किएको नेपाली मौलिक पारिवारिक संस्कृति आज गाउँबाट शहर, शहरबाट विदेश आतेजाते तथा पलायन हुने नयाँ परिपाटी तथा बाध्यताले गर्दा नेपालीहरूको संयुक्त पारिवारिक संस्कृति पनि आज क्रमशः एक्लो जेष्ठ नागरिक परिवारमा रूपान्तरण हुँदै गएको छ । आफ्ना छोराछोरीलाई फुलमाला लगाएर विदेश पठाएका कतिपय नेपालीहरूको अल्पायुमा भएका घटना तथा मृत्यले घरपरिवारमा बिपत्ति तथा स्थायी आवसिय भिसा पाएर काम व्यवसाय गरी बसेका कतिपय नेपालीहरूले आफ्ना आमाबुबाको जीवनको उत्तरार्धमा सँगै राखेर सेवा गर्न नपाएको विविध कारणले गर्दा उनीहरूलाई स्याहार सुसार तथा औषधि-उपचार गर्नसमेत ज्येष्ठ नागरिक सेवा केन्द्रको जिम्मा लगाउनुपर्ने बाध्यात्मक अवस्था कतिपय नेपालीहरूले भोगिरहेका छन् ।

मेरा १ जना छिमेकी दाजुका १ मात्र सन्तान छोरा अध्ययनका लागि युरोपियन देश जर्मनमा आजभन्दा २५ वर्ष अघिदेखि स्थायी बसोबास गरी बसिरहेका छन् । उनी उनका सपरिवार सहित व्यवसाय गरी युरोपको जर्मनमा स्थायी बसोबास गरिरहेका छन् । जर्मन अध्यागमन नियमावलीअनुसार उनका आमाबुबालाई एक पटकमा ३ महिनाभन्दा बढी जर्मनमा बस्ने अनुमति प्राप्त हुँदैन । उमेरले उहाँ ८० वर्ष कटिसक्नुभएका मेरा छिमेकी दाजुभाउजुलाई छोराबुहारीका सपरिवार नेपाल आएर बस्ने नेपालमा काम व्यवसाय छैन । जर्मन निवासी मेरा भतिजका छोराछोरी पनि जर्मनकै रहन शहन र वातावरणमा हुर्किएका हुनाले यता नेपालमा आएर बस्न

पनि मान्दैनन् अनि आफ्ना सन्तानहरू यता नेपालमा आएर बस्न नचाहने कारणले गर्दा ती दाजुका छोराबुहारीलाई आमाबुबाको बढ्दो उमेरमा हेरचाह गर्नका लागि जीवनको उत्तरार्द्धमा घरमा तलवी स्टाफ राख्नुपर्ने अवस्था आएको छ । आमाबुबालाई जीवनको उतरर्धमा जर्मन सधैँ राख्न पनि नपाइने विरामी हुँदा आमाबुबालाई उपचार गर्न पनि जर्मनमा आमाबुबाको बीमाको प्रभावकारी व्यवस्था नपाइने भएकाले आमाबुबाको उपचार गर्न पनि जर्मन गएको बेलामा मेरो छिमेकी भतिजलाई समस्या पर्ने गरेको छ ।

मेरो आफ्नो सहोदर भाइ नबिन गौतम पनि अमेरिका सरकारको विशेष कोटाको भिसाअन्तर्गत विगत १५ वर्षदेखि सपरिवार अमेरिकामा बसिरहेका छन् । नेपालमा भन्दा उतै आफू र आफ्ना परिवारको भविष्य सुनिश्चित देखेर उनी उनका परिवारसहित अमेरिकामा स्थायी बसोबास गरिरहेका छन् । मेरो भाईको अमेरिका बसोबाससँगै त्यसको ३ वर्षपछि मेरो बुबा रोगले थला पर्नुभै भाइ आफ्नो जन्मभूमिमा आई बुबाआमा तथा घरपरिवारसँग १ महिनाको बसाईपछि फर्केर कर्मभूमि प्रस्थान गरेको २४ घन्टा नै नपुग्दै नेपालमा मेरो बुबा बित्नुभयो । स्वास्थ्य अवस्था गम्भीर भएर बस्नुभएका मेरा बुबा खगेन्द्रमणि गौतमले मेरो भाइलाई कर्मभूमिमा आफ्नो कार्य सञ्चालनका लागि जानका लागि अनुमति दिनुभएको थियो । स्वास्थ्य अवस्था कमजोर हुँदै गए तापनि राम्रैसँग दोहोरो कुराकानी गर्न सक्नुहुने मेरो बुबाको निधनमा मेरो भाइले अन्तिम श्रद्धाञ्जली दिन पाएनन् ।

यस्ता खालका बाध्यता र परिस्थिति विश्वमा धेरै मानिसलाई समय समयमा आइपर्ने गरेको छ । १-२ घन्टा अगाडि राम्रोसँग सकुशल भिडियो फोन वार्तालाप गरेका धेरै मानिसले आफन्तलाई १-२ घन्टापछि गुमाउनुपरेको हजारौँ, लाखौँ घटना पृथ्वीको मानिसको समाजमा धेरै मानिसले समय समयमा व्यहोरिरहेका छन् । एउटै आमाबुबाका ४-५ जना सन्तानहरू विश्वको ४-५ तिर आफ्नो कर्मक्षेत्रमा लाग्नुपर्ने बाध्यताले गर्दा सहोदर दाजुभाइ दिदीबहिनीहरूको समेत भनेको बेलामा प्रत्यक्ष भेटघाट तथा

भेटवार्ता गर्न नपाउने अवस्थाले गर्दा मानसिक रूपमा मानिस पीडित बन्दै आएका छन् ।

आजको विकसित डिजिटल युगमा विश्वमा मानिसहरू विभिन्न अवसर तथा रोजगारीका सिलसिलामा आफ्नो घरपरिवारबाट टाढा-टाढा रहेर आर्थिक रूपमा घरपरिवार सञ्चालन गर्न सक्षम भए तापनि आफन्त तथा घरपरिवारबाट टाढा हुनुपर्दाको बाध्यताको पीडाको कथाव्यथा सबैको आ-आफ्नो किसिमको छ । सञ्चार तथा सूचनाको प्रविधिले फोनवार्ता, भिडियो फोनमा आफन्तहरू बीच एक-आपसमा कुराकानीले आफन्तहरू बीच केही भलाकुसारी चले तापनि टाढाटाढा बसाइको क्रममा भनेको बेलामा प्रत्यक्ष भेटवार्ता गर्न नपाउने बाध्यात्मक अवस्थाले गर्दा समय समयमा मानिसहरू बीच विभिन्न पीडा तथा मानसिक तनाव भइरहन्छ ।

मेरो काठमाडौंका घरनजिकै छिमेकमा १ जना छिमेकी बहिनी विगत २० वर्षदेखि घर बनाएर एक्लै बसिरहेकी छिन् । उनका श्रीमान्ले काम व्यवसायको क्रममा संयुक्त अधिराज्यको बेलायतमा विगत २५ वर्षदेखि स्थायी बसोबास गरिरहेका छन् । यता नेपालमा छोराछोरीको उमेर बढेसँगै उनले उमेर हदका कारण बेलायतमा छोराछोरीका स्थायी बसोबास अनुमति नपाएका कारण बेलाबेलामा उनका श्रीमान् नेपालमा आवतजावत गरेर जीवनयात्रा सञ्चालन गरिरहेका छन् ।

मेरा एक मात्र सहोदर मामा प्रेमप्रसाद ढुङ्गेल घरपरिवारलाई आर्थिक रूपमा सक्षम बनाउन तथा जीवनस्तर उकास्नका लागि वि. सं. २०३१ साल पौषमा गाउँका छिमेकी दाजुहरूसँग भारतको पूर्वी राज्य आसाम डिम्मापुरमा मकैखेती गर्न जानुभएछ । उहाँ भारतको आसाममा गएको ६ महिना नपुग्दै औलो रोगले उहाँको निधन भएछ । आफ्नो एक मात्र छोराको परदेशमा भएको निधनले शोकाकुल बन्नुभएका मेरो मामाघरको हजुरबुबा तथा हजुरआमाले आफ्नो बुढेसकालको सहारा गुमाउनुपर्दा जीवनभरि पीडा तथा जीवनको उतरार्द्धमा धेरै ठूलो सङ्घर्षका साथ जीवनयापन गर्नुपरेको थियो ।

मेरा एकजना आफन्तका एक मात्र सन्तान छोरा आजभन्दा २० वर्षअगाडि पढाइका लागि अमेरिका गएका थिए । अमेरिकामा पढाइ सकेपछि उनले पढाइ राम्रो भएकाले स्थायी आवास अनुमति पाएर त्यहाँको प्रतिष्ठित कार्यालयमा काम गर्दछन् । उनले विवाह रसियबाट अमेरिका पढ्न आएकी रसियन केटीसँग गरेका छन् । भविष्यमा उनकी बुहारीले सासुससुराको स्याहारसुसार गर्नुपर्दा भाषाको समस्याले गर्दा नेपाली भाषमा राम्रोसँग बोलचाल गर्न नसक्ने तथा नेपाली संस्कार अनुसार घरयसी कार्य गर्न उनलाई अप्ठेरो परिरहेको छ । रसियन बुहारीले नेपाली भाषा राम्रोसँग बोल्नै नजान्ने, नेपाली आमाबुबाले अङ्ग्रेजी तथा रसियन भाषा बोल्नै नजान्ने हुनाले घरमा समस्या आफ्नै किसिमको छ ।

यसरी हाम्रा नेपाली बाबुको घर नेपाल, ससुराली रसिया, कार्यक्षेत्र अमेरिका भएको हुँदा भविष्यमा सबैतिर ओहोरदोहोर गर्न पनि उच्च आर्थिक भार बढ्ने देखिन्छ । सूचना प्रविधिले विश्वभरीका मानिसलाई आपसमा भिडियो फोनमार्फत जोडे पनि साक्षात्कार तथा वार्तालाप गर्न भलाकुसारी तथा सुखदुःखका कुरा गर्नका लागि भने टाढाबाट खर्चिलो हवाईयात्राबाट आउनुजानुपर्ने हुन्छ । नेपाल तथा विश्वका कमजोर आर्थिक अवस्था भएका देशका मानिसका लागि कमजोर पढाइ तथा प्राविधिक सीप नभएका मानिसको समस्या त झन् विकराल नै छ । पढाइ तथा प्राविधिक सीप भएका दक्ष युवा जनशक्तिहरूलाई पनि आम्दानीको स्रोत राम्रो भएर जीवनस्तर सहज रूपमा सञ्चालन भएका लाखौं नेपालीहरूसमेत परिवारजन तथा आफन्तबाट टाढा बस्नुपर्दा मनमा सधैँ पीडा भई नै रहन्छ । घरबाट फूलमाला खादा लगाएर विदावारी भएर गएका हजारौँ नेपाली वर्षैपिच्छे अकल्पनीय घटनामा परेर काठको बाकसमा फर्कनुपर्ने अवस्था, विभिन्न परिबन्धले गर्दा आजीवन विदेशी भूमिमा जेलनेल बस्नुपर्ने अवस्थाको सदाका लागि अन्त्य हुनुपर्दछ ।

मानिसको जीवन सामान्य लोभ र मायाममताको संसारको घेरामा चलेको छ, अनि चल्नुपर्दछ । माया ममता तथा लोभको निश्चित परिधीले मात्र मानिसको जीवन सञ्चालनमा सन्तुलन

ल्याउन सकिन्छ । आफ्नो पारिवारिक जिम्मेवारी पुरा गर्नु मानिसको प्रमुख पहिलो कर्तव्य हो । समय बेला उमेरमा पाएको अवसरको उचित उपयोग र प्रयोग गरेर मानिसले निरन्तरको मिहिनेत, उद्देश्य र योजनाले जीवनलाई सहज, सक्षम र समृद्ध बनाउन सकिन्छ । बेला उमेर समयमा राम्रोसँग काम नगर्ने अनि घरपरिवार र राज्य सरकारले उपलब्ध गराएको सेवा-सुविधाको पनि सही सदुपयोग नगर्दा मानिसले जीवन दु:खदायी अवस्थामा बिताउनुपर्दछ ।

पृथ्वीमा ईश्वरको कथा र मानिसको व्यथा जति व्याख्या गरे पनि सकिदैन । दुई दिनको जीवनमा घरपरिवार सञ्चालन तथा जीविकोपार्जनका लागि मानिसले विभिन्न खालको आरोह-अवरोह पार गर्नुपर्दछ । विश्वमा राज्य सरकार सक्षम भएका देशहरूमा राज्य सरकारले आफ्ना नागरिकलाई न्यूनतम सेवा-सुविधा उपलब्ध गराएर सामान्य जीवन सञ्चालनमा सहज बनाएका छन् । देशको आर्थिक अवस्था कमजोर भएका देशहरूमा त्यहाँका नागरिकहरू सामान्य दैनिकी सञ्चालन गर्नसमेत कतिपयको घरपरिवारबाट टाढा तथा परदेशमा लाग्नुपर्ने बाध्यता पनि पीडादायी नै छ ।

सामान्य अवस्थामा घरव्यवहार सञ्चालन गर्न सक्नेले जीवनस्तर उकास्न अनि मध्यम आयस्तर भएकाहरूले उच्च स्तरको जीवनशैली सञ्चालनका लागि देश विदेशमा आवतजावत रोजगारी तथा व्यवसाय सञ्चालन गर्न अनि कमजोर आर्थिक अवस्था भएका मानिसले बाँच्नकै लागि बाध्यताले अर्धदक्ष रोजगारीमा देशभित्र तथा टाढाटाढा विदेशमा जानु बस्नुपर्ने अवस्था तथा विदेशमा समेत सामान्य कामका लागि १७-१८ घन्टा काम गर्नुपर्ने बाध्यात्मक अवस्थाको पीडाको कथाव्यथा पनि सबैको आ-आफ्नै किसिमको छ । अध्ययन, विषयवस्तुको ज्ञान भएका दक्ष जनशक्तिहरूको सेवा, रोजगारी, व्यवसायको कारणले घरपरिवार तथा आफन्तबाट टाढा हुनुपर्दाको पीडा आ-आफ्नै किसिमले चलेको छ भने अर्धदक्ष जनशक्तिले विदेशी भूमिमा पाएको दु:खको कथाव्यथाहरू पनि हृदयविदारक तथा पीडादायी नै छन् ।

# पृथ्वीमा मानिसका जीवनयात्रा

ईश्वरको सुन्दर सृष्टि यो पृथ्वीको प्रकृतिमा मानिसको जीवनमा मानिसका प्रमुख साक्षत ईश्वर भनेका उनीहरूका जन्मदाता, पालन पोषणकर्ता र घरपरिवार तथा समाजमा असल, मिहिनेती र अनुशासित मानिस बनेर मानवीय कर्तव्य पूरा गर्न मार्ग निर्देशन गर्ने आमाबुबा नै हुन् । आमाबुबा अनुशासित, विवेकशील, मिहिनेती, कर्तव्यनिष्ट र सामाजिक भावना भएका तथा सन्ततिहरू अनुशासित, आज्ञाकारी, मिहिनेती, विवेकशील र कर्तव्यनिष्ट भएमा मात्र व्यक्ति, घरपरिवार र समाज शान्त, सुखमय र समृद्ध बन्न सक्दछ ।

ईश्वरको सुन्दर सृष्टि पृथ्वी, प्रकृति र मानिसको जीवनमा हाम्रा अग्रजहरूको निरन्तर मिहिनेत, त्याग, शिक्षा, विज्ञान र प्रविधिको विकासले गर्दा नै मानिसहरू पृथ्वीमा प्राचीन ढुङ्गेयुग, मध्यकालीन कृषियुग हुँदै वर्तमान २१ औँ शताब्दीको आधुनिक युगमा मानिसहरू आफ्नो अनुशासन, मिहिनेतको क्षमता र विभिन्न अवसर अनुसारको जीवनयात्रा पृथ्वीमा सञ्चालन गरिरहेका छन् । प्रत्येक व्यक्ति, घरपरिवार, समाज र राज्य अनुशासित र सामाजिक कर्तव्यनिष्ट भएमा मात्र समग्ररूपमा पृथ्वीमा मानिसको जीवनयात्रा शान्त, सुखमय र समृद्ध बन्न सक्दछ । घरपरिवार मानिसको पहिलो पाठशाला हो । पृथ्वी, प्रकृति, मानिसका समाज, देश र यो ब्रह्माण्ड मानिसका खुल्ला विश्वविद्यालय हुन् । पृथ्वीको भुगोल मानिसका खुल्ला रङ्गशाला हो । मानिस, जीव, प्राणीहरू पृथ्वीका यात्रीहरू हुन् । पृथ्वीको सबैभन्दा चेतनशील तथा विवेकशील प्राणी मानिस पृथ्वी संरक्षणका प्रमुख पात्रहरू हुन् । मानिसले पृथ्वीको प्रकृतिमा सम्पूर्ण जीव, प्राणी, बनस्पति र प्राकृतिक स्रोतको उपयोग तथा नियन्त्रण गर्न सफल भएको छ । पृथ्वीमा मानिसका समाजमा मानिसका दुःखका प्रमुख २ वटा कारण छन् – (१) व्यक्तिगत (२) राज्यगत ।

(१) व्यक्तिगत : मानिसले व्यक्तिगत रूपमा अनुशासित, मिहिनेती, विवेकशील तरिकाले घरपरिवार र समाजमा कर्तव्यनिष्ट भई इमान्दारीका साथ काम नगरेको कारणले गर्दा जीवन सञ्चालनको जीवनयात्रामा दुःख पाउनु दुःखको पहिलो कारण हो ।

(२) राज्यगत : देशको राज्य सत्ताका नेतृत्वकर्ताहरू असल इमान्दार तथा समाज र देशलाई दीर्घकालीन रूपमा सही मार्गमा अगाडि बढाउन सक्ने दूरगामी, दूरदर्शी तथा अग्रगामी सोच क्षमता भएका नेतृत्वकर्ताको अभाव तथा राज्य सत्ताका नेतृत्वकर्ताहरू भ्रष्ट आचरण भएका व्यक्ति, समूहका कारणले गर्दा समग्र नागरिक समाज र देशले शैक्षिक र आर्थिक प्रगति गर्न नसक्दा समाज र देशले दुःख पाउनु अर्को प्रमुख कारण हो । देशको राज्य सत्ताको नेतृत्व गर्ने नेतृत्वकर्ताहरू व्यक्तिगत, गुटगत स्वार्थमा लागेर व्यक्तिगत लाभ, समूहगत लाभ तथा स्वार्थमा लागेर राज्य सत्ताको गलत तरिकाले उपयोग गरी नेतृत्व शक्तिले राजनीतिलाई समाजसेवाका रूपमा काम नगरी व्यक्तिगत स्वार्थ, गुटगत स्वार्थ, भ्रष्ट आचरण, अवसरवादी सोच, माफियाहरू सँगको सहकार्य र संरक्षक बन्ने र आफ्ना सन्ततिहरूका लागि २-४ पुस्तालाई पुग्ने सम्पत्तिको जोहो गर्ने सोचमा लागेका कारणले गर्दा नै विश्वका धेरै देशहरूमा राष्ट्रिय आर्थिक अवस्था कमजोर भई बहुसङ्ख्यक नागरिकहरूको जीवनस्तरमा आर्थिक तथा सामाजिक कठिनाइको सामना गर्नु पनि समाजमा मानिसको दुःखको अर्को प्रमुख कारण हो । देशमा राज्य सञ्चालकहरू कानूनी विधिको शासन, भ्रष्टाचाररहित राज्यप्रणाली, सबै नागरिकलाई मिहिनेत र क्षमता अनुसारको रोजगारीको अवसर, राम्रो कामलाई प्रोत्साहन, गलत कामलाई दुरुत्साहन, आपराधिक कार्यलाई अपराधको प्रकृति अनुसार दण्ड-सजाय गरी उत्कृष्ट लोकतान्त्रिक पद्धतिमा राज्यको शासन-व्यवस्था सञ्चालन गर्न सक्ने असल, इमान्दार र सामाजिक भावना भएका राष्ट्रवादी दुरगामी सोच भएका नेतृत्व शक्तिले मात्र समाज र देशलाई अग्रगामी बाटोमा अघि बढाइ समाज र देशलाई समुन्नत र समृद्धिको बाटोमा अगाडि बढाउन सक्दछन् ।

विश्वका मानिसका समाजमा सुखसयलमा हुर्किएका मानिसहरूभन्दा दुःख, अभाव र सङ्घर्षमा हुर्किएका मानिसले अवसर पाउँदा व्यक्तिगत तथा सामाजिक प्रगति गर्न सक्दछन् । विश्वका धेरै देशमा यस्तै सामान्य वर्गका इमान्दार, मिहिनेती र मानवीय तथा सामाजिक सोच भएका दूरदर्शी, महामानवहरूको योगदानको कारणले गर्दा नै विश्वका धेरै देशहरू सम्पन्नता र समृद्धिको यात्रामा अघि बढिरहेका छन् । मानिसको जीवनस्तर परिवर्तनका लागि समाजमा धनी तथा धनाढ्यवर्गको भूमिका पनि महत्त्वपूर्ण हुन्छ । धनी तथा धनाढ्य समूहका मानिसले व्यवसायमा प्रतिफलका लागि गर्ने लगानीको कारणले समाजमा सबै वर्गका मानिसहरूले रोजगारी प्राप्त गरी जीवनस्तर सञ्चालन गर्न सक्छन् । हामीले अहिले विश्व समाजमा मानिसहरू आधुनिक युगको यात्रामा प्रवेश गरेका देखेका भएता पनि सबै मानिसको जीवनस्तर सहज, सुखमय, समृद्ध बन्न सकेको छैन ।

पृथ्वीको मानिसका समाजमा कतिपय मानिसहरू आर्थिक अवस्था कमजोरी तथा अवसर नपाएर सामान्य जीवनस्तर सञ्चालन गर्न सकिरहेका छैनन् भने समाजमा कतिपय मानिसहरू पारिवारिक आर्थिक अवस्था सक्षम भएका तथा अवसर पाएका धेरै मानिसहरू पनि गलत बाटोमा लागेका कारणले गर्दा आफ्नो अमूल्य जीवन वर्वादी तथा समाप्तिको बाटोमा लागिरहेका छन् । दुःख, अभाव र समस्याले मानिसलाई काम र व्यवसायमा श्रम र मिहिनेत गर्न बाध्य बनाउँछ, निरन्तरको मिहिनेत र श्रमले मानिसलाई श्रमजिवी र मिहिनेती बनेर जीवनयात्रा सञ्चालन गर्न सक्षम बनाउँछ । सुखमा हुर्किएका मानिसहरूलाई दुःख, अभाव र समस्याको सम्बन्धमा प्रत्यक्ष आफ्नो जीवनले अनुभव गर्नु नपर्दा दुःख, अभाव र समस्याको बारेमा खासै अनुभव हुँदैन ।

अहिलेको समयमा सुखमा हुर्किएका प्रायः धेरै मानिसले सित्तैंमा खान पाइन्छ भन्ने मानसिकताको कारणले गर्दा धेरै मानिसहरू काम व्यवसाय नगरी सित्तैंमा खान खोज्ने मानिसले आफ्नो अभिभावक तथा अग्रजले सञ्चय गरेको तथा जोडेको चल अचल सम्पत्ति पनि

चाँडै सिध्याएर आफू तथा घरपरिवारलाई विचल्लीमा पारेका छन् । आर्थिक अवस्था कमजोर भएका दुःख, अभाव र समस्यामा हुर्किएका मानिसले काम व्यवसाय गर्नुपर्ने अनिवार्य बाध्यताका कारणले गर्दा पनि मध्यम तथा धनाढ्य वर्गका सन्ततिको दाँजोमा सामान्य वर्गका मानिसले अवसर पाउँदा जीवनमा उन्नति र प्रगति गर्न सक्दछन् । त्यसैले आजसम्मको विश्वको राजनीतिक, आर्थिक र सामाजिक इतिहासमा समाजको परिवर्तन र देशको परिवर्तन गर्ने काममा सामान्य वर्गका मानिसको भूमिका महत्त्वपूर्ण रहँदै आएको छ ।

आजसम्म विश्वमा धेरै महामानवहरू सामान्य परिवारबाट नै जन्मिएका छन् । दुःख र अभावले मानिसलाई सङ्घर्ष गर्न बाध्य बनाउँछ अनि सिकाउँछ । अभावको कारणले गर्दा दुःख र सङ्घर्षका यात्राहरूबाट निरन्तर मिहिनेत गर्नुपर्ने बाध्यताले मानिसलाई जीवनमा उन्नति र प्रगतीको बाटोमा पुऱ्याउँछ । त्यसकारण सामान्य वर्गमा जन्मिएका मानिसहरू निरन्तरको मिहिनेतले घरपरिवार र समाज तथा देशलाई उचित योगदान गरेर महामानवहरूको श्रेणीमा पुग्न सक्षम हुन्छन् । उद्देश्य, योजना र निरन्तरको मिहिनेतले मानिसलाई जीवन सफल र सुखमय बनाउँछ । अरूले सित्तैंमा दिएको रु. ५,०००।- भन्दा आफूले काम, श्रम गरेर १ महिनामा कमाएको रु. १५,०००।- को ठूलो महत्त्व हुन्छ । किनकि त्यो रु. १५,०००।- मा उसको एक श्रम पसिना परेको हुनाले उसले त्यो रकमको महत्त्व बुझेर खर्च गर्न तथा सञ्चय गर्न सिक्दछ । शारीरिक अवस्था सकुसल भएका मानिसले काममा श्रम तथा मिहिनेत गरी निरन्तर लागेमा अवश्य पनि सफल हुन सक्दछन् ।

कुनै पनि काम गर्नुपूर्व मानिसले कमसेकम सामान्य अनुभव भएको तथा आफूले अध्ययन तथा तालिम गरेको विषयमा म यो काम गर्न सक्छु भन्ने कुराको आत्मविश्वासका साथ उद्देश्य लिएर त्यस कामका लागि आफ्नो न्यूनतम अनुभव, अध्ययन, तालिम के-कस्तो छ भन्ने सम्बन्धमा स्पष्ट हुनुपर्दछ । विषयवस्तुको सम्बन्धमा स्पष्ट भएपछि त्यस कामका लागि आवश्यक पुँजी, आवश्यक जनशक्ति तथा विक्रीका लागि बजारको सम्बन्धमा स्पष्ट भएपछि

आफूले गर्ने कामका लागि योजनासहित लगानी गरेर व्यवसाय सञ्चालन गरेपछि निरन्तरको मिहिनेतले काम व्यवसायलाई सफल पार्न सकिन्छ । सेवा तथा नोकरी गर्नेहरूले पनि आफूले अध्ययन गरेको विषयको क्षेत्रको गहिराइसम्म अध्ययन गरी त्यस विषयको क्षेत्रमा सेवा तथा लगानी गरेर घरपरिवार समाज र देशलाई सक्षम र समुन्नत बनाउने कार्यमा योगदान गर्न सकिन्छ ।

ईश्वरको सुन्दर सृष्टि पृथ्वी र प्रकृतिमा पृथ्वीको सबैभन्दा चेतनशील तथा विवेकशील प्राणी मानिसले नै पृथ्वीका सम्पूर्ण जीव, प्राणी र बनस्पतिलाई आफ्नो नियन्त्रणमा राखेर उपयोग गर्दै आएका छन् । पृथ्वीमा मानिसहरू प्रमुख ३ वटा शक्तिले सञ्चालन भएका छन् । (१) दैवी शक्ति (२) आध्यात्मिक शक्ति (३) भौतिक शक्ति ।

(१) पृथ्वीका सम्पूर्ण जीव, प्राणी तथा चेतनशील प्राणी मानिसको गर्भमा शारीरिक संरचनाको विकास दैवीशक्तिको कारणले भएको हो । पानी जमेको ठाउँमा विभिन्न खालका जीवहरूको जन्मदेखि पृथ्वीको सामुद्रिक प्रकृतिमा सबैभन्दा शक्तिशाली जनावर डायनोसर, जङ्गलको शक्तिशाली प्राणी हात्ती, बाघ, गैंडा, सुनौलो चरी डाँफे, मुनाल, विचित्रको जङ्गली जनावर कङ्गारु, मानिसको इमान्दार सुरक्षाकर्मी कुकुर, परापूर्व कालदेखि बिहानीको समयको जानकारी गराउने कुखुराको भाले तथा चराहरू, मानिसका लागि अमृत समान दुध दिने प्राणीहरू गाई, भैँसी, उँट पृथ्वीको माटोमा पाइने विभिन्न खाद्यान्न, फलफूल, काष्ठ तथा जडिबुटीका बनस्पतिहरू सबै जीव तथा प्राणीको आ-आफ्नै गुण तथा विशेषतालाई ईश्वरीय अदृश्य शक्ति दैवीशक्तिका रूपमा मानिसले स्वीकार गरेका छन् ।

समुद्रमा पाइने विभिन्न खालका ठूलासाना जीव प्राणीहरू देखि जलचर, थलचर प्राणीहरूको सृष्टि ईश्वरको अदृश्य दैवीशक्तिका कारणले गर्दा भएको मानिसले स्वीकार गर्नैपर्छ । पृथ्वीमा अरबौं मानिसको फरक-फरक अनुहार, फरक-फरक बोली, फरक-फरक औंलाको चित्र तथा आँखाको रेटिनाको चित्रलाई पनि ईश्वरीय दैवी शक्ति नै मान्नुपर्दछ । अबोध जीव, प्राणीहरू गाई, भैँसी, हात्ती,

घोडा, बाघ, चराचुरुङ्गीलगायत सम्पूर्ण प्राणी तथा जीवहरूलाई निश्चित समय उमेर पुगेपछि यौन चाहना बढेर विपरीतलिङ्गीसँग यौन सम्पर्क गराउन उत्प्रेरित गराउने तथा ती जीव प्राणीको शरीरको भ्रुणबाट शारीरिक अङ्ग-प्रत्यङ्गको विकास भई सम्पूर्ण जीव प्राणीको सृष्टि विकास आजसम्मको अवस्थामा आइपुग्नु पनि ईश्वरीय दैवीशक्तिकै कारणले भएको हो ।

अबोध जीव, जनावर, चराचुरुङ्गीहरूले सन्ततिको जीवन प्रकृया अगाडि बढाउन गुँड बनाउने, फूल पार्ने, बच्चा जन्माउने टाढाटाढा पुगेर आफ्ना सन्ततिहरूलाई आहाराको खोजी गरी ल्याउनु तथा आफ्ना सन्ततिलाई हुर्काउने कार्यलाई ईश्वरको दैवी शक्ति नै मान्नुपर्दछ । माहुरीले टाढा टाढा पुगेर फूलको रस बटुलेर ल्याएर मह सङ्कलन गरी बच्चालाई खुवाउने तथा मह भण्डारण गर्ने फुलको रस सङ्कलन गर्न गएको बाटो नबिर्सीकन फर्केर आउनु, कोटरे चरीले आफ्नो चुच्चाले खोपेर एउटा सिपालु सिकर्मीले बनाएको जस्तो कलात्मक आश्रम स्थल (गुँड, घर) बनाउनमा र सन्तान उत्पादन तथा हुर्काउनु, गौथली चरीले चुच्चोमा माटो बटुलेर सुनौलो गुँड बनाएर त्यही गुँडमा फूल पारेर निश्चित समय ओथारो बसेर बच्चा कोरल्ने जन्माउने, हुर्काउने, परापूर्वकालदेखि बिहान झिसमिसेमा बासेर मानिसलाई उज्यालो हुन लागेको समयको सङ्केत गर्ने कुखुराको भाले, मानिसको घर तथा सम्पत्तिको सुरक्षाकर्मी बनेर मानिसको सहयोगी बन्ने कुकुर तथा विभिन्न खाद्य वनस्पतिको अलग-अलग स्वादलगायत सम्पूर्ण चराचुरुङ्गी जीव-जनावरको गर्भासयमा विकास तथा जन्म र सृष्टि परम्परामा सञ्चालन हुनुलाई दैवी शक्ति मान्नुपर्दछ ।

शिक्षा, विज्ञान र प्रविधिले मानिस लगायत जीव, प्राणी, चराचुरुङ्गी, पशुजनावरका डाक्टर तथा वैज्ञानिकहरूले टेष्टट्यूब वा अन्य प्रविधिबाट सृष्टिको प्रयोग तथा विकास गरे तापनि आजसम्मको यो पृथ्वीमा सबै जीव, प्राणीको आत्ममा प्राण भर्ने सृष्टि तथा विकास प्रकृयालाई दैवीशक्ति मान्नुपर्दछ । पृथ्वीको भूगोलमा थरिथरिका भूबनोटहरू छन् । हिमालमा हिउँ, यार्चागुम्बा, ताल

तलैया, पहाडमा मनोरम भूबनोट, हजारौँ थरिका जीव, जनावर, खाद्यान्न, वनस्पति, प्राकृतिक सम्पदा, तराईको समथर मैदानमा बहुमूल्य काष्ठ वनस्पति तथा बहुमूल्य जीव-जनावरहरूको सृष्टि, विकास, प्राकृतिक स्रोत, खानी, खनिजबाट बहुमूल्य धातुहरू पाउनुलाई पनि ईश्वरीय शक्ति दैवी शक्ति मान्न सकिन्छ । पृथ्वीको माटोमा गुलियो, अमिलो, पिरो, टर्रो, तितोलगायतका हजारौँ स्वाद र विशेषताका खाद्यान्न तथा वनस्पतिको सृष्टिलाई पनि दैवी शक्ति मान्नुपर्दछ ।

शिक्षा, विज्ञान र प्रविधिको माध्यमबाट चरम उत्कृष्ट विकास गरेको विश्वको सर्वसम्पन्न तथा सर्वशक्तिशाली देश अमेरिकाले समेत दैवीशक्तिलाई आत्मसात गरी आफ्नो कागजी नोट American Dollar मा समेत IN GOD WE TRUST (ईश्वरमा हामी विश्वास गर्दछौँ) भनी छपाई गरिएको हामी सबैले देख्न सक्दछौँ । यसरी चलेको सम्पूर्ण जीव, प्राणीको सृष्टि परम्परालाई मानिसले Limit and Balance को परिधिभित्र रहेर दैवी शक्तिलाई आत्मा साक्षी राखी मन, वचन र कर्मले उद्देश्य, योजना र निरन्तरको मिहिनेतका साथ उचित किसिमले उपयोग गर्दै प्राकृतिक स्रोतको संरक्षण गरेर पृथ्वीको सबैभन्दा चेतनशील प्राणी मानिसले सुरक्षित तरिकाले ईश्वरको सुन्दर सृष्टि पृथ्वी र प्राकृतिक स्रोतलाई भावी पुस्तासमक्ष हस्तान्तरण गर्दै जानु मानिसको प्रमुख कर्तव्य हो ।

पृथ्वीमा जीव प्राणी र मानिसको सृष्टि विकाससँगै प्राचीन ढुङ्गेयुग, कृषियुग हुँदै वर्तमान आधुनिक युगमा जीवनयात्रा सञ्चालन गर्न पाउनुमा हाम्रा अग्रजहरूको निरन्तरका मिहिनेत तथा शिक्षा विज्ञान-प्रविधिको कारणले गर्दा आज मानिसको जीवन सहज हुन सकेको हो ।

गुरुकुलीय शिक्षा हुँदै सामुदायिक शिक्षाको माध्यमबाट क्रमश: मिहिनेत र निरन्तरको खोज-अनुसन्धानबाट विकास भएको विज्ञान प्रविधिले गरेको विभिन्न खालका प्रविधिको विकासले मानिसको जीवन सञ्चालन गर्न धेरै सजिलो भएको छ । मेरो दृष्टिकोणमा मानिसले निरन्तर गरेको मिहिनेत, शिक्षा, अध्ययन, विज्ञान र

प्रविधिको निरन्तरको मिहिनेतको प्रतिफललाई आध्यात्मिक शक्ति भनेर भन्दछु । निरन्तरको मिहिनेत, शिक्षाको माध्यमबाट खोज-अनुसन्धान र मानिसको जीवनस्तर सहज गराउन ध्यान केन्द्रित भएर मानिसले शिक्षा, अध्ययन र मिहिनेतबाट मानिसको अध्ययन, आत्माको ज्ञान र विज्ञानले गरेको आविष्कार र प्रगतिलाई आध्यात्मिक शक्ति भनिन्छ ।

आज पृथ्वीको एउटा कुनाबाट अर्को कुनामा २४ घन्टामा वायुसेवाबाट पुग्न सक्नु, सानादेखि ठूलाठूलासम्म तौलका सामान मेसिनहरूले लोड-अनलोड गर्ने काम गर्नु, पृथ्वीको जमिनमा गुड्ने सामान्यदेखि आधुनिक बस, मोटर, कारहरू विशाल समुद्रको पानीमा हिँड्ने पानीजहाज, आकाशमा उड्ने सानादेखि ठूला हवाईजहाज चन्द्रमा तथा अन्तरिक्षमा ओहोरदोहर गर्ने आधुनिक रकेटहरू, स्वास्थ्य उपचारका आधुनिक मेसिन तथा औषधिहरू, आधुनिक खेतीपातीका मेसिनहरू, मानिसका आर्थिक क्षमता अनुसारका दैनिक प्रयोगका सामानहरू, दैनिक जीविका सञ्चालनका सामानहरू उत्पादन शिक्षा, विज्ञान र प्रविधिको विकास आध्यात्मिक शक्तिको कारणले गर्दा नै सम्भव भएको हो । हजारौँ किलोदेखि लाखौँ किलोसम्म बोक्न सक्ने हेभी पानीजहाज, विश्वको एउटा कुनाबाट अर्को कुनामा बसेका आफन्त तथा साथीसँग सम्पर्क गर्न सक्ने भिडियो फोन तथा पैसा पठाउने व्यवस्था, केबलकारदेखि अत्याधुनिक वायुसेवा र सञ्चार तथा प्रविधिको विकास शिक्षा अध्ययन र अनुसन्धान अध्यात्मबाट नै सम्भव भएको हो । त्यसैले शिक्षा, अध्ययन र अनुसन्धानबाट भएको विज्ञान-प्रविधि र आधुनिक विकास-प्रगतिलाई आध्यात्मिक शक्ति भनिन्छ ।

दैवी शक्तिले शुरु तथा सञ्चालन भएको सृष्टिको परम्परामा शिक्षा, अध्ययन र निरन्तरको मिहिनेतले गर्दा मानिसहरू अध्ययन र मिहिनेतको आध्यात्मिक शक्तिले गर्दा आजको आधुनिक विकसित युगमा आ-आफ्नो योग्यता, अनुभव, मिहिनेत, लगनशीलता, अवसर र क्षमता अनुसारको जीवनस्तर सञ्चालन गरिरहेका छन् । यसरी जीवनस्तर सञ्चालन गर्ने क्रममा मानिसहरू आ-आफ्नो विवेक,

क्षमता र आचरण अनुसारका सामाजिक क्रियाकलापहरू गर्दै समाजमा जीवनयात्रा सञ्चालन गरिरहेका छन् । मानिसको जीवन माया, न्यूनतम लोभ र विश्वासमा चल्नुपर्दछ । यी ३ वटा तत्त्वको उचित व्यवस्थापन नमिल्दा मानिसको जीवनयात्रा असहज बन्न सक्दछ ।

मानिसको जीवन अमूल्य छ । मानिसको मृत्यु जीवन यात्राको अनिश्चित गोलचक्करमा निश्चितता पाएर त्यो अनिश्चित अन्तिम दिन कुरेर बसेको छ । पृथ्वीको सुन्दर प्राकृतिक भूगोलमा थोरै मात्र मानिसलाई सुख र शान्ति मिलेको छ । पृथ्वीमा बहुसङ्ख्यक मानिसलाई कमजोर आर्थिक अवस्थाको कारण जीवनस्तर असहज भई सुखशान्ति मिलेको छैन भने केही मानिससँग पर्याप्त धन भएर पनि पारिवारिक तथा स्वास्थ्य अवस्थाको कारणले गर्दा सुख र शान्ति सोचे अनुसार मिल्न सकेको छैन । दैवी शक्तिले शुरु तथा सञ्चालन गरेको सृष्टि परम्परामा शिक्षा, अध्ययन, मिहिनेतको आध्यात्मिक शक्तिले गर्दा नै मानिसहरू वर्तमान आधुनिक विकसित युगमा आ-आफ्नो मिहिनेत, योग्यता, लगनशीलता, अवसर र आर्थिक क्षमता अनुसारका जीवनयात्रा सञ्चालन गरिरहेका छन् । आध्यात्मिक शक्तिबाट सहज भएको मानिसको जीवनयात्रालाई वर्तमान विश्वमा बढ्दो धनसम्पत्तिको लोभको आकर्षण, भौतिक सामग्री र सम्पत्तिको अकाङ्क्षाले गर्दा विश्वमा मानिसको जीवनयात्रा धनी र सम्पन्न बन्ने होडमा चुनौतीपूर्ण बन्दै गइरहेको छ ।

एकातिर धनी तथा औद्योगिक देशहरूले औद्योगिक उत्पादन गरेको उद्योगबाट निस्कने विभिन्न खालका रसायन तथा ग्यास र कच्चा पदार्थबाट वायु प्रदूषण बढिरहेको छ भने अर्कोतर्फ कतिपय देशहरूमा प्राकृतिक स्रोतको गलत उत्खनन तथा दोहनले गर्दा मानिस तथा पृथ्वीका सम्पूर्ण जीव, प्राणीको जीवनयात्रा चुनौतीपूर्ण बन्दै गइरहेको छ । बढ्दो वायुप्रदूषणले हिमालमा हिउँ पग्लने हिमताल फुट्ने पानीका मुहानहरू सुक्ने, कतै अतिवृष्टि, कतै खडेरी, कतै खण्डवृष्टि लगायतका समस्या दिनप्रतिदिन बढिरहेका छन् । आर्थिक अवस्था कमजोर भएका देशहरूमा राज्य सञ्चालनमा

कमजोर नीति-नियम, कमजोर कानूनी व्यवस्था राज्यव्यवस्था सञ्चालनमा असक्षम सञ्चालकहरूका कारणले गर्दा प्राकृतिक स्रोतको चुनौतीपूर्ण दोहन, उत्खनन तथा उपयोगले गर्दा वातावरण विनाशका कारणले मानिसको जीवनयात्रा पृथ्वीमा चुनौतीपूर्ण बन्दै गइरहेको छ ।

एकातिर विकसित औद्योगिक देशहरूमा औद्योगिक उत्पादनसँगै उद्योगमा प्रयोग हुने विभिन्न कच्चा पदार्थ तथा रसायनबाट वायु तथा वातावरण प्रदूषणको चुनौती बढिरहेको छ भने अर्कोतर्फ आर्थिक अवस्था कमजोर भएका देशहरूका कमजोर नीति-नियम तथा नीतिनियमको कार्यान्वयनमा कमजोर प्रशासनका कारण स्थापना भएका उद्योग तथा कारखानाबाट निष्काशन हुने रसायन तथा कच्चा पदार्थको उचित व्यवस्थापन नहुनु, उद्योग-कारखानाको निष्कासित रसायनहरू सिधै खोला तथा पर्यावरणमा मिसाउनु तथा उद्योग कारखानाबाट निष्कासन हुने अनावश्यक कच्चा पदार्थको उचित व्यवस्थापन नहुँदा वातावरण प्रदूषणको चुनौती व्यापक रूपमा बढेर मानिसको स्वास्थ्यमा गम्भीर चुनौती बढिरहेको छ । विश्वमा कतिपय देशहरूमा खाद्यान्न तथा सागसब्जीमा समेत अत्यधिक विषादीको प्रयोगले मानव जीवनको स्वास्थ्यमा गम्भीर चुनौती बढ्दै गइरहेको छ । मानिस तथा पशुपक्षीहरूको उपचारका क्रममा अस्पतालबाट विभिन्न रसायन तथा केमिकल्सहरू निष्काशन गर्ने क्रममा सिधै खोला तथा पर्यावरणमा विसर्जन गरेको कारणले गर्दा विश्वका धेरै कमजोर आर्थिक अवस्था भएका देशको कमजोर प्रशासनिक व्यवस्थाका कारण नदी तथा वातावरण प्रदूषणको कारणले गर्दा नदी तथा खोलामा आश्रित जलचर, थलचर जीव, प्राणी तथा मानिसको स्वास्थ्य र वातावरणमा गम्भीर चुनौती सृजना भइरहेको छ ।

यिनै विविध कारणले गर्दा पृथ्वीमा वातावरण प्रदूषण भई जलवायुको बढ्दो प्रदूषणको कारणले गर्दा पृथ्वीमा सम्पूर्ण जीव, प्राणी र वनस्पतिको स्वास्थ्य र संरक्षणमा गम्भीर चुनौती सृजना हुँदै गइरहेको छ । हिमालमा हिउँ पग्लेर हिमाल खाली भई काला

पहाडमा परिणत हुनु, दूषित हावापानीले गर्दा मानिसलगायत सम्पूर्ण जीव प्राणी, खाद्यान्न वनस्पतिको जीवन र अस्तित्वमा सङ्कट तथा चुनौती सृजना हुनु मानिस तथा सम्पूर्ण जीव, प्राणीका लागि चुनौतीपूर्ण भविष्यको सङ्केत हो ।

पृथ्वी तथा प्रकृतिको सृष्टि हुँदा हामीले स्वच्छ, सफा र सुन्दर पृथ्वी पाएका थियौँ । आज पृथ्वीमा मानिसकै कारणले वायुप्रदूषण, जलवायुको असन्तुलन, प्राकृतिक सम्पदाको विनाशको कारणले गर्दा सम्पूर्ण जीव, प्राणी, वनस्पति तथा मानिसको जीवनमा विकास र संरक्षणका लागि चुनौती सृजना भइरहेको छ । त्यसैले ईश्वरको सुन्दर सृष्टि यो पृथ्वी, प्राकृतिक स्रोत सम्पूर्ण जीव प्राणी खाद्यन्न र वनस्पतिको संरक्षणमा मानिसले उल्लेखनीय योगदानका कामहरू गर्दै समाजमा सबै व्यक्ति, घरपरिवार, समाज र विशेषतः राज्य सञ्चालनमा नेतृत्वकर्ताले उचित तथा दीर्घकालीन कार्ययोजनालाई कार्यान्वयन गरी उचित तथा प्रभावकारी कानूनी व्यवस्थाका साथ कार्यान्वयन गराएर समाजमा सबै मिलेर पृथ्वीमा सम्पूर्ण जीव, प्राणी, वनस्पति, प्राकृतिक सम्पदा, खाद्यान्न तथा जलसम्पदाको संरक्षण गरी सम्पूर्ण जीव, प्राणीको बाँच्न पाउने अधिकारलाई संरक्षण गरी मानिसको जीवनयात्रा पृथ्वीमा सुनौलो बनाउन सकेमा मात्र मानिसको जीवन सार्थक र सफल बन्न सक्दछ ।

प्राचीन ढुङ्गेयुग, कृषियुग हुँदै मानिसको निरन्तरको मिहिनेत, शिक्षा, विज्ञान र प्रविधिको विकासले मानिसलाई पृथ्वीमा आज आधुनिक युगमा प्रवेश तथा यात्राहरू गराइरहेको छ । ईश्वरको अदृश्य दैवी शक्तिले चलेको सृष्टि परम्परा र मानिसको जीवन निरन्तरको मिहिनेत, शिक्षा, विज्ञान र प्रविधिको कारणले गर्दा मानिसहरू आध्यात्मिक आधुनिक युग हुँदै आज प्रतिस्पर्द्धाको भौतिक युगमा अस्वस्थ र तनावपूर्ण भौतिक यात्रासमेत गरिरहेका छन् । विश्वको कूल जनसङ्ख्याको करिब आधा जनसङ्ख्या गरिबी र अभावमा कष्टपूर्ण जीवन निर्वाह गरिरहेका छन् । सक्षम र आर्थिक अवस्था राम्रो भएका देशहरूमा त्यस देशमा राज्य सरकारले आफ्ना नागरिकहरूलाई राज्यद्वारा शिक्षा, स्वास्थ्य र रोजगारीमा विभिन्न

खालको उचित व्यवस्था गरिदिएको छ । कमजोर आर्थिक अवस्था भएका देशहरूमा राज्य सरकारले आफ्ना नागरिकहरूलाई सामान्यबाहेक ठूलाठूला जीवन रक्षात्मक तथा शिक्षा, स्वास्थ्य र रोजगारीमा अवसरहरू दिन सकेको छैन ।

वर्तमान लोकतान्त्रिक शासन व्यवस्थाले विश्वव्यापी मान्यता तथा कार्यान्वयन भएको युगमा समेत मानिसहरू स्वतन्त्रताको नाममा बढी छाडा हुने, काम मिहिनेत नगरी सित्तैंमा खान खोज्ने, लागूऔषध तथा कुलतमा लाग्ने समस्या नयाँ युवा पुस्तामा चुनौतीपूर्ण तरिकाले बढ्दै गइरहेको छ । एकातिर आर्थिक अवस्था कमजोर भएका समुदायका मानिसहरू उचित शिक्षा, स्वास्थ्य, रोजगारी तथा अवसर नपाएर उनीहरूको व्यक्तित्व विकास गरी सक्षम नागरिक बनेर घरपरिवार, समाज र देशलाई सेवा गर्न पाएका छैनन् भने अर्कोतर्फ आर्थिक अवस्था राम्रो भएका घरपरिवार तथा देशका नागरिकहरूसमेत स्वतन्त्रताको नाममा आवश्यकताभन्दा बढी छाडा भएर काम व्यवसाय नगरी सित्तैंमा खान खोज्ने, अनुशासन तथा मानवीय आचरण विपरीतका कामहरू गर्ने, शिक्षा, अध्ययन तथा मिहिनेतबाट आफू सक्षम बनी घरपरिवार समाज र देशलाई उचित योगदान गर्नुपर्ने कैयौँ नागरिकहरूसमेत गैरसामाजिक अमानवीय कार्य गर्ने, कुलत तथा दुर्व्यसनमा लागेर अस्पताल तथा सुधारगृहमा राख्नुपर्ने अवस्था सृजना भई घरपरिवार, समाज र राज्यलाई समेत चुनौती बढिरहेको छ ।

पृथ्वीका मानिसका समाजमा शुरुमा प्राचीन युगदेखि कृषि युगको शुरुवात हुँदासम्म मानिसहरूको जीवनस्तर प्रायः एकैनासको थियो । कृषियुग क्रमशः विकसित हुँदै मानिसहरू मेशिनरी औजार सहायताले काम गर्न थालेपछि शिक्षा र विज्ञान-प्रविधिले गरेको यान्त्रिक विकाससँगै मानिसहरू सुरक्षित घरगृहस्थी बनाएर व्यवस्थित खेतीपाती गर्न थालेर साना साना उद्योग कलकारखाना, मोटर, बस, प्रविधिको विकास भएर समथर तथा सहज स्थलमा जग्गा-जमिनको आवश्यकता बढ्दै गएपछि विशेष गरी समथर ठाउँका पृथ्वीका भूगोलमा जग्गाजमिनको मूल्य पनि क्रमशः बढ्दै गयो ।

विकास तथा औद्योगिक युगको थालनीसँगै सहज तथा समथर हावापानी अनुकूल भएका विश्वका प्रमुख स्थानहरूमा मानिसहरूको चाप बढ्दै गएपछि बढ्दो शहरीकरणसँगै जग्गाजमिनको मूल्य पनि आजसम्म आइपुग्दा अकल्पनीय तरिकाले बढेको छ । सृष्टिको प्राचीन कालदेखि कृषियुगको थालनी हुँदासम्म प्रायः मानिसको समाजमा धनी र गरिब वर्गको विभेद थिएन । सबै मानिसको जीवनस्तर प्रायः एकनासको थियो । क्रमशः मानिसको सङ्ख्या बृद्धि भएसँगै समाज र देशको स्थापनासँगै मानिसहरू चल-अचल सम्पत्ति जोहो गर्न थालेका थिए । शिक्षा, विज्ञान-प्रविधि र मानिसको मिहिनेतले आधुनिक युगमा मानिसहरू समाजमा आफ्नो मिहिनेत, ज्ञान, सीप, क्षमता, अध्ययन अनुसारका काम तथा व्यवसायमा समाहित भएर दैनिक जीविका सञ्चालन गर्नेदेखि लिएर भविष्यमा आफू तथा आफ्ना सन्ततिका लागि धनसम्पत्ति सञ्चय गर्न थाले ।

यसरी धनसम्पत्ति र जग्गा-जमिनको सञ्चय गर्ने क्रममा समाजमा मानिसहरूबीच वर्तमान समाजमा सहोदर दाजुभाइ, दिदीबहिनी तथा नजिकका आफन्तसँग समेत तीव्र प्रतिस्पर्द्धासमेत हुँदै गएको छ । समाजमा मानिसले अरूभन्दा आफू बढी धनी बन्न खोज्ने, जसरी पनि धनसम्पत्ति कमाउने तथा सामाजिक रवाफ बढाउने प्रतिस्पर्द्धाले गर्दा समाजमा मानिसहरूबीच आपसी सम्बन्धसमेत बिग्रँदै गएका छन् । धनसम्पत्तिको आकाङ्क्षा काम-व्यवसायमा मिहिनेत नगरी सित्तैँमा खान खोज्ने प्रवृत्तिका कारण समाजमा कतिपय मानिसको आफ्नै सहोदर दाजुभाइ, दिदीबहिनी तथा नजिकका आफन्तसँग समेत सम्बन्ध बिग्रँदै गएको छ ।

समाजमा मानिसको अस्वस्थ आर्थिक प्रतिस्पर्द्धा भएजस्तै विश्वका विकसित देशहरूबीच पनि आफ्नो देशको आर्थिक अवस्था अरूको भन्दा सक्षम बनाउने आन्तरिक रणनीतिका कारण पृथ्वीका मानिसको समाज तथा देशहरूमा द्वन्द्व, युद्ध तथा तनावहरू बढिरहेका छन् । दैवी शक्ति र आध्यात्मिक शक्तिले सृष्टि विकास भएको पृथ्वीका मानिसका समाज तथा देशहरूबीच आर्थिक तथा भौतिक सम्पत्तिको सङ्कलन तथा सञ्चय र अरूभन्दा आफ्नो स्थान

अग्रणी बनाउन समाजमा व्यक्तिहरू तथा व्यक्तिको समूह र विश्वसमाजमा विकसित देशहरूले आ-आफ्नै तरिकाले अरूलाई उछिनेर आफू आर्थिक तथा भौतिक साधन-स्रोतले सम्पन्न भई अरूलाई आफ्नो प्रभाव र नियन्त्रणमा राख्नका लागि विभिन्न खालका द्वन्द्व, युद्धहरू तथा विभिन्न राष्ट्रहरूले समूहगत स्वार्थका कारण ठूला ठूला युद्धहरूसमेत भएका छन् ।

पञ्चतत्त्वको शक्तिको मिश्रण तथा ईश्वरीय अदृश्य शक्तिले सृष्टि भएको मानिसको जीवन पृथ्वीका माटोमाथि शुरु भई अन्त्यमा यही पृथ्वीको माटोमा मिल्न पुग्दछ । शरीरबाट प्राण, आत्मा अदृश्य भई हराएपछि मानिसको आ-आफ्नो धर्म, संस्कार अनुसार अन्त्येष्टि भएपछि एक दिन मानिसले पृथ्वीको माटोमा विलीन हुनुपर्दछ । विश्वप्रसिद्ध रसियन साहित्यकार लियो टाल्सटायको How much land does a man need कथामा बढी जमिनको उपभोग गर्ने आशामा दौडने पात्र साइमनको बेलुका दौडयात्रा सकिने बेलामा बेहोस भएर मृत्यु भएपछि ७ फिट जमिनमा समाधिस्थ हुन पुगेर यात्रा टुङ्गिएको वियोगान्त अवस्था तथा भारतीय एकजना धनाढ्य व्यापारीले आफ्नो भारदारी सभामा आफ्ना मेनेजरलाई मेरो अहिलेको सम्पत्तिले मेरा कति पुस्तालाई पुग्छ भनी प्रतिवेदन माग गरी मेनेजरले प्रतिवेदन पेश गर्दा मेनेजरले ७ पुस्तासम्मलाई आरामले पुग्छ, त्यसपछि ८ पुस्तालाई चाहिँ गाह्रो पर्न सक्छ भनेपछि ती व्यापारीलाई चिन्ता शुरु भई २ वर्षपछि ५० वर्षको उमेरमा निधन भएको मार्मिक कथा पनि मानिसका धनचिन्ते व्यथाले गर्दा भएका यथार्थवादी काल्पनिक कथा पनि मानिसका असन्तुष्टिका शाश्वत उदाहरण हुन् ।

'सन्तोकी सदा सुखी असन्तोकी सदा दुःखी' भन्ने सामाजिक उखानलाई आत्मसात गर्दै मानिसले जन्मँदा खाली हात आएको हो, अन्त्यमा खाली हात नै जानुपर्छ भन्ने कुरालाई आत्मसात गरी घरपरिवार समाज र देशमा सबैको भलाइका लागि इमानदार, असल र अनुशासित नागरिक बनेर मानिसले सामाजिक र मानवीय व्यवहार घरपरिवार र समाजमा गर्न सकेमा सबैको जीवनस्तर सहज

बनेर समाजमा सुखशान्ति र समृद्धि स्थापना गर्न सकिन्छ । भोलि मरेर जाने जीवन हो भनेर काम-व्यवसाय नगरी बस्न पनि हुँदैन अनि काम परिश्रम नगरी भाग्यमा छ भनेर विनाइलम सित्तैंमा खान खोज्नु पनि हुँदैन । काम-व्यवसायमा मिहिनेत गरेपछि मात्र ईश्वरले प्रतिफल दिन्छन् भन्ने धारणा मानिसले मनमा राख्नुपर्दछ । अध्ययन, परिश्रम र निरन्तरको मिहिनेतले मानिसको जीवन सार्थक र सुखी बनाउन सक्दछ । समाजमा मानिसले आफू, घरपरिवार, समाजका अरूका लागि पनि भलाइ सोचेर काम गरेमा मात्र व्यक्ति, घरपरिवार, समाज र देशहरूसमेत सम्पन्न र सुखी बन्न सक्दछन् ।

महामानवहरूले समाजमा सबैका लागि असल र राम्रो काम गर्दछन् । दुष्ट मानिसले घरपरिवार, समाज र देशलाई दुःख दिन्छन् । एक असल मानिसले घरपरिवार, समाज र देशका लागि तथा समग्र विश्वका मानिसका लागि आफ्नो विवेक, क्षमता, ज्ञान, सीप अनुसारको काम गरेर सामाजिक उदाहरणीय व्यक्तित्व बन्न सकेमा त्यो मानिस समाज र देशका लागि महामानव बन्न सक्दछ । मानिसले इमानदार, अनुशासित, विवेकशील पारिवारिक तथा सामाजिक कर्तव्यनिष्ठता भएमा मासिनले घरपरिवार तथा समाज र देशलाई सक्षम र समृद्धिको बाटोमा अघि बढाउन सक्दछन् ।

पृथ्वीको विश्वब्रह्माण्डको समाजमा मानिसका दुःखका जीवनयात्रा, सुखका जीवनयात्रा, सङ्घर्ष र मिहिनेतको जीवनयात्रा, सेवाको जीवनयात्रा, खोज-अनुसन्धान र लगनशीलताको जीवनयात्रा, मानिसका आ-आफ्नै किसिमले समाजका चलिरहेका छन् । हाम्रा हजुरबुबा, जिजुबुबाहरूले भान्छामा प्रयोग हुने नुनका लागि काभ्रे जिल्लाको कोशीपारी चौंरी, धुसेनी शिवालय हुँदै चाँपाबोट भन्ज्याङ, लौरेदेउराली भन्ज्याङ हुँदै सिन्धुपाल्चोक जिल्लाको बाह्रबिसे, तातोपानीको बाटो प्रयोग गरी चीनको तिब्बत-भोट गएर १७-१८ दिनको पैदल यात्रा गरी डोकोमा नाम्लोले भारी बोकेर जीवन निर्वाह गरी आफू तथा आफ्नो सन्तानहरूको सुनौलो भविष्यका लागि परम्परागत कृषि व्यवसायबाट जीवनयात्रा सञ्चालन गर्नुभयो । अझै पनि नेपाल तथा विश्वका कैयौं ग्रामीण गाउँ बस्तीहरूमा स्थानीय

बासिन्दाहरू जीवन सञ्चालनका लागि कठिन तरिकाले परम्परागत कृषि व्यवसाय तथा अन्य काम गरेर जीवनयात्रा सञ्चालन गरिरहेका छन् । माया र लोभमा घुमेको यो ईश्वरको सृष्टिको यो विचित्रको संसारमा सुखको खोजीमा मानिसले आफू र आफ्ना सन्ततिका लागि लाखौँ-करोडौँ आरोह-अवरोह पार गर्दै प्राचीन ढुङ्गेयुगबाट मध्यकालीन कृषियुग हुँदै निरन्तरको मिहिनेत, शिक्षा, विज्ञान र प्रविधिको प्रयोगले वर्तमान आधुनिक युगको यात्रा तथा सञ्चालनको अनुभव गर्न पाएका छन् ।

स्पेनका व्यापारी तथा अन्वेषक क्रिस्टोफर कोलम्बसले सन् १४९३ मा व्यापारिक सिलसिलामा घुम्ने क्रममा अमेरिका पत्ता लगाएका थिए । यसरी पत्ता लागेको अमेरिका स्पेन, नेदरल्यान्ड, फ्रान्स हुँदै लामो समयसम्म बेलायतको उपनिवेशमा रहेर सन् १७७६ जुलाई ४ मा स्वतन्त्र राज्य अमेरिका स्थापना भएको थियो । यसरी स्वतन्त्र राज्य स्थापना भएको अमेरिकाले समाजवादी राज्यसत्ताका नेतृत्व वर्ग तथा दूरदर्शी नेतृत्व पाएको र मिहिनेती अमेरिकी नागरिकहरूको निरन्तरको मिहिनेत शिक्षा र विज्ञान-प्रविधिको प्रयोग तथा उपयोगले गर्दा आज संयुक्त राज्य अमेरिका विश्वको सर्वशक्तिमान् धनी तथा सम्पन्न देशको १ नम्बरको सूचीमा रहन सफल भएको छ ।

मध्यमवर्गीय परिवारमा जन्मेहुर्केका भारतका महात्मा गान्धीको प्रमुख नेतृत्वमा भारतमा भएको अहिंसावादी लोकतान्त्रिक आन्दोलनबाट भारत बेलायतको उपनिवेशबाट वि. सं. २००४ सालमा स्वतन्त्र भई आज भारत विश्वका आर्थिक सम्पन्न देशको सूचीमा अघि बढिरहेको छ ।

नेपालमा तत्कालीन समयमा खण्डीकृत रूपमा बाइसे-चौबिसे राज्यमा छरिएर रहेका नेपाललाई एकीकरण गरी आधुनिक नेपालको एकीकरणका पिता पृथ्वीनारायण शाहको परिकल्पनामा स्थापना भएको आधुनिक नेपालमा पृथ्वीनारायण शाहको निधनपछि नेपालको राजदरबारमा क्रमशः शक्ति सन्तुलनका लागि भएको अस्थिर राजनीतिक वातावरणका कारण स्थापना भएको निरङ्कुश

राणाशासन समाप्त गर्न लखन थापादेखि वि. सं. १९९७ का महान् चार शहिद धर्मभक्त, गङ्गालाल, दशरथ चन्द, शुक्रराज लगायत त्यस समयमा निरङ्कुश राणाशासन समाप्त गरी प्रजातन्त्र, लोकतन्त्र स्थापना गर्न अमूल्य जीवन सर्मपण गर्नुहुने वि. सं. १९९७ देखि वि. सं. २०६२-६३ को दोस्रो जनआन्दोलन तथा गणतन्त्रको स्थापनासम्म आइपुग्दा ज्ञात-अज्ञात शहिद तथा देशभक्त र राष्ट्रवादी व्यक्तिहरूको अमूल्य योगदानका कारण नेपालमा पुरातनवादी राजतन्त्रको अन्त्य भई राज्यको सर्वोच्च पदमा सर्वसाधारण नेपालीले राष्ट्रप्रमुख बन्ने संवैधानिक व्यवस्था तथा अवसर प्राप्त भएको छ ।

नेपालमा प्रजातन्त्र स्थापनाका लागि आफ्नो जीवन र श्रीसम्पत्ति जोखिममा राखेर निरङ्कुश राणाशासन अन्त्य गर्न अभियानमा लागेका कारण महामानव कृष्णप्रसाद कोइराला परिवार तथा कृष्णप्रसाद कोइराला र दिव्या कोइरालाका छोरा महामानव बीपी कोइराला परिवारको योगदान पनि नेपालको लोकतान्त्रिक आन्दोलनमा अमूल्य रहेको छ । निरङ्कुश राणाशासन अन्त्य गर्न लाग्नुभएका कृष्णप्रसाद कोइराला परिवारले राणाशासकद्वारा सर्वस्वहरणसहित देशनिकालाको सजाय भोग्नुभएको थियो । नेपालको प्रजातान्त्रिक, लोकतान्त्रिक आन्दोलनमा कोइराला परिवारको अमूल्य योगदान रहेको छ । राणाशासन कालमा ८ वर्ष कठोर जेल सजाय पाउनुभएका बीपी कोइराला वि. सं. २०१७ सालको पञ्चायती व्यवस्था स्थापना भएसँगै पुनः ८ वर्ष सुन्दरीजल जेलमा कैद सजाय पाउनुभएको थियो । आफ्नो पद र पुर्ख्यौली सम्पत्तिभन्दा देशवासी नागरिकहरूको मानव-अधिकार, शिक्षा र स्वतन्त्रताका लागि कृष्णप्रसाद कोइराला तथा बीपी कोइराला परिवारले देशवासी नागरिकको भलाइका लागि आजीवन लोकतन्त्रका लागि जीवन समर्पण गर्नुभयो ।

नेपालको प्रजातन्त्र तथा लोकतन्त्रका लागि तत्कालीन समयका शासकसँग सामान्य सम्झौता गरी व्यक्तिगत लाभको लोभमा लागेर व्यक्तिगत फाइदाको आकाङ्क्षामा लागेको भए वि. सं. १९९७ सालका महान् शहिदहरू धर्मभक्त, गङ्गालाल, दशरथ चन्द,

शुक्रराजलगायत कैयौँ राष्ट्रवादी तत्कालीन क्रान्तिकारी लोकतन्त्रवादी नेताहरूले अल्पायुमा जीवन गुमाउनपर्ने थिएन । काठमाडौंको सम्पन्न नेवार परिवारमा जन्मनुभएका गणेशमान सिंह तथा मङ्गलादेवी सिंह, गोरखाको सम्पन्न परिवारमा जन्मनुभएका कृष्णप्रसाद भट्टराई, रामेछापमा जन्मनुभएका पुष्पलाल श्रेष्ठ, काठमाडौँमा जन्मिएकी साधना प्रधान अधिकारी, साहना प्रधान तथा मनमोहन अधिकारी तथा पूर्वी पहाडी जिल्ला ताप्लेजुङमा जन्मिएर नेपालको लोकतान्त्रिक आन्दोलनमा बीपी कोइरालापछिका चर्चित कम्युनिस्ट नेता स्वर्गीय मदन भण्डारी लगायत थुप्रै नेताहरूले लोकतन्त्र, मानव-अधिकार र नागरिक हितका लागि अमूल्य योगदान गर्नुभएको छ ।

नेपालको लुम्बिनीको राजपरिवारमा जन्मेका गौतम बुद्धले आफ्नो राजगद्दीको भावी राजाको पदलाई त्यागेर मानिसको कल्याण र बुद्धत्वका लागि राजदरवार त्याग गरी मानिसको कल्याणका लागि बुद्धत्वको सिद्धान्त प्रतिपादन गरेका थिए । त्यही ज्ञानले गर्दा नै उनलाई शान्तिका अग्रदूत भगवान् गौतम बुद्ध भनियो । गौतम बुद्धलाई एसियाका तारा पनि भनिन्छ ।

गौतम बुद्धले प्रतिपादन गरेको बुद्धत्व ज्ञानलाई उनका अनुयायीहरूले बुद्धधर्मका रूपमा ग्रहण गरेर समाजमा सामाजिक संस्कार तथा मानिसको जीवन सञ्चालनको भलाइका लागि ग्रहण गर्न थाले । आज नेपाल लगायत चीन, मङ्गोलिया, भियतनाम, श्रीलङ्का, कोरिया, बर्मा, थाइल्यान्ड, जापान लगायतका देशमा बुद्धधर्मलाई ती देशहरूमा देशको राष्ट्रिय धर्मका रूपमा मान्यता दिइएको छ । बुद्धधर्मका अनुयायीहरू गौतम बुद्धलाई भगवान् गौतम बुद्धका रूपमा स्वीकार गरी पूजाआजा गर्दछन् । नेपाल लगायत विश्वभरिका बौद्ध धर्मावलम्बीहरू गौतम बुद्धको जन्मस्थल नेपालको लुम्बिनीलाई पवित्र भूमि तथा पवित्र तीर्थस्थलका रूपमा भ्रमण गर्ने गर्दछन् । गौतम बुद्धका यिनै महान् कार्यको उच्च सम्मान गरेर नेपाल सरकारले गौतम बुद्धलाई पहिलेदेखि राष्ट्रिय विभूतिका रूपमा सूचीकृत गरेको छ ।

भक्तपुरका शङ्खधर साख्वाले लिच्छवि राज्यको समयमा आफ्नो निजी सम्पत्ति बेचेर गरिब भक्तपुरवासीहको ऋण तिरिदिएर गरिबलाई ऋणमुक्त गरी उदाहरणीय सामाजिक कार्य गरेको हुनाले शङ्खधर साख्वालाई नेपाल सरकारले राष्ट्रिय विभूतिका रूपमा सूचीकृत गरिएको छ ।

वि. सं. १८९२ मा भोजपुर जिल्लामा जन्मनुभएका समाजसेवी बालागुरु षडानन्द अधिकारीले वि. सं. १९३२ मा आफ्नै गृहजिल्ला भोजपुरमा आफ्नै निजी खर्चमा विद्यालय स्थापना गरी विद्यालय सञ्चालनका लागि गुठी जग्गाको समेत व्यवस्था गरेका थिए । राणाकालीन समयमा गुरुकुलीय माध्यमबाट नागरिकहरूको शिक्षाको चेतना अघि बढाउन बालागुरु षडानन्दले गरेको योगदान तत्कालीन नेपाली समाजका उत्कृष्ट सामाजिक कार्य थियो ।

वि. सं. १९२४ सालमा पूर्वी पहाडी जिल्ला भोजपुरको नेपालेडाँडामा जन्मनुभएकी योगमाया न्यौपानेले सामाजिक सुधारका लागि उल्लेखनीय योगदान गर्नुभएको थियो । तत्कालीन समयमा निरङ्कुश राणाशासनमा सुधार र नारी-अधिकारका लागि आफ्नो जीवन समर्पण गर्नुभयो । निरङ्कुश राणाशासनको राणा प्रधानमन्त्रीसँग भेट गरी योगमायाले राणाशासकसँग नारीमाथि लाग्ने गरेका विभिन्न सामाजिक विभेदको अन्त्य हुनुपर्ने, छुवाछुत प्रथाको अन्त्य हुनुपर्ने, सतीप्रथाको अन्त्य हुनुपर्ने मागसमेत राख्नुभएको थियो । ५ वर्षको उमेरमा तत्कालीन समयमा भएको बालविवाहको २ वर्ष नबित्दै उनी आफ्ना पतिको मृत्यु भएपछि बालविदुषी बन्न पुगेकी थिइन् ।

योगमायाले उमेर बढ्दै गएपछि गलत सामाजिक कार्यहरू बालविवाह, बोक्सी, बोक्साको आरोप, छुवाछुत, सामाजिक विभेद, दास प्रथा खारेजीको माग गर्नुभएको थियो । तत्कालीन समयमा चलेका गलत सामाजिक कुरीतिको खुलेर विरोध गर्ने योगमायाले तत्कालीन नेपाली समाजमा रहेको सतीप्रथाको चाँडै अन्त्य गरियोस् भनी राणा प्रधानमन्त्री चन्द्र शमशेरलाई भेटेर बिन्तीपत्र बुझाएकी थिइन् । योगमाया न्यौपाने, बालागुरु षडानन्द अधिकारीलगायत

तत्कालीन समयका सामाजिक अगुवाहरूको दबाबका कारण तत्कालीन राणा प्रधानमन्त्री चन्द्र शमशेरले वि. सं. १९७७ साल असार २५ गते सतीप्रथाको अन्त्य भएको घोषणा गर्नुभएको थियो । राणाशासकहरूसँग प्रजातन्त्र र मानव-अधिकारको माग गर्दै आउनुभएको योगमाया न्यौपानेले आफ्नो सहयोगी समूह ६८ जनासहित वि. सं. १९९८ साल असार २२ गते हरिशयनी एकादशीका दिन बिहानै सूर्योदय हुनभन्दा अघि नै अधर्मको अन्त्य होस्, धर्मराज्यको स्थापना होस्, प्रजातन्त्र मानव-अधिकार तथा नारी-अधिकारको नेपालमा स्थापना होस् भन्दै भोजपुर र धनकुटाको सिमानामा बग्ने अरुण नदीमा जलसमाधि लिएर यस संसारबाट बिदा लिनुभएको थियो ।

तत्कालीन समयमा विद्यालयको औपचारिक शिक्षाको अवसर नपाए तापनि सामाजिक चेतनाले भरिपूर्ण एक साहसिक समाजसुधारक तथा सामाजिक अभियन्ता योगमाया न्यौपानेले तत्कालीन समयमा नेपाली समाज तथा तत्कालीन राज्यव्यवस्था सुधारका लागि अमूल्य योगदान गर्नुभएको थियो ।

नेपाली समाज र देशको उन्नतिका लागि आफ्नो देश, देशवासी नागरिकहरूको मानव-अधिकार, सुशासन र प्रगतिका लागि अमूल्य जीवन तथा समय योगदान गर्नुहुने विश्वचर्चित राजनीतिज्ञहरूमा भारतका महात्मा गान्धी, चीनका माओ त्से तुङ, भियतनामका हो चि मिन्ह, नेपालका बीपी कोइराला, गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई, वीर अमर शहिदहरू लखन थापा, धर्मभक्त माथेमा, गङ्गालाल श्रेष्ठ, दशरथ चन्द, शुक्रराज शास्त्री, क्याप्टेन यज्ञबहादुर थापा, भीमनारायण श्रेष्ठ, सरोज कोइराला लगायत सम्पूर्ण वीर शहिदहरू, महामानव बीपी कोइराला, युगमानव कृष्णप्रसाद कोइराला, साहसिक नारीहरू योगमाया न्यौपाने, सुशीला कोइराला, मङ्गलादेवी सिंह, साधना प्रधान, साहना प्रधान, शैलजा आचार्य, पुष्पलाल श्रेष्ठ, मनमोहन अधिकारी, मदन भण्डारी, जीवराज आश्रित लगायतको योगदान पनि अमूल्य रहेको छ । त्यसै गरी दक्षिण अफ्रिकाका नेल्सन मन्डेला, अमेरिकाका पूर्वराष्ट्रपति जर्ज

वासिङटन तथा अब्राहम लिङ्कनको योगदान पनि अमूल्य रहनुका साथै इतिहासको पानामा स्वर्णिम अक्षरमा लेखिएका छन् ।

विश्वको सर्वोच्च शिखर सगरमाथाको शिखरमा वि. सं. २०१० साल जेठ महिनाको १६ गते बिहान ११ बजे (May 29, 1953 AD) मा नेपालका पर्वतारोही तेन्जिङ नोर्गे शेर्पा र न्युजिल्यान्डका एडमन्ड हिलारीले सफलतापूर्व सगरमाथा हिमाल आरोहण गरी विश्वमा आफ्नो नाम स्वर्णिम अक्षरमा लेखाउन सफल भएका थिए ।

विश्वको सर्वोच्च शिखर सगरमाथा शिखरमा पुग्ने पहिलो नेपाली नारी पासाङ ल्हामु शेर्पाको जन्म वि. सं. २०१८ साल पुसमा नेपालको सोलुखुम्बु जिल्लामा भएको थियो । पर्यटन व्यवसायी पासाङ ल्हामु शेर्पाले सगरमाथा सफल आरोहण गर्नुभन्दा अघि ८ हजार मिटरमाथिका अन्य हिमाल पनि सफल आरोहण गर्नुभएको थियो । वि. सं. २०५० साल बैशाख १० गते दिउँसो २:१५ बजे सगरमाथा हिमालको चुचुरोमा नेपालको राष्ट्रिय झन्डा फहराउनुभएको थियो । विश्वको १७ औँ तथा नेपालीको प्रथम सगरमाथा आरोही महिला पासाङ ल्हामु शेर्पाको सरगमाथा हिमालमा नेपालको झन्डा फहराएर सफलतापूर्वक आरोहण गरी फर्कने क्रममा प्रतिकूल मौसमका कारण निधन भएको थियो । पर्यटन व्यवसायी तथा साहसिक हिमाल आरोही पासाङ ल्हामु शेर्पालाई उनको निधनपश्चात् उनको योगदानको उच्च कदर गर्दै नेपाल सरकारले पासाङ ल्हामु शेर्पालाई नेपालको राष्ट्रिय विभूति घोषणा गरेको छ ।

नेपालको एकीकरण र रक्षाका लागि पृथ्वीनारायण शाहका सेनापति तथा सैनिक सेवामा अमूल्य योगदान गर्नुहुने कालु पाण्डे, भक्ति थापा, अमरसिंह थापा, बलभद्र कुँवरदेखि ब्रिटिस गोरखाली सैनिकका तर्फबाट आफ्नो जीवनको अमूल्य समय तथा साहसिक योगदान गर्नुहुने ब्रिटिस गोरखाली सैनिक सेवामा बहादुरीपूर्वक र कुशलतापूर्वक पहिलो र दोस्रो विश्वयुद्धमा साहसिक तथा ऐतिहासिक युद्धमा समावेश भई जापान र जर्मनीका विरुद्धमा बर्मा, मलेसिया, इटाली लगायतको युद्धमा साहसिक युद्ध गरी वीर गोर्खाली सैनिकको पहिचान बनाएर बेलायती सरकारद्वारा सेनालाई दिइने उच्च पदवी

Victoriya Cross VC पदवी प्राप्त गर्ने नेपाली वीर गोर्खा सैनिक तथा आफ्नो अमूल्य जीवन विश्वयुद्धमा समाहित गर्ने वीर गोर्खाली सैनिकहरूको योगदान पनि अमूल्य तथा गौरवपूर्ण रहेको छ । यसरी VC Cross पदवी पाउने ११ वीर गोर्खाली सैनिकहरूमा कुलवीर थापा मगर, करणबहादुर रानामगर, रामबहादुर बेखा लिम्बु, लक्ष्मीमान गुरुङ, शेरबहादुर क्षत्री, थामन गुरुङ, नेत्रबहादुर थाापा, गजे घले, अगमसिंह राई, भानुभक्त गुरुङ, तुलबहादुर पुन हुनुहुन्छ ।

मध्यमवर्गीय परिवारमा जन्मिएका भारतका अहिंसावादी तथा लोकतान्त्रिक आन्दोलनका समाजवादी नेता महात्मा गान्धीको प्रमुख नेतृत्वले गर्दा भारतमा बेलायती उपनिवेश अन्त्य भई आज भारत विश्वमा उदीयमान आर्थिक सम्पन्न देशको प्रतिस्पर्द्धामा अघि बढिरहेको छ । एउटा सामान्य परिवारमा जन्मिएका कम्युनिस्ट समाजवादी नेता माओ त्से तुङको प्रमुख योगदानले स्थापना भएको समाजवादी कम्युनिस्ट शासन व्यवस्थाले गर्दा आज चीन विश्वको दोस्रो धनी तथा सम्पन्न देशको सूचीमा रहन सफल भएको छ । राष्ट्रियताका लागि आजीवन सङ्घर्ष तथा जेलनेल सहन तयार भई आफ्नो देश तथा लोकतन्त्र र देशवासी नागरिकहरूका लागि आफ्नो जीवन समर्पण गर्न तयार भएका दक्षिण अफ्रिकाका लोकतान्त्रिक नेता नेल्सन मन्डेलाको प्रमुख योगदानका कारण दक्षिण अफ्रिका आज विश्वको सम्पन्न देशको सूचीमा पर्न सफल भएको छ । सैनिक सेवाबाट देशको स्वतन्त्रताको अभियानमा लाग्नुभएका अमेरिकाको प्रथम राष्ट्रपति जर्ज वासिङटन आफ्नो मिहिनेत, निरन्तरको सेवा र देशका लागि गरेको त्याग तथा योगदानका कारण विश्वको सर्वसम्पन्न देश अमेरिकाको प्रथम राष्ट्रपतिको जिम्मेवारी सम्हाल्न सफल हुनुभएको थियो । अमेरिकाका पूर्वराष्ट्रपतिहरू अब्राहम लिङ्कन तथा बाराक ओबामासमेत अमेरिकाको गरिब परिवारमा सामान्य परिवारमा जन्मिएका व्यक्तिहरू थिए ।

विश्वमा लोकतान्त्रिक शासन-व्यवस्था स्थापना भएपछि महिला नेतृहरूले पनि सफलतापूर्वक समाजका विभिन्न क्षेत्रमा आफ्नो अमूल्य योगदान गरेका छन् । भारतमा लोकतान्त्रिक शासन व्यवस्था

स्थापना भएपछि इन्दिरा गान्धीले देशको कार्यकारी प्रमुख प्रधानमन्त्रीको पद सम्हालेर आफ्नो योगदान र क्षमताको उपयोग तथा आफ्नो सम्पूर्ण जीवन राष्ट्रका लागि समर्पण गर्नुभयो । पुरातनवादी विश्वका केही देशमा अझै पनि महिला (पुष्पा) हरूलाई मतदानको अधिकारसमेत नभएको वर्तमान २१ औँ शताब्दीमा लोकतान्त्रिक शासन व्यवस्थाका कारणले गर्दा नै पूर्वमा न्युजिल्यान्ड, अष्ट्रेलिया, बर्मा, श्रीलङ्का, बङ्गलादेश, नेपाल, युरोपको जर्मनी, वेल्जियम, बेलायत तथा ब्राजिलमा समेत महिलाहरूले शासन सत्ताको प्रमुख कार्यकारी पद प्रधानमन्त्री तथा राष्ट्रप्रमुख, देशको चान्सलर, संवैधानिक प्रमुखको पद सफलतापूर्वक सम्पन्न गरिसकेका तथा गरिरहेका छन् ।

भारतको पूर्वराष्ट्रपति प्रतिभा पाटिल, कार्यकारी प्रधानमन्त्री इन्दिरा गान्धी, पूर्व जर्मन चान्सलर एन्जिला मार्केल, बेलायतकी महारानी एलिजावेथ द्वितीय उत्कृष्ट तथा सक्षम महिला (पुष्पा) नेतृको सूचीमा पर्न सफल हुनुभएको छ । लोकतन्त्र र शिक्षाको कारणले गर्दा नै नेपालमा विद्यादेवी भण्डारीले नेपालको राष्ट्रप्रमुख राष्ट्रपतिको पदमा रहेर देशको सेवा गर्ने अवसर पाउनुभएको थियो । लोकतन्त्र र शिक्षाका कारणले गर्दा नै नेपालमा सर्वोच्च अदालतको प्रधानन्यायाधीश पदमा पुगेर उत्कृष्ट न्याय सम्पादन गरी उदाहरणीय कार्य गर्नुभएकी पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीदेखि राजनीतिक तथा सामाजिक क्षेत्रमा उत्कृष्ट कार्य गरिरहेका धेरै महिलाहरूलाई लोकतन्त्र र शिक्षाले गर्दा नै समाजका विभिन्न क्षेत्रमा आफ्नो योगदान र क्षमता प्रस्तुत गर्ने अवसर प्राप्त भएको हो ।

पृथ्वीको सुन्दर सृष्टि संसारमा पृथ्वीको सबैभन्दा चेतनशील तथा विवेकशील प्राणी मानिसको जीवनयात्रा पनि विचित्रको छ । एउटा सानो बालबालिकाका रूपमा जन्मिएको मानिसले जीवनयात्रामा बाल्य अवस्था, युवा अवस्था तथा प्रौढ अवस्था पार गरी २ दिनको जीवन समापन गर्नुपर्ने ईश्वरीय अदृश्य खटनपटन अनुसार जीवनको यात्रा पृथ्वीमा सञ्चालन गरिरहेका छन् । न्यूनतम माया र लोभमा चल्नुपर्ने मानिसको २ दिनको जीवन मानिसले

जन्मदै शाश्वत रूपमा लिएर आएको मृत्युलाई थाहा पाउँदापाउँदै पनि विश्वसमाजका कैयौँ राजनीतिज्ञ तथा कैयौँ व्यक्तिहरूले मानव-समाजको हितविपरीतका सानादेखि ठूलासम्मका विभिन्न घटना तथा आपराधिक कार्य गर्नु भनेको मृत्यु तथा मानवता बिर्सेर गर्ने गम्भीर गैरसामाजिक कार्यहरू हुन् । निरन्तरको मिहिनेत, शिक्षा, उद्देश्य, योजना र कामले मानिसलाई सक्षम र सफल बनाउँछ । मानिसले २ दिनको जीवनमा, असल, इमानदार, मिहिनेती बनी आफू सक्षम बनी घरपरिवार सक्षम तरिकाले सञ्चालन गरी समाजमा आफ्नो क्षमता अनुसार सामाजिक योगदान गर्नु मानिसको प्रमुख कर्तव्य र धर्म हो । उद्देश्य, योजना र निरन्तरको मिहिनेतले गर्दा मानिसको जीवन सक्षम, सफल र सुखी बनाउन सकिन्छ ।

जन्मँदा शारीरिक आवस्थाको कमजोरी भएर जन्मिएका विश्वका कैयौँ मानिसले समाजमा उत्कृष्ट कार्य गरी विश्वमा उदाहरणीय तथा चर्चित व्यक्तित्व बन्न सफल हुनुभएको छ । शारीरिक अवस्था सक्षम भएर पनि घरपरिवार र समाजमा केही गर्न नसकेका तथा घरपरिवार तथा समाजलाई दुःख दिने मानिसहरू जिउँदा लासहरू हुन् । ग्रिसका दृष्टिविहीन व्यक्ति होमर विश्वप्रसिद्ध साहित्यकार बन्न सफल भए । बेलायतका दृष्टिविहीन व्यक्ति डेभिड डङ्गनले कुशल राजनीतिज्ञ बनेर शिक्षा तथा गृह मन्त्रालयको समेत जिम्मेवारी सम्हालेर विश्वमा चर्चित तथा उदाहरणीय कार्य गरे । सानै उमेरमा रोगले थला परेका शारीरिक रूपमा अशक्त स्टिफन हकिन्सले खगोल शास्त्रमा नयाँ खोज-अनुसन्धान गरेर विश्वचर्चित बन्नुभयो ।

पूर्वी नेपाल धनकुटाकी झमककुमारी घिमिरेले घरमै सामान्य अनौपचारिक शिक्षा लिएर अध्ययनको बाटो अघि बढाउँदै 'जीवन काँडा कि फूल ?' नामको उत्कृष्ट साहित्य सिर्जना गरी नेपाली साहित्यमा आफ्नो नाम स्थापित गराउनुभयो । पूर्वी नेपाल सुनसरीका दृष्टिविहीन रमेश प्रसाई सुनेको भरमा सबै कुराको व्याख्या तथा विश्लेषण गर्न सक्ने तथा अन्तर्क्रिया कार्यक्रममा सबै सामाजिक विषयको व्याख्या गर्न सक्ने विलक्षण प्रतिभाका व्यक्ति हुन् । गोडाको

सहायताले खाना खाने तथा कम्प्युटर चलाउने दुवै हात नभएकी स्याङ्जाकी सुशीला ढकालले गरेको निरन्तरको मिहिनेतको कारण उनी अध्ययनमा सफल भएर हाल उनी नेपाल सरकारको अधिकृत तहको निजामती सेवामा काम गरिरहेकी छन् ।

नेपालको चितवन जुटपानीमा जन्मिएका कमल लामिछाने जन्मँदा नै दृष्टिविहीन जन्मनुभयो । १२ वर्षको उमेरमा दृष्टिविहीनले पढ्ने ब्रेल लिपिबाट अध्ययन शुरु गर्नुभएका कमल लामिछानेको विलक्षण प्रतिभाले गर्दा कमल लामिछानेले विद्यावारिधि (पीएचडी) गरी हाल जापानको विश्वविद्यालयमा अध्यापनको कार्य गरिरहनुभएको छ । शारीरिक अशक्तहरूले यस्ता उदाहरणीय तथा विश्वचर्चित कार्य गरी समाजमा गरेका उदाहरणीय कार्यबाट समाजमा शारीरिक रूपमा सक्षम मानिसले हामी पनि उनीहरूको भन्दा राम्रो काम गर्न सक्छौँ भन्ने सङ्कल्प र आत्मबलका साथ अघि बढेमा सबै मानिसले आफ्नो ज्ञान सीप, क्षमताको उपयोग गरी समाजमा सक्षम र सफल मानिस बन्न सकिन्छ । सुशीला ढकाल, झमक घिमिरे, रमेश प्रसाई, कमल लामिछानेजस्ता उदाहरणीय व्यक्तिहरूबाट नेपालमा सबै सबलाङ्ग तथा विकलाङ्ग व्यक्तिले मिहिनेत, उद्देश्य र योजनाका साथ अघि बढेमा सफल हुन सकिन्छ भन्ने उदाहरणीय सन्देश सबैलाई सिकाएर उदाहरणीय पात्र बनेका छन् ।

पूर्वी नेपालको पाँचथरमा जन्मिएका काले राईले ३० वर्षको उमेरमा भारतको काशीमा गएर पढ्न शुरु गरी संस्कृत तथा वेदान्तमा विद्यावारिधि गरेर डा. स्वामी प्रपन्नाचार्य बनेर उदाहरणीय कार्य गरेर नेपाल तथा विश्वसमाजमा चर्चित व्यक्तित्व बन्नुभयो । संस्कृत, हिन्दी, नेपाली र अङ्ग्रेजी भाषाका प्रकाण्ड विद्वानका रूपमा सुपरिचित बनी उहाँ राजसभाका सदस्य पनि बन्नुभयो । स्वदेशदेखि विदेशसम्म सामान्य व्यवसायबाट आफ्नो काम, व्यवसाय शुरु गरी हाल औद्योगिक तथा व्यापारिक काम व्यवसाय सञ्चालन गरिरहेका अर्बपति विनोद चौधरी, अस्ट्रेलियामा व्यवसाय गरिरहेका शेष घले, बेलारुसमा रहेका उपेन्द्र महतो, जीवा लामिछाने, नेपालका निर्माण

व्यवसायी गोरखाका लक्ष्मणबाबु श्रेष्ठ, निर्माण व्यवसायी रामेछाप लखनपुरका रत्न गौतम, औषधि व्यवसायी काभ्रे कोशीपारी पोखरीचौंरीका होमप्रसाद गौतम (मुकुन्द), बुद्ध एयरका वीरेन्द्र बस्नेत, पर्यटन व्यवसायी कर्ण शाक्य, श्यामसुन्दर कक्षपति (नाङ्लो बेकरी) रविभक्त श्रेष्ठ, भोलाविक्रम थापा (ट्राभल एजेन्सी) व्यवसायी पृथ्वीबहादुर पाण्डे, बैङ्किङ व्यवसायी बाग्लुङका चन्द्र ढकाल, दिलीप अग्रवाल (वर्ल्ड लिङ्क कम्युनिकेशन) ताराबहादुर कुँवर काभ्रे कोशीपारी चौबास, कैलाश सिरोहिया (कान्तिपुर मिडिया) कान्तिपुर दैनिक, रेडियो कान्तिपुर, कान्तिपुर टेलिभिजन, आङछिरिङ शेर्पा, सोनाम शेर्पा, पर्यटन व्यवसायी, अम्बिका श्रेष्ठ होटल व्यवसायी द्वारिका होटल, कर्ण शाक्य पर्यटन व्यवसायी, उमेश श्रेष्ठ शिक्षा व्यवसायी (लिटिल एन्जेल स्कुल), सडक गायकबाट उदाएका रामकृष्ण ढकालबाट हामी सबैले प्रेरणाको शिक्षा लिनुपर्दछ ।

माइती नेपालकी अनुराधा कोइराला, चरिमाया तामाङ (शक्ति समूह) चेलीबेटी बेचबिखनविरुद्धको अभियानको अभियान्ता लगायत युगोस्लाभियामा जन्मिएर भारतमा समाजसेवाबाट प्रसिद्धि कमाउनुभएकी विश्वचर्चित समाजसेवी मदर टेरेसाले नोबेल पुरस्कारबाट सम्मानित हुनुभयो । मदर टेरेसा लगायत थुप्रै सामाजिक व्यक्तित्वहरूबाट हामी सबैले जीवनमा सेवा, काम, व्यवसाय तथा मानवीय कर्तव्य र सफलताका सम्बन्धमा शिक्षा लिन सकिन्छ । मानिस जन्मँदै कोही पनि सानो र ठूलो हुँदैन, सबैभन्दा पहिले ऊ मानिस हो अनि मात्र मिहिनेत, क्षमता, निरन्तरको कामको यात्रा, उद्देश्य, योजना र निरन्तरको मिहिनेतले मानिसलाई सफल र सक्षम मानिस बनाउँछ ।

मानिसको जीवनयात्रा विचित्रको छ । नेपालका साहित्यकार मोतीराम भट्टको ३० वर्षको अल्पायुमा मृत्यु भएको थियो । नेपालका महाकवि लक्ष्मीप्रसाद देवकोटाको ५० वर्षको उमेरमा क्यान्सरबाट मृत्यु भयो । नेपालका चर्चित भागवत वाचनशिरोमणि पण्डित नारायणप्रसाद पोखरेल ४८ वर्षको उमेरमा षड्यन्त्रको शिकारमा परेर कपिलवस्तुमा माओवादी जातीय मुक्ति मोर्चाको नामबाट

मारिए । एसियाका वरिष्ठ न्युरोलोजिस्ट डा. उपेन्द्र देवकोटाले आफूलाई अब क्यान्सर रोगले जित्छ भन्ने निश्चित भएपछि उनले हेलिकप्टर रिजर्भ गरेर आफ्नो गाउँघरको पानीपँधेरो, पाटीपौवा र आफूले पढेको स्कुलको भ्रमण गरी आत्मामा शान्ति लिए । जटिल रोगका कारणले गर्दा डा. उपेन्द्र देवकोटा अल्पायुमा बित्नुभयो । सामान्य मजदुरीबाट काम-व्यवसाय शुरु गर्नुभएका काभ्रे कोशीपारी चौबासका ताराबहादुर कुँवरले ज्यामी, मजदुरी, ठेलगाडा, रिक्सा टेम्पो, मिनिट्रक, ट्रक व्यवसाय गर्दै हाल लुविकर्न्टस व्यवसाय गरी सफल र सक्षम जीवन बिताउनुभएको छ । हजुरलाई नमस्ते ट्रेड लिङ्कका मेनेजिङ डाइरेक्टर ताराबहादुर कुँवरले लेख्नुभएको 'हजुरलाई नमस्ते' नामक जीवनीको किताबबाट हामीले काम व्यवसायमा उद्देश्य, योजना र निरन्तरको मिहिनेतले सफलता प्राप्त गर्न सकिन्छ भन्ने कुरा जान्न सकिन्छ ।

पृथ्वीमा मानिसको जीवनयात्रा पनि सबैको आ-आफ्नो तरिकाले बितेको हुन्छ । विशेष गरी धनी परिवारमा जन्मिएर सुखसुविधामा हुर्किएका मानिसहरूले भन्दा गरिब परिवारमा जन्मिएर दुःखमा हुर्किएका अनि अवसर पाएर तथा आफ्नो दुःख र श्रमले जीवनस्तर अघि बढाउन सफल भएका मानिसले नै समाजमा उचित नेतृत्व तथा प्रगति गर्न सक्दछन् । धनी परिवारमा जन्मिएका मानिसलाई विशेष गरी श्रम, दुःख र अर्थोपार्जन गर्नुपर्ने सङ्घर्षको बारेमा प्रत्यक्ष सङ्घर्ष गर्नुनपर्ने कारणले गर्दा उनीहरूले श्रम, समय र आर्थिक व्यवस्थापनमा त्यति गहिरिएर सोच्नुनपर्ने कारणले गर्दा उनीहरूले कमजोर आर्थिक अवस्थामा हुर्किएका नागरिकहरूको दाँजोमा मिहिनेत कम गर्ने, काम या श्रममा ध्यान दिनुपर्ने बाध्यता नपर्ने कारणले गर्दा धेरैजसो सम्पन्न तथा मध्यमवर्गीय परिवारका मानिसले आर्थिक सञ्चय गर्नुभन्दा नोक्सानी बढी गरिरहेका हुन्छन् ।

जीवनयात्रा सञ्चालनका क्रममा यो २ दिनको मानिसको जीवनमा अहिलेसम्मको अवस्था मात्र भन्न सकिन्छ अहिले एकैदिन पछिको अवस्था केही पनि भन्न सकिँदैन । शिक्षा, विज्ञान र प्रविधिले मानिसको जीवनयात्रा सञ्चालनमा सहजतासँगै कुनै-कुनै समयमा

अकल्पनीय ठूलाठूला घटनाहरू तथा दुर्घटना पनि हुने गर्दछन् । वि. सं. २०४९ साल श्रावणमा पाकिस्तानबाट नेपाल आउने क्रममा नेपालका तत्कालीन राजदुत तथा चर्चित फिल्मी कलाकार राजेश हमालका बुवा चूडाबहादुर हमालले ललितपुरको भट्टेडाँडामा भएको पाकिस्तानी विमान दुर्घटनामा जीवन बिताउनुपऱ्यो ।

वि. सं. २०७१ साल फागुन १ गते हाम्रो काभ्रे चौंरीदेउरालीका हरिप्रसाद गौतम तथा उहाँकी पत्नी सती गौतमले काभ्रेको पाँचखालमा आफन्तहरूसँग भेटेर फर्कने क्रममा काभ्रेकै तीनपिप्लेमा उहाँहरूको मोटरसाइकललाई चीनबाट सामान ल्याउने ट्रान्सपोर्टका क्यारिङ टिपरले ठक्कर दिँदा दुवैजना हरिप्रसाद गौतम दम्पतीले अल्पायुमा अकल्पनीय मृत्यु बेहोर्नुपरेको थियो । सानै उमेरमा बुबा गुमाउनुभएका हरिप्रसाद गौतमले जीवनमा धेरै दुःख र सङ्घर्ष गरेर मध्यम बर्गिय जीवनस्तर सञ्चालन गर्ने सक्षम भइसकेको अवस्थामा यो संसार छाडेर अल्पायुमा घरपरिवार आफन्त तथा साथीभाइसँग अल्पायुमै दुःखद खबरको समाचार बनेर जीवनयात्राबाट बिदा लिनुपरेको थियो । काभ्रे कोशीपारीको चर्चित सामुदायिक विद्यालयका तेजस्वी शिक्षक धर्मराज गिरीले २१ वर्षका आफ्ना जेठा छोरा निशान्त राज गिरीलाई षड्यन्त्रको शिकारमा मृत अवस्थामा पचुवारघाट काभ्रेमा फेला पार्नुभएको थियो । पढाइमा तेजस्वी छोरा निशान्तलाई गुमाएको पीडा बढ्दै गएपछि धर्म सर पनि ब्रेन ट्युमरजस्तो घातक रोगबाट पीडित भई दुईपटक अप्रेसन गर्दा पनि सक्षम रूपमा शारीरिक अवस्थामा फर्कन नसकी ५० वर्षको उमेरमा वि. सं. २०६२ साल फागुनमा धर्मसर पनि अल्पायुमा यो संसारबाट बिदा हुनुभयो । नेपाल सरकारका पूर्वमुख्यसचिव तथा पूर्वगृहमन्त्री माधव घिमिरे तीर्थयात्राबाट फर्कने क्रममा वि. सं. २०७३ सालमा नेपालको मुगलिनको त्रिशूली नदीमा जीप दुर्घटनामा माधव घिमिरे र उनकी आमासमेत बेपत्ता भएका थिए ।

जन्मँदा सानो बालबालिका जन्मिएर नाबालक, युवा अवस्था, प्रौढ अवस्थाहरूका विभिन्न चरणहरू पार गर्दै जीवनयात्रा समापन गर्नुपर्ने सृष्टिको यस संसारमा मानिसको जीवनयात्रामा मानिसहरूको

जीवनयात्रा पनि कुन अवस्थामा कहिले टुङ्गिन्छ, यकिन गरी भन्न सकिँदैन । विवेक अनुशासन, मिहिनेत तथा न्यूनतम माया र लोभमा चल्नुपर्ने मानिसको जीवनयात्रा यिनै पञ्चतत्त्वको समायोजन उचित किसिमले मिलाउन नसक्दा तथा नमिल्दा मानिसको जीवनयात्रा थप कठिन तथा दुःखदायी हुने गर्दछ । विश्वको जुनसुकै देशमा गएर पनि औषधि-उपचार गर्न सक्ने आर्थिक क्षमता भएका व्यक्तिहरूले समेत शरीरको मापदण्ड बिग्रिएर, शरीरलाई रोगले जितेर तथा विभिन्न भवितव्य तथा अकल्पनीय घटना-दुर्घटनामा परेर अल्पायुमा यो पृथ्वीको सृष्टि संसारबाट बिदा हुनुपर्ने घटनाहरू हामीले समाजमा देखिरहेका छौँ ।

जन्मँदै मृत्युसँगै लिएर आएका पृथ्वीका सम्पूर्ण जीव, प्राणी तथा पृथ्वीको सबैभन्दा चेतनशील तथा विवेकशील प्राणी मानिसले जीवनयात्राको आरोह-अवरोह पार गर्ने क्रममा २ दिनको जिन्दगीको जीवनयात्राबाट १ दिन विश्राम लिनुपर्ने ईश्वरको सृष्टि संसारको परम्परालाई पालना गर्दै मन, वचन र कर्मले उद्देश्य, योजना र निरन्तरको मिहिनेतका साथ आफ्नो ज्ञान, सीप र क्षमता अनुसारको काम, व्यवसाय गरेर घरपरिवार सञ्चालन गरी समाजमा आफ्नो आर्थिक क्षमता अनुसार सकेको सामाजिक योगदान गर्नु नै मानिसको २ दिनको जीवनमा प्रमुख सामाजिक कर्तव्य तथा जिम्मेवारी हो ।

●